# एक वर्षीय
# चेलापन
# तालिम पाठ्यपुस्तक

**ख्रीष्टिय जीवन सम्बन्धी अत्यावश्यक पाठहरू**

**डेविड क्लाउड**

**ONE YEAR DISCIPLESHIP COURSE**
**Vital Lessons in Christian Living**

by David W. Cloud

Copyright 2012 by Way of Life Literature (www.wayoflife.org)
ISBN 978-1-58318-118-8

First Nepali Edition (2013)
Translated by Pradesh Shrestha

Published by
**Way of Life Literature**
fbns@wayoflife.org (e-mail)
www.wayoflife.org (web site)

# यी पाठहरूलाई प्रयोग गर्न सकिने तरिकाहरू

बाइबल तालिमको पाठ्यक्रमको रूपमा

बाइबल इन्स्टिट्यूटको एक पाठ्यपुस्तकको रूपमा

कारागार वा अन्य ठाउँमा सिकाइने पाठहरूको रूपमा

नयाँ ख्रीष्टियनहरूको निम्ति चेलापनका पाठहरूको रूपमा

प्रवचनका रूपरेखाका रूपमा

# यस पुस्तकलाई कसरी प्रयोग गर्ने?

1. यस पुस्तकबाट बाइबल क्लास वा अन्य **सार्वजनिक प्रचार कार्यमा** सिकाइँदा उच्चतम उपलब्धी हासिल गर्न सकियोस् भन्ने हेतुले निम्न सुझावहरू दिइन्छ:

   1) यसबाट सिकाउनुभन्दा अघि प्रत्येक शिक्षकले आफूलाई सम्बन्धित सामग्रीसित पूरै परिचित गराउनु आवश्यक छ। बाइबल शिक्षकको बेतयारीले ख्रीष्टको सेवाको मर्यादामा ह्रास ल्याउँदछ, मण्डलीको सेवकाइलाई कमजोर तुल्याउँदछ, र चेलाहरूको हृदयहरूलाई निराश बनाउँदछ। शिक्षकको हृदय पाठका गहिकिला सत्यताहरूले उत्साहित र ताजा हुनुपर्दछ। पाठलाई केवल पढेर सुनाइयो भने नतीजा निराशाजनक हुनेछ। बाइबल त परमेश्वरको जीवित र अनन्त वचन हो र बाइबल क्लासहरू धार नभएको हतियारजस्तो र "यो कहिले सकिएला" भन्ने जस्तो पट्टयारलाग्दो हुनुहुँदैन। त्यसैले सर्वप्रथम त सही शिक्षकहरू नियुक्त गरिनु कति महत्त्वपूर्ण कुरा हो। एकजना पास्टरले भन्नुभएको कुरा उल्लेखनीय छ, "हाम्रो लक्ष्य एउटा पाठ सिकाउनु होइन तर परमेश्वरको वचन सिकाउनु हो।" पाठ त शिक्षकका लागि उक्त कुरा हासिल गर्न मद्दत गर्ने केवल एउटा साधन मात्र हो।

   2) पुनरावलोकन प्रश्नोत्तरका लागि शिक्षकले अन्य प्रश्नहरूको पनि विचार गर्न खोज्नुपर्छ जसले विद्यार्थीहरूलाई यी पाठहरू आफ्ना दैनिक जीवनमा लागु गर्न सहायता गर्नेछ।

   3) कण्ठ गर्न दिइएका पदहरूलाई प्रयोग गरिनुपर्छ। ती ध्यानपूर्वक छानिएका पदहरू हुन् र पाठ्यक्रमको महत्त्वपूर्ण भाग हुन्।

   4) यी पाठहरू केवल रूपरेखाहरू मात्र नभई प्रत्येक बुँदा विकास गरिएको हुँदा, शिक्षकले पाठका प्रतिलिपि विद्यार्थीहरूलाई पछिबाट अध्ययन गर्नलाई उपलब्ध गराउनु राम्रो हुन्छ। कुनै पनि बाइबल क्लासको एउटा लक्ष्य भनेको विद्यार्थीहरूले उक्त सामग्री अरूलाई सिकाउन सकोस् भन्ने हुन्छ (हिब्रू ५:१२)। परमेश्वरको वचन सिकाउनलाई मद्दत होस् भन्ने हेतुले यी पाठ रचना गरिएका छन्। क्लासको अन्तमा पाठको एक-एक प्रतिलिपीहरू बाँड्नु पनि राम्रो हुन्छ यदि शिक्षकले सबै बुँदा सिकाउन सक्दैनन् भने र क्लासमा हरेक पदलाई समेट्न भ्याइँदैन भने। घर गएर आफै उक्त सामग्रीलाई अध्ययन गर्नलाई हौसला दिन सकिन्छ।

   5) हरेक हप्ता पास्टरहरूले शिक्षकहरूसित जुटेर सामग्रीका मुख्य-मुख्य बुँदालाई प्रकाश पार्नु राम्रो हुन्छ। यसरी शिक्षकहरू सबै एउटै धारामा बगिरहेका हुनेछन् र जोड दिइनुपर्ने मुख्य बुँदालाई बुझेका हुन्छन्। साथै, पास्टरले सामग्रीसम्बन्धी शिक्षकका कुनै प्रश्न भए तिनका जवाफ दिन सक्नेछन्। पास्टरले शिक्षकहरूलाई सिकाउने तरिका सम्बन्धी निर्देशन दिने यो राम्रो अवसर पनि हुनेछ।

2. यो सामग्री **व्यक्तिगत अध्ययनमा** प्रयोग गर्दा समेत प्रभावकारी हुने ढङ्गले रचना गरिएको छ:

   1) अध्येताले प्रत्येक पदलाई बाइबलमा पल्टाएर पढ्नु आवश्यक छ। कुनै पनि टिप्पणीभन्दा परमेश्वरको वचन सधैं बढी महत्त्वपूर्ण हुन्छ।

   2) कण्ठ गर्नलाई दिइएका पदहरू यस पाठ्यक्रमको ज्यादै महत्त्वपूर्ण भाग हुन्। कसैलाई आफूले कण्ठ गरेको पद सुनाउनु र जाँच गराउनु राम्रो हुन्छ।

   3) पुनरावलोकन प्रश्नहरू पनि यस पाठ्यक्रमको ज्यादै महत्त्वपूर्ण भाग हुन्। प्रत्येक प्रश्नको जवाफ दिनलाई समय दिनुहोस्।

# विषय सूची


पश्चात्ताप........................................................................................................६
विश्वास............................................................................................................८
सुसमाचार........................................................................................................१०
बप्तिस्मा..........................................................................................................१४
विश्वासीको अनन्त सुरक्षा (३ पाठहरू)........................................................................ २१
ओहोदा र अभ्यास...............................................................................................२८
व्यवस्था र नयाँ नियमको ख्रीष्टियन.......................................................................... ३१
झूटो बोली.........................................................................................................३५
ख्रीष्टिय हुर्काइ र विजयी जीवन (४ पाठहरू).................................................................३८
प्रार्थना............................................................................................................५१
ख्रीष्टिय जीवनमा विश्वास......................................................................................५३
परमेश्वरका हातहतियार........................................................................................५६
मण्डली........................................................................................................... ६१
बाइबल (२ पाठहरू)...........................................................................................६६
बाइबलको प्रमाण (२ पाठहरू)................................................................................७३
दैनिक बाइबल अध्ययन........................................................................................८१
बाइबल व्याख्याका चार चाबी सिद्धान्तहरू....................................................................९१
बाइबलका आधारात्मक शब्दहरू (४ पाठहरू)..............................................................९६
परमेश्वरको इच्छा कसरी जान्न सकिन्छ?.....................................................................१०८
जीवनमा विवेकी निर्णयहरू कसरी गर्ने? (३ पाठहरू)...................................................... ११३
ख्रीष्टको महान् आज्ञा...........................................................................................१२७
ख्रीष्टको न्यायआसन............................................................................................१३१
अलगपनता - नैतिक...........................................................................................१३६
मनोरञ्जनको परीक्षण...........................................................................................१४०
अलगपनता - सैद्धान्तिक (२ पाठहरू).......................................................................१४१
ख्रीष्टिय जीवनका दुःखकष्टहरू (२ पाठहरू)................................................................१५०
उपवास............................................................................................................१५९
आश्चर्यकर्महरू...................................................................................................१६४
सबै कुरा जाँच्ने मनस्थिति.....................................................................................१६७
अन्य भाषा (२ पाठहरू)........................................................................................१७३
च्याप्चर............................................................................................................१८१
आफ्नो पैसाको सम्बन्धमा कसरी विवेकी बन्ने? (२ पाठहरू)........................................... १८६
विश्वासी जन र मद्यपान........................................................................................१९६
गर्भपतन...........................................................................................................२०२
क्रम-विकासवाद..................................................................................................२०६
विश्राम दिन.......................................................................................................२११
प्रभुमा ग्रहणयोग्य पहिरन (२ पाठहरू)......................................................................२१३

# पश्चात्ताप

**कण्ठ गर्नुपर्ने पदहरू: लूका १३:३; प्रेरित १७:३०; २०:२१**

पहिलो र दोस्रो पाठमा हामी मुक्ति पाउने सवालमा मान्छेको आफ्नो भाग के हो भन्ने विषयमा हेर्नेछौं। यसअन्तर्गत दुईटा कुरा छन्: पश्चात्ताप र विश्वास। पावलले यी दुइटैलाई प्रेरित २०:२१ मा व्याख्या गर्छन्। त्यहाँ उनले पश्चात्तापलाई पहिला उल्लेख गर्छन्, त्यसैले हामी यसैबाट शुरु गर्नेछौं।

पश्चात्ताप सम्बन्धी केही महत्त्वपूर्ण प्रश्नका जवाफ यस प्रकार छन्:

**के मुक्ति पाउनलाई पश्चात्ताप आवश्यक पर्छ?**

पश्चात्ताप परमेश्वरले आज्ञा नै गर्नुभएको छ। नयाँ नियममा यो ६० पटक उल्लेख भएको छ। यसको प्रचार बप्तिस्मा दिने यूहन्नाले गरे (मत्ती ३:१-२), ख्रीष्टले गर्नुभयो (लूका १३:३), पत्रुसले गरे (२ पत्रुस ३:९) र पावलले गरे (प्रेरित १७:३०)। मुक्ति पाउनलाई पश्चात्ताप र विश्वास दुवै आवश्यक छन्, र पावल प्रेरितले दुइटैको प्रचार गरे (प्रेरित २०:२१)।

**पश्चात्ताप सम्बन्धी त्यहाँ के कस्ता गलत धारणाहरू छन्?**

पश्चात्तापको माने जीवन बदल्नु होइन, सुध्रिनु होइन। मुक्ति मानिसका कामले पाइने होइन; कामहरू मुक्ति पाइसकेपछि आउने त्यसका प्रतिफल हुन् (एफेसी २:८-१०)। जीवन सुध्रिनु भनेको त केवल मानिससितको र यस जीवनसितको सम्बन्ध राख्ने कुरा हो, तर पश्चात्ताप भनेको परमेश्वरसतिको र अनन्त कुराहरूसितको सम्बन्ध राख्ने कुरा हो। मुक्ति पाउनलाई मान्छेले आफ्नो जीवन बदल्नुपर्छ र आफ्नो पाप छाड्नुपर्छ भन्ने आभास मानिसहरूलाई दिनु गलत हुन्छ - त्यसो नगर्नलाई हामी होसियार हुनुपर्छ। मुक्तिको सवालमा जीवन परिवर्तन गराउने भाग परमेश्वरको हो, मान्छेको होइन।

पश्चात्तापको माने तपस्या गर्नु होइन। कतिपय क्याथोलिक बाइबलहरूमा "पश्चात्ताप" लाई "तपस्या गर्नु" (penance) भनेर अनुवाद गरिएको छ। त्यसअन्तर्गत पूरोहीतलाई पाप स्वीकार गर्नु, पछुताउनु, पापमोचन (क्षमा भएको भनी पूरोहीतले घोषणा गर्नु), प्रायश्चित पर्दछन्। क्याथोलिकको तपस्या कामले कमाउने मुक्ति हो जसलाई बाइबलले रद्द गर्दछ।

पश्चात्तापको माने गल्ती गरेकोमा पछुतो लाग्नु मात्र होइन। मानिसले गल्ती गरेकोमा पछुतो माने तापनि मुक्ति ल्याउने साँचो पश्चात्ताप उसले नगर्न सक्छ भन्ने कुरा बाइबलले बताउँछ। यसलाई २ कोरिन्थी ७:१० मा "सांसारिक शोक" भनेर बयान गरिएको छ। पुरानो र नयाँ नियममा यसका उल्लेखनीय उदाहरणहरू छन्। पुरानो नियमको प्रमुख उदाहरण शाऊल राजा हो। विभिन्न पापकर्ममा उनी पक्राउ परेकोमा उनी दुःखित थिए तर पश्चात्ताप गरेर उनले कहिल्यै देखाएनन् किनकि उनको व्यवहारमा कुनै परिवर्तन देखिएन (१ शमूएल १५:२४; २४:१७; २६:२१)। नयाँ नियममा पछुतो मान्ने तर परमेश्वरतर्फ पश्चात्ताप नगर्ने मान्छेको उदाहरण चाहिँ यहूदा हो (मत्ती २७:३-४)।

पश्चात्तापको माने येशूमा विश्वास गर्नु मात्र होइन। कतिले पश्चात्तापलाई विश्वास गर्नु भन्ने अर्थमा नै परिभाषित गरेका छन्। एकजना परिचित प्रचारकले यसलाई "अविश्वासबाट विश्वासमा फर्कनु" भन्ने परिभाषा दिएका छन्। तर यदि यो सत्य हुँदो हो ता, बाइबलमा उल्लेखित प्रचारकहरूले पश्चात्तापको प्रचार गर्ने थिएनन्। पावलले "परमेश्वरतर्फ मन फिराउनुपर्छ" अर्थात् पश्चात्ताप गर्नुपर्छ र "प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ" भनी प्रचार गर्थे भनेर हामीले हेरिसक्यौं (प्रेरित २०:२१)। प्रेरित २६:२० लाई विचार गर्नुहोस्; त्यहाँ पावलले विश्वासीहरूलाई

"पश्चात्ताप लायकका कामहरू गर" भन्दै अधिकारसित माग राखे। यसको मतलब पश्चात्तापको माने असल कामहरू गर्नु होइन तर मनको एउटा प्रभावशाली परिवर्तन हो जसको फलस्वरूप असल कामहरू उत्पन्न हुन्छन्।

**बाइबलीय पश्चात्ताप के हो?**

पश्चात्तापको माने मैले परमेश्वरको विरुद्धमा पाप गरेको छु भन्ने कुराको स्वीकार गर्नु र त्यसका निम्ति दु:खित बन्नु हो (प्रेरित २०:२१)। पश्चात्ताप "परमेश्वरतर्फ" गरिनुपर्ने कुरा हो किनकि मैले अप्रसन्न तुल्याएको परमेश्वरलाई हो। उहाँले मानिसलाई आफ्नो निम्ति बनाउनुभएको थियो, अनि उहाँले मानिसलाई आफ्ना नियमहरू पालन गर्नलाई बनाउनुभयो। तर हामीले उहाँलाई हाम्रा पीठ फर्काएका छौं र उहाँका नियमहरू उल्लङ्घन गरेका छौं र हामीले यसको पश्चात्ताप गर्नुपर्छ भन्ने माग उहाँले राख्नुहुन्छ। पश्चात्तापको माने म असल छैन भनेर स्वीकार गर्नु हो, यहाँसम्म कि मेरो आफ्नै धार्मिकता त पवित्र परमेश्वरका सामु फोहोर झुत्राझैं छन् भनी मानी लिनु हो (यशैया ६४:६)।

पश्चात्तापको माने फनक्क फर्कनु हो, दिशा बदल्नु हो (प्रेरित २६:२०)। यो एक व्यक्तिले आफ्नो हृदयभित्र गर्ने काम हो।

पश्चात्तापको माने परमेश्वरको शासनमुनि आफूलाई आत्मसमर्पण गर्नु हो (यशैया ४५:२२-२३)। पश्चात्तापको माने ख्रीष्टलाई आफ्नो प्रभुको रूपमा ग्रहण गर्नु हो (रोमी १०:९-१३)। विश्वास गर्नुको माने येशू ख्रीष्टलाई आफ्नो एकमात्र मुक्तिदाताको रूपमा ग्रहण गर्नु हो र पश्चात्ताप गर्नुको माने उहाँलाई आफ्नो एकमात्र प्रभुको रूपमा ग्रहण गर्नु हो। हामी यस कुरालाई नयाँ नियमभरि देख्न सक्छौं। येशूलाई साँच्चै नै ग्रहण गर्नेहरूले उहाँलाई प्रभु भनी पुकारेका हुन्छन् (लूका २३:४२)।

पश्चात्तापको माने जीवनको परिवर्तन होइन; पश्चात्तापको माने परमेश्वरको बारेमा र पापको बारेमा मनको यस्तो परिवर्तन हो जसको फलस्वरूप जीवनमा परिवर्तन आउँछ। "मैले विश्वास गरें" वा "मैले ग्रहण गरें" भन्ने धेरैजना हुन्छन् जसका मनमा नयाँ जीवन जिउने कुनै सङ्कल्प नै हुँदैन। उनीहरू ख्रीष्टको चेला बन्न इच्छुक छैनन्। उनीहरू स्वर्ग जाने टिकट चाहन्छन्, नरकबाट जोगिन चाहन्छन्, तर उनीहरू आफूखुसी जीवन बिताउन चाहन्छन्। उनीहरू येशूमा विश्वास गर्न त चाहन्छन् तर उहाँको आज्ञा भने मान्न चाहँदैनन्। बाइबलले बताएको मुक्ति यो होइन। सत्य परमेश्वरको उपासना गर्न र उहाँको सेवा गर्न सक्नलाई एउटा पापी आफ्ना झूटा देव-देवीहरूदेखि र स्वपूजादेखि समेत फर्कन तयार हुनुपर्छ।

**बाइबलमा पश्चात्तापको के कस्ता उदाहरणहरू छन्?**

पश्चात्तापलाई बुझ्ने सर्वोत्तम उपाय बाइबलमा पाइने यसका उदाहरणहरूलाई हेर्नु हो।

**उडाउ पुत्र** "होशमा आयो" (लूका १५:१७-२०)। यसको तात्पर्य उसलाई पवित्र आत्माले कायल पार्नुभयो र प्रकाश दिनुभयो। उसले आफूलाई नम्र तुल्यायो, परमेश्वरको विरुद्धमा र आफ्नो बुबाको विरुद्धमा उसले गरेको आफ्नो पापलाई स्वीकार गऱ्यो; अनि आफ्नो दिशा बदलेर ऊ फनक्कै फर्क्यो। पश्चात्ताप भनेको यस्तो हुन्छ। उसले पश्चात्ताप गरेको थियो भन्ने कुराको प्रमाण यसैमा देखिन्छ कि ऊ घर फर्क्यो र बुबासितको आफ्नो सम्बन्धलाई ठीक-ठाक पाऱ्यो; उसले आफूलाई नम्र तुल्यायो र बुबाको घरमा नोकर भएर काम गर्न तत्पर भयो।

**जक्कै**ले पश्चात्ताप गऱ्यो र ऊ यस्तो प्रकारले बदलियो कि आफूले ठगेकाहरूलाई सट्टाभर्ना तिर्ने खालको एउटा इमानदार मान्छे बन्यो (लूका १९:८)।

**थेस्सलोनिकीहरू** "जीवित र सत्य परमेश्वरको सेवा गर्नाका निम्ति...मूर्तिहरूबाट परमेश्वरतर्फ" फर्के (१ थेस्सलोनिकी १:९)। बाइबलीय पश्चात्ताप यस्तो हुन्छ। उनीहरू केवल मूर्तिहरूबाट फर्केका होइनन्; उनीहरू

परमेश्वरतर्फ मूर्तिहरूबाट फर्केका हुन् [अङ्ग्रेजी: “turned from idols to God” होइन तर “turned to God from idols”]। यो भिन्नता महत्त्वपूर्ण छ। यदि एउटा मान्छे परमेश्वरतर्फ नै फर्केको छ भने उसका पहिलेका देव-देवीहरू र उसको पुरानो जीवन उसको पीठको पछाडि हुन्छ। साँचो पश्चात्ताप यस्तो हुन्छ।

एउटा व्यक्तिले आफ्ना झूटा देवताहरू र झूटा धर्महरूलाई इन्कार नगरेसम्म र आफूलाई ख्रीष्टको प्रभुत्वमुनि आत्मसमर्पण नगरेसम्म उसले मुक्ति पाउन सक्दैन।

**ख्रीष्टलाई <u>स्वीकार</u> गर्नेले ख्रीष्टलाई <u>प्राप्त</u> नगरेको हुन सक्छ भनेर बाइबलले चेताउनी दिन्छ।** यी जोडदार वचनहरूलाई विचार गर्नुहोस् जसले बाइबल विश्वास गर्ने मण्डलीहरूकै बीचमा भएका व्यक्तिहरूको समेत बयान गर्दछ: तीतस १:१६; १ यूहन्ना २:४।

“येशूमा विश्वास गर्नु” नै पर्याप्त होइन। दुष्टात्माहरूले समेत विश्वास गर्छन् (याकूब २:१९)। भन्ने हो भने, दुष्टात्माहरू थरथर काम्छन्; अर्थात् सामान्य “ख्रीष्टियन” हरू भन्दा त उनीहरू पो बढी परमेश्वरको डर मान्दा रहेछन्!

बाइबलअनुसार धेरैले येशूमा विश्वास गरे तापनि उहाँले आफूलाई उनीहरूको भरोसामा छोड्नुभएन, किनभने उनीहरूले उहाँमाथि ठीकसँग विश्वास गरिरहेका थिएनन् भनी उहाँ जान्नुहुन्थ्यो (यूहन्ना २:२३-२५)। उनीहरूले उहाँलाई मुक्तिदाता र प्रभुको रूपमा विश्वास गरेनन्; केवल उनीहरूका खाँचोहरू पूरा गरिदिने, शत्रुदेखि रक्षा गर्ने व्यक्तिको रूपमा मात्र विश्वास गरे (यूहन्ना ६:२६)। उहाँलाई उनीहरूले एक महान् अगमवक्ताको रूपमा विश्वास गरे तर आफ्नो एकमात्र परमेश्वर र मुक्तिदाताको रूपमा भने विश्वास गरेनन्।

**थुप्रै नामधारी ख्रीष्टियनहरूको जीवनहरूमा दुर्लभ तत्त्व नै पश्चात्ताप हो।** म हुर्केको मण्डली प्रायःजसो अन्य सदर्न ब्याप्टिस्ट मण्डली (Southern Baptist Church) जस्तै थियो। थोरै युवाहरू मात्र पछिसम्म मण्डलीमा टिक्न सके। धेरैजसो भने किशोरावस्था पुगेपछि मण्डली छोडे। पछिल्तिर फर्केर हेर्दा म बुझ्छु कि मूल समस्या मुक्तिको अभाव थियो। मेरो अनुभव अरूको जस्तै थियो। ११ वर्षको उमेरमा गर्मी बिदाको अवसरमा आयोजना गरिएको बाल सङ्गति (Vacation Bible School) मा मैले विश्वासको स्वीकार गरें, तर त्यसमा कुनै आत्मिक वास्तविकता थिएन। मेरो जीवनमा कुनै परिवर्तन थिएन। ख्रीष्टको निम्ति कुनै जोश थिएन, बाइबलप्रति कुनै प्रेम थिएन, आफ्नो जीवनको लागि परमेश्वरको इच्छा खोज्ने कुनै उत्सुकता थिएन। मेरो जोश मोजमज्जाको निम्ति थियो र मेरो परमेश्वर स्वयम् आफैं थिएँ। सकभर चाँडो मैले मण्डली छाडें। किन? म नयाँ गरी जन्मेकै थिइनँ, र युवा समूहका सबैजसोको अवस्था यस्तै थियो। परमेश्वरका कुराहरूका निम्ति गम्भीर देखिने एउटै युवा उक्त मण्डलीमा भएको मलाई सम्झना छैन।

मेरा परममित्रहरू सांसारिक थिए अनि एक दिनको कुरा हो, मण्डलीका हामी तीनजना साथीहरू मण्डली नजाने अर्को साथीसँगै सुन्तला बारीमा हिंड्दै थियौं। ऊचाहिँ हाम्रो “नाइके” थियो। हामी हाहाहुहू गर्दै लहडबाजीमा सँगै दगुर्थ्यौं र कैयौं बदमाशीमा सँगै फस्थ्यौं, तर किन हो कुन्नी हामीले मण्डलीको एउटा विशेष सभामा आउनलाई उसलाई मनाउन खोज्दैथियौं। फर्केर उसले हामीलाई हकाऱ्यो, “म त्यहाँ किन जाने? तिमीहरूको जीवन मेरोभन्दा अलिकति पनि फरक छैन।” हाम्रो मुख बन्द भयो, किनकि उसको कुरा शतप्रतिशत सही थियो!

अभाव भनेको पश्चात्तापको थियो। म येशूमा “विश्वास गर्थें” जसरी दुष्टात्माहरूले पनि परमेश्वरमा विश्वास गर्छन्, तर त्योचाहिँ मुक्ति दिलाउने विश्वास थिएन किनकि त्यो पश्चात्तापरहित थियो।

**मुक्ति भनेको ख्रीष्टसितको एउटा व्यक्तिगत सम्बन्ध हो।** मुक्ति भनेको धर्म होइन। यो अथवा त्यो विश्वास गर्नु, यो अथवा त्यो गर्नु नै मुक्ति होइन। यो त येशूसितको व्यक्तिगत सम्बन्ध हो। हरेकलाई नै म यो प्रश्न सोध्न चाहन्छु: के तपाईं येशूलाई आफ्नो व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा चिन्नुहुन्छ? के उहाँसँग तपाईंको वास्तविक सम्बन्ध छ? के तपाईं उहाँसँगै हिंड्नुहुन्छ र उहाँसँग कुरा गर्नुहुन्छ? यसलाई पो भनिन्छ मुक्ति! यूहन्ना १७:३ मा हेर्नुहोस्।

## पश्चात्ताप सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. कुन पदमा आफूले पश्चात्ताप र विश्वास दुवै प्रचार गरेको कुरा पावलले बताएका छन्?
2. नयाँ नियममा पश्चात्ताप कतिपटक उल्लेख भएको छ?
3. नयाँ नियमका कुन-कुन प्रचारकहरूले पश्चात्तापको प्रचार गरे?
4. पश्चात्ताप गरेनौ भने नाश हुनेछौ भन्ने कुरा येशूले कुन पदमा भन्नुभयो?
5. परमेश्वरले सबै मानिसहरूलाई पश्चाताप गर्नू भन्ने आज्ञा गर्नुहुन्छ भन्ने कुरा पावलले कुन पदमा बताएका छन्?
6. परमेश्वरले सबै मानिसहरू पश्चात्तापमा आएको चाहनुहुन्छ भन्ने कुरा पत्रुसले कुन पदमा बताएका छन्?
7. पश्चात्ताप सम्बन्धी ४ ओटा गलत धारणाहरू के-के हुन्?
8. "संसारको शोक" भनेको के हो?
9. शाऊलले पश्चात्ताप गरेका थिएनन् भनेर हामी कसरी जान्दछौं?
10. "पश्चात्ताप लायकका कामहरू गर" भनेर विश्वासीलाई पावलले कुन पदमा माग गरेका छन्?
11. पश्चात्तापको माने परमेश्वरको बारेमा र पापको बारेमा __________________________ जसको फलस्वरूप __________________________।
12. पश्चात्तापको माने __________________ हो।
13. पश्चात्तापको माने _______ बदल्नु हो।
14. पश्चात्तापको माने परमेश्वरको शासनमुनि __________________ गर्नु हो।
15. पश्चातापको माने ________को परिवर्तन होइन; तर _________को परिवर्तन हो।
16. पश्चात्तापको तीनओटा बाइबलीय उदाहरणहरू के-के हुन्?
17. थेस्सलोनिकीहरू मूर्तिहरू_______ परमेश्वरतर्फ _________।
18. ख्रीष्टलाई __________ गरेर पनि ख्रीष्टलाई _________ नगरेको हुन सक्छ भनेर बाइबलले चेताउनी दिन्छ।
19. परमेश्वरलाई चिन्छौं भन्ने तर उहाँको आज्ञापालन नगर्नेहरू झूटा हुन् भनेर बाइबलको कुन पदले बताउँछ?
20. दुष्टात्माहरूले पनि विश्वास गर्छन् भनेर कुन पदले बताउँछ?
21. मुक्ति भनेको ख्रीष्टसितको एक ____________ _____________ हो।

# विश्वास

**कण्ठ गर्नुपर्ने पदहरू: यूहन्ना ३:१६; ६:२८-२९; १४:६; प्रेरित १६:३०; एफेसी २:८-९**

यी शुरुका दुई पाठहरूमा हामी मुक्तिको सवालमा मानिसको भाग के हो भन्ने विषयमा अध्ययन गर्दैछौं। हाम्रा सामु दुईटा कुरा छन्: पश्चात्ताप र विश्वास। पहिलो पाठमा हामीले पश्चात्तापको बारेमा अध्ययन गऱ्यौं, अब हामी विश्वासको बारेमा अध्ययन गर्नेछौं।

**प्रेरित २०:२१**

पहिलो पाठमा हामीले जसरी अध्ययन गरेका थियौं, पावलले आफ्ना प्रचारहरूमा मानिसहरूलाई परमेश्वरतर्फ मन फिराउनुपर्छ र येशू ख्रीष्टमाथि विश्वास गर्नुपर्छ भनेर आज्ञा गर्दथे। पापीले परमेश्वरतर्फ पश्चात्ताप गर्नुपर्छ किनकि उसले आफ्नो स्वेच्छाचारी जीवन र अनाज्ञाकारीताद्वारा आघात पुऱ्याएको परमेश्वरलाई हो। पापीले आफ्नो विश्वास येशूमाथि राख्नुपर्छ किनकि उहाँ नै हाम्रा पापका लागि मर्नुभएको हो।

मुक्ति पाउने विश्वासका बारेमा निम्न तीनओटा महत्त्वपूर्ण प्रश्नहरूलाई विचार गर्नुहोस्:

**मुक्ति पाउने विश्वास कस्तो हुन्छ?**

मुक्ति पाउने विश्वास भनेको केही ऐतिहासिक तथ्यहरूलाई दिमागले विश्वास गर्नु मात्र होइन भन्ने कुरा बुझ्नु अत्यावश्यक छ। जस्तै, पृथ्वीनारायण शाह एकिकृत नेपालका पहिलो राजा थिए वा महात्मा गान्धी भारतका नेता थिए वा दोस्रो विश्वयुद्धको समयमा जर्मनीका शासक हिटलर थिए भनेर हामी विश्वास त गर्छौं। तर यस्ता विश्वासहरूले जीवन परिवर्तन गराउँदैनन्। त्यही किसिमले, येशू ख्रीष्ट पनि धेरै वर्ष अघि संसारमा हुनुहुन्थ्यो र उहाँले थुप्रै अचम्मका काम गर्नुभयो भनेर कतिले विश्वास त गर्छन् तर त्यस्तो विश्वासले उनीहरूको जीवनलाई परिवर्तन गराउँदैन। मुक्ति पाउने विश्वास त्योभन्दा बेग्लै हुन्छ।

<u>मुक्ति पाउने विश्वास एकचित्त विश्वास हो</u>

येशू नै एक मात्र प्रभु र मुक्तिदाता हुनुहुन्छ भनेर बाइबलले बताउँछ: यूहन्ना १४:६, प्रेरित ४:१२ मा हेर्नुहोस्। मुक्ति पाउनलाई बाइबलले बताएजस्तै मैले येशू ख्रीष्ट नै एक मात्र प्रभु र मुक्तिदाता हुनुहुन्छ भनेर विश्वास गर्नैपर्छ। कतिले आफूले मानेका देवताका साथसाथै येशूलाई पनि राख्न खोज्छन्। उनीहरू अन्य प्रभुहरूलाई पनि विश्वास गर्दै येशूमा समेत विश्वास गर्न चाहन्छन्। यस्तो विश्वासले कसैले मुक्ति पाउन सक्दैन।

<u>मुक्ति पाउने विश्वास भरोसापूर्ण विश्वास हो</u>

बाइबलमा “विश्वास” शब्दको माने भरोसा गर्नु, भर पर्नु, कसैमा आश्रित बन्नु भन्ने हुन्छ। मुक्ति पाउनलाई निजले पूर्ण रूपले आफ्नो प्राणका लागि र आफ्नो अनन्त भविष्यका लागि प्रभु येशूमा आश्रित बन्नैपर्छ। निजले पापहरूको क्षमा पाउनका लागि र परमेश्वरका सामु धर्मी ठहराइनका लागि र स्वर्गमा पुऱ्याइनका लागि केवल येशूमा भर पर्नुपर्छ।

येशूमा भरोसा गर्नु भनेको नदी तर्नलाई डुङ्गामा भरोसा गर्नु जस्तै हो। डुङ्गालाई राम्ररी अवलोकन गर्दैमा तरिँदैन, त्यसको तारिफ गर्दैमा तरिँदैन। तपाईं डुङ्गामा नचढी हुन्न अनि सुरक्षासाथ पारीपट्टी पुऱ्याइनलाई त्यसमाथि भरोसा नगरी हुन्न। तपाईंका पापहरू हरण गरिन तपाईंले येशूमा विश्वास गर्नुभएको छ कि छैन? कतिजनाले येशूमा विश्वास गरेको छु भन्छन् तर पनि उनीहरू पहिलेका धार्मिक रीतिहरू गर्न छाड्दैनन्। उनीहरूले

येशूमा खास भरोसा गरिरहेका छैनन् भन्ने कुराको प्रमाण दिँदैछन्। मुक्ति पाउन कुनै पनि त्यस्ता व्यर्थका रीतिहरू चाहिँदैनन् भन्ने कुरा येशूमा भरोसा गरेपछि हामीले महसुस गरेका हुन्छौं।

मुक्ति पाउने विश्वास पक्का विश्वास हो

मुक्ति पाउनलाई येशू नै प्रभु र मुक्तिदाता हुनुहुन्छ र उहाँले आफ्ना प्रतिज्ञाहरू मेरा निम्ति पूरा गर्नुहुनेछ भनेर म पूर्ण रूपले विश्वस्त हुनैपर्छ। साँचो मुक्ति भनेको "म-निश्चित-छु" भन्ने खालको विश्वास हो। येशूका शुरुका चेलाहरूको विश्वास यस्तै किसिमको थियो। यूहन्ना ६:६६-६९ ना पत्रुसको गवाही कस्तो थियो हेर्नुहोस्। साँचो रूपमा मुक्ति पाएको व्यक्तिको गवाही यस्तो हुन्छ। हामी पक्का हुन सक्ने कारण परमेश्वरका प्रतिज्ञाहरूले गर्दा नै हो (१ यूहन्ना ५:११-१३)। तर अर्कातिर "मैले मुक्ति पाऊँला कि भन्ने आशा गरेको छु" भन्ने "विश्वास" गरेकाहरूको कुरालाई तुलना गर्नुहोस्; उनीहरूको भनाइको तात्पर्य यो हो कि उनीहरू पक्का छैनन्। एकपटक मैले एकजनालाई भेटैं जसले मलाई आफूलाई येशूमा ९९% विश्वास लागेको कुरा बताए। तर कुरा के भने, त्यतिले पुग्दैन! डुङ्गाको उदाहरणलाई विचार गर्नुहोस्: तपाईंले आफ्नो शरीरको १०० प्रतिशत वजनलाई नै डुङ्गामा सुम्पनुपर्छ, ९९ प्रतिशत सुम्पन्छु भन्न मिल्दैन!

मुक्ति पाउने विश्वास विशुद्ध विश्वास हो

मुक्ति पाउने विश्वासलाई मानवीय धर्मकर्मसँग मिसाउन सकिन्न। एफसी २:८-१० लाई हेर्नुहोस्। बाइबलको सबैभन्दा महत्त्वपूर्ण खण्डहरूमध्येमा पर्छ यो। यसले सिकाउँछ, ख्रीष्टबाटको मुक्तिलाई एक व्यक्तिले सित्तैंको उपहारको रूपमा लिनुपर्छ, असल काम बापत पाइने इनामको रूपमा होइन। अनि परमेश्वरबाटको सित्तैंको मुक्तिको उपहारलाई ग्रहण गरेपछि हामी उहाँलाई कृतज्ञ हृदयले सेवा गर्दछौं। मुक्ति पाउनलाई म उहाँको सेवा गर्दिनँ, बरु मैले मुक्ति पाइसकेको हुनाले म उहाँको सेवा गर्दछु। उपहार त्यस्तो चीज हो जुनचाहिँ अरू कसैले किन्छ र मलाई सित्तैंमा दिन्छ। हाम्रो मुक्ति किनिदिनुहुने येशू हुनुहुन्छ जसले त्यसका लागि आफ्नै मृत्युद्वारा, रगत बहाईकन मूल्य तिरिदिनुभयो। तपाईं येशू ख्रीष्टमा पाइने परमेश्वरबाटको सित्तैंको मुक्तिमा आज रमाहट गर्दै जिउँदैहुनुहुन्छ कि तपाईं अझै पनि मुक्तिलाई कमाउन खोज्दै हुनुहुन्छ?

मुक्ति पाउने विश्वास ग्रहण गर्ने विश्वास हो

मुक्ति पाउनेपाउने विश्वासले येशूलाई प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्दछ। मुक्ति पाउने विश्वासले येशूलाई केवल ऐतिहासिक व्यक्तिको रूपमा विश्वास गर्ने काम मात्र गर्दैन; त्यसले उहाँलाई पुकार्दछ र मुक्तिका निम्ति उहाँलाई विन्ती गर्दछ। यूहन्ना १:११-१२ र रोमी १०:१३ लाई हेर्नुहोस्। मुक्ति ख्रीष्टसितको एउटा व्यक्तिगत सम्बन्ध हो।

**ख्रीष्टिय जीवनमा असल-असल कामहरूको के कस्तो स्थान छ त?**

के ख्रीष्टमा विश्वास गर्नु भनेको मेरो ख्रीष्टिय जीवनमा मैले कुनै पनि असल-असल कामहरू गर्नु पर्दैन भन्ने हो? असल-असल कामहरूको के कस्तो स्थान छ?

फेरि हामी एफेसी २:८-१० लाई विचार गरौं।

हामीले आज्ञाकारी तथा पवित्र जीवनहरू बिताएको परमेश्वर चाहनुहुन्छ, तर यो चाहिँ मुक्ति पाइसकेपछि आउने कुरा हो। असल कामहरू मुक्तिका प्रतिफल हुन्, मुक्ति पाउने उपाय होइनन्। असल कामहरू विश्वासीमा पवित्र आत्माद्वारा आउने कुरा हुन्।

एफेसीको पत्रमा विश्वासीले पालन गर्नुपर्ने झण्डै ९० ओटा आज्ञाहरू पाइन्छन्। यसमा पर्दछन् नम्र हुनु (एफेसी ४:१), सहनशील हुनु (एफसी ४:१), झूटलाई फाल्नु (एफेसी ४:२५), रिसलाई हटाउनु (एफेसी ४:२६), नचोर्नु

(एफेसी ४:२८), कुनै कुवचन नबोल्नु (एफेसी ४:२९), दयालु हुनु (एफेसी ४:३२), क्षमाशील हुनु (एफेसी ४:३२), व्यभिचार र अशुद्धता हटाउनु (एफेसी ५:३), अन्धकारका कामहरूसँग कुनै सङ्गति नगर्नु (एफेसी ५:११), समयलाई खेर जान नदिनु (एफेसी ५:१६), परमेश्वरको इच्छा बुझ्नु (एफेसी ५:१७), दाखमद्यले नमातिनु (एफेसी ५:१८), पवित्र आत्माले भरपूर हुनु (एफेसी ५:१८), पत्नीहरू आफ्ना पतिहरूका अधीनमा सुम्पिइनु (एफेसी ५:२२), पतिहरू आफ्ना पत्नीहरूलाई प्रेम गर्नु (एफेसी ५:२५), नानीहरू आफ्ना बाबुआमाको आज्ञाकारी हुनु (एफेसी ६:१-३), बाबुआमाहरूले आफ्ना नानीहरूलाई तालिम दिनु र उनीहरूलाई रिस नउठाउनु (एफेसी ६:४), नोकरहरू आफ्ना मालिकप्रति आज्ञाकारी हुनु (एफेसी ६:५) र मालिकहरू आफ्ना नोकरहरूप्रति न्यायोचित व्यवहार गर्नु (एफेसी ६:९)।

विश्वासीहरूले परमेश्वरको इच्छाअनुसार आज्ञापालन गर्नुपर्ने केही असल कामहरू यी नै हुन् तर हामीले पहिले मुक्ति नपाएसम्म यी कुनै पनि कामहरू गर्न सक्दैनौं। हामी पहिला येशू ख्रीष्टद्वारा परमेश्वरसित मिलापमा आउनुपर्छ, हामीले हाम्रा पापहरूका क्षमा पाउनुपर्छ र पवित्र आत्मा हामीभित्र अन्तरवास गर्न आउनुपर्छ। त्यसपछि मात्र हामीले परमेश्वरलाई ग्रहणयोग्य तवरले सेवा गर्न सक्छौं।

**के मुक्ति एक धार्मिक प्रक्रिया हो?**

मुक्ति एक धार्मिक प्रक्रिया अर्थात् क्रमिक रूपमा प्राप्त गरिने कुरा हो भन्ने सिद्धान्त एउटा व्यापक फैलिएको झूटो शिक्षा हो, तर बाइबलले बताउँछ यो त एउटा आश्चर्यकर्मरूपी परिवर्तनको <u>अनुभव</u> हो। येशूले सिकाउनुभएको कुरा यही थियो। हेर्नुहोस्, मत्ती १८:३ र यूहन्ना ३:३।

नयाँ जन्मको परिवर्तन एउटा लामो प्रक्रिया होइन; यो अलौकिक हुन्छ, यो जीवन-परिवर्तन गराउने घटना हो! अनि जुन घडी एउटा पापीले आफ्नो पापदेखि पश्चात्ताप गर्छ र येशूलाई आफ्नो एकमात्र मुक्तिदाताको रूपमा विश्वास गर्दछ त्यही नै घडी उसमा यो घटना घट्छ।

बाइबलमा हामीले यही कुरा पाउँछौं। प्रेरितको पुस्तकमा जति पनि व्यक्तिहरूले मुक्ति पाएका थिए उनीहरूले ख्रीष्टलाई ग्रहण गरेकै दिनमा मुक्ति पाएका थिए। यसमा पर्दछन्, पेन्टेकोस्टको दिनमा विश्वास गर्ने यहूदीहरू (प्रेरित २:४१), इथियोपियाइ नपुंसक (प्रेरित ८:३६-३९), कर्नेलियस र उनका घराना (प्रेरित १०:४४-४८), लिडिया (प्रेरित १६:१४-१५), र फिलिप्पीको झ्यालखानाको हाकिम र उनका घराना (प्रेरित १६:३०-३४)।

## विश्वाससम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. आफूले दुवै पश्चात्ताप र विश्वासलाई प्रचार गर्ने गरेको कुरा पावलले कुन पदमा बताएका छन्?
2. बचाउने विश्वासको माने केवल कुनै तथ्यलाई दिमागमा विश्वास गर्नु मात्र हो?
3. बचाउने विश्वासको पाँचओटा चरित्रहरू के-के हुन्?
4. बाटो, सत्य र जीवन म नै हुँ भनेर येशूले कुन पदमा भन्नुभयो?
5. कुन पदले मानिसहरूले मुक्ति पाउनलाई स्वर्गको मुनि अरू कुनै नाम दिइएको छैन भनेर बताउँछ?
6. येशूलाई भरोसा गर्नु नदी पारी जान डुङ्गामाथि भरोसा गरोसा गर्नु जस्तै कसरी हो?
7. कुन पदमा पत्रुसले येशू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर आफू पक्का भएको कुरा बताएका छन्?
8. कुन पदले हामीले अनन्त जीवन पाएको कुरा जान्न सक्छौं भनी बताएको छ?
9. कुन पदले ख्रीष्टलाई ग्रहण गर्नेहरू परमेश्वरको सन्तान बन्छन् भनी बताउँछ?
10. कुन पदले "प्रभुको नाम पुकार्ने हरेकले मुक्ति पाउनेछ" भनी बताउँछ?
11. कुन खण्डले हामी कामहरूबिना अनुग्रहले बचाइन्छौं साथै असल कामहरूका निम्ति बचाइन्छौं भन्ने कुरा बताउँछ?

12. कुन पदले हामी बदली हुनुपर्छ भन्छ?
13. कुन पदले हामी नयाँ गरी जन्मनैपर्छ भन्छ?
14. प्रेरितको पुस्तकमा मान्छेहरूले मुक्ति पाउन कति समय लाग्थ्यो?

# सुसमाचार

**कण्ठ गर्नुपर्ने पदहरू: १ कोरिन्थी १५:१-८**

**परिचय**

1. सारांशमा सुसमाचार यही हो। पवित्र शास्त्रको अन्य कुनै पनि खण्डमा यति छोटकरीमा सुसमाचारको सारांश दिइएको पाइँदैन। तसर्थ यो ज्यादै महत्त्वपूर्ण खण्ड हो।

   1) सही सुसमाचार जान्नु आवश्यक छ किनकि मुक्ति पाउने एउटै मात्र उपाय यही हो (१ कोरिन्थी १५:२)।

   2) सही सुसमाचारलाई पक्रनु आवश्यक छ किनकि हरेक झूटा सुसमाचार परमेश्वरको श्रापमुनि छ भनेर पावलले चेताउनी दिएका छन् (गलाती १:६-९)।

   3) हामीले सही सुसमाचारलाई जान्नु आवश्यक छ किनकि येशूले हामीलाई हरेक प्राणीलाई सुसमाचार प्रचार गर्नू भन्ने आज्ञा दिनुभएको छ (मर्कूस १६:१५)।

2. सुसमाचारको यो प्रस्तुतिचाहिँ पावलले विश्वासीहरू समक्ष गरेका हुन् (१ कोरिन्थी १५:१)। यसले हामीलाई यो सिकाउँछ कि नयाँ विश्वासीहरूले सुसमाचार राम्ररी सिक्नुपर्छ ताकि उनीहरू यसका सत्यताहरूमा व्यक्तिगत रूपमा जग बसालिएको हुन सकून् र अरूहरूलाई प्रचार गर्न सकून्। साथै यसले यो पनि सिकाउँछ कि पुराना विश्वासीहरूले सुसमाचार झन् झन् राम्ररी सिक्नुपर्छ। हामीलाई सुसमाचारको बारेमा सिकेर कहिल्यै पुग्नेछैन।

**सुसमाचारको बारेमा महत्त्वपूर्ण प्रश्नहरूको जवाफ**

१ कोरिन्थी १५ को यस महत्त्वपूर्ण खण्डले सुसमाचार सम्बन्धी एक-एक आधारभूत सत्यतालाई समेट्दछ।

**सुसमाचार के हो?**

ख्रीष्टको सुसमाचारका मुख्य तीन भाग छन्:

1. पवित्र शास्त्रमुताबिक ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो (१ कोरिन्थी १५:३)।

   1) मर्नुहुने को हुनुहुन्थ्यो भन्ने कुरामा ध्यान दिनुहोस्: मर्नुहुने ख्रीष्ट हुनुहुन्थ्यो। येशू नै पुरानो नियममा प्रतिज्ञा गरिनुभएको ख्रीष्ट हुनुहुन्छ। "ख्रीष्ट" भन्ने उपनाम "अभिषिक्त जन" भनी जनाउने ग्रीक शब्द हो। हिब्रूको "मसीह" भन्ने शब्दको उही अर्थ हुन्छ (भजनसङ्ग्रह २:२; १३२:१७)। येशू अभिषिक्त अर्थात् चुनिएका जन हुनुहुन्छ। मसीह संसारमा पहिलो पटक आउनुहुँदा उहाँ हटाइनुहुनेछ अर्थात् मानिसका पापका लागि मर्नुहुनेछ भन्ने कुरा (दनिएल ९:२५-२६) अनि उहाँ पछि फेरि आउनुहुनेछ र दाऊदको सिंहासनबाट शासन गर्नुहुनेछ र पृथ्वीमा परमेश्वरको राज्य स्थापना गर्नुहुनेछ (यशैया ९:६-७) भन्ने कुरा अगमवक्ताहरूले बताएका थिए।

   2) ख्रीष्ट किन मर्नुभयो भन्ने कुरालाई ध्यान दिनुहोस्: हाम्रा पापहरूका निम्ति। मान्छे पापी छ र उसले परमेश्वरको व्यवस्थालाई भङ्ग गरेको छ। सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन् (रोमी ३:२३), र पापको ज्याला मृत्यु हो (रोमी ६:२३)। उक्त मूल्य हाम्रो निम्ति ख्रीष्टले

तिरिदिनुभयो। मुक्ति सट्टापट्टाको एउटा कारोवार हो। ख्रीष्टले हाम्रो पाप लिदिनुभयो र हामीले चाहिँ उहाँको धार्मिकता लिन्छौं (२ कोरिन्थी ५:२१)। बाइबलले भने जस्तै गरी आफू पापी हुँ भनी स्वीकार नगरेसम्म कसैले पनि मुक्ति पाउन सक्दैन।

3) उहाँ पवित्र शास्त्रहरूमुताबिक मर्नुभयो भन्ने कुरालाई ध्यान दिनुहोस्: यसले चाहिँ उहाँको मृत्युलाई एकदम विस्तृतरूपमा बयान गर्ने ती अचम्मका भविष्यवाणीहरूलाई जनाउँदछ। ती भविष्यवाणीहरू येशू जन्मनुभन्दा सयौं वर्ष अगाडि लेखिएका थिए। तीमध्ये दुईचारओटालाई भजनसङ्ग्रह २२ बाट तल उल्लेख गर्दछौं:

येशू क्रूसीकरणद्वारा मारिनुहुनेछ भनेर पवित्र शास्त्रले भविष्यवाणी गरेको थियो (भजनसङ्ग्रह २२:१४-१६; यूहन्ना १९:१६-१८)। क्रूसीकरणको मृत्युको यो हु-बहु बयान हो जुनचाहिँ दाऊद अगमवक्ताले ख्रीष्ट जन्मनुभन्दा १००० वर्षअघि नै लेखे जुनबेला क्रूसीकरणको चलन आएकै थिएन! यो त रोमी साम्राज्य कालमा अर्थात् येशू जन्मनुभन्दा केही वर्ष अगाडिदेखि मात्र चलनमा आएको थियो। हत्याराहरू र डाँकाहरूलाई दण्ड दिन रोमी सरकारले तिनीहरूका हात र पाउलाई काठको क्रूसमा काँटीले ठोकेर मर्नलाई छाडिदिन्थे।

सिपाहीहरू क्रूसको फेदमा येशूको वस्त्रका लागि चिठ्ठा खेल्नेछन् भनेर पवित्र शास्त्रले भविष्यवाणी गरेको थियो (भजनसङ्ग्रह २२:१८)। येशूले पीडा भोगिरहनुहुँदा निर्दयी सिपाहीहरूले त्यसै गरे (मत्ती २७:३५)।

येशूले क्रूसबाट उच्चारण गर्नुहुने शब्दहरूलाई पवित्र शास्त्रले भविष्यवाणी गरेको थियो (भजनसङ्ग्रह २२:१; मत्ती २७:४६)।

येशू तिर्खाउनुहुनेछ भनेर पवित्र शास्त्रले भविष्यवाणी गरेको थियो (भजनसङ्ग्रह २२:१५; यूहन्ना १९:२८)।

उहाँलाई मानिसहरूले गिल्ला गर्नेछन् भनेर पवित्र शास्त्रले भविष्यवाणी गरेको थियो (भजनसङ्ग्रह २२:६-८; मत्ती २७:३९,४१-४३)।

मानिसहरू बसेर उहाँलाई एकटक लाएर हेर्नेछन् भनेर पवित्र शास्त्रले भविष्यवाणी गरेको थियो (भजनसङ्ग्रह २२:१७; मत्ती २७:३६)।

2. ख्रीष्ट गाडिनुभयो (१ कोरिन्थी १५:४)।

1) उहाँको गडाइले उहाँ साँच्चै मर्नुभयो भनेर प्रमाणित गर्छ। उहाँ कुनै-कुनै झूटा शिक्षकहरूले भनेजस्तै केवल मुर्छा खानुभएको वा मरेको जस्तै मात्र देखिनुभएको थिएन। सिपाहीहरूले येशूका खुट्टाहरूलाई नभाँच्नुको कारण यही थियो: उहाँ मरिसक्नुभएको थियो (यूहन्ना १९:३१-३४)।

2) उहाँ चिहानभित्र तीन दिन, तीन रात हुनुहुन्थ्यो (मत्ती १२:४०)। यसकारण धेरै मण्डलीहरूले सिकाएजस्तै उहाँ शुक्रबार गाडिनुभएको थियो भन्ने कुरा हुन सक्दैन भनेर हामी जान्दछौं। येशू आइतबार बिहान सबेरै बौरिउठ्नुभयो भनेर हामीलाई थाहै छ (लूका २४:१) र यदि उहाँ चिहानभित्र तीन दिन, तीन रात हुनुहुन्थ्यो भने उहाँको मृत्यु बुधवार वा बिहिबार भएको हुनुपर्छ।

3) उहाँको दफन गरिँदा भविष्यवाणी पूरा हुन गयो। यो "पवित्र शास्त्रहरूमुताबिक" भएको थियो। येशू एकजना धनी मानिसको चिहानभित्र गाडिनुहुनेछ भनेर बाइबलले भविष्यवाणी गरेको थियो (यशैया

५३:९)। येशू जन्मनुभन्दा ७१० वर्ष अगाडि लेखिएको यो भविष्यवाणी त्यसबेला पूरा भयो जुनबेला एकजना धनी चेला आएर येशूलाई क्रूसबाट तल झारे र आफ्नै चिहानमा गाडे (मत्ती २७:५७-६०)।

3. ख्रीष्ट पवित्र शास्त्रहरूमुताबिक बौरिउठ्नुभयो (१ कोरिन्थी १५:४)।

   1) उहाँको बौरिउठाइको भविष्यवाणी भजनसङ्ग्रह १६:१० मा गरिएको थियो। येशू आउनुभन्दा यो १००० वर्ष अगाडि लेखिएको थियो।

   2) उहाँको बौरिउठाइले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर प्रमाणित गऱ्यो (रोमी १:४)। येशूले आफू तेस्रो दिनमा बौरेर उठ्ने भविष्यवाणी गर्नुभएको थियो (मत्ती १६:२१) अनि यदि उहाँ बौरेर नउठ्नुभएको भए उहाँ एक झूटा अगमवक्ता ठहरिनुहुनेथ्यो र आफू परमेश्वरको पुत्र भएको उहाँको दावी झूटा ठहरिने थियो।

### सुसमाचार सत्य छ भन्ने त्यहाँ के प्रमाण छ?

सुसमाचार सत्य छ भनेर पावलले दुईटा ठूला प्रमाणहरू दिन्छन्:

1. पुरानो नियमका भविष्यवाणीहरूले सुसमाचार सत्य छ भनेर प्रमाणित गर्दछन्। उहाँ "पवित्र शास्त्रहरूमुताबिक" मर्नुभयो र बौरिउठ्नुभयो। यी बुँदाहरूलाई हामीले हेरिसक्यौं।

2. प्रत्यक्ष साक्षीका गवाहीहरूले सुसमाचार सत्य छ भनेर प्रमाणित गर्दछन् (१ कोरिन्थी १५:५-८)। बाइबल एउटा "अन्धविश्वास" होइन। यो चाहिँ "अनेकौं अचूक प्रमाणहरू" मा आधारित विश्वास हो (प्रेरित १:३)। बाइबलीय विश्वासमा "निश्चयता" हुन्छ, "प्रमाण" हुन्छ (हिब्रू ११:१)।

   1) बौरिउठ्नुभएका प्रभुलाई एकैचोटि ५०० जना भन्दा बढीले देखे (१ कोरिन्थी १५:६)। पावलले उक्त पत्र लेख्दा अधिकांश प्रत्यक्ष दर्शीहरू अझै जीवितै थिए। पावलले धेरै समय अगाडिको घटनाको बारेमा लेखिरहेका थिएनन्।

   2) उहाँको बौरिउठाइको घटनाले उहाँलाई देख्नेहरूका जीवनहरूमा ठूलो परिवर्तन ल्यायो। ख्रीष्टको बौरिउठाइ हुनुअघि चेलाहरू डरपोक थिए र अधिकारीहरूदेखि लुकिरहेका थिए (यूहन्ना २०:१९), तर उनीहरूले बौरिउठ्नुभएका प्रभुलाई देखेपछि उनीहरू साहसी भए र आफ्नो विश्वासको लागि प्राण समेत दिन तयार भए।

   3) येशूको बौरिउठाइले गर्दा उहाँको भाई याकूब उहाँमाथि विश्वास गर्न थाले (१ कोरिन्थी १५:७)। यूहन्ना ७:५ सित तुलना गर्नुहोस् जहाँ उहाँको क्रूसीकरण हुनु अगाडि येशूका भाइहरूले उहाँमाथि विश्वास गर्दैनथे भन्ने कुरा देख्छौं।

   4) बौरिउठाइले गर्दा पावल विश्वासी बने र उनी ख्रीष्ट विरुद्धको उनको भयङ्कर शत्रुताबाट मोडिए। सांसारिक दृष्टिकोणबाट हेर्ने हो भने ख्रीष्टको अनुयायी बनेर पावललाई कुनै लाभ भएन। जीवनको अन्तिम घडीसम्म नै उनलाई खेदो गरियो र उनले परिवारबिहीन, सम्पत्तिबिहीन र घरबिहीन जीवन बिताए। येशू मृत्युबाट बौरनुभएको छ र त्यसैले उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भनी उनी निश्चित भएकाले नै पावल यी दुःखहरू सहन राजी थिए।

**"व्यर्थमा विश्वास गर्नु" भनेको के हो (१ कोरिन्थी १५:२)?**

सम्भवतः यहाँ पावलले बताएको कुरा यो हो कि त्यहाँ यस्तो तरिकाले पनि विश्वास गर्नु सम्भव छ जसद्वारा मुक्ति पाइन्न। यहाँ केही त्यस्ता तरिकाहरूलाई विचार गर्नुहोस् जसद्वारा मुक्ति पाउन सकिन्न:

1) गलत कुरालाई विश्वास गर्नु व्यर्थमा विश्वास गर्नु हो (यूहन्ना २:२३-२५)। यी यहूदीहरूले येशूलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा नभई सांसारिक खाँचोहरू पूरा गरिदिने र उनीहरूलाई खुवाउने, रक्षा गरिदिने व्यक्तिको रूपमा "विश्वास गरे"। हेर्नु: यूहन्ना ६:१४,१५,२६,६६। त्यसरी नै आज धेरैजनाले येशूलाई गलत तरिकाहरूमा विश्वास गर्छन्। उनीहरू येशूकहाँ आउँछन् र उहाँलाई प्रार्थना गर्छन् तर उनीहरू उहाँले उनीहरूको समस्याहरू समाधान गरिदिनुभएको मात्र चाहन्छन्, उनीहरूको स्वाभिमानलाई वृद्धि गराइदिनुभएको चाहन्छन्, वा उनीहरूलाई धनी बनाइदिनुभएको वा निको पारिदिनुभएको वा अरू कुरा गरिदिनुभएको चाहन्छन् तर उनीहरू नम्र भईकन पापीको रूपमा आएका हुँदैनन्, र उहाँलाई आफ्नो एकमात्र मुक्तिदाताको रूपमा भरोसा गर्दैनन्।

2) पश्चात्ताप बिनाको "विश्वास" गर्नु व्यर्थमा विश्वास गर्नु हो (प्रेरित २०:२१; २६:२०)। धेरैजना आफ्ना जीवनहरू आत्मसमर्पण नगरीकन "येशूमा विश्वास" गर्न चाहन्छन्, तर पश्चात्तापबिना मुक्ति पाउनु असम्भव छ। हामी याकूब २:१९-२० मा देख्छौं, जीवन बदलिने गरी आत्मसमर्पणका साथ विश्वास गर्नुको सट्टा दिमागले मात्र विश्वास गर्नु सम्भव छ। जीवनै बदलिने गरी आत्मसमर्पणका साथ विश्वास गर्नुचाहिँ पश्चात्ताप हो जुनचाहिँ मनको परिवर्तन हो जसले जीवनमा परिवर्तन ल्याउँदछ। दुष्टात्माहरू "परमेश्वरमा विश्वास गर्छन्" तर मुक्ति पाउने किसिमले त होइन। उहाँ हुनुहुन्छ भनेर तिनीहरू जान्दछन् तर उनीहरू उहाँको अधीनमा बस्न चाहँदैनन्। धेरैजनाले "येशूमा विश्वास" त गर्छन् तर केवल उहाँ २,००० वर्ष अघि संसारमा हुनुहुन्थ्यो भन्ने अर्थमा मात्र।

3) झूटा सुसमाचार वा झूटा ख्रीष्टमाथि विश्वास गर्नु व्यर्थमा विश्वास गर्नु हो (२ कोरिन्थी ११:३-४)। धेरैजनाले पवित्र शास्त्रमा प्रकट गरिएकोभन्दा बेग्लै सुसमाचारमा वा बेग्लै येशूमा विश्वास गर्छन्। जस्तै, उनीहरू विश्वास र कामले मुक्ति पाइन्छ भन्ने सुसमाचारमा वा येशू र साथसाथै धार्मिक संस्कारले मुक्ति पाइन्छ भन्ने सुसमाचारमा वा येशूको ईश्वरत्वलाई स्वीकार नगर्ने शिक्षामा विश्वास गर्छन्।

## सुसमाचार सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. पावलले कुन पुस्तकको कुन अध्यायमा सुसमाचारलाई सारांशमा प्रस्तुत गरे?
2. हामीले सुसमाचार जान्नुपर्ने तीनओटा कारण के-के हुन्?
3. पावलले कुन पुस्तकको कुन अध्यायमा झूटा सुसमाचारहरूको बारेमा चेताउनी दिए?
4. सुसमाचारका तीन भाग के-के हुन्?
5. बाइबलले ख्रीष्ट हाम्रा पापहरूका लागि मर्नुभयो भन्नुको तात्पर्य के हो?
6. बाइबलले ख्रीष्ट पवित्र शास्त्रहरूमुताबिक मर्नुभयो भन्नुको तात्पर्य के हो?
7. येशूको मृत्यु सम्बन्धी चारओटा भविष्यवाणीहरू के-के हुन्?
8. येशू क्रूसमा टँगाइएर मर्नुहुनेछ भन्ने बयान कुनचाहिँ महान् भविष्यवाणीमा उल्लेखित छ?
9. मृत्युबाटको उहाँको बौरिउठाइद्वारा येशूले कुन दुई कुराको प्रमाण दिनुभयो?
10. सुसमाचार सत्य छ भन्ने दुईटा प्रमाण के-के हुन्?
11. व्यर्थमा गरिने विश्वासका तीनओटा तरिका बताउनुहोस्?

# बप्तिस्मा

**कण्ठ गर्नुपर्ने पदहरू: मत्ती २८:१८-१९; प्रेरित २:४१; ८:३६-३७; रोमी ६:३-४; १ कोरिन्थी १:१७**

यस पाठमा हामी बप्तिस्माको बारेमा ६ ओटा महत्त्वपूर्ण प्रश्नहरूको जवाफ दिनेछौं।

**बप्तिस्माको माने के हो?**

1. विश्वास गरेपछि आज्ञापालनको पहिलो कदम बप्तिस्मा लिनु हो (मत्ती २८:१९-२०)। येशूले बप्तिस्मा आज्ञास्वरूप दिनुभयो, त्यसैले विश्वासीले आज्ञापालनको एउटा कदमस्वरूप त्यसको अधीनतामा आफूलाई सुम्पन्छ।

    1) बप्तिस्मा सुसमाचारको अर्थात् ख्रीष्टको मृत्यु, दफन र बौरिउठाइको चित्र हो (१ कोरिन्थी १५:३-४)।

    2) बप्तिस्माले विश्वासी ख्रीष्टसित सम्मिलीकरण गरिएको कुरालाई चित्रण गर्दछ। बप्तिस्माले विश्वासी ख्रीष्टसित मरेको र ख्रीष्टमा ऊ नयाँ जीवनमा बौरी उठेको छ भन्ने कुराको सङ्केत दिन्छ। हेर्नू: रोमी ६:३-४।

    3) बप्तिस्मा संसारको सामु दिइने सार्वजनिक गवाही हो जसअनुसार निजले ख्रीष्टमा विश्वास गरेको छ र ख्रीष्टमा एउटा नयाँ जीवन जिउने अठोट गरेको छ भन्ने कुरा दर्शाउँदछ। म ख्रीष्टको चेला बनेको छु भन्ने कुराको घोषणा हो यो। नयाँ नियममा प्रत्येक बप्तिस्मा अरूले देख्न सकिने घटना थियो।

**के बप्तिस्माले कसैलाई ख्रीष्टियन बनाउँछ?**

बप्तिस्माले ख्रीष्टियन बनाउँछ भन्ने धारणा राख्ने मानिसहरू थुप्रै छन्। रोमन क्याथोलिकहरू यही विश्वास गर्छन्। ग्रीक अर्थडक्सहरूले यही विश्वास गर्छन्। चर्च अफ क्राइस्टले यही विश्वास गर्दछ। हिन्दूहरू, बुद्ध धर्मावलम्बीहरू र मुसलमानहरूले प्रायः बप्तिस्माले एकजनालाई ख्रीष्टियन बनाउँछ भनेर विश्वास गर्छन्। तर बप्तिस्माले ख्रीष्टियन बनाउँदैन। येशू ख्रीष्टमा राखिएको व्यक्तिगत विश्वासले एकजनालाई ख्रीष्टियन बनाउँदछ। सकली इसाईमत कुनै धर्म होइन; यो येशूसितको एउटा व्यक्तिगत सम्बन्ध हो। बप्तिस्मा भनेको उसको विश्वासको चित्र र गवाही मात्र हो। पानीले हामीलाई बचाउँदैनन्। असल कामहरूले हामीलाई बचाउँदैन। रीतिविधिहरूले हामीलाई बचाउँदैन। यी कुराहरू विश्वासपश्चात् आउँछन्, तर हामीलाई बचाउने कुरा भनेको ख्रीष्टमा राखिएको हाम्रो व्यक्तिगत विश्वास हो। मुक्ति परमेश्वरको अनुग्रहको सित्तैंको दान हो (एफेसी २:८-९), तर यदि मैले त्यसमा आफ्नो एउटै मात्र पनि काम थप्न सक्ने भएको भए मुक्ति सित्तैंको दान हुने थिएन।

**त्यसो भए मर्कूस १६:१५-१६ र प्रेरित २:३८ को माने के हो?**

चर्च अफ क्राइस्ट र कुनै-कुनै अन्य झूटा मण्डलीहरू मुक्ति पाउन बप्तिस्मा अपरिहार्य भएको दावी गर्छन्। तिनीहरूले प्रमाणस्वरूप अघि सार्ने गरेका मुख्य पदहरू मर्कूस १६:१५-१६ र प्रेरित २:३८ हुन्।

मर्कूस १६:१५-१६ लाई विचार गरौं। यस खण्डअनुसार बप्तिस्मा, विश्वास गर्ने कार्यसित सम्बन्धित कुरा त हो तर त्यो मुक्तिसँग भने असम्बन्धित कुरा हो। कोही पनि पापी व्यक्ति बप्तिस्मा नलिएकोले दोषी ठहरिँदैन तर विश्वास नगरेकोले दोषी ठहरिन्छ। शब्दहरूलाई यहाँ राम्ररी ध्यान दिइनुपर्छ र ती महत्त्वपूर्ण छन्। बप्तिस्मा चाहिँ निजले साँच्चै विश्वास गरेको छ भन्ने कुराको सङ्केत हो। येशूमा विश्वास गरेको दावी गर्ने तर बप्तिस्मा लिन इन्कार

गर्नेहरू साँचो विश्वासीहरू होइनन्। उहाँलाई प्रेम गर्नेहरूले उहाँको आज्ञापालन गर्दछन् भनेर येशूले बताउनुभएको छ (यूहन्ना १४:२३)।

प्रेरित २:३८ लाई विचार गरौं। एक विश्वासीले आफ्ना पापहरूको क्षमा पाउनलाई बप्तिस्मा लिँदैन तर आफ्ना पापहरूको क्षमा भइसकेकाले उसले बप्तिस्मा लिन्छ। "पापहरूका क्षमाका निम्ति" भन्ने वाक्यांशको माने कि त "पापहरू क्षमा पाउनका लागि" भन्ने हुन सक्छ, कि त "पापहरू क्षमा भएकाले" भन्ने हुन सक्छ। यस्तै वाक्यांश पछिल्लो अर्थमा लूका ५:१३-१४ मा प्रयोग भएको छ। "आफ्नो शुद्धिका निम्ति" आफूलाई पूजाहारीकहाँ देखाऊ भनेर कोरीलाई बताइयो किनकि ऊ ख्रीष्टद्वारा शुद्ध भइसकेको थियो।

पवित्र शास्त्रको एउटा खण्ड अर्कोसँग तुलना गरेर मर्कूस १६:१५-१६ र प्रेरित २:३८ को माने यही नै हो भनेर हामी जान्दछौं। हामीलाई बचाउनेचाहिँ ख्रीष्टको सुसमाचारले हो भनेर प्रेरित पावलले बताए (रोमी १:१६)। बप्तिस्मा नै सुसमाचार होइन भनेर उनले सिकाए (१ कोरिन्थी १:१७; १५:१-४)।

### बप्तिस्मा दिने तरिका कुन हो?

हामीले यहाँ बप्तिस्मा दिने तरिकाको समेत चर्चा गर्न आवश्यक पर्नु दु:खकै कुरा हो किनकि यसबारेमा बाइबलले यति स्पष्ट गरी बताउँछ तरैपनि यसलाई चर्चा गरिनैपर्छ किनभने ख्रीष्टियनको नाउँ धारण गर्ने धेरैजसोले आफ्नो अभ्यासमा छिट्का दिएर र खन्याएर बप्तिस्मा दिन्छन्। तर बाइबलीय बप्तिस्मा चोपलेर हो अथवा पानीमा "दफन" गरेर। यसका पाँचओटा प्रमाणहरू यस प्रकार छन्:

1. शब्दको अर्थ नै यही हो। बप्तिस्मा भन्ने शब्दको माने डुबाउनु वा चोपल्नु भन्ने हुन्छ।

2. येशूको बप्तिस्मा यसरी नै भएको थियो। उहाँ "पानीबाट माथि निस्कनासाथ" भनेर लेखिएको छ (मर्कूस १:१०)।

3. शुरुका ख्रीष्टियनहरूले हामीलाई यही नमुना छोडेका छन्। प्रेरित ८:३८-३९ मा प्रचार गर्ने र बप्तिस्मा लिने "उनीहरू दुवै पानीभित्र पसे" र "उनीहरू पानीबाट बाहिर निस्के"। यसको एउटै कारण थियो चोपलेर बप्तिस्मा दिने चलन। नत्र भने प्रचारकले अञ्जुलीमा अलिकति पानी लिएर त्यसलाई प्रयोग गरे पुग्नेथ्यो, पूरै भिज्नु आवश्यक पर्ने थिएन।

4. बप्तिस्माको बाइबलीय अर्थसँग मेल खाने एउटै मात्र तरिका यही नै हो। बप्तिस्मा ख्रीष्टसित गाडिएको र बौरिउठेको कुराको चित्रण हो, र यो प्रतीकसँग मेल खाने तरिका चोपलेर दिएको बप्तिस्मा मात्र हो। छिट्काउ दिने वा खन्याउने कार्यले यसको चित्रण दिँदैन। हेर्नू: रोमी ६:४।

5. शताब्दियौंसम्म मण्डलीहरूमा बप्तिस्मा दिइने एउटै मात्र तरिका चोपलेर दिइने बप्तिस्मा थियो। थुप्रै प्राचीन ब्याप्टिस्ट्री (बप्तिस्मा दिनलाई बनाइएको पोखरी) हरूले यसको गवाही दिन्छन्। जस्तै, रोमको सबैभन्दा प्राचीन ब्याप्टिस्ट्री एउटा ठूलो पोखरीको रूपमा बनाइएको छ जुनचाहिँ चोपल्नका लागि प्रयोग हुन्थ्यो भन्ने कुरा स्पष्ट छ। यस ब्याप्टिस्ट्रीमा म आफैं पनि उभिएको छु र त्यो मेरो कम्मरसम्मै आउँछ। मैले एफेससको एउटा चर्चघरमा देखेको प्राचीन ब्याप्टिस्ट्री पनि यस्तै बनोटको छ।

### बप्तिस्मा दिने अधिकार कसलाई छ?

नयाँ नियम मण्डलीलाई बप्तिस्मा दिने अधिकार छ। यो नै यस युगका लागि प्रभुको चुनिएको संस्था हो, र यो परमेश्वरको घर हो, सत्यको खाँबो र जग हो (१ तिमोथी ३:१५)। प्रेरितको पुस्तकमा हरेक बप्तिस्मा प्रचारकद्वारा दिइएको पाइन्छ।

**बप्तिस्मापछि के आउँछ?**

बप्तिस्मापछि आउने कुरा ख्रीष्टिय सेवा र पवित्र जीवन हो (प्रेरित २:४१-४२)। बप्तिस्मा लिने व्यक्तिले आफू पुरानो जीवनको लेखि मेरको र अब उसले ख्रीष्टलाई आफ्नो जीवनको प्रभुको रूपमा पछयाउन थालेको कुराको गवाही दिइरहेको हुन्छ। यो ज्यादै गम्भीर र गहन अभ्यास हो। यरुशलेमको पहिलो मण्डलीका ख्रीष्टियनहरू "प्रेरितहरूका शिक्षामा, सङ्गतिमा, रोटी-भँचाइमा र प्रार्थनाहरूमा दृढतापूर्वक लागिरहे"।

## बप्तिस्मा सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. बप्तिस्मा, विश्वास गरेपछि _______को ______ कदम हो।
2. बप्तिस्मा, एकजना व्यक्तिले साँच्चै विश्वास गरेको छ भन्ने कुराको ______ हो।
3. बप्तिस्मा, सुसमाचारको _______ हो।
4. बप्तिस्माले विश्वासी ख्रीष्टिसित _________ भएको कुराको चित्रण दिन्छ।
5. बप्तिस्मा, संसारको सामु एउटा ________ हो।
6. के बप्तिस्माले कुनै व्यक्तिलाई ख्रीष्टियन बनाउँछ?
7. विश्वासीले आफ्ना पापहरूको ___________ बप्तिस्मा लिँदैन; उसले बप्तिस्मा लिन्छ किनभने उसले आफ्ना पापहरूको __________।
8. कुन पदमा पावलले उसलाई परमेश्वरले बप्तिस्मा दिन होइन तर सुसमाचार प्रचार गर्नलाई बोलाउनुभयो भनेका छन्?
9. १ कोरिन्थी १५:१-४ मा पावलले सुसमाचारलाई सारांशमा बताउँदा उनले त्यहाँ बप्तिस्माको बारेमा ______ कुरा भनेनन्।
10. "बप्तिस्मा" शब्दको अर्थ ________ हो।
11. येशूलाई डुबुल्की गरी बप्तिस्मा दिइएको थियो भनेर हामी कसरी जान्दछौं?
12. कुन पुस्तकको कुन अध्यायमा फिलिपले बप्तिस्मा दिँदा पानीभित्र पसेर निस्के भनिएको छ?
13. कुन पुस्तकको कुन अध्यायमा बप्तिस्मालाई दफनसित तुलना गरिएको छ?
14. शुरुशुरुमा सबै मण्डलीहरूले बप्तिस्मा कुन तरिकाले दिन्थे?
15. शुरुका ख्रीष्टियनहरूले बप्तिस्मा लिएपछि के गरे?

# विश्वासीको अनन्त सुरक्षा

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: यूहन्ना १०:२७-२८; १ कोरिन्थी १:८; एफेसी १:३,७; फिलिप्पी १:६; १ यूहन्ना ५:११-१२; हिब्रू ६:१९; ९:१२; १०:१४**

खीष्टमा विश्वास गर्ने व्यक्तिको ओहोदालाई बाइबलमा "अनन्त सुरक्षा" भन्ने शब्दावलीले बयान गरेको त पाइँदैन, तरैपनि "अनन्त जीवन" (यूहन्ना ३:१६) र "अनन्त सान्त्वना" (२ थेस्सलोनिकी २:१६) भन्ने शब्दावली चाहिँ प्रयोग गरिएको पाइन्छ। परमेश्वरको सन्तान खीष्टमा अनन्तसम्म सुरक्षित छ भनेर बाइबलले सिकाउँछ।

खीष्टिय जीवनलाई स्थिर बनाउने काममा अनन्त सुरक्षाको शिक्षाको ज्यादै महत्त्वपूर्ण भूमिका हुन्छ।

अनन्त सुरक्षाको प्रतिज्ञा केवल नयाँ गरी जन्मेकाहरूलाई मात्र दिइएको छ भन्ने कुरा हामी अध्ययनमा देख्नेछौं। कपटीहरू, नामधारीहरू वा खीष्टका कुराहरूमा केवल सतही दिलचस्पी राख्नेहरूलाई यो प्रतिज्ञा दिइएको होइन। आफूले स्वीकारेको विश्वासलाई स्थायी रूपमा परित्याग गर्नेहरू कहिल्यै नयाँ गरी जन्मेका थिएनन्।

### १) येशूले हाम्रो लागि गरिदिनुभएको कार्यले गर्दा विश्वासीहरू सुरक्षित छन्

येशू विश्वासीका पापका लागि मर्नुभयो - सबै पापका लागि। उहाँको रगत नै परमेश्वरको व्यवस्थाले माग गरेको दण्डको पूरा सट्टाभर्ना थियो, त्यो शतप्रतिशत पर्याप्त थियो। विश्वासीले आफ्नो मुक्ति गुमाउन सक्छ भनेर विश्वास गर्नेहरूले येशूले गरिदिनुभएको कार्यलाई बुझ्दैनन्। उनीहरूले सुसमाचारलाई राम्ररी बुझेका हुँदैनन्।

हेर्नू: एफेसी १:७ - "छुटकारा" को माने दाम तिरी किनिएको भन्ने हुन्छ। येशूले हामीलाई पापको दास-बजारबाट किनेर पूर्णरूपमा छुटकारा दिनुभयो।

हेर्नू: रोमी ३:२४-२५ - "धर्मी ठहराइनु" को माने परमेश्वरद्वारा धर्मी भनेर घोषणा गरिनु हो। विश्वासी आफैमा धर्मी छैन, तर ऊ प्रधान न्यायधीशद्वारा नै धर्मी घोषणा गरिएको छ। यस्तो घोषणाको आधारचाहिँ यो हो कि परमेश्वरको सामु रहेको विश्वासीको पापलाई हटाउन येशूले पूरै सट्टाभर्ना तिरिदिनुभयो।

"प्रायश्चित" भन्ने शब्दले यस सट्टाभर्नालाई जनाउँदछ। यसको माने हो कसैलाई तिर्नुपर्ने पूरै मात्रा तिरिदिएर ऋण चुक्ता गर्नु। येशूले गर्नुभएको काम यही थियो। पापीले परमेश्वरको व्यवस्था भङ्ग गरेको छ र त्यसको आवश्यक सट्टाभर्ना तिर्न ऊ असमर्थ छ। पापीको सट्टामा येशूले उक्त ऋण तिरिदिनुभयो। तिर्नै नसक्ने ऋण हामीलाई परेको थियो; आफूलाई नलागेको ऋण उहाँले तिरिदिनुभयो।

### २) परमेश्वरका प्रतिज्ञाहरूको कारण विश्वासीहरू सुरक्षित छन्

नयाँ नियममा मुक्तिलाई विभिन्न तरिकाले बयान गरिएको छ जसमध्ये केही बयानहरू यस प्रकार छन्। यी प्रतिज्ञाहरू अपरिवर्तनीय छन् किनकि यी त झूट बोल्नै नसक्ने परमेश्वरका प्रतिज्ञा हुन् जसको वचन अदलबदल हुन सक्दैन। यद्यपि नयाँ नियममा त्यस्ता एकादुई खण्डहरूले विश्वासीले मुक्ति गुमाउन सक्छ भनेर सिकाएको जस्तै सतहमा देखा परे तापनि, त्यहाँ सयौं खण्डहरूले भने विश्वासीले मुक्ति गुमाउँदैन भनेर प्रस्टै सिकाउँदछ!

"नष्ट नहोस् तर उसले अनन्त जीवन पाओस्" (यूहन्ना ३:१६) -- यदि परमेश्वरले विश्वासीलाई अनन्त जीवन दिनुहुन्छ भने र ऊ कहिल्यै नष्ट हुँदैन भनेर प्रतिज्ञा गर्नुहुन्छ भने, उसले आफ्नो मुक्ति कसरी "गुमाउन" सक्छ र? ऊ

नष्ट हुँदैन भनेर परमेश्वरले भन्नुभएको छ भने विश्वासी कसरी नष्ट हुन्छ? त्यसो हुन गयो भने त परमेश्वरको प्रतिज्ञा धूलोमा मिल्न जानेथ्यो।

परमेश्वरले "तिमीहरूलाई अन्तसम्म स्थिर पार्नुहुनेछ" (१ कोरिन्थी १:८) -- यस्ता-यस्ता प्रतिज्ञाहरूले विश्वासीको मुक्तिलाई सुनिश्चित गर्दछन्।

"सबै आत्मिक आशिषहरूले...आशिषित" (एफेसी १:३) -- यदि एक विश्वासी ख्रीष्टमा सबै आत्मिक आशिषहरूले आशिषित पारिसकिएको छ भने, कसरी ऊ यसबाट बञ्चित हुन सक्छ र अनि कसरी उसले आफ्नो मुक्ति गुमाउने सक्छ र? यी आशिषहरू "ख्रीष्टमा" छन् भन्ने कुरालाई ध्यान दिनुहोस्। विश्वासीको मुक्ति पूरै ख्रीष्टभित्र रहेको कुरा हो अनि यो मुक्ति विश्वासीको जीवन वा कामहरूमा कुनै हिसाबले पनि आधारित छैन।

"पवित्र आत्माले छाप मारियौ" (एफेसी १:१२-१४) -- पवित्र आत्माले छाप मारिनु चाहिँ उहाँले अनन्त छुटकारा दिनुभएको छ भन्ने परमेश्वको प्रतिज्ञा पाउनु हो।

> पवित्र आत्माले छाप मारिने कार्य स्वामित्वसित सम्बन्धित छ। जब कसैले येशूमा विश्वास गर्दछ ऊ परमेश्वरको निजी सम्पत्ति बन्न पुग्छ। यस स्वामित्वको छाप चाहिँ पवित्र आत्मा हुनुहुन्छ। योचाहिँ एउटा राजाले कुनै चीजमा आफ्नो छाप लगाएजस्तै हो।
>
> पवित्र आत्माले छाप मारिनु एउटा प्रतिज्ञा प्राप्त गर्नु हो। योचाहिँ विश्वासीको अनन्त मुक्तिको बैना वा ग्यारेन्टी हो। योचाहिँ एकजना मान्छेले कुनै जग्गाको निम्ति बैना प्राप्त गरेजस्तै हो। बैना बाँकी रकमको प्रतिज्ञा हो। यो प्लेनको टिकेट जस्तै हो। कसैले तपाईंलाई कुनै ठाउँमा जान प्लेनको टिकट दिन्छ भने तपाईं त्यो टिकट लिएर त्यो ठाउँमा पुग्न सक्नुहुन्छ भनेर तपाईंलाई निश्चय हुन्छ। टिकट त्यसको ग्यारेन्टी हो। त्यसरी नै हाम्रो स्वर्ग-यात्राको लागि येशूले तिरिदिनुभयो र यस यात्राको लागि पवित्र आत्मा नै उहाँको प्रतिज्ञा हुनुहुन्छ।

"स्वर्गीय स्थानहरूमा बसाल्नुभयो" (एफेसी २:५-६) -- स्वर्ग जानलाई एउटा विश्वासी मृत्युलाई पर्खनुपर्दैन; परमेश्वरको नजरमा ऊ ख्रीष्टसँग स्वर्गमा बसालिसकिएको छ; यो उसको नयाँ ओहोदा हो। विश्वासीको मुक्ति पूरै ख्रीष्टभित्र रहेको कुरा हो। ऊ उहाँसँग मरिसकेको छ, उहाँसँग बौरेर उठिसकेको छ र उहाँसँग जिउँदछ।

"स्वर्गको लागि योग्य" (कलस्सी १:१२-१४) -- विश्वासीलाई स्वर्ग लानको लागि ख्रीष्टले सबै आवश्यक काम गरिसक्नुभयो; यस सम्बन्धमा विश्वासीले गर्नुपर्ने कुनै काम बाँकी छैन; हाम्रा कामहरूले हामीलाई स्वर्गका निम्ति योग्य बनाउने होइन वा ख्रीष्ट जे गरिसक्नुभयो र प्रबन्ध गर्नुभएको छ त्यसमा एक विन्दु वा एक मात्रा पनि थप्न सक्दैन।

"बलियो सान्त्वना" (हिब्रू ६:१७-१९) -- मुक्तिलाई बयान गर्न यस खण्डमा प्रयोग गरिएका शब्दावली उदेकलाग्दा छन्। "कहिल्यै बदलिन नसक्ने कुराहरू" को माने प्रस्ट छ: अपरिवर्तनीय; जब परमेश्वरले घोषणा गर्नुहुन्छ वा प्रतिज्ञा गर्नुहुन्छ त्यो पक्का हुन्छ। "सान्त्वना" को माने हौसला वा उत्साह भन्ने हुन्छ; विश्वासीको सान्त्वना कमजोर छैन, अनिश्चित छैन; त्यो "बलियो" छ। "आशा" भन्नाले संसारमा जस्तो कुनै अनिश्चित कुरा भन्ने बुझिँदैन। यसको मतलब "म मुक्ति पाउँला कि भनेर आशा गर्दैछु" भन्ने होइन बरु "मैले मुक्ति पाउनेछु भनी म निश्चित छु" भन्ने हो। विश्वासीको आशालाई "प्राणको लङ्गर जो सुरक्षित र दृढ छ" भनेर बयान गरिएको छ। ख्रीष्टले पापको पूरै ऋण तिरिदिनुभएको कारण नै यी सब साँचो हुन सकेका हुन्।

### निष्कर्ष

ख्रीष्टमा आफू अनन्तसम्म सुरक्षित छु भन्ने ज्ञान विश्वासीको "टोप" हो जसले उसलाई शैतानका शङकारूपी, अग्निमय वाणहरूदेखि रक्षा गर्दछ (१ थेस्सलोनिकी ५:८)।

## अनन्त सुरक्षा भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. ख्रीष्टमा विश्वासीको ओहोदालाई बाइबलले कुन दुई तरिकाले बयान गरेको छ?
2. येशूले विश्वासीका लागि के गरिदिनुभयो?
3. "उद्धार" को माने के हो?
4. "धर्मी ठहराइनु" को माने के हो?
5. "प्रायश्चित" को माने के हो?
6. कुन पदमा परमेश्वरले विश्वासीलाई अन्तसम्म स्थिर पार्नुहुनेछ भनेर बताइएको छ?
7. कुन पदमा विश्वासी ख्रीष्टमा सबै आत्मिक आशिषहरूले आशिषित पारिएको छ भनेर बताइएको छ?
8. "पवित्र आत्माले छाप मारिनु" भन्नाले कुन दुईटा कुरा बुझिन्छ?
9. कुन पदले विश्वासी ख्रीष्टमा स्वर्गीय स्थानहरूमा बसालिएको छ भनेर बताउँछ?
10. कुन पदले विश्वासी स्वर्गका निम्ति योग्य बनाइएको छ भनेर बताउँछ?
11. कुन वाक्यांशले परमेश्वरले दिनुभएको प्रतिज्ञा पक्का हुन्छ, अपरिवर्तनीय हुन्छ भनेर देखाउँछ? (हिब्रू ६:१८)
12. विश्वासीको सान्त्वना कमजोर र अनिश्चित छैन भनेर कुन पदले सिकाउँछ?
13. विश्वासीको आशा निश्चित हुन्छ भनेर हामी कसरी जान्दछौं?
14. विश्वासीको टोप के हो?

# विश्वासीको अनन्त सुरक्षा

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: यूहन्ना १०:२७-२८; २ कोरिन्थी ५:१७; तीतस १:१६; १ यूहन्ना २:४**

यस पाठमा हामी अनन्त सुरक्षासम्बन्धी अरू दुईटा प्रश्नहरूको जवाफ दिएर यस शिक्षाको अध्ययनलाई अगाडि बढाउँछौं: पहिलो, के अनन्त सुरक्षाको शिक्षाको माने ख्रीष्टलाई स्वीकार गर्ने जोकोहीसँग पनि अनन्त जीवन हुन्छ भन्ने हो त? दोस्रो, के यसले मानिसहरूलाई लापरवाहीसाथ जिउनलाई प्रोत्साहन दिन्छ?

**के अनन्त सुरक्षाको शिक्षाको माने ख्रीष्टलाई स्वीकार गर्ने जोकोहीसँग पनि अनन्त जीवन हुन्छ भन्ने हो त?**

होइन, अनन्त सुरक्षाको प्रतिज्ञा केवल मुक्ति पाएकाहरूका लागि मात्र हो, मुखले मात्र स्वीकार गर्ने नामधारीहरूका लागि होइन। मुक्तिले जहिले पनि व्यक्तिको जीवनलाई परिवर्तन गराउँछ।

1. <u>मुक्तिका लागि पश्चात्ताप अनिवार्य छ</u> (१ थेस्सलोनिकी १:९-१०)

मुक्ति पाउनलाई परमेश्वरले पश्चात्ताप अनिवार्य रूपमा माग गर्नुहुन्छ र पश्चात्ताप भनेको मनको विशाल परिवर्तन हो जसको फलस्वरूप जीवनको परिवर्तन हुन्छ। यसको माने परमेश्वरकहाँ आत्मसमर्पण गर्नु हो। जसले आत्मसमर्पण गरेको छैन उसले कहिल्यै मुक्ति पाएको छैन। थेस्सलोनिकाका विश्वासीहरूमा बाइबलीय पश्चात्तापको नमुना देख्न सक्छौं। उनीहरू "जीवित र सत्य परमेश्वरको सेवा गर्नका निम्ति मूर्तिहरूबाट परमेश्वरतर्फ फर्के"।

2. <u>मुक्तिलाई नयाँ जन्म अनिवार्य छ, र नयाँ जन्मले मान्छेको जीवनलाई परिवर्तन गराउँछ</u> (२ कोरिन्थी ५:१७)।

येशूले भन्नुभयो, "तिमीहरूले नयाँ गरी जन्मनैपर्छ" (यूहन्ना ३:७) र नयाँ जन्म भनेको विश्वास गर्ने व्यक्तिका लागि परमेश्वरले गर्नुहुने एउटा ठूलो आश्चर्यकर्म हो। यो एक ठूलो परिवर्तन हो, तर ख्रीष्टलाई स्वीकार गर्नेहरू पहिले जसरी जिउँथे पछि पनि त्यसरी नै जिउन सक्छन् भने तिनीहरूले कहिल्यै नयाँ जन्म पाएका छैनन्।

3. <u>मुक्ति पाएकाहरूले ख्रीष्टको स्वर सुन्छन् र उहाँलाई पछ्याउँछन्</u> (यूहन्ना १०:२७-२९)

यस खण्डमा येशूले अनन्त जीवन प्राप्त गरेको एक साँचो विश्वासीको परिभाषा दिनुहुन्छ। येशूका भेडाले उहाँको स्वर सुन्छन्, अर्थात् उनीहरू उहाँको वचनलाई पालन गर्छन् अनि उनीहरू ख्रीष्टलाई पछ्याउँछन्, अर्थात् उनीहरू आफूलाई चेलाका रूपमा उहाँको अधीनमा सुम्पन्छन्। पद २८-२९ मा दिइएको प्रतिज्ञालाई पद २७ को प्रमाणदेखि अलग गर्न मिल्दैन।

4. <u>मुक्ति पाउने विश्वास यदि छ भने त्यहाँ साथसाथै पवित्र कामहरू पनि हुन्छन्</u> (एफेसी २:८-१०)

एफेसी २:८-१० ले विश्वास र कामहरू बीचको खास सम्बन्धलाई बयान गर्दछ। मुक्ति प्राप्त हुने चाहिँ विश्वासद्वारा हो र कामहरू चाहिँ मुक्तिको प्रतिफल हो। ख्रीष्टिय जीवनका कामहरू चाहिँ विश्वासीभित्र परमेश्वरले गर्नुभएका कामहरू हुन्, जसको कारण मान्छेलाई कुनै श्रेय दिइँदैन। मुक्तिका लागि विश्वासको साथमा कामहरूलाई समिश्रण गर्न खोज्नु चाहिँ झूटा सुसमाचार हो (रोमी ११:६)। तर अर्कोतिर यो पनि साँचो हो कि त्यहाँ मुक्ति पाउने विश्वास छ भने त्यसको साथमा पवित्र कामहरू पनि प्रतिफलस्वरूप हुनेछन्। याकूबले मानिसको दृष्टिकोणबाट देखिने ख्रीष्टिय जीवनलाई बयान गर्दछन् (याकूब २:१४-१७)। यदि कसैले आफूसँग विश्वास "छ" भन्छ भने तर उसको जीवनमा त्यसको कुनै प्रमाण देखिँदैन भने ऊसँग मुक्ति पाउने किसिमको विश्वास छैन।

5. <u>बाइबलअनुसार साँचो विश्वासीहरूले परमेश्वरका आज्ञाहरू पालन गर्छन् र आफूलाई शुद्ध पार्दछन्</u> (१ यूहन्ना २:४; ३:२-३)। १ यूहन्ना ३:२-३ मा परमेश्वरको वचनले बताउँछ, अनन्त जीवन पाएकाहरू ती हुन् जसले आफूहरूलाई शुद्ध पार्दछन्। पद २ को प्रतिज्ञालाई पद ३ को प्रमाणबाट अलग गर्न सकिन्न।

6. <u>बाइबलले ख्रीष्टलाई स्वीकार गर्ने तर उहाँको आज्ञा नमान्नेहरूको बारेमा चेताउनी दिन्छ; तिनीहरू झूटा नामधारीहरू हुन्</u> (तीतस १:१६)।

यदि कसैले आफू ख्रीष्टमा विश्वास राख्ने व्यक्ति हुँ भन्ने दावी गर्छ तर उसको जीवनले त्यसको वास्तविकतालाई दर्शाउँदैन भने ऊ भ्रममा परेको व्यक्ति हो। विश्वासको फलरहित स्वीकारले परमेश्वरका अनन्त सुरक्षाका प्रतिज्ञाहरूलाई दावी गर्न मिल्दैन। यदि कुनै व्यक्तिले ख्रीष्टलाई स्वीकार गर्छ र पछि आफ्नो स्वीकारलाई परित्याग गर्छ भने उसले कहिल्यै मुक्ति पाएको थिएन भन्ने कुरा प्रमाणित हुन्छ।

### के अनन्त सुरक्षाको शिक्षाले मानिसहरूलाई लापरवाहीसँग जिउनलाई प्रोत्साहन दिन्छ?

अनन्त सुरक्षाको शिक्षामा विश्वास नगर्नेहरू भन्छन् कि यसले मानिसहरूलाई लापरवाहीसँग जिउन प्रोत्साहन दिन्छ। तर वास्तविकता ठीक उल्टो छ। मैले मेरो प्रचार कार्यको शुरुआत अमेरिकाको टेनसी राज्यको एउटा इलाकाबाट गरेको हुँ जहाँ केही शताब्दिदेखि मेथडिस्टहरूले प्रभुत्व जमाउँदै आएका छन्। मुक्ति गुमाउन सकिन्छ भन्ने शिक्षाले उक्त इलाकालाई आत्मिक रूपमा तहसनहस पारेको थियो। त्यो इलाका त्यस्ता व्यक्तिहरूले भरिएको थियो जोहरूले "ख्रीष्टिय जीवन जिउने कोशिस गरे" तर विफल भएर पछि शैतानजस्तै भएर जिइरहेका थिए।

1. बाइबलले सिकाउँछ कि परमेश्वरको अनुग्रहले विश्वासीहरूलाई धन्यवादी हृदयले परमेश्वरको सेवा गर्न परिचालित गर्छ (रोमी २:४; एफेसी ३:१४-१९)। एउटा विश्वासीले उसप्रति ख्रीष्टमा भएको परमेश्वरको अथाह प्रेमलाई जति बुझ्दछ त्यति नै उसले परमेश्वरलाई खुसी पार्न चाहन्छ। बाइबलले भन्दछ, "हामी उहाँलाई प्रेम गर्दछौं किनभने उहाँले पहिला हामीलाई प्रेम गर्नुभयो" (१ यूहन्ना ४:१९)।

2. परमेश्वरको साँचो अनुग्रहले मानिसहरूलाई पवित्र जीवन बिताउन सिकाउँछ (तीतस २:११-१४)।

## अनन्त सुरक्षा भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. मुक्तिले व्यक्तिको जीवनलाई परिवर्तन गराएकै हुन्छ। यसका ६ ओटा कारणहरू के-के हुन्?
2. कुन पदले कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो भनेर बताउँछ?
3. कुन पुस्तकको कुन अध्यायमा येशूले आफ्ना भेडाले उहाँको स्वर सुन्छन् र उहाँलाई पछयाउँछन् भनिएको छ?
4. कुन खण्डले विश्वासी असल कामहरूका निम्ति बचाइएको हुन्छ भनेर बताउँछ?
5. कुन पदले मुक्ति यदि अनुग्रहले हो भने त्यो कामद्वारा हुन सक्दैन भनेर बताउँछ?
6. ख्रीष्टलाई स्वीकार गर्ने तर आफ्ना कामहरूद्वारा उहाँलाई इन्कार गर्नेहरूलाई कुन पदले बयान गर्छ?
7. अनन्त सुरक्षाको शिक्षाले विश्वासीहरूलाई लापरवाहीसँग जीवन बिताउन प्रोत्साहन दिँदैन। यसका दुईटा कारणहरू के-के हुन्?
8. कुन पदले हामी परमेश्वरलाई प्रेम गर्छौं किनकि उहाँले पहिला हामीलाई प्रेम गर्नुभयो भनेर भन्छ?
9. कुन पुस्तकको कुन अध्यायमा पावलले परमेश्वरको अनुग्रहले हामीलाई पवित्र जीवन बिताउन सिकाउँछ भनेर बताएका छन्?

# विश्वासीको अनन्त सुरक्षा

## भाग ३

**कण्ठ गर्नुपर्ने पदहरू: एफेसी ४:३०; हिब्रू १२:८; १ यूहन्ना १:६; २:१-२**

अनन्त सुरक्षा सम्बन्धीको यस अध्ययनलाई टुङ्ग्याउनु अगाडि हामी अझै एउटा अन्तिम प्रश्नको जवाफ दिनेछौं।

**यदि आज्ञा नमान्ने विश्वासीले आफ्नो मुक्ति गुमाउँदैन भने उसलाई के हुन्छ त?**

1. पापमा हिँडिरहेको विश्वासी प्रभुसितको र उहाँका जनहरूसितको सङ्गतिबाट बञ्चित हुन्छ (१ यूहन्ना १:३-७)

ख्रीष्टसित कसरी सङ्गतिमा रहिरहन सकिन्छ भनेर विश्वासीहरूलाई सिकाउनलाई यूहन्नाले एउटा पत्र लेखे (१ यूहन्ना १:३)। जब हामी अन्धकारमा नभएर ज्योतिमा हिँडिरहन्छौं तब हामी ख्रीष्टसितको सङ्गतिमा रहिरहन्छौं। ज्योतिमा हिँडिरहनु भनेको परमेश्वरको वचन पालन गर्दै हिँड्नु हो। अन्धकारमा हिँड्नु भनेको अनाज्ञाकारी भई हिँड्नु हो। यसर्थ पापमा हिँडिरहेको विश्वासी ख्रीष्टसितको सङ्गतिमा हिँडिरहेको हुँदैन। ख्रीष्टसितको उसको सम्बन्ध टुटेको त हुँदैन तर सङ्गति टुटेको हुन्छ। यो ठूलो नोक्सानी हो। ख्रीष्टसितको सङ्गतिबाट बञ्चित भई जिउनु भनेको मसित उहाँको बुद्धि नहुनु हो, उहाँको सामार्थ्य नहुनु हो, उहाँको आशिष नहुनु हो। यस्तो अवस्थामा हुँदा यदि मैले कुनै ठूलो निर्णय गरैं भने त्यो निर्णय निःसन्देह गलत हुनेछ र त्यसले मलाई परमेश्वरको इच्छादेखि झन् पर धकेल्नेछ।

2. पापमा हिँडिरहेको विश्वासीले आफूभित्र बास गर्नुहुने पवित्र आत्मालाई शोकित पार्दछ (एफेसी ४:३०)

पवित्र आत्मा शोकित बन्नुको तात्पर्य मेरो जीवनमा उहाँको काम अवरुद्ध हुनु हो। उहाँ नै विश्वासीको शान्तिदाता र सामर्थ्य र अगुवा र शिक्षक हुनुहुन्छ। जब उहाँ शोकित बन्नुहुन्छ तब मैले उहाँको आशिष गुमाउँदछु; म आत्मिक रूपमा बढ्न छाड्छु; मसँग आत्मिक सामर्थ्य, ज्ञान र बुद्धि हुँदैन।

3. पापमा हिँडिरहेको विश्वासीलाई प्रभु येशू ख्रीष्टले सहायता गर्नुहुन्छ (१ यूहन्ना २:१-२)

हामीले पाप गर्दा परमेश्वरले हामीलाई परित्याग गर्नुहुन्न; हाम्रो एकजना वकिल हुनुहुन्छ, अर्थात् एकजना सहायक। "येशू" नाउँको अर्थ हो मुक्तिदाता, अनि जब म पाप गर्न पुग्छु उहाँ मेरो मुक्तिदाता हुन छाड्नुहुन्न। येशूले मलाई सहायता गरिरहनुभएको हुन्छ, मेरो निम्ति अन्तर्विन्ती गर्दै, मलाई पुनःस्थापित गर्न खोजिरहनुभएको हुन्छ जसरी उहाँले पत्रुसको लागि गर्नुभयो जुन रात पत्रुसले उहाँलाई तीनपटक सम्म इन्कार गरे।

4. पापमा हिँडिरहेको विश्वासीलाई पिताले ताडना दिनुहुन्छ (हिब्रू १२:५-११)

आफ्ना सन्तानले पाप गरे भने परमेश्वरले उनीहरूलाई त्यत्तिकै छाड्नुहुन्न। उहाँले हामीलाई छडी लाउनुहुन्छ। विश्वासीले पश्चात्ताप गर्न नै मानेन भने त्यहाँ मृत्युसम्म पुऱ्याउने पाप पनि हुन्छ (१ यूहन्ना ५:१६-१७)। कोरिन्थका कतिजना विश्वासीहरूले यस्तो पाप गरेका थिए (१ कोरिन्थी ११:२७-३०)।

5. <u>पापमा हिँडिरहने विश्वासीले विनाशको कटनी गर्नेछ</u> (गलाती ६:७-८)

पापको कारण हामीले यस वर्तमान संसारमा मूल्य तिर्नुपर्ने हुन्छ। मुक्ति पाएको हुँदैमा “जसले जे छर्छ उसले त्यसैको कटनी गर्नेछ” भन्ने नियमबाट हामी उम्कन सक्दैनौं। धेरैजना विश्वासीहरूले भयङ्कर मूल्य तिरेका छन् जस्तै व्यभिचार, रिस र सांसारिक जीवनले गर्दा कतिले आफ्नो दाम्पत्य जीवन गुमाएका छन्; छोराछोरीका हृदय गुमाएका छन्; आफ्ना सेवकाइ गुमाएका छन्। स्वीकार गरेर सबै पाप क्षमा हुन्छन्, तर पापका फल रहिरहन्छन्। जस्तै, पारपाचुके गरेका धेरैजना विश्वासीहरूलाई म चिन्दछु जसले आफ्नो पाप स्वीकारेका छन् तर त्यो पारपाचुकेको वास्तविकता हराएको छैन, बरु जीवनपर्यन्त त्यसका सबै विरूप, चोटपूर्ण र बहुरूपी परिणामहरू त्यहाँ विद्यमान छन्।

6. <u>पापमा हिँडिरहने विश्वासीले सेवकाइ गर्ने र फल फलाउने सुअवसरहरूलाई फिर्ता नपाउने गरी गुमाउँछन्</u> (एफेसी ५:१४-१७)

पापमा हिँड्ने ख्रीष्टियनले क्षमा पाउन सक्छ तर गुमाइएका सुअवसरहरूलाई उसले फिर्ता पाउन सक्दैन। इस्राएलीहरूले परमेश्वरलाई शङ्का गरे त्यसैले उनीहरू ४० वर्षसम्म उजाडस्थानमा घुमिरहन बाध्य भए यद्यपि उनीहरूले पश्चात्ताप गरे (व्यवस्था १:३८-४५)। धेरैजना विश्वासीहरूले फिर्ता नपाउने गरी त्यस्ता सुअवसरहरू गुमाएका छन् किनकि उनीहरूले आफूहरू पछि हटेको र परमेश्वरको इच्छाबाट टाढा रहेको अवस्थामा हुँदा ठूला-ठूला निर्णयहरू गरे; जस्तै, गलत व्यक्तिसँग विवाह गरे वा गलत पेशा अँगाले। जीवनको घडीलाई उल्टो दिशामा घुमाउन सकिन्न, फेरि शुरुदेखि जीवन जिउन सकिन्न, त्यसैले हामी एकदम होशियार भएर जिउनुपर्छ र प्रत्येक पाइलामा हामी परमेश्वरको इच्छामा हिँडिरहेकै हुनुपर्छ।

7. <u>पापमा हिँडिरहने विश्वासीले ख्रीष्टको न्यायआसनमा नोक्सानी भोग्नेछ</u> (१ कोरिन्थी ३:११-१५)

योचाहिँ नयाँ नियममा अनन्त सुरक्षाको सबैभन्दा सुस्पष्ट प्रतिज्ञाहरूमध्ये एउटा हो। प्रभुलाई बेखुसी पार्ने, पापमा जिउने विश्वासीले यस संसारमा उसले गरेका उसका कामहरू जलेर जानेछन् तरैपनि ऊ आफैचाहिँ बाँच्नेछ। उसका कामहरू जल्नेछन् तर ऊ जल्नेछैन। यो ज्यादै सुन्दर सत्यता हो, तरैपनि आफ्नो सिङ्गो पार्थिव जीवन परमेश्वरको इच्छाभन्दा अरू कुरामा स्वाहा पारिनु, मसँग येशू बेसरी नाराज हुनु, उहाँको महिमाको लागि मैले कुनै इनाम नपाउनु, “स्याबास! तिमी असल र विश्वासयोग्य दास” भन्ने वचन उहाँको मुखबाट सुन्न नपाउनु -- त्यसलाई त ज्यादै ठूलो हानि मान्नुपर्छ।

## अनन्त सुरक्षा भाग ३ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. पाप गर्ने विश्वासीलाई हुने सातओटा कुरा के-के हुन्?
2. कुन पुस्तकको कुन पदले पापलाई स्वीकार गरेर नै हामी ज्योतिमा हिँड्दछौं भनेर सिकाउँछ?
3. कुन पदले पवित्र आत्मालाई शोकित नपार्नू भन्ने चेताउनी दिन्छ?
4. पवित्र आत्मालाई शोकित पार्नु भनेको के हो?
5. जब पवित्र आत्मालाई म शोकित पार्छु, तब के हुन्छ?
6. कुन पुस्तकको कुन अध्यायले परमेश्वरले आफ्ना सन्तानलाई ताडना दिनुहुन्छ भनेको छ?
7. मृत्युसम्म पुऱ्याउने पापको बारेमा कुन पुस्तकको कुन अध्यायले चेताउनी दिन्छ?
8. नयाँ नियमको कुन मण्डलीमा उनीहरूले प्रभु-भोजलाई लत्याएका हुनाले कोही-कोही चेलाहरू मरे?
9. कुन पदले मान्छेले जे छर्छ त्यसैको कटनी गर्नेछ भनेर सिकाउँछ?
10. इस्राएलीहरूले परमेश्वरलाई शङ्का गर्दा उनीहरूलाई के भयो?
11. कुन पुस्तकको कुन अध्यायले ख्रीष्टको न्यायआसनको वर्णन गर्दछ?
12. ख्रीष्टको न्यायआसनमा विश्वासीका कामहरू यदि जलेर गए भने उसलाई के हुनेछ?

# ओहोदा र अभ्यास

**कण्ठ गर्नुपर्ने पदहरू: एफेसी १:३; ५:८; हिब्रू १२:६-८**

ख्रीष्टिय जीवनमा अर्को नितान्त आवश्यक कुरा ओहोदा र अभ्यासको बीचको भिन्नता बुझ्नु अर्थात् सम्बन्ध र सङ्गतिको भिन्नता बुझ्नु हो। यहाँ भन्न खोजिएको कुरा के हो भने एकातिर परमेश्वरको सामु विश्वासी जनको एउटा नयाँ ओहोदा र सम्बन्ध छ जुनचाहिँ अनन्त र सिद्ध र अपरिवर्तनीय हुन्छ र यो पूर्णरूपमा ख्रीष्टमा आधारित छ, तर अर्कोतिर यस वर्तमान संसारमा विश्वासी जनको एउटा अभ्यास वा हिँडाइ पनि छ जुनचाहिँ सिद्धतामा पुगेको हुँदैन र योचाहिँ उसको आज्ञाकारितामा आधारित हुन्छ।

यस सत्यतालाई नबुझ्दा कैयन् ख्रीष्टियनहरू निराश बनेका छन् वा दुर्घटनाको शिकार समेत बन्न पुगेका छन्। यस्तै अनुभव प्रख्यात बाइबल टिप्पणीकार ह्यारी आइरनसाइड (Harry Ironside) लाई झण्डै भएको थियो। उसको ख्रीष्टिय जीवन साल्भेसन आर्मी (Salvation Army) को सदस्यको रूपमा निकै जोशका साथ शुरु भएको थियो। पापरहित सिद्धताको दोस्रो आशिष (second blessing) यही जीवनमा अनुभव गर्न सकिन्छ भन्ने उनीहरूको शिक्षालाई विश्वास गर्दै ह्यारी उक्त अनुभव प्राप्त गर्न अगाडि बढे। उनी उपवास बसे, प्रार्थना गरे र आफूले जसरी जानेका थिए त्यसरी यत्नसित परमेश्वरको खोजी गरे। अन्तमा उनी कुनै जङ्गलमा पसे र आवश्यक परे त्यहाँ जति समय पनि बसिरहने अठोट गरे अनि उनले भन्ठानेका दोस्रो आशिष अनुभव गरे। उनी साल्भेसन आर्मीको सभामा फर्के र आफूले "प्राप्त गरेँ" भन्दै उभिएर गवाही दिए। तर आफ्नो जीवनमा "पुरानो मान्छे" त अझै पनि रहेछ भनेर उनले चाँडै नै महसुस गरे। उनी यति निराश बने कि भताभुङ्ग मनस्थितिले गर्दा उनी अस्पतालमा भर्ना गरिए। अब उनले निर्णय गरे, म यो ख्रीष्टिय जीवनलाई बिर्सिदिन्छु किनकि यो व्यावहारिक छैन रहेछ, तर उसलाई बाइबलीय पवित्रीकरणको ठीक-ठीक शिक्षा सिकाउनलाई परमेश्वरले उसँकहाँ दुईजना विश्वासीहरू पठाउनुभयो। तब उनले आफ्नो ख्रीष्टिय जीवनलाई सही जगमाथि बसाल्न सके र ख्रीष्टको एक ज्यादै फलदायी सेवक बन्न पुगे।

**सम्बन्ध र सङ्गति**

एक विश्वासीलाई ख्रीष्टको रगतले गर्दा परमेश्वरको परिवारभित्र पुत्रको रूपमा ग्रहण गरिसकिएको छ (गलाती ३:२६) र यो सम्बन्ध कहिल्यै बदलिनेछैन। यो त ठूलो मूल्य तिरेर किनिएको वरदान हो। परमेश्वरले विश्वासीलाई आफ्नो परिवारबाट कहिल्यै निस्कासन गर्नुहुनेछैन। तर अर्कोतिर यस वर्तमान संसारमा परमेश्वरसितको सङ्गति चाहिँ म ज्योतिमा हिँडिरहेको छु वा छैन भन्ने कुरामा निर्भर रहन्छ। पहिलो यूहन्नाको पत्रको विषय नै परमेश्वरसित सङ्गतिमा हिँड्ने बारेमा हो (१ यूहन्ना १:५-७)। म अन्धकारमा हिँड्छु भने म सङ्गतिबाट बञ्चित छु, तर यसले मेरो सम्बन्धलाई बदल्दैन। परमेश्वरले आफ्ना सन्तानलाई अफाल्नुहुन्न; उहाँले तिनीहरूलाई सङ्गतिमा फर्काएर ल्याउनलाई छडी लाउनुहुन्छ (हिब्रू १२:६-१०)।

सम्बन्ध र सङ्गतिलाई मानवीय सम्बन्धहरूद्वारा छर्लङ्ग पार्न सकिन्छ। म आफ्ना बाबुआमाको परिवारमा जन्में र म परिवारमा छोरा हुँ। त्यसलाई कुनै पनि कुराले बदल्न सकेको छैन। त्यस्ता समयहरू नआएका होइनन् जब म अनाज्ञाकारी र मूर्ख बनें र मेरो बुबालाई नाराज बनाएँ र ती घडीहरूमा हाम्रो आपसी सङ्गति राम्रो थिएन। मेरो बुबाले मलाई प्रेम गरिनै रहनुभयो र मेरो सङ्गतिको निम्ति तिर्सना गर्नुभयो तर त्यो सम्भव हुनलाई मैले पश्चात्ताप नगरी हुँदैनथ्यो, उहाँलाई आदर नगरी हुँदैनथ्यो। परमेश्वरको परिवारमा पनि त्यस्तै हुन्छ।

**ओहोदा र अभ्यास, दर्जा र हिँडाइ**

यसलाई बयान गर्ने अर्को तरिका हो, ओहोदा र अभ्यास अथवा दर्जा र हिँडाइ। एफेसीको पत्रलाई विचार गर्नुहोस्।

शुरुका तीन अध्यायहरूले विश्वासीको नयाँ ओहोदा वा ख्रीष्टमा भएको उसको दर्जालाई बयान गर्दछन् जब कि आखिरी तीन अध्यायहरूले यस संसारमा उसको अभ्यास वा हिँडाइलाई बयान गर्दछन्।

एफेसी १-३ मा चाबी शब्दावली हो "ख्रीष्टमा" (एफेसी १:१,३,१०,१२,२०; २:६,१०,१३; ३:६,११)। परमेश्वरको नजरमा विश्वासी ख्रीष्टमा छ। उसलाई क्षमा गरिएको छ, धर्मी ठहराइएको छ, छुटाइएको छ, पुत्रको रूपमा ग्रहण गरिएको छ र अनन्त जीवन दिइएको छ। विश्वासीलाई "स्वर्गीय स्थानहरूमा ख्रीष्टमा सबै आत्मिक आशिषहरूले आशिषित पारिएको छ" (एफेसी १:३)। यो नयाँ ओहोदा विश्वासीका कामहरूमा आधारित छैन। यो त ख्रीष्टमा दिइएको परमेश्वरको सित्तैंको दान हो (एफेसी २:८-९)। ख्रीष्टको आफ्नै रगत यसको मूल्य थियो (एफेसी १:७)। तसर्थ, यो नयाँ ओहोदा पक्का छ, अपरिवर्तनीय छ।

अध्याय ४-६ मा विषय बदलिन्छ र अब यस संसारमा विश्वासीको अभ्यासको चर्चा गरिन्छ। चाबी शब्द छ "हिँडाइ" (एफेसी ४:१, १७; ५:२, ८, १५)। यस शब्दले ख्रीष्टिय जीवन जिउने कुरालाई जनाउँछ। विश्वासी आज्ञाकारी भई "हिँड्ने" काम यदि गर्दैन भने प्रभुसित उसको सठीक सङ्गति भइरहेको हुँदैन। ऊ पापमा हिँड्छ भने उसले प्रभुलाई बेखुसी पार्छ र अन्तरवास गर्नुहुने पवित्र आत्मालाई शोकित पार्छ (एफेसी ४:३०)। तर उसले ख्रीष्टमा भएको उसको ओहोदालाई गुमाउँदैन। त्यो त सुनिश्चित छ, पक्का र अनन्त छ।

ख्रीष्टिय जीवनका यी दुई पक्षहरूलाई एफेसी ५:८ मा सँगसँगै प्रस्तुत गरिएको देख्न सकिन्छ। "अब" [अहिले नै] विश्वासी ज्योतिको सन्तान हो। यो उसको वर्तमान सम्पत्ति र ओहोदा हो जुनचाहिँ ख्रीष्टको खर्चले किनिएको हो र विश्वासैद्वारा सित्तैंमा वरदानस्वरूप प्राप्त गरिएको हो। हामी ज्योतिका सन्तान भएका हुनाले हामी ज्योतिका सन्तानझैं हिँड्नुपर्छ। अर्को शब्दमा भन्ने हो भने, हामीले मुक्ति पाएकाले र हामीसँग अनन्त जीवन भएकोले र हामी परमेश्वरका सन्तान भएकाले हामी त्यसअनुसार हिँड्नुपर्छ।

**निष्कर्ष**

1. विश्वासीले यी कुरा बुझ्दैनन् भने, उसले पाप गर्न पुग्दा ऊ एकदम निराश बन्न सक्छ र अलमलमा पर्न सक्छ। नयाँ गरी जन्मेको परमेश्वरको सन्तानले आफ्नो मुक्ति गुमाउन सक्छ भनेर विश्वास गर्नेहरूले पवित्र शास्त्रको यस सुस्पष्ट शिक्षालाई बुझेका हुँदैनन्।

2. विश्वासीको दैनिक हिँडाइले उसको ओहोदालाई कुनै असर पार्दैन भन्दैमा उसलाई पाप गर्न कुनै बहाना छैन। हामीले यस अघिको पाठमा हेरिसक्यौं, आफ्नो प्रभुसित सङ्गतिमा नहिँड्ने विश्वासीले कत्रो भयङ्कर मूल्य चुकाउनुपर्छ। साथै हामीले यो पनि अध्ययन गरिसक्यौं, मुक्तिको स्वीकार गर्ने हरेक व्यक्ति मुक्तिको भागीदार हुन्छ नै भन्ने छैन।

## ओहोदा र अभ्यास सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. ह्यारी आइरनसाइडले कस्तो अनुभव प्राप्त गर्न खोजे?
2. परमेश्वरले उसलाई सत्यताको जगमाथि राम्ररी बसाल्न के गर्नुभयो?
3. कुन पदले एक विश्वासी उसले येशू ख्रीष्टमा विश्वास राखेको हुनाले परमेश्वरको सन्तान बन्दछ भन्ने कुरा बताउँछ?
4. पहिलो यूहन्नाको विषय के हो?
5. आफ्ना सन्तानले पाप गर्दा परमेश्वरले उनीहरूलाई के गर्नुहुन्छ?
6. मानवीय परिवारले सम्बन्ध र सङ्गतिलाई कसरी दर्शाउँदछ?
7. एफेसी १-३ को विषयवस्तु के हो?

8. ती अध्यायहरूको चाबी वाक्यांश के हो?
9. विश्वासीलाई "ख्रीष्टमा" अवस्थित गराउन कुन मूल्य तिरिनुपरेको थियो?
10. एफेसी ४-६ को विषयवस्तु के हो?
11. ख्रीष्टियनको "हिँडाइ" ले कुन कुरालाई जनाउँछ?
12. हामी ज्योतिका सन्तान ____, त्यसैले हामी ज्योतिका सन्तानझैं ______ पर्छ।
13. ठीक कि बेठीक: विश्वसीले मुक्ति गुमाउन सक्दैन, त्यसैले उसले जस्तोसुकै तरिकामा जीवन बिताए पनि फरक पर्दैन।

# व्यवस्था र नयाँ नियमको ख्रीष्टियन

**कण्ठ गर्नुपर्ने पदहरू: रोमी ३:१९-२४; ७:४; गलाती ३:१०, १३, २४-२६**

मोशाको व्यवस्थाको बारेमा र ख्रीष्टिय जीवनमा यसको स्थानको बारेमा व्यापक अलमल विद्यमान छ। ठोस बाइबलीय आधारमा उभिएर यस विषयमा आफू निश्चित हुनु हरेक विश्वासीको लागि नितान्त आवश्यक छ।

नयाँ नियमका निम्नलिखित मुख्य-मुख्य खण्डहरूले यस विषयवस्तुलाई छर्लङ्ग पार्दछन्:

**रोमी ३:१९-२४**

१. मोशाको व्यवस्था अथवा पुरानो करार, मानिसहरूलाई परमेश्वर पवित्र हुनुहुन्छ र उनीहरू पापी छन् भनेर देखाउनलाई दिइएको थियो (रोमी ३:१९)। मानिसहरू स्वभावैले आफूलाई धर्मी ठान्दछन्। उनीहरू आफूलाई परमेश्वरको सिद्ध व्यवस्थासित तुलना गर्नुको सट्टा मानवीय धार्मिकताको मानदण्डसित वा एक अर्कासित तुलना गर्दछन्। परमेश्वरको मानदण्ले नापिँदा हामी सबै पापी छौं र हामीले उहाँका व्यवस्थाहरू भङ्ग गरेका छौं भनेर मानिसहरूले देख्नु खाँचो छ।

जस्तै, दस आज्ञालाई विचार गर्नुहोस् (प्रस्थान २०:१-१७)। मानिसहरूले यी सबै आज्ञाहरूलाई भङ्ग गरेका छन्। हामीले एकमात्र साँचो परमेश्वरको स्थानमा अरू ईश्वरहरूलाई राखेका छौं (प्रस्थान २०:३)। हामीले मूर्तिहरू बनाएका छौं र तिनलाई दण्डवत् गरेका छौं (प्रस्थान २०:४-५)। हामी परमेश्वरलाई भन्दा आफूलाई बढी पूज्दछौं र सेवा गर्दछौं र फलस्वरूप आफैलाई मूर्ति बनाएका छौं। हामीले प्रभुको नाउँलाई व्यर्थमा लिएका छौं (प्रस्थान २०:७)। हामीले विश्रामदिनलाई भङ्ग गरेका छौं र सबै दिनलाई उस्तै ठानेका छौं र परमेश्वरको सेवा गर्न एक दिन समेत अलग गर्न बेवास्ता गरेका छौं (प्रस्थान २०:८)। हामीले आफ्ना बाबुआमालाई अनादर गरेका छौं, उनीहरूका आज्ञाहरूलाई तोडेका छौं (प्रस्थान २०:१२)। हामीले हत्या गरेका छौं (प्रस्थान २०:१३)। हामीले व्यभिचार गरेका छौं (प्रस्थान २०:१४)। हामीले चोरेका छौं (प्रस्थान २०:१५)। हामीले झूट बोलेका छौं (प्रस्थान २०:१६)। हामीले लोभ गरेका छौं (प्रस्थान २०:१७)।

मोशाको व्यवस्थाले सिद्ध आज्ञापालनको माग गर्छ (व्यवस्था २७:२६)। एउटा आज्ञा तोड्नु भनेको सबै तोड्नु बराबर हो (याकूब २:१०)।

परमेश्वरले व्यवस्थालाई केवल बाह्यरूपमा मात्र नभएर भित्रीरूपमा नै आज्ञापालन गर्नुपर्छ भनेर माग गर्नुहुन्छ भन्ने कुरा येशूले सिकाउनुभयो। आफ्नो दाजु वा भाइलाई घृणा गर्नु भनेको परमेश्वरको नजरमा हत्या गर्नु बराबर हो (मत्ती ५:२१-२२)। कुनै स्त्रीको अभिलाषा गर्नु भनेको परमेश्वरको नजरमा व्यभिचार गर्नु बराबर हो (मत्ती ५:२७-२८)।

यसबाट स्पष्ट हुन्छ कि हामी सबै मानिसहरू परमेश्वरको व्यवस्थालाई भङ्ग गर्ने दोषीहरू हौं र परमेश्वरको नजरमा पापीहरू हौं।

२. मोशाको व्यवस्थाले मुक्ति दिन सक्दैन (रोमी ३:२०)

पुरानो करारले मुक्ति दिन सक्दैन किनकि यसले सिद्ध पवित्रताको माग गर्छ जब कि मानिस एक पतित पापी हो र ऊ त्यसका मागहरूका मानदण्डअनुसार जिउन सक्दैन। यसर्थ, परमेश्वरको व्यवस्थाले हामीलाई श्राप मात्र दिन सक्छ। "धर्मी ठहराइनु" भन्ने शब्दावलीको अर्थ हो परमेश्वरद्वारा धर्मी भनेर घोषणा गरिनु। परमेश्वरले पापीलाई मोशाको व्यवस्थाको आधारमा धर्मी ठहराउन सक्नुहुन्न किनकि यसले सिद्ध आज्ञाकारिताको माग गर्छ।

३. मुक्ति येशू ख्रीष्टमाथिको विश्वासद्वारा पाइन्छ (रोमी ३:२१-२४)।

मुक्तिको उपाय मोशाको व्यवस्थाद्वारा होइन तर येशूद्वारा हो। पापी मर्नुपर्छ भनेर व्यवस्थाले माग गऱ्यो, र येशू हाम्रो सट्टा मर्नुभयो (रोमी ६:२३)। रगत बहाइनुपर्छ भनेर व्यवस्थाले माग गऱ्यो, र येशूले आफ्नो धर्मी रगत हाम्रा पापको सट्टाभर्नास्वरूप बहाउनुभयो (हिब्रू ९:२२)। येशूले क्रूसमा सम्पन्न गर्नुभएको कार्यले गर्दा विश्वास गर्ने पापीले विश्वासद्वारा परमेश्वरको धार्मिकता प्राप्त गर्न सक्दछ (रोमी ३:२१-२२)। विश्वासी सित्तैंमा धर्मी ठहराइन्छ। यसको अर्थ हो, मुक्ति परमेश्वरबाटको दान हो जो ख्रीष्टले किनिदिनुभयो। हामी उहाँको रगतले छुटाइन्छौं। "प्रायश्चित" शब्दको माने हो ऋण चुक्ता गरिनु, अनि येशूले हाम्रो निम्ति गरिदिनुभएको कार्य यही थियो। हामीले तिर्न नसक्ने ऋण चुक्ता गर्न उहाँले तिर्नै नपर्ने मूल्य तिरिदिनुभयो।

**रोमी ७:१-४**

१. ख्रीष्टियनको जीवन जिउने नियम व्यवस्था होइन (रोमी ७:१-२)। ख्रीष्ट हाम्रा नयाँ पति हुनुहुन्छ, अनि उहाँले हाम्रो जीवनमाथि नयाँ करार अनुसार राज्य गर्नुहुन्छ। हाम्रो जीवनको नियम मोशाको व्यवस्था होइन तर नयाँ नियम शास्त्रहरूमा प्रकट गरिनुभएको ख्रीष्ट स्वयम् हाम्रो नियम हुनुहुन्छ। पुरानो व्यवस्था अन्तर्गत रहेर परमेश्वरको सेवा गर्न खोज्नुचाहिँ एउटा स्त्रीजस्तै बन्नु हो जसले आफ्ना पतिलाई डरकै कारणले मात्र सेवा गर्छिन्। तिनले पकाउँछिन्, घर सफा गर्छिन् किनकि तिनी डराउँछिन्। नयाँ व्यवस्था अन्तर्गत रहेर परमेश्वरको सेवा गर्नुचाहिँ एउटी अर्कै स्त्रीजस्तो बन्नु हो जसले आफ्ना पतिलाई प्रेमको कारणले सेवा गर्छिन्। तिनले आफ्ना स्वामीका लागि पकाउँछिन्, घर सफा गर्छिन्, नत्र भने पतिले के गर्नुहोला भन्ने डरले होइन, तर बरु यस कारणले कि पतिले तिनलाई प्रेम गर्छन् र तिनलाई यति असल व्यवहार गर्छन् कि तिनले पनि साटोमा उनलाई प्रेम गर्छिन्।

२. मोशाको व्यवस्थाले विश्वासीलाई दोषी ठहराउन सक्दैन (रोमी ७:३)। विश्वासी व्यवस्थाका निम्ति मरिसकेको छ जसरी एउटी स्त्री तिनकी मृत पतिका निम्ति मरिसकेकी हुन्छे। प्रभु येशू ख्रीष्टले क्रूसमाथि हाम्रो दण्डाज्ञा आफैमाथि लिनुभयो र हामी अनन्त दण्डको सबै डरदेखि उहाँमा सुरक्षित भएका छौं।

३. ख्रीष्टियनको एउटा नयाँ सामर्थ्य छ जोचाहिँ उसभित्र अन्तरवास गर्नुहुने पवित्र आत्मा हुनुहुन्छ (रोमी ७:६; ८:१)। विश्वासीले ख्रीष्टको सेवा पवित्र आत्माद्वारा गर्दछ, आफ्नै शक्तिद्वारा होइन। तुलना गर्नुहोस्: गलाती २:२०।

**२ कोरिन्थी ३:५-१८**

यस खण्डले पुरानो करारलाई नयाँसित तुलना गर्दछ।

१. पुरानो करारचाहिँ मोशाको व्यवस्था थियो (२ कोरिन्थी ३:७; १३)। त्यो "ढुङ्गाहरूमा लेखिएको र खोपिएको थियो"। यसले विशेष गरी दस आज्ञालाई जनाउँछ (व्यवस्था ४:१३; ५:६-२२)।

२. पुरानो करार मृत्युको सेवा थियो (२ कोरिन्थी ३:७), र दोषी ठहराउने सेवा थियो (२ कोरिन्थी ३:९)। यसो हुनुको कारण यो थियो कि त्यसले हृदयदेखि सिद्ध आज्ञापालनको माग गर्थ्यो अनि हामी पापी भएकाले त्यस मानदण्डअनुसार आज्ञापालन गर्न असक्षम थियौं।

३. पुरानो करार ख्रीष्टमा मेटिएर गएको छ (२ कोरिन्थी ३:११)। विश्वासीको जीवनको नियम त्यो होइन।

४. विश्वासीको नयाँ व्यवस्था छ (२ कोरिन्थी ३:१७-१८)। विश्वासी मोशाको व्यवस्थामुनि छैन भन्दैमा हाम्रो कुनै व्यवस्था नै छैन भन्ने होइन। वास्तवमा, हामीसित अझ उच्च व्यवस्था छ। त्यो हो ख्रीष्टको व्यवस्था। हामी उहाँको स्वरूपमा ढालिन्छौं (रोमी ८:२९)। पवित्र शास्त्रमा उहाँलाई हेर्दै जाने क्रममा हामी उहाँको स्वरूपमा बदलिँदै जान्छौं।

**गलाती ३:१०-१४, २४-२६**

१. मोशाको व्यवस्था, अथवा पुरानो करारले सबै कुरामा सिद्ध आज्ञापालनको माग गऱ्यो; त्यसैले मानिसहरू त्यसद्वारा मुक्ति पाउन सक्दैनन् (गलाती ३:१०-१२)। त्यसले सिद्ध पवित्रताको माग गरेकोले त्यसले पतित पापीमाथि श्राप मात्र ल्याउन सक्दछ। हामी त्यसका पवित्र मागहरूको नापअनुसार जिउन सक्दैनौं।

२. व्यवस्थाले माग गरेको सजायँ ख्रीष्टले भोगिदिनुभयो (गलाती ३:१३)। हामीलाई अनन्त मुक्ति प्रबन्ध गर्नलाई पापीको सट्टामा उहाँ मर्नुभयो।

३. ख्रीष्टकहाँ डोऱ्याउनलाई मोशाको व्यवस्था हाम्रो शिक्षक भएको छ (गलाती ३:२४)। व्यवस्थाको मुख्य उद्देश्य यही हो। पापीलाई उसको पतित र हराएको अवस्था देखाउनलाई र उसले आफ्नो विश्वास ख्रीष्टमाथि राखोस् भनेर नै परमेश्वरले व्यवस्था दिनुभएको हो।

४. विश्वासी मोशाको व्यवस्थाको अधीनमा राखिएको छैन (गलाती ३:२५)। विश्वासीको व्यवस्था मोशाको व्यवस्था होइन। विश्वासीको नयाँ व्यवस्था छ र त्यो हो ख्रीष्टको व्यवस्था। यसको माने हो ख्रीष्टको स्वरूपमा बदलिनु। विश्वासीको नयाँ व्यवस्थालाई आत्माको व्यवस्था पनि भनिएको छ (गलाती ५:१६-१८)। आत्मामा हिँडेर अर्थात् पवित्र आत्माको आज्ञापालन गरेर र दिन प्रति दिन उहाँमा आत्मसमर्पण गरेर विश्वासी जन शरीरको व्यवस्था पूरा गर्नदेखि बचाइन्छ।

**कलस्सी २:१३-१७**

१. ख्रीष्टले पुरानो करार अर्थात् मोशाको व्यवस्थालाई हटाइदिनुभयो (कलस्सी २:१४)। त्यसका मागहरू पूरा गर्नुभई र त्यसलाई हामीले भङ्ग गरेको बापत त्यसको मूल्य तिर्नुभएर नै उहाँले व्यवस्थालाई हटाइदिनुभयो।

२. विश्वासीले पुरानो करार पछयाउँदैन (कलस्सी २:१६-१७)। व्यवस्थाभित्र प्रतीक र छायाँहरू रहेका छन् जसले ख्रीष्टलाई औंल्याउँछन्, तर विश्वासीसित त स्वयम् ख्रीष्ट नै हुनुहुन्छ।

## व्यवस्था र नयाँ नियमको ख्रीष्टियन सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. यस पाठमा हामीले अध्ययन गरेका नयाँ नियमका पाँचओटा प्रमुख खण्डहरू कुन-कुन थिए? (कुन पुस्तक, कुन अध्याय)
2. मोशाको व्यवस्थाको उद्देश्य के हो?
3. कुन पदले परमेश्वरको एउटा आज्ञा तोड्नु सबै आज्ञाहरू तोड्नु बराबर हो भनेर बताउँछ?
4. कुन पुस्तक र अध्यायमा येशूले घृणा गर्नु हत्या गर्नु बराबर र अभिलाषा गर्नु व्यभिचार गर्नु बराबर हो भनेर बताउनुभयो?
5. मोशाको व्यवस्थाद्वारा मान्छेले मुक्ति पाउन किन सक्दैन?
6. कुन पदले रगत नबहाईकन पाप क्षमा हुँदैन भन्ने कुरा बताउँछ?
7. विश्वासी "सित्तैंमा" धर्मी ठहरिन्छ भन्ने बाइबलको भनाइको माने के हो?
8. विश्वासीको जीवनको नियम के हो?
9. पुरानो व्यवस्थाले विश्वासीलाई दोषी ठहराउन किन सक्दैन?
10. विश्वासीले कुन सामर्थ्यले परमेश्वरको सेवा गर्दछ?
11. पुरानो करार के थियो?
12. पावलले "ढुङ्गाहरूमा लेखिएको र खोपिएको" भनेर बयान गरेको कुरा के हो?

13. मोशाको व्यवस्था किन दोषी ठहराउने सेवा र मृत्युको सेवा हो?
14. विश्वासीको व्यवस्था के हो?
15. पुरानो व्यवस्थाले कस्तो किसिमको आज्ञापालनको माग गर्छ?
16. मोशाको व्यवस्था हामीलाई ख्रीष्टकहाँ ल्याउने हाम्रो _______ हो।
17. मोशाको व्यवस्थाको प्रमुख उद्देश्य के हो?
18. आत्माको व्यवस्था के हो?
19. ख्रीष्टले मोशाको व्यवस्थालाई कसरी हटाउनुभयो?
20. मोशाको व्यवस्थामा ख्रीष्टलाई दर्शाउने ______हरू र ______हरू छन्।

# झूटो बोली

**कण्ठ गर्नुपर्ने पदहरू: लेवी १९:११; भजनसङ्ग्रह ५८:३; १०१:७; हितोपदेश १२:२२; २६:२४; यूहन्ना ८:४४; एफेसी ४:२५; प्रकाश २१:८**

1. झूट बोल्नु भनेको असत्य कुरा बोल्नु हो। झूट बोल्नु सत्य बोल्नुको उल्टो हो (एफेसी ४:२५)। यसको माने छल्नु, झुक्याउनु, बेइमान गर्नु, ठग्नु, झूटो कसम खानु हो। हेर्नुहोस्: भजनसङ्ग्रह २४:४; १२०:२; हितोपदेश २४:२८; १ पत्रुस ३:१०। झूट बोल्ने काम ठग्ने र चोर्ने कामसित आवद्ध छ किनकि त्यो पनि अन्धकारको उस्तै काम हो (लेवी १९:११; भजनसङ्ग्रह १०:७)। झूट बोल्ने काम घृणासित आवद्ध छ किनभने मैले यदि कसैलाई प्रेम गर्दछु भने म उसित झूट बोल्नेछैन (हितोपदेश २६:२२-२६)। झूट बोल्ने मानिसमाथि भर पर्न सकिन्न।

2. झूट बोल्ने काम शैतानबाट शुरु भएको हो (यूहन्ना ८:४४)। झूट बोल्नेहरूले शैतानको चरित्रलाई दर्शाउँदैछन् र उसकै पाइला पछयाउँदैछन्।

3. झूट बोल्ने स्वभाव मानव जातिमा त्यसबेला प्रवेश गऱ्यो जब मानिसले परमेश्वरको विरुद्धमा पाप गऱ्यो; उसको हृदय अँध्यारो भयो र छलले भरियो (रोमी १:२८-२९; भजनसङ्ग्रह ५८:३; यर्मिया १७:९)। दुष्ट मानिसहरूको एउटा मुख्य अवगुण उनीहरूको झूटो बोली हो (भजनसङ्ग्रह १०:४-७; ३६:१-३)।

4. मूर्तिपूजा झूट हो अनि मानिसहरूले साँचो परमेश्वरलाई इन्कार गरेकाले आफैलाई धोका दिएका छन् र त्यसैले उनीहरू मूर्तिपूजा गर्दछन् (यशैया ४४:१८-२०)।

5. परमेश्वरको व्यवस्थाले झूट बोल्न प्रतिबन्ध लगाएको छ (लेवी १९:११)। झूट बोल्ने काम परमेश्वरको विरुद्धमा हो किनकि त्यो उहाँको गुणको विपरित काम हो किनकि उहाँ सत्यको परमेश्वर हुनुहुन्छ (व्यवस्था ३२:४)। चारपटक पवित्र आत्मालाई "सत्यको आत्मा" भनिएको छ (यूहन्ना १४:१७; १५:२६; १६:१३; १ यूहन्ना ४:६)। परमेश्वरले झूट बोल्न सक्नुहुन्न (तीतस १:२)।

6. झूट बोल्नु सानो पाप होइन; झूट बोल्ने कामलाई परमेश्वर घृणा गर्नुहुन्छ र त्यसको निम्ति सजायँ दिनुहुन्छ (भजनसङ्ग्रह १०१:७; प्रकाश २१:८; २२:१५)।

7. परमेश्वरको व्यवस्था उहाँको पवित्रतालाई र मानिसको पापी अवस्थालाई प्रकट गर्न र पापीलाई ख्रीष्टकहाँ डोऱ्याउनलाई दिइएको थियो (१ तिमोथी १:९-११; रोमी ३:१९-२४; गलाती ३:२४-२५)।

8. शुभ-समाचार यो हो कि परमेश्वरले मानिसहरूलाई मुक्ति प्रदान गर्नुभएको छ। येशू मानिसहरूलाई दोषी ठहऱ्याउनलाई होइन तर उनीहरूको पापबाट बचाउनलाई आउनुभयो (यूहन्ना ३:१७-१८)। येशू ख्रीष्टको सुसमाचारमा विश्वासीले पापको पूरै क्षमा र अनन्त जीवन पाउँदछ (एफेसी १:६-७)।

9. हामी ख्रीष्टमा आएपछि हामीले पवित्र आत्मालाई र ख्रीष्टको स्वभावलाई प्राप्त गर्दछौं अनि हामीलाई पुरानो पापपूर्ण मान्छेलाई फाल्न र नयाँ धर्मी मानिसलाई पहिरन आज्ञा दिइएको छ (एफेसी ४:२०-२४)। हामीलाई सिकाइएको पहिलो कुरा नै झूटलाई फाल्नु हो (एफेसी ४:२५)। पुरानोलाई फाल्ने र नयाँलाई पहिरने यो प्रक्रियाचाहिँ "मनको आत्मामा नयाँ हुँदै" गएर (एफेसी ४:२३) गरिन्छ भन्ने कुरालाई ध्यान दिनुहोस्। रोमी १२:१-२ सित तुलना गर्नुहोस्। यो परमेश्वरको वचनको सामर्थ्यले हुने कुरा हो (एफेसी ५:२६; हिब्रू ४:१२; प्रेरित २०:३२)। हामी जब बाइबल पढ्छौं, त्यसलाई कण्ठ गर्छौं, प्रचारिएको र सिकाइएको वचन सुन्छौं र

बाइबलका शब्दहरूलाई मनन गर्छौं तब परमेश्वरको आत्माले हामीलाई पवित्र हुन र त्यस दिशातर्फ उन्मुख हुन सामर्थ्यवान् तुल्याउनलाई त्यस ईश्वरीय बुद्धिलाई प्रयोग गर्नुहुन्छ।

10. धार्मिकतामा हिँडिरहेको धर्मी जनले आफूमाथि समस्या आइपर्ने भए तापनि र आफूले व्यक्तिगत हानि भोग्नुपर्ने भए तापनि सत्य बोल्नेछ (भजनसङ्ग्रह १५:४)। आफूहरू आगोको भट्टीमा फालिने भन्ने कुरा जानेर पनि शद्रक, मेशक र अबेदनेगोले सत्य नै बोले (दनियल ३:१६-१८)। तर आफ्नो ज्यानको मायाले दाऊदले पूजाहारी अहिमेलेकसित झूट बोले (१ शमूएल २१:१-२, ८-९)। अहिलेमेकले दाऊदलाई सहायता गरे किनकि उनले दाऊदको झूटलाई विश्वास गरे र उनी साँच्ची नै शाऊलको काममा हिँडेका हुन् भनी ठाने। फलस्वरूप अहिमेलेक लगायत नोबका सबै पूजाहारीहरू मारिए (१ शमूएल २२:९-१९)।

11. विश्वासी जनले जब पाप गर्दछ तब परमेश्वरसितको उसको सङ्गति टुट्न जान्छ र त्यो सङ्गति स्वीकारद्वारा पुनःस्थापित गरिन्छ (१ यूहन्ना १:६-९)। यसको मतलब मैले गरेको काम पाप थियो भनेर म परमेश्वरसित सहमत हुनुपर्छ। स्वीकार गर्ने काम पापलाई लुकाउने काम र त्यसको निम्ति बहानाहरू बनाउने र परिस्थितिलाई दोष्याउने र अरूहरूलाई दोष्याउने कामको उल्टो हो। साँचो विश्वासी परमेश्वरको सन्तान हो र परमेश्वरसितको उसको यो सम्बन्धलाई उसले गुमाउन सक्दैन किनभने ख्रीष्टमा उसले अनन्त जीवन पाएको हुन्छ, तर परमेश्वरसितको उसको मीठो सङ्गति भने उसले यस वर्तमान संसारमा गुमाउन सक्दछ।

12. ख्रीष्टिय जीवनमा मृत्युसम्म पुऱ्याउने पाप भन्ने कुरा पनि हुन्छ (१ यूहन्ना ५:१७), अनि यस्तो पापको एउटा उदाहरण झूट बोल्ने पाप हो। हनानिया र सफिराले मण्डली अगुवाहरूसित झूट बोलेकाले र कपटी व्यवहार गरेकाले मरे (प्रेरित ४:३४ - ५:५)। उनीहरूले प्रभुको कामको लागि भनेर आफ्नो जग्गा बिक्री गरेर मण्डलीलाई पैसा दिए। उनीहरूले आम्दानीको केही अंश आफ्नो निम्ति राख्ने निर्णय गरे, तरैपनि विश्वासीहरूका सामु एकदम आत्मिक देखिनलाई आफूहरूले सबै रकम दिँदैछौं भन्ने कुरा अगुवाहरूसित गरौं भनेर उनीहरूले आपसमा सल्लाह गरे। उनीहरू बर्नबासले जस्तै सुनाम कमाउन चाहन्थें तर उनीहरूको सुनाम झूट थियो। पैसाको केही भाग आफूसित राखेर उनीहरूले पाप गरेका होइनन् किनकि त्यो पैसा उनीहरूकै थियो र त्यसलाई उनीहरूले चाहे जस्तै चलाउन सक्थे (प्रेरित ५:४)। उनीहरूको पाप चाहिँ परमेश्वरसित झूट बोल्नु थियो। उनीहरूले परमेश्वरसित कहिले झूट बोले? उनीहरूले परमेश्वरसित झूट त्यतिबेला बोले जुनबेला उनीहरूले मण्डलीसित झूट बोले किनकि मण्डली परमेश्वरको घर हो (१ तिमोथी ३:१५)।

13. झूटो बोली झूटा शिक्षकहरूको एउटा कुचरित्र हो (२ तिमोथी ३:१३)। तर परमेश्वरका सेवकहरू इमानदार र सीधा चालको हुनुपर्छ (प्रेरित ६:३; २ कोरिन्थी ४:१-२; १ थेस्सलोनिकी २:३)। ख्रीष्टका राजदूतहरूको हैसियतले हामीले यस अन्धकारपूर्ण संसारमा उहाँको सत्यवादी चरित्रलाई दर्शाउनुपर्दछ।

## झूटो बोली सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. झूट बोल्नु भनेको के हो?
2. झूट बोल्ने काम ठग्ने र चोर्ने कामसित कसरी आवद्ध छ?
3. झूटो बोली कहाँ शुरु भयो?
4. झूटो बोली मानव जातिमा कहिले र कसरी प्रवेश गऱ्यो?
5. मानिसहरू किन मूर्तिलाई पूज्छन्?
6. परमेश्वरको व्यवस्थाको कुन पदले झूट बोल्ने काममाथि प्रतिबन्ध लगाएको छ?
7. परमेश्वरले झूट बोल्न सक्नुहुन्न भन्ने कुरा कुन पदले बताउँछ?
8. झूट बोल्ने सबैको भाग अग्निकुण्डमा हुनेछ भनेर कुन पदले बताउँछ?
9. परमेश्वरको व्यवस्थाको उद्देश्य के हो?

10. यदि सबै मानिसहरूले झूट बोलेका छन् र यदि परमेश्वरले झूट बोल्ने सबैलाई अग्निकुण्डमा सजायँ दिनुहुन्छ भने, मानिसको लागि त्यहाँ के आशा छ त?
11. ख्रीष्टिय जीवनमा पापमाथि विजयी बन्ने उपाय के हो?
12. उनीहरू सत्य बोलेको कारण मारिन सक्छन् भन्ने जानेर पनि पछि नहटेका तीनजना यहूदीहरूको उदाहरण कुनचाहिँ हो?
13. विश्वासी जनले पाप गर्दा के हुन्छ?
14. पाप गर्ने ख्रीष्टियनले परमेश्वरसितको आफ्नो सङगतिलाई कसरी पुन:स्थापित गर्न सक्छ?
15. हनानिया र सफिरा किन मारिए?
16. ख्रीष्टका सेवकहरू किन इमानदार हुनुपर्छ?

# ख्रीष्टिय हुर्काइ र विजयी जीवन

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: २ पत्रुस १:५-९**

ख्रीष्टिय जीवनमा यो जत्तिकै महत्त्वपूर्ण विषय कमै होलान्। यथार्थमा, हरेक नयाँ विश्वासीलाई आफूभित्र पापको समस्या किन अझै विद्यमान छ र यसको सामना कसरी गर्ने होला भन्ने कुराले ताजुप बनाउँछ। यी पाठहरूमा हामी यही प्रश्नको जवाफ दिनेछौं।

**परिचय**

1. जब कुनै व्यक्ति मुक्तिको निम्ति ख्रीष्टकहाँ आउँछ, परमेश्वरले उसलाई नयाँ गरी जन्माउनुहुन्छ र उसलाई एउटा पवित्र स्वभाव दिनुहुन्छ, तरैपनि पुरानो पाप स्वभाव ऊसँगै रहिरहेको हुन्छ। यसलाई "पुरानो मानिस" भनिन्छ। यसैको कारण नयाँ नियमभरि नै विश्वासीहरूलाई पापलाई फाल्न शिक्षा दिइएको छ (जस्तै, १ पत्रुस २:१)। नयाँ नियमका सबै पत्रहरूमा ख्रीष्टिय जीवनमा पापको निरन्तर उपस्थितिलाई स्वयंसिद्ध तथ्यको रूपमा मानिलिइएको छ। पाप यदि कुनै रीतिले निर्मूल पारिसकिएको भए त्यसको सामना गर्नुपर्ने आवश्यकताको बारेमा पत्रहरूमा जहातहीँ बताइँदैनथ्यो। पाप यदि निर्मूल पार्न सकिने भएको भए सो कसरी गरिन्छ भनेर नयाँ नियममा बयान गरिनुपर्थ्यो अनि उक्त अनुभवलाई पाप समस्याको उपायको रूपमा जहाँतहीँ प्रस्तुत गरिनुपर्थ्यो। तर नयाँ नियममा त्यस्तो प्रस्तुति पाइँदैन। बरु त्यहाँ विश्वासीको जीवनमा एउटा आत्मिक द्वन्द्व चलिरहेको बयान भेट्टाउँछौं। शरीर आत्माको विरोधमा लडाइँ गरिरहेको छ; पुरानो मानिस नयाँ मानिसको विरोधमा लडाइँ गरिरहेको छ।

2. ख्रीष्टिय जीवनमा आत्मिक विजयको त्यस्तो कुनै एउटै गोप्य उपाय वा चाबी भन्ने छैन। थुप्रै "चाबीहरू" का प्रस्ताव नआएका होइनन्, जस्तै पवित्र आत्माको बप्तिस्मा, दोस्रो आशिष, क्रूसीकृत जीवन। यदि विश्वासीलाई विजयी बनाउने त्यस्तो कुनै एउटै कुरा भएको भए, नयाँ नियमको प्रत्येक पत्रमा त्यो उल्लेख गरिनुपर्थ्यो। जस्तै, पावलले कोरिन्थीहरूलाई उनीहरूको पापबाट सुधार्न पत्र लेख्दा उनले पूरै पत्रमा उक्त "चाबी" को व्याख्या गर्नुपर्थ्यो। तर पावलले त फरक-फरक कुरालाई सम्बोधन गरे। एफेसीको पत्रमा पनि यस्तै पाउँछौं। अध्याय ४-६ ख्रीष्टिय जीवन सम्बन्धीको एउटा लेख हो, अनि एउटै "गोप्य उपाय" को सट्टामा पावलले अनेक किसिमका विषयहरूलाई सम्बोधन गरेका छन्, जस्तै पुरानो मानिसलाई फाल्ने र नयाँ मानिसलाई पहिरने (४:२२-२४), पवित्र आत्मालाई शोकित नपार्ने (४:३०), खराबसित कुनै सङ्गति नगर्ने (एफेसी ५:११), होशियारसित हिँड्ने (५:१५), समय खेर नफाल्ने (५:१६), प्रभुलाई सधैं धन्यवाद चढाउने (५:२०), पत्नीहरू आफ्ना पतिहरूको अधीनमा बस्ने र पतिहरूले आफ्ना पत्नीहरूलाई प्रेम गर्ने (५:२२-२३), र परमेश्वरको सारा हतियारहरू धारण गर्ने (६:१०-१८)।

3. ख्रीष्टिय हुर्काइ र आत्मिक विजयको सम्बन्धमा सामान्यतयाः समावेश गरिने प्रार्थना र मण्डली जस्ता विषयहरूलाई तिनका छुट्टाछुट्टै खण्ड अन्तर्गत चर्चा गरिनेछ।

4. २ पत्रुस १:३-११ मा ख्रीष्टिय हुर्काइको सम्बन्धमा विभिन्न महत्त्वपूर्ण सत्यताहरू देख्दछौं:

    1) ख्रीष्टिय हुर्काइ परमेश्वरको प्रशस्तमय मुक्तिको प्रतिफल हो (२ पत्रुस १:३)। मुक्ति पाएकै घडीमा ऊ बढ्न र फलदायी बन्न विश्वासीलाई आवश्यक पर्ने सबै कुराहरू दिसकिएका हुन्छन्। उसले केवल तिनलाई प्रयोगमा ल्याउनुपर्छ।

2) ख्रीष्टिय हुर्काइ आफ्नो विश्वासमाथि केही कुरा थप्दै जाने प्रक्रिया हो (२ पत्रुस १:५-७)। मुक्ति पाएको घडीमा हामीसँग केवल एउटा मात्र कुरा हुन्छ - त्यो हो विश्वास। ख्रीष्टिय जीवन उक्त विश्वासमा हरेक असल कुरा थप्दै जाने प्रक्रिया हो।

3) ख्रीष्टिय हुर्काइ तत्कालै हुने कुरा होइन; यो रातारात हुने कुरा होइन। विश्वासीसित एक्कासी सिद्ध गुण, सिद्ध धैर्यता, सिद्ध प्रेम हुँदैन। हुर्काइ क्रमिक रूपले हुने कुरा हो। बच्चा दैनिक रूपमा बढ्दै गएको देख्न सकिन्न। त्यसैले हामीलाई विश्वास र धैर्यताको खाँचो पर्छ। हामी लगातार लागिरहनु पर्छ। ख्रीष्टिय जीवनमा सबभन्दा महत्त्वपूर्ण गुणहरूमध्ये एउटा यही हो। यसलाई ख्रीष्टसितको हिँडाइको रूपमा बयान गरिएको छ (गलाती ५:१६; एफेसी ५:८; १ यूहन्ना १:७)। यो भनेको पाइला-पाइला, दिन-दिनको कुरो हो; ख्रीष्टिय जीवन एउटा उफ्रने काम वा उड्ने काम नभएर एउटा हिँड्ने काम हो।

4) ख्रीष्टिय हुर्काइका लागि "सबै यत्न" चाहिन्छ (२ पत्रुस १:५)। मनतातो ख्रीष्टियन बढ्न सक्दैन। ऊ बच्चै रहन्छ र उसले मण्डलीमा समस्या ल्याइरहन्छ र परमेश्वरको कामलाई अघि बढाउनुभन्दा त्यसलाई बाधा दिन्छ। उहाँ मनतातोपनलाई घृणा गर्नुहुन्छ भनेर येशूले भन्नुभयो (प्रकाश ३:१५-१६)।

5) ख्रीष्टिय हुर्काइको पथ र प्रक्रिया वैयक्तिक हुन्छ भन्ने कुराको सङ्केत "आफ्नो" भन्ने शब्दले दिन्छ (२ पत्रुस १:५-७)। हामीले आफूलाई एक-अर्कासित दाँजेर नापजोख गर्न सक्दैनौं; हाम्रा आफ्ना-आफ्नै बाधा-अड्चन हुन्छन्, हामीले आफ्नो-आफ्नो ख्रीष्टिय जीवनभित्र फरक-फरक आत्मिक तथा नैतिक पृष्ठभूमि हुलेका हुन्छौं।

6) ख्रीष्टिय हुर्काइ नयाँ व्यवस्था अर्थात् ख्रीष्टअनुसार जिउनु हो (२ पत्रुस १:५-७)। ५ देखि ७ पदहरूले ख्रीष्टको बयान गर्दछन्। उहाँ प्रत्यक्ष रूपमा यी सबै कुरा हुनुहुन्छः सद्गुण, ज्ञान, संयम, धैर्य, भक्ति, भाइभाइको माया, र प्रेम। ख्रीष्टिय जीवनको लक्ष्य भनेको "ख्रीष्टको परिपूर्णतारूपी कदको नापसम्म" (एफेसी ४:१३) आइपुग्नु हो।

7) ख्रीष्टिय हुर्काइको निम्ति धैर्य चाहिन्छ (२ पत्रुस १:६)। ख्रीष्टिय जीवनमा यो सबैभन्दा महत्त्वपूर्ण कुराहरूमध्ये एउटा हो। धैर्य नभई हुँदैन किनकि हुर्काइ एक प्रक्रिया हो अनि त्यहाँ थुप्रै परीक्षाहरू, बाधाहरू र बैरीहरू छन्। तपाईं लागेको लागै गर्नुपर्छ, प्रभुसँग हिँडेको हिँडै गर्नुपर्छ, उहाँमाथि भरोसा गरिरहनुपर्छ, प्रार्थना गरिरहनैपर्छ, बाइबल पढिरहनैपर्छ, मण्डली सभा धाइरहनैपर्छ र उहाँको आज्ञापालन गरिरहनैपर्छ।

8) ख्रीष्टिय हुर्काइ फलदायी जीवनको ग्यारेन्टी हो (२ पत्रुस १:८)। ख्रीष्टमा बढ्दै जानलाई प्रयत्न गर्न इच्छुक बन्ने हरेक विश्वासीले यस वर्तमान जीवनमा नै असल फल र आशिष पाउन सक्छ।

9) कुनै विश्वासी बढिरहेको छैन भने ऊ पछि हट्दैछ (२ पत्रुस १:९)। यो भनेको नदीको धारको विपरित दिशामा उँभो-उँभो नाउ खियाउनुजस्तै हो। बहना खियाउन्जेल प्रगति हुन्छ, तर खियाउन छोड्नेबित्तिकै नदीले उँधो-उँधो बगाउन थालिहाल्छ। त्यसैगरी विश्वासी पनि आत्मिक रूपमा अचल रहन सक्दैन। उसले भन्न सक्दैन, "म जहाँसम्म आइपुगेको छु म यसैमा सन्तुष्ट छु, त्यसैले म आफ्नो ख्रीष्टिय जीवनको यही तहमा रहिरहन्छु"। हामी अगाडि बढिरहनैपर्छ, नत्र हामी पछि हट्नेछौं।

10) पछिहटाइले विश्वासीलाई टाढा देख्न नसक्ने र बिर्सने बनाउँछ (२ पत्रुस १:९)। ऊ यस संसारका फिक्री र अभिलाषाले भरिन्छ र उसले अनन्तताको बारेमा विचार गर्दैन। उसका आँखा ख्रीष्टमा भन्दा मान्छेमा हुन्छ। उसले महत्त्वपूर्ण कुराहरू बिर्सन्छ र महत्त्वहीन कुराहरूमा आफ्नो ध्यान लगाउँछ। पछि हटेको अवस्था एउटा खेदपूर्ण र फलहीन अवस्था हो।

11) ख्रीष्टिय हुर्काइले मुक्ति दिलाउँदैन, तर यसले निजको मुक्तिलाई प्रमाणित गर्दछ (२ पत्रुस १:१०)। पत्रुसले २ पत्रुस १:१० मा दिएको चुनौती र पावलले २ तिमोथी २:१९ मा र याकूबले २:१७-१८ मा दिएका चुनौती एउटै हुन्। ख्रीष्टलाई स्वीकार गर्ने तर उहाँको निम्ति नजिउनेहरूसित "मैले मुक्ति पाएको छु" भनेर दावी गर्ने कुनै बाइबलीय अधिकार छैन।

12) ख्रीष्टिय हुर्काइको प्रतिफल मुक्ति होइन, तर इनाम हो (२ पत्रुस १:११)। हुर्काइले हामी स्वर्गमा पुग्नेछौं भनेर पत्रुसले यहाँ सिकाइरहेका छैनन्। हुर्काइले र ख्रीष्टको सेवा गराइले हामीले स्वर्गमा सम्पत्तिहरू थुपार्दछौं भन्ने उनको तात्पर्य हो। तुलना गर्नुहोस्, १ तिमोथी ६:१९।

## ख्रीष्टिय हुर्काइ र विजयी जीवन भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. पापको पुरानो स्वभावको अर्को नाउँ के हो?
2. यदि कुनै तरिकाले पापलाई निर्मूल पार्न सकिने हुँदो हो त, नयाँ नियमले सो कसरी ______ भनेर बताउनेथियो र उक्त _______ लाई नयाँ नियमका पुस्तक-पुस्तकमा पापको समस्याको _______को रूपमा प्रस्तुत गरिनेथ्यो।
3. कुन पुस्तकको कुन अध्यायमा विश्वासीले आफ्नो विश्वासमा उसले कसरी थप्दै जानुपर्छ भन्ने कुरा सिकाइएको छ?
4. ख्रीष्टिय जीवनको एउटा अति महत्त्वपूर्ण सद्गुण के हो?
5. ख्रीष्टिय जीवन ________ होइन, न ता ________, तर ________ हो।
6. बढ्नलाई प्रयत्न गरिएन भने ख्रीष्टियनलाई के हुनेछ?
7. विश्वासीको नयाँ व्यवस्था के हो?
8. विश्वासी बढ्दै गरेको छैन भने ऊ _________।
9. ख्रीष्टिय जीवन नदीको उँभो-उँभो डुङ्गा खियाउनुजस्तै कसरी हो?
10. ख्रीष्टिय जीवनमा पछि हट्ने कामले के ल्याउँछ?
11. ख्रीष्टिय जीवनमा बढ्ने कार्यले मुक्ति दिँदैन तर यसले एकजनाले मुक्ति पाएको छ भनेर ____________।
12. ख्रीष्टिय जीवनमा बढ्ने कार्यले _________ दिँदैन तर यसले __________ दिलाउँछ।

# ख्रीष्टिय हुर्काइ र विजयी जीवन

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: यूहन्ना १५:४; एफेसी ४:२२-२४; फिलिप्पी ३:१३-१४; १ यूहन्ना १:९**

ख्रीष्टिय हुर्काइका "चाबीहरू" नयाँ नियमभरि पाइन्छन् तर तल उल्लेखित बुँदाहरू तीमध्येमा केही प्रमुख हुन्। यस पाठमा हामी पहिलो चारओटालाई हेर्नेछौं: ख्रीष्टमा रहनु, पुरानो मानिसलाई फाल्नु र नयाँ मानिसलाई पहिरहनु, पाप स्वीकार गर्नु र निशानातिर दगुर्नु।

### ख्रीष्टमा रहनु (यूहन्ना १५:१-१०)

साँचो ख्रीष्टिय जीवन एउटा धर्म होइन। यो केवल नियमहरू र रीतिहरूको सँगालो होइन; यो त बौरिउठ्नुभएको ख्रीष्टसितको व्यक्तिगत सम्बन्ध हो। उहाँलाई व्यक्तिगत रूपमा चिन्नेहरू र उहाँसित दिनदिनै सङ्गति गर्दै हिँड्नेहरू, उहाँको सेवा गर्नेहरू र उहाँबाट सिकिरहनेहरूले नै आत्मिक विजयको अनुभव गरिरहेका हुन्छन्। यसैलाई "ख्रीष्टमा रहनु" भनिन्छ। यदि विश्वासीले ख्रीष्टलाई बिर्सन्छ र ख्रीष्टसितको वास्तविक सङ्गतिबाट अलग भएर जीवन बिताउँछ भने ऊ आत्मिक खतरामा हुन्छ।

यूहन्ना १५:१-१० मा येशूले फल फलाउनु (पद २), अझ फल फलाउनु (पद २) र धेरै फल फलाउनु (पद ८) नै विश्वासीको निम्ति परमेश्वरको इच्छा हो भन्ने कुरालाई जोड दिनुभयो। हामी बढिरहेको हुनुपर्छ र यो बढ्ने कामचाहिँ ख्रीष्टमा रहने कामको प्रतिफल हो।

उहाँको वचन पालन गर्नु नै उहाँमा रहने मूल उपाय हो भन्ने कुरा येशूले सिकाउनुभयो (यूहन्ना १५:७,१०)। ख्रीष्टमा रहनु भनेको 'मिस्टिकल' (mystical, गोप्य आध्यात्मिक शक्तिसम्बन्धीको) कुरो होइन जसलाई हाल व्यापकरूपमा फैलिरहेको कन्टेम्प्लेटिभ धारणा (contemplative philosophy) ले अँगालेको छ। यो एउटा भावना होइन, ऐन्द्रिय (sensual) अनुभव होइन। यो "आत्माद्वारा पराजित" (overcome by the Spirit) हुनु होइन, अन्य भाषा बोल्नु होइन, भुइँमा लड्नु होइन, भावन्मत्ततापूर्वक हाँस्नु होइन, प्रभावशाली सङ्गीतले ढुमुनिनु होइन, ध्यानद्वारा विचारमग्न अवस्थामा प्रवेश गर्नु होइन, मैन बत्तीहरू र धूपले प्रभावित बन्नु होइन। यो त उहाँको वचनलाई आदर गर्दै र पालना गर्दै ख्रीष्टसित सङ्गति गर्दै उहाँसँग हिँड्नु हो।

### पुरानो मानिसलाई फाल्नु र नयाँलाई पहिरनु (एफेसी ४:२२-२४)

यस खण्डमा ख्रीष्टिय जीवनलाई एउटा वृद्धि हुँदै जाने विषयको रूपमा प्रस्तुत गरिएको छ। योचाहिँ पुरानो मानिस अर्थात् हामीले आदमबाट वंशानुगत रूपमा प्राप्त गरेको पापी स्वभावलाई फाल्दै जाने र नयाँ मानिस अर्थात् ख्रीष्टलाई पहिरँदै जाने प्रक्रिया हो। यो काम कसरी गरिन्छ भन्ने कुरा पावलले पछिल्ला पदहरूमा खुलस्त पार्दछन्। पुरानो मानिसलाई फाल्नु भनेको झूट बोल्न छोड्नु र रिसको सामना गर्नु र चोर्न छोड्नु र कुवचन र अरू त्यस्तै थुप्रै कुरा हटाउनु हो (एफेसी ४:२५-२९)। नयाँ मानिसलाई पहिरनु भनेको सत्य बोल्नु र अर्काको खाँचोमा दिनु र उन्नति गराउने बोली बोल्नु र अरू त्यस्तै कुराहरू गर्नु हो (एफेसी ४:२५-२९)।

यी उच्च र पवित्र मानदण्ड हुन् जोचाहिँ मोशाको व्यवस्थाका भन्दा विस्तृत र गहिरा छन्। झूट बोल्न छोड्नु भनेको हर हिसाबमा र हर परिस्थितिमा इमान्दार हुन सिक्नु हो। भ्रष्ट मनुष्य हृदय, पुरानो मान्छे, यस्तो छ कि त्यसले झूट बोल्ने र देखावटी व्यवहार गर्ने हजारौं तरिका जानेको छ। मुखबाट **कुनै** कुवचन निस्कन नदिनु, **सबै** तीतोपना, क्रोध, रिस, कलह, निन्दा हटाउनु भनेको एकदम उच्च मानदण्ड हो।

## पाप स्वीकार गर्नु (१ यूहन्ना १:५-१०)

फेरि हामी देख्छौं, विश्वासीले पाप गर्न सक्छ र पाप गर्छ पनि। तर पाप गर्नु भनेको अन्धकारमा हिँड्नु हो, उज्यालोमा हिँड्नु होइन। जब हामी पाप गर्छौं, उहाँसित सङ्गतिमा फेरि पुनःस्थापित हुनलाई परमेश्वरले हामीलाई उपाय दिनुभएको छ र त्यो उपाय हो पाप स्वीकार गर्नु। पाप स्वीकारले मलाई उज्यालोमा राख्छ र परमेश्वरसँग सङ्गतिमा राख्छ। उहाँ ज्योति र पवित्रता हुनुहुन्छ र उहाँ पाप र अन्धकारसँग सङ्गति गर्नुहुन्न। उहाँ मसँग अन्धकारमा सङ्गति गर्दै हिँड्नुहुन्न। यदि म उहाँसँग सङ्गति गर्न चाहन्छु भने म उहाँसँग ज्योतिमा हिँड्नुपर्छ।

पाप स्वीकार गर्नु भनेको मैले गरेको कामको विरुद्धमा म परमेश्वरसित सहमत हुनु हो। योचाहिँ म आफ्नो पापको निम्ति कुनै बहाना नबनाउनु  हो। बहाना बनाउनु र अरूलाई दोष्याउनुचाहिँ आदमको तरिका हो। हाम्रो पहिलो बुबा आदमले आफ्नो पापको दोष आफ्नी पत्नीमाथि लादे र तिनले चाहिँ सर्पमाथि लादिन्। यिनै बुद्धिहीन पाइलाको अनुसरन गर्ने स्वाभाविक झुकाव हामीमा छ। हामी हाम्रो पापको लागि आफ्नो राष्ट्रियतालाई दोष्याउँछौं, हाम्रो उमेरलाई दोष्याउँछौं ("म जवानै छु" वा "म वृद्ध छु"), हाम्रो लिङगलाई दोष्याउँछौं, हाम्रो पृष्ठभूमिलाई दोष्याउँछौं, हाम्रो परिस्थितिलाई दोष्याउँछौं, अरू थुप्रै कुराहरूलाई। जस्तै, यदि म आफ्नी पत्नीसँग रिसाएँ र तीतो बनें भने त्यो त पाप हो, तर परमेश्वरको नजरमा मैले गल्ती गरेको छु भनेर स्वीकार गर्नुभन्दा बहाना बनाउनु नै सजिलो हुन्छ र बरु पत्नीलाई वा अन्य कुरालाई दोष्याउनु सजिलो हुन्छ; जस्तै, त्यो दिन मलाई धेरै समस्या परेको दिन थियो वा श्रीमतिले कुरै बुझ्दिएन आदि। अथवा यदि मैले झूट बोलें भने मैले बहानाहरू बनाउँदै यसरी भन्न सक्छु, "कहिलेकाहिँ त सबैले झूट बोल्छ नि।" अथवा मैले मेरा बाबुआमाको आज्ञापालन गरिनँ र उहाँहरूलाई अनादर गरेँ भने, मैले बहाना बनाउँदै यस्तो भन्न सक्छु कि उहाँहरू ज्यादै कडा हुनुहुन्छ वा उहाँहरू कपटी हुनुहुन्छ। तर अर्कोतिर बरु मैले परमेश्वरको सामु "मैले पाप गरेँ" र "यो खराब हो" भनेर सहमत हुन सक्छु। यदि मैले आफ्नो पापको लागि बहाना बनाएँ भने म ज्योतिमा नभई अन्धकारमा हिँडिरहेको हुन्छु र परमेश्वरसँग मेरो सङ्गति हुँदैन।

हाम्रा पापहरू उहाँलाई स्वीकार गर्‍यौं भने उहाँले हामीलाई क्षमा गर्नुहुन्छ र शुद्ध पार्नुहुन्छ भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ। हामीलाई क्षमा गर्न उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ किनकि ख्रीष्ट हाम्रा पापहरूका निम्ति मर्नुभयो।

परमेश्वरले हामीलाई कतिपटकसम्म क्षमा दिनुहुन्छ? हामीले जतिपटक स्वीकार गर्‍यौं त्यति नै पटक उहाँले क्षमा दिनुहुन्छ। हामीले पाप गर्दै र स्वीकार गर्दै, पाप गर्दै र स्वीकार गर्दै गरेको देखेर के उहाँ झर्को मान्नुहुन्न र? अहँ, हामीसित उहाँको प्रतिज्ञा छ उहाँले हरेकपटक क्षमा दिनुहुन्छ र शुद्ध पार्नुहुन्छ। यदि कसैले हाम्रो विरुद्धमा पाप गर्‍यो भने हामीले उसलाई ४९० पटकसम्म क्षमा दिनुपर्छ भनेर येशूले सिकाउनुभयो (मत्ती १८:२१-२२)। यदि हामीले त्यतिपटकसम्म क्षमा दिनुपर्छ भन्ने अपेक्षा गरिन्छ भने, परमेश्वरले झन् कति बढ्ता गरी क्षमा दिनुहुन्छ! स्मरण होस्, परमेश्वरका कृपाहरू हरेक बिहान नयाँ हुन्छन् (विलाप ३:२३), त्यसैले तपाईं जुरुक्क उठ्नुहोस् र ताजा कृपाहरू प्राप्त गर्नुहोस् (हिब्रू ४:१६) र अगाडि बढ्नुहोस्!

स्वीकारले हाम्रो सम्बन्धलाई परमेश्वरसँग ठीकठाक पार्छ। यसले हामीलाई ज्योतिमा राख्छ। यो विजयको बाटो हो। यसले पापको भूमरीलाई थाम्छ। हामीले जब पाप गर्छौं, हामी निरुत्साहित बन्नुहुन्न, हताश बन्नुहुन्न। हामीले त्यसलाई इमान्दारपूर्वक स्वीकार गर्नुपर्छ र क्षमा दिने परमेश्वरको प्रतिज्ञालाई दावी गर्नुपर्छ र हाम्रो आत्मिक जन्म-अधिकारमा खडा हुनुपर्छ (एफेसी १:३)।

## निशानातिर दगर्नु (फिलिप्पी ३:१३-१४)

हामीले आफ्नो पाप स्वीकार गरेपछि हामीले त्यसलाई पछाडि राख्नुपर्छ र त्यसैमा मन लगाएर बस्नुहुँदैन। हामी त्यस किसिमको परीक्षामा पर्नदेखि जोगिनुपर्छ र परमेश्वरले क्षमा दिनुभएको छैन कि भनेर डराउनु हुँदैन। नत्र त्यसले ख्रीष्टिय जीवनलाई कुँजो बनाउँछ। पापलाई पछिल्तिर राख्ने तरिका चाहिँ आफ्नो आँखालाई लक्ष्यमाथि

अर्थात् परमेश्वरको सिद्ध इच्छा पूरा गर्ने काममाथि लगाइराख्नु हो। अगाडि हेरिराख्नुहोस्, पछाडि होइन। जब परमेश्वरले हामीलाई पापदेखि कायल पार्नुहुन्छ, उहाँले त्यसो गर्नुको उद्देश्य हामीलाई स्वीकार गर्न लाउनलाई र शुद्ध पार्नलाई र विजयमा डोऱ्याउनलाई हो तर जब शैतानले हामीलाई दोष लगाउँछ त्यसलेचाहिँ हामीलाई निरुत्साहित पार्नलाई र हामीलाई निल्नलाई हो।

## ख्रीष्टिय हुर्काइ र विजयी जीवन भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. साँचो ख्रीष्टिय जीवन एउटा ________ होइन; यो ख्रीष्टसितको एउटा __________ __________ हो।
2. कुन पुस्तकको कुन अध्यायमा येशूले विश्वासीलाई फल फलाउन निर्देशन दिनुभयो?
3. उहाँमा रहिरहनलाई चाबी कुरा के हो भनेर येशूले सिकाउनुभयो?
4. "पुरानो मान्छे" भनेको के हो?
5. विश्वासीले पुरानो मान्छेलाई फाल्ने काम कसरी गर्दछ?
6. कुन अध्यायको कुन पदले हामीले पाप गरेका छैनौं भन्छौं भने हामी झूट हौं भन्छ?
7. पाप स्वीकार गर्नु भनेको आफूले गरेको कामको विरुद्धमा _____________ हो।
8. पाप स्वीकार गर्नु भनेको आफ्नो पापको निम्ति __________ नबनाउनु हो।
9. आफ्नो पापको निम्ति अरूलाई दोष्याउने पहिलो मानिस को थिए?
10. येशूले पत्रुसलाई उसले अरूलाई कतिपटकसम्म क्षमा दिनुपर्छ भनेर भन्नुभयो?
11. कुन पदले परमेश्वरका कृपाहरू हरेक बिहान नयाँ हुन्छन् भनेर बताउँछ?
12. कुन पदले विश्वासीलाई परमेश्वरको अनुग्रहको सिंहासनको सामु आउन र कृपा पाउन निमन्त्रणा गर्दछ?
13. कुन पुस्तकको कुन अध्यायमा पावलले आफू अघिल्तिर लम्कँदैछु भन्ने कुरा गरे?

# ख्रीष्टिय हुर्काइ र विजयी जीवन

## भाग ३

**कण्ठ गर्नुपर्ने पदहरू: मत्ती १३:२२; १ कोरिन्थी १५:३३; एफेसी ५:११; १ पत्रुस २:१-२; १ यूहन्ना २:१५-१७**

अघिल्लो पाठमा आत्मिक जीवनमा बढ्नलाई र ख्रीष्टमा विजयी भई जिउनलाई चारओटा तरिकाहरू हेऱ्यौं: ख्रीष्टमा रहनु, पुरानो मान्छेलाई फाल्नु र नयाँ मान्छेलाई पहिरनु, पाप स्वीकार गर्नु र निशानातिर दगुर्नु।

यस पाठमा हामी अरू चारओटा कुराहरूलाई हेर्नेछौं: वचनलाई खानु, वचनलाई सम्हाल्नु, संसारबाट अलग रहनु र झूटा शिक्षकहरूदेखि अलग रहनु।

### वचनलाई खानु (१ पत्रुस २:१-२)

ख्रीष्टमा बढ्नलाई र आत्मिक विजयी बन्नलाई एउटा नभई नहुने कुरा हो बाइबल। बाइबल परमेश्वरको जीवित वचन हो र विश्वासीलाई बढाउँदै लैजाने सामर्थ्य यसभित्र लुकेको छ (हिब्रू ४:१२; प्रेरित २०:३२)। यो आत्मिक भोजन हो। विश्वासीले आफूलाई यसभित्र डुबाउनुपर्छ। यस्तो भनिएको छ, "जसको बाइबलमा धूलो लागेको छ उसको हृदयमा मैला लागेको हुन्छ", र "या त बाइबलले मलाई पापबाट अलग राख्छ या त पापले मलाई बाइबलबाट अलग राख्छ"। आत्मिक विजय चाहने ख्रीष्टियनले बाइबललाई आफ्नो जीवनकै पुस्तक बनाउनेछ।

उसले दिनहुँ बाइबल पढ्ने बानी बसाल्नुपर्छ। साथै उसले त्यसलाई अध्ययन गर्न र अर्थ लगाउन सिक्नुपर्छ। (यी विषयलाई दैनिक बाइबल अध्ययन (पृष्ठ ८१) र बाइबल व्याख्याका चार चाबी सिद्धान्तहरू (पृष्ठ ९१) अन्तर्गत चर्चा गरिनेछ।)

ऊ एउटा असल मण्डलीमा बाइबलबाटको शिक्षा र प्रचार सुन्नलाई विश्वासयोग्य हुनुपर्छ।

उसले बाइबललाई कण्ठ गर्नुपर्छ र दिनभरि यसलाई मनन गर्नुपर्छ।

अनि उसका निर्णयहरू यसकै शिक्षाहरूमा आधारित हुनुपर्छ।

१ पत्रुस २:१-२ मा लेखिएको कुरालाई ध्यान दिनुहोस्: विश्वासीले परमेश्वरको वचन ग्रहण गर्ने हो भने उसले पापलाई फाल्ने काम गरिरहनुपर्छ। यदि आफ्ना पुराना पापपूर्ण मार्गहरूलाई नछोडीकन वचनलाई लिन खोज्यौं भने हामी बढ्न सक्दैनौं।

नयाँ विश्वासीहरूलाई वा ख्रीष्टिय जीवनमा छट्पटिरहेकाहरूलाई मैले दिने पहिलो सल्लाह यो हो: बाइबल पढ्ने र अध्ययन गर्ने र कण्ठ गर्ने काममा गम्भीर बन्नुहोस्। नियमित रूपले दिनहुँ बाइबल पढ्ने गर्नुभएको छैन भने त्यसो गर्न आफूलाई सुम्पनुहोस्। एउटा समय र एउटा ठाउँ तोक्नुहोस् र लगातार परमेश्वरसित भेट्ने गर्नुहोस्। दिनको एक अध्याय पढ्ने गर्नुभएको छ भने यसलाई तीनदोब्बर वा अझ बढीसम्म बढाउनका लागि आफूलाई सुम्पनुहोस्। आफ्नो दैनिक पठन-कार्यमा तपाईंले भजनसङ्ग्रह र हितोपदेशलाई पनि समावेश गर्न सक्नुहुन्छ। भजनसङ्ग्रह दिनको पाँच अध्याय पढ्दै एक महिनामा पूरा गर्न सक्नुहुन्छ र हितोपदेश दिनको एक अध्याय पढ्दै एक महिनामा पूरा गर्न सक्नुहुन्छ। बिहान तपाईं भजनसङ्ग्रह पढ्नुहोला र साँझ हितोपदेश, अथवा आफूलाई इच्छा लागेको अर्कै योजना पछयाउन पनि सकिन्छ। एकजना पास्टरले मलाई हालसालै बताए कि उनले पूरै बाइबल महिनामा एकचोटी पढ्ने गरेका छन् र यो निर्णय अति उत्तम ठहरिएको अनुभव गरेका छन्। एक दम्पत्तिले सँगै मिलेर एक

वर्ष त्यसरी नै पढेको र यसबाट उनीहरूको जीवन ज्यादै आशिषमय बनेको कुरा मलाई बताए। एकजना युवा पास्टरले यो साल दिनको दसओटा पद कण्ठ गरिरहेको कुरा बताए। पवित्र शास्त्रमा आफूलाई डुबाउनु आत्मिक जीवनमा बढ्ने र आत्मिक बाधा-अड्चनलाई पार गर्दै जाने सर्वोत्तम उपाय हो।

### वचनलाई सम्हालिराख्नु (मत्ती १३:२२)

यस संसारको फिक्रीले र धनसम्पत्तिको धोकाले वचनलाई निसास्याइदिन्छ भनेर येशूले बीउ छर्नेको उखानमा चेताउनी दिनुभयो। यसमा मर्कूसले थप्छन्, "अरू-अरू कुराहरूको अभिलाषा भित्र पसेर" (मर्कूस ४:१९) र लूका थप्छन्, "यस जीवनका सुखविलासहरूद्वारा" (लूका ८:१४)।

अनगिन्ती विश्वासीहरूले आफ्ना हृदयहरूमा वचनलाई सम्हालेर राख्न सकेका छैनन्। तिनीहरू मण्डली सभामा बस्छन्, परमेश्वरको वचन सुन्छन् र नियमित रूपले बाइबल पढ्छन् समेत, तर आफ्नो दिन-दिनको जीवनमा उनीहरूले यस संसारको फिक्री र अरू-अरू कुराहरूको अभिलाषाले उनीहरूका हृदयहरूमाथि राज्य गर्न दिन्छन् र यसरी परमेश्वरको वचनको प्रभावलाई निसास्यादिन्छन्।

अरू-अरू कुराहरूको अभिलाषाहरू सम्बन्धी विचार गर्नुहोस्। यो कुरा म नयाँ ख्रीष्टियन हुँदा प्रभुले मलाई देखाउनुभयो; मलाई महसुस भयो कि मैले यत्नसित बाइबल अध्ययन गरिरहेको भए तापनि मैले आफ्नो पुरानो मान्छेलाई रक सङ्गीत र अस्वस्थ्यकर फिल्म खुवाइरहेकोले मैले वचनलाई निसास्याउने काम गरिरहेको रहेछु।

यस संसारको फिक्री सम्बन्धी विचार गर्नुहोस्। यस संसारको फिक्रीले आफ्नो जीवनमा वचन निसास्सिएको छ भने विश्वासी परमेश्वरको सामु बसेर आफ्नो परिस्थितिको जाँच गर्नुपर्छ। कहिलेकाहीँ त्यस्तो फिक्रीपूर्ण परिस्थितिलाई छल्ने कुनै उपाय हुँदैन तर यदि निज परमेश्वरलाई र उहाँको इच्छालाई पहिलो स्थान दिन राजी हुन्छ भने ऊ त्यसबाट प्रायः उम्कन सक्छ। विश्वासीले सधैं गर्न सक्ने एउटा कुरा त आफ्नो सारा फिक्री प्रभुमाथि राख्नु हो (१ पत्रुस ५:७)। बाइबल पढ्दा कलम र कागत साथमा हुनु बुद्धिमानी हुन्छ र जुन बेला कुनै फिक्री वा चिन्ताको विषय मनमा आउँछ त्यतिबेला त्यसलाई परमेश्वरको वचनलाई निसास्याउन दिनुको सट्टा त्यसलाई पछि सामना गर्ने विषयको रूपमा कातगमा टिपोट गर्न सकिन्छ।

धनसम्पत्तिको धोका सम्बन्धी विचार गर्नुहोस्। धनसम्पत्तिको धोकाले परमेश्वरको वचनलाई निसास्याउन दिएर बढ्न नसकेका विश्वासीहरू धेरैजना छन् जोहरू परमेश्वरको इच्छा गर्नदेखि विफल भएका छन्। धनसम्पत्ति धोकापूर्ण हुन्छ किनकि त्यसले सुखको सपना देखाउँछ तर त्यो झूटा हो। संसारका सबभन्दा धनीहरू सबभन्दा सुखी छैनन्! साथै धनसम्पत्ति धोकापूर्ण हुन्छ किनकि त्यो अनिश्चित कुरा हो। कतिपटक त्यसले "आफ्ना लागि पखेटाहरू बनाउँछ र त्यो चीलझैं आकाशतिर उडेर जान्छ" (हितोपदेश २३:५)। यो समस्याको उपाय हो सन्तुष्ट रहनु (१ तिमोथी ६:६-१०) र परमेश्वरलाई र उहाँको इच्छालाई र उहाँको कामलाई पहिलो स्थान दिनु (मत्ती ६:३३)। उहाँलाई पहिलो स्थान दिएमा उहाँले मेरो फिक्री गरिदिनुहुने प्रतिज्ञा परमेश्वरले गर्नुभएको छ।

### संसारबाट अलग हुनु

आत्मिक हुर्काइ र विजयका लागि अर्को आवश्यक कुरा खराबीबाट अलग हुनु हो। आज्ञापालनको सिलसिलामा यसलाई हामीले उल्लेख गरेका भए तापनि यसलाई फेरि दोहोर्‍याउनु राम्रो हुन्छ।

खराब सङ्गतले असल चालचलन बिगार्छ भनेर बाइबलले चेताउनी दिन्छ (१ कोरिन्थी १५:३३)। यसले कुनै पनि किसिमको खराब कुरालाई जनाउन सक्छ, चाहे त्यो छापिएको सामग्री होस् वा त्यो टिभीको कुरा होस् वा फिल्मको कुरा होस् वा इन्टरनेटको वा सङ्गीतको वा व्यक्तिगत सहचार्यताको होस् वा मित्रताको वा नातागोताको। "असल चालचलन" ले असल ख्रीष्टिय जीवनलाई जनाउँदछ। पावलले यो भन्दैछन्, खराबसितको कुनै पनि किसिमको संसर्ग वा घनिष्टताले आफ्नो ख्रीष्टिय जीवनको गुणलाई हानी पुर्‍याउँदछ।

खराब कुराहरूसँग **कुनै** सङ्गत नगर्न हामीलाई निर्देशन दिइएको छ (२ कोरिन्थी ६:१४-१८; एफेसी ५:११)। यो ज्यादै उच्च मानदण्ड हो। विश्वासीले यदि खराबसितको आफ्नो सङ्गतलाई च्वाट्टै काट्दैन भने ऊ बढ्नेछैन।

बाइबलले भन्दछ, विश्वासीले यदि संसारलाई प्रेम गर्दछ भने उसले परमेश्वरलाई प्रेम गर्दैन (१ यूहन्ना २:१५-१७)। संसार भन्नाले "शरीरको अभिलाषा, आँखाको अभिलाषा, र जीवनको सेखी" भनेर परिभाषित गरिएको छ। त्यसैले विश्वासीका थुप्रै कठिन रोजाइहरू हुन्छन्। उसले संसारलाई प्रेम गर्ने कि परमेश्वरलाई प्रेम गर्ने भनेर रोज्नुपर्छ। यसले "ख्रीष्टिय रक" सिद्धान्तको भूललाई प्रकट गर्दछ। म संसारको दुष्ट पप संस्कृति र ख्रीष्ट दुवैलाई प्रेम गर्न सक्दिनँ।

जब म हिप्पी पृष्ठभूमिबाट बचाइएको एक नयाँ ख्रीष्टियन थिएँ, मैले आफ्नो जीवन सम्बन्धी थुप्रै निर्णयहरू गर्नु परेको थियो। आफूले मुक्ति नपाउँदाखेरि मैले रूचाउने गरेका रक सङ्गीत र फोहोर फिल्महरू, चुरोट, रक्सी र थुप्रै अरू कुराहरूबाट म अब अलग्गिनु पर्‍यो। मैले सो गरेँ किनकि म मलाई बचाउनुहुने प्रभुलाई खुसी पार्न चाहन्थेँ र म बढ्न चाहन्थेँ र उहाँको इच्छा जान्न चाहन्थेँ।

**झूटा शिक्षकहरूबाट अलग हुनु**

परमेश्वरले आफ्ना जनहरूलाई बाइबलको विपरित कुराहरू सिकाउनेहरूलाई चिनिराख्नुपर्छ र तिनीहरूबाट टाढा बस्नुपर्छ भनेर सिकाउनुभएको छ (रोमी १६:१७)।

पावलले तीतसलाई "विभाजन ल्याउने मानिस" बाट अलग रहन आज्ञा दिए (तीतस ३:९-११)। यसले झूटा शिक्षकहरूलाई जनाउँछ जोहरू आफूलाई सत्यताको अधीनतामा सुम्पन इन्कार गर्दछन्। झूटा शिक्षा अपनाउनेहरू मूर्ख प्रश्नहरू सोध्छन् भनेर पावलले चेताउनी दिए। यसले त्यस्ता मिथ्या प्रश्नहरूलाई जनाउँछ जोचाहिँ खाँटी शिक्षामाथि शङ्का उब्जाउने उद्देश्यले सोधिन्छन्। जस्तै, यहोवाका साक्षीहरू येशू परमेश्वर हुनुहुन्छ भन्ने कुरालाई इन्कार गर्छन्। विश्वासीहरूलाई यस विषयमा अलमल्याउन उनीहरू प्रश्नहरू निकाल्छन्। उनीहरूका प्रश्न इमानदार हुँदैनन्। उनीहरू खाँटी बाइबलीय जवाफ सुन्न चाहँदैनन्। उनीहरू केवल अरूलाई अलमल्याउन र उनीहरूका झूटा शिक्षाहरूभित्र खिँच्न चाहन्छन्। यस किसिमको कुराबाट अलग हुनुपर्छ भनेर बाइबलले हामीलाई चेताउनी दिएको छ नत्र भने त्यसले तपाईंमा सत्यतामाथि शङ्का उब्जाउनेछ र शैतानले तपाईंलाई निल्नेछ।

झूटा शिक्षकहरूबाट अलग रहनु भनेको उनीहरूका मण्डलीहरू, उनीहरूका बाइबल अध्ययनहरू, उनीहरूका पुस्तकहरू, उनीहरूका टिभी र रेडियो कार्यक्रमहरू र उनीहरूको अडियो र भिडियो रेकर्डिङ्गहरूबाट अलग रहनु हो।

## ख्रीष्टिय हुर्काइ र विजयी जीवन भाग ३ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. १ पत्रुस २:१-२ अनुसार बढ्न सक्नलाई विश्वासीले गर्नुपर्ने दुईटा काम के-के हुन्?
2. बाइबललाई आफ्नो जीवनकै पुस्तक बनाउनलाई विश्वासीले गर्नुपर्ने पाँचओटा कामहरू के-के हुन्?
3. बीउ छर्नेको दृष्टान्तअनुसार कस्ता-कस्ता कुराहरूले विश्वासीको जीवनमा वचनलाई निसास्यादिन सक्छन्?
4. विश्वासीले आफ्नो फिक्री परमेश्वरमाथि राखिदिन सक्छ भन्ने कुरा कुन पदले बताउँछ?
5. हामीले आफ्नो फिक्री परमेश्वरमाथि राख्न सक्छौं किनकि उहाँले हाम्रो ______ गर्नुहुन्छ।
6. धनसम्पत्ति किन धोकापूर्ण हुन्छन्?
7. हितोपदेशको चेताउनीअनुसार धनसम्पत्तिले __________ बनाउँछ र ____________ जान्छ।
8. मैले परमेश्वरलाई पहिलो स्थान दिएँ भने उहाँले मेरो हेरविचार गर्नुहुन्छ भन्ने कुरा कुन पदले बताउँछ?
9. खराब सङ्गतले असल चरित्रहरू बिगार्दछन् भन्ने कुरा कुन पदले सिकाउँछ?

10. यसको माने के हो?
11. अन्धकारका कामहरूसँग कुनै सङ्गत नगर भन्ने कुरा कुन पदले सिकाउँछ?
12. खराबबाट निस्केर आऊ र अलग होओ भनेर कुन पदले सिकाउँछ?
13. संसारलाई प्रेम नगर भनेर विश्वासीलाई कुन खण्डले चेताउनी दिन्छ?
14. उपर्युक्त खण्डले संसारको परिभाषा कसरी दिएको छ?
15. बाइबल विपरितका शिक्षाहरू सिकाउनेहरूलाई चिनिराख्न र तिनीहरूदेखि टाढा रहन कुन पदले भन्दछ?
16. "विभाजन ल्याउने मानिस" भनेको कस्तो मानिस हो?
17. कस्तो प्रश्नलाई मूर्ख प्रश्न भनिन्छ?
18. मूर्ख प्रश्नको एउटा उदाहरण दिनुहोस्।

# ख्रीष्टिय हुर्काइ र विजयी जीवन

## भाग ४

**कण्ठ गर्नुपर्ने पदहरू: एफेसी ५:१८-१९; हिब्रू १२:१-२**

अघिल्ला दुई पाठहरूमा हामीले आत्मिक हुर्काइ र ख्रीष्टमा विजयी जीवन जिउने सम्बन्धमा आठओटा महत्त्वपूर्ण उपायहरूलाई अध्ययन गऱ्यौं: ख्रीष्टमा रहनु, पुरानो मान्छेलाई फाल्नु र नयाँलाई पहिरनु, पाप स्वीकार गर्नु, निशानातिर दगर्नु, वचनलाई खानु, वचनलाई सम्हालिराख्नु, संसारबाट अलग रहनु र झूटा शिक्षकहरूबाट अलग रहनु।

यस पाठमा हामी अन्तिम चारओटा बुँदाहरूलाई हेर्नेछौं: आफूलाई पवित्र आत्माको हातमा सुम्पनु, असल बानीहरू बसाल्नु, आफ्ना आँखालाई ख्रीष्टमा लगाइराख्नु, र ख्रीष्टको नजिक जानु।

**पवित्र आत्माले भरपूर हुनु (एफेसी ५:१८)**

ख्रीष्टिय जीवनमा आत्मिक विजय, आफूभित्र वास गर्नुहुने पवित्र आत्माको हातमा आफूलाई सपर्मण गरेर र सुम्पेर हासिल गरिन्छ।

१. आत्माले भरपूर हुनु भनेको आत्माको नियन्त्रणमुनि रहनु हो। रक्सीले मातेको मान्छे रक्सीको नियन्त्रणमुनि हुन्छ भने एक विश्वासी आत्माको नियन्त्रणमुनि हुन्छ जब ऊ आत्माले भरपूर हुन्छ। यस अर्थमा मात्र आत्माले भरपूर हुनुलाई रक्सीले मातिनुसँग दाँजिएको हो। वास्तवमा, आत्माले भरपूर हुनु रक्सीले मातिनुसँग समान कुरो होइन; यो रक्सीले मातिनुभन्दा विपरित अर्थमा तुलना गरिएको कुरा हो। कतिपय क्यारिज्मेटिकहरूले आत्माको भरपूरी भनेको आत्माले मातिनु र निज लड्नु, हाँस्नु र जङ्घाँहाको जस्तै व्यवहार गर्नु हो भनेर सिकाउँछन्, तर यो हास्यास्पद र अबाइबलीय कुरा हो। पेन्टेकोस्टको दिनमा चेलाहरू आत्माले भरपूर हुँदा पत्रुसले प्रस्टै बताए, उनीहरू मातेका होइनन् (प्रेरित २:१५)। उनीहरू धर्मराउने, भुइँमा लड्ने र विकृत उत्तेजनामा हाँसिरहेका थिएनन्! होइन, आत्माले भरपूर हुनु भनेको केवल आफ्नो जीवन परमेश्वरको नियन्त्रणमा सुम्पिएको हुनु हो। यसको माने आफ्नो इच्छा र आफ्नो अभिलाषाको लेखि मर्नु र ख्रीष्टको निम्ति जिउनु हो। यसको माने हरेक दिन आफूलाई दिनभरिको लागि प्रभुमा समर्पण गर्नु हो र जब-जब आफ्नो सामु कुनै निर्णय गर्नुपर्ने विषय आउँछ तब-तब आफ्नो इच्छा नभई परमेश्वरको इच्छालाई रोज्नु हो। विश्वासीले जब यसो गर्दछ परमेश्वरले उसलाई आत्मिक बल र बुद्धि र अगुवाइ प्रदान गर्नुहुन्छ। आत्मामा हिँड्नु र आत्माले भरपूर हुनु यही हो।

२. आत्माले भरपूर हुनु भनेको एकपटकको घटना वा अनुभव होइन; यो एउटा प्रक्रिया हो। एफेसी ५:१८ को क्रिया निरन्तर-कालीन (continuous tense) क्रियापद हो। योचाहिँ सिद्धता हासिल गर्ने कुराको सवाल नभएर प्रभुको अनुग्रह र ज्ञानमा बढ्दै जाने कुराको सवाल हो। विश्वासीले पाप गर्न पुग्दा ऊ निराश बन्नु हुँदैन; उसले पाप स्वीकार गर्नुपर्छ र आफूलाई आत्माको नेतृत्व र नियन्त्रणमुनि सुम्पेर ऊ फेरि नयाँ गरी आत्माले भरपूर हुन सक्छ।

३. आत्माले भरपूर हुने कुरा आत्मिक गीत गाउने कामसँग सम्बद्ध भएको तथ्यलाई ध्यान दिनुहोस् (एफेसी ५:१९)। भजन, स्तुतिगान र आत्मिक गीतहरूमा सामर्थ्य हुन्छ। एफेसी ५ मा पावलले आत्मिक गीतहरू गाउने कामलाई पवित्र आत्माले भरपूर हुने कामसँग जोडेका छन्। जसरी दाऊदका गीतले विचलित राजालाई शान्त गराए (१ शमूएल १६:२३), आत्मिक गीतहरूले विश्वासीको "नयाँ मानिस" लाई खुवाउन र हौसला दिन सक्छ। भजन तथा आत्मिक गीतहरू कण्ठ गर्नु असल हो; तब परीक्षाको घडीमा तिनलाई प्रयोग गर्न सकिन्छ। एउटा भयङ्कर

परीक्षाको घडी भएर जानुपर्दा परमेश्वरका एकजना असल छोरीलाई प्रार्थना गर्न वा बाइबल पढ्न गाह्रो थियो तर तिनले एउटा सरल आत्मिक गीत निरन्तर गाइरहिन् र प्रभुले उनलाई विजय दिनुभयो।

असल पवित्र सङ्गीतको सङ्कलन गर्नु र अवसरअनुसार तिनलाई मोबाइलमा वा गाडीमा वा घरमा सुन्नु बुद्धिमानी कुरा हो। पास्टर जे बी बफिङ्गटनले भन्नुभयो,

> "सांसारिक सङ्गीतले सांसारिक वातावरण सृजना गर्दछ र सांसारिक प्रवृत्तिलाई प्रोत्साहन दिन्छ। अर्कोतिर, तपाईंले आफ्नो घरमा असल पवित्र सङ्गीतद्वारा संयम, स्थिरता, शान्ति र चैन ल्याउन सक्नुहुन्छ। सानो बच्चा सुतिरहेको कोठामा तपाईंले क्यासेटमा बाइबल कहानीहरू बजाएर छोडिदिन सक्नुहुन्छ र उसको सानो मस्तिष्कमा ती बाइबल कहानीहरू छिराउन सक्नुहुन्छ। बच्चाहरूलाई औपचारिक रूपमा सिक्नु आवश्यक छैन; तपाईंले उनीहरूलाई त्यसरी छोडिराख्नुहुँदा पनि उनीहरू स्पन्जले जस्तै काम गरिरहेका हुन्छन्; उनीहरूले सोसिहाल्छन्। शान्त पार्ने खालको, ख्रीष्टलाई आदर गर्ने, आत्मालाई जगाउने खालको ख्रीष्टिय सङ्गीतहरू त्यहाँ बजाएर छोडिदिनुहोस्, घरमा त्यो बजिरहोस् र त्यसद्वारा तपाईंले आफ्ना छोराछोरीहरूको हृदयहरूमा सुरक्षा र चैन र शान्तिलाई छिराउने काम गरिरहनुभएको हुन्छ" (J.B. Buffington, "How to Lose a Child Before He is Five Years Old")।

आज इसाईजगतमा प्रचलित शारीरिक ख्रीष्टिय सङ्गीतको विरुद्धमा हामीले आवाज उठाउनैपर्छ। बाइबलले भन्दछ, हामीले गाउनुपर्ने त "आत्मिक गीतहरू" हुन् (एफेसी ५:१९)। यसले सांसारिक गीतको ठीक उल्टो किसिमको सङ्गीतलाई जनाउँदछ। आत्मिक सङ्गीत शरीरलाई पोस्ने सङ्गीतको ठीक उल्टो किसिमको सङ्गीत हो। यो संसारको नाचगान-खानपान-रमाइलोको सङ्गीतभन्दा ठीक उल्टो सङ्गीत हो। परमेश्वरले हामीलाई संसारका खराब कुराहरूसित सङ्गत गर्न प्रतिबन्ध लगाउनुभएको छ (१ यूहन्ना २:१५-१६) भन्ने कुरालाई हामीले अघिबाटै हेरिसकेका छौं।

[पवित्र, आत्मिक सङ्गीतका केही नमुनाका लागि wordoftruth.com.np वेबसाइटको आत्मिक सङ्गीत पृष्ठमा गई सुन्न सक्नुहुन्छ, साथै तिनलाई आफ्नो कम्प्युटर वा मोबाइलमा सार्न पनि सक्नुहुन्छ।]

४. पवित्र आत्माको भरपूरीलाई परमेश्वरलाई धन्यवाद दिने कामसँग जोडिएको छ (एफेसी ५:२०)। यदि मसँग गनगन गर्ने आलोचनात्मक प्रवृत्ति छ भने म आत्माले भरपूर भएको हुँदिन किनकि त्यस्ता कुराले उहाँलाई शोकित तुल्याउँछ (एफेसी ४:३०-३१)।

५. पवित्र आत्माको भरपूरी पवित्र किसिमका नाता-सम्बन्धहरूसँग सरोकार राख्ने कुरा भएको बताइएको छ (एफेसी ५:२१ - ६:९)। पवित्र आत्माले भरपूर हुन उहाँको आज्ञापालन गर्नु आवश्यक छ, अनि उहाँको आज्ञाअनुसार हामीले एक-अर्कालाई ईश्वरीय ढङ्गले व्यवहार गरेको उहाँ चाहनुहुन्छ। आत्माले भरपूर भएका पत्नीहरूले आफूलाई आफ्ना पतिहरूका अधीनमा सुम्पन्छन्। आत्माले भरपूर भएका पतिहरूले आफ्ना पत्नीहरूलाई प्रेम गर्छन्। आत्माले भरपूर भएका नानीहरूले आफ्ना बाबु-आमालाई आदर गर्छन्। आत्माले भरपूर भएका बाबुहरूले आफ्ना नानीहरूलाई रिस उठाउँदैनन्। आत्माले भरपूर भएका नोकरहरू आफ्ना मालिकहरूका आज्ञाकारी हुन्छन्। आत्माले भरपूर भएका मालिकहरूले आफ्ना नोकरहरूसित न्यायोचित व्यवहार गर्छन्।

### ईश्वरीय बानीहरू बसाल्नु (लूका ४:१६)

हाम्रो जीवन व्यस्त जीवन हो र परमेश्वरलाई नै बाहिर नधकेलियोस् भन्ने हेतुले हामीले असल बानीहरू बसाल्नु अनिवार्य छ। हामीले दिनहुँ बाइबल अध्ययन गर्न, अन्तर्विन्तीका प्रार्थनाहरू गर्न र मण्डलीसँग नियमितरूपमा भेला हुन र सङ्गठित सुसमाचार प्रचारकार्यमा भाग लिन, परिवारसित समय बिताउन र त्यस्तै अरू कुराहरू गर्नलाई बानी बसाल्नुपर्छ।

यसको मतलब हामी दिनको वा हप्ताको कुनै-कुनै विशेष समयहरूमा मात्र परमेश्वरलाई सम्झने र परमेश्वरको सेवा गर्ने भनेको होइन। हामीले निरन्तर प्रार्थना गर्नुपर्छ (१ थेस्सलोनिकी ५:१७), परमेश्वरतर्फ विवेक निर्दोष राख्नलाई सधैंभरि प्रयत्न गर्नुपर्छ (प्रेरित २४:१६), प्रभुको काममा सधैंभरि प्रशस्त हुँदै जानुपर्छ (१ कोरिन्थी १५:५८), सधैंभरि धन्यवाद दिनुपर्छ (एफेसी ५:२०), ख्रीष्टको गवाही दिन सधैंभरि तयार रहनुपर्छ (१ पत्रुस ३:१५)।

साथै, हाम्रा आत्मिक बानीहरू केवल रीतिमात्र नबनून्, केवल औपचारिकता पूरा गर्ने काम मात्र नहोऊन् भन्ने कुरामा होसियार हुनुपर्छ। हामीले आफ्ना आत्मिक बानीहरूलाई ताजा राख्छौं जब हामी ख्रीष्टको सङ्गतिमा रहिरहन्छौं।

**आफ्ना आँखा ख्रीष्टमा लगाइराख्नु (हिब्रू १२:१-२)**

हामीले आफ्ना आँखा ख्रीष्टमा लगाइराख्नुपर्छ। उहाँले कहिल्यै धोका दिनुहुन्न र कहिल्यै ठेस खुवाउनुहुन्न। ख्रीष्टदेखि अन्यत्र, जस्तै आफ्नो पाप, संसार, जीवनका कठिनाइ, वा अरू मानिसहरूतिर आफ्ना आँखा लगाउँदा नै विश्वासीले ठेस खान्छ। जसका आँखा ख्रीष्टमाथि लगाइएका छन् र जसले उहाँलाई सिङ्गो हृदयले सेवा गर्दैछन्, उनीहरू अरू विश्वासीले पाप गरेको वा ठेस खुवाउने अन्य काम गरेको देख्दा पनि ठेस खाँदैनन्। जस्तै, मण्डलीहरूमा जब समस्याहरू आउँछन् तब कुन-कुन सदस्यहरू साँच्चै ख्रीष्टसँग हिँड्दैछन् भन्ने कुरा त्यहाँ छिट्टै प्रकट हुन्छ। जस्तोसुकै कुरा आए पनि उनीहरू उहाँसँग हिँडिरहन्छन्। तर मान्छेलाई हेरिरहेकाहरू र मान्छेलाई पछयाइरहेकाहरू निराश बन्छन् र कसैले वा कुनै कुराले उनीहरूलाई ठेस खुवाएपछि उनीहरू पछि हट्छन्।

**ख्रीष्टमा रहिरहनु (मत्ती ११:२८-३०)**

हामी यही बुँदामा शुरु गरेका थियौं र यसैमा अन्त गर्नेछौं, किनकि आत्मिक रूपमा हुर्कन र विजयी बन्न विश्वासीले गर्न सक्ने सबभन्दा महत्त्वपूर्ण कुरा नै प्रभुसितको सङ्गतिमा हिँड्नु र हर समय उहाँमा भरोसा गर्नु हो। ख्रीष्टिय जीवन परमेश्वरका अनन्त पुत्र येशू ख्रीष्टसितको व्यक्तिगत सम्बन्ध हो। यो उहाँलाई ग्रहण गर्ने, उहाँको सेवा गरिरहने र उहाँबाट सिकिरहने कुरा हो। यो नै साँचो ख्रीष्टियन विश्वासको सारतत्त्व हो र यो नै आत्मिक हुर्काइ र विजयी जीवनको उपाय हो।

## ख्रीष्टिय हुर्काइ र विजयी जीवन भाग ४ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. आत्माले भरपूर हुनु भनेको के हो?
2. पेन्टेकोस्टको दिनमा रक्सीले मातेको आरोप लगाइँदा पत्रुसले के भने?
3. आत्माले भरपूर हुनु ____________को घटना वा अनुभव होइन; यो एक ______________ हो।
4. किन आत्माले भरपूर हुने कुरा आत्मिक गीतहरू गाउने कामसँग जोडिएको छ?
5. आत्मिक गीतहरू ______ गीतका ठीक उल्टो किसिमका गीत हुन्।
6. आत्मिक सङ्गीत _________ गीतभन्दा ठीक उल्टो किसिमका गीत हुन्।
7. आत्माको भरपूरी परमेश्वरलाई धन्यवाद दिने कामसित कसरी सम्बन्धित छ?
8. असल आत्मिक बानीहरू बसाल्नु किन महत्त्वपूर्ण छ?
9. विश्वासीले आफ्नो जीवनमा बसाल्नुपर्ने त्यस्ता असल आत्मिक बानीहरू के-के हुन्?
10. हाम्रा आत्मिक ______ चाहिँ _____ नबनोस् भन्ने कुरामा होसियार बस्नुपर्छ।

# प्रार्थना

**कण्ठ गर्नुपर्ने पदहरू: एफेसी ६:१८; कलस्सी ४:२; याकूब ५:१६; १ यूहन्ना ३:२०-२२**

ख्रीष्टिय जीवनमा प्रार्थना जत्तिकै महत्त्वपूर्ण कुरा अर्को छैन। प्रार्थना बाइबलमा ५०० भन्दा बढी पटक उल्लेख भएको छ।

प्रार्थनाले परिवर्तन ल्याउँछ र प्रार्थनाबिना कुनै परिवर्तन आउँदैन: एउटै आत्मा बचाइँदैन, एउटै प्रचार आशिषित बन्दैन, एउटै दाम्पत्य जीवन विजयी बन्दैन, एउटै छोरा वा छोरी राम्रोसँग हुर्काइँदैन, एउटै मण्डली परमेश्वरको इच्छामा खडा रहिरहन सक्दैन।

हामीले प्रार्थना गर्न सिक्नुपर्छ (लूका ११:१)।

प्रार्थना भनेको आफ्नो असक्षमतालाई स्वीकार गर्नु हो र आफूलाई परमेश्वरको भरोसामा सुम्पनु हो। प्रार्थना भनेको कृपा प्राप्त गर्नु र खाँचोको समयमा सहायता पाउनलाई अनुग्रह प्राप्त गर्नु हो (हिब्रू ४:१६)।

प्रार्थना प्रभावकारी हुनलाई त्यसमा निम्नलिखित सरल तर अनिवार्य तत्त्वहरू हुनु खाँचो छ:

**१. प्रार्थना आराधनामय हुनुपर्छ** (लूका ११:१-२)

येशूले आफूले सिकाउनुभएको "नमूना प्रार्थना" मा यस कुरालाई जोड दिनुभयो। यसको तात्पर्य हरेक प्रार्थनाको शुरुमा सधैं आराधनाको लामो भाग हुनुपर्छ भन्ने होइन, तर प्रार्थीले आफू अनन्तको सृष्टिकर्ता, सर्वोच्च महामहिमको नजिक जाँदैछु भन्ने कुरालाई सधैं ध्यानमा राख्नुपर्छ। प्रार्थना हल्का, आधा-मनले गरिने क्रियाकलाप हुनुहुँदैन।

**२. प्रार्थना पाप-स्वीकारसहित हुनुपर्छ** (भजनसङ्ग्रह ६६:१८; १ यूहन्ना ३:२०-२२)

हामी परमेश्वरकहाँ आउने तरिका आफ्ना पापहरू स्वीकार गर्दै हो। यसद्वारा हामी कृपा प्राप्त गर्छौं र हामी असल विवेकसित प्रार्थना गर्न सक्छौं र हाम्रा प्रार्थनालाई परमेश्वरकहाँ जाने बाटो खुल्छ।

**३. प्रार्थना उत्सुक हुनुपर्छ** (याकूब ५:१७; कलस्सी ४:१२)। हतारिएको, आधा-मनले गरिएको, ध्यान अन्ततिर लागेको प्रार्थना धेरै प्रभावकारी हुँदैन।

**४. प्रार्थना नियमित हुनुपर्छ** (रोमी १:९)। विश्वासीले दैनिक प्रार्थनाको समय राख्ने बानी बसाल्नु आवश्यक छ जुनबेला ऊ प्रभुसित भेट गर्दछ र आफ्नो निम्ति र अरूका निम्ति प्रार्थना गर्दछ। अन्तर्विन्तीको माने अरूका लागि प्रार्थना गर्नु हो।

**५. प्रार्थना जागरूक हुनुपर्छ** (एफेसी ६:१८)। यसले अन्तर्विन्तीको प्रार्थनालाई जनाउँछ। प्रार्थनाद्वारा हामीले अरूका आत्मिक जीवनलाई पहरा दिन सक्छौं वा देखरेख गर्न सक्छौं।

**६. प्रार्थना अटल हुनुपर्छ** (कलस्सी ४:२; १ थेस्सलोनिकी ५:१७)। पवित्र शास्त्रमा पटकपटक जोड दिइएको, प्रभावकारी प्रार्थनाको एउटा अति महत्त्वपूर्ण पक्ष यही हो। प्रार्थनामा अटल हुनुपर्छ भन्ने कुरा कति महत्त्वपूर्ण छ भनेर जोड दिनलाई येशूले दुईटा दृष्टान्तहरू सिकाउनुभयो: अधर्मी न्यायकर्ता (लूका १८:१-५), र रोटीको खाँचो परेको मान्छे (लूका ११:५-१०)।

**७. प्रार्थना सुमधुर दाम्पत्य जीवनसँग जोडिएको हुनुपर्छ** (१ पत्रुस ३:७)। आफ्नो पत्नीसित ईश्वरीय ढङ्गले व्यवहार नगर्ने पतिको प्रार्थनाको जीवनमा परमेश्वरको सामर्थ्य हुँदैन।

**८. प्रार्थना अरूहरूसँग आवद्ध भएर गरिनुपर्छ** (रोमी १५:३०; २ कोरिन्थी १:११; कलस्सी ४:३; १ थेस्सलोनिकी ५:२५; २ थेस्सलोनिकी ३:१)। पावलले अरू विश्वासीहरूसँग बारम्बार आफ्नो निम्ति प्रार्थनाको माग गरेका छन्। प्रेरित भएर पनि र प्रभुलाई आमने-सामने देखेर पनि उनले अरूहरूको अन्तर्विन्तीको खाँचो देखे भने हामीलाई झन् कति बढ्ता गरी यसको खाँचो पर्छ! प्रार्थनाको सम्बन्धमा मसित कुराकानी गर्नुहुँदा मेरी बज्यूले आफ्ना विशेष खाँचोहरूमा अरूहरूसित सँगै प्रार्थना गर्नु प्रभावकारी हुन्छ भन्ने कुरामा जोड दिनुभयो।

**९. प्रार्थना बेलाबखत उपवाससहित गरिनुपर्छ** (मत्ती ६:१७-१८; १७:२१)।

मत्ती १७:२१ को सन्दर्भमा येशूले एकजना दुष्टात्मा लागेको केटोको विषयमा कुरा गर्दै हुनुहुन्थ्यो। चेलाहरूले दुष्टात्मालाई हटाउन नसक्नुको कारण उपवास नबसेकोले हो भनी येशूले बताउनुभयो। विशेष गरी दुष्टात्माहरूको किल्लाहरू भत्काउनका लागि आत्मिक लडाइँमा उपवाससितको प्रार्थना उपयोगी हुन्छ।

उपवासको बारेमा मलाई बताउने पहिलो व्यक्ति मेरी आमापट्टिकी बज्यू जुलिया पोलोक हुनुहुन्थ्यो। मत्ती ६:१७-१८ को कुरा गर्दै यस प्रतिज्ञालाई उहाँले आफ्नो जीवनमा पटकपटक प्रमाणित गर्नुभएको कुरा मलाई बताउनुभयो। उहाँका पति एउटा ब्याप्टिस्ट मण्डलीमा डिकन हुनुहुन्थ्यो। विवाह गर्नुभन्दा अगाडिदेखि नै उहाँले रक्सी पिउन पूरै छोड्नुभएको थियो। एक दिनको कुरा थियो, पहिला आफूसँग पिउने एकजान पुरानो साथीसँग एउटा घरको छानामाथि काममा सँगै पर्नुभएछ। कुराकानीको क्रममा आखिरमा "एक गिलास मात्र" पिउन भनेर उहाँ राजी बन्नुभयो। एक गिलास भन्दाभन्दै दुवैले थुप्रै गिलास पिएछन् र यति मातेछन् कि ठूलो स्वरले गाउन थालेछन् र छानदेखि औजारहरू समेत फ्याँक्न थालेछन्। प्रहरी बोलाइएपछि उनीहरू जबरजस्ती थानामा लगिए। अब जुलियाले डिकन पोलोकलाई थानाबाट छुटाउनुपर्ने भयो! उनले एकदमै पछुतो माने र यस्तो कहिल्यै नदोहोर्‍याउने प्रतिज्ञा आफ्नी पत्नीसित गरे र मण्डलीका सामु उभिएर बेसरी क्षमा याचना गरे र मण्डलीले क्षमा पनि दिए। तर उक्त घटनाले जुलियालाई स्तब्ध पार्‍यो र फेरि पनि श्रीमान परीक्षामा परेर लड्नुहोला भन्ने उहाँलाई डर भइरह्यो किनकि उहाँका बुबा र ससुरा दुवैजना पियक्कड थिए भन्ने कुराको उहाँलाई सम्झना आयो। त्यसैले यस खराबीमाथि श्रीमानले पूर्ण विजय पाएको कुराको निश्चयता आफूलाई नभएसम्म उहाँका लागि उपवाससहित प्रार्थना गरिरहने उहाँले अठोट गर्नुभयो। कति लामो समयसम्म भनेर बताउनुभएको जस्तो मलाई लाग्दैन तर धेरै दिनसम्म उहाँ उपवास बस्नुभयो। उहाँले मीठा-मीठा भोजनहरू तयार गर्नुहुन्थ्यो अनि बिहान, दिउँसो र बेलुकीको खाना खाने बेलामा श्रीमान मत्रोले भन्नुहुन्थ्यो, "आऊ न जुलिया, हामी बसेर अलिकति खाऔं," तर उहाँले जवाफ दिनुहुन्थ्यो, "मेरो फिक्री नगर्नुहोस्, मत्रो।" अन्तमा, परमेश्वरले श्रीमानलाई विजय दिनुभयो भन्ने कुराको आफ्नो हृदयमा शान्ति पाएपछि उहाँले उपवास बस्न छोड्नुभयो र श्रीमानले जीवनभर एक थोपा रक्सी पनि पिउनुभएन।

## प्रार्थना सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. कुन पदले हामीलाई परमेश्वरको सिंहासनको नजिक सहाससँग आउन निमन्त्रणा गर्दछ?
2. प्रभावकारी प्रार्थनाका नौओटा अनिवार्य तत्त्वहरू के-के हुन्?
3. प्रार्थना गर्दा हामी परमेश्वरकहाँ किन आराधनामय ढङ्गले नजिक जानुपर्छ?
4. कुन पदले भन्दछ, "यदि मैले आफ्नो हृदयमा अधर्म राखें भने प्रभुले मेरो विन्ती सुन्नुहुनेछैन"?
5. आफ्नी पत्नीसँग ठीक व्यवहार नगर्ने पतिका प्रार्थनाहरू रोकिन सक्छन् भन्ने कुरा कुन पदले बताउँछ?
6. शैतानिक अखडाहरूमाथि विजयी हुन उपवाससहितको प्रार्थनाको खाँचो पर्दछ भनेर कुन पदले बताउँछ?
7. गुप्तमा उपवास बस्नेहरूलाई परमेश्वरले खुल्लमखुल्ला इनाम दिनुहुन्छ भन्ने कुरा येशूले कुन खण्डमा प्रतिज्ञा गर्नुभयो?

# ख्रीष्टिय जीवनमा विश्वास

**कण्ठ गर्नुपर्ने पदहरू: याकूब १:२२; २:२६; हिब्रू ११:१,३,६**

एउटै विषयमा सम्बन्धित सबै मुख्य-मुख्य शिक्षाहरूलाई एउटै खण्डमा प्रस्तुत गरिएको त्यस्ता विशेष खण्डहरूमध्ये **हिब्रू ११** एउटा हो। यसका अरू उदाहरणस्वरूप प्रेमको अध्याय १ कोरिन्थी १३ हो भने बौरिउठाइको अध्याय १ कोरिन्थी १५ हो।

विश्वासको सम्बन्धमा ८ ओटा मुख्य-मुख्य शिक्षाहरू यस प्रकार छन्:

**१. विश्वास नभई नहुने कुरा हो** (हिब्रू ११:६)

"विश्वास" ["faith" र "believe" अङग्रेजी] बाइबलमा ७७१ पटक उल्लेख भएको छ। ख्रीष्टिय जीवन "विश्वासदेखि विश्वाससम्म" (रोमी १:१७) को कुरा हो। येशूले चेलाहरूमा विश्वासको कमी भेट्टाउनुहुँदा उनीहरूलाई पटकपटक हप्काउनुभयो (मत्ती ६:३०; ८:२६; १४:३१; १६:८)।

**२. विश्वास परमेश्वरको वचनमा आधारित कुरा हो** (हिब्रू ११:१)

रोमी १०:१७ सित तुलना गर्नुहोस्।

विश्वास भनेको परमेश्वरको वचनलाई सिर्फ विश्वास गर्नु हो। विश्वासको सम्बन्धमा सबभन्दा महत्त्वपूर्ण तथ्य यही हो। विचार गर्नुहोस्, नूहलाई (हिब्रू ११:७), अब्राहामलाई (हिब्रू ११:८), सारालाई (हिब्रू ११:११)।

बाइबलीय विश्वास अन्धो हुँदैन; यसको पछाडि प्रमाण हुन्छ, निश्चयता हुन्छ (हिब्रू ११:१), अनि त्यो निश्चयता परमेश्वरकै वचन हो, जुनचाहिँ "अनेकौं अचूक प्रमाणहरूमा आधारित छ" (प्रेरित १:३)। संसारको "विश्वास" फरक छ किनकि त्यो कुनै पनि निश्चित कुरामा आधारित छैन।

बाइबलीय विश्वास आश्चर्यकर्महरूबाट, भावनाहरूबाट वा गोप्य आध्यात्मिक शक्तिसम्बन्धीको (mystical) अनुभवहरूबाट आउने कुरा होइन। अब्राहामले नरकमा पुगेका धनी मानिसलाई भने, यदि कसैले परमेश्वरको वचनलाई विश्वास गर्दैन भने, कुनै मानिस मरेकाबाट बौरेर उठे तापनि विश्वास गर्नेछैन (लूका १६:३१)।

विश्वास परमेश्वरको वचनमा आधारित हुन्छ भन्ने कुराबाट बाइबल ख्रीष्टिय जीवनको लागि नभई नहुने कुरा हो भन्ने बुझ्न सकिन्छ। हाम्रो विश्वास बढेको चाहन्छौं भने, हामीले बाइबल पढ्नुपर्छ, अध्ययन गर्नुपर्छ (प्रकाश १:३; २ तिमोथी २:१५) र बाइबल सुन्नुपर्छ (प्रचार, शिक्षा सुन्न विश्वासयोग्य हुनुपर्छ) र बाइबललाई कण्ठ गर्नुपर्छ (भजन ११९:११)।

**३. विश्वासले आज्ञापलान गर्न कदम चाल्छ** (हिब्रू ११:८)

हेर्नू: याकूब १:२२। साँचो विश्वास भनेको केवल दिमागमा र हृदयमा मात्र सीमित हुने कुरा होइन; यो यस्तो कुरा हो जसले परमेश्वरको वचनअनुसार पाइला चाल्ने काम गर्छ। याकूबले सिकाउँछन् कामबिनाको विश्वास मरेको हुन्छ (याकूब २:२६)। त्यो साँचो विश्वास होइन।

विश्वासले ईश्वरीय बानीहरू बसाल्न कदम चाल्छ (जस्तै, मण्डलीमा उपस्थिति हुने बानी, हिब्रू १०:२५; बाइबल अध्ययन गर्ने बानी, २ तिमोथी २:१५; अन्तर्विन्तीको प्रार्थना गर्ने बानी, १ तिमोथी २:१-२)।

परमेश्वरले बोलाउनुहुँदा विश्वासले पाइला चाल्छ। परमेश्वरको बोलावटलाई "पछि, पछि" भन्नेहरूलाई येशूले चेताउनी दिनुभयो (लूका ९:५९-६२)।

**४. विश्वासले यस जीवनभन्दा पर हेर्छ** (हिब्रू ११:१०)

यसले स्वर्गमा साँचिएका धनहरूलाई हेर्छ (मत्ती ६:२०)। यसले ख्रीष्टको न्याय-आसनलाई हेर्छ (२ कोरिन्थी ५:१०)।

यसले मलाई अल्छी, स्वार्थी, शारीरिक, मनतातो हुनदेखि जोगाउँछ। जवानहरूले यसो गर्नुपर्छ। नयाँ विश्वासीहरूले यसो गर्नुपर्छ। व्यवसायीहरूले यसो गर्नुपर्छ। वृद्ध विश्वासीहरूले यसो गर्नुपर्छ। मेरी आमाले ७० वर्षको उमेरमा पुगेर दैनिक रूपमा बाइबल पढ्न थाल्नुभयो र त्यसबेलादेखि उहाँले वर्षमा दुईपटक बाइबल पूरै पढ्ने गर्नुभएको छ।

बाइबल टिप्पणीकार विलियम केली (William Kelly) का भान्जा विश्वविद्यालयमा पढ्न जाँदा तिनका मामाले उनलाई ग्रीक भाषा सिकाएका रहेछन् भन्ने कुरा त्यहाँका ग्रीक प्राध्यापकले जानेपछि तिनलाई ट्रिनिटी कलेज -- एक रोमन क्याथोलिक कलेज -- मा प्राध्यापकको पदको प्रस्ताव राखे। तिनलाई मान-इज्जत प्रदान गरियो र "प्रशस्त सम्पत्ति जोड्नुहुनेछ" भन्ने प्रतिज्ञा दिइयो। तिनको बुद्धिमानी जवाफ यस प्रकार थियो, "कुन संसारको निम्ति"?

**५. विश्वास जाँचिन्छ** (हिब्रू ११:१७)

विश्वासलाई सधैं जाँचिन्छ। त्यो साँचो छ कि छैन भनेर हेर्न र त्यसलाई खार्नलाई विश्वास जाँचिन्छ। उजाडस्थानमा यहूदीहरूको जीवनमा यसरी जाँच्ने काम भएको थियो (प्रस्थान ४:२९-३१; ५:४-२३)।

एकजनाले ख्रीष्टमा विश्वास गर्नेबित्तिकै उसको विश्वास जाँचिन्छ (मर्कूस ४:१८-१९) र ख्रीष्टिय जीवनभरी नै जाँचिने, बलियो बनाइने प्रक्रिया जारी रहन्छ (१ पत्रुस ५:१०)। जब विश्वासको कुनै नयाँ कदम लिइन्छ तब प्रत्येकपटक नै त्यो जाँचिन्छ, जस्तै मण्डली लगातार उपस्थित हुने निर्णय, बाइबल हरेक दिन पढ्ने निर्णय, निश्चित अंश प्रभुलाई नियमित दिने निर्णय, पत्नीलाई ख्रीष्टले मण्डलीलाई झैं प्रेम गर्ने निर्णय आदि। हाम्रो विश्वास साँचो हो कि सतही मात्र हो, परमेश्वर हेर्न चाहनुहुन्छ।

**६. विश्वासले हामीलाई साहस दिन्छ** (हिब्रू ११:२३)

जीवन थुप्रै डरहरूले भरिएको हुन्छ तर ख्रीष्टमा राखिएको विश्वासले सबै डरलाई माथ गर्दछ। हामी कुनै समस्या वा परिस्थितिसँग डराउनुपर्दैन किनकि सबै कुरा उहाँको हातमा छ (रोमी ८:२८)। हामी खानेकुराको लागि, लुगाको लागि डराउनुपर्दैन (मत्ती ६:३३; हिब्रू १३:५-६)। हामीले वृद्ध अवस्थाको डर मान्नुपर्दैन (भजनसङ्ग्रह ३७:२५)।

**७. विश्वासले विवेकी निर्णयहरू गर्छ** (हिब्रू ११:२४-२६)

मोशाले विश्वासैद्वारा एउटा विवेकी निर्णय गरे: फारोको छोरा भएर सजिलो जीवन बिताउनुको सट्टा उनले परमेश्वरका जनहरूसित थोरै दिनका लागि दुःख भोग्न नै रोजे। जीवनमा यस्ता मुख्य-मुख्य निर्णयहरू गर्नलाई विश्वासले हामीलाई पनि उही बुद्धि दिन सक्दछ: जस्तै, समाजलाई पछयाउने कि ख्रीष्टलाई; ख्रीष्टको लागि पूरै हृदय दिने कि नदिने (रोमी १२:१); संसारबाट अलग हुने कि नहुने (रोमी १२:२); परमेश्वरको सेवा गर्ने कि पैसाको (मत्ती ६:२४); अल्छी हुने कि मेहनती (हितो १३:४); परमेश्वरको कामको लागि प्रशस्त गरी दिने कि आफ्नै लागि राख्ने (२ कोरिन्थी ९:६)।

**८. विश्वासले जित्छ र सहन्छ** (हिब्रू ११:३२-३८)

जीवनका परीक्षाहरूमाथि कतिले जित्नका निम्ति विश्वास पाउँछन्, कतिले सहनका निम्ति। चाहे आगोलाई निभाइयोस्, चाहे हामीलाई जलाइयोस्, हामी विश्वास गर्न सक्छौं; चाहे सिंहको मुख बन्द गरियोस् चाहे त्यसले हामीलाई निलोस्; चाहे झ्यालखाना खोलियोस् चाहे हामी त्यहीँ मर्नु परोस्; चाहे हामीलाई निको पारियोस् चाहे नपारियोस्, बेच्न खोजिएको कुरा चाहे बिक्री होस् वा नहोस्, चाहे गोली रोकियोस् चाहे नरोकियोस्, हामीले भरोसा गर्नैपर्छ।

परमेश्वरले आफ्नो इच्छामुताबिक विश्वास दिनुहुन्छ; हामीले उहाँको इच्छा स्वीकार्नुपर्छ। त्यसैले येशूले पवित्र शास्त्रलाई "मेरो धीरजको वचन" को संज्ञा दिनुभयो (प्रकाश ३:१०)।

**निष्कर्ष**

परमेश्वरलाई उहाँको अनुग्रहका निम्ति र यस दुष्ट पुस्ताको बीचमा रहेर विश्वास गर्ने मौकाको लागि धन्यवाद होस्। के ख्रीष्टमाथि मुक्तिका निम्ति तपाईंले विश्वास गर्नुभएको छ? के आफ्नो जीवनलाई नै बदल्ने विश्वास तपाईंको छ (२ कोरिन्थी ५:१७)?

के बाइबलसित तपाईंको यस्तो घनिष्ट सम्बन्ध छ जसको फलस्वरूप तपाईंको विश्वास बढ्दै गइरहेको छ?

के तपाईंको विश्वास जाँचिदैछ? मात्र अघि बढ्दै जानुहोस्!

विश्वासको सवालमा मेरो जीवनकथा लेखियो भने त्यो कस्तो हुनेथ्यो? हरेक जीवन परमेश्वरका किताबहरूमा लेखिएको हुन्छ (हिब्रू ११:३९-४०)।

## ख्रीष्टिय जीवनमा विश्वास सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. बाइबलमा विश्वास सम्बन्धी मुख्य अध्याय कुन हो?
2. बिनाविश्वास परमेश्वरलाई खुसी पार्नु असम्भव छ भनेर कुन पदले बताउँछ?
3. विश्वास नदेखिएका कुराहरूको प्रमाण हो भनेर कुन पदले बताउँछ?
4. बाइबलीय विश्वासको पक्षमा त्यहाँ थुप्रै अचूक प्रमाणहरू छन् भनेर कुन पदले बताउँछ?
5. नरकमा पुगेको धनी मानिसलाई के जवाफ दिइयो जब उसले आफ्ना अविश्वासी दाजुभाइहरूले विश्वास गरोस् भन्ने हेतुले लाजरसलाई बौराईकन पठाइयोस् भन्ने अनुरोध गरे?
6. म आफ्नो विश्वास बढेको चाहन्छु भने मैले के गर्नुपर्छ?
7. कुन पदले "वचन पालन गर्नेहरू होओ, सुन्नेहरू मात्र होइन" भन्दछ?
8. कुन पदले "जसरी शरीर आत्माबिना मरेको हुन्छ, उसरी नै विश्वास पनि कामहरूबिना मरेको हुन्छ" भन्दछ?
9. विश्वास किन जाँचिन्छ?
10. कुन पदले "परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरा मिलेर भलाइ उत्पन्न गर्दछ" भन्दछ?
11. कुन पदले "मैले धर्मी जनलाई त्यागिएको देखेको छैन" भन्दछ?
12. मोशाको बुद्धिमानी रोजाइ के थियो?
13. सहने विश्वास भनेको के हो?

# परमेश्वरका हातहतियार

**कण्ठ गर्नुपर्ने पदहरू: एफेसी ६:१०-२०**

**परिचय**

1. संसार, शरीर र शैतानको विरुद्धमा हाम्रो एउटा भयङ्कर युद्ध चलिरहेको छ। तारन्तार लडाइँ र समस्या देखेर हामी छक्क पर्नु पर्दैन। सिपाहीहरू युद्ध रूचाउँदैनन् तर उनीहरूको काम नै त्यही हो। हामी स्वर्गमा पुगिसकेका छैनौं; हामी शत्रुकै भूमिमा छौं अनि युद्ध अन्त नभएसम्म हामी लडिरहनुपर्छ।

2. हामी परमेश्वरको सामर्थ्यमा उभिन्छौं; विश्वासीका हातहतियार परमेश्वरबाटका प्रबन्ध हुन् ("परमेश्वरका हातहतिरयार", एफेसी ६:११)। हामी आफ्नै सामर्थ्यमा उभिँदैनौं। विजय हाम्रै हो; हामीलाई शैतानको डर मान्नु छैन, तर उसको विरुद्धमा खडा हुनु र जागा रहनुचाहिँ आवश्यक छ।

3. हामीलाई हातहतियारको प्रबन्ध गरिएको त छ, तर हामीले त्यसलाई पहिरनु आवश्यक छ र त्यसलाई प्रयोग गर्न सिक्नु खाँचो छ।

**सत्यताले कसिएको कम्मर (एफेसी ६:१४)**

1. युद्धमा कम्मर सुरक्षित राख्नुपर्छ किनकि कम्मरमै घाइते भइयो भने लडाइँ गर्न सकिन्न।

2. सुरक्षा दिने कुरा सत्यता हो। यसले सच्चाइ, इमानदारितालाई जनाउँछ। परमेश्वर सत्यका परमेश्वर हुनुहुन्छ र उहाँका जनहरू सत्यवादीहरू हुनु आवश्यक छ। तर क्रेटीहरू "सधैं झूट बोल्ने" हरू थिए (तीतस १:१२-१३)। उनीहरू यसमा कुख्यात थिए! तर परमेश्वरको सन्तान कहिल्यै यस्तो हुनु हुँदैन।

3. झूटो बोली शैतानबाटको हो (यूहन्ना ८:४४) र यो पुरानो पाप स्वभावबाटको हो (एफेसी ४:२२-२५)। झूट बोल्ने काम अन्धकारबाटको हो; यो संसारबाटको हो; यसलाई हामीलाई फाल्नुपर्छ र नयाँ मान्छेलाई अर्थात् ख्रीष्टलाई पहिरनुपर्छ।

4. मानिसहरूले विभिन्न कारणले झूट बोल्छन्।

   1) मानिसहरू कतिपटक <u>डरले</u> झूट बोल्छन्। मिस्रमा जाँदा अब्राहामले आफ्नी पत्नीका बारेमा डरकै कारण झूट बोलेका थिए (उत्पत्ति १२:११-१३)। मान्छेको डरले गर्दा पत्रुसले आफ्नो प्रभुलाई इन्कार गरे (लूका २२:५५-६०)। बाइबलले बताउँछ, मान्छेको डरले पासोमा पार्छ (हितोपदेश २९:२५)।

   2) मानिसहरू कतिपटक <u>घृणाले</u> झूट बोल्छन् (हितोपदेश २६:२८)। मान्छेहरू अरूलाई चोट पुऱ्याउनलाई उनीहरूका बारेमा झूट बोल्छन्। शैतानले हव्वासित झूटा कुराहरू गर्नुको कारण यही थियो। झूटा हल्ला मच्चाउने कामलाई यसैले प्रेरणा दिएको हुन्छ। १९८० को दशकमा नेपालको बाइबल सोसाइटीका प्रमुखले मलाई बाइबलहरू जलाएको आरोप लगाइएको एउटा पत्र लेखेर मण्डलीहरूलाई पठाए, तर त्यो पूरै झूट थियो। उनले त्यसो गरे किनकि उनले मलाई प्रचार गर्नदेखि रोक्न चाहन्थे र मैले देश छोडेर गएको उनी चाहन्थे। हिन्दूहरू ख्रीष्टको नाम र काममाथि आघात पुऱ्याउन ख्रीष्टियनहरूका बारेमा झूटहरू फैलाउँछन्। जस्तै, नेपालका कुनै-कुनै हिन्दूहरू ख्रीष्टियनहरूले गाईको रगतमा नाङ्गै बप्तिस्मा लिनुपर्छ भन्ने झूटलाई फैलाउँछन्!

3) मानिसहरू लोभले झूट बोल्छन् (हितोपदेश २०:१४; २१:६)। किन्तुपर्दा वा बेच्नुपर्दा मान्छेहरू झूट बोल्छन्। साथै पद र अधिकारको लागि मान्छेहरू झूट बोल्छन्, जस्तै राजनीतिमा।

4) मानिसहरू स्वार्थ र घमन्डले झूट बोल्छन्। यस संसारमा सत्य बोल्नु कतिपटक असहज कुरा बन्न सक्छ। त्यसैले प्रेरित ५ मा हनानिया र सफिराले झूट बोले। उनीहरू एकदम आत्मिक भएको बहाना गरे अनि आफ्नो स्वार्थ लुकाउने प्रयासमा उनीहरूले झूट बोले।

झूटो बोलीले विश्वासीको आत्मिक कवचलाई नष्ट पार्छ र शैतानलाई उसको जीवनभित्र छिरेर काम गर्ने खुला ढोका दिन्छ।

## धार्मिकताको कवच (एफेसी ६:१४)

1. कवचले मुटुलाई ढाक्छ र यो सिपाहीको हातहतियारको ज्यादै महत्त्वपूर्ण भाग हो।

2. सुरक्षा दिने कुरा धार्मिकताको चालचलन हो। यसलाई एफेसी ४-६ मा बयान गरिएको छ: रिसलाई हटाउनु (४:२६), नचोर्नु (४:२८), काम गर्नु र अरूहरूलाई सहायतास्वरूप केही दिनु (४:२८), शुद्ध बोली (४:२९-३१; ५:४), दयालु र क्षमाशील हुनु (४:३२), व्यभिचार र अशुद्धतालाई फाल्नु (५:३), लोभलाई फाल्नु (५:३), अन्धकारका निष्फल कामहरूसँग कुनै सङ्गत नगर्नु (५:११), समयको सदुपयोग गर्नु (५:१६), अधीनतामा बस्ने पत्नी हुनु (५:२२), प्रेमिलो पति हुनु (५:२५), आज्ञाकारी छोरा वा छोरी हुनु (६:१), लागिपर्ने, कृपालु र बुद्धिमानी बुबा हुनु (६:४), मेहनती नोकर हुनु (६:५-८), न्यायी मालिक हुनु (६:९)।

## मिलापको सुसमाचारको तयारीका जुत्ता लगाइएका पाउहरू (एफेसी ६:१५)

1. विश्वासी जन शत्रुको इलाकाभित्र छिर्नुपर्छ र अघि बढ्दै जानुपर्छ। हामी पर्खालपछाडि लुकेर स्वरक्षात्मक युद्ध लड्नेहरू हुनुहुँदैन।

2. हामी सुसमाचार घोषणा गरेर नै शैतानको इलाकाभित्र छिर्दछौं। यो नै ठूलो ज्योति हो जसले अन्धकारलाई पछाडि धकेल्छ। येशूले दिनुभएको आज्ञा यही हो (मर्कूस १६:१५)। विश्वभरि सुसमाचार प्रचार गर्नू भन्ने आज्ञालाई नयाँ नियममा पाँच पटक दोहोऱ्याइएको छ (मत्ती २८; मर्कूस १६; लूका २८; यूहन्ना २०; प्रेरित १)।

3. सुसमाचार प्रचार गर्नलाई तयारी चाहिन्छ। विभिन्न खालका व्यक्तिहरूलाई सुसमाचार कसरी प्रचार गर्ने भनेर विश्वासीले सिक्नुपर्छ। पापीले उठाने तर्कहरूको सामना गर्न उसले सिक्नुपर्छ। यसले हामीलाई यो सम्झना गराउँछ, प्रत्येक मण्डली युद्धका लागि सिपाहीहरू तयार पार्ने तालिम केन्द्र बन्नुपर्छ।

4. जोहरू सुसमाचार फैलाउनलाई व्यस्त छैनन् उनीहरू शैतानबाट सुरक्षित छैनन् किनकि त्यस्ताहरू अनाज्ञाकारी भई जिइरहेका छन्।

## विश्वासको ढाल (एफेसी ६:१७)

1. उक्त ढाल विश्वासको ढाल हो।

शैतानले हाम्रो विश्वासमाथि अविश्वासका वाणहरू वर्षाउँछ। ती वाणहरू अग्निमय छन्, यसको मतलब ती निर्दयी छन्, घातक छन्, कडा छन्, अविरल छन्। शैतानले विश्वासीको परमेश्वरमाथिको विश्वासलाई आक्रमण गर्छ। उसले परमेश्वरको चरित्रमाथि आक्रमण गर्छ, जस्तो उसले हव्वासित गऱ्यो। उसलाई परमेश्वरले प्रेम गर्नुहुन्न, उसलाई

परमेश्वरले परित्याग गर्नुहुनेछ, उसलाई परमेश्वरले क्षमा दिनुहुन्न, उसका प्रार्थनाहरूको परमेश्वरले जवाफ दिनुहुन्न, परमेश्वर विश्वासयोग्य हुनुहुन्न, परमेश्वरका प्रतिज्ञाहरू सत्य छैनन्, परमेश्वरलाई खुसी पार्नु र ख्रीष्टिय जीवन जिउनु सम्भव छैन, परमेश्वर अविवेकी हुनुहुन्छ, उहाँ निर्धोलाई तर्साउने प्रवृत्तिको हुनुहुन्छ, परमेश्वर हामीलाई खालि दुःख दिन चाहनुहुन्छ भनेर शैतानले विश्वासीलाई पत्यार पार्न चाहन्छ। जन बन्यान (John Bunyan) ले आफ्नो पुस्तक "यात्रीको प्रगति" (Pilgrim's Progress) मा आफू नयाँ विश्वासी हुँदा शैतानको अविश्वासका वाणहरूसितको उसको भयानक लडाइँलाई बयान गरेका छन्। शैतानले परमेश्वरको वचनमाथि पनि आक्रमण गर्छ जसरी अदनको बगैंचामा हव्वासित उसले गरे।

<u>शैतानले परीक्षाको अग्निवाणहरूले आक्रमण गर्दछ</u> (१ इतिहास २१:१; प्रेरित ५:३)।

शैतानले शङ्कारूपी अग्निवाणहरूद्वारा आक्रमण गर्दछ। त्यसले शङ्का र लाञ्छनाद्वारा हामीले अर्काप्रति नराम्रो सोँच राखोस् भन्ने चाहन्छ, हाम्रा आफ्नै प्रेमीला नातागोताहरू, सबभन्दा नजिकका मित्रहरू र अति योग्य मण्डली अगुवाहरूप्रति समेत। हामीले यादमा राख्नुपर्छ, शैतान "भाईहरूलाई झूटा दोष लगाउने" दियाबलस हो (प्रकाश १२:१०)। शङ्कालाई सत्यद्वारा जाँच्नु नै विजयको उपाय हो। कुनै कुरा सत्य छ भन्ने प्रमाणबिना त्यसलाई विश्वास नगर्नुहोस्, चाहे त्यो आफ्नै विचार होस् वा तपाईंले सुनेको वा पढेको कुरा होस्। साथै हामीले आफ्ना हृदयहरूलाई अरूहरूप्रति कोमल र कृपालु राखेर शैतानका शङ्कारूपी अग्निवाणहरूमाथि विजय प्राप्त गर्दछौं (२ कोरिन्थी २:१०-११)।

विश्वास केवल परमेश्वरको वचनबाट आउँछ (रोमी १०:१७)। त्यसैले नै हो बाइबलसित विश्वासीको घनिष्ट सम्बन्ध हुनुपर्छ, पढ्दै, अध्ययन गर्दै, सुन्दै, कण्ठ गर्दै, मनन गर्दै यसमा अगाडि बढ्नुपर्छ। तपाईंले जति राम्ररी बाइबल जान्नुहुन्छ त्यति नै राम्ररी तपाईं शैतानबाटका अविश्वासका वाणहरूसित लड्न सक्नुहुन्छ। येशू यसरी नै शैतानमाथि विजयी बन्नुभएको थियो (लूका ४:१-१२)।

2. यो ढाल ज्यादै शक्तिशाली छ। विश्वासको ढालले शैतानका सबै अग्निवाणहरूलाई निभाउन सक्दछ। यो शक्तिशाली छ किनकि यो परमेश्वरकै अचूक वचनमाथि खडा रहेको छ (रोमी १०:१७)।

3. यो ढाल प्रयोगमा ल्याइनुपर्छ। यसलाई "उठाऊ" भनिएको छ। हामी त्यत्तिकै उभिरहनुहुन्न, लुक्नुहुन्न; हामी शैतानको क्षेत्रभित्र प्रवेश गर्नुपर्छ र उसको चाप्लुसी गर्नेहरूसित प्रत्यक्ष कुस्ती लड्नुपर्छ र ख्रीष्टका निम्ति विजयहरू हासिल गर्नुपर्छ।

## मुक्तिको टोप (एफेसी ६:१७)

1. यो टोप एकदम महत्त्वपूर्ण छ किनकि यसले टाउकाको अर्थात् विचारको रक्षा गर्छ। पेशागत बन्दुकधारीहरूलाई टाउकालाई ताकेर हान्न तालिम दिइन्छ किनकि त्यसलाई तारो बनाइँदा नै आक्रमण सबभन्दा प्रभावकारी हुन्छ।

2. विश्वासी आफ्नो मुक्तिमा निश्चित हुनु नै यो टोप हो, र शैतानको सबभन्दा कडा आक्रमणको तारो यही बिन्दुलाई बनाइएको हुन्छ। "परमेश्वरले तिमीलाई प्रेम गर्नुहुन्न; तिमी ख्रीष्टमा सुरक्षित छैनौ; तिमी मूल्यहीन छौ; तिमी होशियार भएनौ भने परमेश्वरले तिमीलाई त्याग्नुहोला; तिम्रो पाप गराइले परमेश्वर हैरान भइसक्नुभयो।" नयाँ जन्म पाएको विश्वासीले उसको मुक्ति गुमाउन सक्छ भन्ने शिक्षाले यस टोपलाई कमजोर तुल्याउँछ। यस टोपलाई राम्ररी लाउने हो भने विश्वासीले आफ्नो मुक्तिलाई बुझेको हुनुपर्छ। उसको मुक्ति पूर्ण र दामरहित होस् भन्ने हेतुले तिरिएको त्यो ठूलो मूल्यलाई उसले बुझेको हुनुपर्छ। उसको मुक्ति एउटा दान हो, भन्नाले परमेश्वरको अनुग्रहले दिलाइएको हो भन्ने कुरा उसले बुझेको हुनुपर्छ। नयाँ गरी जन्मनु भनेको के हो उसले बुझेको हुनुपर्छ र आफू नयाँ गरी जन्मेको छु भन्ने कुरामा निश्चित हुनुपर्छ। विश्वासीले अनुग्रह, विश्वास,

दान, धर्मी ठहराइनु, प्रायश्चित, उद्धार, मिलाप, आशालाई जति राम्ररी बुझ्दछ उत्तिकै उसको टोप बलियो हुन्छ। त्यसैले यस पाठ्यपुस्तकमा हामीले यी कुराहरूको चर्चा गरेका हौं।

**आत्माको तरवार (एफेसी ६:१७)**

आत्माको तरवार परमेश्वरको वचन बाइबल हो।

1. तरवार एक हमला गर्ने हतियार हो। फेरि पनि यसले हामीलाई हामी शत्रुको विरुद्धमा अगाडि नै बढ्नुपर्छ भन्ने कुराको सम्झना गराउँछ अर्थात् हामी केही नगरी उभिने वा आफैलाई जोगाउन खोज्ने मात्र हुनुहुँदैन।

2. तरवार धारिलो हुनुपर्छ। परमेश्वरका आत्माले हामीलाई म्यासोरेटिक हिब्रू पुरानो नियम र रिसिभ्ड ग्रीक नयाँ नियममा पूर्णरूपले धारिलो तरवार दिनुभएको छ। हाम्रा विभिन्न भाषाहरूमा हामीसँग सक्दो धारिला अनुवादहरू उपलब्ध छन्। बाइबलको कमजोर अनुवाद तरवार त हो तर त्यो बोधो हुन्छ र हुनुपर्ने जति शक्तिशाली र प्रभावकारी हुँदैन। अङ्ग्रेजी भाषामा सबैभन्दा धारिलो तरवार किङ्ग जेम्स बाइबल हो जुनचाहिँ सीधै हिब्रू र ग्रीक मूल लेखोटहरूबाट अनुवाद गरिएको हो र जुनचाहिँ अक्षरशः रूपमा, होशियारीपूर्वक र सुन्दर ढङ्गले अनुवाद गरिएको छ।

3. तरवार निपुणतापूर्वक चलाइनु खाँचो छ। एकजना तालिमप्राप्त तरवार चलाउनेको विरुद्धमा तरवारै चलाउन नजान्ने व्यक्ति लड्न गएको अनुमान गर्न सक्नुहुन्छ र? ऊ त टुक्रा-टुक्रा पारिनेछ। हामीले परमेश्वरको वचनलाई निपुणतापूर्वक प्रयोग गर्न सिक्नुपर्छ (२ तिमोथी २:१५; हिब्रू ५:१२-१४)। तरवार पवित्र आत्माको निजी हो भन्ने कुरा हामीले यादमा राख्नुपर्छ। पवित्र शास्त्रलाई सठीक व्याख्या गर्न हामीलाई सक्षम तुल्याउने पवित्र आत्मा हुनुहुन्छ। हामीले यदि आफ्नै क्षमतामा बाइबल अध्ययन गर्‍यौं भने हामीले यसलाई ठीकसँग व्याख्या गर्न सक्नेछैनौं। हामीले आत्मासितको सङ्गतिमा बाइबललाई अध्ययन गर्नुपर्छ र डोर्‍याइनलाई उहाँमा भर पर्नुपर्छ।

**प्रार्थना (एफेसी ६:१८-२०)**

प्रार्थना हाम्रो आत्मिक हातहतियारको एउटा महत्त्वपूर्ण भाग हो; यो ढाक्ने सुरक्षा हो।

1. हामीले सधैं प्रार्थना गर्नुपर्छ। यसको माने दिनभरि नै प्रार्थना गर्नु हो।

2. हामीले आत्मामा प्रार्थना गर्नुपर्छ। यसको माने आत्माको नियन्त्रणमा हुनु हो, उहाँको अगुवाइलाई पछ्याउनु, उहाँलाई शोकित नपार्नु।

3. हामी जागो रही अरूका निम्ति अन्तर्विन्ती गर्दै प्रार्थना गर्नुपर्छ। योचाहिँ हाम्रै लगायत अरूहरूको आत्मिक सुरक्षाको महत्त्वपूर्ण भाग हो।

4. हामी प्रयत्नसाथ प्रार्थना गर्नुपर्छ, नथाकीकन, पछि नहटीकन। प्रभावकारी प्रार्थनाको सबभन्दा महत्त्वपूर्ण सिद्धान्तहरूमध्ये एउटा यही हो।

5. हामीले प्रस्ट मागहरूसहित प्रार्थना गर्नुपर्छ (एफेसी ६:१९)। अन्तर्विन्तीका प्रार्थनाहरूले निश्चित कुराहरूको माग गर्दछ।

## परमेश्वरका हातहतियार सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. विश्वासीका हतियारहरूलाई किन "परमेश्वरका हातहतियार" भनिएको छ?

2. विश्वासीको कम्मरलाई कुन कुराले सुरक्षा दिन्छ?
3. कुनचाहिँ मानिसहरूलाई बाइबलमा "सधैं झूट बोल्नेहरू" भनिएको छ?
4. झूटको बाबु को हो?
5. मानिसहरूले झूट बोल्ने चारओटा कारणहरू के-के हुन्?
6. मान्छेको डर उसको लागि पासो हो भनेर कुन पदले बताउँछ?
7. झूट बोल्ने जिब्रोले जसलाई घायल पारेको छ, त्यसले तिनीहरूलाई घृणा गर्छ भनेर कुन पदले बताउँछ?
8. झूट बोलेका हुनाले हनानिया र सफिरालाई परमेश्वरले के गर्नुभयो?
9. विश्वासीको हृदयलाई रक्षा गर्ने कुरा के हो?
10. एफेसीको पत्रमा बयान गरिएको धार्मिकताको जीवन जिउने केही तरिकाहरू के-के हुन्?
11. विश्वासीका आत्मिक जुत्ताहरू के हुन्?
12. सारा संसारलाई सुसमाचार प्रचार गर्नुपर्छ भन्ने आज्ञा नयाँ नियममा कतिपटक दोहोऱ्याइएको छ?
13. शैतानका अग्निमय वाँणहरूलाई निभाउन सक्ने विश्वासीको ढाल के हो?
14. शैतानका अग्निमय वाँणहरू के हुन्?
15. विश्वास कहाँबाट आउँछ?
16. रोमी सिपाहीहरूले प्रयोग गर्ने गरेका दुई किसिमका ढालहरू कुन-कुन थिए?
17. विश्वासीको टोप के हो?
18. विश्वासीलाई उक्त टोपलाई कसरी पहिरन्छ?
19. आत्माको तरवार के हो?
20. विश्वासीले आफूलाई परमेश्वरको सामु ग्रहणयोग्य ठहराउने हेतुले सत्यको वचनलाई ठीक-ठीकसँग छुट्ट्याउनलाई प्रयत्न गर्नुपर्छ भनेर कुन पदहरूले सिकाउँछ?
21. बाइबललाई हामीले सठीक रूपमा व्याख्या गर्न कसरी सक्छौं?
22. एफेसी ६:१८-२० मा प्रार्थना सम्बन्धी पाँचओटा पाठहरू के-के छन्?

# मण्डली

**कण्ठ गर्नुपर्ने पदहरू: मत्ती १६:१८; प्रेरित २:४०-४२; १ तिमोथी ३:१५; हिब्रू १०:२५**

**मण्डलीको महत्त्व**

१. मण्डलीलाई स्थापना गर्नुभएको येशूले हो; यो नै वर्तमान युगका लागि उहाँबाटको संरचना हो, महान् आज्ञा पूरा गराउने उहाँको माध्यम हो (मत्ती १६:१८; २८:१८-२०)।

२. मण्डली परमेश्वरको घर हो, सत्यको खाँबो र जग हो (१ तिमोथी ३:१५)। यस अन्धकारपूर्ण संसारलाई चाहिएको कुरा नै सत्यता हो अनि संसारले सत्यलाई देख्न सकून् भनेर नै येशूले मण्डलीलाई सत्यको जग हुनलाई र सत्यलाई उचाल्नलाई त्यसको सृजना गर्नुभयो। सत्यको प्रतिरक्षा गर्नु, परमेश्वरका जनहरूलाई त्यसमा तालिम दिनु र विश्वभरि त्यसको घोषणा गर्नु मण्डलीको जिम्मेवारी हो।

३. प्रेरितदेखि प्रकाशसम्म, मण्डली मुख्य विषयवस्तुको रूपमा भेटिन्छ। यो ११० पटक उल्लेख भएको छ। प्रेरितको पुस्तकमा प्रथम मण्डलीहरूको स्थापना भएको पाउँदछौं। नयाँ नियमको अधिकांश भाग मण्डलीहरूलाई सम्बोधन गरी लेखिएको छ, जस्तै रोमको मण्डलीलाई र कोरिन्थको मण्डलीलाई। प्रकाशको पुस्तक सातओटा निश्चित मण्डलीहरूलाई सम्बोधन गरी लेखिएको छ (प्रकाश १:४)। साथै कुनै निश्चित मण्डलीलाई सम्बोधन नगरिएका पत्रहरूमा पनि मण्डलीलाई नै दृष्टिगत गरिएको पाइन्छ। जस्तै, हिब्रूको पुस्तक मौलिक रूपमा यहूदी विश्वासीहरूलाई लक्षित गरेर लेखिएको भए तापनि त्यसमा माण्डलिक जीवन सम्बन्धी निकै जोडदार अर्तीहरू भेटिन्छन् (हिब्रू १०:२५; १३:७, १७)। याकूबको पत्रको सवालमा पनि उही कुरा भन्न सकिन्छ (जस्तै, याकूब ५:१४), साथै पत्रुसको पत्र (१ पत्रुस ५:१-४) र यूहन्नाका पत्रहरूको सवालमा पनि (३ यूहन्ना ९-११)।

पवित्र शास्त्रले ख्रीष्टियनहरूलाई दिएको नमुना भनेको मण्डलीप्रति समर्पित हुनु र त्यसका सेवाहरू र कार्यहरूमा विश्वासयोग्य बन्नु हो।

**मण्डलीको स्वायत्तता (autonomy): मण्डली र मण्डलीहरू**

कुनै इलाकामा भएका मण्डलीहरूको एउटा समूहलाई सम्बोधन गर्नुपर्दा बाइबलले मण्डली (एकवचन) भन्ने शब्दावली प्रयोग गर्दैन। त्यस्तो अवस्थामा, सधैँ मण्डलीहरू (बहुवचन) प्रयोग गर्दछ -- गलातीयाका मण्डलीहरू (१ कोरिन्थी १६:१), म्यासिडोनियाका मण्डलीहरू (२ कोरिन्थी ८:१), यहूदीयाका मण्डलीहरू (गलाती १:२२), एशियाका मण्डलीहरू (प्रकाश १:४)। 'नेपालको मण्डली' वा 'अमेरिकाको मण्डली' जस्ता शब्दावली बाइबलीय होइनन्। 'मण्डली' शब्दावलीको यस्तो किसिमको प्रयोग रोमन क्याथोलिक चर्चबाट आएको हो र प्रोटेस्टेन्टहरूले रोमबाट निस्केपछि पनि यसलाई निरन्तरता दिएका हुन्।

प्रेरितहरूले मण्डलीलाई एउटै शिर, ख्रीष्टको अधीनतामा रहनुपर्ने एउटा स्वायत्त संस्थाको रूपमा स्थापित गरे। प्रत्येक मण्डलीको आफ्नै अगुवाहरू हुन्छन्, आफ्नै कार्ययोजना हुन्छन्। यो नमुना पावलको पहिलो मिसनरी यात्रादेखि शुरु भएको पाइन्छ (प्रेरित १४:२३)।

१ तिमोथी ३:१५ मा 'परमेश्वरको घर' भनेर उल्लेख गरिएको मण्डली एल्डर तथा डिकनहरू भएको मण्डली हो (१ तिमोथी ३:१-१४)।

यो कुरा प्रकाश १:४ मा देख्न सकिन्छ जहाँ प्रत्येक मण्डलीलाई छुट्टाछुट्टै गरी सम्बोधन गरिएको छ। प्रकाश १:१२-१३ मा येशू मण्डलीहरूको बीचमा उभिरहनुभएको छ, जो मण्डलीहरू सुनका सामदानहरूले जनाइएका

छन्। पुरानो नियमको भेट हुने पालभित्र एउटा मात्र सामदान थियो, तर नयाँ नियमको प्रबन्धमा त्यहाँ धेरैओटा समादानहरू छन् किनकि प्रत्येक नै एउटा ज्योति हो। प्रत्येक मण्डली नै "सत्यको खाँबो र जग हो" (१ तिमोथी ३:१५)।

**मण्डलीमा सदस्यता**

मण्डली सदस्यताको सिद्धान्त प्रेरितको पुस्तकमा पाइन्छ जुन कुराको अभ्यास पहिलो मण्डलीदेखि नै शुरु भएको पाइन्छ। प्रेरित १:१५ मा सदस्यहरूको नामावली राखिएको देखिन्छ। प्रेरित २:४१ मा पेन्टेकोस्टका दिनमा बचाइएकाहरू "तिनीहरूमा थपिए" भन्ने कुरा पाउँछौं। यसको माने पन्ध्रौं पदमा पहिल्यै उल्लेख भएकाहरूको जमातमा थपिए भन्नु हो। बचाइएका र बप्तिस्मा गरिएकाहरू मण्डलीमा थपिएका थिए। मण्डली सदस्यताको अभ्यास थियो त्यो।

केंख्रेयामा भएको मण्डलीकी फिबी (रोमी १६:१) र कलस्सेका मण्डलीका ओनेसिमस र एपाफ्रास (कलस्सी ४:९, १२) का उदाहरणहरूले हामीलाई मण्डली सदस्याताको सिद्धान्त सिकाउँदछन्। यी विश्वासीहरू अन्य ठाउँहरूमा कामकाजले जानुपर्दा पनि उनीहरूको आ-आफ्ना स्थानीय मण्डलीसितको आवद्धतालाई कायम राखिएको छ।

<u>मण्डली सदस्यता आवश्यक हुनुका चारओटा कारणहरू</u>

मण्डलीका धेरै कुरा जस्तै मण्डली सदस्यता पनि एउटा व्यावहारिकताको विषय हो। मण्डलीमा सदस्यता भन्ने कुरा नै भएन भने, को-को मण्डलीभित्रका हुन् र को-को यसबाहिरका हुन् कसरी जान्ने?

१. मण्डली सदस्यता आवश्यक पर्छ किनकि प्रत्येक मण्डली एउटा शरीर हो र एउटा परिवार हो।

यद्यपि परमेश्वरको बृहत् परिवार पनि छ, प्रत्येक मण्डली आफैंमा पनि एउटा परिवार हो र त्यसको आफ्नै कार्ययोजनाहरू हुन्छन्। नयाँ नियममा प्रत्येक मण्डली आ-आफ्नै सदस्यहरूसहितको एक आत्मिक शरीर पनि हो। पावलले कोरिन्थको मण्डलीलाई भने, "अनि एउटा अङ्गले दुःख पायो भने सबै अङ्गहरूले त्योसँगै दुःख भोग्छन्; अथवा एउटा अङ्गले आदर पायो भने सबै अङ्गहरूले त्योसँगै आनन्द मनाउँछन्। अब तिमीहरू ख्रीष्टको शरीर हौ, र एक-एक गरी चाहिँ अङ्गहरू हौ" (१ कोरिन्थी १२:२६-२७)। यस वर्तमान संसारमा "ख्रीष्टको शरीर" को सर्वोपरि व्यावहारिकता स्थानीय मण्डलीमा नै अभ्यास हुने कुरा हो।

२. सत्यमा एकता कायम राख्नलाई मण्डली सदस्यता आवश्यक पर्छ।

शिक्षा र अभ्यासमा विश्वासीहरूको एउटै मन हुनुपर्छ भनेर बाइबलले आवश्यक ठान्दछ (१ कोरिन्थी १:१०)। यसैकारणले हो हाम्रो मण्डलीको एउटा विश्वासको विस्तृत विवरण छ र हरेक सदस्य त्यसमा सहमत हुनुपर्छ भन्ने माग राख्दछौं। सदस्यताबिना परमेश्वरले माग राख्नुभएअनुसार झूटा शिक्षकहरूलाई मण्डलीभित्र छिर्नदेखि रोक्ने र सत्यतामा हाम्रो एकता कायम राख्ने उपाय हुँदैन।

३. अनुशासन कायम राख्नलाई मण्डली सदस्यता आवश्यक पर्छ (१ कोरिन्थी ५:११-१३)।

१ कोरिन्थी ५ मण्डली अनुशासन सम्बन्धी हो र पद १२ मा हामी देख्छौं त्यहाँ तिनीहरू छन् जो मण्डलीभित्रका हुन् र अरू जो मण्डलीबाहिरका हुन्। कुनै पनि एक माण्डलिक जमातले को भित्रका हुन् र को बाहिरका हुन् र को अनुशासनमा राखिएका छन् र को छैनन् भनेर कसरी जान्न सक्दछ यदि त्यहाँ कुनै न कुनै किसिमको सदस्यता प्रणाली छैन भने? हामीले अघि नै भनिसक्यौं, यो व्यावहारिकताको सवाल हो। बाबुआमाले अरू मानिसका छोराछोरीलाई अनुशासन गर्न सक्दैनन्, र त्यसरी नै एउटा मण्डलीले आफ्नै परिवारको सदस्य नभएकाहरूलाई अनुशासन गर्न सक्दैनन्। साथै पद ११ अनुसार अनुशासनमा राखिएकाहरूले अरू सदस्यहरूसित खान सक्दैनन् भनिएको छ; यसले व्यक्तिगत सङ्गति र प्रभु-भोज दुवैलाई समेट्दछ। आफ्ना सदस्यहरूको सवालमा अनुशासन

कायम राख्नलाई मण्डली परमेश्वरका सामु जिम्मेवार हुन्छ र अनुशासनमा राखिएकाहरूले प्रभु-भोज लिन सक्दैनन्। त्यसैले को परिवारभित्रका हुन् र को बाहिरका हुन् भनेर मण्डलीले छुट्ट्याउन सक्ने उपाय हुनु आवश्यक देखिन्छ।

४. अधिकारको निम्ति मण्डली सदस्यता आवश्यक छ।

नयाँ नियममा तीन पटक मण्डलीमा हामीमाथिका "अगुवाहरू" को उल्लेख छ (१ थेस्सलोनिकी ५:१२; हिब्रू १३:७,१७)।

यी पवित्र शास्त्रहरू अनुसार हरेक विश्वासी मण्डली अगुवाहरूको अधिकारमुनि रहनुपर्छ। यदि सदस्यता भन्ने कुरा छैन भने मण्डली अगुवाहरूले कसरी आफूहरूले अगुवाइ गर्नुपर्नेहरू को हुन् भनेर जान्न सक्नेछन् र? के मण्डलीमा आउने जोकोहीलाई अगुवाइ गर्ने अधिकार हुन्छ र पास्टरहरूसँग? अवश्य हुँदैन; त्यहाँ कुनै न कुनै सदस्यता प्रणाली हुनु जरुरत छ जसमा मण्डलीले नयाँ सदस्यहरूलाई स्वागत गर्ने एउटा मानदण्ड हुन्छ र सदस्यता चाहनेको हकमा एउटा समर्पणताको आवश्यकता पर्ने हुन्छ।

बिगतदेखि केही विश्वासीहरू मण्डली सदस्यताको सम्बन्धमा मसित असहमत भएका छन्। उनीरूलाई मुक्तिद्वारा ख्रीष्टको अङ्ग हुनुबाहेक अन्य कुनै सदस्यताको खाँचो छैन भन्ने कुरामा उनीहरू विश्वस्त छन्, र कति पटक पास्टरीय अधिकारको सवालमा उनीहरूको नकारात्मक धारणा भएको पाइएको छ। मैले एकपटक एकजना मण्डली डुलुवालाई प्रश्न गरेँ, "तपाईंमाथि कसले शासन गर्छ?" तिनले भने, "ख्रीष्टले"। मैले भने, "तर हिब्रू १३:७ र १७ ले त ख्रीष्टकै बारेमा नभएर मण्डली अगुवाहरूको कुरा गरेको छ नि।" तिनी निरुत्तर भए।

त्यस्ता गाउँ-शहर हुन्छन् जहाँ एउटै खाँटी नयाँ नियम मण्डली भेट्टाउन सकिन्न। त्यस्तो परिस्थितिमा एक विश्वासीजनले परमेश्वरको अगुवाइ खोज्दै जे सर्वोत्तम छ त्यो नै गर्नुपर्छ, तर यो भनेको सामान्य नियमको कुरा नभएर अपवादको कुरा हो। म आफै त्यस्तो परिस्थितिमा पर्न गएँ भने, म कि त एउटा असल मण्डली शुरु गर्नलाई मैले गर्न सक्ने जे छ त्यो भ्याएसम्म गर्नलाई प्रयास गर्नेथिएँ, कि त म त्यस्तो मण्डलीको एक विश्वासयोग्य सदस्य बन्न सक्नलाई अर्को ठाउँमा बसाइ सर्नेथिएँ। साथै म त्यस्ता विश्वासीहरूलाई पनि चिन्छु जो एउटा असल मण्डलीमा उपस्थित हुनलाई एक वा बढी घण्टा गाडी चढेर जाने गर्छन्। भन्नुपर्दा, म एउटा जोडीलाई चिन्छु जो तीन घण्टा गाडी चढ्छन् (दुईतर्फी गर्दा ६ घण्टा) किनकि आफ्नो घरबाट त्यो भन्दा नजिकमा कुनै असल मण्डली छैन र हालमा उनीहरूको बसाइ सर्न सक्ने स्थिति पनि छैन।

**मण्डलीप्रतिको विश्वासयोग्यता**

हरेक विश्वासी मण्डलीप्रति विश्वासयोग्य हुनुपर्छ। यो महत्त्वपूर्ण कुरा हो र यसका कारणहरू निम्न प्रकार छन्:

१. विश्वासीलाई मण्डलीको <u>शिक्षा र प्रचार</u> चाहिन्छ (प्रेरित २:४२; कलस्सी १:२८)। विश्वासीहरूलाई तालिम दिनलाई र चेला बनाउनलाई परमेश्वरले नियुक्त गर्नुभएको बाइबल इन्स्टिट्यूट भनेको नै मण्डली हो। मण्डलीहरूलाई बगालको वृद्धि र उन्नति गर्न अनि भ्रमहरूबाट त्यसको सुरक्षा गर्नका लागि परमेश्वरले सेवकाइमुखी दानयुक्त व्यक्तिहरू दिनुहुन्छ (एफेसी ४:१२-१५)।

२. विश्वासीलाई अरू ख्रीष्टियनहरूको <u>सङ्गति</u> चाहिन्छ (प्रेरित २:४२)। प्रभुलाई प्रेम गर्ने उस्तै मन भएका दाजुभाई तथा दिदीबहिनीहरूसितको सङ्गति भनेको ख्रीष्टिय हुर्काइको र भ्रमहरूदेखिको सुरक्षाको आवश्यक भाग हो।

३. विश्वासीलाई <u>प्रभु-भोज</u> चाहिन्छ (प्रेरित २:४२)। "रोटी भँचाइ" भन्नाले प्रभु भोज भन्ने बुझिन्छ र साथै खानपानको साथमा हुने सङ्गति पनि बुझिन्छ। प्रभु-भोज एक मण्डलीले गर्ने प्रभुबाटको आज्ञा (ordinance) हो।

नयाँ नियममा यो सधैं एक माण्डलिक कार्य हो (१ कोरिन्थी ११:२०-३४)। जे. भर्नन मक्गी (J. Vernon McGee) जस्ता कोही-कोही "रेडियो पास्टरहरू" ले आफ्ना रेडियो स्रोताका समूहहरूलाई प्रभु भोज कार्य गर्ने गराउँछन्, तर यो बाइबलसम्मत छैन। एउटा रेडियो कार्यक्रम मण्डली होइन, र रेडियो वा टेलिभिजन वा इन्टरनेटमार्फत सुनिने कुनै प्रचारकलाई आफ्नो पास्टर भन्न मिल्दैन।

४. विश्वासीलाई प्रार्थनाहरू चाहिन्छ (प्रेरित २:४२)। पहिलो मण्डलीको प्रसङ्‌गमा उल्लेखित चारओटा अनिवार्य आत्मिक क्रियाकलापमध्येमा प्रार्थना एउटा हो। यसले माण्डलिक प्रार्थनालाई जनाउँदछ।

५. विश्वासीलाई अन्य दाजुभाई तथा दिदीबहिनीबाटको अर्तीपूर्ण सेवा चाहिन्छ (हिब्रू १०:२४-२५)। माण्डलिक सभा भनेको खालि उपस्थित भई बसेर हेर्ने एउटा मुक दर्शक खेल जस्तो मात्र होइन। हरेक विश्वासी अरू दाजुभाई तथा दिदीबहिनीहरूलाई कसरी सहायता र आशिष बन्न सक्छु भन्दै परमेश्वरसित प्रार्थना गर्दै मण्डलीमा उपस्थित हुनुपर्छ। हामीले एक-अर्कालाई असल-असल कामहरूका निम्ति हौसला दिनुपर्छ र प्रभुमा एक-अर्कालाई अर्ती दिनुपर्छ।

६. विश्वासीलाई आत्मिक सुरक्षा चाहिन्छ ("त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै बेसी हामी यसो गर्ने गरौं", हिब्रू १०:२५)। मण्डली एउटा परिवार जस्तो हो; परमेश्वरका सन्तानका लागि यो एउटा पालनपोषण र सुरक्षाको ठाउँ हो। ख्रीष्टको आगमन नजिकिँदै जाने क्रममा त्यहाँ थुप्रै शक्तिशाली आत्मिक शत्रुहरू हुनेछन् र झन्-झन् प्रबल बन्दै जानेछन् भनेर बाइबलले चेताउनी दिएको छ। मण्डलीमा उपस्थित हुनलाई जो हेलचेक्र्याइँ गर्छन् र जोहरू त्यति समर्पित हुँदैनन् तिनीहरू संसार, शरीर र शैतानद्वारा निलिने खतरामा छन् (१ पत्रुस ५:८)।

७. विश्वासीलाई अनुशासनको सेवा चाहिन्छ (१ कोरिन्थी ५)। हामीले मण्डली अनुशासनलाई माथि नै उल्लेख गरिसकेका छौं तर हरेक विश्वासी मण्डलीको अधिकारप्रति जवाफदेही हुनुपर्छ। बच्चाले अनुशासन गर्दैन तर उसलाई अनुशासन चाहिन्छ; त्यस्तै गरी ख्रीष्टियनलाई पनि चाहिन्छ।

८. विश्वासीले आफ्ना आत्मिक वरदान र सेवाबाट योगदान दिनुपर्छ (१ कोरिन्थी १२:१२-२७; १ पत्रुस ४:१०)। मण्डली भनेको धेरैजना अङ्‌ग मिलेर बनेको शरीर हो जसमा ती अङ्‌गहरूका परमेश्वरबाट पाएका फरक-फरक वरदानहरू र सेवाहरू हुन्छन्। यदि विश्वासीले मण्डलीको बेवास्ता गर्छ र ठीक तरिकाले ऊ सहभागी हुन मान्दैन भने मण्डली कमजोर तुल्याइँदछ र यस संसारमा त्यसबाट पूरा हुनुपर्ने परमेश्वरको योजना पूरा हुन पाउँदैन। हरेक विश्वासीले सोध्नुपर्छ, "म कुन सेवामा भाग लिन सक्छु? मण्डलीमा म कसरी प्रभुको सेवा गर्न सक्छु? मेरो भाग के हो?" ऊ परमेश्वरमा बलियो बन्न खोज्नुपर्छ, र परमेश्वरको वचनबाट झन्-झन् बुद्धि प्राप्त गर्न खोज्नुपर्छ ताकि उसले आफ्नो स्थान र सेवा जान्न सकोस्।

९. विश्वासीले आफ्ना दसौं अंश र भेटीहरूबाट योगदान दिनुपर्छ (मलाकी ३:१०)। मोशाद्वारा दिइएको व्यवस्थाको प्रबन्धअन्तर्गत दसौं अंश र भेटीहरू मन्दिरमा ल्याइन्थे तर दसौं अंश दिने अभ्यास मोशाभन्दा पनि पहिलाको प्राचीन समयदेखिको हो। अब्राहामले परमेश्वरका त्यसबेलाका पूजाहारी मेल्किसेदेकलाई दसौं अंशहरू दिए (उत्पत्ति १४:१८-२०)। नयाँ नियमका विश्वासीहरूको सवालमा दसौं अंश दिने काम एउटा राम्रो शुरुआत हो भन्ने हामी विश्वास गर्छौं। परमेश्वरका जनहरूले विश्वासयोग्य भई दसौं अंश दिन्छन् भने मण्डलीका खाँचोहरू पूरा भइरहनेछन्। दसौं अंश दिने काम बुद्धिमानी, न्यायोचित योजना हो; जससँग धेरै छ उसले धेरै दिन्छ। तर हामीले परमेश्वरलाई दिने दसौं अंश मात्र हो भनेर सोच्नुहुँदैन। वास्तवमा मोशाको व्यवस्था अन्तर्गत "दसौं अंश" भनेको आफ्नो आम्दानीको कम्तीमा २०% हुन्थ्यो। इस्राएलीहरूले आफ्ना सबै आम्दानीको १०% दिनुपर्थ्यो (गन्ती १८:२४-२८; नहेम्याह १०:३८), र त्यसबाहेक उनीहरूले वार्षिक चाडहरूमा भेटीहरू ल्याउनुपर्थ्यो (जसलाई चाडको दसौं अंश वा दोस्रो दसौं अंश भनिन्थ्यो)। साथै उनीहरूले गरीबहरूलाई पनि दिनुपर्थ्यो। पहिलो मण्डलीको नमुना भनेको विश्वासीहरूले आफ्ना भेटीहरूलाई मण्डलीमा ल्याई अगुवाहरूको सामु राखिदिनुपर्थ्यो (प्रेरित

४:३४-३७); उक्त उदाहरणमा दसौं अंशको कुरा त थिएन, तर यसले के चाहिँ देखाउँछ भने विश्वासीहरूले दिने काम मण्डलीमा र मण्डलीद्वारा गर्थे र भेटीहरू मण्डलीका अगुवाहरूको जिम्मामा सुम्पिइन्थे।

## मण्डली सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. मण्डली महत्त्वपूर्ण छ भनेर हामीले जान्न सक्ने तीनओटा आधार के-के हुन्?
2. कुनचाहिँ पदले मण्डली सत्यको खाँबो र जग हो भन्ने कुरा बताउँछ?
3. यसको माने के हो?
4. मण्डली नयाँ नियममा कतिपटक उल्लेख छ?
5. प्रकाशको पुस्तक कसलाई सम्बोधन गरिएको छ?
6. “अमेरिकाको मण्डली” वा “नेपालको मण्डली” जस्ता शब्दावली किन गलत छन्?
7. फिबी कुनचाहिँ मण्डलीका सदस्य थिइन्?
8. हामीलाई मण्डली सदस्यता आवश्यक पर्ने चारओटा कारणहरू के-के हुन्?
9. मण्डलीको एउटै मन हुनुपर्छ भनेर कुन पदले बताउँछ?
10. कुन पुस्तकको कुन अध्यायले मण्डली अनुशासनको बयान गर्दछ?
11. आफ्नो अनुशासनमा राखिएका को-को हुन् भनेर एउटा मण्डलीले कसरी जान्दछ?
12. मण्डलीमाथि “शासन” गर्नेहरूको बारेमा बताउने तीनओटा खण्डहरू कुन-कुन हुन्?
13. हरेक विश्वासीलाई मण्डलीप्रतिको विश्वासयोग्यता महत्त्वपूर्ण हुनुको नौओटा कारणहरू के-के हुन्?
14. विश्वासीले मण्डली सभालाई त्याग्नुहुन्न भन्ने कुरा कुन पदले बताउँछ?

# बाइबल

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: भजनसङ्ग्रह ११९:१०५; लूका २४:२७; रोमी १५:४**

**बाइबल के हो?**

बाइबल, परमेश्वरले आफूलाई मानवजातिकहाँ प्रकट गर्नलाई दिनुभएको पुस्तक हो। यसले जीवनका सबै महत्त्वपूर्ण प्रश्नहरूको उत्तर दिन्छ जस्तै, परमेश्वर को हुनुहुन्छ? मानिसको उत्पत्ति कहाँबाट भयो? जीवनको उद्देश्य के हो? यो संसार किन दुःखकष्टले भरिएको छ? मान्छे किन मर्छ? मृत्युपछि के हुन्छ? मान्छे कसरी परमेश्वरसित ठीक सम्बन्धमा गाँसिन सक्छ? येशू को हुनुहुन्छ? उहाँ किन मर्नुभयो? भविष्यमा के हुनेवाला छ?

बाइबल परमेश्वरले चुन्नुभएका करिब ४० जना अगमवक्ताहरूद्वारा लेखियो अनि तिनीहरूले परमेश्वरले उनीहरूलाई दिनुभएका शब्दहरू लेखे (२ पत्रुस १:२१)। यो करिब १६०० वर्षको, करिब १५०० ई. पू. देखि ९० एडीसम्मको, अवधिभित्र लेखियो।

"बाइबल" भन्ने शब्द ग्रीकको "बिब्लोस्" बाट आउँछ जसको माने "पुस्तक" हो। बाइबल एउटै पुस्तक हो र यसले एउटै स्वरमा बोल्छ, तर यो मुख्य दुईटा खण्डमा विभाजित छ -- पुरानो नियम र नयाँ नियम। अझ, बाइबलमा ६६ ओटा छुट्टै पुस्तकहरू छन्: पुरानो नियममा ३९ पुस्तकहरू, नयाँ नियममा २७। पुस्तकहरू अध्यायहरूमा विभाजित छन् र हरेक अध्याय पदहरूमा विभाजित छन् ताकि खण्डहरूलाई खोज्न सहज होस्। जस्तै, यूहन्ना ३:१६ ले यूहन्नाको पुस्तक, त्यसको तेस्रो अध्यायको १६ औं पदलाई जनाउँछ।

"नियम" ले करार वा सम्झौतालाई जनाउँदछ।

**पुरानो नियम** (OLD TESTAMENT) मोशाको व्यवस्थाद्वारा मानिससितको परमेश्वरको करार हो। व्यवस्था, परमेश्वरको पवित्रता र मानिसको पापी अवस्था प्रकट गरी येशूको आगमनको लागि बाटो तयार पार्ने उद्देश्यमा दिइएको थियो (रोमी ३:१९-२०)।

पुरानो नियम मूलतः हिब्रू भाषामा लेखियो।

पुरानो नियम निम्न प्रमुख खण्डहरूमा विभाजित छ:

व्यवस्था (The Law) -- उत्पत्तिदेखि व्यवस्था। यस खण्डलाई पञ्चग्रन्थ (Pentateuch, अर्थात् "पाँच पुस्तकहरू") भनिन्छ। यसले आकाश र पृथ्वीको सृष्टि, अदनको बगैँचामा मानिसको पतन, नूहको समयको विश्वव्यापी जलप्रलय, बाबेलको धरहरा र भाषाहरूको उत्पत्ति, अब्राहामको बोलावट र उसका छोराहरूबाट यहूदी जातिको शुरुआत, मिस्रदेशमा इस्राएलको दासत्व र त्यसबाटको प्रस्थान र (दस आज्ञासहितको) परमेश्वरको व्यवस्था दिने कामको बयान गर्दछ।

इतिहास (The History) -- यहोशूदेखि एस्तर। यस खण्डमा प्रतिज्ञाको देशलाई उनीहरूले कब्जा गरेदेखि बेबिलोनी कैदसम्मको इस्राएलको अर्थात् यहूदी राष्ट्रको इतिहास पाइन्छ।

पद्य पुस्तकहरू (The Poetic Books) -- अय्यूबदेखि श्रेष्ठगीत। यो खण्ड परमेश्वरको उपासना, दुःखकष्टको उद्देश्य र सतहमा हेर्दाको पार्थिव अस्तित्वको व्यर्थता जस्ता जीवनका गहन प्रश्नसित सम्बन्धित छ।

अगमवक्ताहरू (The Prophets) -- यशैयादेखि मलाकी। यस खण्डमा इस्राएल, समग्रमा मानवजाति, र येशू ख्रीष्टका बारेमा भविष्यवाणीहरू छन्।

**नयाँ नियम** (NEW TESTAMENT) ख्रीष्टद्वारा किनिएको मुक्तिद्वारा मानिससितको परमेश्वरको करार हो। नयाँ नियममा ख्रीष्टको अलौकिक जन्म, जीवन, मृत्यु, बौरिउठाइ र स्वर्गारोहण, ख्रीष्टका प्रेरितका शिक्षाहरू र भविष्य सम्बन्धीका अगमवाणीहरू छन्।

नयाँ नियम ग्रीक भाषामा लेखियो।

नयाँ नियम निम्नलिखित खण्डहरूमा विभाजित छ:

सुसमाचारहरू (The Gospels) -- मत्ती, मर्कूस, लूका र यूहन्ना। यी चार सुसमाचारहरूले येशू ख्रीष्टको जन्म, जीवन, मृत्यु, बौरिउठाइ र स्वर्गारोहणको बयान गर्दछन्। साथै यिनीहरूमा उहाँको दोस्रो आगमनका भविष्यवाणीहरू पनि छन्।

प्रेरितका कामहरू (The Acts of the Apostles) -- प्रेरितको पुस्तकमा प्रथम चर्चहरू (मण्डलीहरू) को स्थापना र विस्तारको इतिहास बताइएको छ।

पावलका पत्रहरू (Paul's Epistles) -- रोमीदेखि फिलेमोन। यी पत्रहरू विभिन्न मण्डलीहरू र व्यक्तिहरूलाई ख्रीष्टिय शिक्षा सिकाउनलाई पावल प्रेरितद्वारा लेखिएका हुन्।

साधारण पत्रहरू (The General Epistles) -- हिब्रूदेखि यहूदा। यी पत्रहरूलाई "साधारण पत्रहरू" भनिन्छ किनकि यीचाहिँ मण्डलीहरूलाई नभएर सबै ख्रीष्टियहरूलाई साधारण हिसाबमा लेखिए। यीचाहिँ पावल, याकूब, पत्रुस, यहूदा र यूहन्नाद्वारा लेखिए।

भविष्यवाणी (Prophecy) -- प्रकाश। यस पुस्तकमा वर्तमान संसारको अन्तको बारेमा भविष्यवाणीहरू छन्।

नयाँ र पुरानो नियमबीचको सम्बन्ध निम्न तुलनाबाट देख्न सकिन्छ:

| पुरानो नियम | नयाँ नियम |
|---|---|
| प्रतिज्ञा | प्रतिज्ञाको पूरा हुवाइ |
| तयारी | प्रस्तुति |
| जग | भवन |

## बाइबल भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. बाइबल के हो?
2. बाइबलले कस्ता प्रश्नहरूको जवाफ दिन्छ?
3. बाइबल करिब कतिजना भविष्यवक्ताहरूद्वारा लेखिएको हो?

4. बाइबल करिब कति वर्षको अवधिभित्र लेखिएको हो?
5. "बाइबल" शब्दको माने के हो?
6. बाइबल कुन दुई मुख्य खण्डहरूमा विभाजित छ?
7. बाइबलमा कतिओटा छुट्टाछुट्टै पुस्तकहरू छन्?
8. अध्याय भन्नाले के बुझिन्छ?
9. पद भन्नाले के बुझिन्छ?
10. "करार" शब्दको माने के हो?
11. पुरानो नियम (करार) को उद्देश्य के थियो?
12. पुरानो नियम कुनचाहिँ भाषामा लेखिएको थियो?
13. पुरानो नियमका प्रमुख चार खण्डहरू कुन-कुन हुन्?
14. नयाँ नियमको विषयवस्तु के हो?
15. नयाँ नियम कुनचाहिँ भाषामा लेखिएको थियो?
16. नयाँ नियमका प्रमुख पाँच खण्डहरू कुन-कुन हुन्?

# बाइबल

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: १ कोरिन्थी १०:११; १ थेस्सलोनिकी २:१३; २ तिमोथी ३:१६-१७**

**बाइबलको ईश्वरीय प्रेरणा**

बाइबल परमेश्वरबाट चुनिएका अगमवक्ताहरूद्वारा लेखिएको हो। तिनीहरूले परमेश्वरबाट दिइएका शब्दहरू लेखे। यसलाई "ईश्वरीय प्रेरणा" (divine inspiration) भनिन्छ। यो कुरा सिकाउने मुख्य दुईटा खण्डहरूलाई विचार गर्नुहोस्:

२ तिमोथी ३:१३-१७

पवित्र शास्त्रको प्रेरणा सम्बन्धी यो चाबी खण्ड हो र यसले धेरैओटा महत्त्वपूर्ण सत्यताहरू सिकाउँछ।

1) बाइबल अन्य सबै पुस्तकहरूभन्दा अलग छ (२ तिमोथी ३:१५)। यहाँ बाइबल-शास्त्रलाई "पवित्र" भनिएको छ। यसको माने हो "अलग, भिन्न"। बाइबल मात्र मानिसलाई दिइएको परमेश्वरको दिव्य वचन हो।

2) बाइबल परमेश्वरबाटको हो ("परमेश्वरको प्रेरणाद्वारा दिइएको हो", २ तिमोथी ३:१६)। ग्रीकबाट अक्षरशः अनुवाद गर्दा, यस पदले पवित्र शास्त्र "परमेश्वरबाट निश्वासित भएको" (God-breathed) हो भन्दैछ। यद्यपि यो मानिसहरूद्वारा लेखियो, बाइबल परमेश्वरको सास निश्वासनबाट दिइएको हो। बाइबलले आफ्नै बारेमा गरेको दावी हो यो। यदि यसमा त्रुटीहरू र काल्पनिक कथाहरू भेटिएका भए यो झूटो साबित हुनेथ्यो। आफ्नो प्रेरणाको चर्चा गर्नुपर्दा पवित्र शास्त्रले प्रेरणाको तरिकालाई नभएर त्यसद्वारा आएको तयारी सामग्रीलाई मुख्य विषय बनाउँदछ। परमेश्वरले विभिन्न तरिकाले बोल्नुभयो (सपनाहरूद्वारा, दर्शनहरूद्वारा, स्वर्गदूतहरूद्वारा, प्रत्यक्षरूपमा - जस्तै सिनै पर्वतमा, आदि) तर हरेक अवस्थाको सवालमा आखिरमा ती लेखोटहरू ईश्वर-प्रेरित थिए।

3) बाइबल पूर्णरूपमा नै परमेश्वरबाटको हो ("सबै पवित्र शास्त्र", २ तिमोथी ३:१६)। सबै पवित्र शास्त्र परमेश्वरबाट आएको हो भनिएको छ। यहाँ पवित्र शास्त्रलाई जनाउने शब्द "ग्राफे" हो र यसको माने "लेखोट" वा "पुस्तक" हो। यसले "पूर्ण प्रेरणा" (plenary inspiration) लाई जनाउँछ जसको माने पूर्णरूपमा, पूरै, सबै, भन्ने हुन्छ।

4) बाइबल, त्यसको सबभन्दा सूक्ष्म बुँदा समेत, परमेश्वरबाटको हो (२ तिमोथी ३:१५)। यहाँ पवित्र शास्त्रलाई जनाउने शब्द, "ग्राम्मा" हो र यसले एउटा अक्षरलाई जनाउँदछ। यसरी, बाइबलका सबैभन्दा मसिना विवरणहरू पनि परमेश्वरबाटका हुन्। यसलाई "शाब्दिक प्रेरणा" (verbal inspiration) भनिन्छ।

5) बाइबल एउटै पुस्तक हो र यसको एउटा सर्वोपरि विषयवस्तु छ र त्यो हो येशू ख्रीष्टमा प्रबन्ध गरिएको मुक्ति (२ तिमोथी ३:१५)। बाइबल, नानाथरीका धार्मिक लेखोटहरूको सङ्ग्रह होइन। यो त परमेश्वरले आफूलाई प्रकट गर्नलाई, मुक्तिको मार्ग बताउनलाई, युगहरू सम्बन्धी उहाँको योजनालाई प्रकट गर्नलाई उहाँले रचना गर्नुभएको सिङ्गो पुस्तक हो। सिङ्गो बाइबलमा बाइबलको हरेक भागको महत्त्वपूर्ण भूमिका रहेको छ।

6) बाइबलले विश्वासीहरूलाई भ्रमदेखि जोगाउन सक्छ (२ तिमोथी ३:१३-१५)। यदि बाइबलमा काल्पनिक कथाहरू, त्रुटीहरू, र लेखकका बारेमा, आश्चर्यकर्मका बारेमा र भविष्यवाणीहरूका बारेमा असत्य दावीहरू भएका भए, यो पूर्णरूपमा आधिकारिक हुन सक्दैनथ्यो र यसले झूटा शिक्षाहरूदेखि सुरक्षा प्रदान गर्न सक्दैनथ्यो!

7) बाइबल एक ख्रीष्टियनलाई पूर्ण र परिपक्क्व बनाउनलाई पर्याप्त छ (२ तिमोथी ३:१७)। एक असिद्ध, अपूरो पुस्तकले सिद्धता ल्याउन सक्दैनथ्यो, अनि बाइबलले परमेश्वरको जनलाई सिद्ध बनाउन सक्ने भएको हुनाले यो स्पष्ट छ कि उसलाई अन्य केही कुराको आवश्यकता पर्दैन। तसर्थ, एक विश्वासीको जीवनमा र मण्डलीमा बाइबल नै विश्वास र अभ्यासको एकमात्र अधिकार हो।

<u>२ पत्रुस १:१९-२१</u>

पवित्र शास्त्रको प्रेरणा सम्बन्धी यो अर्को चाबी खण्ड हो।

1) पवित्र शास्त्र अँध्यारो ठाउँमा चम्किने (चम्किरहेको) ज्योति हो (२ पत्रुस १:१९)। अँध्यारो ठाउँचाहिँ संसार हो। यद्यपि यहाँ केही सत्यता भ्रमसित मिश्रित रूपमा रहेको पाइन्छ, संसारलाई अँध्यारो ठाउँको रूपमा दर्शाइएको छ किनकि मानिसले परमेश्वरबाटको ज्योतिबिना आत्मिक सत्यता जान्न सक्दैन। बाइबल नै त्यो ज्योति हो जो अन्धकारको बीचमा चम्किरहेको छ।

2) बाइबल मानिसको इच्छाबाट तयार भई आएको कुरा होइन (२ पत्रुस १:२१)। अन्य पुस्तकहरू मानव लेखकको इच्छाका परिणाम हुन्, तर बाइबलचाहिँ होइन। परमेश्वरले केही निश्चित व्यक्तिहरूलाई चुन्नुभयो र उहाँको सन्देश प्रकाशन गर्नलाई उनीहरूलाई चलाउनुभयो। पवित्र आत्माले जब काम गर्नुभयो तब ती चुनिएका मानिसहरूले परमेश्वरका शब्दहरू बोले र लेखे।

3) यस खण्डले बाइबल कुन तरिकाले दिइएको थियो भनेर बयान गर्दछ। परमेश्वरले मानिसहरूलाई प्रयोग गर्नुभयो, तर उहाँले उनीहरूलाई यस्तो प्रकारले प्रयोग गर्नुभयो कि तिनीहरूले जे लेखे त्यो परमेश्वरको वचन थियो। प्रेरणा र प्रकाशको विषयलाई छुँदा बाइबलले परमेश्वरलाई मुख्य विषय बनाउँदछ। हामीलाई प्रक्रियाको सम्बन्धमा एकदमै थोरै कुरा बताइएको छ। प्रेरणाको प्रक्रिया एउटा नखुलाइएको रहस्य हो। यो काम पवित्र आत्माद्वारा रहस्यमय ढङ्गले पूरा भयो। प्रेरणाको प्रक्रियाको बारेमा हामीले चिन्ता गर्नुपर्दैन; उक्त कुरा सम्पन्न भएकै हो भन्ने परमेश्वरको गवाहीलाई हामीले विश्वास गर्नुपर्छ र तयारी सामग्री अर्थात् बाइबलमाथि आफ्नो विश्वासको अभ्यास गर्नुपर्छ। आधुनिक शास्त्रज्ञहरू प्रायः ठीक यसको उल्टो गर्ने गर्छन्। तिनीहरू ईश्वरीय पक्षलाई नभएर मानवीय पक्षलाई मुख्य विषय बनाउँछन्। यसको कारण यो हो, प्रायःजसो आधुनिक शास्त्रज्ञहरू विश्वासको सिद्धान्तअनुसार चल्दैनन्। उनीहरू आफ्नै समझ र मानवीय विद्वत्ताअनुसार चल्दछन्। यो तरिकाले कुनै पनि मानिसले परमेश्वरको सिद्ध वचनलाई जान्न सक्दैन, किनकि "बिनाविश्वास परमेश्वरलाई खुसी पार्नु असम्भव छ" (हिब्रू ११:६)।

4) "आफ्नो निजी व्याख्या" भन्ने वाक्यांशले बाइबलका लेखकहरूलाई जनाउँछ (२ पत्रुस १:२०)। सन्दर्भमा, यसले प्रकाश बुझ्ने कार्यलाई नभई प्रकाश प्रदान गर्ने कार्यलाई जनाउँदछ। बाइबलका लेखकहरूले मानिसलाई दिइएको परमेश्वरको प्रकाशलाई आफ्नै विचारअनुसार व्याख्या गरेनन्; उनीहरूलाई पवित्र आत्माद्वारा परमेश्वरको प्रकाश दिइयो। उनीहरूले कतिपटक आफूले लेखिरहेका कुराहरूलाई समेत बुझेनन् (१ पत्रुस १:१०-१२)।

## बाइबलको क्यानन (The Canonization of the Bible)

बाइबलको क्यानन भन्नाले पुरानो र नयाँ नियमका ६६ पुस्तकहरूको आधिकारिक सूची भन्ने बुझिन्छ। "क्यानन" शब्दको माने "एक नर्कट", एउटा नाप्ने छडी, हो। यसले कुनै पनि कुरालाई एउटा स्थापित नियम वा मानदण्डले जाँच्ने प्रक्रियालाई जनाउँछ। पवित्र शास्त्रको क्यानन विश्वासद्वारा स्वीकार गरिनुपर्ने कुरा हो, किनकि त्यो यथार्थतः कसरी सम्पन्न भयो भन्ने कुराको ऐतिहासिक अभिलेख अस्तित्वमा छैन। परमेश्वर जसले पवित्र शास्त्र प्रदान गर्नुभयो उहाँले नै आफ्ना जनहरूलाई कुन-कुन पुस्तकहरू समावेश गरिनुपर्छ भनी डोऱ्याउनुभयो।

पुरानो नियमलाई यहूदीहरूले सङ्कलन गरेका हुन्। यहूदीहरूलाई नै हो परमेश्वरले हिब्रू पवित्र शास्त्रहरूको संरक्षण गर्ने काम दिनुभएको (रोमी ३:१-२)। उनीहरूले पवित्र शास्त्रको पालना सधैं त गरेनन्, तरैपनि उनीहरूले यसलाई आदर गरे र हरेक बिन्दु र मात्रा समेत परमेश्वरको प्रेरणाबाट दिइएको वचन हो भनी विश्वास गरे। ख्रीष्ट आउनुभन्दा कम्तीमा पनि १०० वर्ष अगाडिका मृत सागरका चर्मपत्रहरू (The Dead Sea Scrolls) मा पुरानो नियमका उही पुस्तकहरू नै भेटिए जो आज हाम्रा बाइबलहरूमा रहेका छन्। कुमरान (Qumran) गुफाहरूमा पुरानो नियमका ३९ ओटा पुस्तकहरूमध्येमा एस्तरको पुस्तक बाहेक अरू जम्मै पुस्तकहरू भेटिए, तरैपनि यहूदी क्याननमा एस्तरको पुस्तक समाविष्ट पुस्तक नै थियो भन्ने कुरा सर्वविदितै छ।

नयाँ नियमलाई शुरुका मण्डलीहरूले सङ्कलन गरेका हुन्। उक्त प्रक्रिया परमेश्वरका आत्माको अगुवाइमा भएको थियो। पवित्र आत्माले प्रेरितहरूलाई सबै सत्यताभित्र डोऱ्याउनुहुनेछ भनी येशूले प्रतिज्ञा गर्नुभएको थियो (यूहन्ना १६:१३; १ यूहन्ना २:२०)। शुरुका मण्डलीहरूले ती प्रेरितीय लेखोटहरूलाई परमेश्वरको वचन भनी ग्रहण गरे। १ थेस्सलोनिकी २:१३ मा हेर्नुहोस्।

क्यानन प्रक्रिया (canonization process) कुनै अस्तव्यस्त खाले प्रक्रिया थिएन, जस्तो बाइबल इतिहासका धेरजसो हिजोआजका पुस्तकहरूले बयान गर्ने गर्छन्। त्यसको यथार्थ इतिहास समयको हुस्सुभित्र छिपिएको भएता पनि हामी विश्वासैद्वारा जान्दछौं कि परमेश्वरको आत्माले विश्वासीहरूलाई यस विषयमा ठीक-ठीक गरी डोऱ्याउनुभएको थियो। दोस्रो शताब्दिमा आइपुग्दासम्म विश्वासीहरूले पूरै नयाँ नियमलाई पवित्र शास्त्रको रूपमा साधारणतया स्वीकार गरिसकेका थिए भन्ने कुराको प्रमाण छ। पाठ्यग्रन्थका कतिपय मडर्निस्टिक अर्थात् नवीन विचारधारा राख्ने समालोचकहरू (modernistic textual critics) ले समेत दोस्रो शताब्दिको बीचमा नआइपुग्दै ग्रीक नयाँ नियमको वर्तमान २७-पुस्तकीय क्यानन अस्तित्वमा रहेको निष्कर्ष निकालेका छन्। (हेर्नुहोस्, David Trobisch, *The First Edition of the New Testament,* Oxford/New York: Oxford University Press, 2000)। दोस्रो शताब्दिबाट हामीलाई प्रमाण मिलेको छ कि प्रत्येक मण्डलीसँग प्रेरितका लेखोटहरूका आ-आफ्नै प्रतिलिपि हुने गर्थ्यो ता कि उनीहरू त्यसलाई पढ्न र त्यसबाट प्रचार गर्न सकून्। त्यसबेलाका एक प्रचारक, जस्टिन मार्टर (Justin Martyr) ले लेखे, "अनि आइतबार भनिने दिनमा शहरहरूमा वा गाउँहरूमा बस्नेहरूको एउटै स्थानमा सभा हुने गर्छ, र समयले भ्याएसम्म त्यहाँ प्रेरितहरूका पत्रहरू वा भविष्यवक्ताहरूको लेखोटहरूबाट पढेर सुनाइने गरिन्छ। पाठकले भ्याइसकेपछि सभापतिले प्रवचनमा हामीलाई यी उत्तम कुराहरूको देखासिकी गर्नलाई आग्रह गर्छन् र निमन्त्रणा गर्छन् (Justin Martyr, *Apology*)।

प्रेरणा र क्यानन प्रक्रियाको थप जानकारी लिन चाहनुहुने अङ्ग्रेजी पाठकले Way of Life Literature को *Faith vs. the Modern Bible Versions* अध्ययन गर्न सक्नुहुन्छ।

## बाइबल भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. "ईश्वरीय प्रेरणा" को माने के हो?
2. सबै पवित्र शास्त्र परमेश्वरको प्रेरणाले दिइएको हो भनेर कुन पदले सिकाउँछ?
3. "परमेश्वरको प्रेरणाद्वारा दिइएको" को माने के हो?

4. परमेश्वरले मानिसहरूसित आफ्नो वचन बोल्नुभएको चार तरिका के-के हुन्?
5. “पूर्ण प्रेरणा” को माने के हो?
6. “शाब्दिक प्रेरणा” को माने के हो?
7. बाइबलको मुख्य विषय के हो?
8. पवित्र शास्त्रद्वारा परमेश्वरको जन _______ असल कामका निम्ति _____रूपले सुसज्जित भई ______ हुन्छ।
9. पवित्र शास्त्र विश्वास र अभ्यासका लगि _________ अधिकार हो।
10. पवित्र शास्त्र ________ ठाउँमा चम्किने ________ हो।
11. २ पत्रुस १:२० ले भन्छ पवित्र शास्त्र “आफ्नो निजी व्याख्याबाट भएको होइन”। यसको माने के हो?
12. २ पत्रुस १:२१ ले भन्छ “भविष्यवाणी मानिसको इच्छाद्वारा आएन”। यसको माने के हो?
13. “क्यानन” शब्दले कुन कुरालाई जनाउँछ?
14. परमेश्वरले पुरानो नियम यहूदीहरूलाई सुम्पिनुभयो भन्ने कुरा कुनचाहिँ खण्डले बताउँछ?
15. पवित्र आत्माले प्रेरितहरूलाई सबै सत्यताभित्र डोऱ्याउनुहुनेछ भनी प्रभु येशूले कुन पदमा प्रतिज्ञा गर्नुभयो?
16. थेस्सलोनिकाको मण्डलीले पावलको पत्र “परमेश्वरकै वचन” को रूपमा ग्रहण गरे भन्ने कुरा कुन पदमा उल्लेख छ?

# बाइबलको प्रमाण

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: प्रेरित १:३; १ कोरिन्थी १५:६; हिब्रू ११:६**

आखिरमा मानिसले बाइबल परमेश्वरको वचन हो भनेर ग्रहण गर्नुपर्ने विश्वासैद्वारा हो। हिब्रू ११:६ लाई पढ्नुहोस्।

तर अर्कोतिर बाइबलीय विश्वास भनेको अन्धकारमा हामफाल्ने जस्तो अन्धो विश्वास होइन। योचाहिँ परमेश्वरले दिनुभएको अभिलेखमाथिको निर्धक्कता हो (रोमी १०:१७)। बाइबलका लेखकहरूले हामीलाई व्याख्या गर्दछन् कि उनीहरूले चतुऱ्याइँसाथ कथिएका दन्त्यकथाहरू होइनन् तर आधिकारिक प्रत्यक्षदर्शीका रूपमा "अनेकौं अचूक प्रमाणहरू" मा आधारित अभिलेख प्रस्तुत गरेका हुन् (प्रेरित १:३; २ पत्रुस १:१६)।

बाइबलमाथि हाम्रो पूर्ण निर्धक्कता किन हुन सक्छ भन्ने केही वस्तुगत, समय-प्रमाणित कारणहरू यहाँ प्रस्तुत गरिन्छ:

**१. ख्रीष्टको बौरिउठाइले बाइबल परमेश्वरको वचन हो भनेर प्रमाणित गर्दछ।**

सयौं मानिसहरू ख्रीष्टको बौरिउठाइका गवाही थिए (१ कोरिन्थी १५:५-७)। यो कुरा पावलले बौरिउठाइ भएको मात्र २०-३० वर्ष पछाडि लेखे र त्यतिबेला धेरैजना प्रत्यक्ष गवाहीहरू अझ पनि जीवितै थिए। के उनीहरू सबैले झूट बोल्दैथिए त? बौरिउठ्नुभएका ख्रीष्ट एकैचोटी धेरैजनाद्वारा पटक-पटक देखिनुभएको थियो अनि एकपटक उहाँ ५०० जना भन्दा धेरै मानिसहरूद्वारा देखिनुभएको थियो। उहाँलाई देख्नेहरूले उहाँसँग कुरा गरे, उहाँलाई हातले समाते, उहाँसँग हिँडे, उहाँसँग खाना खाए (लूका २४:३६-४३)।

बौरिउठाइ हुनुभन्दा अघि प्रेरितहरू अधिकारीहरूदेखि लुक्दैथिए (यूहन्ना २०:१९)। उनीहरूले आफ्नै आँखाहरूले बौरिउठ्नुभएका ख्रीष्टलाई देखेपछि उनीहरू साहसी र निडर बने र सुसमाचारका लागि आफ्नै ज्यानहरू समेत दिन तयार भए।

बौरिउठ्नुभएको ख्रीष्टलाई देख्नुभन्दा अघि पावलले ख्रीष्टियनहरूलाई घृणा गर्थे र सताउँथे, तर पछिबाट उनी तिनीहरूलाई प्रेम गर्ने भए र येशूको खातिर उनले खुसीसाथ आफ्नो मान-इज्जत र धन-सम्पत्ति समेत गुमाए।

यस्ता परिवर्तनहरू हुनुको पछाडि त्यहाँ एउटा ठूलो शक्तिशाली घटना थियो।

**२. बाइबलको अद्वित्तीय संरचनाले यो परमेश्वरको वचन हो भनेर प्रमाणित गर्दछ।**

बाइबल ४० जना बेग्लाबेग्लै लेखकहरूद्वारा लेखिएको हो जो लेखकहरू करिब १९ ओटा बेग्लाबेग्लै पेशाका मानिस थिए (गोठाला, सिपाही, किसान, मछुवा, महसूल सङ्कलक, डाक्टर, राजा, इत्यादि) जोहरू करिब १६०० वर्षको अवधिभित्र जिउँदथे। त्यो भनेको लगभग ५० पुस्ता हुन आउँछ। बाइबलका अघिल्ला ३९ पुस्तकहरू करिब १००० वर्षको अवधिभित्र हिब्रू भाषामा लेखिए। त्यसपछिको ४०० वर्षको अन्तरालमा शास्त्रमा कुनै पनि खण्ड थपिएन। त्यसपछि बाइबलका आखिरी २७ पुस्तकहरू करिब ५० वर्षको अवधिभित्र ग्रीक भाषामा लेखिए। लेखकहरू आपसमा मिलामतो गर्न सक्नेनै थिएनन् किनकि उनीहरू एउटै समयमा जिएका थिएनन्। तरैपनि अन्तिम नतीजा भने एउटै पुस्तक रहेको छ र तिनका खण्डहरू आपसमा ठ्याक्कै मिलेका छन् र त्यहाँ कुनै अन्तर्विरोधहरू वा त्रुटीहरू छैनन्। सम्पूर्ण मानव इतिहासमै यो जस्तो कुनै अर्को पुस्तक छैन। कोही-कोहीले बाइबलमा त्रुटीहरू भेटिएको दावी गरेका छन्, तर बाइबललाई मैले अध्ययन गर्दै आएको ३७ वर्ष भयो र प्रत्येक पटक जब मैले कथित

त्रुटी वा अन्तर्विरोधलाई अध्ययन गरेको छु, तब मैले बाइबल सत्य रहेको र आलोचना गर्ने व्यक्तिचाहिँ गलत भएको भेट्टाएको छु। (*Things Hard to Be Understood: A Handbook of Biblical Difficulties* शीर्षक गरेको हाम्रो पुस्तकमा हेर्नुहोस्)।

### ३. बाइबलका लेखकहरूको निर्धक्कता र इमानदारिताले बाइबल परमेश्वरको वचन हो भनेर प्रमाणित गर्दछ।

बाइबलले गवाही दिन्छ, "परमेश्वरका पवित्र जनहरू पवित्र आत्माद्वारा प्रेरणा पाएर बोले" (२ पत्रुस १:२१), र बाइबलका लेखकहरूका जीवनहरूको अनुसन्धान गर्दा यस गवाहीको पुष्टि हुन्छ। यी मानिसहरू पवित्र, गम्भीर मानिसहरू थिए। उनीहरू जीवनको हरेक थरीको पृष्ठभूमिबाटका थिए। उनीहरू असल नाम चलेका आत्मसंयमी मानिसहरू थिए। उनीहरूले कहेका अगमवाणीहरूले उनीहरूलाई धनवान् बनाउनु त परै जाओस्, कोही-कोही गरीब बनाइए र धेरैजना चाहिँ उनीहरूले अडान लिएका गवाहीका निम्ति बेसरी सताइए वा मारिए। बाइबलका अघिल्ला पाँच पुस्तकहरूका लेखक मोशा, उनले चाहेका भए, फाराओका धर्मपुत्र रहिरहेर करोडपतिको जीवन बिताउन सक्थे तर बरु उनले परमेश्वरको सेवामा अत्यन्तै कष्टदायी जीवन बिताउन रोजे। बाइबलका थुप्रै लेखकहरूले यस्तै किसिमका निर्णयहरू गरे। उनीहरू कुनै हिसाबले पनि लोभ-लालच वा सांसारिक फाइदाबाट उत्प्रेरित भएका थिएनन्। उनीहरू सिद्ध मानिसहरू त थिएनन्, तर पवित्र मानिसहरू भने थिए। परमेश्वरले आफ्नो वचन बोल्नलाई उनीहरूमाथि आफ्नो हात राख्नुभएको कुरा उनीहरू प्रत्येकले दावी गरे। उनीहरूले बिताएका जीवन र उनीहरूले अङ्गिकार गरेका गवाहीहरू र उनीहरूले भोगेका मृत्युले, उनीहरू सत्य बोल्दैथिए भन्ने कुराको जोडदार गवाही दिन्छन्।

### ४. पूरा भएका भविष्यवाणीहरूले बाइबल परमेश्वरको वचन हो भन्ने प्रमाण दिन्छन्।

भविष्यवाणीहरूले बाइबलको ठूलै भाग ओगटेको छ। धेरैजसो भविष्यवाणीहरू पूरा भइसके। ती भविष्यवाणीहरू किटानसहितका र विस्तृत किसिमका छन् र ती अलिकति पनि तलमाथि नगरीकन पूरा भएका छन्।

येशू ख्रीष्टको सम्बन्धमा भविष्यवाणीहरू

येशूको पूरै जीवन उहाँ जन्मनुभन्दा सयौं वर्ष अगाडि लेखिसकिएको थियो। यी भविष्यवाणीले उहाँको जन्मस्थान (मीका ५:२), कन्याबाटको जन्म (यशैया ७:१४), पापरहित जीवन (यशैया ५३:९), आश्चर्यकर्महरू (यशैया ३५:५), उदेकको बोली (यशैया ५०:४), यहूदी जातिद्वारा इन्कार गरिनुहुने कुरा (यशैया ५३:२), उहाँको क्रूसीकरण (भजनसङ्ग्रह २२:१६), धनी मानिसको चिहानमा उहाँको दफन (यशैया ५३:९) र उहाँको बौरिउठाइ (भजनसङ्ग्रह १६) लाई एकदम ठीकसँग बयान गरेका थिए।

इस्राएल सम्बन्धी भविष्यवाणीहरू

इस्राएलको अस्तित्वको निरन्तरता इतिहासकै सबभन्दा आश्चर्यजनक कहानीहरूमध्येमा पर्दछ अनि सो कुरालाई पवित्र शास्त्रमा ज्यादै विस्तृत रूपमा भविष्यवाणी गरिएको थियो।

इस्राएलको इतिहासको भविष्यवाणी मोशाले गरेका थिए र व्यवस्थाको पुस्तकमा झण्डै ४००० वर्ष अगाडि अभिलेख गरिएको थियो। उहाँको व्यवस्था भङ्ग गरेको खण्डमा इस्राएललाई आफ्नो भूमिबाट "उखालिनेछौ" र "पृथ्वीको एक छेउदेखि पृथ्वीको अर्को छेउसम्म सबै जातिहरूको बीचमा तितरबितर" पारिनेछौ भनेर परमेश्वरले चेताउनी दिनुभएको थियो (व्यवस्था २८:६३-६४)। त्यहाँ यहूदीहरूले "कुनै चैन पाउनेछैनौ, न ता तिम्रो पैतालाले विश्रामा पाउनेछ; तर परमप्रभुले तिमीलाई त्यहाँ कामिरहने हृदय, धमिलो देख्ने आँखाहरू र मनको व्याकुलता दिनुहुनेछ; अनि तिम्रो जीवन तिम्रो सामु दोधारमा झुन्डिरहनेछ; दिनरात तिमीले डराउनुपर्नेछ; अनि तिम्रो जीवनको कुनै भरोसा हुनेछैन" (व्यवस्था २८:६५-६६) भनेर भविष्यवाणी गरिएको थियो।

यो त इस्राएलको पहिलो शताब्दिदेखि आजसम्मको इतिहासको हुबहु वर्णन हो। ७० ए.डी. मा जरनल तीतसको नेतृत्वमा रोमी सेनाहरू आएर यरुशलेमलाई ढालिदिए र १३७ ए.डी. मा बार कोखबारले नेतृत्व गरेको यहूदी विद्रोहको प्रत्युत्तरमा सम्राट हेड्रियनको आदेशमा यरुशलेम पूरै ध्वस्त पारियो। यहूदी मानिसहरू पृथ्वीको छेउसम्म तितरबितर पारिए र कतै विश्राम पाएनन्। तिनीहरू मुसलमानहरूद्वारा घृणित भए र ग्रीक ओर्थोडक्स तथा रोमन क्याथोलिक चर्चहरूद्वारा हजार वर्षसम्म सताइए। हिटलरको शासनले उनीहरूलाई निमिट्यान्न पार्ने प्रयास गऱ्यो। दोस्रो महा विश्वयुद्धपछि बेलायतले अरबीहरूलाई प्राथमिकता दिँदै यहूदीहरूलाई आफ्नो भूमिमा फर्कनदेखि रोख्न खोज्यो। आजको दिनसम्म पनि तिनीहरू घृणाको पात्र भएका छन्। झण्डै सिङ्गो संसार नै इस्राएलको विपक्षमा छ र सञ्चारमाध्यममा मध्यपूर्वको सङ्कट सम्बन्धीका खबरहरू प्रायः इस्राएल-विरोधी नै हुने गर्छन्।

तर इस्राएल आफ्नो भूमिमा फर्केर आउनेछ र यति भइसकेपछि पनि इस्राएल एक राष्ट्र भइरहनेछ भनेर बाइबल अगमवाणीले भविष्यवाणी गरेको थियो अनि सन् १९४८ सालमा ठीक यही कुरा भयो। यसभन्दा पहिले संसारकै इतिहासमा कुनै पनि जाति २००० वर्षसम्म विश्वभरि तितिरबितर पारिएपछि र सताइएपछि पनि एक राष्ट्रको रूपमा, आफ्नो प्राचीन भाषा जस्ताको तस्तै सहित, फेरि एकिकृत भएको छैन।

बाइबल अगमवाणीले इस्राएलको पुनर्स्थापनालाई दुईटा चरणमा बयान गर्दछ। पहिला, इस्राएल आफ्नो भूमिमा अविश्वासकै अवस्थामा फर्कनेछ। त्यसपछि त्यो विश्वासमा आउनेछ। इजिकिएल ३७ मा भएको अचम्मको अगमवाणीले इस्राएलको पुनर्स्थापनाका यी दुई चरणहरूलाई बयान गर्दछ। इस्राएललाई सुख्खा हड्डीहरूको रूपमा बयान गरिएको छ जो पद ४-६ मा बौराइनेछ। पद ११-१४ ले उक्त दर्शन इस्राएल आफ्नो भूमिमा पुनर्स्थापना गरिने र परमेश्वरतर्फको इस्राएलको पश्चात्तापको बारेमा हो भनेर बताउँछ। पहिला, ती हड्डीहरूलाई नशा र मासु प्रदान गरिएको छ, तर तिनमा जीवन हुँदैन, अनि त्यसपछि परमेश्वरले ती मरेका हड्डीहरूमा सास फुकिदिनुहुन्छ र ती जीवित पारिन्छन् (इजिकिएल ३७-४-६)।

यस अगमवाणीको पहिलो भाग पुरा भइसकेको छ। इस्राएल आफ्नो भूमिमा राष्ट्रको रूपमा १९४८ सालदेखि रहँदै आएको छ, तर इस्राएल त्यहाँ अविश्वास र आत्मिक मृत्युको अवस्थामा छ। इस्राएलले आफ्नो मसीहलाई इन्कार गरिनै रहेको छ। इस्राएलसित मन्दिर छैन, बलिदान छैन, साँचो उपासना छैन। तर इस्राएल बाइबलले भविष्यवाणी गरेजस्तै आफ्नो भूमिमा फर्केर आएको छ। सन् १८०० सालमा प्यालेस्टाइनमा केवल छ हजार यहूदीहरू मात्र थिए, तर सन् २००० सम्ममा त्यहाँ ५० लाख भन्दा धेरै यहूदीहरू भइसकेका थिए (John Ecob, *Amillennialism Weighed and Found Wanting*, p. 44-45).

महासङ्कष्टको समयमा परमेश्वरले इस्राएललाई पश्चात्ताप प्रदान गर्नुहुनेछ र तिनमा आत्मिक जीवन फुकिदिनुहुनेछ र तिनी जीवित पारिनेछन्।

इस्राएलको अस्तित्वको निरन्तरता एउटा ज्यादै ठूलो आश्चर्यकर्म हो र बाइबल परमेश्वरको प्रेरणाद्वारा दिइएको हो भन्ने कुराको अकाट्य प्रमाण हो।

## बाइबलको प्रमाण भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. बिनाविश्वास परमेश्वरलाई खुसी पार्नु असम्भव छ भनेर कुन पदले बताउँछ?
2. विश्वास सुनाइद्वारा आउँछ र सुनाइचाहिँ परमेश्वरको वचनद्वारा आउँछ भनेर कुन पदले बताउँछ?
3. बाइबल धेरै अचूक प्रमाणहरूमा आधारित छ भनेर कुन पदले बताउँछ?
4. कुन पदमा पत्रुसले बाइबलमा चतुऱ्याइँसित कथिएका दन्त्यकथाहरू छैनन् भनेर बताउँछन्?
5. ख्रीष्ट मरेकाहरूबाट बौरेर उठ्नुभएको हो भन्ने प्रमाण के छ?
6. ख्रीष्ट आत्माको रूपमा बौरिउठ्नुभएको होइन भनेर हामी कसरी जान्दछौं?

7. बाइबलको अद्वित्तीय रचनाले यो परमेश्वकरको वचन हो भनेर कसरी प्रमाणित गर्दछ?
8. बाइबलको कुन पुस्तकमा इस्राएलको सम्पूर्ण इतिहास भविष्यवाणीद्वारा दिइएको छ?
9. यहूदीहरूको दोस्रो मन्दिर रोमी सिपाहीहरूद्वारा कुन सालमा ध्वस्त पारियो?
10. आधुनिक युगमा आएर इस्राएल फेरि राष्ट्र बनेको साल कुन हो?
11. कुन भविष्यवाणीले इस्राएलको पुनर्स्थापनालाई दुई भागमा बयान गरेको छ?

# बाइबलको प्रमाण

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: हिब्रू ११:१; २ पत्रुस १:१६**

अघिल्लो पाठमा बाइबलको ईश्वरीय प्रेरणाका चारओटा प्रमाणहरू हेऱ्यौं। यस पाठमा हामी अरू तीनओटा प्रमाणहरू हेर्नेछौं।

### ५. बाइबलको तथ्यात्मकताले यो परमेश्वरको वचन भएको प्रमाणित गर्दछ

बाइबलले बताएका सबै कुरा साँचो र तथ्यात्मक छन्।

जस्तै, बाइबलले भन्छ मानिस पापी छ; यस कुरालाई पुष्टि गर्नु कुनै गाह्रो कुरा होइन। आँखा खोलेर केवल संसारलाई हेर्नुहोस्! प्रारम्भिक पापको बारेमा उसको धारणा कस्तो छ भनेर प्रश्न गरिँदा प्रख्यात बेलायती शब्दकोषकार शमूएल जोनसन (Samuel Johnson) ले जवाफ दिए, "प्रारम्भिक पापको सम्बन्धमा प्रश्न गर्नु आवश्यक छैन, किनभने मानव भ्रष्टताको कारण जेसुकै होस्, मानिस प्रत्यक्ष तवरले र आफ्नै स्वीकारले यति भ्रष्ट छ कि स्वर्ग र पृथ्वीका सारा नियमहरू समेत उसलाई अपराध गर्नदेखि रोक्नलाई अपर्याप्त छन्।" प्रिन्स्टन विश्वविद्यालयबाट शिक्षा हासिल गरेका "धर्मनिरपेक्ष यहूदी" डेभिड बर्लिन्स्कि (David Berlinski) भन्छन्, "यी टिकाटिप्पणीमा पाइने बुद्धिको सराहना गर्नलाई एकजना व्यक्ति ख्रीष्टियन नै हुनुपर्छ भन्ने छैन" (*The Devil's Delusion*, p.33)।

बाइबल, मानव सम्बन्धीका अभिव्यक्तिहरूमा मात्र नभएर सबै कुरा सम्बन्धीका अभिव्यक्तिहरूमा साँचो छ। बाइबल एक वैज्ञानिक निर्देशिका नभए तापनि यो वैज्ञानिक तवरले अचूक छ, यसका शुरुका अध्यायहरूदेखि नै, जो झण्डै ४,००० वर्ष अगाडि लेखिएका हुन्।

बाइबलको वैज्ञानिक विशुद्धताका केही उदाहरणहरू यस प्रकार छन्; हामी अय्यूबको पुस्तकबाट शुरु गर्छौं जुनचाहिँ बाइबलकै सम्भवतः सबभन्दा पुरानो पुस्तक हो। हाइड्रलिक इन्जिनियरिङगमा डाक्टर उपाधि पाएका हेनरी मोरिस (Henry Morris) ले भने,

> "यी उल्लेखहरू दृष्टिकोणमा आधुनिक छन् जसमा अवास्तविक बढाइ चढाइ र त्रुटीहरूको एउटै छनक कहिल्यै भेटिन्न जब कि त्यस्ता कुरा अन्य प्राचीन लेखोटहरूमा स्वभावैले भेटिन्छन् ... शायद अझ ठूलो महत्त्वको कुरा यो छ कि प्रत्यक्ष प्राकृतिक वस्तुका थुप्रै उल्लेखहरूले भरिएको यो ४००० वर्ष पुरानो पुस्तकमा कुनै पनि वैज्ञानिक त्रुटी वा तर्कदोष छैनन्" (*The Remarkable Record of Job*)।

अय्यूबले पृथ्वी शून्यमा झुन्डिएको छ भनी भने (अय्यूब २६:७)। अहिलेको आधुनिक पुस्ताको लागि यो त थाह भएकै कुरा हो किनकि हामीले अन्तरीक्षमा पृथ्वी झुन्डिरहेको वास्तविक तस्वीरहरू नै देखेका छौं, तर विगतका पुस्ताहरूमा यो त्यत्तिकै थाह हुने कुरा थिएन; बरु त्यतिबेला पृथ्वी आटलास वा कछुवा वा हात्ती आदिको ढाडमा अडिरहेको छ भन्ने जस्ता थुप्रै किंवदन्तिहरूले मान्यता पाएका हुन्थे।

अय्यूबले हावाको तौल छ भनी भने ("हावाको तौल ठहऱ्याउनलाई" अय्यूब २८:२५)। सत्रौं शताब्दिमा आइपुगेर मात्र ग्यालेलियो (Galileo) ले वायुमण्डलको पनि तौल छ भनेर पत्ता लगाएका हुन्, र एरोडाइनामिक्स (aerodynamics) नामक आधुनिक विज्ञान यही वैज्ञानिक तथ्यमा आधारित छ। अझ, पृथ्वीको मौसमको क्रियाकलापमा हावाको तौलले महत्त्वपूर्ण भूमिका खेल्दछ। "हावाको तौल" ले समुद्रहरूबाट वाष्पीकरण भएको

पानीलाई महादेशहरूको माथि-माथि भू-भागहरूमा बोकेर पुऱ्याउने विश्वव्यापी हावाको प्रवाहलाई नियन्त्रण गर्दछ (Morris, *The Remarkable Record of Job*)।

अय्यूबले समुद्रका मुहानहरूको बारेमा लेखे (अय्यूब ३८:१६)। मानिसले आफ्नै आँखाले देखेर समुद्रको पींधमा भएका ताजा पानीका मूलहरूको बारेमा जान्न सक्न हिजोआज मात्र सम्भव भएको हो। आधुनिक विज्ञानद्वारा हजारौं अन्तर्जलीय मूलहरू भेटिएका छन् जसले हरेक वर्ष समुद्रहरूमा करौडौं टन पानी थपिरहेका हुन्छन्।

प्रकाशको एउटा बाटो हुन्छ र अन्धकारको ठाउँ हुन्छ भनेर अय्यूबले बुझ्दथे (अय्यूब ३८:१९)। "यसको मतलब, प्रकाश कुनै स्थान वा परिस्थितिमा अवस्थित हुने कुरा होइन। न ता त्यो त्यत्तिकै एक्कासि प्रकट हुने वा अलप हुने वस्तु हो। प्रकाशले यात्रा गरिरहेको हुन्छ! त्यो एउटा "बाटो" मा वास गर्दछ, सधैं कुनै अन्यत्र स्थानतर्फ गइरहेको हुन्छ। यद्यपि त्यो सामान्यतयाः किरणहरूको रूपमा यात्रा गर्दछ, कहिलेकाहिँ त्यसले कणहरूको खोलाको रूपमा हिँडिरहेको जस्तै गर्दछ, तर त्यो जहिले पनि चलिरहेकै हुन्छ। जब प्रकाश रोकिन्छ, तब त्यहाँ अन्धकार हुन्छ। तसर्थ, अन्धकार अचल कुरा हो, स्थानमा बसिरहने; तर प्रकाश गतिशील कुरा हो, बाटोमा वास गरिरहने" (Morris)।

प्रकाशले हावा उत्पन्न गराउँछ भनेर बाइबलले भन्दछ (अय्यूब ३८:२४)। सूर्यको किरणले पृथ्वीको सतहलाई तताएदिएर हावा उत्पन्न हुन्छ जसमा तातो हावा मास्तिर उठ्छ र चिसो हावा तल खस्छ र फलस्वरूप विभिन्न मौसमहरू उत्पन्न हुने गर्छन् भन्ने कुरा आधुनिक मौसम विज्ञानले आविष्कार गरेको त भर्खरै मात्र हो।

अय्यूबले त्यो अचम्मको जलचक्रको बयान गरे (वाष्पीकरण, वायु सञ्चार, संघनन, वृष्टिपात, बहाउ) (अय्यूब ३८:२५-३०)। सत्रौं शताब्दिभन्दा अगाडि वाष्पीकरण (पानीबाट वाफ बन्ने) र संघनन (वाफबाट पानी बन्ने) प्रक्रियाको पत्ता समेत लागेको थिएन र बीसौं शताब्दिसम्म यसलाई राम्ररी बुझिएको पनि थिएन।

बोटबिरूवा र पशुपक्षीहरूले आफ्नो जात-जातअनुसार पुनरुत्पादन गर्दछन् भनेर बाइबलले भन्दछ (उत्पत्ति १)। यो कुरा आधुनिक विज्ञानको सारा अवलोकन र परीक्षणसित पूरै मेल खान्छ। हरेक जात-जातअन्तर्गत निकै विविधता पाइन्छ, विभिन्न खालका गुलाफहरू, रूखहरू, भ्यागुताहरू, कुकुरहरू, तर फरक-फरक जातबीच -- गुलाफ र रूख र भ्यागुता र कुकुरकाबीच -- पुनरुत्पादन हुने गर्दैन।

अन्तरीक्ष नाप्न नसकिने गरी असीम र ताराहरू गन्न नसकिने गरी धेरै छन् भनेर बाइबलले बताउँछ (उत्पत्ति २२:१७; यर्मिया ३१:३७)। दूरदर्शक यन्त्र (टेलिस्कोप) को आविष्कार अघि मानिसको नाङगो आँखाले केही हजार तारा मात्र देख्न सकिन्थ्यो। तर आज हामीलाई थाह भएको कुरा हो, ताराहरू अनगिन्ती छन् ठीक जसरी बाइबलले बताएको थियो। हाम्रो आकाश गङगा तारामण्डल (Milky Way galaxy) मा मात्र ३०० खरब ताराहरू छन्। सन् १९९९ मा नासा (NASA) का खगोलशास्त्रीहरूले हबल स्पेस टेलिस्कोप प्रयोग गरेर सारा ब्रह्माण्डमा १२५ खरब तारामण्डलहरू हुन सक्छ भन्ने अनुमान लगाए। जुलाइ २००३ को सबभन्दा नयाँ तारा-गणना अनुसार अवलोकन गर्न सकिने ताराको सङख्या ७० सेक्स्टिलियन (७०,०००,०००,०००,०००,०००,०००,०००) पुगेको छ।

समुद्रमा मार्गहरू छन् भनेर बाइबलले बताएको छ (यशैया ४३:१६)। उन्नाइसौं शताब्दिदेखि समुद्री धारहरू वा मार्गहरूको नक्सा निकाल्ने गरिएको छ अनि पानी जहाजहरू यिनै धारहरूमा यात्रा गर्दछन् जसरी ट्रकहरू बाटोमा यात्रा गर्दछन्। सन् १८०० को बीचतिर वाशिङटनस्थित अमेरिकी जल सेनाका डिपो अफ चार्ट्स र इन्स्ट्रुमेन्ट्स माथ्यु फोन्टेन मउरीले लेखे, समुद्रमा नदी छः विषम खडेरीमा पनि त्यो टुट्दैन, र भयङकर बाढीमा पनि त्यो उर्लेर आउँदैन; त्यसका किनारहरू र पींध चीसो पानीमा रहेका छन्, जब कि त्यसको धारचाहिँ न्यानो छ; मेक्सिको खाडी त्यसको मुहान हो, त्यसको मुखचाहिँ आर्कटिक समुद्रमा पर्दछ। यो हो गल्फ स्ट्रीम" (Maury, *The Physical Geography of the Sea,* 6th ed., 1856, p.25)। त्यस पछि थप अरू समुद्री मार्गहरू पनि पत्ता लागे।

प्राणचाहिँ रगतमा हुन्छ भनेर बाइबलले बताएको छ (लेवी १७:११)। यो कुरा करीब ३,५०० वर्ष अगाडि नै लेखिएको भएता पनि हालको समयमा आएर मात्र यसलाई वैज्ञानिक तवरले बुझ्न सकियो। शताब्दियौंसम्म

रोगीलाई रक्तस्राव गराएर उपचार (blood-letting) गर्ने चलन थियो। अमेरिकाको पहिलो राष्ट्रपति जर्ज वाशिङ्टन यही गलत अभ्यासले गर्दा समय नपुगीकन मरेको हो भनिन्छ। आधुनिक औषधी विज्ञानले बाइबलले उहिलेदेखि सिकाउँदै आएको कुरालाई अब सिकेको छ, कि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ। रक्तनली र केशिकाहरू मिलेर बनेको अचम्मको रक्तसञ्चार प्रणालीले जीवन-दिने अक्सिजन र अन्य आवश्यक तत्त्वहरूलाई शरीरको प्रत्येक अङ्गमा पुऱ्याउने काम गर्दछ। साथै संक्रमणको प्रतिकार गर्ने र रगत जम्ने जस्ता "जीवधारीको प्राण" लाई आवश्यक पर्ने प्रक्रियामा पनि रगतले महत्त्वपूर्ण भूमिका खेल्दछ।

बाइबल विज्ञानको पुस्तक होइन, तर जुन-जुन ठाउँमा बाइबलले विज्ञानलाई छुन्छ त्यहाँ बाइबल अचूक छ। यस कुराले बाइबलको ईश्वीय उद्भवको प्रमाण दिन्छ, किनकि सबै अन्य प्राचीन पुस्तकहरू वैज्ञानिक त्रुटीहरूले भरिएका छन्। भन्नुपर्दा १०० वर्ष मात्र पुरानो विज्ञानकै पुस्तकहरू त्रुटीहरूले भरिएका हुन्छन्।

### ६. बाइबलको सच्चाइ (निष्कपटता) ले यो परमेश्वरको वचन हो भन्ने प्रमाण दिन्छ।

आफ्ना वीरहरूका जीवनी लेख्दा मानिसहरूले तिनका दोषहरूलाई प्रायः उल्लेखै गर्दैनन् वा तिनलाई चुनले सेतो पोत्ने गर्दछन्; तर मानिस जस्तो छ त्यस्तै प्रस्तुत गरीकन बाइबलले आफ्नो ईश्वरीय गुणलाई प्रदर्शन गरेको छ। हामी पढ्छौं आदमको विद्रोह, नूहको मत्तापन, दाऊदको व्यभिचार, सोलोमनको सत्यत्याग, योनाको आत्मदया, पत्रुसको इन्कार, पावल र बर्नबासको विवाद, र ख्रीष्टको बौरिउठाइ सम्बन्धी चेलाहरूको अविश्वास। बाइबल यहूदीहरूबाट लेखिएको हो, तर यसले निष्कपटतासाथ यहूदीहरूको दोषहरूलाई वर्णन गरेको छ: उनीहरूको हठ र अविश्वासले गर्दा उनीहरू ४० वर्षसम्म उजाडस्थानमा घुम्नुपरेको; न्यायकर्ताहरूको कालमा उनीहरूको मूर्तिपूजा; उनीहरूको विद्रोहले गर्दा उनीहरू आफ्नो भूमिबाट उखेलिएर विश्वभरि दुई हजार वर्षसम्म तितरवितर हुनुपरेको कुरा; उनीहरूले मसीहलाई इन्कार गरेको कुरा।

### ७. बाइबलको मुक्ति सम्बन्धी शिक्षाले यो परमेश्वरको वचन हो भन्ने प्रमाण दिन्छ।

अनुग्रहले मुक्ति पाइन्छ भन्ने मुक्ति सम्बन्धी शिक्षा सिकाउने एउटै मात्र धर्मशास्त्र बाइबल हो। अन्य सबैले कामहरूले मुक्ति पाइन्छ भन्ने सिकाउँछ। हिन्दूधर्म अनुसार आफ्नो धर्म गरेर र आफ्नो कर्म पूरा गरेर मुक्ति पाइन्छ। मुस्लिमधर्म अनुसार अल्लाहमा समपर्ण गरेर र उहाँका आज्ञाहरू पालन गरेर मुक्ति पाइन्छ। बुद्धधर्म अनुसार जीवनकर्मद्वारा र ध्यानद्वारा र सन्यासद्वारा मुक्ति पाइन्छ। काठमाडौंको बौद्ध स्तूपमा जानुभयो भने तपाईंले दिनको कुनै पनि समयमा बौद्धमार्गीहरू स्तूपलाई चक्कर मारिरेहिको, माला जपिरहेको, ओम्मेमे-पेमे घुमाइरहेको देख्न सक्नुहुन्छ। मुक्ति कमाउन खोजिरहेको हुनाले नै तिनीहरू यी सब गर्दछन्।

तर बाइबल मात्रले बताउँछ मुक्ति पापीहरूलाई परमेश्वरको सित्तैंको वरदान हो। यो वरदान दिन उहाँले ठूलो मूल्य चुकाउनुपरेको थियो। यो ठूलो मूल्यमा किनिएको थियो अर्थात् क्रूसमा परमेश्वरकै पुत्रको प्रायश्चितकारी बलिदान थियो। तर पापीको निम्ति यो सित्तैंमा हो।

> "किनकि तिमीहरूले विश्वासद्वारा अनुग्रहले मुक्ति पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमन्ड गर्नेछ" (एफेसी २:८-९)।

बाइबलले बताएको छ, आफ्नो पापहरूको प्रायश्चित गर्न पापीले परमेश्वरलाई दिन सक्ने कुनै पनि कुरा छैन। हामीले के दिन सक्छौं? धर्मी कामहरू? बाइबलले भन्छ, हाम्रा सबै धार्मिकता परमेश्वरको विशुद्ध पवित्रताको सामु फोहोर झुत्राझैं छन् (यशैया ६४:६)। पैसा? सारा सृष्टिका मालिकलाई हाम्रो जाबो पैसाको के काम लाग्थ्यो र? चोखो हृदय? बाइबलले भन्दछ, मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ र त्यो साह्रै दुष्ट छ (यर्मिया १७:९)। तब कसरी हामी आफैंले मुक्ति कमाउन सक्थ्यौं र?

> “तर हामी सबै अशुद्ध थोकजस्ता छौं, र हाम्रा सबै धार्मिक कामहरू मैला थाङ्नाहरूसरह छन्; अनि हामी सबै पातजस्तै ओइलिन्छौं, र हाम्रा अधर्महरूले बतासले झैं हामीलाई उडाएर लगेका छन्” (यशैया ६४:६)।

होइन, मुक्ति अति गहिरो दया गर्ने प्रेमिलो परमेश्वरबाटको अनर्जित, सित्तैंको वरदान हो। एउटा ख्रीष्टिय भजनमा जसरी भनिएको छ, “हामीलाई तिर्नै नसक्ने ऋण लागेको थियो; उहाँले तिर्नै नपर्ने ऋण तरिदिनुभो।”

> “किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र जन्माइएको पुत्रलाई दिनुभयो – उहामाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस् तर त्यसले अनन्त जीवन पाओस्” (यूहन्ना ३:१६)।

बाइबल कति अचम्मको पुस्तक हो!

## बाइबलको प्रमाण भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. वैज्ञानिक तवरले ठीक ठहरिएका बाइबलका केही कुराहरू के-के हुन्?
2. “जीवधारीको प्राण त्यसको रगतमा हुन्छ” भनेको के हो?
3. बाइबलको निष्कपटताले यो परमेश्वरको वचन हो भन्ने कसरी प्रमाणित हुन्छ?
4. मुक्ति सम्बन्धी बाइबलको शिक्षाले कसरी बाइबल परमेश्वरको वचन हो भन्ने प्रमाणित हुन्छ?

# दैनिक बाइबल अध्ययन

**कण्ठ गर्नुपर्ने पदहरू: यहोशू १:८; भजनसङ्ग्रह १:१-३; ११९:९, १०५; यूहन्ना ८:३१-३२; प्रेरित २०:३२; हिब्रू ४:१२**

ख्रीष्टिय जीवनमा असल-असल ईश्वरीय बानीहरू बसाल्नु ज्यादै महत्त्वपूर्ण कुरा हो। सभाघरमा जानु येशूको “रीति” (लूका ४:१६) अथवा आदत नै थियो। यो उहाँको बानी थियो। त्यसरी नै विश्वासीको पनि मण्डली सभामा जाने र दिनहुँ बाइबल अध्ययन गर्ने बानी हुनु अनिवार्य छ।

परमेश्वरको वचनमा यस्तो सामर्थ्य छ जसले विश्वासीलाई पवित्र पार्न र उसलाई ख्रीष्टमा बढाउँदै लैजान सक्छ। यसले उसलाई निश्चयता, ज्ञान, आत्मिक बल, विश्वास, बुद्धि, पश्चात्तापमा डोऱ्याउँदछ।

निम्न पदहरूलाई विचार गर्नुहोस्: यहोशू १:८; भजनसङ्ग्रह १:१-३; ११९:९, १०५; यूहन्ना ८:३१-३२; प्रेरित २०:३२; २ तिमोथी ३:१५-१७; हिब्रू ४:१२; १ पत्रुस २:२; २ पत्रुस १:१९।

ख्रीष्टमा बढ्न र उहाँको सिद्ध इच्छा प्राप्त गर्न, विश्वासी उसको मनको नयाँ हुवाइद्वारा बदली हुँदै जानुपर्छ र यस्तो बदली हुने कामचाहिँ उसभित्र बास गर्नुहुने पवित्र आत्माको सामर्थ्यले परमेश्वरको वचनद्वारा हुने कुरा हो।

दैनिक बाइबल पठनका लागि यहाँ दसओटा सल्लाहहरू दिइएका छन्:

### १. एउटा समय कायम गर्नुहोस्

दिनको एउटा निश्चित समयमा, दैनिक रूपमा, बाइबल पढ्नलाई बानी बसाल्नुभएन भने तपाईंले शायद आकलझुकलमा मात्र बाइबल पढ्नुहुनेछ। आफ्नो परिस्थितिअनुसार तपाईंलाई सबभन्दा सुहाउने समय कुनचाहिँ हुन्छ त्यो निश्चित गर्नुहोस्। मेरो जीवनमा, विभिन्न चरणहरू पार गर्दै जाने क्रममा, परिस्थितिअनुसार मैले फरक-फरक समयमा यसरी समय बिताउने गरेको छु। साधारणतयाः बिहानको शुरुको समय सर्वोत्तम हुन्छ जुनबेला तपाईंको मन त्यस दिनको कामकुराले भरिभराउ हुन पाएको हुँदैन। तर तपाईंको लागि अन्य समय अझ राम्रो होला; यस विषयमा तपाईंले प्रार्थना गर्न सक्नुहुन्छ। महत्त्वपूर्ण कुरा यो हो कि दैनिक रूपमा बाइबल पढ्ने बानी चाहिँ बसाल्नैपर्छ। यदि तपाईंले हरेक दिनबाट केही समय प्रभुसँग भेट्नलाई र उहाँको वचन अध्ययन गर्नलाई अलग गर्नुभयो भने तपाईं बाइबलको ज्ञानमा बढ्नुहुन्छ र आफ्नो ख्रीष्टिय जीवनमा प्रगति गर्नुहुन्छ, तर तपाईंले यो बानी बसाल्नैपर्छ। यो कति अनिवार्य कुरा हो भनेर मैले यसलाई जोड दिएर साध्य छैन।

### २. एउटा ठाउँ कायम गर्नुहोस्

सम्भव भएसम्म एउटा शान्त र एकान्त ठाउँ हुनु आवश्यक छ। मैले विश्वासीहरूलाई मानिसहरू कुराकानी गरिरहेको र रेडियो बजिरहेको कोठामा बसेर बाइबल अध्ययन गर्न खोजिरहेको देखेको छु। परिस्थितिवश कहिलेकाहीँ त्यो आवश्यक पर्ला तर आदतको रूपमा यो बुद्धिमानी होइन र साथै हाम्रो पूरा ध्यान दिइनुपर्ने प्रभुलाई यो आदर गर्ने तरिका होइन। बाइबल परमेश्वरकै वचन हो। के परमेश्वरलाई निम्तो दिनु र त्यसपछि उहाँ हामीसित कुरा गरिरहनुभएकै बखतमा हाम्रो ध्यानाकर्षण गर्ने त्यहाँ अनेकौं कामकुराहरू पनि हुन दिइरहनु उचित हो र?

### ३. केही आधारभूत अध्ययन सामग्रीहरू हुनु आवश्यक छ

हामी निम्न पुस्तकहरू सुझावस्वरूप सूचीत गर्छौं (हालमा अङ्ग्रेजी सामग्रीहरू मात्र यहाँ सूचीत गरिएका छन्):

अध्ययन बाइबल (Study Bible)

अरू केही नभए पनि सान्दर्भिक पदहरू भएको र साथै क्रमशब्द सूची भएको एउटा "अध्ययन बाइबल" धेरै उपयोगी हुन्छ। यस्ता उपयोगी अध्ययन बाइबलहरूमध्ये तीनओटा चाहिँ यस प्रकार छन्: पुरानो स्कोफिल्ड रेफरेन्स बाइबल (Old Scofield Reference Bible), थम्सन चेन रेफरेन्स बाइबल (Thomson Chain Reference Bible) र किङग जेम्स स्टडी बाइबल (King James Study Bible)। (यस बारेमा थप जानकारीका लागि वे अफ लाइफ वेबसाइटको "रेफरेन्स् बाइबलहरू" अन्तर्गत हेर्नुहोस्।)

क्रमशब्द (Concordance)

अङग्रेजी पाठकका लागि, मेरो मूल्याङकनमा स्ट्रङग्स् एक्जस्टिभ कन्कोर्डान्स् (Strong's Exhaustive Concordance) हालसम्म प्रकाशित सबै बाइबल अध्ययन सामग्रीमा ज्यादै महत्त्वपूर्ण सामग्री हो। यसले अङग्रेजी बाइबलका शब्दहरूलाई पूर्णरूपले उतार्ने काम मात्र नगरेर तिनलाई तिनका मूल हिब्रू र ग्रीक शब्दहरूको एउटा उपयोगी शब्दकोषसित समेत लिङक गरेको छ।

ट्रेजरी अफ स्क्रिप्चर नलेज (*Treasury of Scripture Knowledge*)

यसमा ५७०,००० जति अन्योन्य पदहरू सूचीत गरिएका छन्। बाइबल नै बाइबलको सबभन्दा राम्रो टिप्पणीकार हो अनि यसैमा ट्रेजरी अफ स्क्रिप्चर नलेजको महत्त्व रहेको छ। यसले बाइबल अध्ययन गर्ने व्यक्तिलाई बाइबललाई बाइबलसितै तुलना गर्नलाई मद्दत गर्दछ।

वे अफ लाइफ इन्साइक्लोपिडिया अफ बाइबल एण्ड क्रिस्चियानिटी (*Way of Life Encyclopedia of Bible and Christianity*)

तीन दशकको भन्दा बढी अनुसन्धानको मेहनत परेको यस अध्ययन सामग्री जस्तो अर्को छैन। यो एउटै मात्र बाइबल शब्दकोष तथा इन्साइक्लोपिडिया हो जो फन्डामेन्टल ब्याप्टिस्टद्वारा लेखिएको छ र किङग जेम्स बाइबलमा आधारित छ। ६,००० भन्दा बढी प्रविष्टहरू र ७,००० भन्दा बढी अन्योन्य सन्दर्भहरू रहेको यो सामग्री बाइबल शब्दावलीको पूर्ण शब्दकोष हो र साथै यसमा बाइबल अध्ययन पुस्तकहरूमा सामान्यतया नसमेटिने अन्य अनुसन्धानमूलक विषयहरू समावेश गरिएका छन्। जस्तै – बाइबल अनुवादहरू, सम्प्रदायहरू, झूटा शिक्षाहरू, मण्डली इतिहासका विभिन्न लहरहरू, प्रतीकहरू, मण्डली, सामाजिक मुद्दाहरू, व्यावहारिक ख्रीष्टिय जीवन, बाइबल अगमवाणी। वे अफ लाइफ इन्साइक्लपिडिया अति नै व्यावहारिक छ जसद्वारा एक विश्वासी आफ्नो विश्वासमा बलियो बन्न सक्छ। धेरैजना प्रचारकहरूले यसलाई आफ्नो सर्वप्रिय अध्ययन सामग्री भएको कुरा हामीलाई व्यक्त गरेका छन्। मिसनरी लेखक ज्याक मूरस्यान भन्छन्, "यो इन्साइक्लोपिडिया श्रेष्ठ छ; प्रविष्टहरूले 'विशुद्ध आत्मिकता' देखाउँदछन्"।

### ४. साथमा नोटकापी र कलम होस्

प्रभुले तपाईंलाई सिकाउनुभएका कुराहरू लेखेर राख्नु महत्त्वपूर्ण बानी हो। मैले मुक्ति पाएको पहिलो वर्षमा मैले विभिन्न नोटकापीहरू लेखेर भरेँ। जस्तै, मैले एउटा नोटकापीचाहिँ बाइबलका विषयहरू अध्ययन गर्नलाई विभिन्न शीर्षकमा बाँडेँ जस्तै, मुक्ति, पाप, सान्त्वना, ख्रीष्टको ईश्वरत्व, शैतान, नरक, स्वर्गदूतहरू र अन्य विषयहरू जसको अध्ययन गर्नलाई मलाई त्यसबेला रूचि भयो। ती शीर्षकसँग मिल्ने पदहरू मैले भेट्टाउँदै जाने क्रममा मैले तिनलाई तिनका शीर्षकअन्तर्गत सूचीत गर्दैगएँ। मैले पूरै बाइबललाई वर्षको दुई-तीन पटक पढ्दै थिएँ, त्यसैले विभिन्न शीर्षकका बारेमा बाइबलले बताएका सबैजसो कुराहरू जम्मा पार्न र आफैंले शिक्षागत अध्ययनहरू गर्न मैले सक्ने भएँ।

### ५. बाइबलमा चिन्हहरू लगाउन साथमा शीशाकलम होस्

किन शीशाकलम प्रयोग गर्न म सल्लाह दिन्छु भने गल्ती भएमा त्यसलाई मेट्न सकिन्छ र साथै मसीले जस्तो पन्नाको अर्कोपट्टी भिजेर जाँदैन। मेकानिकल पेन्सील सर्वोत्तम हुन्छ किनकि त्यसलाई तिखारिरहनु पर्दैन।

सान्दर्भिक पदहरू, शब्दका परिभाषा, रूपरेखा र छोटो-छोटो टिप्पणीहरू लेख्नलाई बाइबलको किनाराहरू प्रयोग गर्नुहोस्। ती कुरालाई थप्दै जाँदा तपाईंले आफ्नै अध्ययन बाइबल निर्माण गर्नुहुन्छ। यसको लागि चौडा किनाराहरू भएको बाइबल उपयोगी हुन्छ।

बाइबलमा चिन्ह लगाउनलाई यहाँ केही सुझावहरू छन्:

1) **विचार पुराएर मात्र चिन्ह लगाउनुहोस्।** हुन त बाइबल त तपाईंकै हो र तपाईंले आफ्नो खुसी गर्न सक्नुहुन्छ, तर भिन्नता नै नराखी जहाँतहीँ चिन्ह नलगाउनलाई म सुझाव दिन चाहन्छु। नत्र भने केही समयपछि तपाईंको बाइबल अर्थ न व्यर्थको चिन्ह र धर्सोले केरकार हुनेछ। चिन्ह लगाउँदा अलिकति विचार पुऱ्याउनु बरु उत्तम हुन्छ। उत्पत्ति १ लाई लिएर म केही सुझाव दिन्छ:

   <u>खण्डका विभाजनहरू झ्वाट्ट देखिने गरी त्यस्ता कुरालाई चिन्ह लगाउनुहोस्</u>। उत्पत्ति १ मा मैले "साँझ पऱ्यो, र बिहान भयो" को मुन्तिर अधोरेखा तानेको छु, किनभने यस वाक्यांशले सृष्टिका दिनहरूलाई छुट्ट्याउँदछ। (प्रकाश २-३ मा मैले सात मण्डलीका नामहरूलाई चिन्ह लगाएको छु र त्यस खण्डलाई झ्वाट्ट हेर्दा नै मैले त्यसका विभाजनहरू देख्न सक्छु।)

   <u>सबभन्दा महत्त्वपूर्ण कुराहरूको मुन्तिर अधोरेखा तान्नुहोस्</u>। उत्पत्ति १ मा मैले पद २७ को मुन्तिर अधोरेखा तानेको छु।

   <u>दोहोरिएका विचारको मुन्तिर अधोरेखा तान्नुहोस्</u>। उत्पत्ति १ मा मैले "परमेश्वरले भन्नुभयो" र "आफ्नो-आफ्नो जातिअनुसार" जस्ता वाक्यांशलाई चिन्ह लगाएको छु। (उपदेशकमा मैले "सूर्यमुनि" लाई र इजिकिएलमा मैले "तिनीहरूले 'परमप्रभु म नै हुँ' भनी जान्नेछन्" लाई भेटिएका जति प्रत्येक ठाउँमा चिन्ह लागाएको छु।)

2) **विचार पुराएर मात्र टिप्पणी लेख्नुहोस्।** चिन्ह लगाएजस्तै, यदि तपाईंले आफ्नो बाइबलमा जेसुकै कुरा वा जस्तोसुकै कुरा टिपोट गर्न थाल्नुभयो भने, चाँडै नै ती टिप्पणीहरू करिब-करिब कामै नलाग्ने ठहरिनेछन्। प्रचारकले वा शिक्षकले भनेका कुनै कुरालाई टिपोट गर्नु अघि, त्यसको स्रोतलाई विचार गर्नुहोस्। के ती बोल्ने व्यक्ति मेहनत गर्ने अध्येता हुन् जसका भनाइहरू सम्भवतः अचूक हुन्छन्? होइन भने आफ्नो बाइबलमा टिपोट गर्नलाई एकदम होशियार हुनुहोस्। मैले थुप्रै प्रचारकहरू र शिक्षकहरूले त्यस्ता कुरा भनेका सुनेको छु जो सही थिएनन्। बाइबलको किनाराहरू विशेष कुराहरू र कुनै असङ्‌दिग्ध, सत्य र अचूक टिपोटका निम्ति जोगाइराख्नुहोस्। अन्य कुराहरूलाई छुट्टै नोटकापिमा लेख्न सकिन्छ।

   <u>बाइबलको किनारामा के कस्ता कुरा लेख्ने?</u>

   <u>शब्द र नामका परिभाषा</u> - कठिन शब्द र सैद्धान्तिक शब्दका परिभाषा लगायत व्यक्ति र स्थानका नामका परिभाषा सिक्दै जाने क्रममा तिनलाई आफ्नो बाइबलको किनारामा टिपोट गर्दै जानुहोस् र तिनलाई तपाईंले सम्झिराख्न सक्नुहुनेछ। मैले आफ्नो बाइबलमा सयौं परिभाषाहरू टिपोट गरेको छु। जस्तै:

   रोमी ३:२४ -- छुटकारा = दाम तिरेर किनिएको
   रोमी ३:२५ -- प्रायश्चित = ऋणचुक्ता

अन्योन्य सन्दर्भ (cross-reference, प्रतिसङ्केत) - कुनै पनि सिङ्गो प्रतिसङ्केत प्रणाली पूर्ण छैन। ट्रेजरी अफ सक्रिप्चर नलेजमा समेत हरेक अन्योन्य सन्दर्भ समेटिएको छैन। अध्ययन गर्नमा मेहनती हुनुभयो भने तपाईंले अरु थुप्रै नयाँ अन्योन्य सन्दर्भहरू भेट्टाउनुहुनेछ जसलाई तपाईंले आफ्नो बाइबलमा थप्न सक्नुहुन्छ। जस्तै, मत्ती ६:२३ लाई हितोपदेश २८:२२ सित प्रतिसङ्केतले जोडिनुपर्छ, तर मैले कुनै पनि प्रतिसङ्केत प्रणालीमा यो भेटेको छैन। र एफेसी १:३ को "स्वर्गीयस्थानहरूमा आत्मिक आशिषहरू" कलस्सी ३:१-३ र १ पत्रुस १:४ सित प्रतिसङ्केतद्वारा जोडिनुपर्छ तर ट्रेजरी अफ स्क्रिप्चर नलेजमा यी कुनै पनि भेटिँदैनन्।

सैद्धान्तिक र शिक्षामूलक रूपरेखा - मैले आफ्नो बाइबलकै किनाराबाट धेरैओटा प्रवचनहरू प्रचार गर्न सक्छु। साथै त्यहाँ टिपोट गरिएका टिप्पणी र रूपरेखाहरूद्वारा मैले झूटा शिक्षाहरूको खण्डन गर्न सक्छु। मलाई एउटा घटनाको याद आउँछ जब म नयाँ ख्रीष्टियन थिएँ र अनजानमा म एक कट्टर यहोवाका साक्षी महिलाको घरमा पुगेँ। घरभित्र बोलाइएपछि मैले आफूलाई त्यहाँ बाइबल अध्ययन गर्न जम्मा भएको एउटा समूहको बीचमा पाएँ। ती महिलाले सभाको नियन्त्रण आफ्नो हातमा लिए र मलाई प्रश्न गरे, "के ख्रीष्टियनहरू मरेपछि स्वर्ग जान्छन्?" मैले जवाफ दिएँ, "जान्छन्"। तब तिनले मलाई विश्वासी स्वर्ग जानेछ वा स्वर्ग उसको घर हो भनेर बाइबलमा कहाँ लेखिएको छ त्यो देखाउनलाई चुनौती दिए। केही बेर मैले खोजी गरेँ तर त्यही कुरा बताउने मैले कुनै पनि खण्ड भेट्टाउन सकिनँ र यसरी म उक्त झूटा शिक्षिकाको सामु शर्ममा पारिएँ। त्यसपछि झूटा शिक्षकहरूलाई जवाफ दिन सक्न सधैं तयार हुनलाई मैले आफ्नो मेहनतलाई दोब्बर गतिमा अघि बढाएँ। मैले अपनाएको एउटा उपायचाहिँ आफ्नो बाइबलको किनारामा सान्दर्भिक टिप्पणीहरू लेख्नु हो जसलाई आवश्यक पर्दा मैले छिट्टै भेट्टाउन सक्दछु।

प्रस्थान २० मा मैले विश्रामदिन किन नयाँ नियमका विश्वासीहरूलाई बन्धनकारी छैन भन्ने कारणहरू टिपोट गरेको छु।

हितोपदेश २३ मा मैले मात लगाउने पेय पद्धार्थका खतराको बारेमा रूपरेखा लेखेर राखेको छु।

मत्ती १६:१८ मा मैले "चट्टान" ले पत्रुसलाई नभएर ख्रीष्टलाई जनाउँछ भन्ने कारण टिप्पणी गरेको छु।

मर्कूस १:२३ मा मैले बाइबलका आधुनिक अनुवादहरूमा पाइने केही मूलभूत त्रुटीहरूलाई टिपोट गरेको छु।

मर्कूस ९ मा मैले नरक सम्बन्धी विभिन्न बाइबलीय बयानहरू लगायत ख्रीष्टले नरकको प्रचार गर्नुभएको खण्डहरू उल्लेख गरेको छु।

यूहन्ना ३:५ मा मैले "पानीबाट जन्मनु" भनेको बप्तिस्मा होइन भन्ने कारणहरू टिपोट गरेको छु।

यूहन्ना १३ मा मैले पाउ-धुलाइ माण्डलिक विधि किन होइन भनेर टिपोट गरेको छु।

प्रेरित २:३८ मा मैले यसले बप्तिस्माले मुक्ति पाइने कुरा गरेको किन होइन भन्ने कारणहरू टिप्पणी गरेको छु।

यीचाहिँ केही उदाहरणहरू हुन्। मैले एउटा कारागारमा गई बाइबल सिकाउने गर्थें र झण्डै हरेक हप्ता नै यी टिप्पणीहरू मैले प्रयोग गर्थें जब कैदीहरूले प्रश्न गर्थे। मलाई जवाफ थाह नभएको कुनै प्रश्न सोधिएको खण्डमा, अर्को पटक त्यसको जवाफ दिन म तयार हुन सकूँ भनेर मैले त्यसको जवाफ खोजेर मेरो बाइबलमा समावेश गरिहाल्थें।

नापतौलका टिप्पणी जस्तै, प्रस्थान २५-२७ मा मैले भेट हुने पालका विभिन्न सामग्रीका आधुनिक नापतौलहरू लेखेर राखेको छु।

पदको छोटो टिप्पणी - कुनै खण्डको बारेमा जब तपाईंले कुनै उपयोगी कुरा सिक्नुहुन्छ तब त्यसलाई किनारामा छोटकरीमा टिपोट गर्नुहोस्। पछि त्यस खण्डलाई पढ्नुहुँदा प्रत्येक पटक नै उक्त टिपोट सम्झनास्वरूप त्यहीँ हुनेछ। जस्तै, लूका १६:८ मा यस संसारका सन्तान आफ्नो पुस्तामा ज्योतिका सन्तानभन्दा बढ्ता चतुर कसरी हुन्छन्। "कसरी बढ्ता चतुर? १) भविष्यको लागि तयारी गरेर २) पैसाको प्रयोगमा। ख्रीष्टले अनन्तको बारेमा दर्शाउन सांसारिक उदाहरणबाट सिकाउँदै हुनुहुन्छ।" रोमी ३:३१ मा मैले "व्यवस्था जुन उद्देश्यको लागि दिइएको थियो पावलले त्यसलाई त्यसैका लागि स्थिर पारे। हेर्नू: पद १९-२२।"

खण्डका विभाजनहरू - कुनै-कुनै बाइबल खण्डहरू छुट्ट्याएर छापिएका हुन्छन्, तर यो काम आफैंले गर्न मलाई मन पर्छ। जस्तै, प्रस्थान ७-११ मा मैले मिश्रमाथिका १० विपत्तिहरूलाई चिन्ह लगाएको छु। प्रस्थान २० मा मैले दस आज्ञाका प्रत्येक आज्ञालाई चिन्ह लगाएको छु। लेवी १-७ मा मैले ती विभिन्न बलिदानहरूलाई चिन्ह लगाएको छु।

चाबी विचार र दोहोरिएका महत्त्वपूर्ण उल्लेखहरू - जस्तै, पावलका पत्रहरूमा, रोमी १:८-१० बाट शुरु गरेर, मैले उनका सबै प्रार्थनाहरूलाई परकाष्ठ-चिन्हद्वारा छुट्ट्याएको छु, र त्यसको अगाडि भएको र त्यसको पछाडि आउने प्रार्थनाको टिपोट गरेको छु। रोमी १:८-१० को छेउमा मैले "रोमी १५:५-६" लेखेको छु, किनभने पावलको त्यसपछिको प्रार्थना त्यही नै हो। रोमी १५:५-६ को छेउमा मैले "रोमी १:८-१०" लेखेको छु किनकि त्यो पावलको अघिल्लो प्रार्थना हो, र "रोमी १५:३" लेखेको छु किनकि त्योचाहिँ उसको पछिल्लो प्रार्थना हो। उत्पत्ति १ मा, उत्पत्ति १२ बाट शुरु गरेर, मैले परमेश्वरले अब्राहामलाई आफ्नो करार दोहोऱ्याउनुभएको प्रत्येक उल्लेखलाई परकाष्ठ-चिन्हले छुट्ट्याएको छु। अनि प्रत्येक पद भेट्टाउन सजिलो पार्न मैले पदको छेउमा तारा-चिन्ह पनि लगाएको छु।

3) **रङगीन चिन्हका प्रयोग** - रङगीन शीशाकलम अथवा हाइलाइटरहरू बाइबललाई चिन्ह लगाउने उत्तम उपाय हुन्। कतिले बाइबलभरि एउटै रङ प्रणाली प्रयोग गर्न खोज्छन्; तर मैले बाइबलका फरक-फरक भागहरूलाई फरक-फरक रङग प्रणाली प्रयोग गर्नु अझ सजिलो र प्रभावकारी भएको पाएको छु। मेरो आफ्नै बाइबलमा मैले प्रयोग गरेको केही प्रणालीहरू यस प्रकार छन्:

भजनसङग्रहमा मैले अनन्तताको उल्लेखलाई रातो प्रयोग गरेको छु, दोस्रो आगमनको निम्ति गाढा नीलो, परमेश्वरमाथिको भरोसालाई सुन्तला, आशिषका लागि हरियो, सङकष्टको लागि बैजनी, प्रशंसाको लागि पहेँलो, प्रार्थनाको लागि गुलाफी, परमेश्वरको वचनको लागि खैरो। मसीही भविष्यवाणीका पदका अङकहरूलाई नीलो रङले गोलो चिन्ह लगाएको छु। साथै पूरा हुन बाँकी रहेका भविष्यवाणी वा भविष्यका घटनालाई मैले रातो रङगको परकाष्ठ चिन्ह( )ले छुट्ट्याएको छु।

पुरानो नियम अगमवाणीका खण्डहरूमा मैले परमप्रभुको दिन सम्बन्धीका पदहरूका लागि खैरो, मसीही खण्डहरूका लागि हल्का नीलो, इस्राएलका बचेकाहरू सम्बन्धीका खण्डहरूका लागि हरियो, नयाँ करारका लागि सुन्तला, इस्राएलको पुनस्थापनाको लागि गाढा नीलो, हजार वर्षे राज्यको बयान गर्ने खण्डहरूका लागि पहेँलो, दोस्रो आगमनका लागि रातो रङग प्रयोग गरेको छु। साथै पूरा हुन बाँकी रहेका भविष्यवाणी वा भविष्यका घटनालाई मैले रातो रङगको परकाष्ठ चिन्ह( )ले छुट्ट्याएको छु।

हितोपदेशमा मैले सल्लाह र (व्यावहारिक) शिक्षाप्राप्ति सम्बन्धीका पदहरूलाई रातो, जिब्रो र बोली सम्बन्धीका पदहरूलाई पहेँलो, सुधारको लागि हरियो, रिस र झगडालाई बैजनी, अमरतालाई सुन्तला,

मित्रतालाई खैरो, छोराछोरीको तालिमलाई नीलो रङ्ग प्रयोग गरेको छु। घर तथा परिवार सम्बन्धीका पदका अङ्कहरूलाई मैले नीलो गोलो रङ्ग लगाएको छु, अल्छे सम्बन्धीका पदको अङ्कलाई सामान्य शीशाकलमले गोलो लगाएको छु, सरकार सम्बन्धीका पदको अङ्कलाई हरियो गोलो, गरीब र गरीबी सम्बन्धीलाई खैरो गोलो र घमन्डलाई बैजनी गोलो लगाएको छु।

प्रेरितको पुस्तकमा मैले विश्वासद्वारा मुक्ति पाइने भन्ने शिक्षा सिकाउने पदहरूलाई रातो, बप्तिस्मा सम्बन्धीका पदहरूलाई नीलो, पश्चात्तापलाई हरियो, पावल पुगेका ठाउँका नाउँहरूलाई पहेँलो, ख्रीष्टको बौरिउठाइको उल्लेख गर्ने पदहरूलाई सुन्तला रङ्गले चिन्ह लगाएको छु।

प्रकाशको पुस्तकमा मैले सात मण्डलीका नामहरूलाई नीलो, छापहरूलाई बैजनी, तुरहीहरूलाई सुन्तला, परमेश्वरको क्रोधको उल्लेखहरूलाई रातो र कचौराहरूलाई खैरो रङ्गले चिन्ह लगाएको छु।

### ६. साथमा एउटा पठन-तालिका होस्

बाइबल पढ्नु (व्यवस्था १७:१८-१९; प्रकाश १:३) र बाइबल अध्ययन गर्नु (२ तिमोथी २:१५) दुईटै महत्त्वपूर्ण कुरा हुन्। पढ्नु र अध्ययन गर्नु दुई फरक-फरक कुरा हुन्। पहिला, बाइबल पढ्नु महत्त्वपूर्ण कुरा हो। विश्वासीलाई बाइबल झन् झन् राम्ररी बुझ्नलाई मद्दत दिलाउने एउटै कुरा छ भने त्यो हो बाइबललाई केवल पढेको पढै, पढेको पढै, पढेको पढै गर्ने। मेरी आमाले ७७ वर्षको उमेर पुगेर बाइबललाई वर्षको दुई पटक पूरै पढ्न थालेकी हुन् र त्यसबेलादेखि उहाँलाई मैले भेटेको हरेक पटक नै उहाँले आफू बाइबललाई अझ राम्ररी बुझ्न सकेको कुरा बताउनुभएको छ। साथै, बाइबल अध्ययन गर्नु पनि आवश्यक छ। यसको मतलब अलि बिस्तारै जानु हो, शब्दको अध्ययन गर्नु हो, खण्ड-खण्डलाई विश्लेषण गर्नु हो, विषयगत अध्ययन गर्नु हो, टिप्पणीहरूको प्रयोग गर्नु हो इत्यादि। यहाँ आइपुगेर हो हामीले बाइबल अध्ययन सामग्रीहरू प्रयोग गर्न थाल्ने।

## बाइबल पठन सम्बन्धी केही सुझावहरू

1) प्रणालीबद्ध रूपले पढ्नुहोस्। यसको माने शुरुदेखि अन्तसम्म पढ्नुहोस्। बाइबल किन प्रणालीबद्ध रूपले पढिनुपर्छ? बाइबल केवल विभिन्न लेखोटको सँगालो मात्र होइन; यो एउटै सिङ्गो पुस्तक हो; अनि यसलाई बुझ्ने हो भने यो सिङ्गो पुस्तककै रूपमा पढिनुपर्छ। बाइबलको प्रत्येक पुस्तकले बाँकी पुस्तकहरूको परिपूरकको रूपमा काम गर्दछ, र जति बाइबल प्रणालीबद्ध रूपले पढिन्छ त्यति नै यसका खण्डहरू बिस्तारै आपसमा मेल खाएको देख्न थालिन्छ।

म बाइबल जान्दछु भनी म ठान्दथेँ,
अलिकति यहाँ, अलिकति त्यहाँ जब म पढ्दथेँ,
कहिले थोरै मत्ती, कहिले थोरै यूहन्ना,
अब उत्पत्तिको एक टुक्रा,
यशैयाका केही अध्याय,
कुनै-कुनै भजनसङ्ग्रह
(तेइस अध्याय विशेष गरी),
रोमीको बाह्रौं, हितोपदेशको पहिलो पनि --
हो, वचन म जान्दछु भन्ने लाग्थ्यो मलाई!
तर वचन पूरै पढ्नु भनेको त
बेग्लै कुरा रहेछ मैले जानेँ,
अनि बाटो नचिनेको जस्तो
जब बाइबल पूरै पढ्न थालेँ।

बाइबलसित खेल्नेहरूहो:
यहाँ र त्यहाँ डुबुल्की मार्नुहुन्छ तपाईं
थाकेर घुँडा टेक्नुअघि
हाइ काट्दै हतारमा प्रार्थना गर्नुहुन्छ तपाईं;
लेखोटहरूका पनि सर्वश्रेष्ठ लेखोटलाई
अन्य किताबसितझैं व्यवहार गर्नुहुन्छ--
छेउ न टुप्पो गरी कुनै खण्ड पढ्नुहुन्छ,
अधीर बनी यस्सो नजर लाउनुहुन्छ --
त्योभन्दा उत्तम उपाय चाखी हेर्नुस् न,
चौडा, अटुट दृष्टि लगाइरहनुस् न;
हर्षले विभोर भई घुँडा टेक्नुहुन्छ तब
बाइबल तपाईं पूरै पढ्नुहुन्छ जब!
-- आमोस आर वेल्स्

2) पुरानो र नयाँ नियमहरू दुवैबाट पढ्नलाई म सल्लाह दिन्छु। यसको लागि तपाईंले हरेक दिन पुरानो र नयाँ नियमबाट पढ्न सक्नुहुन्छ, अथवा पुरानो र नयाँ नियम पढ्नलाई तपाईंले पालो गर्न सक्नुहुन्छ, जस्तै तपाईं पहिला पुरानो नियमको एउटा पूरै किताब वा विभाजन पढ्न सक्नुहुन्छ (जस्तै उत्पत्ति अथवा पूरै पञ्चग्रन्थ) अनि त्यसपछि नयाँ नियमको एउटा पूरै किताब वा विभाजन पढ्न सक्नुहुन्छ (जस्तै मत्ती अथवा चारओटै सुसमाचारका पुस्तकहरू)।

एक वर्षमा पूरै बाइबल पढ्नलाई प्रयोग गर्न सकिने एउटा तालिका ५२-हप्ताको पठन-तालिका एउटा राम्रो उपाय हो। यसअनुसार पढ्दा पुरानो नियम एक पटक र नयाँ नियम दुई पटक पढिन्छ। यो पूरा गर्न हरेक दिन चारओटा अध्याय पढ्नुपर्ने हुन्छ।

| हप्ता | खण्ड | हप्ता | खण्ड |
|---|---|---|---|
| हप्ता #१ | -- उत्पत्ति १-२६ | हप्ता #२७ | -- १ राजा |
| हप्ता #२ | -- उत्पत्ति २७-५० | हप्ता #२८ | -- २ राजा |
| हप्ता #३ | -- मत्ती | हप्ता #२९ | -- भजनसङ्ग्रह ५१-१०० |
| हप्ता #४ | -- मर्कूस | हप्ता #३० | -- १ इतिहास |
| हप्ता #५ | -- प्रस्थान १-२१ | हप्ता #३१ | -- २ इतिहास |
| हप्ता #६ | -- प्रस्थान २२-४० | हप्ता #३२ | -- भजनसङ्ग्रह १०१-१५० |
| हप्ता #७ | -- लूका | हप्ता #३३ | -- एज्रा, नहेम्याह, एस्तर |
| हप्ता #८ | -- यूहन्ना | हप्ता #३४ | -- हितोपदेश |
| हप्ता #९ | -- लेवी | हप्ता #३५ | -- मत्ती |
| हप्ता #१० | -- प्रेरित | हप्ता #३६ | -- यशैया १-३५ |
| हप्ता #११ | -- गन्ती १-१८ | हप्ता #३७ | -- यशैया ३६-६६ |
| हप्ता #१२ | -- गन्ती १९-३६ | हप्ता #३८ | -- मर्कूस |
| हप्ता #१३ | -- रोमी, गलाती | हप्ता #३९ | -- लूका |
| हप्ता #१४ | -- १ र २ कोरिन्थी | हप्ता #४० | -- यर्मिया १-२९ |
| हप्ता #१५ | -- व्यवस्था १-१७ | हप्ता #४१ | -- यर्मिया ३०-५२, विलाप |
| हप्ता #१६ | -- व्यवस्था १७-३४ | हप्ता #४२ | -- यूहन्ना |
| हप्ता #१७ | -- एफेसी देखि फिलेमोन | हप्ता #४३ | -- प्रेरित |
| हप्ता #१८ | -- हिब्रू देखि २ पत्रुस | हप्ता #४४ | -- इजकिएल १-२४ |
| हप्ता #१९ | -- यहोशू | हप्ता #४५ | -- इजकिएल २५-४८ |
| हप्ता #२० | -- १ यूहन्ना देखि प्रकाश | हप्ता #४६ | -- रोमी, गलाती |
| हप्ता #२१ | -- न्यायकर्ता, रूथ | हप्ता #४७ | -- १ र २ कोरिन्थी |
| हप्ता #२२ | -- अय्यूब १-३१ | हप्ता #४८ | -- दनियल, होशे, योएल, आमोस |
| हप्ता #२३ | -- अय्यूब ३२-४२, उपदेशक, श्रेष्ठगीत | हप्ता #४९ | -- एफेसी देखि फिलेमोन |
| हप्ता #२४ | -- १ शमूएल | हप्ता #५० | -- ओबदिया देखि मलाकी |
| हप्ता #२५ | -- २ शमूएल | हप्ता #५१ | -- हिब्रू देखि २ पत्रुस |
| हप्ता #२६ | -- भजनसङ्ग्रह १-५० | हप्ता #५२ | -- १ यूहन्ना देखि प्रकाश |

3) बिहान र साँझ गरी दुईपटक पढ्ने समय लिन सकिन्छ (भजनसङ्ग्रह ११९:१४७-१४८), अथवा बिहान र मध्यदिन। केही सुझाव यस प्रकार छन्:

(1) बिहान पुरानो नियमबाट एउटा भाग पढ्नुहोस् र साँझ नयाँ नियमबाट एउटा भाग पढ्नुहोस्।

(2) बिहानचाहिँ प्रणालीवद्धरूपमा पढ्नुहोस्, दिनको तीन-चार अध्याय गर्दै; अनि साँझचाहिँ बढी समय प्रार्थनामा बिताउँदै, पवित्र आत्मालाई फरक-फरक खण्डमा डोऱ्याउन दिँदै, पढ्नुहोस्।

(3) बिहानचाहिँ प्रणालीवद्धरूपमा पढ्नुहोस् अनि साँझचाहिँ भजनसङ्ग्रह र हितोपदेश पढ्नुहोस्।

4) पढ्ने समयलाई दुई भाग लगाउन सक्नुहुन्छः पहिलो भागमा पढ्नुहोस् र दोस्रोमा अध्ययन गर्नुहोस्। एक वर्षमा पूरै बाइबल पढ्नलाई आवश्यक दैनिक तीन वा चार अध्यायहरू पढ्न धेरै समय लाग्दैन। त्यसैले पठनपछि अध्ययनको समय लिन सकिन्छ। समयको यसरी विभाजन गर्नलाई यहाँ केही सुझावहरू छन्:

(1) पठन र अध्ययन एउटै अवधिभित्र गर्न सकिन्छ; यस महत्त्वपूर्ण कार्यको लागि लगभग एक घण्टा जति लिन सकिन्छ।

(2) पठन र अध्ययनलाई दिनको दुई बेग्लाबेग्लै समयमा विभाजित गर्न सकिन्छ, एक समयमा पढ्न र अर्कोमा अध्ययन गर्न सकिन्छ।

(3) वर्षको पहिलो भागमा पठनमा व्यस्त रहन सक्नुहुन्छ र वर्षको बाँकी भागमा अध्ययनमा व्यस्त रहन सक्नुहुन्छ। जस्तै, वर्षको पहिलो भागमा तपाईंले दिनको छ अध्यायहरू पढ्न सक्नुहुन्छ र त्यसरी साँढे छ महिनामा पूरै बाइबल पढेर भ्याउन सक्नुहुन्छ (बाइबलमा १,१८९ अध्यायहरू छन्)। तब बाँकी झण्डै आधा वर्ष तपाईंले बाइबलको अध्ययन गर्ने काममा बिताउन सक्नुहुन्छ।

5) बाइबल पढ्न भर्खरै शुरु गर्दै हुनुहुन्छ भने (चाहे नयाँ विश्वासीको रूपमा वा पुरानोको रूपमा), एउटा सरल बाइबल सर्वेक्षण पुस्तकको साथ-साथै बाइबललाई वर्षको एक पटक पूरै पढ्नुहुन सुझाव दिन चाहन्छु। साथमा कम्प्युटर हुने अङ्ग्रेजी पाठकले Walter Groom को "Genesis to Revelation Bible Course" इन्टरनेटबाट यसको इ-बूक कपि गर्न सक्नुहुन्छ (http://www.wayoflife.org/pdf/genesistorevelation.pdf)।

### ७. प्रार्थनासहित शुरु गर्नुहोस्

तपाईंको समझका आँखा खोलियोस् भनी परमेश्वरलाई पुकारा गर्नुहोस्। आफैले बाइबल बुझ्न सक्छु जस्तो सोचेर अतिआत्मविश्वासी नबन्नुहोस्। हामीले भजनसङ्ग्रहका लेखकको नमुनालाई पछयाउनुपर्छ जसले पुकारे, "मेरा आँखाहरू खोलिदिनुहोस्, र म तपाईंका व्यवस्थाबाट अद्भुत कुराहरू देख्न सकूँ" (भजनसङ्ग्रह ११९:१८)। हितोपदेशले भन्छ, हामीले समझ पाउनको निम्ति पुकारा गरेपछि मात्र बुद्धि प्राप्त गर्नेछौं (हितोपदेश २:१-५)।

### ८. मन लगाएर पढ्नुहोस्

यदि तपाईं बाइबलमा ध्यान लगाएर पढ्न सक्नुहुन्न भने तपाईंको अध्ययन समय त्यति लाभदायक बन्नेछैन। मन सजिलै यताउता जान सक्दछ, त्यसैले हामीले जसरी भए पनि पवित्र शास्त्रमै आफ्नो मन लगाइराख्नुपर्छ र परमेश्वरका वचनहरूलाई आफ्नो हृदयमा सम्हालिराख्नुपर्छ ताकि तिनले असल फल फलाऊन्। हामी एक कमजोर, आत्मिक भन्दा बढी प्राणीक शरीरमा जिउँदछौं (जसलाई रोमी ७:२४ मा "यस मृत्युको शरीर" भनिएको छ) जुनचाहिँ थाक्छ, रोग लाग्छ। त्यति मात्र होइन, हामी अनेक फिक्री र सङ्कष्टले भरिएको संसारमा बाँचिरहेका छौं। त्यति मात्र होइन हाम्रो प्रगतिलाई रोक्न खोजिरहने हाम्रो एउटा सक्रिय आत्मिक शत्रु पनि छ। उसको नाम शैतान हो जसको माने हो "शत्रु" जो हाम्रो विरोध गर्नलाई हाम्रो सामु उभिन्छ। बाइबल अध्ययन आत्मिक युद्ध हो र यस युद्धमा विजयी बन्नलाई हामीले आवश्यक पर्ने जति सबै कुराहरू गर्नैपर्छ।

पवित्र शास्त्रलाई बुझ्न र प्रयोग गर्न मान्छले यत्न गर्नुपर्छ नत्र भने शैतानले सत्यतालाई उसको हृदयबाट चोरेर लैजान्छ भन्ने कुरा बीउ छर्नेको दृष्टान्तले सिकाउँदछ (मत्ती १३:१९)। सत्यतामाथि मनन गरेर र त्यसको अर्थ पत्ता लगाएर हामीले त्यसलाई पक्रनैपर्छ।

बाइबल पठनमा मन लगाउनलाई यहाँ केही सुझावहरू छन्:

1) यसबारे प्रार्थना गर्नुहोस्। बाइबल अध्ययनको समयमा तपाईंको मन धेरै यता र उता गरिरहेको पाउनुहुन्छ भने यस कुरालाई प्रभुको सामु लानुहोस्। उहाँको ज्ञानमा र उहाँको वचनको ज्ञानमा बढ्न चाहनुहुन्छ भन्दै उहाँलाई भन्नुहोस्, आफ्नो समस्या उहाँको सामु आफ्नो खाँचोको रूपमा ल्याउनुहोस् र पठनमा ध्यान दिन सक्नलाई उहाँको सहायताको माग गर्नुहोस्।

2) कुनै विषयमा फिक्री लागिरहेको छ भने त्यसलाई प्रभुमा राखिदिनुहोस् (१ पत्रुस ५:७) र त्यसको निम्ति उहाँमा भरोसा गर्नुहोस् अनि आफ्नो पूरै ध्यान उहाँको वचनतिर फर्काउनुहोस्।

3) कोठामा तपाईंको ध्यान खिँच्ने कुनै कुरा छ भने त्यसलाई हटाउनुहोस्। मैले एकजना पास्टरलाई चिन्छु जसले आफ्नो कोठामा भएका किताबका सबै चम्किला खोलहरू निकालेर हटाउनुभयो किनकि बाइबल अध्ययन गर्न खोज्दा उहाँको ध्यानलाई तिनले बाधा दिँदैथिए।

4) बाइबल पढ्ने समयमा कम्प्युटर प्रयोग गर्ने बारेमा होसियार हुनुहोस्। बाइबल अध्ययन गर्नलाई मैले कम्प्युटर प्रयोग गर्दछु किनकि यो एकदम प्रभावकारी छ, तर पवित्र शास्त्रहरूमा मेरो दैनिक प्रार्थनामय समय बिताउँदा म कम्प्युटर प्रयोग गर्दिनँ। किनकि अरू कुराले ध्यान यताउता जान ज्यादै सजिलो छ।

5) अनेक विचारहरू आउँदा होसियार हुनुहोस्। बाइबल अध्ययन गरिरहँदा कतिपटक यस्तो हुन्छ कि अरू कुराका बारेमा विभिन्न विचारहरू वेगले आउने गर्छन् र तपाईंलाई यो परीक्षा बन्छ किनकि तपाईंलाई बाइबल अध्ययन गर्न छोडेर ती अरू कामहरू गरूँ जस्तो लाग्न थाल्छ। यसैले गर्दा आफूसँग कलम र कागत हुनु राम्रो हुन्छ ताकि ती विचारलाई टिपोट गर्न सक्नुहुन्छ र पछि ती कामलाई पूरा गर्न सक्नुहुन्छ। यसरी तिनलाई आफ्नो मनबाट हटाउन सक्नुहुन्छ र अध्ययनमा अगाडि बढ्न सक्नुहुन्छ। यदि तपाईं अरू काम पूरा गर्नलाई यता र उता कुद्ने बानी गर्नुहुन्छ भने, फलदायी बाइबल अध्ययन गर्न सक्ने तपाईंको क्षमताको सवालमा तपाईं अपाङ्गजस्तै बन्नुहुन्छ।

6) खण्डलाई दोहोऱ्याएर पढ्नुहोस्। पवित्र शास्त्र पढ्ने क्रममा जब तपाईंले आफ्नो मन अन्यत्र पुगेको महसुस हुन्छ, महत्त्वपूर्ण कुरा के छ भने तपाईं फेरि फर्केर उक्त खण्डलाई पढ्नुपर्छ जबसम्म आफूले पढिरहेको खण्डलाई तपाईं बुझ्नुहुन्न; पटक-पटक पढ्नुपर्ने पनि हुन सक्छ। कञ्चन बुझाइसहित एउटा पद पढ्नु बरु असल हो, विचार एकातिर कुदिरहेको बेलामा पूरै अध्याय पढ्नुभन्दा।

7) सकभर बाइबल पढ्ने समय थाकेको बेलामा नपरोस्। कहिलेकाहिँ यसो नगर्ने अठोट गर्दागर्दै पनि नसकिएला; थाकेको बेलामा पढ्दै नपढ्नुभन्दा त पढ्नु नै बेस हुन्छ। तर बाइबल अध्ययन गर्न चाहने बुद्धिमानी व्यक्तिले आफ्नो समय तालिका यस्तो प्रकारले मिलाउनेछ ताकि उसले आफ्नो दिमाग ताजा हुँदा उसले पवित्र शास्त्रहरू अध्ययन गर्न सक्नेछ।

8) विचार अन्यत्र घुम्न खोज्ने हुन्छ भने दिनमा अरू कुनै काम गर्नु अगाडि बाइबल पढ्ने काम गर्दा समस्या समाधान हुन सक्छ। मैले पहिला अन्य कुराहरू पढ्न र अध्ययन गर्न थालें भने, मलाई बाइबलमा ध्यान दिन झन् गाह्रो पर्ने भएको महसुस गरेको छु।

9) विचार अन्यत्र जान खोज्दा कहिलेकाहिँ स्वर निकालेर पढ्नु राम्रो हुन्छ। तपाईंको ध्यान पठनमा केन्द्रित गराइराख्न यसले मद्दत गर्न सक्छ।

10) पढ्नलाई ठूलो अक्षरको बाइबल प्रयोग गर्दा पनि ध्यान दिन मद्दत हुन सक्छ किनकि त्यसलाई पढ्न सजिलो हुन्छ र बाइबलको पृष्ठ धेरै कुराले ज्यादा छितरबितर हुँदैन।

11) लागिपर्नुहोस्। बाइबल पठन कार्यमा शैतानलाई विजय हुन नदिनुहोस्। कुनै समयमा तपाईंले पठनमा ध्यान लगाउन सक्नुभएन भने पनि पढ्ने काम नछोड्नुहोस्। जीवनका अरू कुरामा जस्तै बाइबल पठनमा उतारचढाव आउँछन् नै। प्रभावकारी बाइबल अध्ययनको लागि सर्वोत्तम सुझाव भनेको त्यसमा लागिराख्नु हो!

### ९. आफ्नो बाइबल पठनबाट हरेक दिन कुनै न कुनै व्यावहारिक कुरा लिन खोज्नुहोस्

दिमागी ज्ञानको लागि मात्र बाइबल नपढ्नुहोस्; ख्रीष्टसितको आफ्नो सम्बन्धमा र उहाँसितको आफ्नो दैनिक हिँडाइमा बढ्दै जाने उद्देश्यले पढ्नुहोस्।

बाइबल पठनको एउटा डायरी कायम गर्नु राम्रो हुन्छ। मिति लेख्नुहोस्, आफूले पढेको खण्ड लेख्नुहोस् र पढ्दाहुँदि तपाईंले पाउनुभएका व्यावहारिक पाठहरू टिपोट गर्नुहोस्। आफैलाई सोध्नुहोस्, “आज यस खण्डबाट परमेश्वरले मलाई के भन्दै हुनुहुन्छ?”

### १०. आफूसित प्रार्थनाको एउटा नोटकापी होस्

धेरैजना विश्वासीहरूले आफ्नो दैनिक बाइबल पढ्ने समयसित अन्तर्विन्तीको प्रार्थना गर्ने समय पनि समावेश गर्दछन्। यो भनेको अरूका लागि प्रार्थना गर्नु हो। यसलाई १ तिमोथी २:१-२ मा बयान गरिएको छ। दैनिक रूपमा तपाईंले प्रार्थना गर्ने विभिन्न कुरा र विभिन्न व्यक्तिको सूचीसहित एउटा प्रार्थनाको नोटकापी (डायरी) कायम गर्दा मद्दत हुन्छ: सुझावस्वरूप, पतिहरूका लागि, पत्नीहरूका लागि, छोराछोरीहरूका लागि, आमाहरूका लागि, बाबुहरूका लागि, पास्टरहरूका लागि, मिसनरीहरूका लागि, मुक्ति नपाएका आफन्तका र चिनारूहरूका लागि, बिरामीका लागि, सतावटमा परेका विश्वासीका लागि र सरकारको लागि। निश्चित कुराका लागि प्रार्थना गर्नुहोस् र परमेश्वरबाट मिलेका आफ्ना प्रार्थनाका जवाफ टिपोट गर्न उक्त प्रार्थना डायरी प्रयोग गर्नुहोस्।

## दैनिक बाइबल अध्ययन सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. उहाँको वचनमा लागिरहनेहरूले सत्य जान्नेछन् भन्ने प्रतिज्ञा येशूले कुन खण्डमा गर्नुभएको छ?
2. उहाँको वचनमा दिनरात मनन गर्ने व्यक्ति पानीका नदीहरूको किनारमा रोपिएको रूखझैं हुनेछ भनेर कुन खण्डमा बताइएको छ?
3. उसले परमेश्वरको वचनमा दिनरात मनन गऱ्यो भने ऊ सफल हुनेछ भनेर पुरानो नियमको कुन व्यक्तिलाई प्रतिज्ञा गरिएको थियो?
4. हरेक दिन एउटा निश्चित समयमा बाइबल पढ्ने आदत बसाल्नु किन महत्त्वपूर्ण छ?
5. हामीले सुझाव दिएका चार बाइबल अध्ययन सामग्रीहरू कुन-कुन हुन्?
6. बाइबल _______ र बाइबल ________ गर्नु दुईटै महत्त्वपूर्ण कुरा हुन्।
7. बाइबल पढ्नलाई यहाँ दिइएका कुनै पाँचओटा सुझावहरू के-के हुन्?
8. आफ्नो ध्यान बाइबल पठनमा लगाइराख्नलाई कुनै पाँचओटा सुझावहरू दिनुहोस्।

# बाइबल व्याख्याका चार चाबी सिद्धान्तहरू

**कण्ठ गर्नुपर्ने पदहरू: व्यवस्था २९:२९; १ कोरिन्थी २:१३; २ तिमोथी २:१५**

परमेश्वरलाई दर्शाउने खालको ख्रीष्टिय जीवन जिउन सक्नलाई बाइबल राम्ररी बुझेको हुनुपर्छ, र यसका लागि बाइबल व्याख्याका कमसेकम आधारभूत सिद्धान्तहरूको ज्ञान हुनु जरूरी छ। यस पाठमा हामी यस सम्बन्धी चारओटा सिद्धान्तहरूलाई हेर्नेछौं:

**१. शब्दका परिभाषा निर्धारण गर्ने र खण्डहरूलाई अर्थ लगाउने काममा सबभन्दा महत्त्वपूर्ण कुरा सन्दर्भ हो ।**

बाइबल व्याख्याको सर्वप्रथम र सर्वोपरि नियम भनेको सन्दर्भको आधारमा त्यसको अर्थलाई परिभाषित गर्नु हो। कुनै पनि अर्को नियम यो जत्तिको महत्त्वपूर्ण छैन। यसैकारण आफ्नो अगाडि रहेको बाइबलको सम्बन्धित खण्ड, अध्याय र पुस्तकको विषयवस्तु के हो आफूलाई थाह हुनु जरूरी छ। हामी सन्दर्भद्वारा डोऱ्याइयौं भने, बाइबलले आफ्नो अर्थ आफैले खोल्दो रहेछ भनी हामीले जान्नेछौं। तर यसको ठीक विपरितमा, झूटा शिक्षकहरूले पदहरूलाई टेढामेढा पार्दै तिनको सन्दर्भलाई वास्तै नगरी तिनमाथि आफ्ना पूर्वनिर्धारित अर्थहरू लाद्ने काम गर्दछन्। जस्तै, नेपालमा अहिले त्यस्ता कोरियाली झूटा शिक्षकहरू पसेका छन् जोहरू मानिसहरूसँग घर-घरमा बाइबल अध्ययनहरू गराउन एकदमै अग्रसर छन्, तर तिनीहरूले स्रोताहरूलाई पदहरू टिपोट गर्न दिँदैनन्, र चर्चा गरिएको पदको मास्तिर वा मन्तिर हेर्न दिँदैनन्। यो त आत्मिक पतनको सुत्र बाहेक अरू केही होइन!

बाइबललाई सन्दर्भको आधारमा कसरी अर्थ लगाउने भन्ने कुरा दर्शाउनलाई तल केही उदाहरणहरू दिइएका छन्:

1) २ तिमोथी २:१६ मा "अशुद्ध र व्यर्थका बकबक" भन्ने वाक्यांशलाई विचार गर्नुहोस्। यसको माने के हो? हामीले सबभन्दा पहिला के गर्नुपर्छ भने, सन्दर्भलाई हेर्नुपर्छ। त्यसबाट हामीले के सिक्छौं भने "अशुद्ध र व्यर्थका बकबक" भनेको ती कुरा हुन् (१) जो खाँटी शिक्षाको विपरित छन् (पद १६, १८), (२) जसले गडबड र खराब फल फलाउँछन् (पद १६), र (३) जो ख्रीष्टिय जीवनका लागि हानिकारक छन् (पद १७)।

2) तीतस ३:९ मा "मूर्खतापूर्ण विवादहरू" (foolish questions) भन्ने वाक्यांशलाई विचार गर्नुहोस्। यसको माने के हो? फेरि, सन्दर्भले नै वाक्यांशलाई परिभाषित गर्दछ। मूर्खतापूर्ण विवादहरू (अथवा "मूर्ख प्रश्न") ती हुन् (१) जसले झगडा उत्पन्न गराउँछन् (पद ९), (२) जो बेफाइदाका हुन्छन् (पद ९), र (३) जसलाई झूटा शिक्षकहरूले प्रयोग गर्दछन् (पद १०)।

3) २ पत्रुस १:२० मा "पवित्र शास्त्रको कुनै पनि भविष्यवाणी आफ्नो निजी व्याख्याबाट भएको होइन" भन्ने वाक्यलाई विचार गर्नुहोस्। व्याखाकारहरूले यसलाई विभिन्न तरिकाले अर्थ लगाउने गर्छन्, तर यसको माने त यसपछिको पदमा प्रस्टै दिइएको छ। यसको माने यो हो, बाइबलका मानवीय लेखकहरूले लेखेका शब्दहरू उनीहरूको आफ्नै रचना थिएनन्, तर उनीहरूले जे लेखे ती पवित्र आत्माद्वारा तिनीहरूलाई दिइएका थिए।

4) २ तिमोथी ३:१७ को "सिद्ध" भन्ने शब्दलाई विचार गर्नुहोस्। के यसको माने पापरहित हुनु भनेको हो? होइन, यस शब्दलाई उक्त पदमै परिभाषित गरिएको छ। यसको माने हो, "हरेक असल कामका लागि पूर्णरूपले सुसज्जित हुनु"। परमेश्वरको इच्छा पूरा गर्नलाई पूर्णरूपले सुसज्जित हुनु भन्ने अर्थमा सिद्ध हुनु भन्ने कुरालाई जनाइँदैछ यहाँ।

5) याकूब २:२४ र रोमी ३:२४ र ४:५ का बीच सतहमा देखिने अन्तर्विरोधलाई विचार गर्नुहोस्। यो सतही अन्तर्विरोध समाधान हुन्छ जब हामी सन्दर्भलाई विचार गर्दछौं। एकातिर पावल मुक्तिको विषयमा चर्चा गर्दैछन्, कसरी एक हराएको मानिस परमेश्वरसित ठीक सम्बन्धमा आउन सक्छ, अनि उनले बताउँदछन् कि पापीले मुक्तिका लागि येशू ख्रीष्टमा भएको अनुग्रहमाथि विशुद्धरूपमा भरोसा गर्नुपर्छ। यस अर्थमा मुक्तिचाहिँ केवल अनुग्रहले पाइन्छ, कुनै पनि कामबिना। अर्कोतिर याकूबले ख्रीष्टिय सेवकाइको विषयको चर्चा गर्दैछन्, कसरी एक मुक्ति पाइसकेको व्यक्तिले यस जीवनमा परमेश्वरलाई खुसी पार्न सक्दछ। उनले बताउँदछन् कि बचाउने खालको विश्वासचाहिँ कामहरूद्वारा प्रमाणित हुने कुरा हो। यहाँ कुनै अन्तर्विरोध नै भेटिँदैन यदि हामीले दुवै भनाइलाई आ-आफ्नै सन्दर्भको परिवेशमा विचार गर्छौं भने। पावलले एक मुक्ति नपाएको पापीको दृष्टिकोणलाई मध्यनजर गर्दै कुरा गर्दैछन्। पापीले मुक्ति पाउन येशू ख्रीष्टलाई अखण्डित रूपमा भरोसा गर्नुपर्दछ; उसले आफ्नै फोहोर धार्मिक कामहरूलाई (यशैया ६४:६), स्वधर्मलाई (रोमी ९:३०-३३) भरोसा गर्न छाड्नुपर्छ र आफ्नो सर्वस्वले उहाँको सिद्ध र पूर्ण उद्धार-कार्यमाथि पूरै भरोसा गर्दै प्रभु येशू ख्रीष्टमाथि भर पर्नुपर्छ। अर्कोतिर, याकूबले ख्रीष्टियनको दृष्टिकोणलाई मध्यनजर गर्दै कुरा गर्दैछन्। आफूले येशू ख्रीष्टमाथि विश्वास गरेको दावी एक ख्रीष्टियनले गरेको हुन्छ। तसर्थ उसले यत्नसित परमेश्वरको सेवा गर्नुपर्छ र उहाँका आज्ञाहरूमा हिँड्नुपर्छ। विद्रोहमा जिउनेहरू र परमेश्वरको वचनलाई बेवास्ता गर्नेहरूले चाहिँ आफूसित बचाउने खालको विश्वास नभएको कुरा प्रकट गरिरहेका हुन्छन्; उनीहरूका कामहरूले यो देखाउँदैछन् कि उनीहरूले आफैलाई धोका दिँदैछन्।

## २. एउटा पदलाई अर्कोसित तुलना गरिनुपर्छ।

बाइबल व्याख्याको अर्को महत्त्वपूर्ण नियम यो हो कि हामीले लेखोटलाई लेखोटसित दाँज्नुपर्छ (१ कोरिन्थी २:१३)। यसैकारण हो, सन्दर्भ पदहरू (cross references) सहित छापिएको बाइबल ज्यादै उपयोगी हुन्छ, साथै *Treasury of Scripture Knowledge* प्रयोग गर्नु राम्रो हुन्छ जसमा लाखौं सन्दर्भ पदहरू सूचीत गरिएका छन्।

1) खाँटी शिक्षा निर्माण गर्नलाई लेखोटलाई लेखोटसित दाँज्नु अनिवार्य छ। यदि लेखोटलाई पृथकरूपमा अर्थ लगाइन्छ भने, यसको नतीजा भनेको प्रायः गलत व्याख्या नै हुन्छ। झूटा शिक्षकहरू पदहरूलाई पृथकीकरण गर्न खूब रूचाउँछन्। आर्थर टी पियर्सन (Arthur T. Pierson) ले यो बुद्धिमानी चेताउनी दिए: "पवित्र शास्त्रको अध्ययनमा गरिने कुनै पनि खोजीले, चाहे खण्ड-खण्डमा होस् चाहे पद-पदमा, जतिसुकै महत्त्वपूर्ण त्यो किन नहोस्, पवित्र शास्त्रको सिङ्गो गवाही (united witness) को सर्वोपरि महत्त्वको अर्थमा ह्रास ल्याउने काम गर्न मिल्दैन। हरेक खराब शिक्षा वा अभ्यासले पृथक खण्डहरूबाट सतही रूपमा आफ्नो समर्थन जुटाउने काम गरिरहेको हुन्छ; तर जब पवित्र शास्त्रको सिङ्गो, एकै स्वरको गवाहीलाई त्यसको विरुद्धमा लेखाजोखा गर्ने काम गरिन्छ, तब परमेश्वरको वचनबाट कुनै पनि त्रुटीपूर्ण वा हानिकारक कुरा निस्की आउँदैन। सत्यताको आंशिक खोजीले आंशिक बुझाइ ल्याउँछ जो स्वभावैले असिद्ध हुन्छ; ध्यानपूर्वक गरिएको तुलनाले मात्र परमेश्वरको सिङ्गो मनलाई प्रकट गर्नेछ।"

उदाहरणको लागि, १ कोरिन्थी ९:२२ मा पावल भन्छन्, "कुनै न कुनै प्रकारले कतिलाई बचाउन सकूँ भनेर म सबै मानिसहरूका निम्ति सबै थोक भइदिएँ"। यसलाई यदि बाँकी पवित्र शास्त्रदेखि पृथक गरियो भने कसैले यस्तो अर्थ लाउन सक्छ कि पावल हराएकाहरूका निम्ति जे-जस्तो गर्न पनि तयार थिए यहाँसम्म कि उनीहरूको जीवनशैली अपनाउन समेत। आजका "रक एण्ड रोल ख्रीष्टियनहरू" (rock 'n' roll Christians) को माझमा यो शिक्षा लोकप्रिय बेनको छ। तर जब लेखोटलाई लेखोटसित दाँजिन्छ, पावलको तात्पर्य त्यो थिएन भन्ने कुरा प्रस्ट हुन्छ। जस्तै, गलाती ५:१३ मा पावलले भने, "किनभने भाइहरूहो, स्वतन्त्रताका निम्ति तिमीहरू बोलाइएका छौ; तर यति होस् -- यो स्वतन्त्रता शरीरका लागि मौका नबनोस्, तर प्रेमद्वारा एक-अर्काको सेवा गर"। यसर्थ, पावलको स्वतन्त्रता भनेको शरीरको सेवा कुनै पनि हिसाबले नगर्ने स्वतन्त्रता थियो। जस्तै, उनले आफूसँग सेवकाइ गरिरहेका कुनै पनि ख्रीष्टिय स्त्रीहरूलाई कस्सिएको एकलिङ्गी (unisex) शैलीका अभद्र पोशाक लाउन कहिल्यै अनुमति दिनेवाला

थिएनन्, जसरी आजको ख्रीष्टिय रक प्रेमीहरूले पहिरन्छन्। साथै पावलले विश्वासीहरूलाई "दुष्टताको हरेक रूपबाट अलग बस" (१ थेस्सलोनिकी ५:२२) भन्दै सिकाए। यो भनेको त अलगपनताको सबैभन्दा साँघुरो खाले अभ्यास हो अनि पावलले आफ्नो जीवन र सेवकाइमा यसको विपरित कुनै पनि कुरा अवश्य गर्दैनथे। जस्तो कि, उनले लामो कपाल अवश्य पाल्दैनथे किनकि बाइबलले बताउँछ कि यो शर्मको कुरा हो र त्यसैले त्यसो गर्नु त खराबीको रूप अपनाउनु हो (१ कोरिन्थी ११:१४)। यसरी पवित्र आत्माको अगुवाइमा लेखोटलाई लेखोटसित तुलना गरेर हामी बाइबललाई ठीक-ठीक अर्थ लगाउन सक्छौं र खाँटी शिक्षा जान्न सक्छौं।

2) बाइबलको अन्य भागसित तुलना गरेर कुनै पद वा खण्डको अर्थ स्पष्ट हुने मात्र होइन, यसो गर्दा बाइबलीय कठिनाइहरू समेत समाधान हुन्छन्।

   लूका १४:२६ लाई विचार गर्नुहोस्, "कोही मानिस मकहाँ आउँछ र आफ्ना बाबु, आमा, स्वास्नी, छोरा-छोरीहरू, दाजुभाइहरू र दिदीबहिनीहरूलाई, अँ र आफ्नै प्राणलाई पनि घृणा गर्दैन भने त्यो मेरो चेला हुन सक्दैन।" आफ्नै प्रियजनहरूलाई "घृणा" गर्नुको माने के हो? यसलाई यसको समानन्तर खण्ड मत्ती १०:३७ मा खुलाइएको छ, "जसले बाबु वा आमालाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन; अनि जसले छोरा वा छोरीलाई मलाई भन्दा बेसी माया गर्दछ, त्यो मेरो योग्यको छैन।" यसको माने यो हो कि हामीले ख्रीष्टलाई अरू कसैलाई भन्दा धेरै बढी प्रेम गर्नुपर्छ र सबै कुरामा उहाँको आज्ञा मान्नुपर्छ।

### ३. स्पष्ट खण्डहरूले अस्पष्ट खण्डहरूलाई अर्थ्याउनुपर्छ।

बाइबल व्याख्याको तेस्रो महत्त्वपूर्ण सिद्धान्त यो हो कि स्पष्ट खण्डहरूले अस्पष्ट खण्डहरूलाई अर्थ्याउनुपर्छ। झूटा शिक्षकहरूले यस सिद्धान्तको अवहेलना गर्दछन् र उनीहरूका अनौठा शिक्षाहरू कठिन र अस्पष्ट खण्डहरूबाट निर्माण गर्दछन् र थुप्रै स्पष्ट पदहरूका शिक्षालाई रद्ध गर्नलाई त्यस्ता पदहरूको प्रयोग गर्दछन्।

जस्तै, सेभेन्थ-डे एड्भेन्टिस्टहरूले उनीहरूको "प्राण-स्वाप" को शिक्षालाई पुरानो नियमका थोरै पदहरूको आधारमा निर्माण गर्दछन्। जस्तै, उनीहरू अय्यूब २७:३ लाई औंल्याउँछन् जहाँ सासलाई आत्मा भनिएको छ। उनीहरू तब भन्छन् कि सासचाहिँ आत्मा भएको हुनाले, मान्छे मरेपछि पनि रहिरने आत्मा ऊसँग हुन सक्दैन। यसैले जब मान्छे मर्छ ऊ मरेर जान्छ र बौरिउठाइ नभएसम्म उसको अस्तित्व नै हुँदैन। तर जब हामी अन्य पदहरूको स्पष्ट शिक्षालाई हेर्छौं, तब मान्छे एक त्रिपक्षीय प्राणी हो भन्ने देख्छौं (आत्मा, प्राण र शरीर) र मान्छेको आत्मा उसको मृत्यु भएपछि बाँचिरहन्छ। १ थेस्सलोनिकी ५:२३ लाई याकूब २:२६ सित तुलना गर्नुहोस्। सेभेन्थ-डे एड्भेन्टिस्टहरूले उपदेशक ९:५ लाई पनि प्रयोग गर्दछन् जहाँ "मरेकाहरूले केही जान्दैनन्" भनिएको छ। उनीहरू दावी गर्छन् कि यसले मरेकाहरू बौरिउठाइ नभएसम्म चिहानमा सुतिरहन्छन् भन्ने उनीहरूको शिक्षाको समर्थन गर्दछ, तर उनीहरू बाँकी बाइबललाई बेवास्ता गर्दछन् जहाँ मरेकाहरू चेतनशील रूपमै हुन्छन् भन्ने कुरा सिकाइएको छ। जस्तै लूका ९:२८-३३; १ थेस्सलोनिकी ४:१४; र प्रकाश ६:९-११।

### ४. पवित्र शास्त्रको अक्षरशः अर्थ सर्वोपरि हुन्छ।

डाक्टर डेविड कूपर (Dr. David Cooper) ले भने, "जब पवित्र शास्त्रको सामान्य अर्थ नै अर्थपूर्ण छ, अन्य अर्थ नखोज्नुहोस्, र शब्दलाई अक्षरशः अर्थमा लिन नमिल्ने कुराको स्पष्ट सङ्केत सम्बन्धित सन्दर्भका तथ्यहरूले नदेखाएसम्म हरेक शब्दलाई त्यसको अक्षरशः अर्थमै लिनुहोस्।"

हामीले अक्षरशः व्याख्या विधि (literal method of interpretation) अपनाउनुपर्ने पाँचओटा कारणहरू निम्न अनुसार छन्:

1) परमेश्वरले पवित्र शास्त्र मानिसलाई सत्य प्रकट गर्नलाई दिनुभयो, त्यसलाई छिपाउन वा धमिल्याउनलाई होइन (व्यवस्था २९:२९)। यसकारण उहाँले मानव भाषाका सामान्य नियमहरूलाई प्रयोग गर्नुभयो।

2) येशूले अक्षरशः विधिलाई समर्थन गर्नुभयो (लूका १०:२५-२६)। मानिसले परमेश्वरको वचनलाई अक्षरशः अर्थमै लेओस् भनेर येशूले अपेक्षा गर्नुभयो।

3) मानिसहरू मानव भाषाका सामान्य निमयहरूद्वारा बाइबल पढ्न र बुझ्नलाई परमेश्वरका सामु जवाफदेही छन् (२ तिमोथी २:१५)।

4) अक्षरशः विधि यदि अपनाइएन भने, बाइबलको अर्थ कसैले निश्चय गरी जान्न सक्दैन। लाक्षणिक व्याख्या विधि (allegorical method) अपनाउँदा अर्थकारकै विचार आधिकारिक बन्न पुग्छ। प्रकाश २०:१-३ लाई विचार गर्नुहोस्। यदि यस खण्डमा एक अक्षरशः स्वर्गदूतले अक्षरशः शैतानलाई एउटा अक्षरशः अथाह कुण्डमा अक्षरशः हजार वर्षका लागि बाँधे भनेर बताइएको बुझिँदैन भने, यसको माने अर्थकारले जे-जे अर्थ लाउन चाहन्छन् त्यही-त्यही हुन जानेछ। यसर्थ लाक्षणिक व्याख्या विधिद्वारा बाइबलको शिक्षा स्थायी रूपमा पूरै गडबडको शिकार बन्न पुग्छ।

5) बाइबलका भविष्यवाणीहरू अक्षरशः पूरा भएका छन्। भजनसङ्ग्रहमा ख्रीष्टको पहिलो आगमनको भविष्यवाणीलाई विचार गर्नुहोस्।

   भज २२:१ -- क्रूसमा येशूले उच्चारण गर्नुभएका शब्दहरू (मत्ती २७:४६)
   भज २२:६-८, १२-१३ -- मानिसहरूले येशूलाई गिल्ला गरे (मत्ती २७:३९-४४)
   भज २२:११ -- उहाँलाई गोहार गर्ने कोही थिएन (मर्कूस १४:५०; हिब्रू १:३)
   भज २२:१४-१६ -- तिनीहरूले उहाँलाई क्रूसमा टाँगे (मत्ती २७:३५)
   भज २२:१७क -- तिनीहरूले उहाँका हड्डीहरू भाँचेनन् (यूहन्ना १९:३३)
   भज २२:१७ख -- तिनीहरूले उहाँलाई आँखा तरेर हेरे (मत्ती २७:३६)
   भज २२:१८ -- तिनीहरूले उहाँका वस्त्रका लागि जुवा खेले (मत्ती २७:३५; यूहन्ना १९:२४)

बाइबलको अक्षरशः व्याख्या विधिको विपक्षमा लाक्षणिक व्याख्या विधि (ALLEGORICAL METHOD) रहेको छ। यो विधि अपनाउनेहरूले भविष्यवाणीहरूलाई हुबहु रूपमा लिंदैनन्, तर त्यहाँ अर्थकारकै विचार आधिकारिक बन्दछ र बाइबलको माने के हो भनेर कसैले पनि निश्चय गरी जान्न सक्दैन। लाक्षणिक व्याख्या विधिलाई पवित्र शास्त्रका विशेष गरी भविष्यवाणीका खण्डहरूमा लागु गराइएको पाइन्छ।

1) जस्तै, जेनेभा बाइबल (Geneva Bible) मा प्रकाश ९:११ को टिप्पणीले "अथाह कुण्डको दूत" को माने "ख्रीष्टविरोधी पोप, कपटीहरूको राजा र शैतानको दूत" हो भन्दछ। तर अथाह कुण्डको दूत भनेको अक्षरशः एक पतित स्वर्गदूत र एउटा अक्षरशः अथाह कुण्ड बाहेक अन्य कुनै कुरा हुनुपर्छ भनेर बुझ्नुपर्ने त्यहाँ कुनै कारणै छैन।

2) ह्यारोल्ड क्याम्पिङ्ग (Harold Camping), फेमली ख्रीष्टियन रेडियो (Family Christian Radio) का संस्थापकले प्रकाश ११:७ को यस्तो लाक्षणिक अर्थ निकाले। तिनी भन्छन् दुई साक्षीहरूको मतलब मण्डली हो। मण्डली महासङ्कष्ट भएर गुज्रँदै थियो तर अब त्यो मारिएको छ। तसर्थ, मण्डली मरिसकेको छ; अब परमेश्वरको नजरमा मण्डलीहरू र पास्टरहरूको कुनै औचित्य छैन र तिनीहरूसँग अब उसो कुनै बाइबलीय अधिकार छैन।

3) नयाँ युगीहरू (New Agers) ले पनि बाइबललाई लाक्षणिक वा "आत्मिक" तरिकाले अर्थ्याउँछन्। लेवी डाउलिङ्ग (Levi Dowling) ले द अक्वेरीयन गस्पल अफ जिजस द क्राइस्ट (*The Aquarian Gospel of*

*Jesus the Christ*) मा भन्छन् कि लूका २२:१० मा पानीको गाग्रो बोक्ने मान्छेले अक्वेरीयसको युगको आगमनलाई सङ्केत गर्दछ।

हुन त बाइबलमा प्रतीकहरू र भाषागत अलङ्कारहरू प्रयोग नभएका होइनन्, तर तिनलाई पनि भाषाको सामान्य नियमहरू अनुसार नै अर्थ लगाइनुपर्छ।

यसको अभ्यास कसरी गर्ने भन्ने जस्ता अन्य थुप्रै कुराहरू समेत वे अफ लाइफ लिटरेचरबाट उपलब्ध Advanced Bible Studies Series पाठ्यक्रमको How to Study the Bible भन्ने शीर्षक अन्तर्गत अध्ययन गर्न सक्नुहुन्छ। यो अहिले अङ्ग्रेजीमा मात्र उपलब्ध छ।

## बाइबल व्याख्याका सिद्धान्तहरू सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. बाइबल व्याख्याका प्रमुख चार सिद्धान्तहरू के-के हुन्?
2. बाइबल कसरी आफ्नो व्याख्या आफै गर्ने पुस्तक बन्दछ?
3. झूटा शिक्षकहरूले प्रयोग गर्ने तरिका के हो?
4. कुनचाहिँ बाइबल अध्ययन सामग्रीमा हजारौं अन्योन्य पदहरू सूचीत गरिएका छन्?
5. जब पवित्र शास्त्रको ________ अर्थ नै अर्थपूर्ण छ, _______ अर्थ नखोज्नुहोस्।
6. बाइबललाई अक्षरशः अर्थमा नै व्याख्या गरिनुपर्छ भन्ने पाँचओटा कारणहरू के-के हुन्?
7. प्रकट गरिएका कुराहरू हाम्रा निम्ति हुन् तर गुप्त कुराहरू परमप्रभुका निम्ति हुन् भनेर कुन पदमा बताइएको छ?
8. लाक्षणिक व्याख्या विधि के हो?

# बाइबलका आधारात्मक शब्दहरू

## भाग १

यी पाठहरूमा हामीले आत्मिक वृद्धिका लागि बाइबल बुझ्नु आवश्यक छ भन्ने कुरा सिक्दै आएका छौं। तर बाइबल बुझ्नका लागि हामीले त्यसमा भएका शब्दहरूलाई बुझ्नुपर्ने हुन्छ। मुक्ति र ख्रीष्टिय जीवनसँग सम्बन्धित केही गहकिला शिक्षागत शब्दहरू निम्न अनुसार छन्।

**अनुग्रह**

नयाँ नियममा "अनुग्रह" भन्ने शब्द मुख्य गरी दुई तरिकामा प्रयोग गरिएको छ।

1. <u>बचाउने अनुग्रह</u> - योचाहिँ त्यो बिनादामको, ख्रीष्टमा पाइने, परमेश्वरबाटको अनर्जित निगाह हो (एफेसी २:८-९)। साथै रोमी ३:२४-२५; ४:४-८; तीतस ३:४-७ मा पनि हेर्नुहोस्।

पापीले मुक्ति सित्तैंमा पाउन सक्छ किनकि येशू ख्रीष्टले ठूलो दाम तिरिदिनुभएको छ।

मुक्ति अनुग्रहले पाइन्छ भन्नुको मतलब त्यो कामहरूबाट पाइन्न। मुक्ति सिर्फ अनुग्रहले, कामहरूबिना पाइने कुरा हो। झूटा सुसमाचार प्रचार गर्नेहरूका बीच व्यापक भूल यही हो कि उनीहरू अनुग्रहलाई पुनःपरिभाषित गर्छन् किनभने उनीहरूले त्यसलाई कामहरू र विधिहरूसित मिसाउन खोज्छन्। रोमी ११:६ ले भन्छ त्यसो गर्नु असम्भव छ। गलातीहरूको पत्रमा चर्चा गरिएको भूल यही नै हो। विश्वास र कामहरूलाई मिसाउने काम गरेर र व्यवस्था र अनुग्रहलाई मिसाउने काम गरेर, गलातीयाका व्यवस्थावादीहरूले आफैलाई परमेश्वरको श्रापमुनि राखेका छन् भनेर पावल प्रेरितले चेताउनी दिए (गलाती १:६-९)।

2. <u>सेवा गर्ने अनुग्रह</u> - यो चाहिँ हामीले मुक्ति पाइसकेपछि हामीलाई परमेश्वरको सेवा गर्नका लागि दिइने <u>क्षमता</u> हो (१ कोरिन्थी ३:१०; हिब्रू १२:२८)।

परमेश्वरले ख्रीष्टिय जीवनको हरेक पक्षका निम्ति यो सेवा गर्ने अनुग्रह प्रदान गर्नुहुन्छ।

- आत्मिक वरदान तथा सेवकाइहरू गर्ने अनुग्रह (रोमी १२:६)
- मण्डलीहरू स्थापना गर्न सक्नलाई अनुग्रह (१ कोरिन्थी ३:१०)
- पवित्र जीवन जिउन सक्नलाई अनुग्रह (१ कोरिन्थी १:१२)
- दिन सक्नलाई अनुग्रह (२ कोरिन्थी ८:१-२)
- परीक्षाहरू सहन सक्नलाई अनुग्रह (२ कोरिन्थी १२:९)
- परमेश्वरको वचनको सेवा प्रदान गर्न सक्नलाई अनुग्रह (एफेसी ३:७-८)
- खाँचोको घडीको निम्ति अनुग्रह (हिब्रू ४:१६)

साँचो ख्रीष्टिय जीवन भनेको एक विश्वासीले आफ्नै सामर्थ्यमा जिउने धर्म जस्तो कुरा होइन; यो त जीवित परमेश्वरसितको घनिष्ट व्यक्तिगत सम्बन्ध हो जसमा परमेश्वरले नै ममा र मद्वारा उहाँको आफ्नो इच्छालाई क्रियाशील बनाउनुहुन्छ। अर्थात् यो भनेको ख्रीष्ट स्वयं ममा जिउनु हो (गलाती २:२०)।

**पाप**

1. पाप के हो?

   1) पाप भनेको परमेश्वरको व्यवस्था भङ्ग गर्नु हो (१ यूहन्ना ३:४; याकूब २:९-१०)। परमेश्वरको व्यवस्थाको कुनै पनि पक्षलाई उल्लङ्घन गर्नु पाप हो।

   2) पाप भनेको परमेश्वरको महिमारहित हुनु हो (रोमी ३:२३)। यसको माने परमेश्वरको सिद्ध पवित्रताअनुरूपको जीवन जिउन विफल हुनु हो। परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो र मानिस हर तरहले पवित्र र धर्मी होस् भन्ने उहाँको उद्देश्य थियो। यसभन्दा अलिकति पनि घटी हुनु पाप हो।

   3) पाप भनेको आफ्नै मार्ग अपनाउनु हो (यशैया ५३:६)। यसलाई नै पापको सारतत्त्व वा गुदी भन्न सकिन्छ। पाप भनेको परमेश्वरको इच्छाको सट्टा आफ्नो इच्छा गर्नु हो। अदनको बगैँचाको सबभन्दा प्रथम झूटको मार्ग अपनाउनु पाप हो, अर्थात् हामी आफ्नै ईश्वर बन्न सक्छौं भन्ने झूट।

2. पापको प्रारम्भ कहाँबाट भयो?

   1) पाप शैतानको घमन्डबाट प्रारम्भ भयो (यशैया १४:१२-१४)

   2) पाप मानव जातिमा आदमको अनाज्ञाकारिताद्वारा पस्यो (रोमी ५:१२)। पाप गर्नमा हव्वा पहिला भए तापनि आदम मानवजातिकै शिर भएकाले उनी नै परमेश्वरका सामु जिम्मेवार थिए। हरेक मानिसले आदमबाटै वंशानुगत रूपमा पाप स्वभाव पाएको हुन्छ।

3. पापलाई जनाउने अरू बाइबलीय शब्दहरू के-के हुन्?

खराब (उत्पत्ति २:९)
दुष्टता (उत्पत्ति ६:५)
अपराध (२ पत्रुस २:१६, ग्रीक: पारानोमिया)
विद्रोह (हितोपदेश १७:११)
अधर्म (१ कोरिन्थी ६:९)
अपवित्र (लेवी १०:१०)
भक्तिहीन (रोमी ५:६)
अन्धकारका कामहरू (एफेसी ५:११)
अपराध (रोमी ४:१५, ग्रीक: पाराबासिस्)
पाप (मत्ती १८:१५)
अपराध (रोमी ४:२५, ग्रीक: पाराप्टोमा)

4. कतिजना मानिसले पाप गरेका छन्?

सबैले (रोमी ३:२३)

5. मानिसको पापी अवस्थालाई बाइबलले कसरी बयान गरेको छ?

"निरन्तर खराबै मात्र" (उत्पत्ति ६:५)
"अधर्ममा उत्पन्न" (भजनसङ्ग्रह ५१:५)
"गर्भदेखि नै एकातिर लाग्छन्" (भजनसङ्ग्रह ५८:३)
"हृदयमा मूर्खता बाँधिएको" (हितोपदेश २२:१५)
"असाध्य दुष्ट" (हिब्रूमा "निको नहुने") (यर्मिया १७:९)
"धार्मिक कामहरू मैला थाङ्नाहरूसरह" (यशैया ६४:६)
"धर्मी कोही छैन, एउटै पनि छैन" (रोमी ३:१०)

6. पापको ज्याला के हो?

मृत्यु (रोमी ६:२३)

## आधारात्मक बाइबल शब्दावली भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. नयाँ नियममा "अनुग्रह" कुन दुई अर्थमा प्रयोग गरिएको छ?
2. केवल अनुग्रहले मात्र मुक्ति पाइन्छ भनेर सिकाउने नयाँ नियमका चारओटा प्रमुख खण्डहरू कुन-कुन हुन्?
3. झूटो सुसमाचार सुनाउनेहरूका बीच व्यापक भूल कुन हो?
4. गलातीको पत्रमा कुनचाहिँ भूललाई सम्बोधन गरिएको छ?
5. सेवा गर्ने अनुग्रह के हो?
6. परमेश्वरले कुन सातओटा कामहरू गर्नलाई अनुग्रह दिनुहुन्छ?
7. पापको पहिलो परिभाषा के हो?
8. "परमेश्वरको महिमारहित हुनु" भनेको के हो?
9. कुन पदले मानिसहरू आ-आफ्नो बाटोमा लागेका छन् भन्दछ?
10. पाप कहाँ शुरु भयो?
11. पाप मानव जातिमा कसरी प्रवेश गर्‍यो?
12. पापलाई जनाउने अरू पाँचओटा शब्दहरू के-के हुन्?
13. कुन पदले भन्दछ सबैले पाप गरेका छन्?
14. पापको ज्याला के हो?

# बाइबलका आधारात्मक शब्दहरू

## भाग २

**शरीर**

"शरीर" (flesh) भन्ने शब्दलाई नयाँ नियममा चार फरक-फरक अर्थमा प्रयोग गरिएको छ।

1. मानिस लगायत पशुका शरीर (लूका २४:३९; १ कोरिन्थी १५:३९)

2. सामान्यरूपमा मनुष्य जाति (मत्ती २४:२२; १ कोरिन्थी १:२९)

3. मानव स्वभावको दुर्बलता (मत्ती २६:४१)

4. पतित, पाप स्वभाव (रोमी ७:१८; ८:१२-१३; गलाती ५:१६-२४; कलस्सी २:११)। शरीरलाई पुरानो मानिस पनि भनिन्छ (एफेसी ४:२२; कलस्सी ३:९)।

खीष्टिय जीवनमा शरीरको बारेमा पाठहरू (गलाती ५:१६-२४)

1. हामीले मुक्ति पाइसकेपछि पनि शरीर हामीसँगै हुन्छ। खीष्टियनसँग दुईटा "स्वभावहरू" हुन्छन्: शरीर र आत्मा (गलाती ५:१६)।

2. शरीरचाहिँ भित्रपट्टि बास गरिरहेको शत्रु हो (गलाती ५:१७)। परमेश्वरले खीष्टियनभित्र शरीर छोडिराख्नुभएको छ, हामीलाई रूप देखेर होइन तर विश्वासद्वारा हिँड्नुपर्छ भनी सिकाउनलाई।

3. शरीर यही जीवनमा निर्मूल हुँदैन। पापरहित सिद्धता यस जीवनमा हुँदैन। दाँज्नुहोस्, १ यूहन्ना १:८,१०। नयाँ नियमका पत्रहरूमा पापको समस्याको समाधानस्वरूप "आत्माको बप्तिस्मा" को अनुभव वा "पूर्ण पवित्रता" जस्ता कुरालाई कहिल्यै प्रस्तुत गरिएको छैन। १ पत्रुस २:१-२ लाई विचार गर्नुहोस्। पत्रुसले पापको समस्याको चर्चा गर्दैछन्, तर उनले त्यहाँ कुनै पनि त्यस्तो पापरहित सिद्धताको सम्भावना भएको कुरा बताउँदैनन्। बरु, उनले विश्वासीलाई आत्मिक रूपमा बढ्ने प्रक्रियाको रूपमा पापलाई एकातिर पन्साउनुपर्छ र परमेश्वरको वचनलाई ग्रहण गर्नुपर्छ भनेर बताउँछन्।

4. एक खीष्टियनले कि त शरीरमा कि त आत्मामा हिँड्नलाई रोज्दछ (गलाती ५:१६)। अनि यो दैनिक रोजाइको कुरा हो।

5. शरीरका दुईटा पक्षहरू छन्: ओहोदा (गलाती ५:२४) र अभ्यास (गलाती ५:२५)। यस कुरालाई हामीले ओहोदा र अभ्यास भन्ने पाठमा चर्चा गरेका छौं।

शरीरमाथि विजयी कसरी भइन्छ?

1. हामीभित्र अन्तरवास गर्नुहुने पवित्र आत्माको नियन्त्रणमा आफूलाई सुम्पेर शरीर वशमा ल्याइन्छ (गलाती ५:१६)।

2. आत्माका कुरामा मन लगाएर शरीर वशमा ल्याइन्छ (रोमी ८:५)।

3. शरीरका लागि प्रबन्ध नगरेर त्यसलाई वशमा ल्याइन्छ (रोमी १३:१४)। परीक्षामा पुऱ्याउने ठाउँहरू लगायत कुराहरूदेखि पर बस्नुहोस्।

4. शरीरका लागि छर्नुको सट्टा आत्माका निम्ति छरेर शरीर वशमा ल्याइन्छ (गलाती ६:८)।

**धर्मीकरण**

धर्मीकरण (justification) को माने "धर्मी ठहराउनु" वा "धर्मी भनी घोषणा गर्नु" हो (रोमी ३:२४)। धर्मीकरण परमेश्वरबाटको घोषणा हो र जस-जसले येशू ख्रीष्टमाथि भरोसा गर्दछन् तिनीहरू उहाँका सामु सिद्ध रूपमा धर्मी गनिन्छन्।

धर्मीकरण एक कानूनी अवधारणा हो, जसरी जब एक न्यायधीशले आफ्नो फैसला सुनाउँछ। परमेश्वर नै सर्वोच्च न्यायधीश हुनुहुन्छ। उहाँकै नियमहरू हामीले तोडेका थियौं। मुक्ति पाउनुअघि परमेश्वरले मलाई एक दोषी पापी भनेर घोषणा गर्नुहुन्छ। म ख्रीष्टकहाँ आएपछि ख्रीष्टले मेरो निम्ति कलवरीमा सम्पन्न गर्नुभएको उद्धार-कार्यको कारणले परमेश्वरले मलाई धर्मी भनेर घोषणा गर्नुहुन्छ।

धर्मी ठहरिनु भनेको परमेश्वरको सामु एउटा नयाँ आत्मिक ओहोदामा ल्याइनु हो (रोमी ५:१-२)। विश्वासी अब उसो आदमको श्रापित घरानासँग आवद्ध रहँदैन, बरु उसले ख्रीष्टिको आशिषमय घरानाभित्र प्रवेश पाएको हुन्छ।

रोमी ३:२४ अनुसार धर्मीकरण कलवरीमा ख्रीष्टले तिरिदिनुभएको ठूलो मूल्यले प्रबन्ध गरिएको परमेश्वरको अनुग्रहको सित्तैंको वरदान हो।

**उद्धार**

उद्धार (redemption) को माने किनिएर स्वतन्त्र पारिनु हो। यसले त्यो कार्यलाई बयान गर्दछ जहाँ एकजना दासलाई स्वतन्त्र पारिनका लागि उसलाई बजारबाट किन्ने काम गरिन्छ। "उद्धार" भनेर अनुवाद गरिएका त्यहाँ तीनओटा ग्रीक शब्दहरू छन् जसले ख्रीष्टमा भएको हाम्रो मुक्तिलाई अति सुन्दररूपमा दर्शाउने काम गर्दछन्।

आगोराजोको माने बजारमा किन्नु हो। यो शब्द मत्ती १३:४४,४६ लगायत अन्य ठाउँमा सामान्यरूपमा प्रयोग भएको छ। मुक्तिको सवालमा चाहिँ, आगोराजो विभिन्न ठाउँहरूमध्येमा १ कोरिन्थी ६:२०, ७:२३ र प्रकाश ५:९ मा प्रयोग भएको छ। आगोराजोले प्रभु येशू ख्रीष्टले हाम्रो घिनलाग्दो पापले गर्दा आवश्यक परेको त्यो भयङ्कर मूल्य चुक्ता गर्नुभएको कामलाई दर्शाउँदछ। येशू ख्रीष्ट यस पतित संसारको पापको दास-बजारमा आउनुभयो र आफ्नो रगत र मृत्युद्वारा मानिसहरूलाई छुटकारा दिनलाई पूरै मूल्य तिर्नुभयो।

एक्सागोराजोको माने बजारबाट किनेर निकाल्नु हो। माथिको शब्द "आगोराजो" को अगाडि "एक्स" ("बाट बाहिर") भन्ने नामयोगी उपसर्ग जोडिएर यो शब्द बनेको छ। येशूले केवल छुटकाराको दाम तिर्नुभएको मात्र होइन, उहाँले विश्वास गर्ने पापीलाई दण्डको आज्ञाबाट र शैतानको प्रभुत्वबाट पूरै हटाएर निकाल्ने काम गर्नुभएको हो।

लुट्रोओको माने फुकाउनु छुटाउनु, फुक्का गराउनु हो। यस शब्दले यस कुरामा जोड दिन्छ कि परमेश्वरले विश्वासीलाई दिन प्रति दिन पाप, शैतान र संसारमाथि विजय बनाउनुहुन्छ। हामी किनिएका हौं, बाहिर निकालिएका हौं, र ख्रीष्टमा आत्मिक स्वतन्त्रता र विजयको नयाँ जीवन जिउनका लागि फुक्का गरिएकाहरू हौं। लुट्रोओ तीतस २:१४ लगायत अन्य ठाउँमा प्रयोग भएको छ।

**प्रायश्चित**

पुरानो नियममा “प्रायश्चित” भनी अनुवाद गरिएको हिब्रू शब्द “काफार” को माने हो “ढाक्नु”। यसलाई प्रथम पटक उत्पत्ति ६:१४ मा प्रयोग गरिएको छ जहाँ नूहलाई जहाजको भित्र र बाहिरपट्टि अलकत्राले “लिप्सनू” भन्ने निर्देशन दिइएको थियो। अन्य ठाउँमा यस हिब्रू शब्दलाई “प्रायश्चित” भनी अनुवाद गरिएको छ। यो धेरैपटक प्रस्थान र लेवीमा पशु बलिदानहरूलाई जनाउन प्रयोग भएको छ (जस्तै प्रस्थान ३०:१०)। ती बलिदानले पापलाई हरण गर्न सक्दैनथे, तर साङकेतिक रूपमा तिनले येशूलाई दर्शाउँदैथिए जसले आफ्नो बहाइएको रगतले पापलाई हटाउनुभएको छ (हिब्रू १०:११-१४)। “काफार” लाई “कृपा आसन” भनेर पनि अनुवाद गरिएको छ (प्रस्थान ४०:२०)। कृपा आसनले दस आज्ञा भएको सन्दुकलाई सिद्ध रूपमा ढाक्ने काम गर्थ्यो जुन कुराले परमेश्वरको व्यवस्थाका मागहरूलाई परमेश्वरको अनुग्रहले ढाक्दछ वा पूरा चुक्ता गर्दछ भनेर सङकेत दिँदैथियो।

नयाँ नियममा “प्रायश्चित” भनी अनुवाद गरिएको ग्रीक शब्द “हिलास्मोस्” को माने ऋण चुक्ता गर्नु (satisfaction of debt), दायित्व पूरा गर्नु हो। यसले त्यो मूल्यलाई जनाउँदैछ जनु ख्रीष्टले तिर्नुभयो, जसको ऋण पापीले परमेश्वरको पवित्र व्यवस्था भङग गरेकोले तिर्नु आवश्यक थियो (रोमी ३:२४-२५; १ यूहन्ना २:२)। व्यवस्था भङग गरेकोले पापीले परमेश्वरलाई तिर्नुपर्ने ऋण ठूलो छ, यहाँसम्म कि उसले कुनै हालतले त्यो तिर्न सक्दैन। येशू ख्रीष्टले, उहाँको क्रूसको मृत्युद्वारा उक्त ऋण पूरा तिरिदिनुभई, विश्वासीलाई उक्त ऋणबाट पूरै मुक्त गराउनुभयो। उहाँले ऋणलाई प्रायश्चित गरिदिनुभयो। यो ग्रीक शब्दलाई “कृपा आसन” भनेर पनि अनुवाद गरिएको छ। जसरी कृपा आसनले सन्दुकभित्र रहेको व्यवस्थालाई पूरै ढाकेको हुन्थ्यो (प्रस्थान २५:१७,२१), त्यसरी नै ख्रीष्टले परमेश्वरको व्यवस्थाका मागहरूलाई पूरै ढाकिदिनुभयो अर्थात् सिद्धरूपमा पूरा गर्नुभयो र सन्तुष्ट पार्नुभयो। महापूजाहारीले कृपा आसनमा छर्केको रगतले ख्रीष्टको रगतलाई दर्शाउँदैथियो, जुनचाहिँ प्रायश्चितको दाम थियो (लेवी १६:११-१७)।

## आधारात्मक बाइबल शब्दावली भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. “शरीर” लाई नयाँ नियममा कुन चारओटा तरिकामा प्रयोग गरिएको छ?
2. “शरीर” लाई जनाउने अर्को शब्द कुन हो?
3. विश्वासीसँग भएका दुई “स्वभावहरू” कुन-कुन हुन्?
4. हामीले आफूसँग पाप छैन भन्यौ भने हामीले आफैलाई धोका दिन्छौं भन्ने कुरा कुन पदले बताउँछ?
5. बाइबलको कुन खण्डमा “पापरहित सिद्धता” वा “पूर्ण शुद्धिकरण” लाई बयान गरिएको छ?
6. शरीरमाथि विजय हुने चार उपायहरू के-के हुन्?
7. धर्मीकरण वा धर्मी ठहरिनुको माने के हो?
8. धर्मीकरण एक _________ अवधारणा हो, जसरी जब एक _____________ले आफ्नो फैसला सुनाउँछ।
9. धर्मी ठहरिनु भनेको परमेश्वरको सामु एउटा नयाँ _________ __________मा ल्याइनु हो।
10. धर्मीकरण परमेश्वरको अनुग्रहको सित्तैंको दान हो भनेर बताउने पद कुन हो?
11. “उद्धार” को माने के हो?
12. “प्रायश्चित” को माने के हो?
13. “प्रायश्चित” भनेर अनुवाद गरिएको हिब्रू शब्द “काफार” लाई कसरी पनि अनुवाद गरिएको छ?
14. कृपा आसनले ख्रीष्टको प्रायश्चितको अर्थलाई कसरी दर्शाउँछ?

# आधारात्मक बाइबल शब्दावली

## भाग ३

### मिलाप (RECONCILIATION)

शत्रुताको सट्टा मित्रतामा परिवर्तित हुनु; सम्बन्ध पुनःस्थापित गर्नु (मत्ती ५:२४; १ कोरिन्थी ७:११)। मानिसले परमेश्वरको आज्ञा तोडेर उहाँलाई क्रोधित तुल्याएको थियो तर ख्रीष्टको बलिदानद्वारा पवित्र परमेश्वरसँग विश्वास गर्ने पापीहरू उहाँसित मिलाप गराइन्छन् (२ कोरिन्थी ५:१८-१९)। विश्वास गर्नु अघि हामी उहाँका शत्रु हुन्छौं; विश्वास गरेपछि उहाँसँग हाम्रो मिलाप हुन्छ।

### गन्नु, ठहऱ्याउनु (IMPUTATION)

कसैको हिसाबमा राखिदिनु, ठान्नु, कसैलाई दोषारोपण गर्नु। योचाहिँ कसैको बैङ्क खातामा पैसा जम्मा गरिदिनु जस्तै हो। येशू ख्रीष्टमा विश्वास गर्नेहरूका लागि परमेश्वरले यस्तै गरिदिनुहुन्छ। ख्रीष्टको धार्मिकता ख्रीष्टियनको हिसाबकिताबमा राखिन्छ (रोमी ४:६-९, २२-२५)।

### धर्मपुत्र ग्रहण (ADOPTION)

यस नयाँ नियमको शब्दको माने पुत्रको रूपमा परिवारमा स्थापित गर्नु भन्ने हो। कुनै धनी मानिसले कुनै टुहुरालाई छनोट गरी उसलाई सम्पूर्ण अधिकारसहित आफ्नो वैधानिक पुत्र र हकवाला बनाउने कुरा हो यो। यो शब्द ख्रीष्टमा भएको मुक्तिको बयान गर्नलाई प्रयोग गरिएको छ (रोमी ८:१५; गलाती ४:५; एफेसी १:५)।

विश्वासीहरू परमेश्वरका धर्मपुत्र भइसकेका छन् तरैपनि हामीले आफ्नो पुत्रत्वका सबै आशिषहरू उपभोग गर्न अझै बाँकी छ (१ यूहन्ना ३:१-२)। बौरिउठाइपछि मात्र हामीले नयाँ शरीरहरू प्राप्त गर्नेछौं र पिताको अनन्त राज्यको धनको भरपूरीलाई उपभोग गर्नेछौं। हामी यस अर्थमा आशाको रूपमा हाम्रो धर्मपुत्र ग्रहणको बाटो हेर्दछौं (रोमी ८:२३)।

### "नयाँ जन्म" / "नयाँ सृष्टि" (REGENERATION)

नयाँ जन्मको माने आत्मिक रूपमा नयाँ बनाइनु हो। नयाँ नियममा यो शब्दावली दुई पटक मात्र प्रयोग भएको छ।

1. पापीहरूले जब येशू ख्रीष्टमा विश्वास गर्दछन् तब उनीहरू नयाँ बनाइन्छन् (तीतस ३:५)। यसले नयाँ जन्मलाई जनाउँदछ।

2. ख्रीष्ट जब फेरि आउनुहुनेछ तब इस्राएल जाति नयाँ बनाइनेछन् (मत्ती १९:२८)।

### पवित्र / पवित्र बनाउनु (HOLY, SANCTIFY)

"पवित्र" को माने के हो?

"पवित्र" को आधारभूत माने परमेश्वरको उद्देश्यका लागि अलग गरिएको भन्ने हो (लेवी २०:२६)।

मानिसहरू बाहेक अरू कुराहरूलाई पनि "पवित्र" भनेर उल्लेख गरिएको छः भूमि (प्रस्थान ३:५), विश्राम दिन (प्रस्थान १६:२३), हारूनका वस्त्रहरू (प्रस्थान २८:२), भेट हुने पालको वेदी (प्रस्थान २९:३७)। तसर्थ, पवित्र पार्नु भनेको शुद्ध पार्नु वा धर्मी बनाउनु भन्ने नै अर्थ सधैं नलाग्न सक्छ। हारूनका वस्त्रहरू आफैमा शुद्ध वा पापरहित

थिएनन्। ती केवल परमेश्वरको सेवाका निम्ति अलग गरिएका थिए। पोथ्रामा परमेश्वरको उपस्थिति हुँदा र मोशाले आफ्ना जुत्ता फुकाल्दा, मोशा उभिएको पवित्र भूमि पाप हटाइएको अर्थमा शुद्ध पारिएको थियो भन्ने त होइन। उक्त भूमि परमेश्वरको उपस्थितिद्वारा उहाँको उद्देश्यका लागि अलग पारिएको थियो भन्ने चाहिँ हो।

यसरी, पवित्र हुनुको मूल तात्पर्य परमेश्वरको निम्ति अलग गरिएको हुनु भन्ने हो। एक पवित्र व्यक्ति भनेको त्यो व्यक्ति हो जो परमेश्वरको निजी भएको छ।

साथै धार्मिकता र नैतिक शुद्धतासित पवित्रताको निकट सम्बन्ध छ (यर्मिया ३१:२३; लूका १:७५; रोमी ६:१९; एफेसी ४:२४)। पवित्रता अशुद्धताबाट भिन्न रहेको बताइएको छ (यशैया ३५:८; १ थेस्सलोनिकी ४:७) र पापबाट धोइएको भन्ने कुरासित सम्बन्धित छ (२ कोरिन्थी ७:१; १ थेस्सलोनिकी ४:३)।

खीष्टिय पवित्रताका दुई पक्षहरू के-के हुन्?

खीष्टिय जीवनमा पवित्रताका दुई पक्ष छन् -- ओहोदाको (positional) र अवस्थाको अर्थात् व्यावहारिक (practical)। एकातिर त्यहाँ अनन्तताको पवित्रता छ, अर्कोतिर समयको; एकातिर सिद्ध, अर्कोतिर क्रमिक; एकातिर पूर्ण, अर्कोतिर प्रगतिशील। एक खीष्टियन एकातिर खीष्टमा भएको उसको अनन्त ओहोदाको कारण पवित्र छ, र अर्कोतिर व्यावहारिक अर्थमा दिन प्रति दिन ऊ पवित्र बन्दैछ।

विश्वासी अनन्तसम्म परमेश्वरको परिवारभित्र अलग गरिएको कुराले उसको **ओहोदीय पवित्रता**लाई जनाउँदछ। यस अर्थमा खीष्टमा हुनु भनेको पवित्र हुनु हो (एफेसी १:४; हिब्रू ३:१)। परमेश्वरको सामु ओहोदामा हरेक साँचो विश्वासी ऊ नयाँ गरी जन्मिएको दिनदेखि पवित्र हुन्छ। किनभने ऊ खीष्टभित्र अवस्थित गराइएको हुन्छ जसको फलस्वरूप अबदेखि उसो परमेश्वरले उक्त व्यक्तिलाई एक दोषी पापीको रूपमा हेर्नुहुन्न। परमेश्वरले विश्वासीलाई आफ्नो पुत्रको रगतसितको सम्बन्धमा देख्नुहुन्छ। खीष्टिय जन आफै असल भएको कारणले नभएर खीष्टले प्रायश्चित गर्नुभएको आधारमा परमेश्वरले उसलाई धर्मी ठहराउनुभएको कारणले यस ओहोदीय अर्थमा ऊ पवित्र छ। परमेश्वरको हरेक सन्तान पवित्र छ; यस ओहोदीय अर्थमा परमेश्वरको हरेक सन्तान एक पवित्र जन हो।

**व्यावहारिक पवित्रता** भनेको दैनिक जीवनमा पवित्र हुनु हो। खीष्टमा हरेक विश्वासी ओहोदीय अर्थमा पवित्र छ र साथै व्यवहारमा ऊ पवित्र हुनु परमेश्वरको इच्छा हो (१ पत्रुस १:१५-१६)।

पवित्रताका यी दुई पक्षलाई कलस्सी ३:१२ मा देख्न सकिन्छ। उनीहरू खीष्टमा भएको ओहोदामा पवित्र र प्रिय भएका हुनाले उनीहरू दैनिक जीवनमा पवित्र हुनुपर्छ। हामी पवित्र जनहरू भएकाले हामी पवित्र जनहरू जस्तै जिउनुपर्छ। हरेक साँचो खीष्टियन खीष्टको रगतमाथिको उसको भरोसाले परमेश्वरको सामु ऊ सिद्ध र पवित्र छ -- येशू जत्तिकै पवित्र -- तर हरेक खीष्टियन दैनिक रूपमा पवित्र जीवन जिउने गर्दैन। खीष्टियनले आफ्नो पवित्रतालाई सिद्ध बनाउँदै लैजानुपर्छ (२ कोरिन्थी ७:१)। यसले खीष्टिय जीवनको आत्मिक वृद्धिको प्रक्रियालाई बयान गर्दछ।

येशू खीष्टमा ओहोदामा पहिला पवित्र नबनाइएसम्म दैनिक जीवनमा पवित्र बन्नु असम्भव छ। नयाँ गरी जन्मिएपछि मात्र एक व्यक्तिले दैनिक पवित्रताको निम्ति गरेको प्रयासलाई परमेश्वरले स्वीकार गर्नुहुन्छ। खीष्टबाहिर कुनै साँचो पवित्रता छैन। केवल उहाँको रगतले मात्र एक व्यक्ति पापबाट शुद्ध पारिन सक्छ र परमेश्वरलाई धार्मिकता र सत्यतामा सेवा गर्न योग्य बनाइन सक्छ (गलाती २:२०; ६:१४-१६)।

पवित्रता र रगतको बीचमा के सम्बन्ध छ?

बाइबलले पवित्रता र खीष्टको रगतको बीच घनिष्ट सम्बन्ध भएको देखाउँछ (हिब्रू ९:१२,२०-२५)। भेट हुने पालका प्रतीकहरूले यस कुरालाई जोड दिन्थे। भेट हुने पालका सामग्रीहरू परमेश्वरको सामु रगतद्वारा पवित्र पारिन्थे (प्रस्थान ३०:१०)। पूजाहारीहरू रगतद्वारा समपर्ण गरिन्थे (लेवी १४:१४)। उपासकहरू रगतद्वारा शुद्ध

पारिन्थे (लेवी ४:१५-१८,३०,३४)। महापूजाहारी पवित्र स्थानभित्र परमेश्वरको उपस्थितिमा प्रवेश गर्न सक्नुको र मानिसहरूका निम्ति प्रायश्चित गर्न सक्नुको कारण रगत नै थियो (लेवी १६:१४-२०)। लेवीको पुस्तकमा "रगत" शब्द ६० पटक उल्लेख भएको छ जुन पुस्तक इस्राएलले गर्ने परमेश्वरको उपासनाको र बलिदानद्वारा हुने शुद्धिकरणको पुस्तक हो। हिब्रूको पुस्तकमा "रगत" शब्द २० पटक उल्लेख भएको छ जसले देखाउँछ कि पुरानो नियमका प्रतीकहरूले सङ्केत गरेको कुरा चाहिँ ख्रीष्टको रगत हो।

## बाइबलका आधारात्मक शब्दहरू भाग ३ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. "मिलाप" को माने के हो?
2. पापीहरू परमेश्वरसित कसरी मिलाप गराइन्छन्?
3. विश्वास गर्नु अगाडि हामी परमेश्वरका के थियौं?
4. रोमी ४:६-९ मा "ठहराउनु" र ४:२२-२५ मा "गनियो" को माने के हो?
5. येशूको खातिर परमेश्वरले ख्रीष्टियनलाई कुन कुरा उसको हिसाबमा गन्नुहुन्छ?
6. "धर्मपुत्र ग्रहण" को माने के हो?
7. विश्वासीले धर्मपुत्रको ग्रहणको बाटो किन आशाको रूपमा हेर्दछ?
8. "नयाँ जन्म" वा "नयाँ सृष्टि" के हो?
9. ख्रीष्टिय जीवनको नयाँ जन्मले कुन कुरालाई जनाउँछ?
10. "पवित्र" हुनुको आधारभूत माने के हो?
11. पुरानो नियममा मानिसलाई बाहेक अन्य कस्ता कुरालाई पवित्र भनिएको छ? तीनओटा कुरा उल्लेख गर्नुहोस्।
12. ख्रीष्टिय पवित्रताका दुई पक्षहरू के-के हुन्?

# आधारात्मक बाइबल शब्दावली

## भाग ४

**आशा**

ख्रीष्टिय जीवनको कुरा गर्दा "आशा" भन्ने शब्दको माने हो ख्रीष्टमा भएको निश्चित, पक्का, निर्धक्कतापूर्ण मुक्ति। आशालाई सुरक्षित र दृढ लङ्गर (हिब्रू ६:१९), एउटा "बलियो सान्त्वना" (हिब्रू ६:१८), एउटा "अनन्त सान्त्वना" भनिएको छ (२ थेस्सलोनिकी २:१६)।

दैनिक जीवनमा प्रयोग गरिने "आशा" को अर्थभन्दा यो अर्थ ठीक विपरित छ। सामान्यतया हामी कुनै अनिश्चित कुरा व्यक्त गर्नुपर्दा यो शब्द प्रयोग गर्दछौं। कसैले यदि "म विदामा पहाड जाने आशा गर्दछु" भन्यो भने यसको मतलब ऊ निश्चित छैन भन्ने बुझिन्छ। येशू ख्रीष्टमा भएको मुक्ति यसको ठीक विपरित छ; विश्वासी जन आफूले अनन्त जीवन पाएको छु भन्ने कुरामा निश्चित हुन सक्दछ।

यदि विश्वासीको मुक्ति अनिश्चित छैन भने यसलाई किन "आशा" भनिएको छ त? हामीले ख्रीष्टमा पाएको मुक्ति अनिश्चित भएकोले होइन तर त्यसलाई हामीले पूर्ण रूपमा उपभोग गर्न अझ बाँकी भएकोले हो (रोमी ८:२४-२५)।

**महिमा**

बाइबलमा "महिमा" ६ ओटा तरिकाले प्रयोग भएको छ:

1. यसले गर्व गर्ने कामलाई जनाउँदछ (१ कोरिन्थी १:२९,३१; ३:२१; ४:७; ५:६; २ कोरिन्थी ५:१२; गलाती ६:१३)।

2. यसले प्रशंसालाई जनाउँदछ (लूका २:१४; १७:१८; प्रेरित १२:२३; एफेसी १:६)।

3. यसले परमेश्वरको चरित्रलाई जनाउँदछ: उहाँको पवित्रता, उच्च श्रेष्ठता, र ईश्वरीय सिद्धतालाई जनाउँदछ (यूहन्ना १:१४; रोमी १:२३)।

4. यसले कुनै राजाको र तिनको राज्यको भव्यता र ऐश्वर्यलाई जनाउँदछ (मत्ती ६:२९; १९:२८; २५:३१; यूहन्ना १२:४१; १७:५,२२,२४; रोमी ९:२३; कलस्सी ३:४)।

5. यसले परमेश्वरको उपस्थितिको वरिपरि हुने चम्किलो ज्योतिलाई जनाउँदछ। हेर्नुहोस् प्रस्थान १६:१०; ४०:३४,३५; लेवी ९:६,२३; गन्ती १४:१०; १ राजा ८:११; २ इतिहास ७:१-३; इजिकिएल १०:४; मर्कूस ९:२-३ (यस घटनालाई २ पत्रुस १:१७ मा "महिमा" भनिएको छ); १३:२६; लूका २:९; प्रकाश १:१६; २१:११,२३।

6. यसले सुन्दरतालाई जनाउँदछ (यशैया २८:१; ६३:१)।

बाइबलले विश्वासीहरू ख्रीष्टसँग महिमामा हुनेछन् भन्नुको माने यसले माथिका सबै कुरालाई जनाउँदछ, अर्थात् ख्रीष्टको उपस्थिति र राज्यमा भएको प्रशंसा, श्रेष्ठता, ऐश्वर्य, पवित्रता, ज्योति र सुन्दरता भन्ने बुझिन्छ।

**रहस्य**

१) सामान्य प्रयोगमा "रहस्य" भन्नाले कुनै गोप्य कुरा, बुझ्न गाह्रो कुरा, असाधारण र अर्कै आयामको कुरा भन्ने बुझिन्छ। बाइबलले यस शब्दलाई यस अर्थमा पनि कुनै-कुनै ठाउँमा प्रयोग गर्दछ (एफेसी ५:३२; प्रकाश १७:५)।

२) तर नयाँ नियमको धेरैजसो ठाउँमा प्रयोग भएको "रहस्य" भन्ने शब्दले ती सत्यताहरूलाई जनाउँदछ जो परमेश्वरले पुरानो नियमका समयहरूमा गोप्य राख्नुभएको थियो तर अब नयाँमा प्रकट गर्नुभएको छ। अर्थात् यस शब्दले यसले नयाँ नियमको प्रकाशलाई जनाउँदछ। विशेष गरी यसले मण्डली सम्बन्धित सत्यतालाई जनाउँदछ जसअनुसार अन्यजातितहरू र यहूदीहरू ख्रीष्टद्वारा एउटै नयाँ आत्मिक शरीरमा ल्याइएका छन् (मत्ती १३:११; १ कोरिन्थी २:७-१२; रोमी ११:२५; १६:२५-२६; एफेसी १:९; ३:१-१२; ६:१९; कलस्सी १:२५-२७; २:२; ४:३)। इस्राएलमा भएको परमेश्वरको मन्दिरले "रहस्य" शब्दको मानेलाई दर्शाउन मद्दत गर्दछ। पुरानो नियममा मन्दिरको बाक्लो पर्दाले परमेश्वरको उपस्थितिलाई छेकेको थियो, तर अब त्यो च्यात्तिएको छ र विगतमा छिपाइएका कुराहरू प्रकट भएका छन्।

**चुनाउ**

बाइबलमा "चुनिएको" भन्ने शब्दले कम्तीमा चार कुराहरूलाई जनाउँदछ

१) येशू ख्रीष्ट (१ पत्रुस २:६)

२) शैतानसँगै पतन नभएका स्वर्गदूतहरू (१ तिमोथी ५:२१)

३) परमेश्वरबाट चुनिएको इस्राएल जाति (रोमी ९:९-१३)। संसारको बीचबाट अब्राहामलाई बोलाउनुभयो, त्यसपछि इश्माएलको सट्टा इसाहकलाई चुन्नुभयो, र एसावको सट्टा याकूबलाई चुन्नुभयो।

४) येशू ख्रीष्टमा मुक्ति पाउनेहरू (मत्ती २४:२२,२४,३१; लूका १८:७; रोमी ८:३३; कलस्सी ३:१२; १ थेस्सलोनिकी १:४; २ तिमोथी २:१०; तीतस १:१; १ पत्रुस ५:१३; २ पत्रुस १:१०)। चुनाउलाई "पहिल्यै ठहऱ्याउनु" र "पहिल्यै ठहराएको" भनेर पनि बयान गरिएको छ (एफेसी १:५,११)।

मुक्तिका निम्ति चुनिएको भन्ने सम्बन्धमा केही पाठहरू

१) चुनाउ परमेश्वरको पूर्वज्ञानमा आधारित कुरा हो (१ पत्रुस १:२)। परमेश्वरले यस युगमा मुक्तिको सुसमाचार सबै मानिसहरूलाई प्रदान गर्नुभएको छ र कस-कसले विश्वास गर्नेछन् र कस-कसले इन्कार गर्नेछन् भनेर उहाँ अगाडिबाटै जान्नुहुन्छ।

२) चुनाउको तात्पर्य यो हो कि परमेश्वरले मानिसको मुक्ति सृष्टिको शुरुआत हुनुभन्दा अगाडि नै योजना गर्नुभएको थियो (एफसी १:५,११)। यसको मतलब परमेश्वरले आफ्नो पूर्वज्ञानमा विश्वासीलाई एक महिमापूर्ण भविष्यको लागि पूर्वनिर्धारित गर्नुभएको छ (१ पत्रुस १:२-४); रोमी ८:२९-३०)। अर्थात् सवाल को-को पूर्वनिर्धारित भएका छन् भन्ने नभएर हामी केका लागि पूर्वनिर्धारित भएका छौं भन्ने हो।

३) चुनाउको मतलब परमेश्वरले "सार्वभौम रूपले" कस-कसले मुक्ति पाउनेछन् र कसले पाउनेछैनन् भन्ने होइन। सबैले मुक्ति पाएको उहाँ चाहनुहुन्छ भनेर उहाँले प्रकट गरिसक्नुभएको छ (१ तिमोथी २:३-४; २ पत्रुस ३:९)। परमेश्वरको "सार्वभौम" इच्छा नै यो हो कि सबै मानिसहरूले मुक्ति पाऊन्! चुनिएकाहरू अर्थात् मुक्ति पाएकाहरू ती हुन् जस-जसले सुसमाचारलाई विश्वास गर्दछन् (यूहन्ना ३:१६)।

## आधारात्मक बाइबल शब्दावली भाग ४ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. ख्रीष्टिय जीवनमा "आशा" को माने के हो?
2. कुन पदले विश्वासीको आशालाई लङ्गरसित तुलना गरेको छ?
3. कुन पदले विश्वासीको आशा सुरक्षित र दृढ छ भन्ने कुरा बताउँछ?
4. कुन पदले विश्वासीको आशा "अनन्त सान्त्वना" हो भन्ने कुरा बताउँछ?
5. विश्वासीको मुक्ति अनिश्चित छैन भने किन यसलाई आशाको संज्ञा दिइएको छ?
6. बाइबलमा "महिमा" शब्दलाई कुन छ ओटा तरिकामा प्रयोग गरिएको छ?
7. नयाँ नियममा "रहस्य" भन्ने शब्द प्रायः कुन अर्थमा प्रयोग भएको छ?
8. "चुनिएको" भन्ने शब्दले कुन चार कुरालाई जनाउँछ?
9. मुक्तिको निम्ति चुनाउ सम्बन्धी तीनओटा पाठहरू के-के हुन्?

# परमेश्वरको इच्छा कसरी जान्न सकिन्छ?

## रोमी १२

**कण्ठ गर्नुपर्ने पदहरू: रोमी १२:१-२**

यस संसारमा परमेश्वरको एउटा ठूलो काम छ र यस काममा भाग लिन उहाँले आफ्ना जनहरूलाई बोलाउनुभएको छ भन्ने कुरा हामी रोमी १२ अध्यायमा देख्छौं। हरेक विश्वासीको निम्ति परमेश्वरको एउटा सिद्ध इच्छा छ। यदि तपाईंले मुक्ति पाउनुभएको छ भने तपाईं परमेश्वरको सेवामा बोलाइनुभएको छ।

परमेश्वरको इच्छा जाँचेर थाह गरिनुपर्छ भन्ने कुरा हामी यहाँ देख्छौं। मुक्ति सित्तैंको दान हो तर परमेश्वरको इच्छा एउटा इनाम हो जसको निम्ति हामी परिश्रम गर्नुपर्छ।

मुक्ति पाइसकेपछि परमेश्वरको इच्छा जान्न चाहने व्यक्तिको लागि रोमी १२ मा पाँचओटा खुड्किलाहरूलाई जोड दिइएको छ।

**१) परमेश्वरको इच्छा जान्न हामीले आज नै परमेश्वरको इच्छा गर्नुपर्छ (रोमी १२:१-२)।**

बाइबलमा परमेश्वरको इच्छा भनेको आज नै गरिने कुरा हो भनेर बताइएको छ, न कि भोलि म केही गरूँला भन्ने कुरा। विश्वासी वर्तमानको बारेमा गनगन गर्छ वा अल्छी बन्छ र भविष्यलाई मात्र हेरी बस्छ र बेग्लै खालको परिस्थितिको आशा गरी बस्छ र परिस्थिति बदलिए म परमेश्वरको इच्छा पूरा गरूँला भनेर सोची बस्छ भने उसले कहिल्यै परमेश्वरको इच्छा गर्नेछैन। भविष्यलाई हामीले परमेश्वरको हातमा छोडिदिनुपर्छ र आजका परिस्थितिहरू जतिसुकै कठिन भए तापनि हामीले आजकै अवसरहरूलाई काममा लगाउनुपर्छ।

हाम्रा जीवनका सबै परिस्थितिहरू परमेश्वरकै हातमा छन् (रोमी ८:२८, १ कोरिन्थी १७-२४)। परिस्थितिलाई हेरेर गनगन गर्नुचाहिँ परमेश्वरको इच्छाको विरुद्धमा गनगन गर्नु हो। यो एकदमै ठूलो पाप हो जुन पाप इस्राएलीहरूले बारम्बार उजाडस्थानमा दोहोऱ्याएका थिए (१ कोरिन्थी १०:१०)।

<u>यो कुरा नयाँ विश्वासीहरूलाई लागु हुन्छ</u>। तपाईं जुन परिस्थितिमा हुनुहुन्छ त्यही परिस्थितिलाई स्वीकार गर्दै आत्मिक रूपमा बढ्नलाई र ख्रीष्टको सेवा गर्नलाई आफूले जे-जे जान्नुभएको छ तिनलाई गर्न थालेर नै परमेश्वरको इच्छा पूरा गर्ने काम शुरु हुन्छ। मैले मुक्ति पाएको पहिलो सालमा मैले कस्तो सेवकाई गरेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा म जान्दिनथेँ। मलाई यति मात्र थाह थियो कि मैले बाइबल सिक्न अनि मण्डलीमा विश्वासयोग्य हुन अनि बाइबलले जे-जे गर्न मलाई सिकाउँछ त्यही मैले गर्न थाल्नुपर्छ र मैले त्यही गर्न थालेँ। मेरो जीविकोपार्जनको लागि त्यसबेला म एउटा छापाखानामा मेशिन चलाउने काम गर्थे तर त्यो पेशा नै मेरो जीवन त थिएन। मेरो जीवन परमेश्वरलाई खोज्नु र ख्रीष्टको सेवा गर्नु थियो र परमेश्वरको इच्छाको निम्ति आफैलाई तयारी पार्नु थियो। यसरी मैले उक्त अवसरद्वारा पूरा फाइदा लिन सकेँ र आउने दिनका लागि एउटा असल जग बसाल्न सकेँ।

<u>यो कुरा अविवाहितहरूलाई लागु हुन्छ</u>। बाइबल कलेजमा मेरो एकजना साथी थियो जो सधैं पत्नी पाउने बारेमा धेरै समय चिन्तामा बिताउँथ्यो, यतिसम्म कि पढाइमा ध्यान दिने उसको क्षमतामा ह्रास आयो। यदि मेरो विवाह भएको छैन भने यो कुरा वर्तमान समयको लागि फाइदाजनक छ भन्ने कुरा मैले महसुस गर्नुपर्छ किनकि म बढी समय प्रभुको निम्ति अलग गर्न सक्छु अनि मैले यो समयलाई काममा लगाउनुपर्छ र भविष्यको बारेमा प्रभुमा भरोसा गर्नुपर्छ (१ कोरिन्थी ७:३२-३४)। विवाहको शुरुआत परमेश्वरले गर्नुभएको हो र कसरी ठीक समयमा ठीक जोडीहरूलाई मिलाउनुपर्छ भन्ने कुरा उहाँ जान्नुहुन्छ।

यो कुरा विवाहितहरूलाई लागु हुन्छ। तपाईंको जीवनसाथीले मुक्ति पाएको होस् वा नहोस् सम्भव भएसम्म त्यही अवस्थामा नै आफ्नो जीवनसाथीलाई नछोडी परमेश्वरको सेवा गर्नु परमेश्वरको इच्छा हो (१ कोरिन्थी ७:१२-१७)। तपाईंसँग छोराछोरी भए पनि, नभए पनि परमेश्वरको सेवा गर्नुपर्छ। गर्भमाथि परमेश्वरको नियन्त्रण हुन्छ (उत्पत्ति २०:१८, २९:३१, ३०:२२)। यदि तपाईंसँग छोराछोरी छन् भने तिनीहरूलाई बाधाको रूपमा नहेर्नुहोस्। बरु तिनीहरूलाई परमेश्वरको महिमाको लागि हुर्काउन आफैलाई अर्पण गर्नुहोस्। यदि तपाईंसँग छोराछोरी छैनन् भने चिन्ता नगर्नुहोस्। तपाईंले परमेश्वरको सेवा गर्न पाउनुभएको अवसरलाई प्रयोग गर्नुहोस् र परमेश्वरले उहाँको आफ्नै समयमा र इच्छाअनुसार छोराछोरी प्रबन्ध गर्नुहुन्छ भनी जानेर उहाँको बाटो हेर्नुहोस्।

यो कुरा युवाहरूलाई लागु हुन्छ। युवा अवस्था फाइदाजनक छ र बेफाइदाजनक पनि छ। युवाले परमेश्वरलाई जान्न र उहाँको सेवा गर्न उसको युवा अवस्थामा नै आफूलाई समर्पण गर्नुपर्छ। पछि सेवा गर्छु अहिले गर्दिनँ भन्नु हुँदैन। धेरै युवाहरूले आफ्नो जीवनको बारेमा धेरै व्यर्थका कुरा, मूर्ख कुरा सोच्छन् तिनीहरू आफ्नो जीवनको बारेमा बूढो भएपछि मात्र गम्भीर हुन्छौं भन्ने विचार गर्छन्। तिनीहरूले यसरी युवा अवस्थाको सुन्दर अवसरलाई खेर फाल्दछन् र भविष्यको लागि युवा अवस्थामा नै तयार हुनुपर्ने कुरामा चुक्छन्।

## २) परमेश्वरको इच्छा जान्न समर्पणता र लगनशीलता चाहिन्छ (रोमी १२:१)।

आफ्नो शरीरलाई जिउँदो बलिदानको रूपमा चढाउनुको माने आफ्नो शरीर र आफ्नो जीवनलाई ख्रीष्टको सेवामा लगाउनु हो।

यो एक स्वेच्छापूर्वक गरिने निर्णय हो। हामीले मुक्ति पाउनैपर्छ भनेर परमेश्वरले हामीसित जबरजस्ती गर्नुहुन्न र मुक्ति पाएपछि हाम्रो जीवन सम्पूर्ण रूपमा उहाँलाई समर्पण गर्नैपर्छ भनेर पनि उहाँले हामीसित जबरजस्ती गर्नुहुन्न। यो काम हामीले इच्छुक हृदयले गरेको उहाँ चाहनुहुन्छ। त्यसैले परमेश्वरको इच्छा जान्न चाहनेहरूले कठिन निर्णयहरू गर्नुपर्ने हुन्छ। मैले स्वार्थी इच्छाहरूको पछि लाग्नु भन्दा ख्रीष्टलाई आफ्नो जीवन समर्पण गर्न रोज्नुपर्छ। मैले शरीरलाई इन्कार गर्नुपर्छ र पवित्र आत्माको पछि लाग्नुपर्छ। धेरैजसो मानिसहरूले आफ्ना जीवनहरू पैसा, मोजमज्जा, ऐस-आराम, सुरक्षा, प्रतिष्ठा र अरू यस्ता कुराहरूका निम्ति समर्पित गर्दछन्। परमेश्वरको सन्तानलाई यीभन्दा उच्च बोलावटको पछि लाग्ने सौभाग्य छ।

यो परमेश्वरको प्रेमले उत्प्रेरित भई गरिने निर्णय हो। हामी परमेश्वरलाई प्रेम गर्छौं किनभने उहाँले हामीलाई पहिला प्रेम गर्नुभयो। हामी मुक्ति पाउन भनी परमेश्वरको इच्छालाई पछयाउँदैनौं; तर मुक्ति पाएको हुनाले हामी परमेश्वरको इच्छालाई पछयाउँछौं र हामी उहाँलाई खुसी पार्न चाहन्छौं जसले हामीलाई उहाँको अनुग्रहद्वारा कलवरीको क्रूसमा ठूलो मूल्य तिरीकन बचाउनुभयो।

यो एक उचित निर्णय हो। यो उचित हो किनभने परमेश्वरलाई चिन्नु र उहाँको सेवा गर्नु जीवनकै उद्देश्य हो (उपदेशक १२:१३)। यो उचित हो किनभने परमेश्वरको इच्छालाई त्यागेर बिताइने जीवन व्यर्थ हो। उपदेशकको पुस्तकको मुख्य विषय यही हो। यदि म आफ्नो जीवन परमेश्वरको सेवाको निम्ति भन्दा अरू कुरा गर्न प्रयोग गर्छु भने मैले यो जीवन व्यर्थैमा फालिरहेको हुन्छु। साथै, ख्रीष्टमा मेरो जीवन समर्पण गर्नु एकदमै उचित कुरा हो किनभने यसले ठूलो इनाम ल्याउँदछ (हिब्रू ११:२४-२७)। पछिबाट शहीद बनेका एकजना मिसनरीले भने, "त्यो मूर्ख होइन जसले गुमाउन नसकिने कुरालाई प्राप्त गर्न जोगाउन नसकिने कुरालाई सुम्पिदिन्छ"।

यो एक व्यक्तिगत निर्णय हो। युवाहरू धेरै पटक आफ्ना साथीहरूले के सोचिरहेका छन् वा के गरिरहेका छन् भन्ने कुरामा एकदमै चासो राख्छन्। उनीहरू "समक्षकीहरूको दबाब" प्रति संवेदनशील बन्ने गर्छन्, तर म परमेश्वरको इच्छा जान्न चाहन्छु भने म त्यसभन्दा माथि उठ्नुपर्छ र परमेश्वरलाई मात्र खुसी पार्नलाई ध्यानकेन्द्रित हुनुपर्छ।

साथै, यो एक दैनिक निर्णय हो। प्रभुको इच्छामा आफैलाई सुम्पने कुरा केवल एकचोटि मात्र गरेर हुने कुरा होइन तर यो कुरा बारम्बार गरिनुपर्ने कुरा हो। कतिपटक मानिसहरू मण्डलीमा वा बाइबल सम्मेलनमा प्रवचन सुनेर

जोशले भरिन्छन् र प्रभुको इच्छाको लागि आफूलाई सुम्पन्छन् तर जब जीवनमा नानाथरीका कठिनाइ र आत्मिक लडाईंको सामना गर्नुपर्दा उनीहरूको त्यो समर्पणता सेलाएर जान सक्छ यदि दैनिक रूपमा त्यसलाई नवीकरण गरिएन भने।

### ३) परमेश्वरको इच्छा जान्न अलगपनता चाहिन्छ (रोमी १२:२)।

संसारका दुष्ट कुराहरूदेखि अलग हुनुपर्ने कुरा परमेश्वरको इच्छा जान्ने सम्बन्धमा मुख्य विषय हो। संसारको दुष्ट कुराबाट अलग हुने कुरा ऐच्छिक विषय होइन, यो हरेक विश्वासीलाई गर्नै पर्ने अनिवार्य कुरा हो किनभने परमेश्वर पवित्र हुनुहुन्छ र यो दुष्ट संसार परमेश्वरको विरोधमा छ।

"संसारसित एकनासे नहोओ" भन्ने आज्ञाले हामी स्वभावैले कमजोर छौं अनि संसारद्वारा हामी सजिलै ढालिन सक्छौं भन्ने कुरालाई इङ्गित गर्दैछ। संसार आफ्नो दृष्टिकोणको प्रचार-प्रसार गर्नमा जोशिलो छ। संसार चुप लागेर बस्दैन र त्यो आफ्नै सुरमा हिँड्न सन्तुष्ट छैन। संसारले विश्वासीलाई आफ्नो विचारधारा र जीवन शैलीमा ढाल्न खोज्छ। रक सङ्गीतकार कोर्टनी लवले भनिन्,"म आफ्नो विचारधारालाई समाज-संस्कृतिमा लाद्न चाहन्छु" (*Spin* magazine, Oct.1988, p.100)।

तसर्थ, परमेश्वरको इच्छा जान्नलाई अलगपनताको नितान्त खाँचो छ। निम्नलिखित महत्त्वपूर्ण पदहरूलाई ध्यान दिनुहोस्: एफेसी ५:११, तीतस २:२, याकूब ४:४, १ यूहन्ना २:१५-१७।

संसार, ख्रीष्टिय परिवारहरू र मण्डलीहरूमा रक एण्ड रोल पप संस्कृति (rock & roll pop culture) को माध्यमद्वारा प्रचुर मात्रामा छिरेको छ तर परमेश्वरको सिद्ध इच्छा जान्न चाहने विश्वासीले त्यसलाई इन्कार गर्नुपर्छ र परमेश्वरको पवित्रता र धार्मिकताको पछि लाग्नुपर्छ।

### ४) परमेश्वरको इच्छा जान्नलाई बदली हुँदै जान खाँचो छ (रोमी १२:२)।

परमेश्वरको इच्छा जान्न समर्पणता र अलगपनताले मात्र पुग्दैन। परमेश्वरको इच्छा जान्न आत्मिक रूपमा बदली हुँदै जान खाँचो छ। यसले ख्रीष्टिय जीवनमा बढ्दै जाने प्रक्रियालाई जनाउँछ र यो नै संसारमाथि विजयी हुने उपाय हो। बदली हुने प्रक्रियाद्वारा विश्वासीमा ख्रीष्टको स्वरूप यति मजबुत गरी निर्माण हुँदै जान सक्छ कि संसारले उसलाई आफ्नो मूर्ख र भ्रष्ट स्वरूपमा ढाल्न सक्नेछैन।

आत्मिक बदली परमेश्वरको वचनद्वारा मनको नयाँ हुवाइद्वारा आउँछ। हामीले परमेश्वरका विचारहरू सोच्न सिक्नुपर्छ जसको फलस्वरूप जीवनको बदली हुन्छ। अनि परमेश्वरका विचारहरू सोच्न हामीले परमेश्वरको वचन पढ्नुपर्छ, अध्ययन गर्नुपर्छ र मनन गर्नुपर्छ। परमेश्वरको वचन जानेर नै हामी परमेश्वरको इच्छा जान्नेछौं। परमेश्वरको वचनमा ख्रीष्टको मन अन्तर्निहित छ (१ कोरिन्थी २:१६) अनि उहाँले अगुवाइ गर्ने आफ्नो वचनद्वारा नै हो (भजनसङ्ग्रह १:१-३; ७३:२४; ११९:९; यूहन्ना ८:३१-३२)। धुलोले ढाकिएको बाइबल फोहोर हृदयको सङ्केत हो। कि त बाइबलले तपाईंलाई पापदेखि अलग राखेको हुन्छ, कि त पापले तपाईंलाई बाइबलदेखि अलग राखेको हुन्छ। परमेश्वरले बाइबलको विपरितमा कहिल्यै अगुवाइ गर्नुहुन्न। जस्तै, परमेश्वरले एक पत्नीलाई आफ्नो पतिलाई त्यागेर परपुरुषको पछि लाग्न वा एउटा पतिलाई आफ्नी पत्नीलाई त्यागेर परस्त्रीको पछि लाग्न अगुवाइ गर्नुहुन्न (मत्ती १९:९-१०; १ कोरिन्थी ७:१०-११)। परमेश्वरले एक स्त्रीलाई प्रचारक बन्न अगुवाइ गर्नुहुन्न (१ तिमोथी २:१२)। परमेश्वरले मानिसहरूलाई झूटा शिक्षा र अभ्यासभित्र अगुवाइ गर्नुहुन्न (रोमी १६:१७)। परमेश्वरले कुनै पुरुषलाई पास्टर बन्न अगुवाइ गर्नुहुन्न यदि ऊ त्यसको लागि दानप्रदत्त र योग्य छैन भने (१ तिमोथी ३:१-७)। उहाँले विश्वासीलाई अविश्वासीसँग विवाह गर्न वा व्यापारमा साझेदारी हुन अगुवाइ गर्नुहुन्न (२ कोरिन्थी ६:१४-१८)। उहाँले एक आमालाई आफ्नो घरको हेल्चेक्र्याइँ हुने गरी पेशागत काममा हात हाल्न अगुवाइ गर्नुहुन्न (तीतस २)। उहाँले विश्वासीलाई मण्डलीदेखि टाढा रहनुपर्ने किसिमको पेशागत काम गर्नलाई अगुवाइ गर्नुहुन्न (हिब्रू १०:२५)।

आत्मिक बदली पवित्र आत्माको सामर्थ्यद्वारा आउँछ। हामीले आफूलाई पवित्र आत्माको नियन्त्रणमा सुम्पनुपर्छ, उहाँलाई नै हाम्रो गाडीरूपी जीवनको चालक बन्न दिनुपर्छ। "आत्माले भरिनु" भनेको यही हो। हेर्नोस् गलाती ५:१६-१७; एफेसी ४:३०,५:१८।

आत्मिक बदली एउटा प्रक्रिया हो। यो रातारात हुने कुरा होइन। बदली हुन समय लाग्छ, यसमा लागिरहनुपर्छ र समर्पणता चाहिन्छ। बदली हुँदै जाने हो भने बाइबल पढ्ने, गुप्तमा प्रार्थना गर्ने, मण्डली सभाहरूमा उपस्थित हुने जस्ता आत्मिक बानीहरू बसाल्नु आवश्यक छ।

### ५) परमेश्वरको इच्छा जान्न सेवारत हुनुपर्छ (रोमी १२:३-६)।

परमेश्वरको सिद्ध इच्छा जान्न ख्रीष्टमा समर्पित भएर, संसारबाट अलग भएर, र बाइबल पढेर मात्र पुग्दैन तर परमेश्वरको सेवामा व्यस्त हुनुपर्छ। यसले चेलापनलाई जनाउँछ।

परमेरश्वरको इच्छा थाह पाउनु भनेको कुनै कुरा अकस्मात् नभएसम्म निष्कृय भई  पर्खेर बस्नु होइन। बरु कुनै पनि घडीमा आफूले जे गर्नुपर्छ भनेर थाह छ त्यो गर्नमा व्यस्त रहनु हो। अनि त्यसरी अगाडि बढ्ने क्रममा परमेश्वरले मलाई उहाँको सिद्ध इच्छामा पलपलमा, कदमकदममा, दिन प्रति दिन, हप्ता-हप्तामा, एक देखि अर्को वर्षमा डोऱ्याउँदै लानुहुन्छ। बाइबल पढ्दै जाँदा हामीले बाइबलको आज्ञापालन गर्दै जानुपर्छ अनि त्यसो गर्ने क्रममा हामी परमेश्वरको इच्छामा हिँडिरहेका हुन्छौं।

सेवकाइका दुई पक्षहरू छन् भन्ने कुरा रोमी १२ अध्यायले हामीलाई सम्झना गराउँछ। त्यहाँ सर्वसाधारण सेवकाइ (रोमी १२:९-२१) छ र विशेष सेवकाइ (रोमी १२:६-८) पनि छ। हरेक विश्वासीको निम्ति परमेश्वरबाटको विशेष दान र सेवकाइ हुन्छ र उक्त विशेष दान र सेवकाइ थाह पाउनलाई हामी परमेश्वरको साधारण बोलावटमा व्यस्त भइरहनुपर्छ जुनचाहिँ आज्ञाकारी र पवित्र जीवनमा हिँड्दै जानु हो। जब विश्वासीले बाबुआमाको आज्ञापलन गर्ने, आफ्नी पत्नीलाई प्रेम गर्ने, आफ्नो पतिलाई आदर गर्ने, मण्डलीप्रति विश्वासयोग्य हुने, सुसमाचार प्रचार गर्ने, दुष्ट कुराबाट अलग रहने, दसांसा दिने र प्रार्थना गर्ने जस्ता परमेश्वरले चाहनुभएका र उसले जानेकै कुराहरूमा अगाडि बढ्छ तब परमेश्वरले उसलाई अगुवाइ गर्दै जानुहुन्छ र उसको लागि उहाँबाटको विशेष सेवकाइ र दानलाई झन् झन् स्पष्टरूपले प्रकट गर्दै लानुहुन्छ।

रोमी १२ मा हामी देख्छौं कि परमेश्वरको इच्छा जान्नलाई सचेत भएर सोच्न खाँचो छ (रोमी १२:३)। यसको मतलब मैले मेरो खास बोलावटलाई जान्नुपर्छ र आफ्नो विषयमा सोच्नुपर्ने भन्दा अत्यन्तै बढी सोच्नुहुन्न। यहाँ नम्रताको आवश्यकता छ। परमेश्वरले मलाई जति दिनुभएको छ त्यो भन्दा पनि बढी मैले पाउनुपर्छ भनेर सोच्नु हुँदैन। उदाहरणको लागि, नेपालमा एकजना दुई फुट अग्लो मान्छे छ। ऊ संसारकै सबभन्दा पुड्को मान्छे हो। बाइबलअनुसार उसलाई परमेश्वरले नै बनाउनुभएको हो र उसले येशू ख्रीष्टमा विश्वास गरेको खण्डमा र उहाँको इच्छा खोजेको खण्डमा उसले आफ्नो विषेश दान र सेवकाइलाई थाह पाउन सक्नेछ तर उसले आफ्नो विशेष अवस्थाको पनि ख्याल राख्न आवश्यक पर्नेछ। यदि ऊ पेशागत बास्केटबल खेलाडी हुन चाहेमा ऊ अवश्य नै एकदम निराश बन्नेछ! कति मानिसहरू राम्ररी गीत गाउन सक्दैनन्, तर उनीहरू गायक हुन चाहन्छन्। कतिजना नानीहरूसँग काम गर्न सिपालु हुँदैनन्, तर तिनीहरू नानीहरूसित सम्बन्धित सेवकाइमा लाग्न चाहन्छन्। कति मानिसहरू प्रचार गर्नै सक्दैनन्, तर पनि प्रचारक हुन चाहन्छन्। कतिजनामा पास्टर हुन योग्य छैनन् तर पास्टर हुन चाहन्छन्। मैले कतिजना यस्ता मानिसहरू देखेको छु जोहरू परमेश्वरले उनीहरूलाई जुन व्यक्ति बन्नलाई बोलाउनुभएको थियो त्यसमा सन्तुष्ट नभएर उनीहरू अर्कै व्यक्ति बन्न चाहे र फलस्वरूप उनीहरू जीवनदेखि असन्तुष्ट र निराश बने र साथै मण्डलीमा गडबड पनि ल्याए। सचेत भएर सोच्नुको मतलब विश्वासीले आफ्नो विषयमा सोच्नुपर्ने भन्दा अत्यन्तै कम पनि सोच्नु हुँदैन। हरेक विश्वासीको विशेष बोलावट हुन्छ। वर्तमान संसारमा प्रभुले गरिरहनुभएको काममा उसको एउटा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मानव शरीरमा धेरै अङ्गहरू हुन्छन् र सिङ्गो शरीरको कामकुरामा प्रत्येक अङ्गको महत्त्वपूर्ण भूमिका हुन्छ। मण्डलीमा पनि यस्तै हुन्छ।

रोमी १२ ले परमेश्वरको इच्छा जान्नलाई मण्डली अनिवार्य छ भन्ने कुरा हामीलाई सम्झना गराउँछ। पावलले ४ पदमा "शरीर" लाई  उल्लेख गर्दछन्। यसले मण्डलीलाई जनाउँछ। मण्डली सत्यको खाँबो र जग हो र परमेश्वरको घर हो (१ तिमोथी ३:१५)। चेला बनाउन र तालिम दिनलाई परमेश्वरले नियुक्त गर्नुभएको संस्था मण्डली हो। मण्डली आत्मिक सुरक्षाको ठाउँ हो। मण्डली विश्वव्यापी सुसमाचार प्रचारको केन्द्रिय कार्यालय हो। प्रथम मिसनरीहरू मण्डलीबाटै पठाइएका थिए (प्रेरित १३:१-४)।

परमेश्वरको इच्छा जान्ने काम जटिल काम होइन। केवल परमेश्वरमा आफूलाई समर्पण गर्नुपर्छ र तपाईं जहाँ हुनुहुन्छ त्यहीँबाट शुरु गरेर प्रत्येक पाइला-पाइलामा उहाँको आज्ञापालन गर्नुपर्छ। हेर्नोस् भजनसङ्ग्रह ३७:२३।

परमेश्वरको इच्छा जानेर पछुताएको एउटै व्यक्ति मैले भेटेको छैन, तर परमेश्वरको सिद्ध इच्छा गुमाएर पछुताएकाहरू भने धेरैजना भेटेको छु। आफ्नो जीवनलाई परमेश्वरलाई समर्पण गर्ने र उहाँको सिद्ध इच्छाको पछि लाग्ने यो सुन्दर मौकालाई फ्याँकेर मूर्ख नबन्नुहोस्। भीडको पछि नलाग्नुहोस्, ख्रीष्टलाई पछयाउनुहोस्!

विवाह, काम, पढाइ जस्ता महत्त्वपूर्ण निर्णयहरू परमेश्वरको सिद्ध इच्छा नखोजीकन गर्नु भनेको अत्यन्तै खतरापूर्ण काम हो।

## परमेश्वरको इच्छा कसरी जान्न सकिन्छ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. परमेश्वरको इच्छा जान्नलाई आवश्यक पाँचओटा कुराहरू के-के हुन्?
2. परमेश्वरलाई प्रेम गर्नेहरूका निम्ति सबै कुरा मिलेर भलाइ नै उत्पन्न गर्दछन् भन्ने कुरा कुन पदले भन्दछ?
3. इस्राएलीहरूले उजाडस्थानमा पटकपटक दोहोऱ्याएको पाप के थियो?
4. यदि विश्वासीको अविश्वासी पति वा पत्नी छ भने के उसले आफ्ना पति वा पत्नीलाई छोड्न मिल्छ?
5. धेरैजना युवाहरू आफ्नो युवावस्थालाई के गर्छन्?
6. आफ्नो शरीरलाई जिउँदो बलिदानको रूपमा चढाउनुको माने के हो?
7. ख्रीष्टको सेवा गर्नु किन उचित छ?
8. मोशाले परमेश्वरको सेवा गर्ने निर्णय गरेको कुरा कुन पुस्तकको कुन अध्यायमा बयान गरिएको छ?
9. संसार कुन हिसाबले प्रचार-प्रसार गर्नमा तल्लीन छ?
10. रोमी १२:२ को अतिरिक्त, संसारबाट अलग हुनुपर्छ भनेर सिकाउने अन्य चारओटा प्रमुख खण्डहरू कुन-कुन हुन्?
11. आत्मिक बदली कसरी आउँछ?
12. जवान मानिसले परमेश्वरको वचनलाई ध्यान दिएर नै आफ्नो चाल शुद्ध राख्न सक्छ भनेर बताउने पद कुन हो?
13. सेवकाइका दुई पक्षहरू के-के हुन्?
14. विश्वासीले आफ्नो बोलावटको बारेमा सचेत भएर सोच्ने कसरी हो?
15. परदेशहरूमा प्रथम मिसनरीहरू पठाउने संस्था कुन थियो?
16. परमेश्वरको इच्छामा आफूलाई समर्पण गरेर पछुताएका कतिजनालाई तपाईंले भेट्नुभएको छ?

# जीवनमा विवेकी निर्णयहरू कसरी गर्ने?

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: हितोपदेश ३:५-६; २८:२६; हिब्रू ११:६; १ पत्रुस २:११**

परमेश्वरको इच्छा नखोजीकन गलत निर्णयहरू गरेर धेरैजनाले आफ्नो इसाई जीवनलाई भताभुङ्ग पारेका छन् (जस्तै, गलत पेशा वा काम, गलत मित्रहरू, गलत जीवन साथी, शिक्षा हासिल गर्दाका गल्तीहरू, बसाइ सर्दाका गल्तीहरू)। बुद्धिहीन निर्णय गर्नेहरू केवल युवा मात्र हुँदैनन्; धेरैजना वयस्कहरू र वृद्धहरूले पनि यस्ता गम्भीर भूल गरेका छन्।

परमेश्वरको इच्छाभित्र रहेर विवेकी निर्णयहरू गर्नलाई केही आधारभूत बाइबलीय सिद्धान्तहरू निम्न प्रकारका छन्:

### १) आफ्नै समझमा भरोसा नगर्नुहोस्, प्रभुमा भरोसा गर्नुहोस्

हेर्नुहोस्: हितोपदेश ३:५; २८:२६; यर्मिया १७:९

आफ्नै समझमा भरोसा गर्ने व्यक्तिले आफ्नो पाप स्वभावको कारणले गर्दा गलत निर्णयहरू गर्न पुग्छ। हाम्रा आँखा परमेश्वरमाथि लगाइरहनैपर्छ र हृदयदेखि उहाँमाथि नै भरोसा गर्नुपर्छ। यद्यपि विश्वासीभित्र एउटा "नयाँ मान्छे" अर्थात् नयाँ स्वभाव हुन्छ, उसभित्र "पुरानो मान्छे" पनि अझै हुन्छ जसले उसलाई बाटोदेखि भड्काउन सक्छ।

परमेश्वरलाई आफ्ना सबै मार्गमा मान्ने काम प्रार्थनाद्वारा गरिन्छ। हरेक महत्त्वपूर्ण निर्णयमा हाम्रो आफ्नै समझमा भरोसा राख्नुको सट्टा हामी बुद्धि र अगुवाइको निम्ति प्रभुसित विन्ती गर्दछौं। उहाँले आफ्ना जनहरूलाई अगुवाइ गर्ने प्रतिज्ञा गर्नुभएको त छ तर हामीले उहाँको अगुवाइ खोज्नुपर्छ; अगुवाइ त्यत्तिकै पाइन्छ भनेर ठान्नुहुँदैन। हामीले आफ्ना सबै मार्गहरूमा "उहाँलाई मान्नुपर्छ"। यस्तो विचार आउन सजिलो छ, "मलाई उहाँको बुद्धि र सहायता चाहिन्छ भनेर प्रभुलाई त थाहै छ; अवश्य पनि उहाँले मलाई त्यो दिनुहुन्छ।" तर वास्तवमा, परमेश्वरले हामीलाई सबै कामकुरामा तोकेर, यत्नसित प्रार्थना गर्नलाई बाइबलमा सिकाउनुभएको छ। त्यसो गर्न विफल हुनु भनेको बुद्धिहीन निर्णय गर्न पुग्नु हो।

परमेश्वरलाई आफ्ना सबै मार्गमा मान्ने काम बाइबलको सल्लाह खोजेर गरिन्छ। हामी विवेकी निर्णयहरू गर्न चाहन्छौं भने हामी बाइबल अध्ययनमा लगनशील हुनुपर्छ किनकि बाइबलबाट नै हामी परमेश्वरको मन जान्न सक्छौं (१ कोरिन्थी २:१६), परमेश्वरको इच्छा जान्न सक्छौं (भजनसङ्ग्रह ११९:१०५) र विश्वास प्राप्त गर्न सक्छौं (रोमी १०:१७)। प्रभावकारी दैनिक बाइबल अध्ययन गर्नलाई हामीले सिकेको हुनैपर्छ। हामी एउटा बलियो बाइबलीय मण्डलीमा सुन्न पाइने प्रचारहरू तथा शिक्षाहरूमा लगातार सहभागी हुनैपर्छ। वचनको ज्ञानमा बढ्न हामीलाई उपलब्ध रहेको हरेक मौकाको फाइदा लिनैपर्छ। तब हामी उहाँको इच्छा जान्न सक्नेछौं र विवेकी निर्णयहरू गर्न सक्नेछौं।

### २) ज्योतिमा हिँड्नुहोस् (१ यूहन्ना १:५-१०)

पापमा हिँड्नु भनेको अन्धकारमा हिँड्नु हो। यो भनेको आत्मिक जीवन र आत्मिक विचारको विपरित जाने कुरा हो (१ पत्रुस २:११)। पछि हट्ने व्यक्ति प्रभुको मार्गले होइन आफ्नै मार्गले भरिएको हुन्छ भनेर बाइबलले चेताउनी दिन्छ (हितोपदेश १४:१४)।

बाबुआमाप्रति अनाज्ञाकारी हुनु, मुख लाग्नु, अधिकारीसित आफ्नै जिद्दी गर्नु वा हठी र तीतो बन्नु, आफ्नी पत्नीलाई प्रेम नगर्नु, पतिलाई आदर नगर्नु, कुरौटे हुनु, झूट बोल्नु, चोर्नु, संसारका खराब कुरालाई प्रेम गर्नु जस्ता कुराहरू प्रार्थनालाई बाधा दिने कुरा हुन्। फलस्वरूप एक व्यक्तिसँग असल निर्णय गर्ने बुद्धिको अभाव हुन जान्छ।

आत्मिकरूपमा पछि हटेको अवस्थामा ठूला-ठूला निर्णय गर्नु भनेको बरबादीको सुत्र मात्र हो। त्यस्ता थुप्रै विश्वासीहरू छन् जोहरू हृदयमा प्रभुदेखि टाढा रहेका अवस्थामा विवाह गर्ने निर्णय गर्दा, कुनै पेशा वा काममा हात हाल्ने निर्णय गर्दा, कुनै शिक्षा हासिल गर्नपट्टि लाग्दा, कुनै बाइबल कलेज जान रोज्दा, कुनै मित्रतालाई अघि बढाउँदा, पछि गएर नराम्रोसँग पछुताएका छन्। त्यसैले, होसियार!

### ३) प्रभुमा मग्न रहनुहोस् (भजनसङ्ग्रह ३७:४)

परमेश्वरलाई आफ्नो माया-ममताहरूको केन्द्रबिन्दुमा राख्नु नै उहाँको इच्छा जान्ने उपाय हो। यो गर्न मिल्छ वा त्यो गर्न मिल्दैन जस्ता कुराका सूची अपनाएर इसाई जीवन जिउन खोज्नेहरूले परमेश्वरको इच्छा जान्न सक्दैनन्। ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्ने र उहाँमा मग्न हुनेहरूले हो परमेश्वरको इच्छा जान्न सक्ने। त्यसो गर्दा उहाँले मेरो हृदयलाई ठीक-ठीक इच्छा-आकांक्षाहरूले भरिदिनुहुन्छ अनि तिनलाई पूरा पनि गरिदिनुहुन्छ। तर अर्कोतिर, सांसारिक वा नामधारी ख्रीष्टियनहरू भने परमेश्वरको इच्छा विपरितका इच्छा-आकांक्षाहरूले भरिएका हुन्छन् अनि उसले दिकदारीको जीवन बिताइरहेको हुन्छ किनकि उसका इच्छा-आकांक्षाहरू पूरा भइरहेका हुँदैनन्।

### ४) बाइबलको अवज्ञा गर्ने स्थितिमा पुऱ्याउने खालको कुनै पनि निर्णय नगर्नुहोस् (यूहन्ना ८:३१-३२)

हामीले यस कुरालाई प्रत्येक बुँदामा छुँदै आएका छौं तर जोड दिने हेतुले यसलाई अब आफ्नै बुँदाअन्तर्गत ध्यान दिएर विचार गर्न चाहन्छौं।

सरल भाषामा भन्ने हो भने विवेकी निर्णयहरू गर्नु भनेको बाइबलअनुसार निर्णय गर्नु हो। येशूले यसलाई "मेरो वचनमा लागिरहने" कामको रूपमा बयान गर्नुभयो। बाइबलको अवज्ञा गर्न लाउने कुनै पनि निर्णय परमेश्वरको इच्छाविपरित हुन्छ। यसमा अपवाद छैन।

विश्वासद्वारा जिउनु भनेको यही हो। उहाँलाई विश्वास गर्नु र उहाँको वचन मान्नु नै विश्वासद्वारा जिउनु हो। हेर्नुहोस्, रोमी १०:१७। यो भनेको निर्णयहरू आफ्ना भावनाअनुसार र मानवीय विचारअनुसार र परिस्थितिअनुसार नभएर बाइबलअनुसार गर्न सिक्नु हो र ठीक-ठीक ढोकाहरू खोलिइनका लागि र खाँचोहरू पूरा गरिनका लागि प्रभुमै भरोसा गर्नु हो। यो यति नै सरल छ।

यहाँ केही उदाहरणहरू प्रस्तुत गरिएका छन्; परमेश्वरको इच्छाभित्र रहेर विवेकी निर्णय गर्ने सवालमा यी उदाहरणहरू कसरी सम्बन्धित छन् भन्ने कुराको विचार गर्नुहोस्:

<u>बाइबलले भन्छ खराबको वा मूर्तिपूजाको सङ्गत नगर्नू</u> (१ कोरिन्थी १५:३३; रोमी १२:२; २ कोरिन्थी ६:१४-१८; एफेसी ५:११), त्यसैले म विश्वासद्वारा जिउँछु भने म तीबाट अलग हुनेछु। तसर्थ सांसारिक रमझमको पार्टीमा जानु, मूर्तिपूजा गर्नुपर्ने स्कूलमा पढ्नु, दुष्टतासित सहभागी हुनुपर्ने काम अपनाउनु (जाँड-रक्सी बेच्नु, अभद्र पोशाक लगाउनुपर्ने काम, खराब फिलिम देखाउने काम, सांसारिक सङ्गीत बजाउनुपर्ने काम, अश्लिल नाँच देखाउने काम), अविश्वासीहरूको रीतिरिवाजमा भाग लिनु, सांसारिक सङ्गीत वा फेशनमा सहभागी हुनु, आदि, परमेश्वरका जनका लागि परमेश्वरको इच्छाभन्दा बाहिरका कुरा हुन्। एकजना युवाको मलाई सम्झना छ जसले फिलिम हलमा काम पाएका थिए। त्यहाँ देखाइने हानिकारक फिलिमहरूको बारेमा तिनलाई चिन्ता लागिरहेको थियो र काम छोड्ने विचार गर्दैथिए, तर उनको सांसारिक झुकाव भएका युवा-पास्टरले तिनलाई काम नछोड्ने सल्लाह दिए! परिणामस्वरूप उनी नराम्रोसँग पछि हटे। मलाई अर्को व्यक्तिको सम्झना छ जसको जिम्मेवारी

भनेको सांसारिक पार्टीहरूको सुपरिवेक्षण गर्नु थियो जसअन्तर्गत पिउने र नाँच्ने कुरा पनि पर्दथ्यो। उसले त्यो काम नछोडेसम्म ऊ आत्मिक रूपमा धेरै बढेन न ता आफ्नो जीवनमा विवेकी निर्णयहरू गर्न नै सिक्यो।

बाइबलले भन्छ मण्डलीको बेवास्ता नगर्नू (हिब्रू १०:२५)। मण्डली परमेश्वरको घर हो (१ तिमोथी ३:१५। तसर्थ मण्डलीलाई छोड्न लाउने खालको निर्णय गर्नु गलत हो, जस्तै नयाँ ठाउँमा बसाइ सर्नु जहाँ असल मण्डली छैन वा त्यस्तो काम अपनाउनु जसले मण्डली सभाहरूदेखि अलग पार्छ। हाम्रो मण्डलीमा एकजना युवा थियो जो नशालु पदार्थको बानी लागेको जीवनशैलीको पृष्ठभूमिबाट बचाइएका थियो। उसको जीवनमा राम्रा सङ्केतहरू देखिन्थे र ऊ प्रभुमा बढ्दैथियो। एक दिन गाउँबाट उसको बाबुले उसलाई घर फर्कन बोलायो। हाम्रो सल्लाहको बाबजुद ऊ गयो र त्यसबेलादेखि ऊ आफ्नो ख्रीष्टिय जीवनमा पछि हट्न थाल्यो। यस्तो कुरा धेरैपटक दोहोरिएको हामीले देखेका छौं।

विश्वासीहरूले मण्डली छोड्ने एउटा प्रमुख कारण यो हो कि उनीहरू मण्डली सभाहरूदेखि अलग गराउने काम रोज्छन् र फलस्वरूप पछि हट्छन्। निम्न दुईटा चेताउनीहरूलाई विचार गर्नुहोस्:

> "सात कक्षा पार गरेको केही समयपछि हो, हाम्रा करिब २०% युवाहरू हराउँछन्। सङ्गतिको दिनमा छुट्टि नपाइने किसिमको काम अँगालेकाले तिनीहरू हराउँछन्। ती काममा लागेपछि उनीहरूलाई सङ्गति नआउनलाई बहाना गर्नु सजिलो हुन्छ र उनीहरू प्रायः आउँदैनन् पनि।"
>
> "मण्डली छोडेर जानेहरूमध्येमा धेरैजनाको यस्तो धारणा भएको पाइएको छ कि यदि परमेश्वरले उनीहरूलाई सङ्गतिको दिनमा छुट्टि नपाइने काम दिलाउनुभएको छ भने सङ्गति छुटाउनु गलत होइन। परमेश्वरले उनीहरूलाई अभद्र पोशाक पहिरनुपर्ने काम दिलाउनुभएको छ भने अभद्र पोशाक पहिरनु गलत होइन। परमेश्वरले उनीहरूलाई रक सङ्गीत सुन्नुपर्ने वातावरण भएको काम दिनुभयो भने त्यो गलत होइन। त्यस्ता कुराको सामना गर्नलाई आफूहरू बलियै भएको उनीहरू ठान्दछन् र उनीहरू त्यसबाट अलिकति पनि प्रभावित नभईकन मण्डली आइरहन सक्नेछन् भन्ने उनीहरू सोच्छन्। तर प्रायः त्यस्तो काम पाएको छ महिना जति पछि उनीहरू वर्षभरिमा ५०% वा त्यसभन्दा बढी सभाहरूमा गयल भएको पाइन्छ। अविवाहितहरूको निर्देशकको हैसियतले मैले एउटा कुरा जोड दिँदै आएको छु कि हाम्रो लागि एकदम मिल्ने काम परमेश्वरले हाम्रो लागि रोज्नुभएको छ र शैतालने पनि हाम्रो लागि उसले रोजेको एकदम मिल्ने काम पनि त्यहाँ छ। तर धेरैजसो युवाहरू परमेश्वरबाटको त्यो सिद्ध काम पाउनको लागि पर्खने गर्दैनन्।"

यदि कोही विश्वासद्वारा जिउँछ भने उसले आफूलाई मण्डलीबाट अलग पारेर वचनको अवज्ञा गराउने काम लिँदैन।

बाइबलले भन्छ, अविश्वासीसँग बेमेल जोडी नबन्नू (२ कोरिन्थी ६:१४)। त्यसैले अविश्वासीसित विवाह गर्नु वा अविश्वासीसित मिलेर व्यापारमा साझेदार बन्नु, अथवा त्यस्तो अन्य कुनै कुरा गर्नु एकजना विश्वासीको लागि परमेश्वरको इच्छा कहिल्यै पनि हुन सक्दैन। एकजना व्यक्तिको मलाई सम्झना छ जो एउटा नयाँ मण्डलीको संस्थापक विश्वासीहरूमध्येमा गनिन्थ्यो। ऊ राम्रै गर्दैथियो, बढ्दैथियो, तर आखिरमा ऊ एकजना अविश्वासिसित काममा साझेदार बन्यो र उसको साझेदारको बेइमानी कामकुराले ऊ जेलमा पुग्यो र यसरी उसले आफ्नो साक्षी बिगार्‍यो।

बाइबलले भन्छ, झूटा शिक्षासित आवद्ध नहुनू (रोमी १६:१७; २ यूहन्ना १०-११)। यसको मतलब झूटा शिक्षा सिकाउने बाइबल तालीम वा मण्डली जानु, झूटा शिक्षकहरूका पुस्तक पढ्नु वा उनीहरूको प्रचार सुन्नु, वा झूटा शिक्षालाई अपनाएको व्यक्तिसँग घनिष्ट सम्बन्ध बढाउँदै लैजानु एकजना विश्वासीको निम्ति परमेश्वरको इच्छा होइन। मलाई दुईजना जवान पुरुषहरूको सम्झना छ जो हाम्रो मण्डलीमा आउँदैथिए र उनीहरूको जीवनमा असल कुराहरूको सङ्केत देखिन्थ्यो र उनीहरू प्रभु बढ्दै गरेको जस्तो देखिन्थ्यो, तर उनीहरू एउटा झूटा शिक्षकको बाइबल अध्ययनमा जान थाले र परिणामस्वरूप उनीहरू हाम्रो मण्डली छोडेर गए।

विवेकी निर्णय गर्नु भनेको यति हो: एक व्यक्ति परमेश्वरको सन्तान भएर उसले उहाँको वचनविपरित कुनै पनि काम गर्नुहुँदैन।

हामी बाइबलको अवज्ञा गर्दछौं भने हामीले परमेश्वरको आशिषको आशा गर्न सक्दनौं। कति ख्रीष्टियनहरूले के गर्छन् भने पहिला आफ्नै योजनाहरू बनाउँछन् अनि त्यसपछि परमेश्वरसित त्यसका लागि उहाँको आशिष माग्छन् तर यो त उल्टो काम गर्नु हो। पहिला त हाम्रा योजनाहरू परमेश्वरको इच्छाअनुसार छन् कि छैनन् भनेर पक्का गर्नुपर्छ तब उहाँको आशिष माग्नु र आशा गर्नु मुनासिब हुन्छ।

## विवेकी निर्णयहरू कसरी गर्ने भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. यस पाठमा हामीले चर्चा गरेका चार कुराहरू के-के हुन्?
2. आफ्नै हृदयमाथि भरोसा गर्ने व्यक्ति मूर्ख हो भनेर कुन पदले बताउँछ?
3. आफ्नै हृदयमाथि भरोसा गर्नु किन मूर्ख काम हो?
4. हृदय छली र दुष्ट छ भनेर कुन पदले बताउँछ?
5. परमेश्वरलाई आफ्ना सबै मार्गहरूमा मान भन्ने बाइबलको भनाइको माने के हो?
6. ज्योतिमा हिँड्ने बारेमा कुन पुस्तकको कुन अध्यायले बयान गर्दछ?
7. विवेकी निर्णयहरू गर्नलाई ज्योतिमा हिँड्नु किन आवश्यक छ?
8. शारीरिक अभिलाषाहरू प्राणको विरुद्धमा युद्ध गर्दछन् भनेर कुन पदले चेताउनी दिन्छ?
9. म यदि प्रभुमा मग्न भएँ भने उहाँले मेरा हृदयका चाहनाहरू दिनुहुन्छ भनेर कुन पदले बताउँछ?
10. विश्वास परमेश्वरको वचन सुनेर आउँछ भन्ने कुरा कुन पदले बताउँछ?
11. परमेश्वरका जनका निम्ति सांसारिक रमझम हुने पार्टीमा जानु, मूर्तिपूजा गर्नुपर्ने स्कूलमा पढ्नु, दुष्टतासित सहभागी हुनुपर्ने काम अपनाउनु (रक्सी बेच्ने काम, अभद्र पोशाक लगाउनुपर्ने काम, खराब फिलिम देखाउने काम, सांसारिक सङ्गीत बजाउनुपर्ने काम, अश्लिल नाँच देखाउने काम), अविश्वासीहरूको रीतिरिवाजमा भाग लिनु, सांसारिक सङ्गीत वा फेशनमा सहभागी हुनु, आदि परमेश्वरको इच्छाभन्दा बाहिरका कुराहरू हुन् भनेर हामी कसरी जान्न सक्दछौं?
12. मण्डली सभालाई बेवास्ता नगर्न कुन पदले विश्वासीहरूलाई निर्देशन दिन्छ?
13. मण्डली परमेश्वरको घर हो भनेर कुन पदले बताउँछ?
14. बाइबलको आज्ञा नमान्ने र मण्डली सभालाई बेवास्ता गर्ने विश्वासीहरूलाई प्रायः के हुन्छ?
15. एकजना विश्वासी अविश्वासीहरूसित बेमेल जोडी बन्न सक्ने केही उदाहरणहरू के-के हुन्?
16. झूटा शिक्षा सिकाइने बाइबल अध्ययन वा मण्डली वा सम्मेलनमा जानु एकजना विश्वासीको लागि परमेश्वरको इच्छा होइन भन्ने कुरा हामी कसरी जान्न सक्छौं?

# जीवनमा विवेकी निर्णयहरू कसरी गर्ने?

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: हितोपदेश १२:१५; २४:६; २९:२५**

अघिल्लो पाठमा हामीले विवेकी निर्णयहरू गर्नका लागि बाइबलका चारओटा महत्त्वपूर्ण सिद्धान्तहरूलाई अध्ययन गऱ्यौं: १) आफ्नै समझमा भरोसा नगर्नुहोस्, प्रभुमा भरोसा गर्नुहोस् २) ज्योतिमा हिँड्नुहोस् ३) प्रभुमा मग्न रहनुहोस् ४) बाइबलको अवज्ञा गर्न लाउने खालको कुनै पनि निर्णय नगर्नुहोस्।

यस पाठमा हामी यस विषयमा अर्को सिद्धान्तलाई हेर्नेछौं:

### ५) असल सल्लाह खोज्नुहोस् (हितोपदेश १२:१५; १९:२०)

परमेश्वरको इच्छामा विवेकी निर्णयहरू गर्नका लागि अर्को एकदम महत्त्वपूर्ण एउटा भाग यो छ: ईश्वरीय सर-सल्लाह खोज्नु। यस कुरालाई व्यावहारिक बुद्धिको पुस्तक हितोपदेशमा १३ पटक उल्लेख गरिएको पाइन्छ। विवाह, पढाइ, काम, बसाइ-सराइ जस्तो कुनै पनि ठूलो निर्णय गर्नु अघि आत्मिक सर-सल्लाह खोज्नुपर्छ। तर ठीक सल्लाह कहाँबाट पाउन सकिन्छ र पाएको सल्लाहलाई कसरी मूल्याङ्कन गर्ने, त्यो जान्नु पनि उत्तिकै महत्त्वपूर्ण छ।

बुद्धिहीन सल्लाह सुन्ने व्यक्तिको उल्लेखनीय उदाहरण सुलेमानका छोरा रहबाम हुन् (१ राजा १२:१-१६)। राजगद्दी ग्रहण गरेको लगत्तै उनका प्रजाले उनीसित हामीलाई दयालु व्यवहार गरियोस् भन्दै आग्रह गरे। आफ्नो निर्णय गर्नुपर्दा उनले पहिला बूढापाकाको सल्लाह सुने जसले उनका बाबुलाई सर-सल्लाह दिने गरेका थिए अनि उनीहरूले उनलाई प्रजाको कुरालाई ध्यान दिनुपर्छ भन्ने बुद्धिमानी सल्लाह दिए। त्यसपछि उनले आफ्नै दौंतरीहरूको सल्लाह खोजे अनि तिनीहरूले उनलाई आफ्नो खुसीअनुसार व्यवहार गर्न र प्रजाको मनोभावनाको कदर नगर्नलाई सल्लाह दिए। उनले यही बुद्धिहीन सल्लाह पछयाउने निर्णय गरे र फलस्वरूप आफ्नो राज्यको अधिकांश भाग गुमाए। युवाले सधैं खराब सल्लाह र बूढापाकाले सधैं असल सल्लाह दिन्छन् भन्ने होइन। प्रभुसँग हिँड्ने र परमेश्वरको वचन जान्ने युवाले त्यसरी नजिउने बूढापाकाले भन्दा असल सल्लाह दिनेछ। १ राजा १३ मा एक परमेश्वरको जनले पछि हटेका, झूट बोल्ने वृद्ध अगमवक्ताको कुरा सुनेर परमेश्वरको इच्छाबाट तर्केर गए र उसको नराम्रो गरी अन्त भयो।

### बुद्धिमान् व्यक्तिहरूसँग सल्लाह खोज्नुहोस् ("बुद्धिपूर्ण सल्लाहद्वारा" हितोपदेश २४:६)।

<u>बुद्धिमान् सल्लाहकारहरूले परमेश्वरको वचन जानेका हुन्छन्</u>। बाइबलीय तरिकामा बुद्धिमानी सल्लाह खोज्दा हामी मानवीय राय चाहन्नौं; हामी बाइबलीय ज्ञानमा आधारित बुद्धि चाहन्छौं। हामी कुनै मान्छेको वचन खोजिरहेका छैनौं तर परमेश्वरबाटको वचन खोज्दैछौं। यसकारण हामीले बाइबललाई परिश्रमसाथ अध्ययन गरेका विश्वासीहरूबाट सल्लाह खोज्नुपर्छ। बुद्धिमान् सल्लाहकारहरू आत्मिक रूपमा पाको हुन्छन् र बाइबलमा जानकार हुन्छन्।

<u>बुद्धिमान् सल्लाहकारहरू खाँटी शिक्षा जानेका र विचार मिल्ने खालका हुन्छन्</u>। नव-इभान्जेलिकलहरू वा क्यारिज्मेटिकहरू वा क्याल्भिनवादीहरू वा अझै उदारवादी र रोमन क्याथोलिक वा शिक्षामा एकै मन नभएका अरूहरूसित सल्लाह खोजेर कतिपय बाइबलीय घरपरिवारकाहरूले गलत निर्णयहरू गर्न पुगेका छन्। अमेरिकामा गर्भपतनलाई वैधानिक बनाउने `रो विरुद्ध वेड' (Roe vs. Wade) नामक अमेरिकाको राष्ट्रिय स्तरको मुद्दाको प्रतिपक्षी नोर्मा मक्कोर्भी (Norma McCorvey) को दुःखद उदाहरणलाई विचार गर्नुहोस्। तिनी गर्भपतनको विरुद्धमा उठीन् र कुनै एक "इभान्जेलिकल" अगुवाबाट बप्तिस्मा लिइन्; तर गर्भपतनको विरुद्धमा आवाज उठाउने

सिलसिलामा क्याथोलिक पादरीहरूसितको उनको घनिष्टतामार्फत पछि गएर उनी रोमन क्याथोलिक चर्चलाई स्वीकार गर्न पुगिन्।

बुद्धिमान् सल्लाहकारहरूले आफ्नै जीवनमा असल निर्णय गरेका हुन्छन् र उनीहरूको चरित्र असल र स्थिर खालको हुन्छ। ("विश्वासघाती मान्छेमाथि भरोसा" हितोपदेश २५:१९) नगर्नलाई बाइबलले चेताउनी दिन्छ)। अल्छी गर्ने व्यक्तिहरू, तिर्नुपर्ने ठाउँमा नतिर्नेहरू, झूट बोल्नेहरू, ठग्नेहरू, अस्थिर स्वभाकाहरूले असल सल्लाह दिनेछैनन्। विशेष गरी युवाहरूले यसलाई ध्यानमा राख्नुपर्छ। वचनले युवालाई बाबुआमाको आदर गर्नुपर्छ भन्दछ, तर बाबुआमाहरू असल चरित्रका छैनन् भने तिनीहरू बुद्धिमान् सल्लाहकार हुन सक्दैनन्। मानसिक र आत्मिक रूपले अस्थिर मान्छेलाई पनि एक अर्थमा "विश्वासघाती मान्छे" को वर्गीकरणमा राख्न सकिन्छ। मेरा बाबु यस वर्गमा पर्नुहुन्थ्यो किनकि दोस्रो विश्व युद्धमा प्रशान्त महासागरका टापुहरू (प्यासिफिक आइल्याण्डस्) मा भिडन्तमा पर्नुहुँदा उहाँको मस्तिष्कमा दीर्घकालीन असर पुग्न गएको थियो। त्यसपछि उहाँलाई कहिल्यै ठीक भएन र बारम्बार उहाँलाई मानसिक अस्पतालमा भर्ना गर्नुपर्‍यो। उहाँले प्रभुलाई चिन्नुहुन्थ्यो तर कुनै पनि भार वहन गर्न वा महत्त्वपूर्ण निर्णय गर्न उहाँ असक्षम हुनुहुन्थ्यो र उहाँ ठीक सोच्न सक्नुहुन्नथ्यो। परिणामस्वरूप हाम्री आमा र हामी छोराछोरीहरूले कतिपय समयहरूमा उहाँको आशीर्वाद नखोजीकनै कामकुरा गर्न सिक्नुपर्‍यो। जस्तै, उहाँ कुनै पनि काममा स्थिर रहन सक्नुहुन्नथ्यो त्यसैले परिवारलाई धान्न आमा काममा जानुपर्ने भयो। अरू विकल्पै थिएन तर बाबुले यस कुराको ज्यादै विरोध गर्नुभयो। उहाँ काम गर्न सक्नुहुन्नथ्यो र उहाँले कमाउन सक्ने कुनै सम्भावनानै थिएन, तर आमाले काम गरेको पनि उहाँ चाहनुहुन्नथ्यो। अन्तमा आमा आफै अघि सर्नुभयो अनि प्रभुले आशिष दिनुभयो र उहाँले विवाहअघि काम गर्नुभएको टेलिकम कम्पनीमा काम पाउन सक्नुभयो अनि विस्तारै बाबुलाई यसको बानी पर्न थाल्यो। सामान्य अवस्थामा पत्नीले त्यसो गर्नु त विद्रोह हुन्थ्यो तर यस अवस्थामा त्यो विद्रोह थिएन। २३ वर्षको उमेरमा मैले मुक्ति पाएपछि म बाइबल कलेज जान चाहेँ र सेवकाइको निम्ति तालिम लिन चाहेँ। बाबुले यसको विरोध गर्नुभयो। प्रभुले मलाई इसाई पुस्तकहरू लेख्न अगुवाइ गर्नुभयो। बाबुले यसको विरोध गर्नुभयो। बाबुको इच्छा थियो मैले आफ्नो घरतिरै बसेर कतै काम गरोस्। म एकदम खुसी छु कि मैले मानसिक गडबडीले ग्रस्त हुनुभएका मेरा घाइते बाबुलाई नभएर प्रभुलाई पछ्याएँ। बाबुआमाको सल्लाहको विरुद्धमा कहिलेकाहिँ निर्णय गर्नुपर्ने हुन्छ तर त्यस्तो निर्णय गर्नु नै छ भने त्यो हल्कारूपमा कहिल्यै गरिनुहुन्न।

बुद्धिमान् सल्लाहकारहरू बाइबल विश्वास गर्ने असल मण्डलीहरूमा पाइन्छन्। यस्तो सल्लाह पाइने पहिलो ठाउँ मेरो आफ्नै मण्डली हो (यदि म बाइबललाई साँच्चै विश्वास र आदर गर्ने एक असल मण्डलीमा छु भने)। मण्डली सत्यको खाँबो र जग हो (१ तिमोथी ३:१५)। आफ्ना जनहरूलाई सिकाउन र सुरक्षा दिन परमेश्वरले गोठालाहरू, शिक्षकहरू दिनुभएको छ (एफेसी ४:११-१२)। आत्मिक सल्लाह लिनुपर्दा उनीहरू नै हाम्रो सल्लाहकार-सूचीको माथितिर हुनुपर्छ।

बुद्धिमान् सल्लाहकारहरूसँग तपाईंको विशेष परिस्थितिको सम्बन्धमा बुद्धि हुन्छ। खेतीपातिको सल्लाह चाहिँदा तपाईं डाक्टरकहाँ जानुहुन्न। वैवाहिक जीवन सम्बन्धी सल्लाह चाहिँदा तपाईं सफल वैवाहिक जीवन भएको व्यक्तिकहाँ जानुहोस्। सुसमाचार प्रचारमा आफ्नो पूरै जीवन बिताउने बारेमा सल्लाह लिन चाहनुहुन्छ भने तपाईं एक अनुभवी मिसनरीकहाँ जानुहोस्। एउटी असल विश्वासी आमाले चार्ल्स स्पर्जनलाई प्रचारक नबन्नलाई सल्लाह दिएका रहेछन्। तर वास्तवमा प्रचारक हुनु भनेको के हो एउटी स्त्रीले खास बुझ्न सक्दैनन्, यद्यपि उनी एक ज्यादै आत्मिक स्त्री हुन सक्छिन्। स्पर्जन लेख्छन्, "मलाई राम्ररी याद छ, एउटी आत्मिक म्याडमले मलाई प्रचारकको काममा हात नहाल्नलाई भरमग्दुर प्रयास गरिन्; सक्दो इमानदारीता र धैर्यतामा मैले उहाँको रायको लेखाजोखा गर्ने प्रयास गरें — तर उहाँको भन्दा फराकिलो अनुभव भएकाहरूको फैसला नै बढी वजनदार ठहरियो" (सी एच स्पर्जन, लेक्चर्स टु माइ स्टुडेन्ट्स्)।

बुद्धिमान् सल्लाहकारहरू सत्य कुरा बोल्न तयार हुन्छन् (हितोपदेश २७:६)। हामी जे सुन्न चाहन्छौं त्यो सुनाउनेहरूबाट मात्र सल्लाह लिन खोज्छौं, वा नरम-नरम मात्र बोल्ने, हामीलाई फुर्क्याउने, कठिन विषयहरूलाई एकातिर पन्छाएर कुरा गर्नेहरूबाट मात्र सल्लाह खोज्छौं भने, हामी समय खेर फाल्दैछौं। हामी त्यस्ता

सल्लाहकारहरू खोजौं जोहरूले हामीलाई जस्तोसुकै अवस्थामा पनि सत्य कुरा बताउँछन्। विश्वासीले आफूले सुन्न चाहेको कुरा सुनाउनेसँग मात्र सल्लाह लिनु भनेको ऊ परमेश्वरको इच्छाको बारेमा गम्भीर नभएको प्रमाण दिनु हो। हामीलाई अगमवक्ता मिकायाह जस्तो सल्लाहकार चाहिन्छ (१ राजा २२:२७) जसले दु:खै भोग्नु परे तापनि सत्य कुरा बोल्न पछि हटेनन्। त्यसैले हो, दुष्ट राजा आहाबले गुनासो गरेका थिए, "म तिनलाई घृणा गर्दछु किनभने तिनले मेरो निम्ति असल अगमवचन कहँदैनन्, तर सधैं खराबी मात्र" (१ राजा २२:२७)। आहाबलाई चाहिने सल्लाहाकार मिकायाह नै थिए तर त्यो जान्न सक्ने बुद्धि आहाबसित थिएन।

**एकजनाभन्दा बढीसँग सल्लाह खोज्नुहोस् ("जहाँ धेरै सल्लाहकार हुन्छन्" हितोपदेश ११:१४; २४:६)।**

यस कुरालाई जोड दिने हेतुले यसलाई हितोपदेशमा दुई-दुईपटक दोहोर्‍याइएको छ। आत्मिक सल्लाहकारहरूको एउटै मत हुनु भनेको परमेश्वरले आफ्नो इच्छालाई अनुसमर्थन गर्ने उहाँको एउटा तरिका हो। जस्तै, कुनै युवाले यदि विवाह सम्बन्धी सल्लाह खोज्दैछ भने अनि उसले बाबुआमासँग, मण्डलीका गोठालाहरूसँग, शिक्षकहरूसँग, साथै अरू परिपक्क्व आत्मिक व्यक्तिहरूसँग सल्लाह लिन्छ भने त्यहाँ एक मत भएको हुनुपर्छ।

फेरि, "धेरै सल्लाहकारहरू" पाइने सर्वोत्तम ठाउँ परमेश्वरको भय मान्ने, बाइबल विश्वास गर्ने मण्डली हो। बाइबल कलेजको बारेमा स्पर्जनले व्यक्त गरेको कुरा एउटा ईश्वरीय मण्डलीको सवालमा झनै सान्दर्भिक छ: "यहाँ हामी एकसाथ भेला हुन्छौं, प्रार्थनामा सँगै हुन्छौं, कुराकानीमा, विभिन्न माण्डलिक कामकाजको सिलसिलामा हामी एक आपससँग समय बिताउँछौं जसले गर्दा हामीले एक-अर्कालाई चिन्न सक्छौं, नापजोख गर्न सक्छौं, एकअर्काका कमजोर तथा बलियो पक्षहरू जान्न सक्दछौं। एउटा बुद्धिमान् मानिसले धेरैजनाको अर्थात् बहुमतको, सल्लाह, निष्कर्षलाई अस्वीकार गर्नलाई अलिक ढिला-सुस्ती नै गर्नेछ।" (C.H. Spurgeon, *Lectures to My Students*)।)

तर यसको मतलब, मभन्दा माथिका व्यक्तिहरूको सहमति बिना मैले कहिल्यै पनि निर्णय गर्नु हुँदैन भन्ने होइन, किनकि मानिस गलत हुन सक्छ; तर यसको मतलब यो हो कि यदि मैले त्यस्तो निर्णय गर्ने नै हो भने मलाई वचनले स्पष्टै समर्थन गरिरहेको हुनुपर्छ र आफूले गर्न लागेको निर्णय परमेश्वरको इच्छा हो भन्ने कुरामा म पूरै निश्चित हुनुपर्छ।

विभिन्न व्यक्तिहरूबाट सल्लाह लिंदा हामी कुनै एउटै व्यक्तिको इच्छाको दास बन्नबाट जोगिन्छौं। सन् १९७० को दशकको "पेन्टेकोस्टल गोठाला अभियान" (Pentecostal Shepherding Movement ) को भूल यही थियो। उनीहरूको शिक्षा अनुसार हरेक विश्वासी जनले आफूलाई मण्डलीद्वारा नियुक्त गरिएको एउटा "गोठालो" को अधीनमा सुम्पिनुपर्छ। उक्त "गोठालो" सित सल्लाह नलिईकन कुनै पनि निर्णय गर्न मिल्दैनथ्यो। यसको परिणामस्वरूप त्यहाँ अधिकारको व्यापक दुरुपयोग भएको पाइयो। मण्डलीका गोठालाहरू, शिक्षकहरू र चेला बनाउनेहरू महत्त्वपूर्ण सहायकहरू हुन्, तर विश्वासीको एउटै मात्र मालिक हुनुपर्छ, जो ख्रीष्ट हुनुहुन्छ।

मैले एउटा चेताउनी दिनैपर्छ कि "धेरैजना सल्लाहकारहरू" ले गोलमाल पनि ल्याउन सक्छ यदि ती सल्लाहकारहरू परमेश्वरको भय मान्ने, बाइबलीय तरिकामा बुद्धिमान र शिक्षामा एकै मनका छैनन् भने!

**नजिकका व्यक्तिहरूसँग सल्लाह खोज्नुहोस् (हितोपदेश २७:१०)।**

कतिपटक मानिसहरू नजिककाहरूलाई छोडेर टाढाकाहरूसित सल्लाह लिन खोज्छन्, हुन त यो सधैं गलत हुन्छ भन्ने होइन। तरैपनि कतिपटक त्यो गलत कारणले गरिन्छ। बेलाबखत मलाई अरू मण्डलीकाहरूले आफ्नो मण्डलीको अवस्थाबारे सल्लाह माग्न खोज्छन्। तर मलाई त्यहाँको वस्तुस्थिति राम्ररी थाह हुँदैन। कहिलेकाहिँ कोहीले वस्तुस्थिति राम्ररी थाह नभएकैहरूसँग सल्लाह लिन खोज्छन्, तर यही कारणले हामीले सामान्यतया: नजिककाहरूसँग सल्लाह लिन खोज्नुपर्छ।

युवाहरूका लागि प्रथम सल्लाहकारहरू उनीहरूको आफ्नै बाबुआमा हुनुपर्छ, विशेष गरी बाबुआमा विश्वासी हुन् भने (एफेसी ६:१-३)। दोस्रो स्थानमा सल्लाह खोजिनुपर्ने मण्डली अगुवाहरूबाट हो। जसरी एउटा गोठालाले भेडाहरूसित व्यवहार गर्दछ त्यसरी नै उनीहरूको देखरेख गर्न, उनीहरूलाई सहायता गर्न परमेश्वरले मण्डलीहरूलाई अगुवाहरू दिनुहुन्छ। ईश्वरीय मण्डली अगुवाहरू "तिमीहरूका प्राणहरूका निम्ति जागा रहन्छन्" (हिब्रू १३:१७)। उनीहरूले मण्डलीका जनहरूको बारेमा विचार गरिरहन्छन्, उनीहरूको लागि प्रार्थना गरिरहन्छन्, हरेकको लागि सर्वोत्तम कुरा चाहन्छन्, र परमेश्वरले उनीहरूलाई विशेष बुद्धि दिनुहुन्छ।

हाम्रो मण्डलीमा विवाहको विचार गरिरहेका युवाहरूलाई आफ्ना बाबुआमासँग कुरा गर्न र त्यसपछि आफ्ना मण्डली अगुवाहरूसँग छलफल गर्नलाई आग्रह गर्ने गर्दछौं। कुनै भाइलाई कुनै बहिनीप्रति त्यस्तो चासो छ भने, अगुवाहरूसँग कुरा नगरीकन कुरा अगाडि नबढाउन हामी आग्रह गर्दछौं। अगुवाहरूलाई कति कुरा थाह हुन्छ जुन कुरा युवालाई थाह हुँदैन, अनि त्यसमा अगाडि बढ्नु बुद्धीमानी हुन्छ या हुँदैन भन्ने बारेमा उनीहरूले असल सल्लाह दिन सक्छन्। यस प्रक्रियालाई बेवास्ता गर्नेहरूले सधैं गडबडी निम्त्याएका छन्!

## वास्ता गर्ने व्यक्तिहरूसँग सल्लाह खोज्नुहोस्

तपाईंलाई चिन्ने मात्र नभएर तपाईंको वास्ता समेत गर्ने, तपाईंको आत्मिक जीवनको शुभचिन्तकहरूसँग सल्लाह लिन खोज्नु बुद्धिमानी हो। जस्तै, एक युवाले उसको आत्मिक भलाइको निम्ति वास्ता नगर्ने र उसको जीवनमा त्यसप्रकारले परिश्रम नगर्ने व्यक्तिबाट भन्दा उसको लागि प्रार्थना गरिरहने एउटा आत्मिक अगुवाबाट बढी असल सल्लाह पाउनेछ।

## सल्लाह गम्भीरतापूर्वक (लगनशीलतापूर्वक) खोज्नुहोस् (हितोपदेश २०:५)

एकजना पास्टरको अवलोकनअनुसार "हरेक सल्लाहकार सल्लाह दिन छिटो हुँदैन। इमानदार भईकन, खोजी-खोजी एक बुद्धिमान व्यक्तिबाट सल्लाह उघाएर निकाल्नु सल्लाह लिन खोज्ने व्यक्तिको जिम्मेवारी हो। प्रायः बुद्धिमान गनिने व्यक्तिहरू हतार-हतार सल्लाह प्रदान गर्ने गर्दैनन्।"

## परमेश्वरसित सङ्गतिमा हिंड्दै, उहाँको वचनको ज्योतिमा रहेर सल्लाह खोज्नुहोस्

परमेश्वरलाई छोडेर मान्छेमा भरोसा गर्नु वा मान्छलाई ऊ मानो परमेश्वर भएझैं अन्धो रूपमा मान्नु मूर्तिपूजा हो (यर्मिया १७:५-८)। हो, परमेश्वरले हामीमाथि अधिकारीहरू दिनुहुन्छ, हामीलाई सहायता गर्न शिक्षकहरू दिनुहुन्छ र तिनीहरू महत्त्वपूर्ण हुन्छन्। तर अन्तमा हाम्रो भरोसा परमेश्वरमाथि हुनुपर्छ, र हामीले उहाँबाट नै बुद्धि प्राप्त गर्नुपर्छ। बिल गोथार्ड (Bill Gothard) को "अधिकार" ("chain of authority") भनिने धारणाअनुसार जस्तोसुकै कुरा किन नहोस्, अधिकारीले जे भन्छ त्यसलाई मान्नुपर्छ अरे, तर यो बाइबलसम्मत छैन। हामीले उहाँलाई भन्दा बाबुआमालाई समेत बढी प्रेम गर्दछौं भने हामी उहाँको चेला हुन अयोग्य हुन्छौं भनेर येशूले भन्नुभयो (मत्ती १०:३७)। यसकारण यो स्पष्ट छ, त्यस्तो समय पनि आउँछ जब हामी अधिकारीको मागभन्दा विपरित दिशामा चल्नुपर्ने हुन्छ। कुन अवस्थामा? त्यो अवस्थामा जब उनीहरूले हामीलाई परमेश्वरको वचनले देखाएको उहाँको इच्छाविपरितको दिशामा लैजान खोज्दछन्। हामीले मानिसको भन्दा परमेश्वरको आज्ञापालन गर्नुपर्छ भनेर प्रेरितहरूले सिकाए (प्रेरित ५:२९)। हाम्रो मण्डलीको पहिलो विश्वासीहरूमध्येमा एकजाना चाहिँ टीनएज केटी थिइन्। तिनका हिन्दू बाबुआमा र दिदीहरूले उनलाई मण्डली जान मनाही गरे, तर तिनले ख्रीष्टलाई पहिलो स्थान दिइन् र परमेश्वरको वचनलाई मानेर सबै अवसरहरूमा मण्डली उपस्थित भइन्। फलस्वरूप उनको पूरै परिवार प्रभुमा आएका छन्। हामीले अधिकारीहरूलाई आदर गर्नुपर्छ तर ख्रीष्ट नै हाम्रो प्रथम र एकमात्र मालिक हुनुपर्छ। पहिल्यै हामीले भनिसक्यौं, मुख्य कुरा हामी बेरियालीहरू बन्नुपर्छ र सबै कुरालाई परमेश्वरको वचनले जाँच्नुपर्छ (प्रेरित १७:११)।

एउटा कुरालाई जोड दिन हामी भुल्न चाहन्नौं कि हामीले सल्लाहलाई हाम्रो आफ्नै व्यक्तिगत रायले जाँच्नु हुँदैन होइन, न ता समाज, हाम्रा दौंतरी, आधुनिक विचारधारा, मनोविज्ञान, वा अन्य कुनै कुराले नै, तर केवल परमेश्वरको वचनले मात्र।

## विवेकी निर्णयहरू कसरी गर्ने भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. हामीले बुद्धिमानी सल्लाह खोज्नुपर्छ भनेर सिकाउने हितोपदेशको पद बताउनुहोस्।
2. सल्लाह लिन खोज्दा हामीलाई _____________ _____________ को आवश्यकता छैन।
3. बगालको उन्नति गराउन र त्यसलाई रक्षा गर्न परमेश्वरले मण्डलीहरूलाई पास्टरहरू र शिक्षकहरू दिनुहुन्छ भनेर कुन पुस्तकको कुन अध्यायमा लेखिएको छ?
4. बुद्धिमानी सल्लाह पाउन सकिने पहिलो ठाउँ कुन हो?
5. सोलोमनको छोराको गल्ती के थियो?
6. खराब सल्लाह दिने पुरानो नियमको एकजना वृद्ध व्यक्तिको उदाहरण कुन हो?
7. चार्ल्स स्पर्जनले उसलाई प्रचार नगर्नू भनेर सल्लाह दिने एउटी स्त्रीको सल्लाह नमान्नु किन बुद्धिमानी थियो?
8. ईश्वरीय सल्लाहकारहरूको ___________________ हुनु परमेश्वरले आफ्नो इच्छालाई अनुसमर्थन गर्ने उहाँको एउटा तरिका हो।
9. "धेरै सल्लाहकारहरू" पाइने सबभन्दा उत्तम स्थान कुन हो?
10. किन हामीले टाढाकाहरूबाट भन्दा हाम्रै नजिककाहरूबाट सल्लाह लिनुपर्छ?
11. बुद्धिमानी सल्लाहको निम्ति एकजना युवाले सर्वप्रथम कहाँ हेर्नुपर्छ?
12. मान्छेमाथि भरोसा राख्नु गलत हो भनेर कुन पुस्तकको कुन अध्यायले चेताउनी दिन्छ?
13. हामीले मान्छेको भन्दा परमेश्वरको आज्ञा मान्नुपर्छ भनेर कुन पदले बताउँछ?

# जीवनमा विवेकी निर्णयहरू कसरी गर्ने?

## भाग ३

**कण्ठ गर्नुपर्ने पदहरू: भजनसङ्ग्रह २७:१४; हितोपदेश २९:२५; लूका ९:५९-६०; प्रेरित ५:२९; १ कोरिन्थी १४:३३**

हामीले अघिल्ला पाठहरूमा विवेकी निर्णयहरू गर्ने सम्बन्धमा पाँचओटा महत्त्वपूर्ण बाइबलीय सिद्धान्तहरूलाई अध्ययन गर्‍यौं: १) आफ्नै समझमा भर नपर्नुहोस्; प्रभुमा भरोसा गर्नुहोस् र बुद्धि पाउनलाई धेरै प्रार्थना गर्नुहोस् २) ज्योतिमा हिँड्नुहोस् ३) प्रभुमा मग्न रहनुहोस् ४) बाइबलको अवज्ञा गर्न लाउने कुनै पनि निर्णय नगर्नुहोस् ५) असल सल्लाह खोज्नुहोस्

यस पाठमा हामी यस विषयमा चारओटा अन्तिम सिद्धान्तहरूलाई विचार गर्नेछौं:

### ६) मान्छेको डर नमान्नुहोस् (हितोपदेश २९:२५)

हामीले आफ्ना सबैभन्दा प्रिय आफन्तहरूलाई भन्दा उहाँलाई बढी प्रेम गर्नुपर्छ भनेर येशूले चेताउनी दिनुभयो। हेर्नुहोस् लूका १४:२६। हामीले आफ्ना सबैभन्दा नजिक र प्रिय आफन्तहरूलाई "घृणा" गर्नुपर्छ भन्ने उहाँको मागको तात्पर्य के थियो? एउटा खण्डलाई अर्को खण्डसित तुलना गरेर यसको अर्थ बुझ्न सक्दछौं। यससित मिल्ने एउटा समानन्तर खण्ड मत्ती १०:३७ लाई विचार गर्नुहोस्। हामीले आफ्ना बाबु, आमा, पत्नी, छोराछोरी, दाजुभाइ, दिदीबहिनीलाई घृणा गर्नुपर्छ भन्ने उहाँको तात्पर्य यो थियो कि हामीले उहाँलाई अरूहरूलाई भन्दा ज्यादै बढी प्रेम गर्नुपर्छ। हाम्रो हृदयहरूमा उहाँलाई एकदमै पहिलो स्थानमा राख्नैपर्छ र अरू सबै कुरा भन्दा उहाँलाई नै खुसी पार्न हामी जिउनुपर्दछ। पारिवारिक सम्बन्धहरू महत्त्वपूर्ण छन् र परमेश्वरको वचनले हामीलाई आफ्ना प्रियहरूको हेरविचार गर्नलाई निर्देशनहरू दिएको छ (१ तिमोथी ५:८; कलस्सी ३:१८-२१)। त्यसो भए तापनि कुनै पनि मानवीय सम्बन्धले भन्दा परमेश्वरको इच्छा र कामले नै अग्रस्थान लिन्छ।

यदि कसैले परमेश्वरको इच्छामा विवेकी निर्णयहरू गर्न चाहन्छ भने उसले मान्छेको भन्दा परमेश्वरकै डर मान्नुपर्छ र उहाँकै सेवा गर्नुपर्छ। एकातिर साथीहरू वा आफन्तहरूलाई खुसी पार्ने कि, र अर्कोतिर परमेश्वरको आज्ञापालन गर्ने र उहाँलाई खुसी पार्ने कि भनेर यदि रोज्नुपर्ने स्थिति आयो भने, उसले परमेश्वरलाई नै रोज्नुपर्छ। परमेश्वरको भन्दा आफन्तहरू र साथीहरूको डर मान्नु ठूलो पाप हो।

धेरैजना अविश्वासीहरूले यही पाप गर्दछन् र यसकै कारण नरकमा पर्दछन् ("डराउनेहरू", प्रकाश २१:८)। नरकमा पुग्ने धेरैजनाले उनीहरू अरू मानिसहरूले के सोच्लान् भन्ने डरले त्यहाँ पुगेका हुन् भनेर एक दिन भन्नेछन्।

धेरैजना विश्वासीहरूले पनि यो पाप गरेका छन्। शताब्दियौंदेखि धेरैजनाले पारिवारिक नातासम्बन्धको कारणले अविवेकी निर्णयहरू गरेका छन्। यहाँ विभिन्न व्यक्तिहरूको "सोर्स-फोर्स" ले काम गरिरहेका हुन्छन्। आफ्ना परिवारहरूका कारणले कतिले अविश्वासीहरूलाई विवाह गरेका छन् वा खुकुलो खाले बाइबल कलेजमा पढ्न गएका छन् अथवा त्यस्तै कुनै पेशा अँगालेका छन्। परिवारका सदस्यहरूको विरोधले गर्दा कतिले परमेश्वरको इच्छालाई अस्वीकार गरेका छन्। मलाई ख्रीष्टमा डोर्‍याउने व्यक्तिको मलाई याद आउँछ। परमेश्वरको इच्छा थियो उसले प्रचार गरेको, तर उसकी पत्नीले ऊ प्रचार गर्न छोड्दैन भने उसले घर छोडेर जाने चेताउनी दिई। उसले पत्नीलाई सँगै बस्न विन्ती गर्‍यो तर प्रचार गर्न भने छोडेन। अन्तमा पत्नीचाहिँ घरबाट हिँडी छाड्यो र साथमा सानो छोरालाई पनि लग्यो। पतिको हृदय चक्नाचूर भयो तर उसले परमेश्वरको वचन प्रचार गर्नुपर्छ भन्ने परमेश्वरको आज्ञालाई मान्न छोडेन। कतिले, त्यस्तो रोजाइको घडीमा परमेश्वरकै इच्छालाई पीठ फर्काएका छन्।

युवाहरूले धेरैपटक मान्छेको डर मानेर पाप गर्दछन्। परमेश्वरले उनीहरूलाई पवित्रताको र सेवाको जीवनमा बोलाइरहनुभएको छ भनेर थाह गरेर पनि तिनीहरू साथीभाईहरूको नजरमा छुट्टै देखिन चाहँदैनन् र यसले गर्दा उनीहरू परमेश्वरको इच्छा पालन गर्नदेखि पछि हट्दछन्। नयाँ ख्रीष्टियन हुँदा मैले यो कुराको सामना गर्नुपरेको थियो; मेरो लामो कपाल काट्नु परमेश्वरको इच्छा हो भनेर मलाई थाह थियो तर मेरो "शान" घट्छ भनेर म ढिलासुस्ती गर्दैथिएँ। धेरैजना ख्रीष्टियन युवतीहरू भद्र किसिमको एक नारीलाई सुहाउने प्रकारले वस्त्र पहिरन इन्कार गर्दछन् किनकि तिनीहरू परमेश्वरको भन्दा मानिसको डर मान्छन्। यो ठूलो मूर्खता हो। हामी यस संसारमा उहाँदेखि शर्माउँदछौं भने उहाँ अर्को संसारमा हामीदेखि शर्माउनुहुनेछ भनेर येशूले चेताउनी दिनुभयो (मर्कूस ८:३८)।

### ७) अधिकारीहरूलाई आदर गर्नुहोस्

विवेकी निर्णयहरू गर्नलाई अर्को महत्त्वपूर्ण सिद्धान्त हो परमेश्वरबाटका अधिकारीहरूको आदर गर्नु। बाइबलले यसलाई ठूलो विषय बनाएको छ। हेर्नू: रोमी १३:१; १ कोरिन्थी ११:३; एफेसी ५:२२; ६:१-३; १ तिमोथी ५:१७; तीतस ३:१; हिब्रू १३:१७; १ पत्रुस २:१३-१५,१८।

परमेश्वरले उनीहरूमाथि राख्नुभएका अधिकारीहरूलाई आदर गर्न र उनीहरूको आज्ञापालन गर्नलाई जब असफल भए तब उनीहरू परमेश्वरको सिद्ध इच्छाको बाटो बिराएउने खालका अविवेकी निर्णयहरू गर्न पुगेका धेरैजना विश्वासीहरू मैले देखेको छु।

धेरैजना युवाहरूले यस्तो भूल गरेका छन् जब उनीहरूले आफ्ना बाबुआमालाई आदर गरेनन्, र फलस्वरूप उनीहरू अबुद्धिमानी विवाह गर्न पुगेका छन्, अबुद्धिमानी मित्रताहरू विकास गरेका छन्, गलत ठाउँमा पढ्न गएका छन्, गलत मण्डलीसित आवद्ध हुन गएका छन्, गलत ठाउँमा बसाइ सरेका छन्, र अरू धेरै अविवेकी निर्णयहरू गरेका छन् जुनचाहिँ उनीहरूले गर्दैनथे यदि उनीहरूले केवल आफ्ना बाबुआमालाई आदर गरेका भए।

उही भूल पत्नीहरूले गरेका छन् जोहरूले आफ्ना पतिहरूको आज्ञापालन गरेका छैनन् र उनीहरूलाई अनादर गरेका छन्। हाम्री आमा हव्वा यसको प्रथम उदाहरण हुन्!

यही भूल मण्डली सदस्यहरूले गरेका छन् जसले आफ्ना अगुवाहरूको आज्ञा मानेका छैनन् र उनीहरूलाई अनादर गरेका छन्। तपाईं आफ्ना अगुवाहरूसित रिसाउनुभयो र उनीहरूप्रति तीतो बन्नुभयो भने तपाईंले असल निर्णयहरू गर्नुहुनेछैन। अगुवाहरूलाई प्रश्न गर्नु बेठीक होइन, तर उनीहरूप्रति खराब धारणा राख्नु गलत हो। मैले धेरैजनालाई देखेको छु जोहरूले असल मण्डलीहरू छोडे र पछि हटे किनकि तिनीहरू मण्डली अगुवाहरूसित तीता बने र पश्चात्ताप गर्न अस्वीकार गरे। मण्डली अगुवाहरू केवल मानिस मात्र हुन् भन्ने कुरा सम्झनुपर्छ र उनीहरू सिद्ध त हुँदै हुँदैनन्। त्यो एउटा बहाना होइन; यो एउटा वास्तविकता हो! मण्डली अगुवाहरू परमेश्वरको वचनभन्दा माथि हुँदैनन् अनि यदि उनीहरूले पाप गर्छन् भने उनीहरूलाई बाइबलीय तरिकामा अनुशासन गरिनुपर्छ (१ तिमोथी ५:१९-२०), तर निश्चित प्रमाणको अभावमा अगुवाहरूलाई अपराध लगाएइको खण्डमा उनीहरूलाई हामीले निरपराध नै ठान्नुपर्छ। एउटा मण्डली छोड्नुपर्ने पनि हुन्छ यदि त्यो परमेश्वरको वचनप्रति समर्पित हुन छाड्छ भने, तर हामीले होशियारीपूर्वक त्यसलाई सही तरिकाले छोड्नुपर्छ, अर्थात् ठीक हृदयले, अनि हामी सधैं अझ बलियो मण्डलीमा सर्नुपर्छ, अझ कमजोरमा होइन।

अधिकारीहरू परमेश्वरको वचनले जाँचिनुपर्छ। हामीले अधिकारमा रहेका व्यक्तित्वहरूको आज्ञापालन अन्धा रूपले गर्दैनौं किनकि हामी एक पतित संसारमा बाँचिरहेकाछौं अनि सर्वोच्च अधिकारी परमेश्वर हुनुहुन्छ। प्रत्येक अधिकारी त्यसैले परमेश्वरको वचनद्वारा जाँचिनुपर्छ। प्रेरित ५:२९; १७:११। मोशाले फारोको अधिकारलाई इन्कार गरे, उसको भन्दा उच्च अधिकारलाई पछयाउन, अर्थात् परमेश्वरकै!

अधिकारीहरूलाई अपराध लगाइएमा निश्चित प्रमाणको अभावमा उनीहरूलाई निरपराध ठान्नुपर्छ। कतिपय व्यक्तिहरू जब अधिकारमा रहेकाहरूसँग असहमत हुन्छन् प्रायःजसो उनीहरू पवित्र शास्त्रको स्पष्ट आधारमा नभएर आफ्नै भावना वा धारणाको आधारमा त्यसो हुने गर्दछन्। अधिकारमा रहेको कुनै व्यक्ति गलत छन् भन्ने मलाई लाग्दछ भने मैले आफूलाई यो प्रश्न सोध्नुपर्दछः उक्त अगुवा गलत छन् भन्ने कुरा देखाउने मसँग बाइबलको स्पष्ट आधार छ त? अनि यस विषयमा के मेरो विचार सही छ त? हामीले आफूमाथिका अगुवाहरूको आज्ञापालन गर्नुपर्छ भन्ने पवित्र शास्त्रमा थुप्रै आज्ञाहरू दिइएका हुनाले पवित्र शास्त्रलाई ठीक-ठीकसँग छुट्ट्याउने काम नगरीकन अन्य कुनै पनि आधारमा अधिकारीहरूलाई इन्कार गर्नु खतराजनक काम हो।

## ८) भविष्यलाई हेर्नुहोस् (हिब्रू ११:२४-२७)

मोशाले आफ्नो युवावस्थाको एउटा घडीमा आएर ("उमेरदार भएपछि") एउटा ठूलो निर्णय गरे। उनी फारोका छोरो कहलिएका थिए जो त्यसबेलाका सबैभन्दा धनी र शक्तिशाली राजा थिए। मोशाले आफ्नो सांसारिक भविष्यलाई हेर्दै सुखविलासको पछि लाग्ने धनवान् र शक्तिवानहरूको भविष्यलाई रोज्न सक्दथे तर उनले दासत्वमा रहेका तिरस्कृत यहूदीहरूको भविष्यलाई आफ्नो भविष्य बनाउने निर्णय गरे। उनले परमेश्वरको वचनद्वारा पछिसम्मको भविष्यलाई हेर्दै यो विवेकी निर्णय गरेका हुन्। उनले पछिको अर्को जीवनलाई हेरे अनि ख्रीष्टलाई अँगालेको खण्डमा यस जीवनमा दुःखकष्ट पाइने तर ख्रीष्टको अनन्त राज्यमा धनसम्पत्ति पाइने, अनि यदि फारोलाई अँगालेको खण्डमा उनले "थोरै समयसम्म पापको मोजमज्जा" भोग्न पाउने तर त्यसपछि अनन्तसम्म उनलाई पछुतो हुने कुरा उनले देखे।

हरेक युवा विश्वासीले मोशाको बुद्धिमानी नमुनाको अनुसरण गर्नुपर्छ। उसले आफैलाई सोध्नुपर्छ, "मैले यो निर्णय गरें भने पछि गएर के हुनेछ? अनन्तसम्म यसले के-कस्ता नतीजाहरू ल्याउनेछन्? यस व्यक्तिलाई विवाह गरें भने; त्यो पेशा अँगालें भने; फलानो शिक्षा हासिल गर्नपट्टि लागें भने; फलानो देश गएँ भने; त्यो रमझम गर्ने पार्टीमा सहभागी भएँ भने; फलानोसित मित्रता बढाएँ भने; त्यो टी.भी. किनें भने; त्यो सङ्गीत सुनें भने; यदि इन्टरनेटमा देखिने कुराको विषयमा यदि बेहोशियारी भएँ भने; मैले आफ्नो हृदयलाई यदि संसारको प्रेममा फसाएँ भने?

अविश्वासीहरू भविष्यलाई देख्न सक्दैनन् किनकि तिनीहरू अन्धकारमा हिँड्दछन् र बाइबललाई विश्वास गर्दैनन्। केवल आफ्ना आँखाले देखेका कुराहरूकै आधारमा तिनीहरू आफ्ना निर्णयहरू गर्दछन्। तिनीहरू केवल पैसा, मोजमज्जा र इज्जतको मात्र हिसाब गर्दछन्।

विश्वासीसँग यस्तो ज्योति छ जो अविश्वासीसँग छैन अनि उसले परमेश्वरको अनन्त वचनको आधारमा विवेकी निर्णयहरू गर्न सक्दछ।

विश्वासीले विशेष गरी ख्रीष्टको न्यायआसनलाई हेर्नु खाँचो छ र त्यस महत्त्वपूर्ण अवसरमा उसले के सुन्न पाउनेछ भन्ने कुराको आधारमा आफ्ना निर्णयहरू गर्नुपर्दछ।

## ९) थकित वा निराश हुँदा निर्णयहरू नगर्नुहोस् (अय्यूब ३:१-२; १७:११)

जुनबेला हामी थकित र निराश भएका हुन्छौं र भारी परीक्षा भएर गइरहेका हुन्छौं, त्यो कुनै पनि महत्त्वपूर्ण निर्णय गर्ने समय होइन, साथै हामीले पहिल्यै गरिसकेका निर्णयहरूलाई अदलबदल गर्ने समय पनि होइन। अय्यूबलाई विचार गर्नुहोस्। उनले आफ्नो परीक्षाको घडीमा परमेश्वरलाई सरापेनन्, तरैपनि उनले परमेश्वरलाई शङ्का गरे र भविष्यको सान्त्वना र आशिषको सम्बन्धमा उनले कतिपय घडीहरूमा आफ्नो विश्वास गुमाए। आत्मिकरूपमा र भावनात्मक रूपमा उनले (अस्थायी रूपमा) आफ्नो बाटो गुमाए। भनिएको छ, "अन्धकारमा हुँदा त्यस कुरालाई शङ्का नगर्नुहोस् जुन कुरा परमेश्वरले तपाईंलाई ज्योतिमा हुँदा देखाउनुभएको थियो" अनि मैले यो कुरा धेरैपटक बुद्धिमानी सल्लाहको रूपमा पाएको छु। धेरैजना व्यक्तिहरूले निराशाका समयहरूमा मूर्ख निर्णयहरू गरेका छन्, आफ्नो शिक्षागत अडान बदलेका छन्। जेम्स रबिन्सन एकताका साहसी ब्याप्टिष्ट प्रचारक थिए, तर एउटा

क्यारिज्मेटिकलाई उसका हातहरू उनीमाथि राखेर "दुष्टात्माहरू धपाउन" दिएको बेलामा उनले झूटा शिक्षालाई अँगाले। ज्योति चम्किलो गरी बलिरहेको समयमा हाम्रा विचारहरू निर्मल हुन्छन् र त्यो समय नआएसम्म पर्खनु बेस हुन्छ।

### १०) परमेश्वरको बाटो हेर्नुहोस् (भजनसङ्ग्रह २७:१४)

परमेश्वरको इच्छामा विवेकी निर्णय गर्न खोज्ने क्रममा, हतार नगर्नु ज्यादै महत्त्वपूर्ण हुन्छ। हतार गर्दाखेरि गलत निर्णय गर्न सजिलो छ। कुनै विषयमा प्रभुको मन के हो भन्ने कुराको हामीलाई निश्चय नभएसम्म हामी पर्खनुपर्छ अनि तब उहाँले हामीलाई देखभाल गर्नुहुन्छ।

यहोशू र इस्राएल गिबियोनका मानिसहरूसित मैत्री सम्बन्ध गाँस्नलाई मञ्जुर गर्न हतार गरे; तिनीहरूले आफ्ना आँखाको दृष्टिमाथि भरोसा गरे र उक्त विषयमा परमेश्वरको मुहार खोजेनन् (यहोशू ९:१४-१५)।

प्रभुलाई पर्खने काममा हामीले ध्यान दिनुपर्ने त्यहाँ दुईटा बाइबलीय सिद्धान्तहरू छन्: स्थायी शान्तिको सिद्धान्त र गडबडरहितताको सिद्धान्त। यी दुई सिद्धान्तहरू १ कोरिन्थी १४:३३ मा पाइन्छन्। यदि त्यहाँ शान्ति छैन बरु गडबड छ भने, हामी होशियार हुनुपर्छ र उक्त निर्णयमा हामी हामफाल्नुहुँदैन। परमेश्वरबाटको बुद्धि सधैं शान्तिमय ("मिलनसार", याकूब ३:१७) हुन्छ। परमेश्वरले सधैं हर प्रकारले शान्ति दिनुहुन्छ (२ थेस्सलोनिकी ३:१६)।

परमेश्वरको इच्छा खोज्ने क्रममा म यो शान्तिको प्रतीक्षा गर्छु। यदि कुनै कुरा गर्नलाई मलाई झुकाव हुन्छ, तब त्यहाँ शान्ति बढ्दै जान्छ कि शङ्का बढ्दै जान्छ भनेर म जाँच्न चाहन्छु। कुनै कुरा परमेश्वरबाटको हो भने शान्ति बढ्दै जान्छ र विश्वास बढ्दै जान्छ, तर उक्त कुरा परमेश्वरको इच्छा होइन रहेछ भने त्यहाँ गडबड र शङ्का आउनेछ र शान्ति त्यहाँ हुनेछैन।

परमेश्वरको इच्छा भनेको पर्खेर प्राप्त गर्न लायकको कुरा हो! धेरैओटा निर्णयहरू जीवनभरलाई असर पार्ने खालका हुन्छन् अनि यदि एक व्यक्तिले ती निर्णयहरूमा गल्ती गरेमा उसलाई पछुता मात्र हुने होइन ऊ नमरुञ्जेल त्यसका असरहरूलाई भोगेर बाँच्नुपर्ने हुन्छ। विवाह त्यस्तो एउटा निर्णय हो, तर त्यहाँ अरू थुप्रै छन्।

## जीवनमा विवेकी निर्णयहरू कसरी गर्ने भाग ३ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. यस पाठमा हामीले चर्चा गरेका चार कुराहरू के-के हुन्?
2. मान्छेको डर उसको लागि पासो हो भनेर कुन पदले बताउँछ?
3. हामीले यदि आफ्ना बाबु, आमा, पत्नी, छोराछोरीहरू, दाजुभाइ, दिदीबहिनीहरूलाई घृणा गर्दैनौं भने हामी उहाँको योग्य छैनौ भनेर कुनचाहिँ खण्डमा बताइएको छ?
4. यसको माने के हो?
5. "डराउनेहरू" आगोको झीलभित्र जानेछन् भनेर कुन पदले बताउँछ?
6. यदि हामी यस वर्तमान संसारमा येशूदेखि र उहाँका वचनहरूदेखि शर्माउँदछौं भने अर्को संसारमा उहाँ हामीदेखि शर्माउनुहुनेछ भनेर कुन पदमा येशूले भन्नुभयो?
7. बप्तिस्माले कुन कुरालाई दर्शाउँछ?
8. हरेक प्राणी उच्च अधिकारीहरूको अधीनमा बस्नुपर्छ भनेर कुन पदले सिकाउँछ?
9. मण्डली अगुवाहरूलाई दुईगुणा आदर दिनुपर्छ भनेर कुन पदले सिकाउँछ?
10. हामीले मान्छेको भन्दा परमेश्वरको आज्ञा पालन गर्नुपर्छ भनेर पत्रुसले कुन पदमा भने?
11. बेरियालीहरूले पवित्र शास्त्रहरूको खोजी गरेकाले पवित्र शास्त्रहरूद्वारा सबै कुराहरूको जाँच गरेकाले उनीहरूको तारिफ गरिएको कुरा कुन पदमा छ?

12. अगुवाहरूलाई अपराध लगाइएमा, प्रमाण भेटिएको खण्डमा बाहेक, उनीहरूलाई ____________ ठान्नुपर्छ।
13. मोशा कसरी "जो देखिनुहुन्न उहाँलाई देखेजस्तै गरी" हिँड्न सके?
14. परमप्रभुको बाटो हेर र उहाँले तिम्रो हृदयलाई बलियो पार्नुहुनेछ भनेर कुन पदले भन्दछ?
15. निर्णय गर्दा हतार गर्नदेखि बच्नु किन महत्त्वपूर्ण छ?
16. गिबोनका मानिसहरूको सम्बन्धमा यहोशू र इस्राएलले कस्तो गल्ती गरे?
17. परमेश्वर गडबडका परमेश्वर हुनुहुन्न तर शान्तिका परमेश्वर हुनुहुन्छ भनेर कुन पदले बताउँछ?
18. कुनै पनि निर्णयको सम्बन्धमा शान्ति नभएको अवस्था छ भने विश्वासी जनले के गर्नुपर्छ?
19. कुनै निर्णयको सम्बन्धमा गडबडी छ भने विश्वासी जनले के गर्नुपर्छ?
20. परमेश्वरको बुद्धि सधैं शान्तिमय ("मिलनसार") हुन्छ भनेर कुन पदले बताउँछ?
21. परमेश्वरले सधैं हर प्रकारले शान्ति दिनुहुन्छ भनेर कुन पदले बताउँछ?

# ख्रीष्टको महान् आज्ञा

**कण्ठ गर्नुपर्ने पदहरू: मत्ती २८:१८-२०; मर्कूस १६:१५; प्रेरित १:८**

ख्रीष्ट बौरेर उठ्नुभएपछि उहाँले आफ्ना चेलाहरूलाई विश्वव्यापी रूपमा सुसमाचार प्रचार गर्नलाई सुम्पिनुभएको कामलाई महान् आज्ञा भन्ने संज्ञा दिइएको छ। यसलाई महान् आज्ञा भनिन्छ किनभने यो नयाँ नियममा पाँच-पाँच पटक दोहोऱ्याइएको छ (मत्ती २८:१८-२०; मर्कूस १६:१५; लूका २४:४४-४८; यूहन्ना २०:२१; प्रेरित १:८)। बाइबलमा कुनै पनि कुरा दोहोऱ्याएर बताउने काम दुईटा उद्देश्यले गरिन्छ। पहिलो, जोड दिने उद्देश्यले दोहोऱ्याइन्छ। धेरै पटक दोहोऱ्याउनुभएर उक्त आज्ञा महत्त्वपूर्ण छ भन्ने कुरा परमेश्वरले देखाउँदैहुनुहुन्छ। दोस्रो, शिक्षा दिने उद्देश्यले दोहोऱ्याइन्छ। प्रत्येक पटक महान् आज्ञा दोहोऱ्याइँदा थप शिक्षा दिइएको पाइन्छ। हामी यीमध्ये चारओटा खण्डहरूलाई अध्ययन गर्नेछौं:

**मत्ती २८:१८-२०**

१) यहाँ हामी महान् आज्ञाको अधिकार देख्दछौं (मत्ती २८:१८)। येशूसँग सारा अधिकार छ र जब हामी सुसमाचार प्रचार गर्दछौं त्यो उहाँकै अधिकारले गर्दछौं। तसर्थ कुनै पनि जाति वा राष्ट्रकहाँ जान र कुनै पनि व्यक्तिलाई उहाँको नाममा सुसमाचार सुनाउन हामीसँग अधिकार छ। "धर्म" भनेको व्यक्तिगत मामिला हो भन्ने धेरैको सोँच छ, तर येशूले त सुसमाचारको घोषणालाई हाम्रो जिम्मेवारी नै ठहराउनुभएको छ। बाइबलले बताउँछ कि नयाँ जन्म पाएको प्रत्येक व्यक्ति ख्रीष्टको राजदूत हो (२ कोरिन्थी ५:१७-२०)। हामी उहाँकै नाउँ र अधिकारमा जान्छौं।

२) साथै यहाँ हामी महान् आज्ञाको काममा कुन-कुन कुरा संलग्न हुनुपर्छ भन्ने कुरा पनि देख्दछौं (मत्ती २८:१९-२०)।

पहिलो, हामीले सुसमाचार प्रचार गर्नुपर्छ। "जाओ र ... चेला बनाओ" लाई मर्कूस १६:१५ सित तुलना गर्दा यसले सुसमाचार प्रचार गर्ने कामलाई जनाउँदछ भन्ने कुरा हामी बुझ्दछौं। प्रत्येक मण्डलीले सुसमाचार प्रचारकहरू पठाउने काम गर्नुपर्छ र साथै मिसनरी (प्रचारक) हरूलाई सहायता गर्नुपर्छ।

दोस्रो, विश्वास गर्नेहरूलाई हामीले बप्तिस्मा दिनुपर्छ। बप्तिस्मा कुनै ऐच्छिक कुरा (अर्थात् लिए पनि हुने, नलिए पनि हुने कुरा) नभई आज्ञा नै हो। ख्रीष्टलाई मुक्तिदाताको रूपमा विश्वास गर्नेहरूका लागि आज्ञापालनको पहिलो कदम बप्तिस्मा हो।

तेस्रो, विश्वास गर्नेहरूलाई हामीले चेला बनाउनुपर्छ। कसैले मुक्ति पाएर बप्तिस्मा लिएपछि हाम्रो काम समाप्त हुँदैन। वास्तवमा त्यो त शुरु मात्र हो। हामीले उनीहरूलाई ख्रीष्टले आज्ञा गर्नुभएका **सबै** कुराहरू सिकाउनुपर्छ। यी आज्ञाहरू पवित्र शास्त्रको नयाँ नियममा छन्। यसो गर्नाले विश्वासीहरू विश्वासमा सुदृढ पारिन्छन् र झूटा शिक्षाहरूबाट जोगाइन्छन्। कुनै-कुनै शिक्षाहरू मात्र "सारभूत" (essential) छन् र बाँकी सारभूत छैनन् (non-essential) भन्ने र विभाजन ल्याउन सक्ने भएकाले कतिपय शिक्षालाई जोड दिइनुहुन्न भन्ने व्यापक भूललाई यस खण्डले काट्छ। परमेश्वरका जनहरूलाई हामीले उहाँको वचनको एक-एक भागलाई पालन गर्न र आदर गर्न सिकाउनुपर्छ भनेर येशूले सिकाउनुभयो!

यो काम गर्न सक्नलाई एउटा मण्डली चाहिन्छ। महान् आज्ञा पूरा गर्नेहरू प्रेरितको पुस्तकमा मण्डलीहरू नै थिए भन्ने कुरा हामी त्यस पुस्तकमा देख्छौं। पावल र बर्नबास एन्टिओकको मण्डलीबाट पठाइएका थिए र तिनीहरूले

यूरोपभरि धेरैओटा मण्डलीहरू शुरु गरे (प्रेरित १३-१४)। महान् आज्ञा पूरा गर्नलाई प्रत्येक मण्डली गम्भीर भई बाइबल तालिम दिने पाठशालाको रूपमा सक्रिय हुनुपर्छ। महान् आज्ञा भनेको **ठूलो** काम हो।

३) साथै यहाँ हामी महान् आज्ञाको साथसाथै दिइएको प्रतिज्ञा पनि देख्दछौं (मत्ती २८:२०)। काम हामीले गर्ने हो तर सामर्थ्य ख्रीष्टको हो। उहाँ हाम्रो साथमा हुनुहुन्छ। मिसनरी काम गर्न तल्लीन रहेको ख्रीष्टियन र मण्डलीको निम्ति यो एक विशेष प्रतिज्ञा हो।

**मर्कूस १६:१५-१६**

१) सुसमाचार हरेक राष्ट्र (जाति) लाई मात्र नभएर हरेक व्यक्तिलाई प्रचारिनुपर्छ। यो ज्यादै ठूलो काम हो र हरेक मण्डलीको मुख्य काम हो। यसको मतलब यो काम पूरा गर्नलाई प्रत्येक विश्वासीको आवश्यकता पर्छ।

यसले हामीलाई यो बताउँछ कि परमेश्वरले हरेक व्यक्तिलाई प्रेम गर्नुहुन्छ र हरेकलाई बचाउन चाहनुहुन्छ जुनचाहिँ "सार्वभौम चुनाउ" (sovereign election) भन्ने क्याल्भिनवादी शिक्षाको विपरित छ।

यसले हामीलाई यो पनि सम्झना गराउँछ कि ख्रीष्टमा विश्वास राखेर बाहेक मुक्ति पाउने अन्य उपाय छैन। यदि अन्य उपाय भएको भए परमेश्वरले हामीलाई सुसमाचार हरेक व्यक्तिलाई यति ठूलो मूल्य चुकाएर प्रचार गर्न लाउनुहुनेथिएन।

२) बप्तिस्मा भनेको विश्वासीहरूको लागि हो, शिशुहरूको लागि होइन। बप्तिस्माको लागि आवश्यक कुरा विश्वास हो र त्यसैले शिशुहरू बप्तिस्माका उचित उम्मेदवार हुन सक्दैनन्। शिशु-बप्तिस्मा (infant baptism) एक झूटा शिक्षा थियो जुनचाहिँ नयाँ नियम पूरा भइसकेपछि र प्रेरितहरूको मृत्यु भइसकेपछि रचिएको थियो।

३) बप्तिस्मा भनेको मुक्तिपश्चात् मुक्तिको गवाही र प्रमाणस्वरूप लिइने कुरा हो। बप्तिस्मा नलिएकोले प्राण नरकको दोषी हुने होइन तर विश्वास नगरेकोले हुने हो। "जसले विश्वास गर्दैन, त्यो दोषी ठहरिनेछ"। पावलले सिकाए, सुसमाचारले त मुक्ति दिन्छ (रोमी १:१६), तर बप्तिस्मा भनेको सुसमाचार त होइन (१ कोरिन्थी १:१७; १५:१-४)।

**लूका २४:४४-४८**

१) येशूले दुःख भोग्नु आवश्यक थियो किनभने पापीहरूले मुक्ति पाउने अरू उपाय थिएन (लूका २४:४६)। इसाईमत भनेको मैले परमेश्वरको निम्ति के गर्न सक्छु भन्ने होइन तर ख्रीष्टमा परमेश्वरले मेरो निम्ति के गरिदिनुभएको छ भन्ने हो।

२) पश्चात्ताप महान् आज्ञाको एउटा भाग हो (लूका २४:४७)। पश्चात्तापबिना पापहरूको क्षमा छैन। पश्चात्तापको माने झूटा ईश्वरहरूलाई परित्याग गरी परमेश्वरको अधिकारमुनि आफूलाई समर्पण गर्नु हो।

३) यस काममा सहभागी हुनु प्रत्येक विश्वासीको जिम्मेवारी हो (लूका २४:४८)।

**प्रेरित १:८**

१) यो काम मण्डलीको प्रमुख काम हो। प्रेरितको पुस्तकमा हामी यही कुरा देख्दछौं। शुरुका मण्डलीहरूले रोमी साम्राज्यका सामाजिक-राजनैतिक समस्याहरू समाधान गर्न ठूलाठूला योजना-परियोजनाहरू अपनाएनन्। तिनीहरूले सुसमाचार प्रचार गरे, विश्वासीहरूलाई चेलापनमा हुर्काए र नयाँ मण्डलीहरू स्थापना गरे।

२) पवित्र आत्माबिना हामीले केही पनि गर्न सक्दैनौं। हामी उहाँको सङ्गतिमा हिँड्नुपर्छ र हामीले उहाँको सामर्थ्यको खोजी गर्नुपर्छ। प्रार्थना भनेको यस कुराकै बारेमा हो, अर्थात् हामीलाई उहाँको दरकार छ भन्ने कुरा

स्वीकार गर्नु र उहाँको सहायताको खोजी गर्नु हो। पवित्र आत्मा शुरुका विश्वासीहरूमाथि पेन्टेकोस्टको दिनमा आउनुभयो अनि त्यसबेलादेखि उहाँले प्रत्येक विश्वासीलाई उसले खीष्टमाथि विश्वास राखेकै घडीदेखि छाप मार्नुहुन्छ (एफेसी १:१२-१४)।

३) हाम्रो काम येशू खीष्टलाई उचाल्नु हो। हामी उहाँका साक्षीहरू हुनुपर्छ। जब हामी मानिसहरूसित परमेश्वरका कुराहरू गर्दछौं त्यसबेला हामीले खीष्टको बारेमा कुरा गर्नुपर्छ, मण्डली वा "इसाईमत" को बारेमा होइन।

४) महान् आज्ञा आफू बसेकै ठाउँबाट शुरु हुन्छ र साथसाथै सारा विश्वसम्म नै आफूलाई फिँजाउँछ। यो काम मण्डलीहरूद्वारा पूरा हुन्छ जब उनीहरू आफ्नै समाज-समुदायहरूलाई खीष्टमा ल्याउन खोज्छन् र साथै अन्य स्थानहरूमा सेवारत मिसनरीहरूलाई सहयोग गर्दछन्।

**एक विश्वासी जनले महान् आज्ञा कसरी पूरा गर्न सक्छ?**

१) आत्मसमर्पण गरेर - महान् आज्ञा शुरु हुने यहाँबाट हो: "म यहाँ छु; मलाई पठाउनुहोस्! हे प्रभु, म के गरूँ - तपाईं के चाहनुहुन्छ?" हेर्नुहोस् यशैया ६:८; प्रेरित ९:६; रोमी १२:१।

२) खीष्टसित सङ्गति गरेर - हामी प्रभुसित हिँड्दैनौं भने हामीले उहाँको बुद्धि वा सामर्थ्य वा अगुवाइ पाउनेछैनौं। उहाँको इच्छा पूरा गर्ने हामीसित कुनै चासो पनि हुनेछैन।

३) वचन सिकेर - हामी उहाँको वचनमा बालकै रह्यौं भने हामी परमेश्वरद्वारा राम्ररी प्रयोग गर्न सकिनेछैनौं। मानिसहरूको प्रश्नका जवाफ दिनलाई हामीले बाइबल सिक्नुपर्छ। प्रभावकारी ढङ्गले साक्षी हुन, प्रार्थना आदि गर्न हामीले सिक्नुपर्छ।

४) विश्वासयोग्य भएर - मिसनको मुटु मण्डलीहरू हुन् र मण्डलीहरू बलियो हुन सक्नलाई समर्पित, विश्वासयोग्य सदस्यहरूको खाँचो पर्छ।

५) प्रार्थना गरेर - महान् आज्ञाको निम्ति चाहिने बुद्धि र सामर्थ्यको स्रोत यही हो। परमेश्वरका जनहरू प्रार्थनामा भिड्ने योद्धाहरू हुनुपर्छ, आफ्नै मण्डलीको लागि प्रार्थना गर्ने, अरू मण्डलीहरूका लागि प्रार्थना गर्ने, मिसनरीहरू, मुक्ति नपाएका नातागोताहरू, मुक्ति नपाएका साथीभाइहरू, पर्चा र व्यक्तिगत साक्षीद्वारा सुसमाचार सुनिरहेकाहरूको निम्ति प्रार्थना गर्नेहरू हुनुपर्छ। प्रार्थनाले परिवर्तनहरू ल्याउँदछ। मेरा प्रार्थनाहरूद्वारा कति कुराहरू परिवर्तन हुँदैछन् त?

६) दिएर - प्रभुको महान् आज्ञा एक बृहत् र खर्चिलो काम हो। के म खीष्टको कामको निम्ति यस्तो प्रकारले दिने गर्दछु कि त्यसले उहाँप्रतिको मेरो प्रेमलाई प्रमाणित गर्दछ र सुसमाचारलाई संसारको अन्तसम्म फैलाउने काम गर्दैछ?

७) गएर - नयाँ जन्म पाएको परमेश्वरको प्रत्येक सन्तान खीष्टको राजदूत हो र ऊ प्रभुको बारेमा मानिसहरूलाई बताउन व्यस्त हुनुपर्छ, पर्चा बाँडिरहनुपर्छ र मण्डलीको प्रचार कार्यमा नियमित रूपमा सहभागी हुनुपर्छ।

८) छोराछोरीलाई तालिम दिएर (हितोपदेश २२:६) - छोराछोरीहरू बुद्धिमानी बाबुआमाका ठोक्रोका काँडहरू हुन् जसलाई खीष्टको सेवाको निम्ति तालिम दिइनुपर्छ (भजनसङ्ग्रह १२७:४-५)। खीष्टिय बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई यस्तो प्रकारले हुर्काउनुपर्छ ताकि यस जीवनमा सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको खीष्ट र उहाँको काम हो भनेर उनीहरूले जानेका हुनेछन्। छोराछोरीहरूले आफ्ना बाबुआमाको जीवनमा कस्तो खालको उदाहरण देख्दैछन् त? बाबुआमाले आफ्नो छोराछोरीहरूलाई मिसनरी बन्न नियुक्त गर्न त सक्दैनन् किनभने त्यो त परमेश्वरको विशेष बोलावट हो, तर बाबुआमाले गर्न सक्ने भनेको आफ्ना छोराछोरीहरूलाई मिसनरी-मन भएको हुनलाई तालिम दिन सक्छन्।

९) संसारबाट अलग भएर - सांसारिकपनले आत्मिक दर्शन र सामर्थ्यलाई नष्ट गर्दछ (१ पत्रुस २:११)।

यस वर्तमान दुष्ट संसारमा परमेश्वरको अनन्त पुत्रको नामलाई बोक्ने भाँडो हुन पाउनु भनेको ठूलो सौभाग्य हो। जीवन छोटो छ र परमेश्वरले हामीलाई दिनुभएको यस सुअवसरलाई मौका हुँदै सदुपयोग गर्नुपर्छ।

## महान् आज्ञा सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. महान् आज्ञा के हो?
2. महान् आज्ञालाई बयान गर्ने पाँचओटा खण्डहरू कुन-कुन हुन्? (पुस्तक र अध्याय मात्र)
3. विश्वभरि सुसमाचार प्रचार गर्ने अधिकार ख्रीष्टियनहरूलाई किन छ?
4. कुन खण्डले विश्वासी ख्रीष्टको राजदूत हो भनेर बताउँछ?
5. महान् आज्ञा पालन गर्दा त्यसमा कुन तीनओटा कामहरू संलग्न हुन्छन्?
6. महान् आज्ञा पूरा गर्नेहरूलाई येशूको प्रतिज्ञा के छ?
7. सुसमाचार हरेक _______________ लाई मात्र नभएर हरेक _______________ लाई प्रचारिनुपर्छ।
8. मर्कूस १६:१५-१६ ले बप्तिस्मा शिशुहरूको लागि होइन भनेर कसरी सिकाउँछ?
9. येशूलाई दुःख भोग्नु किन आवश्यक थियो?
10. पश्चात्ताप र पापहरूको क्षमा प्रचार गरिनुपर्छ भनेर येशूले आफ्ना जनहरूलाई आज्ञा दिनुभएको बाइबलको खण्ड कुनचाहिँ हो?
11. विश्वासीले ख्रीष्टमाथि विश्वास गर्दाखेरि नै ऊ पवित्र आत्माले छाप मारिन्छ भनेर सिकाउने खण्ड कुन हो?
12. विश्वासीले महान् आज्ञा पूरा गर्न सक्ने ९ ओटा तरिका कुन-कुन हुन्?
13. यीमध्ये कतिओटा तपाईं आफैले अभ्यास गर्दैहुनुहुन्छ?

# ख्रीष्टको न्यायआसन

## १ कोरिन्थी ३:१०-१५

**कण्ठ गर्नुपर्ने पदहरू: १ कोरिन्थी ३:१०-१५**

बाइबलमा विश्वासीको न्यायको बारेमा सबभन्दा विस्तृत शिक्षा प्रकट गरिएको खण्ड यही हो। प्रत्येक विश्वासी उक्त न्यायमा खडा हुने भएकोले हामीले यसमा गहिरो चासो राख्नुपर्छ।

**ख्रीष्टको न्यायआसनका सामु को-को खडा हुनेछन्?**

१) यो मुक्ति नपाएकाहरूको निम्ति होइन तर विश्वासीहरूका निम्ति हो (१ कोरिन्थी ३:११-१२)। यो तिनीहरूका निम्ति हो जसले आफ्ना जीवनरूपी भवनहरूलाई ख्रीष्टरूपी जग प्रभू येशू ख्रीष्टमाथि बसालेका छन्।

२) मुक्ति नपाएकाहरूको न्याय प्रकाश २०:११-१५ मा बयान गरिएको छ। त्योचाहिँ ठूलो सेतो सिंहासनको न्याय हो जुनचाहिँ थुमाको जीवनको पुस्तकमा नाम नलेखिएकाहरूको निम्ति हुनेछ। तिनीहरू मुक्तिदाताबिहीन भएकाले आफ्नै कामहरूको आधारमा न्याय गरिनेछन् र तसर्थ अग्निकुण्डमा अनन्त कष्टमा जानका निम्ति दोषी ठहऱ्याइनेछन्।

**ख्रीष्टको न्यायआसनमा प्रकट हुने आगो के हो (१ कोरिन्थी ३:१३)?**

१) यसले पवित्र शास्त्रहरूलाई जनाउँछ भन्ने हाम्रो विश्वास हो। प्रथमतः पवित्र शास्त्रलाई आगोको उपमा दिइएको छ (यर्मिया २३:२९)। साथै पवित्र शास्त्रले न्याय गर्नेछ भनिएको छ (भजनसङ्ग्रह ९६:१३; यूहन्ना १२:४८)। पवित्र शास्त्रमा ख्रीष्टको मन छ जसद्वारा हामी न्याय गरिनेछौं (१ कोरिन्थी २:१६)। साथै, पवित्र शास्त्र पूर्ण छ; तसर्थ विश्वासीलाई अरू कुनै कुरा चाहिँदैन र अन्य कुनै कुराद्वारा उसको न्याय हुन सक्दैन (२ तिमोथी ३:१६-१७)।

बाइबलले हामीले यस संसारमा गरेका कामहरूको न्याय गर्नेछ (१ कोरिन्थी ३:१३ "हरेक मानिसको काम")। यसले हामीले बोलेका कुराहरूको न्याय गर्नेछ (मत्ती १२:३६ "हरेक वचन")। यसले हामीले आफ्नो समयलाई कसरी प्रयोग गरेका छौं (मत्ती १२:३६ "हरेक व्यर्थ") त्यसको पनि न्याय गर्नेछ। यसले हामीले विश्वास गरेका कुराहरूलाई पनि न्याय गर्नेछ (२ तिमोथी २:१५)।

तसर्थ, ख्रीष्टको न्यायआसनको निम्ति हामी तयार हुनलाई हामीले यस वर्तमान जीवनमा बाइबल पढ्नुपर्छ र त्यसको आज्ञापालन गर्नुपर्छ; हामीले यसलाई अध्ययन गर्नुपर्छ, कण्ठ गर्नुपर्छ, त्यो प्रचारिएको सुन्नुपर्छ, र त्यसको शिक्षामुनि हामी नियमित रूपमा विश्वासयोग्य भई बस्नुपर्छ।

२) साथै, यसले ख्रीष्ट स्वयंलाई पनि जनाउँछ भन्ने हामी विश्वास गर्दछौं। प्रकाश २:१८-१९ पढ्नुहोस्। येशूका आँखाहरू आगोको ज्वालाको रूपमा बयान गरिएका छन् किनकि उहाँ हाम्रो बारेमा सबै कुरा जान्नुहुन्छ। मेरो न्याय गर्ने मेरा पास्टर होइनन्, मेरो मण्डली होइन, मेरो सम्प्रदाय होइन, मेरा बाबुआमा होइनन्, मेरी पत्नी वा मेरा पति होइनन्, मेरा मित्रहरू होइनन्। विश्वासीको न्याय गर्ने स्वयं ख्रीष्ट आफै हुनुहुनेछ। हाम्रा प्राथमिकताहरू केमा हुनुपर्छ त भन्ने कुरा यसले देखाउँछ। हामी आफैंलाई वा अरूहरूलाई खुसी पार्न जिउनुहुँदैन, तर ख्रीष्टलाई खुसी पार्न जिउनुपर्छ। हामीले हाम्रो भरोसा ख्रीष्टमा बाहेक अन्य कुनै कुरामा राख्नुहुँदैन।

**ख्रीष्टको न्यायआसनको उद्देश्य के हो?**

१) ख्रीष्टको न्यायआसनको सरोकार मुक्तिसित नभएर सेवासित छ (१ कोरिन्थी ३:८,१०,१३,१५)। मुक्ति एक वरदान हो, इनाम होइन (एफेसी २:८-९)। चौधपटक यसलाई वरदानको संज्ञा दिइएको छ र वरदान भन्ने कुरा इनामको ठीक उल्टो कुरा हो। वरदान (वा उपहार) चाहिँ कसैले किनेर मलाई सित्तैंमा दिइएको कुरा हो। यदि त्यसको निम्ति मैले केही पैसा दिएँ वा त्यो कमाउनलाई मैले अलिकति पनि केही काम गरेँ भने त्यो उपहार हुन सक्दैन। ख्रीष्टले विश्वासीको अनन्त मुक्ति आफैंले किनिदिनुभयो (हिब्रू १:३), आफ्नै रगतको ठूलो दाम तिरेर। विश्वासीले यसमा थप्न सक्ने कुनै कुरा छैन। परमेश्वरको अनुग्रहले मुक्ति पाएपछि, मैले मलाई बचाउनुहुने प्रभुको सेवा गर्नुपर्छ (एफेसी २:८-१०), र ख्रीष्टको न्यायआसनले यही सेवाको जाँच गर्नेछ। योचाहिँ कुनै एकजना छोरा जस्तै हो जसले आफ्नो बाबुको निम्ति उनको खेतबारीमा वा व्यापारमा काम गर्दछ। छोरा यदि परिश्रमी छैन भने ऊ छोरा हुन त छोड्नेछैन र बाबुले उसलाई माया गर्न छोड्नेछैन तर उसले पाउने इनाम भने पाउनेछैन जुनचाहिँ यदि ऊ बाबुको सेवामा परिश्रमी र विश्वासयोग्य र इमानदार भएको भए पाउनेथ्यो। विश्वासीले मुक्ति गुमाउन सक्दैन र ऊ अनन्तसम्म सुरक्षित छ भन्ने कुरा सिकाउने नयाँ नियमका खण्डहरूमध्येमा १ कोरिन्थी ३:१५ एक ज्यादै स्पष्ट खण्ड हो। यदि ख्रीष्टको न्यायआसनमा सबै कुरा गुमाउने शारीरिक विश्वासी "आफैचाहिँ बाँच्नेछ" भने विश्वासीले आफ्नो मुक्ति गुमाउन कसरी सम्भव छ र?

२) ख्रीष्टको न्यायआसन सजायँ दिनलाई होइन। त्यहाँ विश्वासीले कि त तर इनाम प्राप्त गर्छ वा गुमाउँछ। जहाँसम्म विश्वासीको सजायँको सवाल छ, त्यो त ख्रीष्टले क्रूसमा भोगिसक्नुभयो! ख्रीष्टको न्यायआसन ओलम्पिकमा भाग लिने खेलाडीजस्तै हो। ऊ दौडमा हाऱ्यो भने उसले आफूले कमाउन सक्ने मुकुट गुमाउँदछ।

**ख्रीष्टको न्यायआसनमा कुन कुराको न्याय गरिनेछ (१ कोरिन्थी ३:१२)?**

यस पदले दुई किसिमको ख्रीष्टिय जीवनहरूलाई बयान गर्दछ अनि दुवैले आफ्ना-आफ्नै इनाम पाउनेछन्:

१) एक किसिमको ख्रीष्टिय जीवनलाई "सुन, चाँदी र बहुमूल्य पत्थरहरू" सित तुलना गरिएको छ।

यसले अनन्तसम्म रहने कुराहरूलाई जनाउँछ, जुन कुराको अनन्त मूल्य हुन्छ। जस्तै, त्यो अनन्त शहर, नयाँ यरूशलेम, निखुर सुनले बनेको छ (प्रकाश २१:१८)। साथै यसले परमेश्वरसित सम्बध राख्ने कुराहरूलाई पनि जनाउँछ। जस्तै, भेट हुने पालभित्रको सन्दुक र कृपा आसन, जसले ईश्वरत्वलाई सङ्केत गर्दथ्यो, ती सुनले बनिएका थिए (प्रस्थान २५:१०-११)।

"सुन, चाँदी र बहुमूल्य पत्थरहरू" खाले ख्रीष्टिय जीवनले निम्न कुराहरूलाई समेट्छ: दिनदिनै ख्रीष्टसितको सङ्गतिमा हिंड्नु, शरीरमा होइन आत्मामा हिँड्नु, फलदायी प्रार्थनाको जीवन हुनु, ख्रीष्टको वचनमा मग्न हुनु, ख्रीष्टको मण्डलीलाई प्रेम गर्नु, ख्रीष्टको काममा जोशिलो हुनु, संसारका दुष्ट कुराहरूदेखि अलग रहनु र आफ्नो जीवनलाई संसारसित एकनासे हुन इन्कार गर्नु, झूटा शिक्षाहरूदेखि अलग रहनु, भक्तिसाथ जिउने पति वा पत्नी बन्नु, छोराछोरीहरूलाई प्रभुको सेवा गर्नलाई हुर्काउनु, र आत्माहरूलाई ख्रीष्टमा ल्याउनु। यी सबै कुराहरू प्रभुका सामु सुन, चाँदी बहुमूल्य पत्थरहरू हुन् र तिनका लागि प्रशस्त गरी इनाम दिइनेछन्।

२) अर्को खाले ख्रीष्टिय जीवनलाई "काठ, घाँस र पराल" सित तुलना गरिएको छ।

यसले मानिस र संसारसित सम्बन्ध राख्ने कुराहरूलाई जनाउँछ, जुन कुराहरू रहिरहँदैनन् र परमेश्वरको सामु कुनै मूल्यका छैनन्। हुन त काठले, र पराल समेतले, निर्मित भवनहरू ज्यादै विशाल हुन सक्छन् र यस संसारमा विशेष मान्यता पाउन सक्छन्, तर तिनलाई आगोले जाँच गर्दा ती जलेर नष्ट हुन्छन् र कुनै कुरा बाँकी रहँदैन। धेरै ख्रीष्टिय सेवकाइहरू काठ र परालले बनेका हुन्छन् र ज्यादै विशाल देखिन्छन् र मानिसको नजरमा ज्यादै विशेष देखिन्छन्

तर जब ती सेवकाइहरू ख्रीष्टको न्यायआसनमा परमेश्वरको वचनको अपरिवर्तनीय मापदण्डले जाँचिदछन् तब त्यहाँ भयङकर दु:ख र हानिको अनुभव हुनेछ।

"काठ, घाँस र पराल" खाले ख्रीष्टिय जीवनले निम्न कुराहरूलाई समेट्छ: आत्मिक जीवनको सट्टा शारीरिक जीवनमा हिँड्नु र पापका मोजमज्जामा आफूलाई सुम्पनु, व्यर्थका थोकहरूमा समय खेर फाल्नु, जीवन छोटो छ र जे ख्रीष्टको निम्ति गरिन्छ त्यो मात्र रहन्छ भन्ने कुरालाई बिर्सेर रित्तो कुरा गर्नु, र अनुचित मात्रामा समय पेशागत खेलकुद, भिडियो गेम र रोमान्स उपन्यासहरू जस्ता कुराहरूमा खर्चनु, परमेश्वरको इच्छाबमोजिम नभएर मूर्ख तरिकामा पैसा खर्च गर्नु, संसारलाई प्रेम गर्नु र आफ्नो जीवनलाई त्यसकै मार्गमा ढाल्नु, पवित्र शास्त्रमा बलियो बन्दै त्यसलाई ठीक-ठीक अर्थ लगाउन सिक्दै, बढ्दै जानुको सट्टा बाइबलको ज्ञानमा बालकै रहनु, आफ्ना आत्मिक वरदानहरूलाई प्रयोग गर्नुको सट्टा तिनलाई लोभीले जस्तै साँचेर मात्र राख्नु, परमेश्वरको घरको बेवास्ता गर्नु, परमेश्वरको वचनको विपरितका कुराहरू सिकाउनु, पति वा पत्नी, बाबु वा आमा भएर पनि आफ्नो जिम्मेवारीमा हेल्चेक्र्याइँ गर्नु।

**ख्रीष्टको न्यायआसनमा पाइने इनाम के हो?**

मत्ती २५:२१-२३ सित दाँज्नुहोस्।

**मुकुट**: यसले अधिकार र सेवाको स्थानलाई जनाउँछ (प्रकाश २:२६:२७)।

**सम्पत्तिहरू**: हेर्नुहोस् मत्ती ६:१९-२१; १ तिमोथी ६:१९। यी धनसम्पत्तिहरू अन्तर्गत के-के पर्नेछन् भनेर हामीलाई बताइएको छैन तर यस संसारमा उहाँको सेवा गर्नेहरूका निम्ति धनसम्पत्तिहरू पर्खिरहेका छन् भन्ने कुरा प्रभु येशूले प्रतिज्ञा गर्नुभएको छ र हामी पक्का हुन सक्छौं कि उहाँका अनन्त धनसम्पत्तिहरूको तुलनामा वर्तमान संसारका सबैभन्दा अमूल्य थोकहरू र सबैभन्दा चाह गर्न सकिने सुखविलासका कुराहरू समेत सबैभन्दा कमसल कवाडी माल जस्तै देखा पर्नेछन्!

**स्याबासीको वचन**: मत्ती २५:२१ मा हेर्नुहोस्। पक्कै पनि विश्वासीले पाउन सक्ने सबैभन्दा ठूलो इनामचाहिँ प्रभुको स्याबासी हो। यो नपाउनु भनेको चाहिँ येशूलाई गिरफ्तार गरिएको रातमा पत्रुसले गरेको जस्तै अनुभव गर्नु हो। पत्रुसले येशूलाई इन्कार गरेपछि उसले आफ्नो मुक्तिदाताको चेहरामा भएको आशाभङगको हेराइ र दु:खको हेराइलाई सहनुपऱ्यो अनि यही कुराले उसको हृदय चक्नाचूर भई तोडियो (लूका २२:६१-६२)।

**ख्रीष्टको न्यायआसनको शिक्षाले विश्वासीलाई के सिकाउँछ?**

१) यसले विश्वासीलाई आत्मिक हुन उत्प्रेरित गराउँछ (१ कोरिन्थी ३:९-१)। पावलद्वारा ख्रीष्टको न्यायआसनको बारेमा दिइएको शिक्षा कोरिन्थको मण्डलीलाई शारीरिकपनको विरुद्धमा चेताउनी दिने र त्यसलाई आत्मिक बन्नलाई चुनौती दिने सन्दर्भमा दिइएको थियो।

२) यसले विश्वासीलाई व्यस्त र विश्वासयोग्य रहनलाई उत्प्रेरित गराउँछ (१ कोरिन्थी ३:९-१०)। हामी ख्रीष्टको न्यायआसनका सामु उभिनुपर्नेछ र हामीले आफ्नो जीवनको लेखा बुझाउनुपर्नेछ भन्ने कुरालाई जब हामी सम्झना गर्दछौं तब हामी आफ्नो समयलाई उहाँको सेवामा बुद्धिमानीसाथ र विश्वासयोग्यताका साथ प्रयोग गर्न उत्प्रेरित हुन्छौं।

**ख्रीष्टको न्यायआसनमा अनुग्रहको स्थान कस्तो हुनेछ?**

हेर्नुहोस् १ कोरिन्थी ४:५।

१ कोरिन्थी ३ मा बयान गरिएको न्याय सम्पन्न भइसकेपछि, विश्वासीहरूको पार्थिव जीवन तथा सेवकाइहरूमाथि आगोले आफ्नो काम गरिसकेपछि, कसैकसैले सबै कुराको हानि भोगिसकेपछि र आगोबाट उम्केर बाँचेको जस्तै भइसकेपछि, अँ, हरेक मानिसले निःस्सन्देह उसले कमाउन सक्ने थुप्रै इनामहरू गुमाइसकेपछि -- यी सब भइसकेपछि पनि हरेक मानिससँग परमेश्वरको प्रशंसा हुनेछ! यो कसरी हुन सक्छ?

१) मुक्तिको सुरक्षाको कारण त्यहाँ प्रशंसा हुनेछ (१ पत्रुस १:४; ३:९; भजनसङ्ग्रह ३४:२२ख)। अनाज्ञाकारी पवित्रजनले हानि भोगे तापनि, ऊ बाँच्नेछ र उसले आफ्नो अनन्त पुत्रत्वमा र ख्रीष्टले किनिदिनुभएको सम्पत्तिमा रमाहट गर्नेछ। ख्रीष्टमा भएको परमेश्वरको अनुग्रहले मात्र हो, विश्वासी प्रकाश २० को ठूलो सेतो सिंहासनको सामु नभएर आफ्नो मुक्तिदाताको सामु उभिनेछ।

२) परमेश्वरको कृपाको महानताको कारण प्रशंसा हुनेछ (भजनसङ्ग्रह १०३:८-१४; यहूदा २४)। बाइबलले भन्दछ, जहाँ पाप प्रशस्त भयो त्यहाँ अनुग्रह झन् प्रशस्त भयो (रोमी ५:२०)। परमेश्वर कृपा देखाउन र आशिष दिन रूचाउनुहुन्छ। येशूले भन्नुभयो, एकजना चेलाको नाममा दिइएको एक कचौरा चीसो पानीको निम्ति पनि इनाम दिइनेछ (मत्ती १०:४२)। विश्वासीले उसले पाउनुपर्ने भन्दा यति धेरै प्राप्त गर्नेछ र गुमाउनुपर्ने भन्दा यति थोरै गुमाउनेछ कि ऊ परमेश्वरको कृपा देखेर रमाहट गर्नेछ। दाऊदले व्यभिचार र हत्या जस्ता जघन्य अपराधहरू गरे, तरैपनि नयाँ नियममा यी कुरा उल्लेख छैनन् र उसलाई विश्वासको वीरको रूपमा सूचीत गरिएको छ। अब्राहामले झूट बोले र एक पटक परमेश्वरलाई शङ्का गरे (उत्पत्ति १७:१७), अनि सारा हाँसे र परमेश्वरको प्रतिज्ञालाई अविश्वास गरे (उत्पत्ति १८:१२-१५)। हागारको सम्बन्धमा दुवैले पाप गरे। तर जब हामी हिब्रू ११ अध्यायमा आइपुग्छौं हामी ती कुनै कुराको उल्लेख पाउँदैनौं। हामी केवल उनीहरूको अडिग विश्वास र उनीहरूका आत्मिक विजयहरू मात्र उल्लेख भएको देख्छौं। उनीहरूको क्षणिक लोटाइको उल्लेखै छैन।

३) आफ्ना सन्तानहरूको जीवनहरूमा परमेश्वरको अनुशासनको प्रभावकारिताको कारण पनि त्यहाँ प्रशंसा हुनेछ (हिब्रू १२:५-१०; यूहन्ना १५:१-१६)। त्यस दिन हामी देख्नेछौं हाम्रा पार्थिव जीवनहरूमा हामीलाई काँटछाँट गर्न, अनुशासन गर्न र ढाल्न परमेश्वरले कसरी काम गर्नुभयो, त्यो देख्नेछौं र परमेश्वरले गर्नुभएको काम देखेर हामी रमाहट गर्नेछौं।

## ख्रीष्टको न्यायआसन सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. ख्रीष्टको न्यायआसनमा कसको न्याय हुनेछ?
2. विश्वास नगर्नेहरूको ठूलो सेतो सिंहासनको न्याय कुन पुस्तकको कुन अध्यायमा भेटिन्छ?
3. १ कोरिन्थी ३:१३ मा उल्लेख गरिएको आगो के हो?
4. हामी ख्रीष्टको न्यायआसनको निम्ति कसरी तयार हुन सक्छौं?
5. प्रकाश २:१८-१९ मा येशूका आँखाहरूलाई किन आगोका ज्वालाको रूपमा बयान गरिएका छन्?
6. ख्रीष्टको न्यायआसनको सरोकार ____________सित छैन तर ______________सित छ।
7. मुक्तिलाई नयाँ नियममा कति पटक वरदानको रूपमा बयान गरिएको छ?
8. ख्रीष्टको न्यायआसन आफ्नो बाबुको निम्ति काम गर्ने एकजना छोराजस्तै हुनेछ। कसरी?
9. १ कोरिन्थी ३:१५ ले कसरी मुक्तिको अनन्त सुरक्षाको शिक्षा सिकाउँछ?
10. ख्रीष्टको न्यायआसन ______________ दिनलाई होइन तर ______________ पाउन वा गुमाउनलाई हो।
11. १ कोरिन्थी ३:१२ मा उल्लेख गरिएको "सुन, चाँदी र बहुमूल्य पत्थरहरू" के हुन्?
12. "सुन, चाँदी र बहुमूल्य पत्थरहरू" खालको ख्रीष्टिय जीवनका केही उदाहरणहरू के-के हुन्?
13. "काठ, घाँस र पराल" के हुन्?
14. "काठ, घाँस र पराल" खालको ख्रीष्टिय जीवनका केही उदाहरणहरू के-के हुन्?

15. ख्रीष्टको न्यायआसनमा दिइने तीन किसिमका इनामहरू के-के हुन्?
16. ख्रीष्टको न्यायआसनले विश्वासीलाई कुन दुई प्रकारले उत्प्रेरित गराउँछ?
17. ख्रीष्टको न्यायआसनमा हरेक विश्वाससँग परमेश्वरको प्रशंसा हुन कसरी सम्भव छ?

# अलगपनता - नैतिक

**कण्ठ गर्नुपर्ने पदहरू: १ थेस्सलोनिकी ५:२२; याकूब १:२७; १ पत्रुस १:१४-१५**

**संसारको माने के हो? (१ यूहन्ना २:१५-१७)**

यस खण्डमा "संसार" भन्नाले परमेश्वरले सृष्टि गर्नुभएका कुराहरू (रूखबिरुवाहरू, चराचुरुङ्गीहरू, नदीनालाहरू, दयामाया आदि) भन्न खोजिएको होइन। साथै यसले मानव-निर्मित निर्दोष कुराहरूलाई पनि जनाउँदैन। मानव-निर्मित त्यस्ता धेरै कुराहरू छन् र मानव संस्कृतिमा कतिपय पक्षहरू छन् जो परमेश्वरको व्यवस्थासित बाझ्दैनन्। यस्ता सबै कुराहरूलाई अपनाउन विश्वासी जन स्वतन्त्र छ।

हामीले प्रेम गर्न नहुने "संसार" भन्नाले मानिसको पतित हृदयसित आवद्ध सबै खराब कुराहरू भन्ने बुझिन्छ (१ यूहन्ना २:१६)। यहाँ हामी देख्छौं कि यी कुराहरूलाई सारांशमा खराब अभिलाषा र घमन्डमा वर्गीकृत गर्न सकिन्छ।

माथिका दुई सिद्धान्तहरूलाई हामी जीवनका सबै क्षेत्रहरूमा लागु गर्न सक्छौं। जस्तै, उदाहरणको लागि लिऊँ: नाचलाई। लोक नृत्यका त्यस्ता रूपहरू हुन्छन् जो निर्दोष खालका हुन्छन् जसमा जीउलाई छाडा तरिकाले यता र उता फ्याँक्ने गरिँदैन र आधुनिक नाचको ढङ्ग अनुसार सुखविलासपूर्ण उद्देश्य (hedonism) का निम्ति समर्पित पनि हुँदैन। पहिलो किसिमको नाँच गलत होइन तर दोस्रो चाहिँ प्रतिबन्धित छ। सङ्गीतलाई विचार गरौं। त्यस्ता सङ्गीत हुन्छन् जो निर्दोष खालका हुन्छन् र ती विश्वास नगर्नेहरूद्वारा रचिएका भए तापनि परमेश्वरका छोराछोरीले त्यसलाई बिना आपत्ति सुन्न गर्न सक्छन्। तर अर्कोतिर त्यस्ता सङ्गीतहरू छन् जो शारीरिक अभिलाषा र सुखविलासका निम्ति समर्पित हुन्छन् जस्तै, आधुनिक पप सङ्गीत। कुनै पनि कुरा त्यो पापपूर्ण अभिलाषा र घमन्डको वर्गमा पर्छ कि पर्दैन भनेर परमेश्वरको वचनले नाप्नुपर्छ।

"संसार" भन्ने बाइबलको शब्दले त्यस सांसारिक प्रणालीलाई पनि जनाउँछ जुनचाहिँ सर्वशक्तिमान् परमेश्वर र उहाँको व्यवस्थाको विरुद्धमा पतित मानव जातिले सृजना गरेको छ ("कुनै मानिसले यस संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम उसमा हुँदैन", १ यूहन्ना २:१५)। संसार परमेश्वरको खुल्लमखुल्ला विरोधमा छ र प्रत्येक व्यक्तिले आफ्नो लागि आफै रोज्नुपर्छ: संसार कि परमेश्वर (१ यूहन्ना ५:१९)। यो सांसारिक प्रणाली कयिनको समयमा शुरु भएको थियो जब कयिन परमेश्वरको उपस्थितिबाट निस्केर गयो र संसारकै पहिलो शहर र सभ्यताको स्थापना गऱ्यो (उत्पत्ति ४:१६-२२)। त्यो मनोरञ्जन र व्यापारले भरिएको एक भव्य सभ्यता थियो, तर त्यो परमेश्वर र उहाँको व्यवस्थालाई परित्याग गरेको संसार थियो जो परमेश्वरबिनै जिउन कटिबद्ध बनेको थियो। यो सांसारिक प्रणाली निम्रोदका दिनहरूमा र बाबेलको धरहरा निर्माणाधीन हुँदा (उत्पत्ति ११) अझ विकसित भयो। परमेश्वरले मानिसलाई पृथ्वीभरि फैलिएर जान आज्ञा गर्नुभएको थियो तर उनीहरू बाबेल इलाकामा जम्मा भए र परमेश्वरका नियमहरूको विपरितमा, मानव घमन्डमा र मूर्तिपूजाको धर्ममा आधारित एउटा समाजको स्थापना गरे। आजसम्म सांसारिक प्रणालीको सार यही नै रहिरहेको छ। शैतानलाई "यस संसारको ईश्वर" भनिएको छ किनकि ऊ नै सांसारिक प्रणालीको शिर हो (२ कोरिन्थी ४:४)।

**विश्वासी जन यस संसारसित कस्तो खालको सम्बन्धमा रहनुपर्छ त?**

बाइबलीय अलगपनता भनेको संसारबाट छुट्टिएर एक्लै बस्नु (isolation) होइन भन्ने कुरालाई हामी जोड दिन चाहन्छौं। प्रेरितको पुस्तकमा बयान गरिएका शुरुका मण्डलीहरू भागेर पहाडका गुफाहरूमा बस्न र समाजबाट छुट्टिएर एक्लै बस्न गएनन्। उनीहरू गाउँबस्ती र शहरहरूमै बसोबासो गरी त्यहीँ आफ्नो जीवन बिताए र एक अन्धकारपूर्ण संसारमा सुसमाचार प्रचार र पवित्र जीवनद्वारा आफ्ना ज्योतिहरू चम्कन दिए। बाइबलीय

अलगपनता सन्यासीवाद (monasticism) होइन। विश्वासी यदि परमेश्वरको वचनअनुसार जिउँदछ भने ऊ त्यत्तिकै फरक बन्नेछ। उसले यूनिफर्मकै रूपमा अनौठो भेषभूषा धारण गर्नुपर्दैन, छुट्टै बस्ती (communalism) बसाल्नुपर्दैन, संयुक्त राज्य अमेरिकाका आमीश (Aamish) हरूले जस्तै रहनसहनमा विगतको शैलीमा फर्की जानुपर्दैन।

साथै, बाइबलीय अलगपनता भनेको स्वधर्मीपन होइन। आफू एक विश्वास नगर्ने व्यक्ति भन्दा असल छैन र आफू विशेष भएकोले उसले मुक्ति पाएको होइन भन्ने कुरा एक विश्वासीले कहिल्यै बिर्सनुहुन्न। सबै मानिसहरू पापी छन् र परमेश्वरले सारा संसारलाई प्रेम गर्नुभएको हुनाले येशू संसारमा आउनुभएको हो (यूहन्ना ३:१६)। परमेश्वरको अनुग्रहको वरदानस्वरूप उसले प्राप्त गरेको धार्मिकता बाहेक एक विश्वासीसित अरू कुनै धार्मिकता छैन। हामीले संसारलाई हेपाहा दृष्टिकोणले हेर्नुहुँदैन। प्रेरित पावल यो कुरा जान्दथे र उनले आफूलाई पापीहरूमध्येमा "मुख्य" ठान्दथे (१ तिमोथी १:१५)।

१) संसारलाई प्रेम नगर (१ यूहन्ना २:१५)। विश्वासीले आफ्नो हृदयलाई, हृदयको प्रेमलाई र जोशलाई संसारको पकडमा पर्न दिनुहुँदैन भन्ने कुरा यहाँ हामी देख्दछौं। आफैलाई जाँच्ने एउटा राम्रो तरिका हो आफूलाई यो प्रश्न गर्नु: जीवनमा त्यस्तो कुन कुरा छ जसले वास्तवमै मेरो जोश-जाँगरलाई बिउँझाउँछ? म कुन कुराको लागि जोशिलो छु? मेरो जवाफको रूपरङ्ग यदि शरीरको अभिलाषा, आँखाको अभिलाषा वा जीवनको सेखीसित मेल खान्छ भने म परमेश्वरको वचनद्वारा दोषी ठहरिनेछु।

२) संसारसित एकनासे नहोओ (रोमी १२:२)। एकनासे हुनु भनेको ढालिनु, कुनै स्वरूपको आकार-प्रकारमा बनिनु। संसार बेजोडसँग अग्रसर छ, त्यसले भयङ्कर प्रचार गर्छ, प्रलोभनले फसाउन खोज्छ। हामीले उसको मानदण्डबमोजिम, उसको फेशनबमोजिम, उसका रूपरङ्ग बमोजिम, उसको मनोरञ्जन बमोजिम, उसका सिद्धान्तबमोजिम, उसका दर्शन-विचार बमोजिम आफ्ना जीवनहरू बिताओस् भन्ने चाहन्छ। हामीले यो याद राख्नुपर्छ कि संसारले हामीलाई प्रेम गर्दैन र संसारसित बुद्धि पनि छैन। संसारका मार्गहरूमा हिँड्नु एकदम मूर्खता हो। परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र परमेश्वर बुद्धि हुनुहुन्छ अनि उहाँका मार्गहरू ठीक छन्, असल र अनन्त छन्।

३) संसारको मित्र नबन (याकूब ४:४)। फेरि पनि बाइबलले हाम्रो हृदयको प्रेमको कुरा गर्दैछ। मित्र बन्नु भनेको कसैप्रति सकारात्मक, मित्रताको भावना राख्नु हो, उसको साथमा हुन रूचाउनु हो। याकूब यहाँ जल्दाबल्दा शब्द प्रयोग गर्दछन्। संसारलाई मित्र बनाउनु आत्मिक व्यभिचार हो। परमेश्वर एक डाह गर्ने परमेश्वर हुनुहुन्छ। यस एउटै पदले इमर्जिङ्ग चर्च (emerging church) को र त्यसको "सांस्कृतिक उदारवाद" (cultural liberalism) को भूललाई नाङ्गो पार्दछ। इमर्जेन्टहरूका प्रवचन तथा लेखहरू आर-रेटेड फिलिमहरू, मद्यपान र फोहोर रक ब्याण्डहरू जस्ता संसारका खराब कुराहरूले भरपूर छन्। हिप्स्टर क्रिश्चियानिटी (*Hipster Christianity*) नामक पुस्तकबाट लिइएको एउटा उद्दरणलाई हेर्नुहोस् त: "हिप्सटरहरू ... फेशनमा आएका सङ्गीतका ज्ञाताहरू हुन्। ... उनीहरू एचबीओ, शो-टाईम, एफएक्स वा कमेडी सेन्ट्रलतर्फ आकर्षित हुने गर्छन्। ... हिप्स्टरका लागि सङ्गीत सर्वोपरि कुरा हो त्यसैले उनीहरूले कन्सर्ट धाउन रूचाउनु स्वभाविक हो। ... ख्रीष्टिय हिप्स्टरहरू प्रतिबन्धनहरू उल्लङ्घन गर्न ... अङ्गप्रत्यङ्गहरू छेड्न, कालो-कालो पहिरन लगाउन, थुप्रै ट्याट्टू हान्न, [रक्सीका] बोतलहरू बोक्न, ल्वाङको धुम्रपान गर्न रूचाउँछन्। ... मद्यपान, नाच, आर-रेडेड फिलिम, यूएफसी कुस्ती जस्ता कुलतहरू जसबाट पुराना खाले ख्रीष्टियनहरू सकभर पर बस्छन् -- तिनै कुराहरूलाई मार्क ड्रिस्कोल (Mark Driscoll) उदारतासाथ आत्मसात गर्दछन्।" संसारसितको मित्रता भनेको यदि यो होइन भने कस्तो कुरालाई हो भन्ने त?

### हाम्रो अलगपनता कत्तिको सम्झौतारहित हुनुपर्दछ?

प्राय: धेरैको विचारमा हामी संसारबाट केही आधारभूत कुरामा अलगपनता अपनाउनु त पर्दछ तर यसबारे ज्यादै कट्टर र "व्यवस्थावादी" ("legalistic") हुनुहुँदैन भन्ने छ। पवित्र शास्त्रका निम्न खण्डहरूलाई विचार गर्नुहोस्:

एफेसी ५:११; १ थेस्सलोनिकी ५:२२; याकूब १:२७; १ पत्रुस १:१४-१५

**के अलगपनताको सकारात्मक पाटा पनि छ?**

२ तिमोथी २:२२ लाई विचार गर्नुहोस्। अलगपनता केवल एक "नकारात्मक" मामिला मात्र होइन भन्ने कुरा यसले सिकाउँछ।

१) अलगपनता आत्मिक र नैतिक सुरक्षाको मामिला हो। तिमोथीलाई "जवानीका अभिलाषाहरूदेखि भाग" भनी अर्ती दिइएको थियो। यसमा कुनै ठूलो खतरादेखि भाग्ने कामको चित्राङ्कन गरिएको छ। परमेश्वरले आफ्ना जनहरूलाई सुखदायी कुराहरूदेखि बञ्चित गर्न चाहनुहुन्न। उहाँ त हरेक असल कुराका दाता हुनुहुन्छ (याकूब १:१७)। आदम र हव्वालाई सृष्टि गर्नुभएर उहाँले मान्छेको कल्पनाले सोच्न सकिने भन्दा सुन्दर बगैँचामा राख्नुभएको थियो। उहाँले सुन्दर र सुखदायी हरेक कुरा प्रदान गर्न सक्ने गरी उक्त बगैँचाको रचना गर्नुभएको थियो। परमेश्वर मानिसलाई अर्थहीन नियमहरू लादेर नचाहिँदो दुःख दिन चाहने कुनै निर्दयी व्यक्ति हुनुहुन्न। संसारका खराब कुराहरूदेखि अलग रहनुपर्छ भन्ने उहाँको आज्ञाको पछाडि हामीलाई आत्मिक र नैतिक विनाशबाट सुरक्षा दिने उद्देश्य रहेको छ। हामीलाई शैतानको निर्दयी पञ्जाबाट पर राख्नु नै उहाँको यसमा योजना रहेको छ।

२) अलगपनता सङ्गतको मामिला हो। तिमोथीले "शुद्ध हृदयले प्रभुलाई पुकार्नेहरूको साथमा" पवित्रतालाई पछयाउनुपर्थ्यो। कुनै पनि व्यक्तिको सङ्गतले निजको जीवनमा भयङ्कर ठूलो प्रभाव पार्दछ। १ कोरिन्थी १५:३३ ले चेताउनी दिन्छ, "खराब सङ्गतहरूले असल चालचलन बिगार्दछ।" गलत समूहसित तपाईं लाग्दै हुनुहुन्छ भने तपाईं भक्तिमय जीवन जिउनुहुनेछैन। कुहिएका स्याउका बीचको एउटा राम्रो स्याउ बिग्रेर छाड्छ।

३) अलगपनता हृदयको मामिला हो। पावलले "शुद्ध हृदय" को उल्लेख गर्दछन्। हृदय यदि ठीक छ भने विश्वासीले खराबबाट अलग होऊ भन्ने प्रभुको आज्ञाप्रति सकारात्मक प्रतिक्रिया देखाउँछ। म बचाइनु अघि मैले आफ्नो केशलाई विद्रोह र घमन्डको झण्डास्वरूप लामो पाल्थेँ। प्रेम वा पैसाको लागि त्यो काट्न म मानिनँ तर म बचाइएपछि एकजना वृद्ध महिलाले लामो कपाल ख्रीष्टको चेलाको नाम लिने जवान मानिसको लागि उचित छैन भनेर मलाई चुनौती दिएपछि मैले आफ्नो कपाल काटेँ। मेरो हृदय परमेश्वरसित ठीक भएकोले मैले त्यो काटेँ किनकि म आफ्नो होइन उहाँको इच्छा पालन गर्न चाहन्थे र मानिसहरूलाई ठेस खुवाउन चाहँदिनथेँ।

४) अलगपनता प्रतिस्थापनको मामिला हो। तिमोथीलाई केवल पापपूर्ण कुराहरूदेखि भाग्नलाई मात्र अर्ती दिइएको थिएन, उसलाई पवित्र कुराहरू "पछयाउन" पनि अर्ती दिइएको थियो। शारीरिक सङ्गीत, सांसारिक फेशन र सांसारिक साथीहरूलाई परित्याग गरेर मात्र पुग्दैन। परमेश्वरको सन्तानले आत्मिक साथीहरू र पवित्र सङ्गीतहरू र उन्नति गर्ने पाठ्य सामग्रीहरू र असल क्रियाकलापहरू पनि जीवनमा थप्नुपर्छ र ख्रीष्टको सेवामा व्यस्त रहनुपर्छ।

**केही अन्तिम बुँदाहरू**

१) के अलगपनता व्यवस्थावाद (legalism) हो?

होइन, तीतस २:११-१५ ले प्रस्टै सिकाएको छ, सकली ईश्वरीय अनुग्रहले मानिसलाई सम्झौता नगर्ने, पवित्र, अलगपनताको ख्रीष्टिय जीवनभित्र डोऱ्याउँदछ।

२) के अलगपनता स्वार्थपूर्ण कुरा हो?

होइन, अलगपनता बुद्धि हो (१ पत्रुस ५:८)। शरीरका अभिलाषा, आँखाका अभिलाषा र जीवनको सेखीबाट पर बस्नु शैतानबाट जोगिने उपाय हो र पापको दास हुनदेखि बच्ने उपाय हो।

३) के अलगपनता ख्रीष्टविपरित कुरा हो?

होइन, ख्रीष्ट पवित्र हुनुहुन्थ्यो र उहाँ पापबाट सधैँ अलग हुनुहुन्थ्यो (हिब्रू ७:२६)। उहाँ पापीका मित्र हुनुहुन्थ्यो तर उहाँ पापको मित्र कहिल्यै हुनुहुन्नथ्यो। इमर्जिङग चर्चले येशूलाई त झण्डै-झण्डै मोजमस्ती गर्ने पार्टीहरूमा डुल्ने व्यक्तिको रूपमा बयान गर्ने गर्छ, तर उहाँ त्यस्तो हुनुहुन्नथ्यो। उहाँले व्यक्तिगत परिस्थितिहरूमा समेत न्यायको बारेमा चेताउनी दिनुभयो र नरकको बारेमा प्रचार गर्नुभयो जोचाहिँ सांसारिक मोजमस्तीको पार्टीलाई तुरुन्त रद्द गर्ने कुरा हुन्। व्यभिचारमा पक्राउ परेकी स्त्रीलाई उहाँकहाँ ल्याइँदाखेरि उहाँले आफ्नो सुन्दर अनुग्रहले तिनलाई क्षमा गर्नुभयो तर तिनलाई "अबदेखि उसो पाप नगर" भनेर पनि सिकाउनुभयो। त्यो त ज्यादै कट्टर मानदण्ड हो र सांसारिक मोजमस्तीको पार्टीसँग मेल खाने कुरै होइन!

४) अलगपनता किन एकदम अप्रिय मानिन्छ?

इसाईजगतमा यो यति साह्रै अप्रिय मानिनुको कारण यो हो कि हामी २ तिमोथी ४:३-४ मा अगमवाणी गरिएको समयमा जिउँदैछौं जुन समयमा ख्रीष्टियन भनिनेहरूले एउटा नयाँ खाले इसाईमत सृजना गर्दैछन् जसले तिनीहरूलाई उनीहरूको आफ्नै अभिलाषाहरू अनुसार जिउन छुट दिनेछ।

## अलगपनता - नैतिक सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. यूहन्नाले हामीलाई "संसारलाई" प्रेम नगर भन्ने चेताउनी दिँदा उनले कुन दुई कुरा भन्न खोजेका होइनन्?
2. मानव-निर्मित केही निर्दोष कुराको उदाहरण दिनुहोस् जसलाई विश्वासी जनले बिनाआपत्ति प्रयोग गर्न सक्दछ।
3. समाज र संस्कृतिका मानव-निर्मित केही निर्दोष कुराको उदाहरण दिनुहोस् जसलाई विश्वासी जनले बिनाआपत्ति प्रयोग गर्न सक्दछ।
4. समाजका केही उदाहरणहरू दिनुहोस् जो खराब अभिलाषा र घमन्डको वर्गमा पर्दछन्।
5. सांसारिक प्रणालीको शुरुआत कहिले भएको थियो?
6. कयिनको शहरको सवालमा कुन कुरा गलत थियो?
7. निम्रोदको समाजको सवालमा कुन कुरा गलत थियो?
8. कुन पदमा शैतानलाई "यस संसारको ईश्वर" भनिएको छ?
9. सन्यासीवाद र छुट्टै इसाई बस्ती बसाल्ने काम गलत हुन् भनेर हामी कसरी जान्दछौं?
10. कुन पदमा पावलले आफूलाई "पापीहरूमध्ये मुख्य" भन्ने संज्ञा दिएका छन्?
11. संसारलाई प्रेम गर्नु भनेको के हो?
12. संसारसित एकनासे हुनु भनेको के हो?
13. विश्वासी संसारको मित्र हुन नहुने कारण के हो?
14. एफेसी ५:११ अनुसार विश्वासीले अन्धकारका निष्फल कामहरूसित कत्तिको सङ्गति गर्न मिल्छ?
15. अन्धकारका निष्फल कामहरूको केही उदाहरणहरू के-के हुन्?
16. १ थेस्सलोनिकी ५:२२ अनुसार विश्वासी कुन कुराबाट अलग बस्नुपर्छ?
17. याकूब १:२७ अनुसार विश्वासीले आफूलाई संसारदेखि कत्तिको अलग राख्नुपर्छ?
18. २ तिमोथी २:२२ मा अलगपनताको बारेमा उल्लेखित चारओटा सकारात्मक बयानहरू के-के हुन्?
19. परमेश्वरको अनुग्रहले हामीलाई अभक्तिलाई इन्कार गर्न सिकाउँछ भनेर बताउने पद कुन पुस्तकको कुन अध्यायमा छ?
20. अलगपनता बुद्धि हो। किन?
21. मानिसहरूले आफ्ना निम्ति आफ्नै अभिलाषाहरू बमोजिमका शिक्षकहरू थुपार्ने समय आउनेछ भन्ने चेताउनी कुनचाहिँ अगमवाणीमा उल्लेख छ?

# मनोरञ्जनको परीक्षण

**कण्ठ गर्नुपर्ने पदहरू: भजनसङ्ग्रह १०१:३; रोमी ६:१६; १ कोरिन्थी १०:२१;३१; फिलिप्पी ४:८; १ यूहन्ना ५:२१**

बाबुआमा तथा शिक्षकहरूले युवाहरूलाई मनोरञ्जनसित सरोकार राख्ने बाइबलीय सिद्धान्तहरूलाई सिकाउनुपर्छ। मानिस परमेश्वरको सृष्टिमा आनन्द गरोस् भनेर ऊ बनाइएको हो। परमेश्वरले "हाम्रा आनन्दका निम्ति हामीलाई सब थोक प्रशस्त गरी दिनुहुन्छ" (१ तिमोथी ६:१७)। तर सृष्टिको पतन हुन गयो र त्यसमा थुप्रै आत्मिक खतराहरू विद्यमान छन् (१ पत्रुस ५:८)। कतिपय क्रियाकलापहरू आफैमा बाइबल विपरित नहोलान् तर तिनमा समेत कति त फाइदा नदिने कुराहरू हुन्छन् (१ कोरिन्थी ६:१२)। त्यसैले हामीले परमेश्वरको वचनद्वारा ती कुराहरूलाई परीक्षण गर्न सिक्नुपर्छ ताकि हामी बुद्धिका साथ हिँड्न सकौं, मूर्खतामा होइन।

युवाहरूलाई केवल "यो गर्न हुन्छ, त्यो गर्न हुँदैन" मात्र भनेर गर्न हुने र नहुने कुराहरूको एउटा सूची दिएर मात्र पुग्दैन। उनीहरूलाई हामीले ध्यानपूर्वक र धैर्यपूर्वक परमेश्वरको वचन व्यावहारिक किसिमले सिकाउनुपर्छ ताकि उनीहरूले ती वचनका पाठहरू दैनिक जीवनमा प्रयोग गर्न जान्न सकून्।

ख्रीष्टिय जीवनमा र ख्रीष्टिय परिवारमा मनोरञ्जनलाई परीक्षण गर्न मिल्ने केही बाइबलीय सिद्धान्तहरू निम्न प्रकारका छन्। प्रत्येक बुँदा अन्तर्गत आफैलाई निम्न प्रश्न सोध्नुहोस्: यस परीक्षणले जाँच्दा अयोग्य ठहरिने मनोरञ्जनका केही उदाहरणहरू के-कस्ता हुन सक्छन्?

- के यसलाई तपाईं परमेश्वरको महिमाको लागि गर्न सक्नुहुन्छ? (१ कोरिन्थी १०:३१)
- के यो कुरा संसारबाटको हो? (१ यूहन्ना २:१५-१६)
- के यसमा खराब कुरा हेर्ने काम पनि हुन्छ? (भजनसङ्ग्रह १०१:३)
- के यसले सुसमाचार र ख्रीष्टको कामलाई अगाडि बढाउँछ? (१ कोरिन्थी १०:२८,३२-३३)
- के यसले अरूहरूलाई ठेस खुवाउँछ? (रोमी १४:१३-१६,२१)
- के यसले तपाईंलाई हितकर (स्वस्थकर) कुराहरूमा मन लगाउने बनाउँछ? (फिलिप्पी ४:८)
- के यो कुरा मूर्तिपूजासँग आवद्ध छ? (१ यूहन्ना ५:२१)
- के यो कुरा व्यभिचारसित सम्बन्धित छ? (१ कोरिन्थी ६:१८)
- के यो कुरा शैतानबाटको हो? (१ कोरिन्थी १०:२१)
- के यसले भक्तिहीनहरूको विचारधारालाई प्रोत्साहन दिन्छ वा त्यसको समर्थन गर्दछ? (कलस्सी २:८)
- के यो कुरासित त्यस्तो कुनै पनि कुरा सम्बन्धित छ जुनचाहिँ परमेश्वरको साँचो ज्ञानको विरुद्धमा छ (२ कोरिन्थी १०:५)
- के यो क्रियाकलाप तपाईं बिनाशङ्का विश्वासका साथ गर्न सक्नुहुन्छ? (रोमी १४:२३)
- के यो क्रियाकलाप आफ्नो समयको सदुपयोग हुने काम हो? (एफेसी ५:१५-१६)
- के यस क्रियाकलापले मलाई दास बनाउन सक्ने सम्भावना छ? (रोमी ६:१६-१८)

## मनोरञ्जनको परीक्षण सम्बन्धी पुनरावलोकन प्रश्न

यी बाइबलीय सिद्धान्तहरूले जाँच्दा अयोग्य ठहरिने मनोरञ्जनका केही उदाहरणहरू के-के हुन्?

# अलगपनता - सैद्धान्तिक

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: २ तिमोथी २:१६-१८**

अलगपनताको शिक्षा आज तिरस्कृत र घृणित शिक्षा बनेको छ किनभने यो एकताको प्रचलित अवधारणा विपरित छ।

एक ताका सदर्न ब्याप्टिष्ट (Southern Baptist) मण्डलीहरूबाट स्वतन्त्र ब्याप्टिष्ट (Independent Baptist) मण्डलीहरू जस्ता बाइबलीय मण्डलीहरूलाई छुट्टयाउने कुरा अलगपनता थियो भने आजको अवस्था छिटोछिटो बदलिँदै छ किनभने आज थुप्रै स्वतन्त्र ब्याप्टिष्ट मण्डलीहरूले अलगपनतालाई कि त सीधै इन्कार गर्दैछन् कि त त्यसलाई बेवास्ता गरी बगेर जान दिँदैछन्।

यद्यपि यो व्यापक रूपमा रद्द गरिएको र घृणा गरिएको कुरा हो, अलगपनता एक आवश्यक अभ्यास हो किनभने यो आत्मिक सुरक्षाको माध्यम हो।

मेरो आफ्नै ख्रीष्टिय जीवनमा मैले अलगपनता तीन चरणहरूमा सिकैँ: पहिलो, सबै कुरालाई परमेश्वरको वचनले जाँच्नुपर्छ र झूटा शिक्षाको बारेमा सतर्क हुनुपर्छ भन्ने कुरा मलाई एक नयाँ ख्रीष्टियन हुँदा सिकाइएको थियो। मलाई ख्रीष्टमा ल्याउने व्यक्तिले १ थेस्सलोनिकी ५:२१ जस्ता पदहरू सिकाए। उनले मलाई एउटा ख्रीष्टिय पुस्तक पसलमा लगेर ख्रीष्टिय पुस्तकहरू छान्दा धेरै होशियार हुनुपर्छ किनकि थुप्रै त्यस्ता पुस्तकहरूले मलाई गलत दिशामा लैजान सक्छन् भन्ने कुराको चेताउनी दिए। दोस्रो, मैले एक स्वतन्त्र ब्याप्टिष्ट बाइबल कलेजमा अलगपनता सिकैँ। त्यहाँ मैले रोमन क्याथोलिकवाद, उदारवादी ईश्वरशास्त्र, क्यारिज्मेटिकवाद, नव-इभान्जेलिकलवाद र ख्रीष्टिय रक जस्ता झूटा शिक्षा तथा आधुनिक लहरहरूको खतराको बारेमा केही कुरा सिकैँ। तेस्रो, व्यावहारिक तहमा म एक जवान मिसनरी हुँदा नेपाल ख्रीष्टियन फेलोशिप (Nepal Christian Fellowship) सितको मेरा अनुभवहरूमा मैले अलगपनता सिकैँ। योचाहिँ एउटा एकतावादी-क्यारिज्मेटिक सङ्गति थियो जहाँ प्रचार गर्न र विभिन्न अवसरमा सिकाउन उनीहरूबाट पाएको निमन्त्रणालाई स्वीकार गरेर मैले उनीहरूलाई मद्दत गर्न सक्छु र सायद उनीहरूलाई परिवर्तन गराउन पनि सक्छु भन्ने कुरामा म विश्वस्त थिएँ। तर त्यसको सट्टा त्यहाँ उत्पन्न हुन गएका शिक्षागत सङ्घर्ष (doctrinal conflict) ले गर्दा यसको नतीजा केवल समस्या र गडबडी थियो। मैले यो सिकैँ कि झूटा शिक्षकहरू र सम्झौतावादीहरूबाट अलग हुनु र भित्र रहेर होइन बरु बाहिरबाट उनीहरूलाई मद्दत गर्न खोज्नु नै बाइबलीय र बुद्धिमानी कुरा हो।

### २ तिमोथी २:१५-१६

**अलगपनताको जग (२ तिमोथी २:१५)**

पहिलो, बाइबलको ठोस ज्ञान हुनु अलगपनताको जग हो। बाइबल राम्ररी नजान्ने कुनै पनि ख्रीष्टियनले सत्य र असत्यलाई छुट्ट्याउन सक्दैन। यसको मतलब प्रत्येक विश्वासी परिश्रमसाथ बाइबल अध्ययन गर्ने विद्यार्थी हुनुपर्छ। दैनिक बाइबल अध्ययनको बानी बसाल्नु अति महत्त्वपूर्ण छ। साथै यसको मतलब हरेक मण्डली परमेश्वरका जनहरूलाई पवित्र शास्त्रहरूमा तालिम दिइरहने बाइबल पाठशाला हुनुपर्छ र प्रभावकारी रूपमा झूटा शिक्षाको सामना गर्न सक्षम बनाउनुपर्छ।

दोस्रो, एक जाँच गर्ने मनस्थिति हुनु अलगपनताको जग हो। परमेश्वरको वचनलाई ठीक-ठीकसँग छुट्ट्याउनु भनेको सत्य र असत्यको बीचमा निरन्तर भिन्नता राख्नु हो। हेर्नुहोस् भजनसङ्ग्रह ११९:१२८; हितोपदेश १४:१५; प्रेरित १७:११; १ थेस्सलोनिकी ५:२१।

**अलगपनताको तरिका (२ तिमोथी २:१६,१७)**

असत्य मार्ग अपनाउनेहरूलाई प्रस्टै चिनाउनुपर्छ (२ तिमोथी २:१७)

पावलले अस्पष्ट चेताउनीहरू दिएनन्। १ र २ तिमोथीमा मात्र उनले झूटा शिक्षकहरू र सम्झौतावादीका नामहरू १० पटक तोकेर उल्लेख गरे (१ तिमोथी १:२०; २ तिमोथी १:१५; २:१७; ३:८; ४:१०,१४)।

यो महत्त्वपूर्ण अभ्यास आज मण्डलीहरूमा प्रायः पाउन सकिन्न, "आधारभूतवादी" (fundamentalist) नाम लिन नछोडेकाहरूमा समेत। मानिसहरूलाई जानकार राख्न र पूर्वचेताउनी दिन मण्डलीहरूले "ओ तिमोथी" (*O Timothy*) पत्रिका र "फ्राइडे चर्च न्यूज नोट्स" (*Friday Church News Notes*) जस्ता प्रकाशनहरूमा पाइने जानकारी तथा चेताउनीहरूलाई वितरण गर्नुपर्छ। मण्डलीहरू "डिफेन्स अफ दि फेथ" (*Defense of the Faith*) जस्ता अध्ययन मालाहरूमा आधारित तालिमहरू दिनुपर्छ। आफ्ना जनहरूलाई खाँटी पठन सामग्रीहरू उपलब्ध गराउन मण्डलीहरूले आफ्नै किताब पसल सञ्चालन गर्नुपर्छ। पुरानो मार्गहरूमा स्थिर भएर उभिरहने मण्डलीहरूले प्रायः यी तीनओटै कामहरू गरिरहेका छन्।

असत्य मार्ग अपनाउनेहरूदेखि अलग हुनुपर्छ ("त्याग", २ तिमोथी २:१६; "तिनीहरूबाट टाढा बस", २ तिमोथी ३:५, "यस्ताहरूबाट पर बस")।

उनीहरूका मण्डलीहरू र सभाहरूबाट अलग बस्नुपर्छ। कुनै मण्डलीले गलत कुरा सिकाउँछ भन्ने कुरा तपाईंलाई थाह छ भने, त्यसबाट टाढा बस्नुहोस्। कुनै प्रचारकले गलत कुरा सिकाउँछ भन्ने कुरा तपाईंलाई थाह छ भने उसको सभामा नजानुहोस्। धेरैजना व्यक्तिहरू प्रमीस किपर सभा वा क्यारिज्मेटिक बाइबल अध्ययन वा ख्रीष्टिय रक कन्सर्टमा गएका छन् र यसरी परमेश्वरको अलगपनताको आज्ञालाई अवज्ञा गरेको हुनाले उनीहरू गलत मार्ग अपनाउनलाई परिवर्तित भएका छन्।

उनीहरूका पुस्तकहरू, वेबसाइटहरू, टिभी र रेडियो प्रसारणहरू, एमपीथ्री प्रवचनहरूबाट अलग बस्नुहोस्। यसो गर्न विफल हुनु नै स्वतन्त्र ब्याप्टिष्ट मण्डलीहरूभित्र क्याल्भिनवाद र नवइभान्जेलिकलवाद बेजोडसित छिर्न पाउनुको मुख्य कारण हो। केही वर्ष अगाडि मिशिगनका एकजना पास्टरले मलाई भने कि उनीहरूका सबभन्दा कमजोर र अस्थिर मण्डली सदस्यहरू सबभन्दा बढी मात्रामा ख्रीष्टिय रेडियो सुन्नेहरू हुन्। यसको कारण यो हो कि "इभान्जेलिकल" स्टेशनका कार्यक्रमहरू समेत प्रायः झूटा शिक्षकहरू र सम्झौतावादीहरूले भरिएका हुन्छन्। वे अफ लाइफ लिटरेचरको वेबसाइटमा प्रकाशित "ख्रीष्टिय पुस्तक पसलका खतराहरू" (Dangers in Christian Bookstores) र "ख्रीष्टिय रेडियोका खतराहरू" (Dangers on Christian Radio) मा थुप्रै लेखकहरू र रेडियो व्यक्तित्वहरू सूचीत गरिएका छन् जसबाट पर बस्नुपर्छ। (यसमा समावेश छन्: बिल्ली र फ्रान्क्लीन ग्राहाम, रिक वारेन, चक कोल्सन, चक स्वीन्डोल, जीम सिम्बला, फिलिप यान्सी, जोन म्याक्स्वेल, म्याक्स लुकाडो, एलेजाबेथ एलिअट, जेरी ब्रीजेज, ज्याक हेफोर्ड, बील हाइबेल्स, जेम्स डब्सन, रबर्ट शूलर, केन ब्लान्चार्ड, रिचार्ड फस्टर, डालस वीलार्ड, रबर्ट वेबर, जोन माइकल ट्यालबट, सीएस लुइस, नर्मन भिन्सेन्ट पील, ब्रुस विल्किन्सन्, रब बेल, ब्रेनन म्यानिङग, टोनी कम्पोलो, डोनाल्ड मिलर, अरवीन म्याकम्यानस र ब्रायन म्याकलारेन।)

उनीहरूका बाइबल स्कूलहरूबाट अलग बस्नुपर्छ। न्यू इभान्जेलिकलवाद र मडर्न टेक्स्चूवल क्रिटिसिज्म जस्ता कुराहरू आधारभूत बाइबलीय मण्डलीहरूमा डालस थिअलजिकल सेमिनरी जस्ता न्यू इभान्जेलिकल अध्यापन केन्द्रहरूबाट पनि छिरिरहेका छन्।

**अलगपनताको कारण (२ तिमोथी २:१६ख, १७)**

यो बुझ्नुपर्ने ज्यादै महत्त्वपूर्ण बुँदा हो।

क) <u>असत्यद्वारा भ्रष्ट नबन्नका लागि हामीले अलगपनताको अभ्यास गर्नुपर्छ</u> ("सड्ने घाउले झैं खाँदै लैजानेछ")। सडेको स्याउहरूको बीचमा राख्दा राम्रो स्याउले तिनीहरूलाई स्वस्थ्यलाभ हुँदैन! दाँज्नुहोस् १ कोरिन्थी १५:३३।

नव-इभान्जेलिकलवादको उदाहरणलाई विचार गर्नुहोस्। सन् १९५० को दशक ताका बिल्ली ग्राहाम जस्ता इभान्जेलिकल अगुवाहरूले अलगपनतालाई परित्याग गरे। नव-इभान्जेलिकलवादका शुरुका एक अगुवा हारोल्ड लिन्डसेल (Harold Lindsell) ले पछिबाट स्वीकार गरे, **"लगभग एक दशक भित्रमा नव-इभान्जेलिकलवाद बाइबल त्रुटीरहित छ वा अमोघ छ भन्ने मान्यताको सवालमा बढ्दो शङ्का-उपशङ्काद्वारा आफू भित्रबाटै ग्रस्त हुन थालिसकेको थियो"** (Lindsell, *Bible in the Balance*, 1979)।

ज्याक भ्यान इम्पी (Jack van Impe) को उदाहरणलाई विचार गर्नुहोस्। सन् १९७० को दशकमा तिनी एक आधारभूतवादी थिए तर १९८० को दशकमा तिनले आफ्नो अडान बदले। सन् १९८४ मा उनले *Heart Disease in Christ's Body* भन्ने पुस्तक निकाले जसमा उनले अलगपनतावादको विरुद्धमा लेखे र एकतावादी अवधारणालाई अघि सारे। उनले भने, "परमेश्वर क्याथोलिकहरू, लूथरनहरू, ब्याप्टिष्टहरू र पेन्टेकोस्टलहरूका हृदयभित्र आउनुहुन्छ, र यसरी परमेश्वर हामीभित्र हुनुभएकोले हामी एकअर्कासित सङ्गति गर्न सक्छौं।" सन् १९९० को दशक आइपुग्दा सम्म भ्यान इम्पीले पोपको प्रशंसा गर्न थालिसकेका थिए। उनले *Startling Revelations: Pope John Paul II* नाकम भिडियो प्रकाशित गरे जसमा उनले पोपलाई ख्रीष्टिय विश्वासको वीरको रूपमा उचाले! यति छोटो समयमा नै उनी यहाँसम्म आत्मिक अन्धा हुन पुगे।

जेम्स रबिन्सन (James Robinson) को उदाहरणलाई विचार गर्नुहोस्। उनी १९७० को दशकमा एक साहसी सदर्न ब्याप्टिष्ट प्रचारक थिए जसले उदारवाद (liberalism) र सांसारिकपन (worldliness) को विरुद्धमा प्रचार गर्दथे। तर १९८० मा उनी एक क्यारिज्मेटिक बने र आफू "नकारात्मकवाद" बाट उन्मुक्त भएको दावी गरे! सन् १९८७ मा न्यू ओर्लियन्समा एक विशाल एक्यूमेनिकल क्यारिज्मेटिक सम्मेलनमा सम्बोधन गर्ने क्रममा उनले पोपकै प्रशंसा गर्दैथिए! म एक पत्रकारको हैसियतले त्यहीं उपस्थित थिएँ र उनले यसो भनेको मैले सुनें, "म के भन्न चाहन्छु भने, अहिले यस पृथ्वीमा नैतिकताको सबैभन्दा उत्कृष्ट प्रतिनिधिहरूमध्येमा एकजना पोप हुनुहुन्छ। यो जान्ने व्यक्तिहरूले उनी एक नयाँ जन्म पाएका व्यक्ति हुन् भन्ने साँच्ची नै विश्वास गर्दछन्।"

ख) <u>अरूहरूलाई ठेस नखुवाउन हामीले अलगपनताको अभ्यास गर्नुपर्छ</u> (१ कोरिन्थी ८:९-१३)।

आफूलाई जहाँ-जहाँबाट निमन्त्रणा आउँछ त्यहाँ-त्यहाँ गएर प्रचार गर्ने बिल्ली ग्राहामको अवधारणा हो, तर उनले रोमन क्याथोलिक र उदारवादी प्रोटेस्टेन्ट मण्डलीहरूमा गई प्रचार गरेर गलत उदाहरण देखाएका छन्। पोल्याण्डमा उनले क्याथोलिक मण्डलीहरूमा प्रचार गरे, अझ ब्लाक मडोन्ना नाम गरेको मरियमको मुख्य थानको बाहिर उभिएर आगन्तुकहरूलाई अभिवादन गरे। यस घटनाको तस्वीर छापिएको "डीसीजन" (Decision) पत्रिकाको एक प्रति मसितै छ। क्याथोलिक मण्डलीहरूमा प्रचार गर्ने ग्राहामको अभ्यासले उनले रोमन क्याथोलिक मण्डलीलाई आफूले स्वीकार गर्दछु भन्ने र त्यसमा लागिरहनु राम्रै कुरा हो भन्ने सन्देश दिएका छन्। यो कति भयङ्कर गलत सन्देश हो! बिल्ली ग्राहाम, फ्रान्क्लिन ग्राहाम, लुइस पलाउ लगायत अनगिन्ती अन्य एक्यूमेनिकल प्रचारकहरूले बाइबलको आज्ञा पालन नगरीकन झूटा शिक्षकहरूदेखि अलग बस्न अस्वीकार गरेकाले कति करोडौं व्यक्तिहरू झूटा मण्डलीहरूमै रहनलाई प्रोत्साहन पाए भन्ने कुरा प्रभु मात्र जान्नुहुन्छ।

ग) परमेश्वरको आज्ञा पालन गर्नलाई हामीले अलगपनताको अभ्यास गर्नुपर्छ!

अलगपनताको अभ्यास नगर्नलाई ख्रीष्टियनहरूले थुप्रै बहानाहरू बनाउँछन् तर ठीक गर्छु भन्ने उद्देश्यले बेठीक गर्नु कहिल्यै ठीक होइन! मण्डलीहरूमा र गाउँहरूमा प्रचार गर्नलाई मेरी श्रीमतीले निमन्त्रणा पाएकी छिन्, तर उनले जहिले पनि इन्कार गरेकी छिन् किनकि परमेश्वरले उनलाई त्यसो गर्न मनाही गर्नुभएको छ (१ तिमोथी २:१२)। उनेल सजिलै भन्न सक्थिन्, "तर यतिखेर प्रचार गर्ने पुरुषहरू छैनन् र कोही न कोहीले प्रचार त गर्नैपर्छ।" तर ठीक गर्छु भन्ने उद्देश्यले बेठीक गर्नु कहिल्यै ठीक होइन!

## अलगपनता - सैद्धान्तिक भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. अलगपनताको जग के हो?
2. विश्वासीलाई जाँच गर्ने मनस्थिति धारण गर्न सिकाउने चारओटा पदहरू कुन-कुन हुन्?
3. अलगपनताको तरिकामा कुन दुई कुराहरू पर्दछन्?
4. तिमोथीलाई आफ्ना पत्रहरूमा पावलले कति पटक झूटा शिक्षकहरूको नाम तोकेर लेखे?
5. अलगपनताको तरिकालाई बाइबलले कुन तीन तरिकामा बयान गरेको छ?
6. कुनै पनि झूटा शिक्षा सिकाइने मण्डली वा बाइबल अध्ययन वा सम्मेलनमा भाग लिन एक विश्वासी जनले किन इन्कार गर्नुपर्छ?
7. कुनचाहिँ रेडियो कार्यक्रम सुन्ने वा कुन पुस्तक पढ्ने बारेमा विश्वासीहरू किन होशियार हुनुपर्छ?
8. हामीले अलगपनताको अभ्यास गर्नुपर्ने तीनओटा कारणहरू के-के हुन्?
9. ज्याक भ्यान इम्पीले १९८४ मा कुन कुराको विरोध गरे?
10. झूटा मण्डलीहरूमा प्रचार गर्दा एक्यूमेनिकल प्रचारकहरूले कुन सन्देश दिइरहेका हुन्छन्?

# अलगपनता - सैद्धान्तिक

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: रोमी १६:१७; १ कोरिन्थी १५:३३; २ तिमोथी ३:५**

यसभन्दा अघिल्लो पाठमा हामीले अलगपनताको जग, अलगपनताको तरिका र अलगपनताको कारणलाई अध्ययन गर्‍यौं। यस पाठमा हामी अलगपनताको आधार, अलगपनताको कदम, अलगपनताको मनोभाव र अलगपनताको फलदायितालाई अध्ययन गर्नेछौं।

**अलगपनताको आधार (२ तिमोथी २:१८)**

प्रथमतः अलगपनताको रेखा ठ्याक्कै कहाँ कोर्नुपर्छ वा कुनै मण्डली वा फेलोसिपले बाटो बिराउन थाल्दा त्यसलाई ठ्याक्कै कुन बेला छोड्नुपर्छ आदि भन्ने सम्बन्धमा मैले प्रत्येक प्रश्नको जवाफ दिन सक्दिनँ। पवित्र शास्त्रमा केही स्पष्ट मार्गदर्शन र सिद्धान्तहरू दिइएका छन् र बाँकी कुराका लागि प्रत्येक विश्वासी र प्रत्येक प्रचारकले पवित्र आत्माको अगुवाइलाई पछयाउनुपर्छ (२ तिमोथी २:७; १ यूहन्ना २:२०,२७)।

दोस्रो कुरा, अलगपनताको बाइबलीय आधार धेरैजसोले विश्वास गर्ने गरेको र सिकाउने गरेको भन्दा धेरै नै साँघुरो छ।

प्रचलित इभान्जेलिकल अवधारणाको सारांशलाई व्यक्त गर्ने भनाइ यस प्रकार छ: "सारभूत कुराहरूमा एकता; गैर-सारभूत कुराहरूमा स्वतन्त्रता; सबै कुराहरूमा दया" ("In essentials unity; in non-essentials liberty; in all things charity")। प्रमीस किपरहरू (Promise Keepers) को यही अवधारणा छ। उनीहरूको कार्यक्रमहरूका वक्ताहरूले थुप्रै "विभाजनमूलक" विषयवस्तुहरूलाई छुनै हुँदैन, जस्तै "अनन्त सुरक्षा, आत्माका वरदानहरू, बप्तिस्मा, पूर्व-सङ्कष्टकालीय अगमवाणी वा सङ्कष्ट-पश्चातीय अगमवाणी, चर्चका संस्कार वा विधिहरू" (Promise Keepers Ambassador Booklet)।

चर्चित इभान्जेलिकल अगुवा चक स्वीन्डोल (Chuck Swindoll) को यही अवधारणा छ। उनले लेखे, "एक ताका मेरो जीवनमा मेरो यस्तो कट्टर अडान थियो कि म एक-एक बिन्दु र मात्राको लागि सङ्घर्ष गर्न तत्पर थिएँ। कतिओटा कुराहरूको लागि म मर्न तयार थिएँ भन्ने कुराको सूचीकरण गरी साध्य थिएन। म जति छिप्पिँदै गएको छु त्यति नै त्यो सूची छोटिँदै गएको छ" (*Grace Awakening,* p. 189)।

अलगपनताको मुद्दालाई अलमल्याउनलाई चक स्वीन्डोलले लोभ्याउने-र-बदल्ने (bait and switch) काइदा अपनाएको कुरालाई ख्याल गर्नुहोस्। शुरुमा चाहिँ उनले "एक-एक बिन्दु र मात्राको लागि सङ्घर्ष" गर्ने बारेमा कुरा गर्छन् तर त्यसपछि उनले विषयलाई आफू "मर्न तयार" भएका कुरामा बदल्छन्। १ कोरिन्थी ११ अध्यायमा भएको पुरुष र स्त्रीका केशको लम्बाइको सत्यताबारेमा र यस वर्तमान संसारमा पुरुष-स्त्रीको अधिकारको तुलनात्मक स्थानको निम्ति म ज्यान दिने त होइन, तर यो कुरा परमेश्वरको अचूक वचनको अंश भएको हुनाले म त्यसलाई प्रचार गर्न र त्यसलाई आक्रमण गरिएको खण्डमा त्यसको निम्ति सङ्घर्ष गर्न समेत आफू बाध्य भएको ठान्दछु।

धेरै स्वतन्त्र ब्याप्टिष्टहरू यस अवधारणालाई अपनाउँदैछन्। *Thinking Outside the Box* नामक पुस्तकमा चर्चित स्वतन्त्र ब्याप्टिष्ट पास्टर चार्ल्स कीन (Charles Keen) ले लेखे, "म बिस्तारै सिक्ने खालको हुँ तर मैले अन्तमा यो महसुस गरेँ कि सबै सत्यताहरू उत्तिकै महत्त्वका हुँदैनन्...क्रूसका शत्रु को हुन् निर्णय गरौं र तीदेखि अलग होऔं। अनि अनुग्रहका मित्र को हुन् निर्णय गरौं र तिनीहरूप्रति सहिष्णुता अपनाऔं" (p. 81)।

यस प्रचलित अवधारणालाई निम्न पवित्र शास्त्रका अधिकारमा रद्द गर्दछौं:

आज “गैर-सारभूत” वर्गमा पर्ने शिक्षाहरू पवित्र शास्त्रमा उल्लेखित अलगपनताका उदाहरणहरूमा पर्दछन्। २ तिमोथी २:१८ लाई विचार गर्नुहोस्। हुमेनियस र फिलेटसले सिकाएको झूटा शिक्षा “बौरिउठाइ भइसक्यो” भन्ने कुरा थियो । तिनीहरूले बौरिउठाइलाई इन्कार गरेनन् तर त्यसलाई लाक्षणिक अर्थ लगाए (spiritualized it)। यो भनेको आज लाक्षणिक व्याख्या विधिलाई अगमवाणी र रिप्लेस्मेन्ट थिअलजी (replacement theology) मा लागु गर्नु जस्तै हो जसमा मण्डली इस्राएलका प्रतिज्ञा र करारहरूको अधिकारी बनेको छ भनेर दावी गरिन्छ। अगमवाणीको व्याख्या स्वन्त्रताको विषयवस्तु हो र त्यसकै कारण हामी अलग्गिनु हुन्न भन्ने कुरा व्यापक रूपमा ठानिन्छ तर पावलले प्रस्तुत गरेको अलगपनताको अवधारणा बेग्लै छ।

हामीले विश्वासीहरूलाई **सबै** कुराहरू सिकाउनुपर्छ भनेर ख्रीष्टले हामीलाई आज्ञा गर्नुभयो (मत्ती २८:२०)। यसको मतलब मण्डलीहरूले नयाँ नियममा भएका सबै कुरालाई आदर गर्नुपर्छ केवल “सारभूत” वा “आधारभूत” कुरालाई मात्र होइन।

पावलले परमेश्वरका सारा मनसाय प्रचार गरे (प्रेरित २०:२६-२७)। पावलले एफेससका एल्डरहरूलाई दिएको आफ्नो अन्तिम सन्देशमा यो कुरा बताएका थिए। उनले तिनीहरूलाई एउटा नमुना प्रस्तुत गर्दैथिए जसलाई उनीहरूले पछयाउनुपर्थ्यो।

साँचो ख्रीष्टिय एकताको निम्ति वैचारिक एकता आवश्यक छ (१ कोरिन्थी १:१०)। यसअनुसार एकताको आधार ज्यादै साँघुरो हुन्छ भन्ने बुझिन्छ। साँचो ख्रीष्टिय एकता “अनेकतामा एकता” होइन। यो खण्डले शिक्षागत एकता (doctrinal unity) अनिवार्य ठानिएको एउटा स्थानीय मण्डलीमा अनुभव गर्न सकिने एकताको बयान गर्दछ। कुनै पनि एक्यूमेनिकल (एकतावादी) कार्यक्रममा भाग लिंदाहुँदी यो आज्ञा पालन गर्नु असम्भव हुन्छ, त्यो चाहे फ्रान्क्लीन ग्राहाम वा लुइस पलाउ जस्ताको एक्यूमेनिकल प्रचार कार्य (ecumenical evangelism) होस् या प्रमीस कीपर सम्मेलन जस्ता इभान्जेलिकल एकता (evangelical ecumenism) होस् वा वर्ल्ड काउन्सील अफ चर्चेज (World Council of Churches) जस्ताको उदारवादी एकता (liberal ecumenism) होस् वा इन्डिपेन्डेन्ट ब्याप्टिष्ट फ्रेन्ड्स इन्टरनेशनल जस्ता आधारभूतवादी एकता (fundamentalist ecumenism) होस्।

तिमोथीलाई प्रेरितहरूको शिक्षा “निष्कलङ्क” (दागरहित) राख्नुपर्छ भन्ने आज्ञा दिइएको थियो (१ तिमोथी ६:१३-१४)। कलङ्क (spot) भनेको त सानो दाग मात्र हो! यस पत्रमा पावलले सिकाएका शिक्षालाई आज “दोस्रो महत्त्व” को वर्गमा राख्ने गरिन्छ। यस पत्रमा सिकाइएका विषय अन्तर्गत मण्डली शासन र मण्डलीमा स्त्रीहरूको भूमिका पर्दछन्।

एकताको खातिर पवित्र शास्त्रको कुनै-कुनै भागलाई “दोस्रो महत्त्वको” (secondary) ठान्न मिल्छ भन्ने कुराको बाइबलमा कतै पनि सङ्केत छैन। यस प्रचलित सिद्धान्तको कुनै पनि बाइबलीय आधार छैन; “काम-बन्छ-भने-ठीक-छ” भन्ने अवधारणा (pragmatism) हो यो।

यसर्थ हामीले प्रचलित विश्वासअनुसार भन्दा धेरै साँघुरो हिसाबमा अलगपनताको रेखा कोर्नुपर्छ भन्ने कुरामा म निश्चित छु। जस्तै, केही वर्ष अघि एउटा आधारभूतवादी प्रेस्बिटेरियन कलेजमा प्रचार गर्न मलाई निमन्त्रणा गरिएको थियो। ग्रीक रिसिभ्ड टेक्स्टको प्रतिरक्षा र किङग जेम्स बाइबल र आधारभूतवादी अडान जस्ता धेरै कुरामा म ती भाइहरूसित सहमत छु तरैपनि मैले निमन्त्रणालाई अस्वीकार गर्नुपऱ्यो किनभने हाम्रो असहमतिका दुईटा कुरा -- शिशु बप्तिस्मा र सभरन ग्रेस क्याल्भिनवादी थिअलजी -- महत्त्वपूर्ण छन्।

सन् १९७० को दशकमा एक म नयाँ ख्रीष्टयन हुँदाखेरि डेविड नेटलटन (David Nettleton) को “सीमित सन्देश कि सीमित सङ्गति” (Limited Message or a Limited Fellowship) शीर्षक गरेको पुस्तिकाले मलाई ठूलो सहायता मिलेको थियो। त्यो जेनरल असोसिएशन अफ रेगुलर ब्याप्टिष्ट्स् (General Association of Regular Baptists)

द्वारा त्यसबेला छापिएको थियो जुन बेला उक्त सङ्गतिले अलगपनता सम्बन्धी असल अडान लिने गर्दथ्यो र नव-इभान्जेलिकलवादमा ढालिएको थिएन। उनी जवान प्रचारक छँदा डेविड नेटलटनलाई अन्तर-सामुदायी युवा सम्मेलनमा प्रचार गर्न बोलाइएको थियो। जब त्यहाँ तीनओटा विषयमा प्रचार गर्न मिल्दैन नत्र भने त्यसले अन्तर-सामुदायी परिपेक्ष्यमा विभाजन ल्याउनेछ भन्ने कुराको उनलाई अवगत गराइयो, तब आफूले अब एउटा निर्णय गर्नुपर्ने कुराको उनलाई महसुस भयो। कि त आफूले आफ्नो सन्देशलाई सीमित पार्नुपर्‍यो कि त सङ्गतिलाई सीमित पार्नुपर्‍यो। यदि पावलले जस्तै परमेश्वरका सारा मनसाय प्रचार गर्न रोजेको खण्डमा (प्रेरित २०:२६-२७) अन्तिम दिनहरूका सत्यत्याग र सम्झौताको वर्तमान घडीमा सङ्गति र सेवकाइ गर्ने आफ्ना अवसरहरू एकदमै सीमित हुने कुरा छर्लङ्ग देखियो।

जहाँसम्म अलगपनताको रेखा कहाँ कोर्ने भन्ने सवालमा, चौडा पक्षतिर कोरेर गल्ती गर्नुभन्दा साँघुरो पक्षतिर कोरेर गल्ती गर्नु नै उत्तम छ। अलगपनताको सम्बन्धमा खुकुलो हुनु भनेको सम्झौताको चिप्लो भीरमा बस्नु हो जहाँबाट धेरै विश्वासीहरूको आत्मिक पतन भएको छ।

साथै हामीले भावी पुस्ताको बारेमा पनि सोच्नुपर्छ। यदि एक वरिष्ठ प्रचारक अलगपनतामा खुकुलो भए भने त्यस कुराले उसकै जीवनकालमा उसको सेवकाइलाई नाटकीय ढङ्गले नै असर त नगर्ला, तर अर्को पुस्ताको हालत कस्तो होला? तिनका छोराछोरी र नातीनातिनीहरू कुन स्थानमा रहेनछन् र तिनीहरू कुन दिशातिर लाग्नेछन् होला? बुबाआमाले जे अलिअलि गर्छन् छोराछोरीले त्यही काम अत्यधिक मात्रामा गर्छन् भन्ने कुरा धेरैले अवलोकन गरेको कुरा हो।

### अलगपनताको कदम (२ तिमोथी २:२०,२१)

अलगपनताको कदम चाल्नुपर्ने चाहिँ विश्वासीले हो। जस्तै, यदि कुनै मण्डली वा सङ्गति वा संस्था गलत मार्गमा समर्पित भएको मैले पत्ता लगाएँ भने मलाई निष्कासन गरिनु अगाडि नै म आफै अलग हुन मैले कदम चाल्नुपर्छ।

### अलगपनताको मनोभाव (२ तिमोथी २:२४)

विश्वासको निम्ति सङ्घर्ष गर्ने क्रममा मैले सधैं ठीक आत्मा कायम राख्नुपर्छ। "अर्काबाट शैतान निकाल्न खोज्दा आफैभित्र शैतानलाई ठाउँ दिनु भएन!" घमन्ड वा घृणाले भरिनु सधैं गलत हो। वर्षौं अघि सुसमाचार प्रचारक मेल रटर (Mel Rutter) ले मलाई यो असल सुझाव दिएका थिए, "छोरा, आफ्नो अडानमा चट्टानजस्तै हुनु र आफ्नो मनोभावमा चट्टानबाटको महजस्तै।"

### अलगपनताको फलदायिता (२ तिमोथी २:२५-२६)

सहायताको खाँचो परेकाहरूलाई हामीले सहायता गर्न खोज्नुपर्छ तर त्यो काम हामी अलगपन्थी स्थानबाट गर्नुपर्छ। मैले धेरैजना मानिसहरूलाई रोमन क्याथोलिक, नव-इभान्जेलिकल, क्यारिज्मेटिक, सेभेन्थ-डे-एडभेन्टिस्ट लगायत अन्य किसिमका झूटा र सम्झौतावादी मण्डलीहरूबाट निस्केर आएको देखेको छु, तर मैले यस्ता मण्डलीहरूसित आवद्ध भएर र तिनीहरूमा प्रचार गरेर त्यसो हुन गएको होइन। मैले सो काम लेखहरू छापेर, व्यक्तिगत कुराकानी गरेर र खाँटी मण्डलीहरूमा र अन्य अवसरहरूमा प्रचार गरेर र बाहिरकाहरूलाई निमन्त्रणा गरेर गर्दै आएको छु।

### निष्कर्ष

१) अलगपनता आत्मिक सुरक्षाको मामिला हो। अलगपनतालाई रद्द गर्नु चिप्लो भिर हो (१ कोरिन्थी १५:३३)। सन् १९७० को दशकमा म पढेको बाइबल कलेज टेनेसी टेम्पल (Tennessee Temple) अलगपनतामा कमजोर थियो र ८० र ९० का दशकहरूमा बिस्तारै झन्-झन् कमजोर बन्दै गयो। एक्काइसौं शताब्दिमा आएर तिनीहरूले ख्रीष्टिय रक कन्सर्टहरू प्रदर्शनी गर्न थाल्नु र सदर्न ब्याप्टिष्ट कन्भेनसनमा गाभिनु कुनै अचम्मको कुरा होइन।

२) अलगपनतालाई रद्द गर्ने काम मन्द र चुपचाप तवरले शुरु हुन्छ। यसलाई औंल्याएर तोक्न वा चिन्न त्यति सजिलो छैन। अनि जो-जो अलगपनतालाई रद्द गर्ने प्रक्रियाको प्रारम्भिक चरणमा छन्, कसैले तिनीहरूलाई त्यो हुन लागिरहेको छ भनेर चुनौती दिँदा तिनीहरू ठेस खाने गर्छन्। अलगपनतालाई रद्द गर्ने काम सकारात्मकतालाई बढ्दो रूपमा जोड दिने, गलतप्रति पहिला भन्दा बढी लचिलो हुन थाल्ने केवल एउटा मनोभावको परिवर्तनबाट शुरु हुन्छ। अलगपनतालाई रद्द गर्ने कामको पहिलो कदम कुनै प्रचारक वा मण्डली वा बाइबल कलेजले के गर्छ वा भन्छ भन्ने कुराबाट भन्दा त्यसले के गर्दैन वा भन्दैन भन्ने कुराबाट चिन्न सकिन्छ।

निम्न प्रश्नहरूद्वारा कुनै संस्थाले अलगपनतालाई परित्याग गर्दैछ कि छैन भनेर चिन्नलाई मद्दत मिल्न सक्छ: के त्यसले अलगपनताको विषयमा कहिल्यै सम्मेलन बोलाएको छ? के त्यसले अलगपनतामा प्रबल रहेका प्रचारकहरूलाई सम्झौताको विरुद्धमा प्रस्टै तुरही फुक्नलाई निम्त्याउने गर्छ? के त्यसले आफू अलगपनतावादीहरूको मित्रको रूपमा आफूलाई सार्वजनिक र स्पष्ट रूपमा चिनाउने गर्छ? के त्यसले आफ्ना सदस्यहरूलाई अलगपनता सम्बन्धी पाठ्य सामग्रीहरू पढ्न सिफारिश गर्दछ? कि अलगपनता एक ताका प्रचार गरिने कुरो थियो, चर्चा गरिन्थ्यो र अभ्यास गरिन्थ्यो तर अब प्रायः अजेन्डामा समावेश नगरिने कुरा भएको छ? के उक्त संस्था आधुनिक ख्रीष्टिय सङ्गीत (Contemporary Christian Music) प्रयोग गर्नेहरूसित साँठगाँठ गर्दैछन् वा सम्भवतः आफै पनि यस्तो सङ्गीत अपनाउने दिशामा लम्कँदैछ? यदि त्यसो हो भने, यो ज्यादै ठूलो आवाज दिने सूचक हो किनकि आधुनिक ख्रीष्टिय सङ्गीत केवल सङ्गीत मात्र होइन; यो इसाईमतको एक अवधारणा हो जुनचाहिँ अलगपनताको विरुद्धमा छ अनि आधुनिक ख्रीष्टिय सङ्गीत र अलगपनताको अडान धेरै बेरसम्म मिलेर बस्न सक्दैन र बस्दैन पनि।

३) यदि असत्यलाई चाँडै रोक लगाइएन भने त्यसलाई कदापि रोक्न सकिन्न। यही कारणले गर्दा म अलगपनतामा नरम हुन थालेका स्वतन्त्र ब्याप्टिष्टहरूलाई चेताउनी दिने गर्दछु।

४) हामीले आफैलाई, हाम्रा मण्डलीहरूलाई र हाम्रा परिवारहरूलाई सधैं सिकाइरहनुपर्छ। नयाँ नियमका पत्रहरूले बारम्बार असत्यको सामना गरिरहेको देखिन्छ अनि यो नै हाम्रो सेवकाइको नमुना हो। तर धेरै बाइबल विश्वास गर्ने मण्डलीहरूले, यदि दिहाले तापनि, विरलै झूटा शिक्षा र सम्झौताको बारेमा स्पष्ट चेताउनी दिने गर्दछन् र यस्ता कुराहरूको चेताउनी दिने सेवकाइहरूप्रति उनीहरू कृतज्ञ हुँदैनन् वा तिनीहरूको प्रयोग गर्ने गर्दैनन्।

५) अल्पसङ्ख्यकमा परिएला कि भनेर हामी डराउनुहुन्न। सत्य सधैं अल्पसङ्ख्यकमा हुने गरेको छ। प्रभु येशूले चेताउनी दिनुभयो, "जब मानिसका पुत्र आउँछन्, तब के उनले पृथ्वीमा विश्वास पाउनेछन् र?" (लूका १८:८) उहाँले मण्डली युगलाई "त्यो पूरै खमीरी नहोउन्जेल" भित्रपट्टि खमीर लुकाइराखेको पीठोसित तुलना गर्नुभयो (मत्ती १३:३३)। यसले सत्यत्यागको विस्तारलाई जनाउँदछ। मण्डली युगको अन्ततिर साँचो मण्डलीहरू थोरै हुनेछन् र झूटा मण्डलीहरू धेरै हुनेछन्।

६) अलगपनता महत्त्वपूर्ण कुरा हो तर अलगपनता अलगपनताकै निम्ति भने होइन। मैले मृतअवस्थामा रहेका कुनैकुनै अलगपन्थी मण्डलीहरूमा प्रचार गरेको छु। ख्रीष्टिय जीवनको मूल विषय अलगपनता होइन तर जीवित ख्रीष्टसँगको एउटा जिउँदो सम्बन्ध हो। अनि महान् आज्ञा अलगपनता होइन; अलगपनता केवल त्यो सुरक्षाको पर्खाल हो जसले हामीलाई महान् आज्ञा प्रभावकारी ढङ्गले पूरा गर्न सम्भव गराउँछ। धेरै अलगपन्थी मण्डलीहरूमा आत्मिक जागृतिको नितान्त खाँचो छ।

## अलगपनता भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. विश्वासीले उसलाई सिकाउने परमेश्वरबाटको अभिषेक पाएको छ भनेर कुन पदले बताउँछ?
2. "सारभूत कुरामा एकता; गैर-सारभूत कुरामा स्वतन्त्रता; सबै कुरामा दया" भन्ने प्रचलित अवधारणालाई हामी रद्द गर्दछौं। छओटा कारणहरू दिनुहोस्।
3. हुमेनियस र फिलेटसले सिकाएको झूटो कुरा के थियो?

4. मत्ती २८:२० मा हामीलाई कतिओटा कुराहरूको पालना गर्नुपर्छ भनेर भन्नुभयो?
5. कुन पुस्तकको कुन अध्यायमा आफूले परमेश्वरको सारा मनसायलाई प्रचार गरेको कुरा पावलले बताए?
6. कुन खण्डमा पावलले तिमोथीलाई सत्यतालाई निष्कलङ्क राख्न आज्ञा दिए?
7. कुनै पनि प्रचारकले किन सीमित सन्देश र सीमित सङ्गतिको बीचमा रोज्नुपर्ने हुन्छ?
8. के बाइबलले प्रचारकलाई आफ्नो सन्देशलाई सीमित गर्न स्वतन्त्रता दिन्छ?
9. अलगपनताको कदम चाल्नुपर्ने कसले हो?
10. अलगपनता अभ्यास गर्दा हाम्रो मनोभाव कस्तो हुनुपर्छ?
11. के हामीले अलगपनता अपनाएर पनि अरू मानिसहरूलाई सहायता गर्न र फलदायी हुन सक्छौं?
12. खराब सङ्गतहरूले असल चरित्रहरू बिगार्छ भनेर कुन पदले सिकाउँछ?
13. अलगपनतालाई रद्द गर्ने काम कसरी शुरु हुन्छ?
14. असत्यलाई ____________ रोक लगाइएन भने त्यसलाई ______________ रोक्न सकिन्न।
15. के अन्तिम दिनहरूमा सत्यता बहुसङ्ख्यकले मान्नेछन्?

# ख्रीष्टिय जीवनका दुःखकष्टहरू

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: अय्यूब ५:७; रोमी ८:१८-१९; हिब्रू १२:७-८; याकूब १:२-८**

दुःख आइपरेको देखेर विश्वासी जिल्ल पर्नु हुँदैन किनकि यो त ख्रीष्टिय जीवनमा एउटा आवश्यक कुरा हो भनेर बाइबलले खुलस्त बताएको छ। हामीलाई किन दुःख हुन्छ भन्ने समेत बाइबलले बताएको छ।

दुःखहरू अनेकौं रूपमा आउने गर्छन्: रोग-बिमार लाग्नु र शारीरिक पीडा हुनु, मानसिक निराशा र अँध्यारोपनले छोपिनु, चीजबीच टुटफुट हुनु, खिइएर जानु, अभाव पर्नु, नोक्सानी भोग्नु, आशा टुट्नु, मनोरथ विफल हुनु, बदनाम गरिनु र अन्य दुर्व्यवहारको शिकार बन्नु।

विश्वासीको जीवन परमेश्वरको नियन्त्रणमा हुन्छ जसरी आफ्नो चक्रका सामु कुमाले बस्दछन् अथवा जसरी एउटा किसानले आफ्नो दाखको बोटलाई छिमल्दछन् अथवा जसरी एउटा जुहारीले बहुमूल्य धातुलाई खार्दछन् (रोमी ८:२८)। उहाँ शुरुबाटै अन्तिम परिणाम जान्नुहुन्छ र हाम्रो जीवनमा उहाँको उद्देश्य पूरा गर्नलाई उहाँसित बुद्धि र सामर्थ्य छ।

**ऊ एउटा श्रापित संसारमा बाँचिरहेको हुनाले विश्वासीले दुःख भोग्दछ (अय्यूब ५:७; रोमी ८:१८-२३)**

यद्यपि हामीले मुक्ति पाएका छौं हामी अझै पनि परमेश्वरद्वारा श्रापित संसारमा नै बाँचिरहेका छौं जसको फलस्वरूप हामी यहाँका समस्याहरूको अधीनतामा नै छौं भन्ने कुरालाई यस महत्त्वपूर्ण खण्डले हामीलाई बिर्सन दिँदैन। हामी एक पापी संसारमा बाँचिरहेका पापीहरू हौं। पावलले यस वर्तमान जीवनलाई "विनाशको बन्धन", "ऐया-आत्था", "प्रसूति-वेदना", र "तड्पिरहेको" जस्ता शब्दले बयान गर्दछन्। यहाँ हामीलाई उत्पत्ति ३:१६-१९ को सम्झना गराइँदैछ जहाँ परमेश्वरले आदमको पापले गर्दा भूमिलाई श्राप दिनुभयो। परिणामस्वरूप हामीलाई झारपात, हिलोमैलो, ढुङ्गा-बालुवा, कीराफट्याङ्ग्रा, खिया, टुटफुट, क्षय, कठोर परिश्रम र पीडाको अनुभव गर्नु छ। परमेश्वरले दूरगामी परिणाम हुने गरी स्त्रीलाई पनि न्याय गर्नुभयो। "तेरो सुत्केरी-वेदना म ज्यादै गरी बढाइदिनेछु। दुःखसँग तैंले बालक जन्माउनेछस्। तेरो इच्छा पतितर्फ नै हुनेछ, र त्यसले तँलाई अधीनमा राख्नेछ" (उत्पत्ति ३:१६)।

दाँतको दुःखाइ जस्तो एउटा सानो कुरालाई विचार गर्नुहोस्। दाँत दुःख्ने भनेको प्रायः ज्यादा मीठाइ खाएर हुने गर्छ जसले दाँतलाई कुहाउने काम गर्छ। यो भनेको "मानिसले जे छर्छ त्यसैको कटनी पनि गर्नेछ" (गलाती ६:७) भन्ने सिद्धान्तको र हामी मर्दै गइरहेको एउटा नाशवान् शरीरमा बाँचिरहेका छौं भन्ने तथ्यको नतीजा हो। स्वर्गमा यस्तो हुनेछैन! जीवन यस्ता दुःखले भरिभराउ छ। यस्ता कुरालाई लिएर परमेश्वरको विरुद्धमा गनगन गर्नु वा उहाँलाई शङ्का गर्नु बुद्धिमानी होइन। भन्ने नै हो भने, हामीले पाउनु पर्ने भन्दा अत्यधिक करुणा उहाँ हामीलाई देखाउने गर्नुहुन्छ।

यस पापले श्रापित संसारमा बस्दाको वास्तविकतालाई यसरी एउटा हास्यात्मक ढङ्गले व्यक्त गरिएको छ जसलाई मर्फीको नियम (Murphy's Law) भन्ने गरिन्छ: "गडबड हुन सक्ने जुनसुकै पनि कुरा गडबड भएर छाड्छ" ("Whatever can go wrong will go wrong")।

हामी यस अवस्थाबाट फुत्कनेछैनौं जबसम्म ख्रीष्ट आउनुहुन्न र जबसम्म हामीले "शरीरको छुटकारा" पाउँदैनौं (पद २३)। यसले शारीरिक बौरिउठाइलाई जनाउँदछ। तबमात्र "शोक र सुस्केरा" को अवस्थालाई "रमाहट र आनन्द" ले विस्थापित गर्नेछ (यशैया ३५:१०)।

**पापको कारण र परमेश्वरको ताडनाको कारण विश्वासीले दुःख भोग्दछ (हिब्रू १२:१-१३)**

1. परमेश्वरले विभिन्न प्रकारले ताडना दिनुहुन्छ।

   1) परमेश्वरले आफ्नो आत्माको भित्रपट्टिको कामद्वारा ताडना दिनुहुन्छ। उहाँ दुःखित बन्न सक्नुहुन्छ र उहाँले आफ्नो शोक हाम्रा हृदयहरूभित्र व्यक्त गर्नुहुन्छ (एफेसी ४:३०)। हामी दाऊदको जीवनमा यो देख्छौं (भजनसङ्ग्रह ५१:६-८)। उनका हड्डीहरू तोडिएका छन् भनेर जब उनले भने उनले आफ्नो पापको कारण परमेश्वरको ताडनाले गर्दा आफूभित्र अनुभव गरेका दुःख र कष्टलाई जनाउँदैछन्। तुलना गर्नुहोस् भजनसङ्ग्रह ३२:३-५; ३८:३ सित। साथै, पत्रुसको उदाहरणलाई पनि विचार गर्नुहोस् (मत्ती २६:७४-७५)। ख्रीष्टका वचनहरूले तिनीसँग बात गरे र उनलाई कायल पारे र शोक र पश्चात्तापमा डोऱ्याए। परमेश्वरले हामीलाई ताडना दिने यही नै प्रमुख तरिका हो जब उहाँले आफ्ना वचनहरूले अन्तरवास गर्नुहुने आत्माद्वारा हाम्रा हृदयहरूसित बात गर्नुहुन्छ।

   2) परमेश्वरले प्रचारद्वारा र प्रत्यक्ष हप्कीद्वारा ताडना दिनुहुन्छ (प्रकाश २:१६; तीतस १:१३; २:१५; २ तिमोथी ४:२)। यसैले गर्दा हो हप्की प्रचार कार्यको आवश्यक भाग हो। पवित्र आत्माले बाटो बिराइरहेका पवित्र जनहरूलाई ताडना दिन यसलाई प्रयोग गर्नुहुन्छ। सही खालको प्रचारले परमेश्वरका जनहरूलाई सत्यता र धार्मिकताको साँघुरो बाटोभित्र त्यसदेखि दायाँ बायाँ जान नदिईकन सीमित राख्ने काम गर्दछ। नरम र "सकारात्मक" खालको मात्र प्रचार गर्ने र पाप र असत्यलाई सफासाथ हप्काउने काम गर्नदेखि पछि हट्ने मण्डलीहरूमा मानिसहरूले ताडना पाउँदैनन् र उक्त समूह आत्मिक रूपमा बढ्दैनन्; उनीहरू खुकुलो र सांसारिक बन्छन्। गल्ती गर्नेहरूलाई चेताउनी र हप्की प्रत्यक्ष रूपमा समेत दिइन्छ (कलस्सी १:२८)। हितोपदेशको पुस्तकले हप्कीको महत्त्वको बारेमा र त्यसलाई कसरी इन्कार होइन ग्रहण गरिनुपर्दछ भन्ने बारेमा धेरै चर्चा गर्दछ (हितोपदेश १०:१७; १२:१; १३:१८; १५:५; १५:१०, ३१-३२; १७:१०)। अगमवक्ताले दाऊदले उनको पापको निम्ति हप्काए (२ शमूएल १२:९-१२)। यहाँ हामी देख्छौं, पापलाई स्वीकार गरी पश्चात्ताप गरिए तापनि यस जीवनमा त्यसको प्रतिफलहरू अझै भोग्नुपर्ने हुन सक्छ। दाऊदले आफ्नो पापको खातिर ठूलो कष्ट भोगे; उनको अवैध बच्चाको मृत्यु भयो र उनका छोराहरू उनको विरुद्धमा विद्रोह गरे।

   3) परमेश्वरले रोगबिमार र मृत्युद्वारा ताडना दिनुहुन्छ (१ कोरिन्थी ११:२९-३०; १ यूहन्ना ५:१६-१७)। मृत्युसम्म पुऱ्याउने पाप चाहिँ पश्चात्ताप गर्न इन्कार गरिएको पाप हो। कोरिन्थको मण्डलीमा प्रभु भोजको दुरुपयोग गरेका हुनाले केही विश्वासीहरू रोगी थिए र कोही मरिसकेका थिए। हनानिया र सफिराले पवित्र आत्मासित र मण्डलीसित झूट बोलेकाले उनीहरूको कपटको कारण मेर (प्रेरित ५:१-११)।

   4) परमेश्वरले यस संसारमा र समाजद्वारा हामीमाथि खटाउनुभएका अधिकारीहरूद्वारा ताडना दिनुहुन्छ (१ पत्रुस ४:१५)। परमेश्वरका जनहरूले कानून उल्लङ्घन गर्छन् भने उनीहरू दण्डबाट प्रतिरक्षित हुँदैनन्। भन्नुपर्दा, तिनीहरू नै पहिला पक्राइनलाई परमेश्वरले चाँजोपाँजो प्रायः मिलाउने गर्नुहुन्छ। एकपटक म छिटोछिटो गाडी हाँक्दै थिएँ किनकि एक ठाउँमा प्रचार गर्न भनी पुग्नलाई म ढिलो-ढिलो हुँदैथिएँ। अरू चालकहरू पनि त्यस दिन गति सीमा तोडेर हाँक्दैथिए तर ट्राफिक प्रहरीले पुर्जी काटेर दिन उनीहरूलाई नभएर मलाई पो रोक्यो! एकजना मण्डली सदस्य परमेश्वरको वचनको अवज्ञा गर्दै एकजना विश्वास नगर्ने व्यक्तिसँग व्यापरमा साझेदारी हुन अगाडि बढेका थिए (२ कोरिन्थी ६:१४)। अविश्वासीले कानून तोड्ने काम गरे र बेइमान गरे र फलस्वरूप विश्वासीलाई आरोप लगाइयो र उनी थुनामा परे। यो निश्चय नै उनको अनाज्ञाकारीताको निम्ति ताडना थियो।

2. परमेश्वरले गर्नुहुने पापको अनुशासन उहाँको प्रेमको काम हो (हिब्रू १२:६)

3. परमेश्वरले गर्नुहुने पापको अनुशासन उन्नतिका लागि हो (हिब्रू १२:१०)। परमेश्वर असल पिता हुनुहुन्छ र उहाँले आफ्ना सन्तानलाई सुधार्नुहुन्छ। (के तपाईं असल बुबा हुनुहुन्छ?)

4. परमेश्वरले गर्नुहुने पापको अनुशासन मुक्तिको एउटा प्रमाण हो (हिब्रू १२:७-८)। यदि अनन्त सुरक्षा साँचो हो भने विश्वासीले मनलाग्दी जिए हुन्छ भनेर कोही भन्छन्, तर मनलाग्दी जिउनेहरूले आफूहरू कहिल्यै नयाँ गरी जन्मेका रहेनछन् भन्ने कुराको प्रमाण दिइरहेका हुन्छन्।

5. परमेश्वरले गर्नुहुने पापको अनुशासन आनन्दमय हुँदैन (हिब्रू १२:११)। यसलाई वाधा दिन सम्भव छ। हामीले हाम्रो जीवनमा प्रभुको अनुशासनलाई वाधा दिन सक्ने धेरै तरिका छन्। हामीले त्यसलाई तुच्छ ठान्न सक्छौं (हिब्रू १२:५), त्यसको कारण हताश हुन सक्छौं (हिब्रू १२:५), त्यसलाई अस्वीकार गर्न सक्छौं (हिब्रू १२:७), सेवा गर्न छाड्न सक्छौं ("लत्रिएका हातहरू", हिब्रू १२:१२), प्रार्थना गर्न छाड्न सक्छौं ("कमजोर घुँडाहरू", हिब्रू १२:१२), र बाटोबाट भड्किन सक्छौं (हिब्रू १२:१३)।

6. मेरो आफ्नो कर्तव्य भनेको आफ्नो पापलाई परमेश्वरका सामु स्वीकार गर्नु हो (भजनसङ्ग्रह ३८:१-४, १८)। यो भनेको आफ्नो पापलाई लुकाउनु वा त्यसको लागि बहाना बनाउनु वा अरूलाई दोष्याउनुको उल्टो हो।

**उसको विश्वासको जाँच गरिनलाई विश्वासीले दुःख भोग्दछ (याकूब १:२-८)**

1. दुःखहरूको एउटा प्रमुख उद्देश्य हाम्रो विश्वासलाई जाँच्नु हो। परमेश्वरले आफ्नो मूल्याङ्कनमा विश्वासलाई ज्यादै उच्च मूल्यको ठान्नुहुन्छ; बिना विश्वास उहाँलाई खुसी पार्नु असम्भव छ (हिब्रू ११:६)। ख्रीष्टिय जीवन नै विश्वासको बारेमा हो; यो "विश्वासदेखि विश्वाससम्म" को कुरा हो (रोमी १:१७)। आदम र हव्वाले परमेश्वरको विरुद्धमा जब पाप गरे र उनीहरूमाथिको उहाँको पूर्ण अधिकारलाई इन्कार गरे, तब परमेश्वरले आफूलाई मानव जातिदेखि लुकाउनुभयो र हामीले उहाँको वचनलाई विश्वास गर्नुपर्ने माग राख्नुभयो।

2. विश्वास सँधै जाँचिन्छ। कसैले ख्रीष्टमाथि आफूले विश्वास गरेको स्वीकार गर्छ भने त्यसको जाँच आउँछ नै। येशूले "ढुङ्गेनी जमिनहरूमा छरिएको बीउ" को बारेमा कुरा गर्नुभयो जुनचाहिँ तुरुन्तै उम्रन्छ तर "कष्ट" को कारण त्यो मरेर जान्छ (मत्ती १३:२०-२१)। हामीले जब नयाँ निर्णयहरू गर्दछौं त्यसपछि पनि जाँच आउँछ, जस्तै जब हामी मण्डलीमा विश्वासयोग्य हुने निर्णय गर्छौं वा दैनिक रूपमा बाइबल पढ्ने निर्णय गर्छौं वा दसौं अंश दिने निर्णय गर्छौं वा आयोजना गरिएको सुसमाचार प्रचारमा भाग लिने निर्णय गर्छौं। विश्वासमा आएका एकजना हिन्दूको मलाई याद आउँदछ जसले हिन्दूलाई विवाह नगर्ने निर्णय गरे किनकि उनी बेमेल जुवामा बाँधिन चाहँदैनथे। उनको विश्वास निकै जाँचियो जब तिनका बाबु र दाजुले उनीमाथि दवाव दिन थाले। उनीहरूले विन्ती गरे, धम्की दिए, र ठूलै रकम समेतको प्रस्ताव राखे।

3. त्यहाँ "नाना प्रकारका परीक्षाहरू" हुन्छन् (पद २)। समस्याहरू थरी-थरीका रूपमा आउने गर्छन्। यहाँ शैतानका परीक्षाहरूको कुरा गरिएको होइन जसद्वारा उसले हामीलाई पाप गराउन खोज्छ। यहाँ ती समस्या वा कष्टहरूको कुरा गरिएको हो जुनचाहिँ हाम्रो विश्वासलाई जाँच्न परमेश्वरद्वारा पठाइन्छन् वा उहाँको अनुमतिले आउँछन्।

4. हामी परीक्षाहरूमा "पर्दछौं" (पद २)। हामीले सोच्दै नसोचेको बेलामा ती आउँछन्।

5. हाम्रो कर्तव्य भनेको धैर्य गर्नु हो र परमेश्वरलाई आफ्नो इच्छा पूरा गर्न दिनु हो। धैर्यता विश्वासद्वारा आउँछ (२ थेस्सलोनिकी १:४)। अनि दुवै नै परमेश्वरको वचनद्वारा आउने कुरा हुन् (रोमी १०:१७; १५:४)।

6. दोमन बन्न सक्ने एउटा खतरा छ त्यहाँ (पद ६-८)। यसले शङ्का गर्ने, पछि हट्ने, आत्मिक रूपमा अस्थिर बन्ने कुरालाई जनाउँदैछ।

7. हरेक घडी सिद्ध विश्वास हुनैपर्छ भनेर परमेश्वरले भन्नुहुन्न; केवल हामीले आफ्ना शङ्कामाथि विजय भएको र उहाँको सेवा गरिनै रहेको उहाँ चाहनुहुन्छ। अब्राहाम र सारालाई नयाँ नियममा विश्वासका वीरहरू भनी कदर गरिएका छन् (हिब्रू ११:११, १७), तर एकपटक उनीहरूले परमेश्वरको प्रतिज्ञा सुनेर दुवैजना हाँसेका थिए (उत्पत्ति १७:१७; १८:१२)। उनीहरूले आफ्नो शङ्कामाथि विजय भए र पछि गएर विश्वासका वीरहरूको नामाङ्कन गरिँदा उनीहरूले पनि स्थान पाए। शाऊलद्वारा खेदो गरिएका दाऊद र शैतानद्वारा पीडीत भएका अय्यूबको सवालमा पनि यही कुरा पाउँछौं।

### आत्मिक उन्नति हुन सकोस् भनेर विश्वासीले दुःख भोग्दछ (रोमी ५:१-५)

1. सङ्कष्ट सामान्य ख्रीष्टिय जीवनको एउटा भाग नै हो (रोमी ५:३)। "सङ्कष्ट" भनेर अनुवाद गरिएको ग्रीक शब्द (थ्लिप्सीस) को माने थिच्नु हो। यसले हरेक प्रकारको दुःखलाई जनाउँछ। यसलाई अन्य ठाउँमा "कष्ट" (मत्ती १३:२१, १ कोरिन्थी ७:२८), "प्रसूति-वेदना" (यूहन्ना १६:२१), "भार पर्नु" (२ कोरिन्थी ८:१३) भन्ने शब्दले अनुवाद गरिएको छ।

2. हाम्रो कर्तव्य भनेको आफुलाई ठीक मनोभावनामा राख्नु हो। "आनन्द मनाउँछौं" को माने कुनै कुरामा निर्धक्क हुनु वा भरोसा गर्नु हो (१ कोरिन्थी १:३१; ३:२१; ४:७)। यसको ग्रीक शब्द "काउखाओमाइ" लाई "गर्व गर्नु" भनेर पनि अनुवाद गरिएको छ (रोमी २:१७,२३)। आफ्नो मार्गमा जस्तोसुकै कष्ट आए पनि विश्वासी परमेश्वरमा निर्धक्क रहनुपर्छ।

3. यदि विश्वाससित त्यसलाई सहियो भने सङ्कष्टले ख्रीष्टिय जीवनमा अनुभव दिलाउँछ जसको कारण विश्वासी अरूका लागि आशिषको बन्न सक्दछ।

4. यदि विश्वाससित त्यसलाई सहियो भने सङ्कष्टले परमेश्वरमाथिको निर्धक्कता बढाउँदछ (रोमी ५:४-५, "आशा")।

5. यदि विश्वाससित त्यसलाई सहियो भने सङ्कष्टले आत्मिक रूपमा बढाउँदछ (रोमी ५:३-५)। सुनलाई खार्न आगो चाहिन्छ। पाको विश्वासीलाई कदर गर्नुपर्ने एउटा कारण यो हो।

6. परमेश्वरको उद्देश्य हामीलाई ख्रीष्टको स्वरूपमा ढाल्नु हो (रोमी ८:२८-२९)। परमेश्वरले हामीलाई धर्मपुत्रको रूपमा ग्रहण गर्नुहुँदा उहाँले आफूलाई हामीप्रति समर्पित तुल्याउनुभयो र हामीलाई ख्रीष्टजस्तै बनाउनलाई उहाँले आफ्नो वाचा दिनुभएको छ। यो काम यही जीवनमा शुरु हुन्छ र सदासर्वदा भइरहनेछ।

## ख्रीष्टिय जीवनका दुःखकष्टहरू भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. ख्रीष्टिय जीवनमा आइपर्न सक्ने सङ्कष्टहरू के-कस्ता हुन्छन्?
2. यस पाठमा अध्ययन गरिएअनुसार सङ्कष्टका चारओटा कारणहरू के-के हुन्?
3. संसार कहिले श्रापमुनि राखियो?
4. यो श्राप कहिले हटाइनेछ?
5. परमेश्वरले किन आफ्ना छोराछोरीहरूलाई अनुशासन गर्नुहुन्छ?
6. बाथशेबासित गरिएको पापले गर्दा दाऊदले के कस्ता सङ्कष्टहरू भोगे?
7. प्रभु-भोज दुरुपयोग गर्नेहरूलाई (कोरिन्थको मण्डलीमा) के भयो?
8. अनुशासन कसरी मुक्तिको लक्षण हो?
9. प्रभुको अनुशासनलाई विश्वासीले बाधा पुऱ्याउने सक्ने छ ओटा तरिका के-के हुन्?

10. कुन पदमा बिना विश्वास परमेश्वरलाई खुसी पार्नु असम्भव छ भनिएको छ?
11. विश्वास सधैं __________।
12. अब्राहाम र सारा हाँसे, त कसरी उनीहरू विश्वासका बीरहरूसँग गनिए (हिब्रू ११ मा)?
13. दुईचित्ते हुनु भनेको के हो?
14. रोमी ५:३ मा "सङ्कष्ट" को माने के हो?
15. "सङ्कष्टमा आनन्द मनाउनु" को माने के हो?

# ख्रीष्टिय जीवन र दुःखकष्टहरू

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: २ कोरिन्थी १:८-९; २ कोरिन्थी १२:७-१०; २ तिमोथी ३:१२**

अघिल्लो पाठमा हामीले ख्रीष्टिय जीवनमा आइपर्ने दुःखकष्टका चारओटा कारणहरू अध्ययन गर्‍यौं: (१) हामी एक श्रापित संसारमा बाँचिरहेका छौं, (२) परमेश्वरले पापको निम्ति ताडना दिनुहुन्छ, (३) विश्वासको जाँच, र (४) आत्मिक उन्नति। यस पाठमा हामी दुःखकष्टका अरू पाँचओटा कारणहरू अध्ययन गर्नेछौं।

### उसले अरूलाई मद्दत गर्न सकोस् भन्ने हेतुले विश्वासीलाई दुःख आइपर्छ (२ कोरिन्थी १:३-४)

कष्टदायी अनुभवहरूबाट सिकिएका पाठहरूद्वारा हामीले अरूलाई मद्दत गर्न सक्नु हाम्रा दुःखकष्टको अर्को कारण हो। हामीले अरूलाई सान्त्वना दिन सक्छौं किनभने हामीले परमेश्वरको अनुग्रह र सान्त्वना अनुभव गरेका छौं। मेरो ३७ वर्ष लामो ख्रीष्टिय जीवनमा सामना गर्नुपरेका एक-एक परीक्षाले गर्दा अरूलाई हौसला दिन मलाई मद्दत मिलेको छ।

### उसले आफैमाथि भरोसा नराखोस् भन्ने हेतुले विश्वासीलाई दुःखकष्ट आइपर्छ (२ कोरिन्थी १:८-९)

दुःखकष्टद्वारा परमेश्वरले हामीलाई आफ्नो आत्मविश्वासलाई तोड्नुहुन्छ र हामीलाई उहाँमा भरोसा गर्न बाध्य बनाउनुहुन्छ। परमेश्वरले विशेषरूपमा चलाउनुहुने व्यक्तिहरू हरेक नै यो प्रक्रिया भएर जानैपर्छ। मिस्रदेशमाथि उच्च अधिकारीको पदमा पदोन्नति गरिनुअघि, यूसुफले १३ वर्षसम्म दुःख भोगे। इस्राएललाई नेतृत्व गर्न तयार बन्नुअघि मोशाले ४० वर्षसम्म उजाडस्थानको एउटा कुनामा दुःख भोगे। ६ वर्षसम्म शाऊलदेखि लुकेर भाग्दै दाऊदले दुःख भोगे। दुःखकष्ट र पर्खाइ आत्मिक शुद्धिकरणको प्रक्रिया थियो।

### उसलाई नम्र बनाउने हेतुले विश्वासीलाई दुःखकष्ट आइपर्छ (२ कोरिन्थी १२:७-१०)

घमन्ड पुरानो, पतित शरीरको अवगुण हो (मर्कूस ७:२१-२२)। सबभन्दा मूर्ख, अज्ञानी मान्छेसमेत घमन्डी बन्न सक्छ, अनि मान्छे जति सफल बन्छ त्यति नै उसले घमन्डसित लड्नुपर्ने हुन्छ। चार्ल्स स्पर्जनले आफ्नो सबभन्दा ठूलो लडाइँ घमन्डसित हुने गरेको बताए। परमेश्वरले हामीलाई नम्र तुल्याउने उद्देश्यमा दुःखकष्टहरू पठाउने गर्नुहुन्छ। हामीलाई घमन्डदेखि जोगाउन उहाँले कति परिस्थितिहरू सृजना गर्नुहुन्छ, कति कुराहरू हाम्रा जीवनमा पठाउनुहुन्छ भन्ने कुरा प्रभु मात्र जान्नुहुन्छ।

दुःखकष्टलाई हामीले कसरी लिनुपर्छ भन्ने कुरा हामीलाई पावलले सिकाउँछन्। पहिलो, उहाँको इच्छा भए त्यसलाई हटाइयोस् भनेर हामीले प्रार्थना गर्नुपर्छ। उनको शरीरको काँडा हटाइयोस् भनेर पवालले परमेश्वरले तीतीनपटक विन्ती गरे। दोस्रो, हामीले आफूलाई परमेश्वरको अधीनतामा सुम्पनुपर्छ र उहाँको इच्छालाई स्वीकार्नुपर्छ। पावलले परमेश्वरसँग प्रार्थना गर्दा, जबरदस्ती गर्न खोजेनन्; उनले केवल सहायता मागे। प्रार्थना गर्ने बाइबलीय तरिका यो हो। यसरी नै प्रभु येशू आफैले पनि प्रार्थना गर्नुभयो (लूका २२:४२)। परमेश्वरले पावललाई उसको कष्ट हटाउने उहाँको इच्छा नभएको कुरा जब प्रकट गर्नुभयो, पावल परमेश्वरसँग चिढिएनन् र उक्त समस्या हटाइयोस् भनेर अझै विन्ती गर्ने काम गरेनन्; उनले सिर्फ आफूलाई परमेश्वरको अधीनतामा सुम्पे। उनले यो आत्मिक सिद्धान्तलाई बुझे, “जब म कमजोर छु, तब म बलियो हुन्छु”।

प्रत्येक रोग चङ्गगाइ हुनु परमेश्वरको इच्छा हो भनी विश्वास गर्ने कतिपय पेन्टेकोस्टलहरूले पावलको दुर्बलता कुनै रोग थिएन भन्ने तर्क गर्छन्, तर २ कोरिन्थी १२:९ मा "दुर्बलता" भनेर अनुवाद गरिएको ग्रीक शब्द (आस्थेनेइया) लाई अन्य ठाउँमा "रोग" (मत्ती ८:१७) र "बिरामी" (यूहन्ना ११:४, प्रेरित २८:९) भनेर अनुवाद गरिएको छ।

## सतावटको कारणले विश्वासीलाई दुःखकष्टहरू आइपर्छ (२ तिमोथी ३:१२)

उसले ख्रीष्टमाथि विश्वास राखेको कारणले विश्वासीले दुःखकष्ट भोग्दछ। हामी शत्रुको इलाकामा हिँडिरहेका छौं जुन शत्रुले परमेश्वरलाई र परमेश्वरमाथि विश्वास गर्नेहरूलाई घृणा गर्दछ। हामीले मुक्ति पाएपछि कति हिसाबमा पहिलाभन्दा बढी दुःख भोग्दछौं! किनकि हाम्रा अब नयाँ शत्रुहरू छन् जो पहिला थिएनन्: संसार, शरीर र शैतान। मुक्ति पाउनुअघि यी हाम्रा मित्र थिए। अब ती हाम्रा शत्रु भएका छन्। पावल प्रेरित उनका यहूदी देशबासीहरूद्वारा र उनीद्वारा ख्रीष्टलाई प्रचार गरिएका मूर्तिपूजकहरूद्वारा बेसरी सताइए। २३ वर्षको उमेरमा म नयाँ जीवनमा परिवर्तित हुँदा म आफ्ना पुराना मित्रहरूद्वारा, मेरो अफिसका सहकर्मीहरूद्वारा र अविश्वासी आफन्तहरूद्वारा सताइन थालेँ। यसमा हामीले अचम्म मान्नु पर्दैन।

जुन बेला हामीले ख्रीष्टको आज्ञापालन गर्दछौं र मुक्ति नपाएकाहरूलाई सुसमाचार प्रचार गर्दछौं त्यतिबेला हामीले विशेष गरी सतावट भोग्नुपर्ने हुन्छ। जब ज्योति चम्कन्छ, तब ज्योतिलाई घृणा गर्नेहरूले त्यसको विरोधमा आवाज उठाई छोड्छन्!

१ पत्रुस ४:१२-१६ का पाठहरू: (१) दुःखकष्ट र सतावट आएको देखेर अचम्म नमान्नुहोस् (पद १२)। (२) ख्रीष्टको आगमनको कारण र त्यतिखेर हामीले पाउने महिमाको कारण आनन्द मनाउनुहोस् (पद १३)। (३) अविश्वासीहरूको निन्दा सुनेर निरुत्साहित नबन्नुहोस् (पद १३)। (४) असल गवाही कायम राख्नुहोस् ताकि सुसमाचारलाई इन्कार गर्ने र ख्रीष्टको निन्दा गर्ने अविश्वासीहरूले कुनै अवसर नपाऊन् (पद १५)। (५) उत्पीडित भइँदा नशर्माउनुहोस् (पद १६)। संसारले हामीलाई कसिङ्गर ठान्नदछ (१ कोरिन्थी ४:१३), तर यो संसार चाँडै बितेर जानेछ। (६) उत्पीडित भइँदा परमेश्वरको महिमा गर्नुहोस् (पद १६)। परमेश्वरलाई प्रशंसा दिने कामले हामीलाई शैतानमाथि र उसका झूटहरूमाथि विजयी बनाउँछ जसले हामीले परमेश्वरलाई शङ्का गरोस् र हाम्रा समस्याका लागि परमेश्वरलाई दोष लगाओस् भन्ने समेत चाहिरहेको हुन्छ।

## शैतानका आक्रमणहरूले गर्दा विश्वासीलाई दुःखकष्टहरू आइपर्छ (अय्यूब २:३-६)

उहिले अय्यूबले जस्तै विश्वासीले शैतानको हातबाट दुःख भोग्दछ। त्यो हाम्रो शत्रु हो र उसको उद्देश्य भनेको हामीलाई निरुत्साहित पार्नु र हामीलाई नष्ट गर्नु हो (१ पत्रुस ५:८)।

शैतानले, अय्यूबको सवालमा जस्तै, उसलाई जति अनुमति दिइएको छ त्यतिसम्म मात्र गर्न सक्दछ भन्ने कुरा हामीले बिर्सनु हुँदैन, तर परमेश्वरले कष्ट आउन दिनुभएकोमा हामी परमेश्वरसित रिसाउनु हुँदैन। उक्त कष्टद्वारा शैतान हाम्रो विनाश चाहन्छ तर परमेश्वरले त्यसद्वारा हाम्रो भलाइ होस् र उहाँको महिमा होस् भन्ने उद्देश्यले त्यसलाई आउन दिनुहुन्छ। अय्यूबले यो बुझेका थिएनन् र उनी रिसाए र अलमल्ल परे, तर हामीलाई अय्यूबलाई भन्दा बढी प्रकाश दिइएको छ र हामी परमेश्वरको चरित्रलाई दोष्याउन खोज्ने शैतानका झूटहरूलाई विश्वास गर्ने सम्मको मूर्ख बन्नुहुँदैन।

साथै शैतानलाई कुनै ठाउँ दिने काम नगर्नु विश्वासीको ज्यादै महत्त्वपूर्ण जिम्मेवारी छ। पाप स्वीकार नगर्दा हामीले शैतानलाई ठाउँ दिन्छौं (एफेसी ४:२२-३०)। साथै मूर्तिपूजासँग सङ्गत गर्दा हामीले त्यसलाई ठाउँ दिएका हुन्छौं (१ कोरिन्थी १०:२०-२१; २ कोरिन्थी ६:१४-१७)। म नयाँ विश्वासी छँदा मैले शैतानसँग सम्बन्धित मेरा किताबहरूलाई र सङ्गीतहरूलाई र अन्य कुराहरूलाई नष्ट गरेँ किनकि "यस संसारको ईश्वर" सँग मैले कुनै सरोकार राख्न चाहिनँ।

### परमेश्वरका उद्देश्यहरू पूरा होस् भन्ने हेतुले विश्वासीलाई दुःखकष्टहरू आइपर्छ (यूहन्ना ९:१-३)

फेनी क्रस्बी सानैदेखि अन्धी थिइन्, र उनको जीवन र उनका गीतहरू अनगिन्ती मानिसका लागि आशिष र चुनौती बनेका छन्। युवावस्थामा तिनले लेखिन्:

| | |
|---|---|
| "ओहो, कति आनन्द छ मलाई | कति धेरै छन् आशिष मेरा |
| यद्यपि म देख्न सक्दिनँ | जो छैनन् अरूसित |
| अठोट म गर्दछु यो | अन्धी भएकीले रून, सुस्काउन |
| संसारमा सन्तुष्ट रहन! | अहँ सक्दिनँ, त्यस्तो म गर्दिनँ।" |

#### निष्कर्ष

१. दुःखकष्टहरू ख्रीष्टिय जीवनका आवश्यक कुरा हुन्, तर हाम्रो दुःखकष्ट थोरै दिनका लागि मात्र हुन्। यो "केही समयका निम्ति" (१ पत्रुस १:६) हो। हाम्रो सङ्कष्ट भविष्यको "सदा रहने भारी महिमा" को तुलनामा "छिनभरको" मात्र हो (२ कोरिन्थी ४:१७)।

२. कैयौंपटक हामीले हाम्रा सङ्कष्टहरूका कारण जान्नेछैनौं; हामीले परमेश्वरमाथि भरोसा राख्नुपर्ने हुन्छ। अय्यूब यसका प्रमुख उदाहरण हुन्। भजनसङ्ग्रहमा "किन" भन्ने शब्द १५ पटक उल्लेख छ (भजनसङ्ग्रह १०:१; २२:१; ४२:९; ४३:२; ४४:२३; ७४:१,११; ८८:१४)।

३. परमेश्वरको योजनामा दुःखकष्टहरू प्रायः बहुउद्देशीय हुन्छन्। जस्तै, कुनै रोगबिमार वा कुनै कठिन परिस्थिति धैर्य र नम्रता सिकाउनलाई, सांसारिकपनबाट अलग गराउनलाई, हृदय परमेश्वरको नजिक खिँच्नलाई, विश्वास बढाउनलाई र अरूलाई सिकाउन प्रयोग गर्न सक्ने त्यस्ता पाठहरू उसलाई सिकाउनलाई हुन सक्छ।

४. हामी दुःखकष्टका समयहरू भएर जाने गर्छौं (१ पत्रुस ५:१०)। यो बोटबिरुवाको जीवनचक्रसित तुलना गर्न सकिन्छ। जस्तै, हामी बस्ने दक्षिण एशियाको पहाडी इलाकामा खेती गरिने चियाको बोटलाई लिऊँ। ती बोटका जीवनचक्रहरू गजबका हुन्छन्। ती बढ्छन् र पातहरू फैलाउँछन् र ती पात काटिन्छन्; अनि समय-समयमा ती बोटहरूलाई बेसरी छिमलिन्छ, मानौं बोटहरू त मरे कि जस्तो लाग्न सक्छ, तर ती मरेका हुँदैनन्। बरु गुणस्तरीय चिया उत्पादन हुनलाई ती बोटहरू एउटा आवश्यक चरण भएर जाँदैछन्। ख्रीष्टिय जीवन पनि यस्तै हुन्छ। हामी त्यस्ता अवधिहरू भएर जान्छौं जुन बेला हामीलाई हाम्रो आत्मिक जीवन मरेको जस्तो लाग्न सक्छ र "के भइरहेको होला" र "परमेश्वर कहाँ हुनहुन्छ होला" भन्ने कुराहरू हामीलाई बुझ्न गाह्रो लाग्न सक्छ। तर त्यस्ता समयहरू स्थायी हुँदैनन्। परमेश्वर, महान् किसानले हामीले अझ फल फलाओस् भन्ने हेतुले हामीलाई छिमल्दैहुनुहुन्छ र तयार पार्दैहुनुहुन्छ (यूहन्ना १५)। हाम्रो कर्तव्य भनेको ती सबै चरणहरू भएर जाँदा विश्वासयोग्य रहनु हो, हाम्रो विश्वास उहाँमाथि राखिरहनु हो। यो प्रक्रिया रातारात हुने होइन। भन्नुपर्दा, हाम्रो जीवनभित्र विभिन्न कुराहरूको काम गर्नलाई परमेश्वरलाई वर्षौं लाग्न सक्छ, दशकौंसमेत।

५. यदि तपाईं ख्रीष्टलाई चिन्नुहुन्न भने, तपाईंलाई यस संसारमा दुःखकष्टहरू हुनेछन् र झन् पछि सदाका लागि झन् ठूला दुःखकष्टहरू हुनेछन्।

## ख्रीष्टिय जीवनका दुःखकष्टहरू भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. यस पाठमा सूचीत गरिएका दुःखकष्टका पाँच कारणहरू के-के हुन्?
2. यूसुफले कति वर्षसम्म दास र कैदी भएर दुःख भोगे?
3. आफ्नो सबभन्दा ठूलो लडाइँ __________ सित भएको कुरा स्पर्जनले बताए।

4. परमेश्वरले आफ्ना जनहरूलाई नम्र रहन कसरी मद्दत गर्नुहुन्छ?
5. उसको शरीरमा काँडा पठाइँदा पावलले के गरे?
6. २ कोरिन्थी १२:९ मा "दुर्बलता" भनेर अनुवाद गरिएको ग्रीक शब्दलाई अन्य ठाउँहरूमा कसरी अनुवाद गरिएको छ?
7. ख्रीष्ट येशूमा भक्तिपूर्वक जिउन चाहनेहरू सतावटमा पर्नेछन् भनेर कुन पदले बताउँछ?
8. अय्यूबले किन दुःख भोगे?
9. कुन पदले शैतानको कारणले गर्दा सचेत र जागो रहनलाई अर्ती दिन्छ?
10. हाम्रा जीवनहरूमा शैतानलाई हामीले ठाउँ दिन सक्ने दुईटा तरिकाहरू कुन-कुन हुन्?
11. कुन पदमा हामीले केही समयसम्म दुःख भोगेपछि प्रभुले हामीलाई स्थापित, बलवान् र स्थिर पार्नुहुनेछ भनेर बताइएको छ?

# उपवास

**कण्ठ गर्नुपर्ने पदहरू: मत्ती ६:१६-१८; १७:२१**

बाइबलीय उपवास भनेको कुनै निश्चित आत्मिक समस्या वा खाँचोमाथि विशेष ध्यान दिन सक्नलाई खानेकुरा र शायद अन्य न्यायोचित सुखसुविधाबाट समेत आफूलाई बञ्चित गर्नु भन्ने बुझिन्छ। यसको अभ्यास पापको स्वीकार र प्रार्थनाको साथसाथै गरिन्छ।

**उपवास सम्बन्धी चेताउनीहरू**

१) बाइबलीय उपवास देखाउनलाई गरिने कुरा होइन (मत्ती ६:१६-१८)। कपटपूर्ण धर्मलाई परमेश्वर घृणा गर्नुहुन्छ जुन कुरा भनेको परमेश्वरको सामु साँचो पवित्रता रहित भएर पनि मानिसका सामु पवित्र देखा पर्न सक्ने मानिसको प्रयास हो। यस खण्डमा मानिसहरूका सामु आत्मिक देखा पर्न खोज्नलाई गरिने खालको उपवासलाई ख्रीष्टले हप्काउँदै हुनुहुन्छ। सही ढङ्गले गरिने खालको उपवासको अभ्यासकै उहाँले उपहास गर्नुभएको चाहिँ होइन। वास्तवमा, आफ्ना चेलाहरू उपवास बस्छन् भन्ने कुरालाई उहाँले त्यत्तिकै मानिलिनुभएको देखिन्छ। उहाँले "**यदि** तिमीहरू उपवास बस्दछौ" भन्नुभएन, बरु "**जब** तिमीहरू उपवास बस्दछौ" भन्नुभयो। अनि उहाँले बाइबलीय उपवास बस्नेहरूले परमेश्वर पिताबाट खुल्लमखुल्ला इनाम पाउनेछन् भन्ने सुन्दर र निश्चित प्रतिज्ञा दिनुभयो।

२) बाइबलीय उपवास एउटा रित्तो धार्मिक रीति होइन (लूका १८:१२)। यस पदको अभिव्यक्ति चाहिँ एउटा फरिसीको हो जसले आफूलाई परमेश्वरको सामु धर्मी ठहराउनलाई धर्मको अभ्यास गर्दैथियो। नियमित समयावधिहरूमा ऊ उपवास बस्नेगर्थ्यो। तर, बाइबलमा कतैपनि त्यस किसिमको अभ्यास गर्नुपर्छ भनेर सिकाइएको छैन। उपवास भनेको हप्ता-हप्तामा, वा महिना-महिनामा वा प्रभु-भोजको अगाडि, आदि बसिने एउटा रीति होइन। उपवास वास्तवमा कुनै विशेष खाँचो आइपर्दा र पवित्र आत्माले अगुवाइ गर्नुहुँदा अभ्यास गरिने कुरा हो।

३) बाइबलीय उपवास शारीरिक स्वास्थ्यको लागि होइन। विभिन्न किसिमका उपवासहरूले स्वास्थ्यको उन्नति गर्ला वा नगर्ला, तर बाइबलमा उपवास बस्नलाई यस्तो उद्देश्य अघि सारिएको कहिल्यै छैन। शारीरिक फाइदाको लागि उपवासको महत्त्वलाई जोड दिने ख्रीष्टिय किताबहरू छ्यास्छ्यासती भेटिन्छन्, तर यो बाइबलीय उपवास होइन। उपवास स्वास्थ्यको लागि राम्रो कुरा हो या होइन हामी भन्न सक्दैनौं, अनि स्वास्थ्यको लागि उपवास बस्नु गलत हो वा ठीक हो पनि भन्न सक्दैनौं। हामी केवल यति भन्दछौं कि बाइबलले उपवासलाई स्वास्थ्यको सम्बन्धलाई जोडेर बताएको छैन।

४) बाइबलीय उपवास एउटा रित्तो सन्न्यासी अभ्यास होइन (कलस्सी २:२०-२३)। उपवासले पवित्र बनिन्छ भनेर विश्वास गर्ने कतिपय झूटा शिक्षकहरूले पावलको समयमा उपवासको अभ्यास गर्दैथिए। एउटा नियमावली ("नछोओ, नचाख, हातमा नलेओ") लाई पालन गरेर मुक्ति र पवित्रता प्राप्त गरिन्छ भनेर उनीहरूले सिकाउँथे। रोमन क्याथोलिक सन्न्यास प्रणाली (Roman Catholic monasticism) ले यस भ्रमलाई अँगालेको हो। ती क्याथोलिक सन्न्यासीहरू स्वर्गमा पुग्ने "सिँढी चढ्ने" र परमेश्वरको नजिक पुग्ने लक्ष्यमा समाजबाट बिलकुलै पृथक बसे र आफैलाई पिट्ने, भोकभोकै बस्ने, ननुहाउने र लुगै नफेर्ने जस्ता अरू थुप्रै कुराहरू गरे। तर यो एक झूटा सुसमाचार हो। मुक्ति परमेश्वरको अनुग्रहले पाइने दामबिनाको वरदान हो र पवित्रता र आत्मिक विजय सन्न्यासी अभ्यासबाट नभएर विश्वासीभित्र अन्तरवास गर्नुहुने पवित्र आत्माको सामर्थ्यमा नयाँ नियमले सिकाएको सरल विश्वासप्रतिको आज्ञापलानद्वारा हो। उपवास ख्रीष्टिय जीवन र सेवकाइको महत्त्वपूर्ण भाग हो, तर आत्मिकता भन्ने कुरा शरीरलाई कष्ट दिएर र विभिन्न रीति तथा खानपान सम्बन्धी नियमहरू पालन गरेर हासिल गरिन्छ भनेर सोच्नदेखि हामी होशियार बस्नुपर्छ। साँचो आत्मिकता भनेको येशू ख्रीष्टसितको ठीक सम्बन्ध र सङ्गति हो।

५) उपवासले प्रार्थनाहरूको जवाफ मिल्नेछ भनेर ग्यारेन्टी दिन्छ भन्ने छैन। २ शमूएल १२ मा दाऊदले आफ्नो बच्चाको ज्यान जोगाइयोस् भनेर परमेश्वरसित उपवाससहित प्रार्थना गरे जुन बच्चा बातशेबासितको उसको व्यभिचारको सम्बन्धबाट गर्भाधारण भएको थियो। उक्त अवसरमा परमेश्वरले दाऊदको उपवासलाई आदर गर्नुभएन। यसले हामीलाई यो सम्झाउँछ कि उपवास आत्मिक लडाइँमा एउटा महत्त्वपूर्ण अभ्यास भए तापनि त्यसले परमेश्वरबाट हामीले चाहिरहेको कुरा प्राप्त नै गर्छौं भन्ने ग्यारेन्टी दिँदैन। उपवाससहितको प्रार्थनाले धेरैपटक खोजिरहेकै जवाफ प्राप्त गराउँछ तर त्यसको ग्यारेन्टी भने छैन। प्रार्थनाको जवाफ दिने कुरामा परमेश्वर सदैव सार्वभौम हुनुहुन्छ र हामी सधैं उहाँको इच्छामा सुम्पिएको हुनुपर्छ।

६) उपवास व्यवस्थाजस्तो बाध्यताको कुरा होइन तर स्वतन्त्रताको। यो व्यक्तिगत कुरा हो। ख्रीष्टिय जीवन र सेवकाइमा उपवास महत्त्वपूर्ण र उपयोगी कुरा हो तर यो आज्ञा गर्न सकिने कुरा होइन र अरूहरूको आत्मिक अवस्थाको न्याय गर्नलाई प्रयोग गरिने कुरा पनि होइन।

**उपवासको महत्त्व**

पुरानो र नयाँ नियमका केही सकारात्मक उल्लेखहरूबाट उपवासको महत्त्व देख्न सकिन्छ। पवित्र शास्त्रमा उपवासको बारेमा ३० भन्दा बढी सकारात्मक उदाहरणहरू, आज्ञाहरू र निर्देशनहरू भेटिन्छन्।

न्यायकर्ता २०:२६--युद्धमा विजय हुन इस्राएलीहरू उपवास बसे
१ शमूएल १:६-७--एउटा छोरा पाउन हन्ना उपवास बसिन्
१ शमूएल ७:६--पश्चात्ताप गर्दा इस्राएलीहरू उपवास बसे
१ शमूएल ३१:१३--याबेश-गिलादका मानिसहरू शाऊलको निम्ति शोक मनाउँदा उपवास बसे
२ शमूएल १:१२--दाऊद र उनका मानिसहरू शाऊल, योनातान र मारिएका इस्राएलीहरूका निम्ति शोक मनाउँदा उपवास बसे
२ शमूएल १२--दाऊद आफ्नो बच्चाको निम्ति कृपा माग्दै उपवास बसे
१ राजा २१:२७--आहाब कृपा पाउन उपवास बसे
२ कोरिन्थी २०:३--यहोशापात र इस्राएल सहायता र सुरक्षा पाउन उपवास बसे
एज्रा ८:२१-२३--एज्रा र यहूदीहरू सहायता र सुरक्षा पाउन उपवास बसे
नहेम्याह १:४--नहेम्याह शोक मनाउँदा र सहायता चाहँदा उपवास बसे
नहेम्याह ९:१-२--इस्राएलीहरू शोक मनाउँदा र पश्चात्ताप गर्दा उपवास बसे
एस्तर ४:१६--एस्तर र उनका साथीहरू विजय पाउन उपवास बसे
एस्तर ९:३--विजयको पछाडि उपवासले भूमिका खेलेको थियो भनेर यहाँ उल्लेख गरिएको छ
भजनसङ्ग्रह ३५:१३-१४--प्रार्थना र शोकसहित उपवास
भजनसङ्ग्रह ६९:१०-११--प्रार्थना र शोकसहित उपवास
यशैया ५८:६-८--परमेश्वरलाई खुसी पार्ने उपवास
यर्मिया ३६:९--इस्राएलीहरू कृपा पाउन उपवास बसे
योएल १:१४; २:१२,१५--परमेश्वरले उपवास बस्न र पश्चात्ताप गर्न आज्ञा गर्नुभयो
योना ३:५--कृपा पाउन निनवेकाहरू पश्चात्ताप गरे र उपवास बसे
दानियल ९:३--दानियल बुद्धिका निम्ति उपवास बसे
मत्ती ४:२--उजाडस्थानमा परीक्षा गरिँदा येशू उपवास बस्नुभयो
मत्ती ६:१७-१८--पिताले उपवासमाथि आशिष दिनुहुन्छ भनेर येशूले प्रतिज्ञा गर्नुभयो
मत्ती १७:२१--कतिपय शैतानिक किल्लाहरू भत्काउनलाई उपवास आवश्यक पर्छ
मर्कूस ९:२९--शैतानिक शक्तिहरूलाई जित्नलाई उपवास आवश्यक पर्छ
लूका २:३७--हन्नाको परमेश्वरप्रतिको सेवामा उपवासको भाग पनि थियो
प्रेरित १३:२--एन्टिओकका सेवकहरूको सेवकाइमा उपवासको भाग पनि थियो

प्रेरित १३:३--नियुक्ति कार्य उपवाससहित गरिन्थ्यो
प्रेरित १४:२३--नियुक्ति कार्य उपवाससहित गरिन्थ्यो
१ कोरिन्थी ७:५--वैवाहिक सम्बन्धबाट अलग रहनलाई एक मात्र सही कारण उपवास र प्रार्थना हो
२ कोरिन्थी ६:५--आफूलाई येशू ख्रीष्टको सेवकको रूपमा प्रमाणित गर्ने पावलको एउटा तरिका उपवास थियो
२ कोरिन्थी ११:२७--पावल बारम्बार उपवास बस्थे

उपवास सम्बन्धी उपर्युक्त उदाहरण तथा निर्देशनहरूलाई हल्का सम्झन मिल्दैन। पवित्र शास्त्रका उदाहरणहरू तिनका आज्ञाहरू जत्तिकै महत्त्वपूर्ण हुन्छन् भनिएको छ -- १ कोरिन्थी १०:११; रोमी १५:४। प्रभु येशू ख्रीष्ट हाम्रो नमुना हुनुहुन्छ (१ पत्रुस १:२१), र उजाडस्थानको परीक्षाको घडीमा उहाँले बस्नुभएको उपवास हाम्रो निम्ति नमुना हो जसरी गेत्सेमनीमा उहाँका परीक्षाका घडीका प्रार्थनाहरू हाम्रा निम्ति नमुना हुन्। साथै पावल प्रेरितको अनुसरण गरिनुपर्छ भनेर हामीलाई बताइएको छ (फिलिप्पी ३:१७; ४:९) र पावलले हाम्रा सामु बारम्बार उपवास बस्ने नमुना छोडेका छन् (२ कोरिन्थी ११:२७)।

### उपवासको प्रमुख उद्देश्य

उपवास आत्मिक युद्धको एक अनिवार्य अङ्ग हो भनेर प्रभु येशूले बताउनुभयो, अनि शैतानिक किल्लाहरूको विरुद्धमा युद्ध गर्नेहरूलाई यो कुरा वास्तविक हो भन्ने कुरा थाह छ (मत्ती १७:१८-२१)! साँच्ची नै त्यहाँ त्यस्ता शैतानिक किल्लाहरू छन् जसलाई प्रार्थना **र साथै** उपवास बिना **कुनै पनि कुरा**द्वारा जित्न सकिन्न।

### हामी उपवास बस्नुपर्ने केही अवसरहरू के-के हुन्?

शैतानिक किल्लाहरूमाथि विजय हुनलाई बाहेक निम्न अवसरहरूले पनि उपवासको माग गर्दछन्:

१) बेसरी परीक्षित हुँदा उपवास बस्नुहोस् (मत्ती ४:२)।

२) बुद्धिको उत्कट चाहना हुँदा उपवास बस्नुहोस् (दानियल ९:३)।

३) परमेश्वरको सहायता र सुरक्षाको खाँचो पर्दा उपवास बस्नुहोस् (एज्रा ८:२१-२३; २ इतिहास २०:३; यर्मिया ३६:९)।

४) हेर्दा असम्भव देखिने परिस्थितिहरूमाथि विजय चाहँदा उपवास बस्नुहोस् (एस्तर ४:१०-१७; ९:३१; नहेम्याह १:४)।

५) पश्चात्ताप, पाप-स्वीकार र पुनर्जागरणका विशेष समयहरूमा उपवास बस्नुहोस् (योएल १:१४; २:१२; २:१५; नहेम्याह ९:१-२)।

६) नयाँ सेवकाइको प्रारम्भ गर्दा र परमेश्वरको वचन घोषणा गर्न र आत्मिक शत्रुहरूसँग युद्ध गर्न प्रस्थान गर्दा उपवास बस्नुहोस् (प्रेरित १३:२-३; १४:२३)।

७) आत्मिक सेवकाइमा लागिपर्दा उपवास बस्नुहोस् (२ कोरिन्थी ६:५; ११:२७)।

### उपवास सम्बन्धी एउटा उत्साहपूर्ण प्रतिज्ञा (मत्ती ६:१७-१८)

प्रभु येशू ख्रीष्टले उपवास सम्बन्धी एउटा निश्चित प्रतिज्ञा दिनुभयो। ठीक तरिकामा ठीक कारणले कसैले उपवास बस्दा--"गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई खुल्लमखुल्ला इनाम **दिनुहुनेछ**।" यो प्रतिज्ञा बाइबलमा भएका सबभन्दा सुन्दर प्रतिज्ञाहरूमध्ये एक हो र यसलाई सजिलै बिदा गर्न सकिन्न। यदि उपवास महत्त्वपूर्ण कुरा नभएको भए परमेश्वरले यस्तो प्रतिज्ञा गर्नुहुने थिएन। ख्रीष्टले सही किसिमको उपवास बस्ने कामलाई कहिल्यै निरुत्साहित

पार्नुभएन। गलत अभ्यासको उहाँले दोष देखाउनुभयो र त्यसलाई सच्च्याउनुभयो तर आत्मिक उपवासलाई उहाँले कहिल्यै निरुत्साहित पार्नुभएन। भन्नुपर्दा, उहाँले आफ्ना चेलाहरूले उपवास बस्छन् भन्ने कुरालाई त्यत्तिकै मानिलिनुभएको छ।

**परमेश्वरले किन उपवासको माग गर्नुहुन्छ?**

यस प्रश्नलाई हामी पूर्णरूपमा जवाफ दिन शायद सक्दैनौं, तर उपवासले हृदयको गम्भीरतालाई प्रमाणित गर्दछ भन्ने कुरा चाहिँ हामी जान्दछौं (हिब्रू ११:६)।

परमेश्वरले मानिसका हृदयहरू देख्नुहुन्छ तर बाइबलले भन्दछ उहाँ हृदयको चाहनाको देखिने प्रमाणको माग गर्नुहुन्छ -- योएल २:१२, "यसकारण अहिले पनि, परमप्रभु भन्नुहुन्छ, उपवास बस्दै, रुँदै र विलाप गर्दै तिमीहरू आफ्नो सम्पूर्ण हृदयले मकहाँ फर्क।"

यो कुरा अब्राहामले इसाहकलाई बलि चढाएको कुरामा देखिन्छ। अब्राहामले आज्ञा पालन गर्नेछ र आफ्नो प्रिय छोरालाई चढाउनेछ भनेर परमेश्वर जान्नुहुन्थ्यो, तर अब्राहामले वास्तवमै उक्त कार्य गरेर देखाएको परमेश्वर चाहनुहुन्थ्यो। इसाहकलाई बलि चढाउन भनी अब्राहामले छुरी उठाइसकेपछि मात्र परमेश्वरले भन्नुभयो, "त्यस केटामाथि आफ्नो हात नबढाऊ, र त्यसलाई केही नगर; किनकि अब म जान्दछु - तिमी परमेश्वरको डर मान्दा रहेछौ, किनभने तिम्रो छोरालाई, तिम्रो एकमात्र छोरालाई पनि तिमीले मबाट रोकेर राखेका छैनौ" (उत्पत्ति २२:१२)।

प्रार्थनाका विषयहरूमा परमेश्वरप्रतिको हाम्रो हृदयको उत्कटता र इमानदारीता देखिने एउटा प्रमाण उपवास हो। उपवास जस्ता कुराहरू आवश्यक छैनन् किनकि परमेश्वरले हाम्रो हृदय जान्नुहुन्छ भनेर हामी भनौंला तर अब्राहाम र उनको छोराको घटना जस्ता उदाहरणहरूले परमेश्वर हाम्रो विश्वास र उत्कटताको प्रमाण माग्नुहुन्छ भन्ने देखाइरहेका छन्।

**बाइबलीय उपवास कति लामो हुन्छ?**

बाइबलले उपवास बस्नलाई कुनै समय अवधि तोकेको छैन। दानियलले २१ दिनसम्म उपवास बसे। एस्तर र मर्दकै ३ दिन ३ रात उपवास बसे। प्रभु येशू ख्रीष्ट उजाडस्थानमा ४० दिनसम्म उपवास बस्नुभयो। तर मानिसहरूले कति दिन उपवास बसे भनेर प्रायः बाइबलले बताउँदैन। जस्तै, यरूशलेमसम्मको यात्रा शुरु गर्न अगाडि एज्राले कति समय उपवास बसे भनेर हामीलाई बताइएको छैन (एज्रा ८:२१-२३)।

उपवास, पवित्र आत्माको अगुवाइमा गरिने व्यक्तिगत स्वतन्त्रताको विषय हो। त्यो एक वा एकभन्दा बढी छाकको उपवास हुन सक्छ जुन चाहिँ उक्त घडीको खाँचो र परमेश्वरको अगुवाइबमोजिम गर्न सकिन्छ। रोमी १४ ले यस किसिमको कुराको चर्चा गरिरहेको छ जहाँ भनिएको छ, "कसैले एउटा दिन अर्को दिनभन्दा ठूलो मान्दछ; अर्कोले सबै दिन एकनास ठान्दछ। हरेक आफ्नै मनमा पूरा निश्चित होस्" (रोमी १४:५)।

**बाइबलीय उपवास के हो?**

बाइबलीय उपवासमा निम्न आधारभूत तत्त्वहरू हुन्छन्:

१) खानेकुरा तथा न्यायोचित शारीरिक सुखविलासका कुराहरूबाट अलग रहन् (मत्ती ४:१-२; १ कोरिन्थी ७:५)।

२) प्रार्थना (मत्ती १७:२१)। बाइबलीय उपवास जहिले पनि प्रार्थना र परमेश्वरसितको सङ्गतिलाई बढी ध्यान दिने कामसित जोडिएको छ। प्रार्थनाबिनाको उपवास बाइबलीय उपवास होइन।

३) पापहरूको स्वीकार (दानियल ९:३-६; पूरै अध्याय हेर्नुहोस्)। उपवासका बाइबलीय उदाहरणहरू प्रायः विशेष पश्चात्ताप र पाप स्वीकारका समयहरूसित सम्बद्ध छन्।

४) संसारका दुष्ट कुराहरूदेखि अलग रहनु र परमेश्वरको नजिक जानु (याकूब ४:४-१०)। शैतानको सामना गर्ने काम यस खण्डको सन्दर्भ हो। यहाँ आत्मिक युद्धको कुरा गरिँदैछ जो नै उपवासको मुख्य उद्देश्य हो। शैतानलाई जित्न विश्वासीले आफूलाई दुष्टताबाट शुद्ध पार्नुपर्छ र ऊ परमेश्वरको नजिक जानुपर्छ।

उपवास बस्नलाई बाइबलले कडा वा अलचिलो नियमहरू तोकेको छैन। दानियलको २१ दिनको उपवासमा हामीलाई बताइएको छ, "पूरा तीन हप्ता पूरा नहोउन्जेल मैले न स्वादिष्ट भोजन खाएँ, न मासु; अनि दाखमद्य मेरो मुखमा पसेन, अनि मैले आफूमाथि तेल लगाउँदै लगाइनँ" (दानियल १०:३)। यसको मतलब दानियलले केही न केही त खाएको बुझिन्छ, तर स्वादिष्ट भोजन खानदेखि भने उनी अलग रहे।

परमेश्वरले उपवास सम्बन्धी निश्चित निर्देशनहरू नतोक्नुभएको हुनाले, यसको अभ्यास एक व्यक्ति र प्रभुको बीचको व्यक्तिगत मामिला हुनुपर्छ। जस्तै, बच्चाको आमाले पटक्कै खान छोड्नु बुद्धिमानी हुँदैन किनकि तिनी मात्र नभई तिनको शिशु पनि उक्त खानेकुरामा निर्भर रहेको हुन्छ। मधुमेह जस्ता स्वास्थ्य समस्या भएकाहरू उपवास सम्बन्धी होशियार हुनुपर्छ। परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ, "म तिमीलाई शिक्षा दिनेछु; अनि तिमीले कुन मार्गमा चल्नुपर्ने हो, सो तिमीलाई सिकाउनेछु; म मेरो आँखाले तिमीलाई अगुवाइ गर्नेछु" (भजनसङ्ग्रह ३२:८)। यो प्रतिज्ञाले उपवासलाई पनि समेट्छ। परमेश्वरले नै मलाई कहिले उपवास बस्ने, कति लामो बस्ने र कुन-कुन कुरादेखि अलग बस्ने भनेर सिकाउनुहुनेछ।

उपवास बस्नलाई कडा नियमावली नभए तापनि मैले एउटा कुरालाई जोड दिनुपर्छ कि प्रभावकारी हुने हो भने एक बाइबलीय उपवासमा केही गम्भीरताको तत्त्व हुनैपर्छ। साँझको खानेकुरा छोडेर बिहानसम्म उपवास बस्नु गम्भीर उपवास होइन। एक छाक छोड्नु गम्भीर उपवास होइन। आफू दुई दिनसम्म दूधबाट बनाएको पेय पद्धार्थ पिउँदै उपबास बसेको कुरा एकजना जवान पास्टरले मलाई बताए। त्यसलाई एक गम्भीर उपवास मान्न सकिन्न! यो त दानियलको उपवासको ठीक उल्टो हो। उनले त कुनै स्वादिष्ट भोजन खाएनन्, तर दूधले बनेको मिल्क शेक त एक हिसाबले स्वादिष्ट भोजन **मात्रै** मान्नुपर्छ! मेरो धारणामा एक पूर्ण दिनको उपवासभन्दा कमको उपवासलाई बाइबलीय उपवासको संज्ञा दिन थाल्न पनि सकिन्न।

## उपवास सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. बाइबलीय उपवास के हो?
2. उपवास सम्बन्धी यहाँ दिएका ६ ओटा चेताउनीहरू के-के हुन्?
3. फरसीहरू किन उपवास बस्थे?
4. स्वास्थ्यको लागि उपवास बस्ने बारेमा बाइबलले कत्तिको बताएको छ?
5. कलस्सी २:२०-२३ मा पावलले चेताउनी दिएका झूटा शिक्षकहरूको झूटा सुसमाचार के थियो?
6. के उपवासले निजको प्रार्थनाहरूको जवाफ मिल्नेछ भन्ने ग्यारेन्टी दिन्छ?
7. बाइबलमा उपवास सम्बन्धी कतिओटा उदाहरणहरू र निर्देशनहरू पाइन्छन्?
8. पावलले कत्तिको उपवास बसे?
9. उपवासको प्रमुख उद्देश्य के हो?
10. उपवास बस्नुपर्ने अरू सात अवसरहरू के-के हुन्?
11. कुन खण्डमा येशूले उपवास सम्बन्धी उत्साहपूर्ण प्रतिज्ञा दिनुभयो?
12. बाइबलीय उपवास कति लामो हुन्छ?
13. बाइबलीय उपवासका चार तत्त्वहरू के-के हुन्?

# आश्चर्यकर्महरू

**कण्ठ गर्नुपर्ने पदहरू: मत्ती १२:३९; २४:२४; यूहन्ना २०:३१-३२; रोमी ८:२२-२५; २ कोरिन्थी १२:१२**

आज ख्रीष्टिय जीवन र सेवकाइमा आश्चर्यकर्महरूको स्थानको बारेमा धेरै अलमल छ। के ईश्वरीय चङ्गाइ वर्तमान समयको निम्ति पनि हो? के आज पनि प्रेरित र अगमवक्ताहरू छन्? यी लगायत अन्य थुप्रै मुद्दाहरूलाई हामीले *The Pentecostal-Charismatic Movements* भन्ने पुस्तकमा विस्तृत रूपमा चर्चा गरेका छौं। वे अफ लाइफ लिटरेचरबाट उपलब्ध हुने यस पुस्तकलाई ध्यानपूर्वक पढ्न हरेक अङ्ग्रेजी पाठकलाई हामी आग्रह गर्दछौं।

यी मुद्दाहरूलाई बुझ्न हामीलाई मद्दत गर्ने पवित्र शास्त्रका केही आधारभूत शिक्षाहरूलाई हामी यस पाठमा हेर्नेछौं।

1. ख्रीष्ट र प्रेरितहरूका आश्चर्यकर्महरूको एउटा विशेष, अस्थायी उद्देश्य थियो। ती आश्चर्यकर्महरू मण्डली युगका लागि नमुनास्वरूप गरिएका थिएनन्।

   1) येशूका आश्चर्यकर्महरू उहाँ मसीह हुनुहुन्छ भन्ने कुरा प्रमाणित गर्नका निम्ति गरिएका थिए (यूहन्ना ५:२६; १०:२५, ३७-३८; १४:११; १५:२४; २०:३०-३१)। ख्रीष्टका आश्चर्यकर्मको उद्देश्य के थियो भन्ने सवालमा यी पदहरूले कुनै पनि शङ्का गर्ने ठाउँ बाँकी राख्दैन। प्रेरितहरूले समेत येशूले गर्नुभएका सबै आश्चर्यकर्महरू गर्न सकेनन् (जस्तै, आँधीलाई शान्त गराउने र हजारौंलाई खुवाउने)। यदि सकेका भए ख्रीष्टका आश्चर्यकर्महरूको चिन्हरूपी चरित्र प्रभावहीन ठहरिन जानेथियो।

      यूहन्ना १४:१२ को माने के हो त? यसको अर्थ शताब्दियौंसम्म विश्वासीहरूले येशूका भन्दा महान् चिन्हरूपी आश्चर्यकर्महरू गर्न सक्नेछन् भन्ने हुन सक्दैन। त्यो असम्भव कुरा हुनेथ्यो। हजारौंलाई खुवाउनु, पानीमाथि हिँड्नु र मरेकालाई बिउँताउनु भन्दा ठूला आश्चर्यकर्महरू के हुन सक्थ्यो र? चेलाहरूले उहाँले भन्दा ठूलो आश्चर्यकर्महरू गर्नेछन् भनेर येशूले भन्नुभएको होइन; उनीहरूले उहाँले भन्दा ठूला कामहरू गर्नेछन् चाहिँ उहाँले भन्नुभएको हो। "कामहरू" भन्ने शब्द कुनै ठाउँहरूमा येशूका आश्चर्यकर्महरूको बयान गर्न प्रयोग भएका छन्, तर त्यसैमा सीमित भने छैन। येशू केवल प्यालेस्टाइनभित्र मात्र सेवकाइ गर्नुभयो र उहाँको प्रत्यक्ष सेवकाइअन्तर्गत तुलनात्मक रूपमा थोरै आत्माहरू मात्र बचाइएको देख्नुभयो, तर उहाँका चेलाहरूले सारा संसारभरि सेवकाइ गरेका छन् र तिनीहरूले अनगिन्ती आत्माहरू बचाइएका देखेका छन्। येशूले कुनै पुस्तक लेख्नुभएन, तर उहाँका प्रेरितहरूले पवित्र शास्त्रको बाँकी रहेको भागलाई पूरा गरे। अभक्तिको पुस्ताको बाबजुद पनि परमेश्वरका जनहरूले पवित्र जीवनहरू यापन गर्न, सबभन्दा अग्निमय उत्पीडनहरूको सामना गर्न र संसारको पल्लो छेउसम्म सुसमाचार प्रचार गर्न सामर्थ्य प्राप्त गरेका छन्। परमेश्वरका जनहरूले निरन्तररूपमा नै आश्चर्यकर्महरू अनुभव गर्दै आएका छन् र महान् कार्यहरू गरेका छन् तर तिनीहरूले मसीहका चिन्हरूपी आश्चर्यकर्महरू भने गरेका छैनन्।

   2) आफूहरू प्रेरितहरू भएको प्रमाणित गर्नलाई प्रेरितहरूले आश्चर्यकर्महरू गरे (मर्कूस ३:१४-१५; २ कोरिन्थी १२:१२)। यदि हामीले प्रेरितको पुस्तकलाई केलाएर अध्ययन गर्‍यौं भने हामीले यो देख्छौं कि आश्चर्यकर्महरू जति प्रेरितहरूद्वारा गरिएका थिए। प्रेरित २:४३; ४:३३; ५:१२ यसका उदाहरणहरू हुन्। यसको अपवादहरूमा केवल थोरै व्यक्तिहरू मात्र पर्छन् जोहरू प्रेरितहरूसँग संलग्न थिए र जसमाथि प्रेरितहरूले आफ्ना हातहरू राखेका थिए। शुरुका मण्डलीहरूका विशाल सङ्ख्यामा रहेका विश्वासीहरूले चिन्हरूपी आश्चर्यकर्महरू गर्न सक्दैनथे। तबिथा बिरामी पर्दा जोप्पाका विश्वासीहरूले तिनलाई मद्दत गर्न सकेनन्, अनि जब तिनी मरिन् उनीहरूले तिनलाई बौराउन सकेनन्। तिनीहरूले पत्रुसलाई बोलाइपठाउनु

आवश्यक पऱ्यो जो एक प्रेरित थिए (प्रेरित ९:३६-४१)। यदि जोकोही विश्वासीहरूले सर्वसाधारणरूपमा त्यस्ता आश्चर्यकर्महरू गर्न सक्ने भएता प्रेरितको लक्षणको कुनै अर्थ हुनेथिएन। मलाई विमानस्थलमा लिन आउने अपरिचित व्यक्तिलाई मैले म रातो टोपी लगाएर आएको हुन्छु भने भने, रातो टोपी चाहिँ मलाई चिनाउने चिन्ह हुनेछ; तर यदि अरूहरू पनि रातो टोपी लगाएर विमानबाट उत्रे भने उक्त चिन्हको कुनै अर्थ हुँदैन। प्रथम मण्डलीहरूमा आश्चर्यकर्महरू गर्ने त्यस्तो कुनै पनि सर्वसाधारण अनुभव थिएन। ती त एक विशेष समयका लागि विशेष चिन्हहरू थिए।

2. परमेश्वरले सधैं निको पार्नुहुन्न तर प्रार्थनाको जवाफस्वरूप उहाँले कति पटक निको पार्नुहुन्छ।

1) नयाँ नियमले निम्न तीनओटा उदाहरणहरू दिएको छ जसबाट निर्णायक रूपमा प्रमाणित हुन्छ कि परमेश्वरले विश्वासी जनको रोगलाई सधैं नै निको पार्नुहुन्छ भन्ने कुरा साँचो होइन।

(1) तिमोथीको उदाहरण (१ तिमोथी ५:२३)। तिमोथी बारम्बार विरामी पर्थे र प्रेरित पावलले उनलाई तिनको पेटको खातिर र तिनका बारम्बार हुने दुर्बलताको खातिर अलिकति दाखमद्य प्रयोग गर्नलाई निर्देशन दिन्छन्। परमेश्वरले तिमोथीलाई उनको रोगबाट अलौकिक चङ्गाइ गर्नुभएन नता उहाँले तिमोथीलाई उसको रोगलाई सराप्न नै निर्देशन दिनुभयो नता ती रोगहरूमाथि "विश्वासको वचन" उच्चारण गर्न नै भन्नुभयो।

(2) ट्रोफिमसको उदाहरण (२ तिमोथी ४:२०)। पावलले ट्रोफिमसलाई मिलेटसमा विरामी अवस्थामै छोड्नुपऱ्यो। तिनको अलौकिक चङ्गाइ गरिएन।

(3) पावलको उदाहरण (२ कोरिन्थी १२:७-१०)। तीन-तीन पटक पावलले परमेश्वरसित यस समस्यालाई हटाइन विन्ती गरे, तर बाइबलले भन्दछ, परमेश्वरले सो गर्न इन्कार गर्नुभयो। उक्त दुर्बलता उसकै आत्मिक उन्नतिका लागि उसले बोकिरहनुपर्छ भनेर परमेश्वरले पावललाई भन्नुभयो। यो जानेपछि पावलले आफूलाई परमेश्वरको इच्छामा सुम्पे र बुद्धिमानीपूर्वक भने, "यसकारण ख्रीष्टका निम्ति म दुर्बलताहरूमा, निन्दाहरूमा, अभावहरूमा, सतावटहरूमा, क्लेशहरूमा आनन्दित हुन्छु; किनकि जब म कमजोर छु, तब म बलियो हुन्छु" (२ कोरिन्थी १२:१०)। आज ख्रीष्टियनहरूको लागि यो एउटा सिद्ध उदाहरण हो। हामीले चङ्गाइको लागि र परीक्षा र कठिनाइहरूबाट छुटकारा पाउनको लागि प्रार्थना गर्नुपर्छ तर जब परमेश्वरले चङ्गाइ गर्नुहुन्न त्यसबेला हामी परमेश्वरको इच्छामुनि झुक्नुपर्छ र त्यो रोग वा परीक्षालाई ईश्वरीय हातबाटको कुराको रूपमा स्वीकार गर्नुपर्छ। यो विश्वासको अभाव होइन; यो त सर्वशक्तिमान परमेश्वरको सार्वभौमिकताप्रतिको अधीनता हो। कोही-कोही पेन्टेकोस्टलवादीहरूले पावलको दुर्बलता कुनै रोग थिएन भनेर तर्क गर्न खोजेका छन् तर २ कोरिन्थी १२:९ मा "दुर्बलता" भनेर अनुवाद गरिएको ग्रीक शब्द (आस्थनेया) लाई अन्य ठाउँहरूमा "रोग" (यूहन्ना ११:४) "बिरामी" (प्रेरित २८:९) भनेर अनेर अनुवाद गरिएको छ।

2) आज परमेश्वरले याकूब ५:१३-१५ को नमुनाअनुसार चङ्गाइ गर्ने गर्नुहुन्छ। यस खण्डमा एउटा सार्वजनिक चङ्गाइ सभाको नभई व्यक्तिगत चङ्गाइको प्रसङ्ग प्रस्तुत गरिएको छ अनि यसमा "चङ्गाइको वरदान" भएको व्यक्तिको कुनै कुरा छैन। यसमा केवल मण्डलीका एल्डरहरूको उल्लेख छ जोहरूले विरामी व्यक्तिलाई तेलले अभिषेक गर्दछन् र उसमाथि प्रार्थना गर्दछन्।

3) हामीले ख्रीष्ट नफर्कुन्जेल आफ्नो महिमित अवस्था प्राप्त गर्नेछैनौ भनेर रोमी ८:२२-२५ ले हामीलाई सिकाउँदछ। त्यसबेलासम्म हामीले यस पापले श्रापित संसारमा सङ्कष्टहरू, दुःखहरू र मृत्युको अनुभव गर्नुपर्नेछ जसअन्तर्गत रोग-बिमार पनि पर्दछ।

4) येशूले आश्चर्यकर्महरूको पछि लाग्नेहरूलाई चेताउनी दिनुभएको छ (मत्ती १२:३८-३९)। यो खण्ड आधुनिक पेन्टेकोस्टल-क्यारिज्मेटिक लहरलाई एउटा कडा हप्की हो।

5) मण्डली युगको अन्ततिर झूटा चिन्ह र चमत्कारहरू हुनेछन् भनेर बाइबलले चेताउनी दिएको छ (मत्ती २४:२४)। यस युगको आखिरी चरणको एउटा चरित्र भनेको झूटा भविष्यवक्ताहरूद्वारा गरिने "ठूला-ठूला चिन्ह र चमत्कारहरू" हुन् भनेर येशूले चेताउनी दिनुभयो। यसकारण यो स्पष्ट बुझिने कुरा हो कि कसैले

आश्चर्यकर्महरू गर्दैछ भन्दैमा ती आश्चर्यकर्महरू परमेश्वरबाटकै हुन् भन्ने होइन। ती त शैतानबाटका हुन सक्छन्! भिन्नता जान्न सक्ने एउटै उपाय मात्र छ, त्यो हो तिनीहरूको शिक्षालाई बाइबलद्वारा जाँच्नु। हामीले "सबै कुराहरू जाँच्नुपर्छ" (१ थेस्सलोनिकी ५:२१)। हामी ती बेरियालीहरू जस्तै हुनुपर्छ जोहरूले "यी कुराहरू यस्तै हुन् कि होइनन् भनी दिनहुँ पवित्र शास्त्रहरूमा खोजी गर्दथे" (प्रेरित १७:११)। यही एउटै मात्र उपायद्वारा हामीले आफैलाई शैतानका धूर्त युक्तिहरूबाट जोगाउन सक्छौं।

## आश्चर्यकर्महरू सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. आश्चर्यकर्महरू सम्बन्धी चार आधारभूत बाइबलीय शिक्षाहरू के-के हुन्?
2. येशूका आश्चर्यकर्महरूको उद्देश्य के थियो?
3. विश्वासीहरूले उहाँले गरेका कामहरूभन्दा ठूला-ठूला कामहरू गर्नेछन् भन्ने येशूको भनाइको तात्पर्य के थियो?
4. प्रेरितहरूद्वारा गरिएका आश्चर्यकर्महरूको उद्देश्य के थियो?
5. कुनचाहिँ पदमा पावलले "प्रेरितका लक्षणहरू" भन्ने कुराको उल्लेख गरे?
6. यदि त्यस्ता आश्चर्यकर्महरू सर्वसाधारण रूपमा जोकोही विश्वासीले गर्न सक्ने भएका भए प्रेरितको लक्षणको कुनै __________ हुने थिएन।
7. विश्वासीको रोग-बिमारलाई परमेश्वरले सधैं निको पार्नुहुन्न भनेर प्रमाणित गर्ने नयाँ नियममा पाइने तीनओटा उदाहरणहरू कुन-कुन हुन्?
8. नयाँ नियमको कुन पुस्तकको कुन अध्यायमा विरामीको लागि कसरी अभिषेक गर्ने र प्रार्थना गर्ने भनेर बताइएको छ?
9. चिन्हहरूको खोजी गर्ने व्यक्तिहरूको बारेमा येशूले के भन्नुभयो?
10. विश्वासी जन शैतानको बहकाउदेखि कसरी बच्न सक्छ?

# सबै कुरा जाँच्ने मनस्थिति

**कण्ठ गर्नुपर्ने पदहरू: भजनसङ्ग्रह ११९:१२८; हितोपदेश १४:१५; प्रेरित १७:११; २ कोरिन्थी १०:५; कलस्सी २:८; १ थेस्सलोनिकी ५:२१; १ पत्रुस ५:८**

आत्मिक विजय पाउनलाई एक ख्रीष्टियनले अनिवार्य रूपमा विकास गर्नुपर्ने एउटा कुरा हो जाँच गर्ने मनस्थिति। यसको मतलब उसले कुनै पनि कुरालाई त्यो ठीक छ कि छैन, त्यो साँचो हो कि होइन भनेर बाइबलले जाँच्न सिक्नुर्छ।

म प्रभुलाई धन्यवाद चढाउँदछु कि मलाई ख्रीष्टमा डोऱ्याउने व्यक्तिले यो कुरा मलाई सिकाउनुभयो जसको फलस्वरूप मैले आफ्नो विश्वासी जीवन सबै कुरा जाँच्ने दृष्टिकोणका साथ प्रारम्भ गर्न सकैँ। यसले मलाई अनेकौं आत्मिक जोखिमहरूदेखि जोगाएको छ। हामी दक्षिण फ्लोरिडादेखि मेक्सिकोसम्म यात्रा गर्ने क्रममा खाडीको किनारनेर कुनै एक ठाउँमा एउटा इसाई पुस्तक पसलमा छिरेका थियौं। त्यो ठाउँ मोबाइल, आलबामा थियो जस्तो लाग्छ। उनले मलाई एउटा किङ्ग जेम्स बाइबल किनिदिनुभयो अनि त्यसपछि उहाँले त्यहाँ बिक्रीमा राखिएका सबै पुस्तकहरूलाई देखाउँदै भन्नुभयो, "तिमी एकदम होशियार हुनुपर्छ र सबै कुरालाई परमेश्वरको वचनले जाँच्नुपर्छ। मान्छेमाथि भरोसा राख्न सकिन्न; 'ठूला-ठूला नामहरू' माथि भरोसा राख्न सकिन्न। धेरै झूटा शिक्षकहरू हुनेछन् भनेर बाइबलले चेताउनी दिएको छ।" यही बुद्धिमानी सल्लाहका साथ मैले आफ्नो ख्रीष्टिय जीवन प्रारम्भ गरेँ।

यस प्रकारले जाँच्ने मनस्थितिलाई आज इसाई भन्नेहरूको बीचमा तिरस्कार गर्ने गरिन्छ, "इभान्जेलिकलहरू" का बीच समेत। म पहिलो पटक पत्रकारको अधिकार सहित एउटा एक्यूमेनिकल (एकतावादी) सम्मेलनमा उपस्थित हुँदाको कुरा म सम्झना गर्दछु। त्योचाहिँ सन् १९८७ मा न्यू ओर्लियन्समा थियो अनि त्यहाँ ४० ओटा बेग्ला-बेग्लै सम्प्रदायहरूबाट आएका दसौं हजार मानिसहरू उपस्थित थिए। त्यसमा रोमन क्याथोलिकहरूको ठूलै सहभागिता रहेको थियो। हरेक बिहान रोमन क्याथोलिकहरूको मास (mass) हुन्थ्यो। एक दिन म एकजना एपिस्कोपेली (Episcopalian) साधारण अगुवासित कुरा गर्दै थिएँ र उसले आफ्नो मुक्तिको गवाही बाँडे जुनचाहिँ शास्त्र-सम्मत नै सुनिन्थ्यो। तब मैले यस्तै एउटा प्रश्न गरेँ, "यदि तपाईं बाइबल विश्वास गर्नुहुन्छ र प्रभुलाई चिन्नुहुन्छ भने तपाईं कसरी यो धर्मभ्रष्ट खिचडीको बीचमा आरामसँग बस्न सक्नुहुन्छ?" उनले जवाफ दिए, "तपाईं अलिक खुकुलो हुनुपर्छ; भ्रममा परिएला कि भनेर तपाईं बढ्तै डर मान्नुहुन्छ।"

यो त खतराजनक र ज्यादै मूर्ख सल्लाह हो जब हामी निम्न चेताउनीहरूलाई विचार गर्दछौं।

**मत्ती ७:१५-१७**

1. झूटा अगमवक्ताहरूले मानिसहरूलाई धोका दिनेछन् भनेर येशूले चेताउनी दिनुभयो। आज यति धेरै झूटा मण्डलीहरू देखेर हामी अचम्म मान्नुपर्दैन। त्यहाँ झूटा अगमवक्ताहरू हुनेछन् भनेर हामीले अघिबाटै जान्नुपर्छ र उनीहरूको बहकाउमा नपर्नलाई हामी होशियार हुनुपर्छ।

2. झूटा अगमवक्ताहरू बाह्यरूपमा साँचा अगमवक्ताहरू जस्तै देखा पर्नेछन् र बेहोशियारीहरूलाई धोका दिनेछन् भनेर येशूले चेताउनी दिनुभयो। उनीहरूसित बाइबल हुन्छ; उनीहरू येशूकै कुरा गर्छन्, मुक्तिकै कुरा गर्छन्, असल जीवन जिउने कुरा गर्छन्। उनीहरूका मण्डलीहरू हुन्छन् र उनीहरू शिक्षा सिकाउँछन्।

3. झूटा शिक्षकहरू उनीहरूको फलबाट चिनिन्छन् (पद १६-२०)।

1) झूटा शिक्षकहरूको फल उनीहरूका कामहरू होइनन्; पद २२-२३ मा येशूले बताउनुभयो झूटा शिक्षकहरूले "धेरै अचम्मका कामहरू" गर्नेछन्।

2) झूटा शिक्षकलाई पक्का गरी चिनाउने फल उसको झूटा शिक्षा हो (प्रेरित २०:३०; रोमी १६:१७; गलाती १:६-७; १ तिमोथी १:३; २ पत्रुस २:१; १ यूहन्ना ४:१-२)। मदर टेरेसालाई विचार गर्नुहोस्। तिनले संसारको सबभन्दा गरीब ठाउँहरूमा गई गरीब र रोगीको सेवा गर्दै थुप्रै असल कामहरू गरिन्, तर तिनले ख्रीष्टलाई चिन्दिनथिन् र तिनले एक झूटा सुसमाचारमाथि भरोसा गर्थिन् र तिनले झूटा शिक्षाहरू सिकाइन्। सन् २००७ मा प्रकाशित मदर टेरेसा: कम बी माइ लाइट (*Mother Teresa: Come Be My Light*) नामक पुस्तकमा यी क्याथोलिक भिक्षुणीले आफ्ना क्याथोलिक कन्फेसरहरू (confessors) र अगुवाहरूलाई ६६ वर्षभन्दा पहिलादेखि व्यक्त गरेका स्वीकारोक्तिहरू अभिलेख गरिएका छन्। उनले आफ्नो आत्मिक अवस्थालाई "मेरो अन्धकार" र येशूलाई "अनुपस्थित जन" ("Absent One") भनेर तारन्तार उल्लेख गर्छिन्। सन् १९५३ को मार्चमा उनले लेखिन्, "...मभित्र यस्तो भयङ्कर अन्धकारले बास गरेको छ, मानौं सर्वस्व नै मरेको छ। मैले यो 'काम' लगभग शुरु गरेदेखि नै यस्तो अवस्था रहँदै आएको छ।" एकजना कन्फेसरको सल्लाहबमोजिम उनले येशूलाई यसरी लेखिन्: "म बोलाउँछु, म पक्रन्छु, म चाह गर्छु -- अनि जवाफ दिने त्यहाँ कोही छैन -- साहारा कोही छैन -- अहँ, कोही छैन। एकलो...मेरो विश्वास कहाँ छ -- भित्री गहिराइमा समेत त्यहाँ केही छैन, तर रित्तोपना र अन्धकार। ...जब म आफ्ना विचारहरूलाई स्वर्गतर्फ उचाल्न खोज्छु -- तब कायल पार्ने यस्तो रित्तोपना हुन्छ कि तिनै विचारहरू धारिला चक्कूझैं फर्कन्छन् र मेरो प्राणलाई छियाछिया पार्छन्। -- परमेश्वर मलाई प्रेम गर्नुहुन्छ भनी मलाई बताइएको छ -- तरैपनि अन्धकार र चिसोपना र रित्तोपनाको वास्तविकता यति भयङ्कर छ कि मेरो प्राणलाई कुनै कुराले छुँदैन।" सन् १९६२ मा उनले लेखिन्, "यदि म कुनै हालतले सन्त बनें भने -- निश्चय नै म 'अन्धकार' को सन्त हुनेछु।" सन् १९८४ मा हामीले मदर टेरेसाको संस्था मिसनरीज् अफ च्यारीटीका सिस्टर आनसित अन्तर्वार्ता लिएका थियौं। आनचाहिँ नेपालमा वृद्धाहरूका बीच काम गर्दैथिइन्; मर्न लागेका हिन्दूहरूलाई ख्रीष्टमा ल्याउन खोज्ने उनीहरूको उद्देश्य नरहेको बरु उनीहरूकै देवदेवीहरूलाई पुकार्नलाई आफूहरूले निर्देशन दिने गरेको कुरा उनले हामीलाई बताइन्।

**मत्ती २४:४-५,११,२४**

1. झूटा अगमवक्ताहरू उठ्नेछन् र मण्डली युगको अन्ततिर तिनीहरू वृद्धि हुनेछन् भनेर येशूले चेताउनी दिनुभयो। जति हामी उहाँको आगमनको नजिक आइपुग्छौं उति नै बढी आत्मिक भ्रमको हामीले सामना गर्नुपर्नेछ अनि त्यो कुरा आज हाम्रै दिनहरूमा देख्दैछौं। धेरैजसो मण्डलीहरू बाइबलसँग मेल खाँदैनन्। झूटा शिक्षकहरूको बिगबिगी छ।

2. अन्तिम दिनहरूको भ्रम यति प्रभावकारी हुनेछ, "यहाँसम्म कि सम्भव भए ता तिनीहरूले चुनिएकाहरूलाई पनि बहकाउनेछन्।" यो त भयङ्कर खाले भ्रम हो। त्यसैले हामीले एकदम यत्न गर्नुपर्छ र हामी एकदम होशियार हुनुपर्छ!

3. होशियार भएर र जाँच गर्ने मनस्थिति अपनाएर आफूलाई र आफ्ना प्रियजनहरूलाई सुरक्षित राख्नु विश्वासी जनको जिम्मेवारी हो।

4. झूटा शिक्षकहरूले "चिन्ह र चमत्कारहरू" द्वारा धोका दिन्छन् भनेर येशूले चेताउनी दिनुभयो। यस सन्दर्भमा हामीलाई पेन्टेकोस्टल-क्यारिज्मेटिक लहरको सम्झना आउँछ जसमा आश्चर्यकर्महरूलाई ठूलो जोड दिइन्छ। येशूको चेताउनीलाई विचार गरेपछि हामी जान्दछौं कि कुनै प्रचारकको सेवकाइको साथसाथमा कथित आश्चर्यकर्महरू हुन्छन् भन्दैमा त्यो परमेश्वरबाटको हो भन्ने हुँदैन। हरेक सेवकाइलाई बाइबलले नै जाँच्नुपर्छ, केवल बाइबलले मात्र।

5. येशूले झूटा ख्रीष्टहरूको बारेमा चेताउनी दिनुभयो र आज संसारमा त्यस्ताहरूको बिगबिगी छ। रोमन क्याथोलिक चर्चले रोटीको एउटा चोख्याइएको टुक्रालाई र सामर्थी मरियमको काखमा बस्ने एक दुर्बल मान्छेलाई 'ख्रीष्ट' मानेको छ। यहोवाका साक्षीहरू र यूनिटेरियनहरूले ईश्वरत्वबिहीन ख्रीष्टलाई 'ख्रीष्ट' भन्छन्। मोर्मनहरूले मानेका 'ख्रीष्ट' शैतानका दाजु हुन् रे। नयाँ युगी (New Ager) हरूले मानेका 'ख्रीष्ट' ले भारतमा आएर रहस्यवादी ज्ञान हासिल गरे। डा भिन्ची कोड (*Da Vinci Code*) का 'ख्रीष्ट' एक विवाहित व्यक्ति थिए। लिबरेशन थिअलोजी (Liberation Theology) का 'ख्रीष्ट' क्रान्तिकारी लडाकु हुन्। जीजस सेमिनार (Jesus Seminar) थरीका 'ख्रीष्ट' आफू के गर्दैछु सो नजानेका एक सम्भ्रमित मानिस थिए। ख्रीष्टिय रक सङ्गीत (Christian Rock Music) का पक्षधरका 'ख्रीष्ट' चाहिँ रमझम गर्ने ठाँटिला व्यक्ति हुन्। इमर्जिङ्ग चर्चका 'ख्रीष्ट' एक पर्यावरणवादी (environmentalist) हुन्। इस्लामका 'ख्रीष्ट' क्रूसमा मरेनन्।

## यूहन्ना ८:३१-३२

1. सत्य जान्ने र पाप तथा भ्रमबाट बच्ने एउटै मात्र उपाय भनेको येशूको वचनमा लागिरहनु हो। स्मरण होस्, उहाँले "वचनहरू" (बहुवचन) भन्नुभएन तर "वचन" (एकवचन) भन्नुभयो। यसले पवित्र शास्त्र अर्थात् बाइबललाई जनाउँछ। परमेश्वरको वचन ईश्वरीय प्रेरणाद्वारा लेखियो, क्याननीकरण (अध्याय १९ - बाइबल, भाग २ हेर्नुहोस्) गरियो अनि बाइबलमा हाम्रो लागि संरक्षण गरियो। तसर्थ, यदि हामी सत्य जान्न चाहन्छौं भने हामीले यसैलाई पढ्नुपर्छ, अध्ययन गर्नुपर्छ, कण्ठ गर्नुपर्छ, मनन गर्नुपर्छ, पालन गर्नुपर्छ र सबै कुरालाई यसैद्वारा जाँच्नुपर्छ।

2. यो नै एक मात्र उपाय हो र साथै यो उपाय पक्का पनि छ। हामीलाई येशूको प्रतिज्ञा छ: यदि हामी उहाँको वचनमा लागिरह्यौं भने हामीले सत्य **जान्नेछौं**। एक नयाँ ख्रीष्टियन हुँदा परिश्रमसाथ बाइबल अध्ययन गर्न र गत ३७ वर्षसम्म यसलाई निरन्तरता दिइरहन मलाई अभिप्रेरित गरेको एउटा प्रतिज्ञा यही हो। म सत्य जान्न चाहन्छु र ख्रीष्टले मलाई उहाँको प्रतिज्ञा दिनुभएको छ। कुनचाहिँ शिक्षा ठीक हो भनेर हामी निश्चित हुन सक्दैनौं त्यसैले हामी सबैजना हातेमालो गरौं भनेर इसाई जगतभित्र आवाज उठाउने धेरैजना छन्, तर हामीले जान्न सक्छौं भनेर येशूले आफ्नो प्रतिज्ञा दिनुभएको छ। दाँज्नुहोस्, यूहन्ना ७:१७।

## प्रेरित १७:११

1. सबै कुराहरूलाई पवित्र शास्त्रहरूद्वारा जाँच्नेहरू भएकाले बेरियाका यहूदीहरूको प्रशंसा गरिएको छ। आधुनिक इसाई जगतमा यो लोकप्रिय ठानिदैन तर परमेश्वरको वचनमा भने यसलाई "उत्तम" मानिएको छ।

2. उनीहरूले दिनहुँ पवित्र शास्त्रहरूमा खोजी गर्दथे भन्ने कुराको ख्याल राख्नुहोस्। परमेश्वरको वचनले कुनै पनि कुरा जाँच्ने हो भने तपाईंले पहिले वचनलाई अध्ययन गर्नुपर्छ।

## १ थेस्सलोनिकी ५:२१

1. हामीलाई सबै कुरा जाँच्न जोडदार अर्ती दिइएको छ। यो त धेरै कुरा समेट्ने ज्यादै फराकिलो जिम्मेवारी हो। हामीले आफ्नो जीवनमा सबै कुराहरूलाई परमेश्वरको पवित्र वचनले जाँच्नुपर्छ, केवल इसाई शिक्षा र "माण्डलिक" कुराहरूलाई मात्र होइन, तर पेशा, सङ्गत, फेशन, मनोरञ्जन, विवाह, छोराछोरी हुर्काउने तरिका, सङ्गीत र अन्य सबै कुराहरू।

2. जुन कुरा असल छ त्यसलाई बलियो गरी समातिराख्न पनि हामीलाई जोडदार अर्ती दिइएको छ जुनचाहिँ ती कुराहरू हुन् जो परमेश्वरको वचन अनुरूप छन् र वचनद्वारा समर्थन गरिएका छन्।

## २ कोरिन्थी १०:५

1. विश्वासीले हरेक विचारलाई सत्यको कैदी बनाएको परमेश्वर चाहनुहुन्छ। यो त ज्यादै फराकिलो आज्ञा हो।

2. यसो गर्नु भनेको हामीले आफ्ना मनहरूलाई परमेश्वरको वचनले भर्नु हो र हाम्रो हृदयमा छिर्ने हरेक विचारलाई उक्त वचनले नापजोख गर्नु हो।

3. मान्छेको कल्पना अर्थात् मन एउटा भयङ्कर युद्धभूमि हो र होशियारसाथ यसको सुरक्षा गरिनुपर्छ। आधुनिक मनोरञ्जन उद्योगले आफ्ना शक्तिशाली बन्दुकहरूलाई तेर्साएर मान्छेको कल्पनालाई तारो बनाएको छ। शैतानको अगुवाइमा मनोरञ्जनका रचनाकारहरू विलासीपनद्वारा कल्पनाशक्तिलाई भ्रष्ट पार्न चाहन्छन् र व्यर्थका संसारहरूको सृजना गरेर मान्छेको विचारलाई जीवित परमेश्वरदेखि अन्यत्र मोड्न चाहन्छन्। विशेष गरी डरलाग्दो कथा र कल्पित भविष्यमा आधारित कथा भएका चलचित्रहरू विश्वासीलाई हानिकारक हुन्छन्।

## २ कोरिन्थी ११:३-४

1. ख्रीष्टियनहरूलाई ठूलो आत्मिक खतरा छ (२ कोरिन्थी ११:३-४)। कोरिन्थीहरू शिक्षाको सम्बन्धमा होशियार नभएकाले पावल उनीहरूको लागि डराउँछन्।

2. शैतानले शिक्षालाई जटिल बनाउने काम गर्छ ("सीधापनबाट तिमीहरूका मनहरू भ्रष्ट हुन्छन् कि", २ कोरिन्थी ११:३)। यसका उदाहरणहरू हुन् ईश्वरशास्त्रीय आधुनिकवाद (theological modernism), क्याल्भिनवादी रिफर्म्ड ईश्वरशास्त्र (Calvinistic Reformed theology), र इमर्जिङग चर्चका शिक्षा। परमेश्वरको वचनको सत्यता अत्यन्तै गहिरो छ, तर यसमा यस्तो सरलता पनि छ कि सर्वसाधारण व्यक्तिहरूले यो बुझ्न सक्छन् (लूका १०:२१)।

3. पावलले झूटा ख्रीष्टहरू, झूटा सुसमाचारहरू र झूटा आत्माहरूको चेताउनी दिए। विश्वासी होशियार हुनुपर्छ र कसैले ख्रीष्टको बारेमा वा सुसमाचारको बारेमा वा आत्माको बारेमा कुरा गर्दैमा उसलाई विश्वास गर्नुहुन्न। सबै कुरालाई परमेश्वरको वचनद्वारा होशियारपूर्वक जाँच्नुपर्छ।

4. प्रेरितहरूको शिक्षा नै सत्यताको मानदण्ड हो भनेर हामीले पद ४ मा देख्छौं ("हामीले प्रचार नगरेको")। हामीसित प्रेरितहरूको शिक्षा नयाँ नियमका शास्त्रहरूमा छ। यो नै "पवित्र जनहरूलाई एकैचोटी सदाका निम्ति सुम्पिएको विश्वास" हो (यहूदा ३) जसद्वारा हामीले शिक्षा र अभ्यासलाई नापजोख गर्नपर्छ।

5. शैतान धूर्त छ त्यसैले धेरै बुद्धिमानीसाथ र जोशका साथ त्यसको सामना गरिनुपर्छ (२ कोरिन्थी ११:३)।

6. शिक्षागत विषयमा फराकिलो दृष्टिकोण (broad-mindedness) अपनाउनु शारीरिकपनको प्रमाण हो, आत्मिकपनको होइन। कोरिन्थीहरू शारीरिक भएकाले (१ कोरिन्थी ३:१-२), तिमीहरूले झूटा शिक्षकहरूलाई "राम्ररी सहन सक्नेथ्यौ" (पद ४) भनेर पावलले उनीहरूलाई भने। यसको मतलब उनीहरू झूटा शिक्षालाई पछयाउने थिए नै भन्ने त होइन तर उनीहरू त्यसलाई ठाउँ दिनेथिए; उनीहरू त्यसलाई ठीकसँग सामना नगर्नेवाला थिए। "दुवै पाटालाई देख्न सक्नु" आत्मिकताको लक्षण होइन। सत्यताको एउटै मात्र पाटा हुन्छ! सत्यको बाटो साँघुरो हुन्छ (मत्ती ७:१४)।

7. झूटा शिक्षकहरू सच्चा शिक्षकहरूको नक्कल गर्छन् (२ कोरिन्थी ११:१३-१५)। उनीहरू नयाँ कुराहरू आविष्कार गर्दैनन्; उनीहरू पुराना कुरालाई बङ्ग्याउँछन्। उनीहरूका चर्च हुन्छन्, बाइबल हुन्छन् र येशू प्रचार गर्छन्। कुनै कुरा जति सत्यसित मिल्दोजुल्दो हुन्छ त्यति नै त्यसमा भएको भ्रमलाई छुट्ट्याउन गाह्रो पर्छ।

**कलस्सी २:८**

1. फेरि हामीलाई झूटा शिक्षकहरूदेखि होशियार रहन अर्ती दिइएको छ। हामीसँग जाँच्ने मनस्थिति हुनुपर्छ।

2. झूटा शिक्षकहरू अरूलाई "शिकार बनाउन" अर्थात् लुट्न चाहन्छन्। झूटा शिक्षकहरू विश्वासीहरूलाई परमेश्वरको वचनमाथिको उनीहरूको पूर्ण निश्चयता र ख्रीष्टको अनुग्रमाथिको पूर्ण निश्चयतालाई लुट्न चाहन्छन् र त्यसको सट्टामा मानवीय परम्परा र तत्त्वज्ञान प्रतिस्थापन गर्न चाहन्छन्।

3. यी झूटा शिक्षकहरूलाई पराजित गर्ने उपाय भनेको बाइबललाई ईश्वरीय प्रेरणाद्वारा दिइएको वचनको रूपमा र विश्वास र अभ्यासको निम्ति एक मात्र अधिकारको रूपमा बलियो गरी पक्रनु हो (२ तिमोथी ३:१६-१७)।

**प्रकाश २:२,६**

1. झूटा शिक्षकहरूलाई जाँच गरेकोमा र तिनीहरूलाई अस्वीकार गरेकोमा एफेसीको मण्डलीलाई तारिफ गरिएको छ। येशू यस कुरामा खुसी हुनुभयो। प्रत्येक विश्वासी जन र प्रत्येक मण्डलीले यस नमुनालाई पछयाउनुपर्छ।

2. उक्त मण्डलीले यस कुरामा बलियो अडान लिएको कुरालाई ख्याल राख्नुहोस्। तिनीहरूले झूटा शिक्षकहरूलाई "झूट" भन्ने संज्ञा दिए र उनीहरूका कामहरूलाई घृणा गरे।

**हितोपदेश १४:१५**

हितोपदेशको पुस्तकले बुद्धिमान र मूर्खको तुलना गर्दछ। यस पदमा मूर्ख व्यक्ति त्यसलाई भनिएको छ जो सजिलै विश्वास गर्छ र जसलाई सजिलै बहकाउन सकिन्छ र जसले सबै कुरालाई परमेश्वरको वचनद्वारा होशियारपूर्वक जाँच गर्दैन। "बोधा" को माने सजिलोसँग ठग्न सकिने भन्ने हुन्छ। "बोधा" ले ख्रीष्टिय किताबहरू पढ्छ, प्रवचनहरू सुन्छ र समारोहहरूमा भाग लिन्छ र जाँचै नगरीकन सबै कुरा निल्छ।

**भजनसङ्ग्रह ११९:१२८**

1. भजनका लेखकले परमेश्वरको वचनलाई प्रेम गर्ने र हरेक झूटा कुरालाई घृणा गर्ने बारेमा नमुना प्रस्तुत गर्छन्। यसलाई भनिन्छ जाँच्ने मनस्थिति। बाइबल नै सत्यको अविवाद्य मानदण्ड हो र जीवनका हरेक कुरालाई यस मानदण्डले नापजोख गरेर हामी भ्रमदेखि बच्न सक्छौं।

2. विश्वासी जन सत्यका निम्ति जोशिलो हुनुपर्छ भन्ने कुरा हामी यहाँ देख्छौं। भजनका लेखक यस बारेमा मनताता थिएनन्। उनले परमेश्वरको वचनलाई अत्यन्तै आदरभावसाथ लिएका थिए र तिनले हरेक झूटा मार्गलाई घृणा गरे।

## सबै कुरा जाँच्ने मनस्थिति सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. झूटा भविष्यवक्ताहरूदेखि होशियार हुनलाई येशूले मानिसहरूलाई कुन पुस्तकको कुन अध्यायमा चेताउनी दिनुभयो?
2. झूटा शिक्षकहरूले किन धेरैजनालाई बहकाउन सक्छन्?
3. के झूटा शिक्षकहरूले असल कामहरू गर्न सक्छन्?
4. एक झूटा शिक्षकको फल के हो?
5. झूटा शिक्षकहरूले ________________ द्वारा बहकाउँछन् भनेर मत्ती २४ मा येशूले चेताउनी दिनुभयो।

6. आजका केही झूटा ख्रीष्टहरू के-के हुन्?
7. हामी आज येशूको वचन कहाँ पाउन सक्छौं?
8. उहाँको वचनमा लागिरहनेहरूले सत्य जान्नेछन् भनेर येशूले कुन खण्डमा प्रतिज्ञा गर्नुभयो?
9. बेरियाका यहूदीहरूलाई किन तारिफ गरियो?
10. सबै कुरा जाँच भनेर कुन पदले भन्छ?
11. ख्रीष्टको आज्ञाकारी बनाइनलाई हाम्रा कतिओटा विचारहरूलाई कैद गरिनुपर्छ?
12. यो काम हामी कसरी गर्न सक्छौं?
13. कोरिन्थका विश्वासीहरूका लागि पावल किन डराएका थिए?
14. ख्रीष्टमा भएको सीधापनालाई कसले भ्रष्ट पार्दछ?
15. पावलले कोरिन्थीहरूलाई झूटा __________, झूटा __________ र झूटा ___________ को बारेमा चेताउनी दिए।
16. शिक्षागत सवालहरूमा चौडा विचारधारा राख्नु किन असल गुण होइन?
17. झूटा शिक्षकहरू __________ कुरा आविष्कार गर्दैनन्; उनीहरू _________ कुराहरूलाई बङ्ग्याउँछन्।
18. तत्त्वज्ञान र परम्पराको शिक्षा दिने झूटा शिक्षकहरूलाई हामी कसरी पराजित गर्न सक्छौं?
19. के तिनीहरूले झूटा शिक्षकहरूलाई प्रकाशमा ल्याएकाले एफेसीको मण्डलीलाई येशूले हप्काउनुभयो?
20. के झूटा शिक्षालाई घृणा गर्नु ठीक हो?

# अन्य भाषा

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: प्रेरित २:४-६; १ कोरिन्थी १२:३०; १३:८; १४:२०-२२, २७, ३३, ३४, ३७, ४०**

पेन्टेकोस्टल-क्यारिज्मेटिक लहर (Pentecostal-Charismatic Movement) मा बाइबलमा उल्लेखित अन्य भाषाको वरदानलाई ठूलो जोड दिइन्छ तर बाइबलको शिक्षाअनुसार यो एउटा अस्थायी अभ्यास थियो जुनचाहिँ पहिलो शताब्दिका मण्डलीहरूमै सीमित थियो। अन्य भाषाको शिक्षा सम्बन्धी सातओटा महत्त्वपूर्ण पाठहरू निम्नानुसार छन्:

### १. बाइबलीय अन्य भाषाहरू संसारमा बोलिने वास्तविक भाषाहरू थिए (प्रेरित २:४-११)

बाइबलीय अन्य भाषाहरूको बारेमा एउटा आधारभूत तथ्य यो हो कि ती साँच्चीकै भाषाहरू थिए न कि बुझ्न नसकिने कुनै किसिमको बकबक। "प्रथम उल्लेख" को नियम (law of first occurrence) बाइबल व्याख्याको महत्त्वपूर्ण नियम हो; नयाँ नियममा अन्य भाषाको प्रथम अभ्यास प्रेरित २:६-११ मा देखिन्छ। त्यहाँ हामी देख्छौं अन्य भाषाको वरदान भनेको आफूले कहिल्यै नसिकेको भाषामा बोल्न सक्ने अलौकिक क्षमता थियो। यहाँ कम्तीमा चौध-पन्ध्रओटा फरक-फरक भाषाहरूको उल्लेख भएको छ। यी चाहिँ सामान्य गरी संसारमै बोलिने भाषाहरू थिए जो त्यसबेला प्रचलित थिए। यहूदी चेलाहरूहरूले यी भाषाहरूमा बोल्न सके यद्यपि उनीहरूले तिनलाई सिकेकै थिएनन्। १ कोरिन्थी १२-१४ मा उल्लेखित अन्य भाषाको वरदान प्रेरितको पुस्तकको भन्दा फरक थियो भनेर विश्वास गर्नुपर्ने त्यहाँ कुनै कारणै छैन। दुवै ठाउँमा अन्य भाषाको अभ्यास आफूले कहिल्यै नसिकेको संसारकै भाषा बोल्ने काम थियो। दुवैमा उही ग्रीक शब्द "ग्लोस्सा" प्रयोग भएको छ। यस शब्दले कि त जिब्रोलाई नै जनाउँदछ (मर्कूस ७:३३) कि त जिब्रोले बोलिने भाषालाई।

### २) बाइबलमा उल्लेखित अन्य भाषा परमेश्वरको इच्छामा प्रदान गरिएको अलौकिक वरदान थियो (प्रेरित २:४; १ कोरिन्थी १२:७-११)

योचाहिँ अन्य भाषाहरू सम्बन्धी आधारभूत सत्यता हो र यसले हामीलाई यो सिकाउँछ कि अन्य भाषाहरू न बलजफ्ती गरेर न सिकेर आउने कुरा हो; यस तथ्यले वर्तमान पेन्टेकोस्टल र क्यारिज्मेटिकहरूको सामान्य अभ्यासलाई काट्छ। उदाहरणको लागि, डेनिस बेनेट (Dennis Bennet) भन्छन्, "आफ्नो मुख खोल्नुहोस् र बोल्न थाल्नुहोस्। अङ्ग्रेजीमा नबोल्नुहोस् न ता आफूले जान्ने अरू कुनै भाषामा, किनकि तपाईं आफूले जानेकै भाषामा बोल्नुहुन्छ भने परमेश्वरले तपाईंलाई अन्य भाषाहरूमा बोल्न अगुवाइ गर्न सक्नुहुन्न। ...प्रथम पटक बोल्न सिक्दै गरेको एउटा बालकले जस्तै गरी आफ्नो मुख खोल्नुहोस् र आफ्ना ओठहरूमा आउने पहिलो उच्चारण तथा अभिव्यक्तिहरूमा बोल्न थाल्नुहोस्" (*The Holy Spirit and You,* pp.76,77)।

नयाँ नियममा यस्तो कुनै कुरा बिलकुल पाइँदैन। पेन्टेकोस्टको दिनमा चेलाहरू अन्य भाषाहरूमा बोल्न खोजिरहेका थिएनन्। उनीहरूले अन्य भाषामा बोल्न सिकाउने तालिममा भाग लिएका थिएनन्। नयाँ नियमको कहीँ पनि हामीलाई अन्य भाषाहरूमा बोल्न सिकाउने निर्देशनहरू दिइएका छैनन्। यदि तपाईंले कुनै कुरा सिकेर गर्न सक्नुहुन्छ भने त्यो आश्चर्यकर्म हुन सक्दैन!

## ३) अन्य भाषाको वरदानको साथसाथै अन्य भाषाको अनुवाद गर्ने उत्तिकै अलौकिक वरदान पनि हुन्थ्यो (१ कोरिन्थी १४:२७-२८)

तर जब हामी पेन्टेकोस्टल-क्यारिज्मेटिक लहरलाई विचार गर्छौं, "अन्य भाषाको अनुवाद" त एउटा साँच्चीकै विचित्र कुराको रूपमा देखा परेको पाउँछौं किनकि "अन्य भाषाहरू" र "अनुवाद" का बीच कुनै समानता नै पाइँदैन। मैले धेरैपटक तीन वा चार शब्दहरूले बनेको अन्य भाषाको सन्देशलाई सुनेको छु (जस्तै, शालालामा, शालाबामा, शालानूना, शालालामा, शालाबामा, शालानूना) जसलाई एउटा विस्तृत आत्मिक सन्देशको रूपमा अनुवाद गरिएको पाएँ। फ्रान्सका भूतपूर्व पेन्टेकोस्टल फर्नान्ड लेग्रान्डले यो पेन्टकोस्टल "अनुवादको दुविधा" लाई यसरी बयान गर्छन्, **"मैले व्यक्तिगत रूपमा सक्दो ध्यान पुऱ्याई र खुला मनस्थिति लिएर जाँच गर्दा अनुवादका सबै उदाहरणहरूमा मैले मानवीय जालसाजी र चालबाजी बाहेक अरू केही भेटिनँ।"**

लेग्रान्डले एउटा जाँच गर्ने युक्ति निकाले। उनले एक स्कटिश मान्छेले "प्रभुको प्रार्थना" गरेको रिकर्ड गरे र केही क्यारिज्मेटिकहरूलाई त्यसको अनुवाद गर्न लगाए, तर अङ्ग्रेजीको "प्रभुको प्रार्थना" त फ्रान्सेली भाषामा एउटा अर्तीको सन्देशमा परिवर्तित हुन गयो!" (Legrand, *All about Speaking in Tongues,* pp. 47-51)।

लेग्रान्डले अर्को एउटा चुनौती दिने युक्ति पनि निकाले, तर कुनै पनि पेन्टेकोस्टल वा क्यारिज्मेटिकले उक्त चुनौतीलाई स्वीकारेको छैन। "एउटा सभाको आयोजना गर्नुहोस् जहाँ तपाईंहरूमध्ये एकजनाले अन्य भाषामा बोल्नुहोला र तीनजना अरूहरूले चाहिँ छुट्टाछुट्टै बसेर त्यसको अनुवादलाई रिकर्ड गर्नुहोला। मोटामोटी एउटै कुरा बताउनुपर्ने ती अनुवादहरूलाई आपसमा तुलना गरौंला। ... **आजसम्म स्वीकार नगरिएको मेरो यस प्रस्तावलाई अन्य भाषा बोल्ने कुनै पनि क्यारिज्मेटिक समुदायलाई चुनौतीको रूपमा लिखित रूपमा लिएर म यहाँ खडा रहेको छु**" (*All about Speaking in Tongues,* p. 52)।

## ४) बाइबलका अन्य भाषाहरू अविश्वासी इस्राएललाई मण्डलीको शुरुआत भएको छ भन्ने कुराको एउटा चिन्ह थियो अनि उक्त उद्देश्य पूरा भएपछि अन्य भाषाहरू बन्द भए (१ कोरिन्थी १४:२०-२२)

बाइबलीय अन्य भाषाहरूको सम्बन्धमा अर्को आधारभूत सत्यता के हो भने ती चाहिँ मूलतः इस्राएललाई परमेश्वरले सुसमाचार सबै जातिहरूमा फैलाउँदै हुनुहुन्छ भन्ने कुराको चिन्ह थियो। कोरिन्थीहरूले आत्मिक वरदानहरूको दुरुपयोग गर्दैथिए र विशेष गरी अन्य भाषासित उनीहरू मोहित भएका थिए। आत्मिकरूपमा बालकै भएकाले (१ कोरिन्थी ३:१) उनीहरू आफ्ना वरदानहरूको प्रदर्शनी गर्दैथिए। पावलले उनीहरूलाई अन्य भाषाहरूको साँचो उद्देश्य जान्न र फलस्वरूप बालक हुन छाड्न र पूरा बढेको मानिस बन्न आग्रह गर्दछन्। अन्य भाषाहरू यशैया २८:११-१२ को अगमवाणीको पूरा हुवाइ थियो जुन अगमवाणी यहूदीहरूलाई लक्षित थियो।

ती अलौकिक भाषाहरू चाहिँ परमेश्वर सबै मानव जातिहरूसित बोल्दैहुनुहुन्छ र उनीहरूलाई यहूदी लगायत अन्यजाति दुवै मिलेर बनेको एउटा नयाँ आत्मिक संरचनाभित्र आउनलाई बोलाउँदै हुनुहुन्छ भन्ने कुराको अविश्वासी इस्राएललाई चिन्ह थियो। यशैया २८:११ मा "यस जाति" भन्नाले यहूदी जातिलाई जनाँदछ जोसित यशैया अगमवक्ता बोल्दैथिए।

प्रेरितको पुस्तकमा, अन्य भाषाको वरदानमा बोलिएको हरेक अवसरमा यहूदीहरू उपस्थित भएको हामी पाउँछौं (प्रेरित २:६-११; १०:४६; १९:६)। पेन्टेकोस्टको दिनमा र प्रेरित १९ मा अन्य भाषा बोल्नेहरू स्वयं यहूदीहरू थिए। फर्नान्ड लेग्रान्डले निम्न महत्त्वपूर्ण अवलोकन गर्दछन्:

> "उल्लेखनीय कुरा यो छ कि जहाँ-जहाँ यो चिन्ह देखा परेको पाइन्छ त्यो सधैं यहूदीहरूको उपस्थितिमा देखा परेको पाइन्छ। अनि यहूदीहरूको अनुपस्थितिमा, जस्तै एथेन्समा वा माल्टामा, चिन्ह पनि अनुपस्थित भएको पाइन्छ।... उक्त चिन्हको चरित्रमै हामी यहूदीहरूको अविश्वासको चरित्र देख्दछौं। ... उक्त चिन्हले पराइ भाषा बोल्नेहरूको अर्थात् अन्यजातिहरूको मुक्तिको सम्बन्धमा रहेको यहूदीहरूको

अविश्वासलाई दोषी ठहराउने वा सुधार्ने काम गर्दैथियो। ...तर ठीक यही कुरा नै थियो जुनचाहिँ यहूदीहरू विश्वास गर्न चाहँदैनथे। भन्नुपर्दा उनीहरू "सबै मानिसहरूका विरोधमा छन्...तिनीहरूले हामीलाई अन्यजातिहरूले मुक्ति पाऊन् भनेर उनीहरूसित बात गर्न मनाही गर्दछन्" भनेर पावलले लेख्नुपरेको थियो (१ थेस्सलोनिकी २:१५-१६)। ... पराइ जातिहरूसित यहूदीहरू अब एक बनिएको भन्ने धारणा पहिलो शताब्दिका यहूदीहरूलाई पचाउनै नसकिने कुरा थियो। त्यस्तो विचार मात्र पनि यहूदीहरूको पूर्वज प्रवृत्तिलाई उत्तेजित पार्न पर्याप्त थियो। तरैपनि उनीहरूले बुझ्नैपर्ने र अन्तमा स्वीकार गर्नैपर्ने प्रथम कुरा पनि त्यही थियो। त्यसैले तिनीहरूले जुन कुरा विश्वास गर्न सक्दैनथे वा चाहँदैनथे त्यही कुरा उनीहरूले बुझ्न सकून् भनेर परमेश्वरले उनीहरूलाई सबभन्दा सुहाउँदो चिन्ह दिनुभयो; **उहाँले यहूदीहरूलाई अलौकिक तवरले पराइ जातिहरूको भाषाहरू बोल्ने तुल्याउनुभयो। त्यसो गर्नाले परमेश्वरले यहूदी प्रशंसा यी अन्यजातिका भाषाहरूमा व्यक्त गरिन दिनुभयो।** ...

"बाइबललाई सरलै ढङ्गले तर ध्यानपूर्वक पढियो भने सुस्पष्ट तरिकाले 'यहूदी' को गन्ध नभएको जुनसुकै कुराप्रति पनि यहूदीहरूको कडा विरोध रहेको दृश्यलेख प्रकट भएको पाइन्छ। त्यहाँ योनालाई भेट्छौं जसले निनवेका मानिसहरूलाई यतिसम्म घृणा गरे कि उनी परमेश्वरलाई नै अवज्ञा गर्न पुगे। ... आफ्नो खिन्नतामा उनी आफ्नै मृत्युको माग गर्न सम्म पुग्छन्। निनवे नाश नहुने हो भने योना मरोस्! ... शताब्दि-शताब्दिमा यस्तो विरोध र अविश्वासको आत्मा झन्-झन् कठोर बन्दै गयो। यहूदीहरू यावेका हुन् र यावे यहूदीका हुन् भन्ने धर्मान्धताको घेराभन्दा बाहिर रहेका बाँकी सबैजना श्रापित थिए। ...

"उनीहरूको भन्दा बेग्लै भाषा बोल्नेहरूले परमेश्वरको भलोपनको आशिष पाउन सक्छन् भन्ने विचारलाई प्रस्तुत गर्नु भनेको आफ्नो ज्यानलाई जोखिममा पार्नु थियो। तिनीहरूले येशूलाई फ्याँक्न डाँडाको डिलमा लगिहाले किनभने उहाँले यति मात्र भन्नुभएको थियो: "एलियाको समयमा साँढे तीन सालका निम्ति आकाश बन्द हुँदा सारा देशभरि ठूलो अनिकाल लागेको बेलामा इस्राएलमा अनेकौं विधवाहरू थिए, तर सिडोन सारेफातमा एउटी विधवा स्त्रीकहाँ बाहेक तीमध्ये अरू कसैकहाँ एलिया पठाइएनन्। अनि भविष्यवक्ता एलिशाको समयमा इस्राएलमा धेरै कोरीहरू थिए, तर सिरियावासी नामानबाहेक तीमध्ये अरू कोही शुद्ध भएन (लूका ४:२५-२७)।" यस्तो कुरा गर्नु भनेको त, उनीहरूको दृष्टिमा, मृत्युदण्ड दिनलाई पर्याप्त आधार थियो। ...

"प्रेरितको २२ अध्यायको विवरण कस्तो छ! कैदी पावल गढीको सिँढीमाथि उभिएका छन्। भीडलाई एक हातले इशारा गर्छन् र बोल्ने अनुमति माग्छन्। हिब्रूमा बोल्न थाल्दा भीड चुपचाप भई सुन्छ। ... तर उनले जब भन्न थाल्छन्, 'अनि उहाँले मलाई भन्नुभयो, जाऊ, म तिमीहरूलाई टाढाटाढा अन्यजातिहरूकहाँ पठाउनेछु', तब उक्त वाक्य हावामै मानो ब्रेक लागेझैं गरी रोकिन्छ। तिनीहरूले 'अन्यजातिहरू' भन्ने त्यस शब्दसम्म चाहिँ उनको कुरा सुने; अनि कराउँदै हावामा धूलो फ्याँक्नथाले, 'पृथ्वीबाट यस्तो मान्छेलाई हटाइदेऊ, किनकि त्यो जीवित रहनु उचित छैन!' कुन कुराले तिनीहरूलाई त्यस्तो गरी विस्फोट गरायो? केवल यही कुरा कि परमेश्वर चाहिँ सबै मानिस र सबै भाषीका परमेश्वर हुन सक्नुहुन्छ भन्ने अभिव्यक्ति।

"अन्य भाषाहरूको बोली यही महान् सत्यताको चिन्ह थियो जुन सत्यताभित्र प्रवेश गर्नलाई 'यस जाति' का निम्ति चाहिँ त्यो माध्यम नै थियो। ...

"यस किसिमको अविश्वासलाई त्याग्न र परमेश्वरले शुद्ध ठान्नुभएका जातिहरू र भाषाहरूलाई अबदेखि उसो अशुद्ध नठान्नलाई विश्वस्त पारिनुपर्ने जाति केवल यहूदीहरू थिए, ती भाषाहरू जो पवित्र आत्माद्वारा बोलिनलाई समेत अशुद्ध थिएनन्। ... पत्रुसलाई दिइएको तीनदोब्बर दर्शनले जस्तै, पराइ भाषाहरूमा दिइएको यो चिन्हले उनीहरूलाई मुक्ति चाहिँ "जोसुकै", "सबै प्राणी", "सबै भाषी" को लागि हो भन्ने कुराको शिक्षा दिने काम गऱ्यो।' ...

"तर आज **कसलाई** सबै जातिहरू, कुलहरू, राष्ट्रहरू र भाषाहरू मिलेर बनेको आजको मण्डलीमा, पवित्र आत्मा सबै जातिहरू, राष्ट्रहरू, कुलहरू र भाषाहरूमाथि खन्याइएको छ भनेर फेरि दोहोऱ्याईकन **कसलाई** अझ पनि विश्वस्त पारिनु आवश्यक परेको छ र?" (Legrand, *All About Speaking in Tongues*, pp. 24-27, 33)।

परमेश्वरले एउटा नयाँ काम गर्दैहुनुहुन्छ अर्थात् सबै मानिसहरूका बीचमा सुसमाचार पुऱ्याउँदै हुनुहुन्छ अनि दुवै यहूदी र अन्यजातिहरूलाई एउटा नयाँ आत्मिक संरचनाभित्र ल्याउँदैहुनुहुन्छ भन्ने कुरा दर्शाउनलाई, अन्य भाषाहरू, इस्राएल जातिको निम्ति दिइएको एउटा चिन्ह थियो भन्ने कुरा बुझिएन भने अन्य भाषाहरू सम्बन्धी सही बाइबलीय शिक्षा जान्नु असम्भव छ।

अन्य भाषाहरू सम्बन्धी यस सुस्पष्ट बाइबलीय शिक्षा एकलैले सबै आधुनिक अन्य भाषाहरूको अभ्यासलाई झूटो साबित गर्दछ। के त्यहाँ यहूदीहरू उपस्थित थिए त जब सन् १९०१ मा क्यान्सासमा चाल्र्स पारहाम (Charles Parham) को बाइबल स्कूलका विद्यार्थीहरूले "अन्य भाषाहरूमा" बोल्न थाले वा जब सन् १९०६ मा लस एन्जेलेसमा अजुसा स्ट्रिट मिशन (Azusa Street Mission) मा "अन्य भाषाहरू" को प्रस्फुटन भयो? यदि यहूदीहरू त्यहाँ उपस्थित भएका भए, परमेश्वरले सुसमाचार सबै जातिहरूमा पुऱ्याउँदैहुनुहुन्छ र सुसमाचारद्वारा एउटा नयाँ संरचनाको सृजना गर्दै हुनुहुन्छ भन्ने कुरा दर्शाउनलाई उक्त अन्य भाषाहरू बोल्ने कामले कसरी चिन्हको रूपमा काम गर्नेथ्यो? उक्त चिन्ह त १९०० वर्ष अघि दिसकिएको थियो। कुन हिसाबा उक्त चिन्ह पहिलो शताब्दिमा पूर्णरूपमा पूरा भएको थिएन त? यी त प्रत्येक पेन्टेकोस्टल र क्यारिज्मेटिकले जवाफ दिनैपर्ने कठिन प्रश्नहरू हुन्। यहूदीहरूलाई अन्य भाषाहरूको चिन्हको अझै आवश्यकता छ भनेर यदि कसैले जवाफ दिन्छ भने, हामी प्रश्न गर्छौं, "त्यसो भए किन त पेन्टेकोस्टल-क्यारिज्मेटिक अभियानहरूले अन्य भाषाको यस पक्षलाई पूरै बेवास्ता गरेका?" टोपिकाका पारहामले र लस एन्जेलेसका सेमूरले इस्राएलको निम्ति चिन्ह बनोस् भनेर अन्य भाषाहरूको खोजी गरेनन् तर "पवित्र आत्माको बप्तिस्माको" चिन्हको रूपमा त्यसको खोजी गरे। एजी चर्चहरू (Assemblies of God) र चर्च अफ गड अफ प्रोफेसी (Church of God of Prophecy) र फोरस्क्वायर पेन्टेकोस्टलक चर्चहरू (Foursquare Pentecostal Churches) अनि बाँकी सबैको सवालमा यही कुरा भन्न सकिन्छ।

> "मेरो किताब पढेपछि एकजनाले मलाई भने, 'तपाईंको लागि यस सम्बन्धी सम्पूर्ण कुराको सार भनेको यो एउटा चिन्ह हो।' अवश्य हो नि! जस्तै, एउटा चिन्हपाटीलाई लिनुहोस्; कसैले निकै लम्बेचौडा कुरा गर्दै त्यसको उचाइ, त्यसको आकार, त्यसको रङ्ग, त्यसका अक्षरहरूको चमक र आकारको वर्णन गर्ला मानो, तर ती भनाइहरू जतिसुकै ठीक भए तापनि उक्त वस्तुको एउटै र अन्तिम उद्देश्य भनेको एउटा चिन्हपाटीको काम दिनु हो। अन्य भाषाहरूको बोलीको सम्बन्धमा पनि कुरा त्यस्तै हो। त्यसलाई जसरी हेरे पनि, पवित्र आत्माले भन्नुभएकै छ, त्यो अविश्वसी इस्राएलको निम्ति चिन्ह हो। अरू कुरामा जस्तै यस विषयमा पनि यो स्पष्टै देखिने कुरा हो कि नियमावलीलाई पछयाउने काम भएको छैन" (Fernand Legrand, *All About Speaking in Tongues,* pp. 67)।

# अन्य भाषा

## भाग २

अघिल्लो पाठमा हामीले अन्य भाषाको वरदान सम्बन्धी चारओटा आधारभूत सत्यताहरूको चर्चा गऱ्यौं। (१) बाइबलीय अन्य भाषाहरू संसारमै बोलिने वास्तविक भाषाहरू थिए। (२) बाइबलीय अन्य भाषाहरू अलौकिक तवरले प्रदान गरिएका थिए। (३) बाइबलीय अन्य भाषाहरूका सवालमा तिनका साथसाथै अनुवाद गर्ने अलौकिक वरदान पनि दिइन्थ्यो। (४) बाइबलीय अन्य भाषाहरू अविश्वासी इस्राएलको निम्ति चिन्ह थियो।

यस पाठमा हामी अन्य भाषाहरू सम्बन्धी अरू तीन आधारभूत सत्यताहरूको चर्चा गर्नेछौं:

**५) बाइबलीय अन्य भाषाहरू प्रेरितीय निर्देशनहरूको घेराभित्र अभ्यास गरिनुपर्थ्यो (१ कोरिन्थी १४)**

पावलले भने, "भाषाहरूमा बोल्नालाई मनाही नगर", तर साथसाथै उनले भाषाहरू कसरी प्रयोग गरिनुपर्छ भन्ने बारेमा धेरैओटा प्रतिबन्धहरू पनि लगाए। मैले आधुनिक युगमा "अन्य भाषाहरू" प्रेरितीय नियमहरूको घेराभित्र रहेर अभ्यास गरिएको कहिल्यै देखेको छैन।

1. अन्य भाषाहरू पालैसित बोलिनुपर्छ, एक-एक गरी ("यदि कसैले अन्य भाषा बोल्छ भने दुईजना अथवा बेसीभन्दा बेसी तीनजना होऊन्, र पालैसँग बोलून्..." १ कोरिन्थी १४:२७)। मैले देखेका धेरजसो पेन्टेकोस्टल-क्यारिज्मेटिक सभाहरूमा उनीहरूका "अन्य भाषाहरू' धेरैजनाद्वारा एकैचोटी बोलिएको पाएको छु।

2. अन्य भाषाहरू अनुवाद गरिनुपर्छ ("अनि एउटाले अनुवाद गरोस्" १ कोरिन्थी १४:२७)। आधुनिक पेन्टेकोस्टलवादमा अन्य भाषाका सन्देशहरू विरलै अनुवाद गरिन्छन्, अनि गरियो भने पनि "अनुवाद" र "अन्य भाषा" को बीच कुनै सरोकार नभएको कुरा प्रष्टै थाह हुन्छ।

3. त्यहाँ कुनै गडबडी हुनुहुँदैन ("किनकि परमेश्वर गडबडका परमेश्वर हुनुहुन्‍न, तर शान्तिका परमेश्वर हुनुहुन्छ, जसरी पवित्र जनहरूका सबै मण्डलीहरूमा छ" १ कोरिन्थी १४:३३)। आफू गएको जुनै पनि पेन्टेकोस्टल-क्यारिज्मेटिक सभा जहाँ "आत्माले काम गरिरहेको" मानिन्थ्यो, मलाई यस्तो विचार आउने गरेको छ, "यहाँ गडबड छ"। त्यहाँ अस्तव्यस्तताको हैकम रहन्छ। ती "अन्य भाषाहरू" बुझ्न सकिँदैनन्। त्यहाँ अर्थ न व्यर्थका कुराहरू भइरहेका हुन्छन् र बाइबलमै नभएका कुराहरू भइरहेका हुन्छन्। तर परमेश्वर गडबडको परमेश्वर हुनुहुन्‍न भनेर हामीलाई भनिएको छ; यो त निकै फराकिलो अभिव्यक्ति हो।

4. स्त्रीहरूलाई अन्य भाषाहरूमा बोल्न मनाही छ ("तिमीहरूका स्त्रीहरू मण्डलीहरूमा चुप लागून्; किनकि उनीहरूलाई बोल्ने अनुमति छैन, तर आज्ञाकारी भएर रहने आज्ञा छ; व्यवस्थाले पनि यसै भन्छ" १ कोरिन्थी १४:३४)। पावलले मोशाको व्यवस्थाको उल्लेख गर्छन् जसले पनि स्त्री पुरुषको अधीनमा राखिएको कुरा बताउँछ (उत्पत्ति ३:१६; गन्ती ३०:३-१३)। पेन्टेकोस्टलवादको जन्म भएदेखि नै स्त्रीहरू अन्य भाषाहरूको सवालमा अग्रपन्थी भूमिका निर्वाह गर्दै आएका छन्। टोपिका, क्यान्जासमा रहेको पारहामको बाइबल स्कूलमा अन्य भाषामा प्रथम पटक बोल्ने व्यक्ति एक स्त्री थिई। सेमूरको अजूसा स्ट्रीट मिशनमा अन्य भाषा बोल्ने प्रथम व्यक्ति एक स्त्री थिई। सन् १९०६ को एप्रिल १७ मा उक्त मिशनमा पुग्ने लस एन्जेलेस टाइम्सका एक पत्रकारले अवलोकन गरे, "बूढो प्रचारक [सेमूर] ले 'दिदीबहिनीहरू' लाई 'अन्य भाषाहरू निस्केर आओस्' भन्दै जोड गरे अनि स्त्रीहरूले आफूहरूलाई धार्मिक उत्तेजनाको उत्पातका निम्ति सुम्पिहाले।"

5. सबै कुरा शिष्टतापूर्वक गरिनुपर्छ ("सबै कुराहरू शिष्टतापूर्वक... गरिऊन्" १ कोरिन्थी १४:४०)। "शिष्टतापूर्वक" भनेर अनुवाद गरिएको ग्रीक शब्द हो "यूस्खेमेनोस्", जसलाई "इमान्दार भएर" (रोमी १३:१३; १ थेस्सलोनिकी ४:१२) भनेर पनि अनुवाद गरिएको छ। यस शब्दले नैतिक शिष्टता, इमान्दारीपन र निष्ठावान् चरित्रको भावना बोकेको छ, अर्थात् येशू ख्रीष्टको सुसमाचार र येशू ख्रीष्टको मण्डलीलाई यसरी सिँगारियोस् कि हाम्रा क्रियाकलापहरूले सुसमाचार वा मण्डलीमाथि कुनै पनि निन्दा निम्त्याउने काम नगरोस्। पेन्टेकोस्टल-क्यारिज्मेटिक लहरमा हुने भ्रम र झूटहरूको बिगबिगीको बारेमा जब हामी विचार गर्दछौं र धेरैपटक स्त्रीहरू आत्माद्वारा प्रभावित भएको भनी दावी गरिएको कुरालाई र उनीहरू अशिष्ट तवरले ढलेका र फलस्वरूप उनीहरूलाई ढाकिनुपरेको कुरालाई जब हामी विचार गर्दछौं यो स्पष्ट जानिन्छ कि त्यहाँ सबै कुराहरू शिष्टतापूर्वक गरिने काम भएको छैन।

6. सबै कुरा क्रमअनुसार गरिनुपर्छ ("सबै कुराहरू... क्रमअनुसार गरिऊन्" १ कोरिन्थी १४:४०)। सृष्टिका परमेश्वर व्यवस्थित परमेश्वर हुनुहुन्छ। जर्ज गार्डिनर (George Gardiner) धेरै वर्षसम्म एक पेन्टेकोस्टल थिए र उहाँ भन्नुहुन्छ पेन्टेकोस्टलवादबाट उहाँको बाहिर निस्कने यात्राक्रम "एकातिर क्यारिज्मेटिक अभ्यासहरू र अर्कोतिर बाइबलका अभिव्यक्तिहरूका बीच रहेको अत्यन्तै विशाल खाडलको बारेमा उठेका पिरल्ने प्रश्नहरूबाट शुरुआत भएको थियो!" (Gardiner, *The Corinthian Catastrophe,* p.8)। उनले प्रेरितको पुस्तकलाई अध्ययन गर्ने अठोट गरे। "मैले प्रेरितको पुस्तकलाई दोहोऱ्याएर पढें, विस्तारै र ध्यान दिएर पढें, यसरी प्रार्थना गर्दै पढें, 'प्रभु, यहाँ के भनिँदैछ म देख्न सकूँ, केवल वचनले जे भन्छ त्यही मात्र देख्न सकूँ। यदि मैले आफू गलत भएको भेट्टाएँ भने त्यो स्वीकार गर्न मलाई अनुग्रह दिनुहोस् र मैले अनावश्यक आलोचना गरेको भेटियो भने भूल स्वीकार गर्न मलाई अनुग्रह दिनुहोस्।' प्रेरितको पुस्तकभित्रको मेरो यात्राले मेरो आँखा खोलिदियो! शुरुका मण्डलीहरूको क्रियाकलाप तथा अनुभवहरू आधुनिक लहरका क्रियाकलाप तथा 'अनुभवहरू' भन्दा ज्यादै परका कुरा थिए। कति हिसाबले त ती ठीक उल्टा थिए!" (*The Corinthian Catastrophe*)। हो, यही कुरा मैले पनि आफू एक नयाँ ख्रीष्टियन हुँदा पत्ता लगाएको थिएँ। उनीहरूको "अन्य भाषाहरू" बाइबलीय ढङ्गले अभ्यास नगरिएको कुराले पेन्टेकोस्टलवाद शास्त्रसम्मत छैन भनी म विश्वस्त भएको हुँ। म दर्जनौं पटक संसारका विभिन्न स्थानहरूका पेन्टेकोस्टलक र क्यारिज्मेटिक सभाहरूमा गएको छु र मैले कहिल्यै पनि अन्य भाषाहरू बाइबलीय ढङ्गमा परिचालन भएको देखेको छैन।

### ६) पेन्टेकोस्टल-क्यारिज्मेटिक तरिकाको "अन्य भाषामा बोल्ने" काम अबाइबलीय र खतरनाक छ।

मानौं, आज "अन्य भाषाहरूको बोली" वा "व्यक्तिगत प्रार्थना गर्ने भाषा" जस्तो कुरा छ भन्ने कुरालाई हामीले स्वीकाऱ्यौं र त्यसले हामीलाई अझ असल ख्रीष्टिय जीवन यापन गर्न मद्दत गर्छ भन्ने कुरालाई मान्यौं र त्यसलाई "आफै गरी हेर्नोस् न" भन्ने पेन्टेकोस्टल-क्यारिज्मेटिक चुनौतीलाई स्वीकाऱ्यौं, तब त्यसपछि उठ्ने प्रश्न हो, "म यस 'भाषा' वा 'प्रार्थना गर्ने भाषा' मा कसरी बोल्न थाल्न सक्छु त'?" प्रायः जवाफ यस्तो आउने गर्छ:

पहिलो कदम: हामीलाई भनिन्छ कि पहिलो कदम भनेको यी कुरालाई विश्लेषण गर्ने पट्टी लाग्न छाड्नुपर्छ र नयाँ अनुभवहरूका लागि आफूलाई खुल्ला बनाउनुपर्छ। माइकल हार्पर (Michael Harper) ले लेखेको *These Wonderful Gifts* किताबमा एउटा अध्यायको शीर्षक छ "Letting Go and Letting God" जसमा विश्वासीलाई अनुभवहरूलाई धेरै होशियार र कट्टर भएर विश्लेषण गर्न छाड्न सिकाइएको छ र "आपत्ति जनाउने सूचक प्रणालीहरू" खडा गर्न छोड्न र "सुरक्षाका पर्खालहरूभित्र डराएर टुक्रुक्क बस्न" छाड्न अर्ती दिइएको छ। उनी भन्छन्, विश्वासीहरू आफ्ना "पर्खाल र अचूक प्रणालीहरू" को भित्रबाट बाहिर निस्केर आउनुपर्छ र परमेश्वरको सामु आफूलाई केवल खुल्ला मात्र बनाउनुपर्छ। क्यारिज्मेटिक अनुभवहरू प्राप्त गर्नलाई आवश्यक तर अबाइबलीय र अत्यन्तै खतरनाक कदम यही हो। बाइबलले विश्वासीलाई सबै समयहरूमा सचेत र जागो रहनलाई चेताउनी दिन्छ (१ पत्रुस ५:८)। यसको अर्थ हो हाम्रा मनहरूमाथि हाम्रो नियन्त्रण रहिरहनु आवश्यक छ र त्यसमा कुनै पनि हानिकारक पराइ तत्त्वहरूको प्रभाव पर्न दिनुहुँदैन। यो त "लेटिङ गो" अर्थात् "आफूलाई अनियन्त्रित छोड्नु" र सबै कुराहरूको जाँच गर्न छोड्नुको ठीक विपरित कुरा हो।

दोस्रो कदम: पवित्र शास्त्रद्वारा जाँच गर्ने कामलाई परित्याग गरिसकेपछि "अन्य भाषाहरूको वरदान" वा "व्यक्तिगत प्रार्थना गर्ने भाषा" लाई अनुभव गर्नलाई चलिआएको तरिका हो आफ्नो मुख खोल्नु र शब्दहरू बोल्न थाल्नु तर बुझिने शब्दहरू ता होइन, अनि दावीअनुसार "परमेश्वरले नियन्त्रणमा लिनुहुन्छ।"

यो त यति साह्रो अबाइबलीय र मूर्खतापूर्ण कुरा छ कि यसलाई झूटो साबित गरिनु अनावश्यक देखिन्थ्यो। नयाँ नियममा यस्तो कुरा बिलकुलै पाइँदैन। बाइबललाई बेवास्ता गर्नु र बाइबलले कहिल्यै खोजी गर नभनेको कुराको खोजी गर्नु र बाइबलले समर्थन नगरेको तरिकामा त्यसो गर्नु, र जाँचबुझै नगरीकन यस किसिमका धार्मिक अनुभवहरूका निम्ति आफूलाई खुल्ला बनाउनु भनेको आफूलाई "अर्कै आत्मा" (२ कोरिन्थी ११:४) ग्रहण गर्ने खतरामा पार्नु हो। ख्रीष्टियनहरूलाई प्रभाव पार्न खोज्ने बहकाउने आत्माहरू त्यहाँ छन् भनेर बाइबलले ख्रीष्टियनहरूलाई चेताउनी दिएको छ जुन आत्माहरू ज्योतिका स्वर्गदूतहरू र परमेश्वरका सेवकहरूको भेषमा देखा पर्न सक्छन् (२ कोरिन्थी ११:१३-१५; मत्ती २४:२४)। उनीहरूको शारीरिक अवस्थाले, खराबप्रतिको सहिष्णुताले र खुट्याउन नसक्ने अवस्थाले गर्दा कोरिन्थीहरू झूटा आत्माहरूलाई ग्रहण गर्ने खतरामा रहेको कुराको चेताउनी पावलले दिन्छन् (२ कोरिन्थी ११:३-४)। साँचो ख्रीष्टियन दुष्ट आत्माले पक्रिन त सक्दैन तर ऊ तिनीहरूद्वारा निश्चय पनि प्रभावित हुन भने सक्दछन्।

अन्य भाषाहरूको बोली एक ईश्वरीय आश्चर्यकर्म थियो र त्यो परमेश्वरको सार्वभौम इच्छामा प्रदान गरिने कुरा थियो भनेर बाइबलले स्पष्टै सिकाएको छ। "तर यी सबै कुराहरू एउटै र उहीं आत्माले नै गर्नुहुन्छ, जसले आफ्नै इच्छाअनुसार हरेकलाई अलग-अलग बाँडिदिनुहुन्छ" (१ कोरिन्थी १२:११)। पेन्टेकोस्टको दिनमा चेलाहरूले अन्य भाषाहरूमा बोल्न खोजिरहेका थिएनन् न ता "लेटिङग गो एण्ड लेटिङग गड" को कुनै तालिम लिएका थिए। भन्नुपर्दा, उनीहरूले अन्य भाषाहरूमा बोल्ने आशा समेत गरेका थिएनन्। प्रेरितको पुस्तकमा ख्रीष्टियनहरूले अन्य भाषाहरूमा बोलेको प्रत्येक घटनामा ती अन्य भाषाहरू परमेश्वरको सार्वभौम इच्छामा प्रदान गरिएका थिए। एउटै पनि घटनामा प्रापकहरूले अन्य भाषाहरूमा बोल्न खोजिरहेका थिएनन्।

### ७) पहिलो शताब्दिमा समेत बाइबलीय अन्य भाषाहरू सबै ख्रीष्टियनहरूद्वारा बोलिने कुरा थिएन (१ कोरिन्थी १२:७-१०,२८-३०)

पावल प्रश्न गर्छन्, "के सबैले विभिन्न भाषाहरू बोल्छन्?" प्रश्न यसरी प्रस्तुत गरिएको छ कि त्यसको जवाफ एउटै मात्र हुन सक्छ, "बोल्दैनन्"।

प्रेरितको पुस्तकको एक सरल सर्वेक्षण गरियो भने त्यसले निर्णायक रूपमै यस कुरालाई प्रमाणित गर्नेछ कि शुरुका मण्डलीहरूमा सबै विश्वासीहरूले अन्य भाषाहरूमा बोल्दैनथे। पेन्टेकोस्टको दिनमा समेत माथिल्लो कोठामा रहेका चेलाहरूले अन्य भाषाहरूमा बोले तापनि (प्रेरित २:४) त्यस दिन पत्रुसको प्रचारद्वारा मुक्ति पाएकाहरूले अन्य भाषाहरूमा बोलेनन् (प्रेरित २:४०-४२)। प्रेरित ४:४ र ६:७ मा विश्वास गरेका यहूदीहरूले अन्य भाषाहरूमा बोलेनन्। प्रेरित ८:३५-३९ मा मुक्ति पाएका इथियोपियाईले अन्य भाषाहरूमा बोलेनन्। प्रेरित ११:२०-२१ मा एन्टिओकमा मुक्ति पाउने प्रथम व्यक्तिहरूले अन्य भाषाहरूमा बोलेनन्। प्रेरित १६:१३-१५ मा मुक्ति पाएका लिडिया र तिनका घरनाकाहरू र प्रेरित १६:३०-३३ मा मुक्ति पाएका फिलिप्पी कैदखानाका हाकिम र तिनका परिवारले अन्य भाषाहरूमा बोलेनन्। प्रेरित १७:४, १२, ३४ मा मुक्ति पाएका थेस्सलोनिकीहरू र बेरियालीहरू र एथेन्सबासीहरूले अन्य भाषाहरूमा बोलेनन्। प्रेरित १८:८ मा मुक्ति पाएका क्रिस्पस र अरूहरूले अन्य भाषाहरूमा बोलेनन्। प्रेरित १९:१७-१९ मा एफेसेसमा विश्वास गर्नेहरूले अन्य भाषाहरूमा बोलेनन्।

नयाँ नियममा कुनै पनि हिसाबमा अन्य भाषाहरूको बोलीलाई जोड दिइएको छैन। प्रेरितको पुस्तकभरिमा त्यो केवल तीनपटक अभ्यास गरिएको थियो अनि बाँकी बहुसङख्यक विश्वासीहरूले त्यसको अनुभव गरेनन्। पेन्टेकोस्टल-क्यारिज्मेटिक लहरमा अन्य भाषाहरूको बोलीलाई जुन किसिमको जोड दिइन्छ त्यसलाई सृजना

गर्नलाई बाइबलमै नभएका थुप्रै कुराहरू त्यहाँ भएजस्तै गरी पढ्नुपर्छ अनि यो त इमानदार ख्रीष्टियन भाइहरूले पवित्र शास्त्रहरूको प्रयोग गर्ने तरिका पटक्कै होइन।

(अन्य भाषाहरूको बोली सम्बन्धी थप अत्यन्तै विस्तृत अध्ययनका लागि अङ्ग्रेजी पाठकले वे अफ लाइफ लिटरेचरबाट प्रकाशित *The Pentecostal-Charismatic Movements* पढ्नुहोला। यस पुस्तकमा हामीले कथित "व्यक्तिगत प्रार्थना गर्ने भाषा", पवित्र आत्माको बप्तिस्मा, पवित्र आत्माको भरपूरी, आगोको बप्तिस्मा, विश्वासीहरूका निम्ति भाषाहरूको चिन्ह, भाषाहरूको अनुवाद, रोमन क्याथोलिक चर्च तथा झूटा शिक्षा (कल्ट) हरूमा अन्य भाषाहरूको बोली, आदि अरू थुप्रै कुराहरूको चर्चा गरेका छौं।)

## अन्य भाषा सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. अन्य भाषाहरू सम्बन्धी सातओटा आधारभूत बाइबलीय सत्यताहरू के-के हुन्?
2. बाइबलीय अन्य भाषाहरू वास्तविक ________________ थिए।
3. "ग्लोस्सा" भन्ने ग्रीक शब्दको माने के हो?
4. नयाँ नियमको कुन खण्डमा हामी कसरी अन्य भाषाहरूमा बोल्न सिक्न सक्छौं भनेर बयान गरिएको छ?
5. क्यारिज्मेटिकहरूले अन्य भाषाहरू अनुवाद गर्न सक्छन् कि सक्दैनन् भनेर प्रमाणित गर्नलाई भूतपूर्व पेन्टेकोस्टलवादी फर्नान्ड लेग्रान्डले कस्तो चुनौतीको युक्ति निकाले?
6. बाइबलीय अन्य भाषाहरू ____________________________ का निम्ति चिन्ह थिए।
7. १ कोरिन्थी १४:२०-२२ मा पावलले पुरानो नियमको कुनचाहिँ भविष्यवाणीलाई उद्धृत गर्दछन्?
8. प्रेरितको पुस्तकमा अन्य भाषाहरू अभ्यास गरिएको हरेक घटनामा ___________________ उपस्थित थिए।
9. अन्य भाषाहरू यहूदीहरूका निम्ति चिन्ह थिए भन्ने तथ्यले सबै आधुनिक अन्य भाषाहरूको बोलीलाई झूटा साबित गर्दछ। कसरी?
10. १ कोरिन्थी १४ मा अन्य भाषाहरूको बोली सम्बन्धी छओटा नियमहरू के-के हुन्?
11. पेन्टेकोस्टलवादी अन्य भाषाहरूमा बोल्नका निम्ति आवश्यक दुईटा खुड्किलाहरू के-के हुन्?
12. पावलले कुनचाहिँ पुस्तकको कुन अध्यायमा उनको समयमा सबै ख्रीष्टियनहरूले अन्य भाषाहरूमा बोल्थे भनेर बताए?
13. के पेन्टेकोस्टको दिनमा मुक्ति पाएका ३,००० ले अन्य भाषाहरूमा बोले?
14. के इथियोपियाई नपुंसकले वा फिलिप्पीका कैदखानाका हाकिमले अन्य भाषाहरूमा बोले?
15. प्रेरितको पुस्तकमा अन्य भाषाहरूको बोली कति पटक उल्लेख भएको छ?

# र्‍याप्चर

**कण्ठ गर्नुपर्ने पदहरू: १ थेस्सलोनिकी ४:१३-१८**

"र्‍याप्चर" भन्ने शब्द बाइबलमा पाइँदैन तरैपनि यो १ थेस्सलोनिकी ४:१३-१८ मा विश्वासी जनहरू उठाइलगिने भनेर उल्लेख भएको घटनालाई जनाउने शब्दावली हो। १ थेस्सलोनिकी ४:१७ को "उठाइनेछौं" भन्ने शब्द अर्को ठाउँमा "खोसेर लैजान्छ" (यूहन्ना १०:२८) भनेर अनुवाद गरिएको छ। यो शब्द इथियोपियाइ नपुंसकले प्रभुलाई पाएपछि पवित्र आत्माले फिलिपलाई उठाएर लैजानुभएको कुरालाई बयान गर्न प्रयोग भएको छ (प्रेरित ८:३९)। दनियलको ७० औं हप्ता (Daniel's 70th week) को प्रारम्भ हुनुभन्दा अगाडि ख्रीष्टले नयाँ नियमका विश्वासीहरूलाई ठीक यसरी नै लैजानुहुनेछ।

**१ थेस्सलोनिकी ४:१३-१८ मा आधारित पाठहरू**

1. र्‍याप्चरको घडीमा दुईटा घटना पूरा हुनेछन्: ख्रीष्टमा मरेकाहरू बौराइनेछन् (१ थेस्सलोनिकी ५:१४-१६) र जीवित रहेका पवित्र जनहरू बदली गराइनेछन् र उठाइलगिनेछन् (१ थेस्सलोनिकी ५:१७)। जीवित रहेका पवित्र जनहरूको बदली हुवाइलाई १ कोरिन्थी १५ अध्यायमा विनाशी, मरणशील शरीर तुरुन्तै अविनाशी र अमर शरीरमा बदली गराइनेछ भनेर बयान गरिएको छ (पद ५२-५३)। १ थेस्सलोनिकी ४ अनुसार ख्रीष्टमा मरेकाहरू उहाँसँगै स्वर्गमा छन्; कुनै-कुनै झूटा शिक्षाले दावी गरेझैं उनीहरू चिहानमा सुतिरहेका छैनन्।

2. र्‍याप्चर विश्वासीको आशा हो (१ थेस्सलोनिकी ५:१३)। हामीले प्रतीक्षा गरेर बाटो हेरिरहेको घटना यही हो। हामी ख्रीष्टविरोधी वा महासङ्कष्टको बाटो हेरिरहेका छैनौं!

3. र्‍याप्चर निश्चित छ। ख्रीष्टको बौरिउठाइ जत्तिकै यो निश्चित छ (१ थेस्सलोनिकी ५:१४)। यो प्रभुको वचन हो (१ थेस्सलोनिकी ५:१५)।

4. र्‍याप्चर सान्त्वना हो (१ थेस्सलोनिकी ४:१८)। यदि महासङ्कष्ट पश्चात् मात्र र्‍याप्चर हुने भएको भए यसले सान्त्वना प्रदान गर्न सक्दैनथ्यो।

**सङ्कष्टकाल अगाडि नै र्‍याप्चर हुनेछ भन्ने बाइबलीय प्रमाण**

मण्डली युगका विश्वासीहरूको र्‍याप्चर अक्षरशः हुनेछ भनेर विश्वास गर्नेहरूका बीचमा तीनओटा फरक-फरक अवधारणाहरू छन्। यी अवधारणाहरू र्‍याप्चर र महासङ्कष्टको समय तालिकासित सम्बन्धित छन्। यी तीन अवधारणाहरू यस प्रकार छन्: पूर्व-सङ्कष्टकालीय र्‍याप्चर (Pre-tribulational rapture) अनुसार मण्डली युगका विश्वासीहरू महासङ्कष्टकाल अगाडि नै र्‍याप्चर गराइनेछन्; मध्य-सङ्कष्टकालीय र्‍याप्चर (Mid-tribulational rapture) अनुसार मण्डली युगका विश्वासीहरू दनियलको ७० औं हप्ताको पहिलो आधा भागको अनुभव गर्नेछन्; सङ्कष्ट-पश्चातीय र्‍याप्चर (Post-tribulational rapture) अनुसार मण्डली युगका विश्वासीहरू सङ्कष्टकालको पूरै कालखण्डको अनुभव गर्नेछन्।

पूर्व-सङ्कष्टकालीय र्‍याप्चर नै सही बाइबलीय शिक्षा हो भन्ने कुरामा हामी विश्वस्त हुनुका कारणहरू निम्नअनुसार छन्। यस अध्ययनमा हामी "मण्डली" भन्ने शब्दलाई सामान्य, संस्थागत अर्थमा प्रयोग गर्दैछौं:

१) मण्डली युगका विश्वासीहरूलाई उनीहरू क्रोधबाट बचाइनेछन् भन्ने प्रतिज्ञा दिइएको छ (१ थेस्सलोनिकी १:९-१०; ५:१-९; रोमी ५:९; प्रकाश ३:१०)।

महासङकष्टलाई परमेश्वरको क्रोधको दिन भन्ने संज्ञा स्पष्टै दिइएको छ। आज परमेश्वरले आफ्नो क्रोधलाई थामिराख्नुभएको छ; उहाँ अनुग्रहको सिंहासनमाथि विराजमान हुनुहुन्छ तर त्यो दिन नजिक आउँदैछ जुन दिन उहाँ न्यायको सिंहासनमाथि बस्नुहुनेछ। तब "उहाँको क्रोधको दिन" सारा संसारमाथि आउनेछ (भजनसङ्ग्रह ११०:५; यशैया १३:६-१३; प्रकाश ६:१६-१७)। प्रत्येक शताब्दिमा बाइबल-विश्वासी मण्डलीहरूले उत्पीडनका अनुभव गरेका छन्, तर त्यो भनेको महासङकष्ट भन्दा फरक कुरा हो। पवित्र जनहरूका उत्पीडनहरू दुष्ट मानिस र शैतानको क्रोधका कारण हुन्छन् जब कि सात वर्ष लामो सङकष्टकाल विशेष गरी परमेश्वरको क्रोधको समय हो (प्रकाश ६:१६-१७; १४:१०)। मण्डली क्रोधको समयबाट बचाइने नभएर क्रोधको समयमा बचाइनेछन् भनेर कोही-कोही ठान्छन्। तर यो साँचो हुन सक्दैन किनभने महासङकष्टको समयमा यस पृथ्वीमा रहनेहरू क्रोधबाट बचाइँदैनन् तर उनीहरू मारिन्छन् भन्ने कुरा बाइबलले सिकाउँछ (प्रकाश १३:७)। मण्डली युगका विश्वासीहरू क्रोधबाट बचाइनेछन् भनेर सिकाउने पदहरूको माने उनीहरू क्रोधको उपस्थितिबाटै मुक्त हुनेछन् भन्ने हुनुपर्दछ। महासङकष्टको बारेमा हामीलाई बताइएको छ - "सम्पूर्ण पृथ्वीमाथि बस्नेहरू सबैमाथि पासोझैं त्यो आइपर्नेछ" (लूका २१:३५)। तसर्थ, मण्डली युगका विश्वासीहरू या त पृथ्वीबाट स-शरीर अलग पारिनुपर्ने हुन्छ या त क्रोधको दिनमा मुछिनुपर्ने हुन्छ। परमेश्वरको प्रतिज्ञा छ, "म पनि तिमीलाई परीक्षाको घडीबाट जोगाउनेछु, जुनचाहिँ पृथ्वीमाथि बस्नेहरूलाई जाँच्नाका निम्ति सारा संसारमाथि आउनेछ" (प्रकाश ३:१०)। यस पदबाट परमेश्वरले मण्डली युगका विश्वासीहरूलाई परीक्षामा जोगाउनुहुने नभएर परीक्षाबाट नै जोगाउनुहुनेछ भन्ने कुरा प्रस्ट बुझिन्छ।

२) पवित्र आत्मा सङकष्टकाल अगाडि अलग्गिनुहुनेछ (२ थेस्सलोनिकी २:१-८)।

बाइबलका अन्य खण्डहरूमा पवित्र आत्मा पापलाई रोकिराख्ने व्यक्तिको रूपमा बयान गरिनुभएको छ (उत्पत्ति ६:३; यशैया ५९:१९)। पवित्र आत्मा, मण्डलीलाई महान् आज्ञा (प्रेरित १:८) पूरा गर्ने सामर्थ्य प्रदान गर्न वर्तमान प्रबन्धको शुरुमा यस संसारमा पेन्टेकोस्टको दिनमा आउनुभयो। परमेश्वरको ठूलो क्रोधको दिन अगावै उहाँले मण्डली युगका विश्वासीहरूलाई स्थानान्तरण अर्थात् र्‍याप्चर गराउनुहुनेछ। यसको मतलब पवित्र आत्मा त्यसपछि संसारमा पटक्कै हुनुहुनेछैन भन्ने होइन। यसको मतलब उहाँ जुन प्रकारले यस वर्तमान युगमा उपस्थित हुनुहुन्छ त्यसरी नै चाहिँ त्यसबेला हुनुहुनेछैन भन्ने हो।

३) र्‍याप्चर अचानक अर्थात् कुनै पनि बेला हुन सक्ने (imminent) घटना हो।

यो कुरा ख्रीष्टले सिकाउनुभयो (मत्ती २४:४२,४४; २५:१३; मर्कूस १३:३३)। यो कुरा पावलले सिकाए (फिलिप्पी ४:५; तीतस २:१२-१३)। यो कुरा याकूबले सिकाए (याकूब ५:८-९)। यो कुरा पत्रुसले सिकाए (१ पत्रुस ४:७)। शुरुका ख्रीष्टियनहरू ख्रीष्टको पुनरागमनको प्रतीक्षामा जिउँदथे (१ थेस्सलोनिकी १:९-१०)। नयाँ नियमको विश्वासी जनले सारा संसारभरिका मानिसहरूलाई छोप्न आउने "अन्धकारको दिन" बाट छुटकारा पाउनेछ भनी प्रतिज्ञा गरिएको हुनाले प्रेरित पावलले थेस्सलोनिकाका विश्वासीहरूलाई उनीहरू चिन्ह तथा समयहरूको पछि लाग्न आवश्यक छैन भन्ने कुरा सिकाए (१ थेस्सलोनिकी ५:१-९)। मण्डली ख्रीष्टविरोधीको आगमनको प्रतीक्षामा होइन तर परमेश्वरको पुत्रबाटको छुटकाराको प्रतीक्षामा जिउँदछ।

४) मण्डली पुरानो नियममा प्रकट नभएको एक रहस्य हो (एफेसी ३:१-११)।

पुरानो नियमका अगमवक्ताहरूले भविष्यवाणी गरेका घटनाहरूको कालक्रमसित नयाँ नियम मण्डलीको कुनै सरोकार छैन। उनीहरूले ख्रीष्टको पहिलो आगमनको, उहाँको अलौकिक जन्मको, उहाँको जीवनको, मृत्युको, बौरिउठाइको र स्वर्गारोहणको स्पष्टै भविष्यवाणी गरे। तिनै अगमवक्ताहरूले ख्रीष्टको दोस्रो र महिमित आगमनको र त्यस अगाडि हुने अपूर्व विश्वव्यापी सङकष्टको र त्यसपछि स्थापना हुने महिमित मसीही राज्यको भविष्यवाणी गरे। तर ती अगमवक्ताहरूले वर्तमान मण्डली युगलाई देख्न सकेनन् -- "जुन रहस्यचाहिँ अरू पुस्ताहरूमा

मानिसका सन्तानहरूलाई बताइएको थिएन, जसरी यो अहिले आत्माद्वारा उहाँका पवित्र प्रेरितहरू र भविष्यवक्ताहरूकहाँ प्रकट गरिएको छ" (एफेसी ३:५)।

पहिलो र दोस्रो आगमनको बीचमा एउटा कालखण्ड रहेको छ जसलाई पुरानो नियमका अगमवक्ताहरूले देखेनन्। यो कालखण्ड मण्डली युग हो। इस्राएल केही समयको लागि (अस्थायी रूपमा) हटाइनेछ र त्यस बेला परमेश्वरले सबै जातिहरूबाट मानिसहरूको एउटा विशेष आत्मिक शरीर निर्माण गर्नुहुनेछ भन्ने कुरा अगमवक्ताहरूले देखेनन्। उहाँले यस उद्देश्यलाई पूरा गर्नुभएपछि र अन्यजातिहरूको पूरा सङ्ख्या भित्र आएपछि परमेश्वरले इस्राएलको हाल स्थगित रहेको अगमवाणीरूपी घडीलाई पुनः सञ्चालनमा ल्याउनुहुन्छ र आफ्नो प्राचीन चुनिएको जातिको सम्बन्धमा रहेका पुरानो नियमका बाँकी सबै भविष्यवाणीहरूलाई पूरा गर्नुहुनेछ। "...जबसम्म अन्यजातिहरूको पूरा सङ्ख्या भित्र आउँदैन, तबसम्म इस्राएलमाथि केही मात्रामा अन्धापना आएको छ" (रोमी ११:२५)।

दनियलको पुस्तकको नवौं अध्यायमा उल्लेखित सत्तरीयौं हप्ता (Daniel's 70th week) र महासङ्कष्टको कालखण्ड इस्राएलसित सम्बन्धित कुरा हुन्, मण्डली युगका विश्वासीहरूसित होइन। वर्तमान रहस्यको कालखण्डको अन्त त्यसबेला हुनेछ जुन बेला मण्डली युगका विश्वासीहरू पृथ्वीदेखि उठाइलगिनेछन्। अनि प्रभुले इस्राएल जातिको सम्बन्धमा रहेको उहाँको योजनालाई अगाडि बढाउनुहुनेछ जब उहाँले याकूबको कष्ट (Jacob's trouble) को कालखण्ड (यर्मिया ३०:६), मसीहको महिमित आगमन, बचेकाहरूलाई फेरि जम्मा पार्ने काम र मसीही राज्यको स्थापना सम्बन्धीका पुरानो नियमका भविष्यवाणीहरू पूरा गर्नुहुनेछ।

५) सङ्कष्टकालको कालखण्डमा पृथ्वीमा मण्डली रहिरहेको हुँदैन भन्ने कुरा प्रकाशको पुस्तकले देखाउँदछ।

प्रकाश अध्याय ३ पछि मण्डली पृथ्वीमा रहिरहेको पाइँदैन।

सङ्कष्टकालको कालखण्डमा पृथ्वीमा परमेश्वरको साक्षी हुने जिम्मेवारी इस्राएलको हुनेछ, मण्डलीको होइन (प्रकाश ७)।

प्रकाश ११ मा उल्लेखित दुई साक्षीहरूको सेवकाइले उनीहरूलाई इस्राएल जाति र "परमप्रभुको दिन" सित सम्बन्धित पुरानो नियमका अगमवाणीहरूसित सम्बन्धित रहेको देखाउँछन्। यी दुई साक्षीहरू आफ्नो काम यरूशलेमबाट सञ्चालन गर्छन्, अर्थात् इस्राएलको राजधानीबाट। मण्डलीहरूको त्यस्तो कुनै राजधानी भन्ने कुरा नै हुँदैन किनकि मण्डलीको आशा स्वर्गीय आशा हो, पार्थिव होइन (कलस्सी ३:१-४; फिलिप्पी ३:१७-२१)। यी दुई साक्षीहरू भाङ्ग्राको लुगा लगाउँछन् जुनचाहिँ पुरानो नियमको इस्राएलमा त्यस्तै समयमा लगाइने गरिन्थ्यो, तर नयाँ नियमका विश्वासीहरूसित सरोकार राख्ने कुरा यो होइन। कहिल्यै मण्डलीहरूले भाङ्ग्रा लगाएको पाइँदैन। बरु तिनीहरूलाई "प्रभुमा सधैं आनन्द गर; म फेरि भन्दछु, आनन्द गर" (फिलिप्पी ४:४) भनिएको पाइन्छ। मण्डली युगको विश्वासीको न्याय सदाको लागि बितेर गइसकेको छ अनि उसले आफ्नो मन स्वर्गीय स्थानहरूमा लगाउनुपर्छ जहाँ उसको ओहदामा ऊ ख्रीष्टसँगै अनन्तका लागि विजयी तुल्याइएर बसालिएको छ (एफेसी २:५-१०)। प्रकाश ११:४ ले यी दुई साक्षीहरूलाई पुरानो नियमको अगमवाणीसित जोडिएको देखाउँछ। जकरिया ४:३,११,१४ इस्राएलको भविष्यवाणी हो, मण्डलीको होइन। अझ, यी दुई साक्षीहरूले प्रकाश १०:५-६ मा आफ्ना शत्रुहरूमाथि इन्साफ बर्साउँछन्। ठीक यस्तै इन्साफ बर्साउन चाहिरहेका आफ्ना चेलाहरूलाई भने येशूले हप्काउनुभयो र बरु मण्डली युगका विश्वासीलाई आफ्ना शत्रुहरूको विनाशका निम्ति होइन भलाइका निम्ति प्रार्थना गर्नलाई आज्ञा दिनुभयो (लूका ९:५४-५६; रोमी १२:१४,१७-२१)।

सङ्कष्टकालको कालखण्डमा शैतानले इस्राएललाई सताउनेछ, मण्डलीलाई होइन (प्रकाश १२)। यस अध्यायको स्त्रीले इस्राएललाई जनाउँछ भन्ने कुरामा कुनै शङ्का छैन। पद ५ मा उक्त स्त्रीले ख्रीष्टलाई जन्माएको देखाइएको छ; यो कुरा स्पष्ट छ कि येशू इस्राएलद्वारा जन्मनुभयो, मण्डलीद्वारा होइन (यशैया ९:६-७; रोमी ९:५)। साथै, प्रकाश १२:१-२ का साङ्केतिक चिन्हहरूको भाषाले पुरानो नियमको इस्राएललाई जनाइरहेको छ। इस्राएललाई

स्त्रीको संज्ञा दिइएको छ (यशैया ५४:५-७)। प्रकाश १२:२ का घाम, जून र १२ ताराहरूको उल्लेखले हाम्रो ध्यान इस्राएलसित सम्बन्धित यूसुफले देखेको सपनातिर लैजान्छ (उत्पत्ति ३७:९)। प्रकाश १२:२ का शब्दहरू मीका ५:३ को झण्डै हुबहु उद्धरण हुन् जहाँ फेरि मसीहद्वारा हुने इस्राएलको छुटकाराको उल्लेख छ। यी साङ्केतिक चिन्हहरू नयाँ नियमका मण्डलीहरूलाई बयान गर्न प्रयोग गरिएका छैनन्।

यिनै लगायत अन्य कारणहरूले पनि नयाँ नियमका पवित्र जनहरूको र्‍याप्चर दनियलको ७० औं हप्ता शुरु हुनु भन्दा अगाडि हुनेछ भनेर हामी विश्वस्त भएका हौं। परमेश्वरको अगमवाणीको पात्रोमा अब कुनै पनि बेला पूरा हुनलाई पर्खिरहेको घटना भनेको र्‍याप्चर नै हो।

### पूर्व-सङ्कष्टकालीय र्‍याप्चर (Pre-tribulational rapture) को महत्त्व

पूर्व-सङ्कष्टकालीय र्‍याप्चरको शिक्षा थोरै महत्त्वको, ज्यादा ध्यान दिनु नपर्ने शिक्षा होइन। जसरी हामीले हेरिसकेका छौं, ख्रीष्टले, पावलले, याकूबले र पत्रुसले ख्रीष्टको पुनरागमन कुनै पनि घडी हुन सक्ने, र त्यसैले प्रतीक्षा गरिनुपर्ने घटना हो भनेर सिकाए (मत्ती २४:४४; फिलिप्पी ४:५; याकूब ५:८-९; १ पत्रुस ४:७)। शुरुका ख्रीष्टियनहरू ख्रीष्टको पुनरागमनको प्रतीक्षा गर्दै जिउँदथे (१ थेस्सलोनिकी १:९-१०)।

पूर्व-सङ्कष्टकालीय र्‍याप्चरको शिक्षा विश्वासीलाई आफ्नो ख्रीष्टिय जीवनलाई शुद्ध राख्नलाई एकदमै प्रेरणा दिने शिक्षा हो।

1. यसले परीक्षा र उत्पीडनहरूको बीचमा विश्वासीलाई उत्साह प्रदान गर्छ (१ थेस्सलोनिकी ४:१७-१८)।

2. यसले मण्डलीलाई महान् आज्ञामा ध्यान-केन्द्रित रहन मद्दत गर्छ (मत्ती २८:१८-२०; मर्कूस १६:१५; लूका २४:४४-४८; प्रेरित १:८)। यसले हामीलाई यो सिकाउँछ कि सुसमाचार प्रचार गर्ने काम, मानिसहरूलाई ख्रीष्टमा ल्याउने काम र सत्यको खाँबो र जगको रूपमा मण्डलीहरूलाई स्थापना गर्ने काम सर्वोपरि महत्त्वको सबभन्दा जरूरी काम हो। डी. एल. मूडीले एकदम ठीक कुरा गरेका हुन् जब उनले भने, "म यस संसारलाई भताभुङग भएको जहाजको रूपमा देख्दछु। परमेश्वरले मलाई ज्यान बचाउने डुङ्गा दिनुभएको छ र मलाई भन्नुभएको छ, 'मूडी, तिमीले सकभर धेरैजनालाई बचाऊ।'"

3. यसले हामीलाई प्रभुका काममा व्यस्त रहन प्रेरणा दिन्छ (१ कोरिन्थी १५:५८)।

4. यसले हामीलाई आज्ञापालनको जीवन बिताउन प्रेरणा दिन्छ (१ यूहन्ना ३:१-३; १ थेस्सलोनिकी ५:४-७)।

5. यसले हामीलाई दुष्टताबाट अलग रहन प्रेरणा दिन्छ (तीतस २:१३-१४)।

6. यसले विश्वासीहरूलाई झूटा शिक्षा (heresy) र सत्यत्याग (apostasy) देखि सचेत रहने बनाउँछ (२ तिमोथी ४:३-४; १ यूहन्ना २:२४-२८)।

## र्‍याप्चर सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. "र्‍याप्चर" शब्दले कुन कुरालाई जनाउँछ?
2. र्‍याप्चर हुँदा पूरा हुने दुईटा घटनाहरू कुन-कुन हुन्?
3. मरिसकेका विश्वासीहरू कहाँ छन्?
4. र्‍याप्चर कत्तिको निश्चित कुरा हो?
5. र्‍याप्चर विश्वासीहरूका लागि किन सान्त्वनाको कुरा हो?
6. र्‍याप्चर सम्बन्धी तीन अवधारणाहरू के-के हुन्?

7. ऱ्याप्चर सङ्कष्टकालको कालखण्ड अगाडि नै हुनेछ भनेर हामीले किन विश्वास गर्छौं? पाँचओटा कारणहरू दिनुहोस्।
8. महासङ्कष्टलाई परमेश्वरको __________ को दिन भन्ने संज्ञा दिइएको छ।
9. ऱ्याप्चरको सवालमा "अचानक" (imminent) को माने के हो?
10. नयाँ निमयका कुन चारजना प्रचारकहरूले प्रभुको पुनरागमन अचानक (imminent) हुनेछ भनेर सिकाए?
11. शुरुका ख्रीष्टियनहरूले प्रभु कहिले आउनुहुनेछ भनेर प्रतीक्षा गर्थे?
12. के मण्डली ख्रीष्टविरोधीको आगमनको प्रतीक्षा गर्दैछ?
13. नयाँ नियममा "रहस्य" भन्ने शब्दावलीको माने के हो?
14. के पुरानो नियमका अगमवक्ताहरूले मण्डली युगको वर्णन गरे?
15. प्रकाशको पुस्तकले मण्डलीको नभएर इस्राएलको वर्णन गर्दछ भनेर हामी कसरी जान्दछौं?
16. प्रकाशको पुस्तकका दुई साक्षीहरू यहूदी हुनुपर्छ भनेर हामी कसरी जान्दछौं?
17. प्रकाश १२ को स्त्री इस्राएल हो भनेर हामी कसरी जान्दछौं?
18. कुनै पनि बेला हुन सक्ने ऱ्याप्चरको शिक्षाले ख्रीष्टिय जीवनलाई कसरी शुद्ध पार्दछ? ६ ओटा बुँदाहरू बताउनुहोस्।

# आफ्नो पैसाको सम्बन्धमा कसरी विवेकी बन्ने?

## भाग १ - दसौं अंश

**कण्ठ गर्नुपर्ने पदहरू: हितोपदेश ३:९-१०; मलाकी ३:१०; लूका ६:३८; २ कोरिन्थी ९:६-७**

बाइबलले पैसाको बारेमा धेरै कुरा बताएको छ; येशूका धेरैओटा प्रवचनहरू यही विषयमा थिए; मान्छेको हृदय उसको सम्पत्तिसित बाँधिएको हुन्छ भनेर उहाँले सिकाउनुभयो।

**दसौं अंशको अभ्यास गरेर (मलाकी ३:८-११)**

दसौं अंश, जसको माने आफ्नो आम्दानीको कम्तीमा १०% परमेश्वरलाई दिने कुरालाई जनाउँछ, परमेश्वरलाई आदर गर्ने र खाँचोमा डुबेको यस संसारमा उहाँको महान् कामलाई टेवा पुऱ्याउने एउटा तरिका हो। परमेश्वरले यसमाथि आशिष दिने प्रतिज्ञा गर्नुभएको छ, अनि कैयौं विश्वासीहरूले आफूहरू आफ्नो आम्दानीको १००% मा जिउन खोज्नु भन्दा ९०% (अथवा ८०% इत्यादि) मा जिउँदा बढी उत्तम हुन्छ भनेर पत्ता लगाएका छन्।

1) दसौं अंशको अभ्यास मोशाको व्यवस्थाभन्दा पहिलादेखिको हो। दसौं अंश दिने पहिलो व्यक्ति अब्राहाम थिए (उत्पत्ति १४:१८-२०)। उनले व्यवस्था पालन गर्नलाई भनेर दसौं अंश दिएका थिएनन्; उनले परमेश्वरलाई उहाँको प्रतिनिधि राजा/पूजाहारी मेल्किसदेकद्वारा आदर गर्नलाई दसौं अंश दिए। याकूबले दसौं अंश दिने अभ्यासलाई निरन्तरता दिए (उत्पत्ति २८:२०-२२)। त्यसैले हामी देख्दछौं दसौं अंश दिने अभ्यास व्यवस्थाबाट शुरु भएको होइन। योचाहिँ परमेश्वरका जनहरूले शुरुदेखिनै बुझ्दै आएको सिद्धान्त हो।

2) व्यवस्थाअन्तर्गत दसौं अंश दिने अभ्यास हुन्थ्यो। मोशाको व्यवस्थाअन्तर्गत त्यहाँ वास्तवमा दोहोरो दसौं अंश थियो। इस्राएलीहरूले आफ्नो सबै आम्दानीको १०% दिनुपर्थ्यो (गन्ती १८:२४-२८; नहेम्याह १०:३८), साथै तिनीहरूले वार्षिक चाडहरूमा भेटीहरू ल्याउनुपर्थ्यो (जसलाई दोस्रो वा चाडको दसौं अंश भनिन्थ्यो) (व्यवस्था १४:२२-२५)। साथै तिनीहरूले गरीबहरूलाई पनि दिनुपर्थ्यो (प्रस्थान २३:११; लेवी १९:१०; २३:२२)।

<u>मलाकी ३:८-१२</u>

(1) परमेश्वरले भन्नुहुन्छ, दसौं अंश आफै राख्नेहरूले उहाँलाई लुटेका हुन्। यसको कारण यो थियो कि मोशाको व्यवस्थाअन्तर्गत परमेश्वरले दसौं अंश दिनुपर्छ भन्ने आज्ञा दिनुभएको थियो र त्यसमाथि उहाँकै स्वामित्व हुन्थ्यो। पुरानो नियमकै दसौं अंश नयाँ नियमको विश्वासीले दिनुपर्छ वा पर्दैन भन्ने मान्यता जुनसुकै भए तापनि, यो निश्चित कुरा हो कि मण्डलीमा विश्वासीको धेरै आर्थिक जिम्मेवारीहरू हुन्छन् र तिनलाई पूरा गर्न विफल हुनु भनेको परमेश्वरलाई लुट्नु हो।

(2) परमेश्वरले दसौं अंश दिनेहरूलाई आशिष दिने प्रतिज्ञा गर्नुहुन्छ। विश्वासीले परमेश्वरलाई नदिईकन आफ्नो आम्दानीको १००% मा जिउन खोज्नुमा भन्दा दसौं अंशहरू र भेटीहरू दिएर र आफूसँग बाँकी भएकोमा जिउँदा नै उसले आफ्नो जीवन व्यवहार बढी उत्तम भएको पाउनेछ। यो बढी उत्तम किन छ भने किनकि आफ्नो जीवनमा परमेश्वरको आशिषबिना जिउनुभन्दा उहाँको आशिषसहित जिउनु बढी उत्तम हो। उहाँले "म तिमीहरूका निम्ति खाइदिनेलाई हप्काउनेछु" भन्नुको माने हाम्रो पैसा लुटिन सक्ने त्यस्ता कुराहरू हुनदेखि उहाँले रोक्नुहुन्छ भन्ने हो। यसको माने दसौं अंश दिनेहरूलाई कहिल्यै सङ्कष्ट आइपर्नेछैन भन्ने होइन, उनीहरूको छाना कहिल्यै चुहिने हुँदैन भन्ने

होइन अथवा उनीहरूको मालसामान कहिल्यै टुटफुट हुँदैन वा उनीहरूको बालबच्चा कहिल्यै बिरामी पर्दैनन् भन्ने होइन। यसको माने त्यहाँ अरू थुप्रै कुराहरू छन् जो नत्र हुन सक्थे तर जुनचाहिँ परमेश्वरको आशिषको कारणले हुन पाउनेछैनन्।

(3) दसौं अंशहरू परमेश्वरको भण्डार-घरभित्र ल्याइनुपर्छ। पुरानो नियममा भण्डार-घर भनेको यरूशलेममा भएको मन्दिर थियो। आज मण्डली परमेश्वरको घर हो (१ तिमोथी ३:१५)। सबभन्दा शुरुको प्रथम मण्डलीमा मानिसहरूले आफ्ना दानहरू ल्याए र तिनलाई अगुवाहरूको पाउमा राखिदिन्थे (प्रेरित ४:३४-३५)। यही नै आज हाम्रो लागि नमुना हो। मण्डलीको त पुरानो नियमको मन्दिरको भन्दा धेरै नै काम छ। मण्डलीलाई सुसमाचार पृथ्वीको छेउसम्म प्रचार गर्नलाई आज्ञा दिइएको छ (मत्ती २८:१८-२०)। यो त ज्यादै खर्चिलो अभियान हो, अनि यसको खर्च परमेश्वरका जनहरूले व्यहोर्नुपर्ने हुन्छ। सुसमाचारका प्रचारकहरूलाई मण्डलीहरूद्वारा टेवा दिइनुपर्छ (१ कोरिन्थी ९:१४; तीतस ३:१३-१४; ३ यूहन्ना ५-८)।

<u>हितोपदेश ३:९-१०</u>

(1) बाबुआमाले आफ्ना छोराछोरीहरूलाई दसौं अंश दिन सिकाउनुपर्छ। पहिलो पदलाई विचार गर्नुहोस् जहाँ यस अध्यायमा एउटा बाबुले आफ्नो छोरालाई दिएका निर्देशनहरू छन् भन्ने देखिन्छ। बाबुआमाले आफ्ना छोराछोरीहरूलाई दसौं अंश दिन सिकाउन सक्दैनन् जबसम्म उनीहरू आफैले त्यो सिकेका छैनन्। बाबु वा आमाले जब आफ्नो नानीलाई दसौं अंश दिन सिकाउँछ उसले पहिला उसलाई अलिकति पैसा हरेक हप्ता भेटी उठाइँदा त्यहाँ राख्नलाई दिन्छ। जब बालक वा बालिकाले आफ्नै पैसा कमाउन थाल्छ, त्यो जतिसुकै थोरै किन नहोस्, बाबुआमाले उसलाई त्यसको १०% परमेश्वरलाई दिनलाई सिकाउँछ। बालककालदेखिनै दसौं अंश दिने बानी बसालियो भने ठूलो हुँदा त्यसलाई निरन्तरता दिन सजिलो हुन्छ।

(2) दसौं अंशचाहिँ "आफ्नो सबै उब्जनी (आम्दानी)" बाट दिइनुपर्छ। यसको मतलब जब-जब हामीले कुनै पैसा कमाउँछौं वा प्राप्त गर्दछौं तब-तब त्यसबाट हामीले प्रभुलाई त्यसको दसौं अंश दिनुपर्छ।

(3) दसौं अंश दिनेहरूलाई आशिष दिने परमेश्वरको प्रतिज्ञा छ। यो प्रतिज्ञा पवित्र शास्त्रमा दोहोराइएको छ किनभने परमेश्वरले यो कुरा पक्का हो भनेर जोड दिन चाहनुहुन्छ। हामी परमेश्वरको वचनमा भरोसा गर्न सक्छौं!

3) दिने सम्बन्धमा नयाँ नियमका केही खण्डहरू

<u>लूका ६:३८</u>

येशूले यहाँ दिने सम्बन्धीमा एउटा अचम्मको प्रतिज्ञा गर्नुभयो। उहाँले तोकेर दसौं अंशकै बारेमा नभएर सामान्यरूपमा दिने विषयमा कुरा गरिरहनुभएको छ। परमेश्वर हर्षसाथ दिनेलाई मन पराउनुहुन्छ। यो यस्तो कुरा हो जसको उहाँले ख्याल राख्नुहुन्छ र प्रशस्त गरी आशिष दिनुहुन्छ।

<u>१ कोरिन्थी १६:१-२</u>

यस खण्डमा हामी देख्छौं शरुका मण्डलीका विश्वासीहरूले हप्ताको पहिलो दिनमा भेला हुँदाखेरि सङ्कलन कार्य गर्ने गर्थे। यहाँ उल्लेखित सङ्कलनचाहिँ पावलले यरूशलेममा भएका ख्रीष्टियनहरूका लागि उठाइरहेका थिए किनकि त्यसबेला उनीहरूलाई अनिकालको कारणले दुःख परिरहेको थियो (रोमी १५:२६)। यस अवसरमा पनि पावलले उनीहरूलाई "परमेश्वरले फलिफाप गराउनुभएअनुसार" दिनलाई

सिकाए। यसको माने दिने कामचाहिँ आनुपातिक ढङ्गले हुनुपर्थ्यो। यो दसौं अंशको जस्तै सिद्धान्त हो। जसले बढी कमाउन सक्छन्, उनीहरूले बढी दिन्छन्।

२ कोरिन्थी ९:६-७

यो पनि फेरि उही विशेष सङ्कलनको कुरा हो जुन पावलले यरूशलेमका विश्वासीहरूका लागि उठाउँदैथिए।

हामी देख्छौं कि यस्ता भेटीहरू स्वेच्छापूर्ण भेटी हुन्, यसको माने प्रत्येक विश्वासीले कति दिने भन्ने बारेमा आफ्नै निर्णय गर्दछ (२ कोरिन्थी ९:७)।

पावलले उनीहरूको दिने कामलाई आशिष दिनुहुनेछ भनेर प्रतिज्ञा गरे।

4) दसौं अंश दिने काम विश्वासैद्वारा गरिनुपर्छ

प्रभावकारी ढङ्गले दसौं अंश दिने एउटै मात्र उपाय भनेको विश्वासैद्वारा यसको अभ्यास गर्नु हो। हामीले कठिनाइका घडीहरूमा समेत परमेश्वरको प्रतिज्ञाहरूलाई विश्वास गर्नुपर्छ। अनि हामीले सम्झना गर्नुपर्छ कि परमेश्वरले विश्वासको जाँच गर्नुहुन्छ, त्यो साँचो छ कि छैन भनेर हेर्न र त्यसलाई अझ प्रबल बनाउन (याकूब १:२-४)। धेरैपटक जब कुनै विश्वासीले दसौं अंश दिन थाल्ने निर्णय गर्दछ तब उसको निर्णयको जाँच गर्नलाई उसलाई केही आर्थिक समस्या आउँछ।

जोन आर राइसले बीसौं शताब्दिको शुरुतिरको टेक्सासको एकजना काइकेन्दाल नाम गरेका प्रचारकको चर्चा गर्छन्। उनी प्रचार कार्यमा त्यस इलाकाको ठाउँ-ठाउँमा पालैपालो फन्को मार्दै घुम्ने गर्थे र उसले पाउने सङ्कलित भेटीहरू ज्यादै थोरै हुन्थे, यहाँसम्म कि उसको ठूलो परिवारलाई समस्या नै थियो। एक सालको कुरा हो एकजना धनी व्यापारी उक्त इलाकामा आएछन् र विभिन्न मण्डलीहरूमा आफ्नो गवाही बाँडेछन् र काइकेनदालले उसलाई पाहुना सत्कार गरेछन् र आफ्नो बग्गीमा एउटा सभादेखि अर्को सभामा उनलाई डोऱ्याएछन्। विभिन्न कुरामध्येमा त्यस व्यापारीले विश्वासीहरूलाई दसौं अंश दिनलाई चुनौती दिएछन्। एक दिन बग्गीमा चढेर जाँदै गर्दा व्यापारीले प्रचारकलाई दसौं अंश दिनुपर्छ भन्ने बारेमा विश्वास गर्नुहुन्छ कि हुन्न भनेर सोधेछन्।

तिनले जवाफ दिए, "गर्छु, दसौं अंश दिन म चाहन्छु, तर म ज्यादै गरीब छु र मलाई मेरो ठूलो परिवार स्याहार्नुपरेको छ।"

व्यापारीले जवाफ दिए, "म तपाईंलाई एउटा प्रस्ताव राख्छु। तपाईंले यदि एक सालभरि दसौं अंश दिने गर्नुभयो भने, म तपाईंलाई एउटा ग्यारेन्टी दिन्छु। उक्त सालको कुनै पनि समयमा यदि तपाईंले आफ्नो आर्थिक जिम्मेवारी पूरा गर्न नसक्नुभएको आफूलाई पाउनुभयो भने र के गर्ने कसो गर्ने भयो भने खालि मलाई सम्पर्क गर्नुहोस् र आवश्यक रकम म तपाईंलाई पठाइदिनेछु। म एउटा धनी मानिस हुँ र म आफूले बोलेको वचन पूरा गर्ने मानिस हुँ।"

काइकेनदालले उत्साही भई जवाफ दिए, "हुन्छ, म खुसीसाथ तपाईंको यो प्रस्तावलाई स्वीकार गर्छु।"

प्रचारकले आफूले स्वीकारेअनुसार विश्वासयोग्य रीतिले दसौं अंश दिन थाले तर उसले कहिल्यै पनि ती व्यापारीलाई सम्पर्क गर्नु परेन। बाह्र महिनाको अन्तमा पुगेर प्रचारकले यस कुरालाई मनन गर्दैथिए। परमेश्वरले उनलाई त्यस साल प्रशस्त गरी आशिष दिनुभएको थियो र उनका सबै खाँचोहरू पूरा गरिदिनुभएको थियो। मानिसहरूले उसलाई भेटीहरूमा पहिलाभन्दा कैयौं गुणा धेरै दिएका थिए, अनि

उनको परिवारले थुप्रै विशेष आशिषहरू अनुभव गरेका थिए। यी कुराहरूलाई जब उनले विचार गरिरहेका थिए तब एक्कासी उनको हृदयलाई एउटा पीडाले समात्यो। किनकि उसलाई यो महसुस भयो कि उनले एउटा व्यापारी मान्छेको वचनमाथि भरोसा गरेका थिए तर त्यो भन्दा पनि ठूला-ठूला प्रतिज्ञाहरू गर्ने जीवित परमेश्वरको वचनमाथि भरोसा गर्न उनी चाहेका थिएनन्!

5) यदि दसौं अंश दिनु नयाँ नियमका विश्वासीहरूका लागि होइन भन्ने मेरो विश्वास छ भने नि?

(1) सम्झना गर्नुहोस्, दसौं अंश मोशाको व्यवस्थाभन्दा पहिलादेखिको अभ्यास हो। अब्राहामले आफू व्यवस्थाको अधीनमा भएकाले दसौं अंश दिएका थिएनन्; उनले दसौं अंश दिए किनकि उनले परमेश्वरलाई आदर गर्न चाहन्थे र परमेश्वरको काममा योगदान दिन चाहन्थे जसका प्रतिनिधि मल्किसदेक थिए। यो नयाँ नियमका विश्वासीहरूलाई असल उदाहरण हो, किनकि हामी विश्वासद्वारा अब्राहामका सन्तान हौं (रोमी ४:१६-१७)।

(2) पुरानो नियमचाहिँ हाम्रो उदाहरणका लागि दिएको थियो (रोमी १५:४; १ कोरिन्थी १०:११)। पावलले नयाँ नियमका विश्वासीहरूले प्रचारकहरूलाई र प्रचार कार्यलाई टेवा दिनुपर्छ भनेर सिकाउनलाई पुरानो नियमको दिने प्रणालीलाई अधिकारस्वरूप प्रयोग गरे (१ कोरिन्थी ९:८-१४)।

(3) आफ्ना जनहरू दिने हृदय भएका मानिसहरू होऊन् भन्ने कुरा ख्रीष्टले प्रस्टै व्यक्त गर्नुभएको उहाँको इच्छा हो (लूका ६:३८)। "दसौं अंश दिनुपर्छ" भन्ने कुरामा विश्वास नगर्ने कतिपयहरूलाई मैले भेटेको छु जो कन्जुस छन्। मण्डलीमा उनीहरूले आफ्नो उचित अभिभारा बोक्दैनन्। कन्जुस्याइँ र कसिएको मुठ्ठी एउटा परमेश्वरको सन्तानको वास्तविक चरित्र होइन। दसौं अंश व्यवस्थाको कुरा हो भनेर तपाईंले यदि विश्वास गर्नुहुन्छ भने तापनि, यस वर्तमान संसारमा परमेश्वरको कामको खाँचोहरूको प्रसङ्गमा तपाईंले आफ्नो आम्दानीको ९०% भन्दा भाग आफ्नै निम्ति राख्नलाई त तपाईंलाई शर्म लाग्नुपर्ने हो। वर्तमान समयमा दसौं अंश दिने नियम छैन भनेर विश्वास गर्नेहरूमध्येमा सबै नै कन्जुस हुँदैनन् भन्ने कुरा पनि म यहाँ थप्नलाई ढिलो गर्न चाहन्न। वास्तवमा म कतिलाई चिन्छु जसले आफ्नो आम्दानीको ३०%, ४०%, ५०% समेत प्रभुलाई दिन्छन्।

(4) विश्वासीका थुप्रै आर्थिक दायित्व अर्थात् कर्तव्यहरू छन्। महान् आज्ञा एउटा दायित्व हो। सुसमाचारलाई सबै जातिका सबैजनालाई पुऱ्याउन हामीलाई आज्ञा गरिएको छ (मर्कूस १६:१५; प्रेरित १:८)। यसलाई ख्रीष्टको "महान् आज्ञा" भनिन्छ किनकि नयाँ नियममा यसलाई पाँच-पाँच पटक दोहोऱ्याइएको छ, र यसरी यसको महत्त्वलाई जोड दिइएको छ। विश्वव्यापी रूपमा गरिनुपर्ने सुसमाचारको प्रचार कार्यचाहिँ ख्रीष्टको मृत्युसँग सम्बन्धित छ यसमा कि मानिसको पापको निम्ति भएको ख्रीष्टको वेदना वा दुःखभोगाइ प्रभावहीन हुन्छ यदि सुसमाचारको घोषणा गरिँदैन भने (लूका २४:४६-४७)। विश्वव्यापी सुसमाचार अभियान ज्यादै खर्चिलो कार्य हो। यस कामलाई अघि बढाउन प्रत्येक विश्वासीलाई आफूले जे गर्न सक्छ त्यो गर्नुपर्ने दायित्व छ, र यसअन्तर्गत आफै सुसमाचार सुनाउनु हो, प्रार्थना गर्नु हो, दिनु हो। प्रचारकहरूलाई र मिसनरीहरूलाई टेवा दिनु एउटा दायित्व नै हो (१ कोरिन्थी ९:१४; फिलिप्पी ४:१५-१७; तीतस ३:१३-१४; ३ यूहन्ना ५-८)। मण्डली पनि एउटा दायित्व नै हो। यस वर्तमान युगमा यो नै परमेश्वरको घर र सत्यको खाँबो र जग हो (१ तिमोथी ३:१५)। यो नै विश्वव्यापी सुसमाचार प्रचारको केन्द्र हो (प्रेरित १३:१-४)। यसैकारण मण्डलीको काममा आर्थिक रूपमा टेवा दिनु हरेक विश्वासीको दायित्व हो ताकि यसले यस खाँचोमा डुबिरहेको संसारमा परमेश्वरले दिनुभएको कार्यलाई पूरा गर्न सकोस्।

## आफ्नो पैसाको सम्बन्धमा कसरी विवेकी बन्ने भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. दसौं अंश दिनु भनेको के हो?
2. दसौं अंश दिने काम परमेश्वरलाई _______ गर्ने र उहाँको महान् कामलाई ______ दिने एउटा तरिका हो।
3. दसौं अंशको अभ्यास कहिले शुरु भएको हो?
4. मोशाको व्यवस्थाले कति दिनुपर्छ भन्ने माग गर्थ्यो?
5. मलाकी ३ मा ती यहूदीहरूलाई परमेश्वरले किन लुटेराको संज्ञा दिनुभयो?
6. दसौं अंश दिनेहरूलाई परमेश्वरले कस्तो प्रतिज्ञा गर्नुभयो?
7. आज परमेश्वरको घर भनेको के हो?
8. कुन खण्डले बाबुआमाले आफ्ना नानीहरूलाई दसौं अंश दिन सिकाउनुपर्छ भनेर निर्देशन दिन्छ?
9. कुन पदमा येशूले "देओ ,र तिमीहरूलाई दिइनेछ" भन्ने प्रतिज्ञा गर्नुभयो?
10. पावलले कोरिन्थमा भएका विश्वासीहरूलाई आफ्ना भेटीहरू कुन दिनमा ल्याउनलाई निर्देशन दिए?
11. कुन पदले भन्छ, "जसले थोरै छर्छ, त्यसले थोरै कटनी पनि गर्नेछ; र जसले धेरै छर्छ, त्यसले धेरै नै कटनी पनि गर्नेछ"?
12. काइकेन्दाल नाम गरेका प्रचारक आफूदेखि किन लज्जित भएका थिए?

# आफ्नो पैसाको सम्बन्धमा कसरी विवेकी बन्ने?

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: हितोपदेश ६:९-११; ११:१५; २३:२०-२१; एफेसी ४:२८; हिब्रू १३:५-६**

### १. परमेश्वरलाई पहिलो स्थान दिनुहोस् र आफ्ना खाँचोहरू पूरा गरिन उहाँमाथि भरोसा राख्नुहोस् (मत्ती ६:३१-३३)

यदि विश्वासीले परमेश्वरलाई पहिलो स्थान दिन्छ भने सबै कुरा मिलेर आउँछ, तर यदि उसले आफैलाई पहिलो स्थानमा राख्छ भने सबै कुरा भताभुङ्ग भएर जान्छ!

1) परमेश्वरलाई पहिलो स्थान दिनु भनेको परमेश्वरको आज्ञा मान्नु हो। यसको माने मेरो आफ्नो कामकुरालाई भन्दा परमेश्वरको कामकुरालाई प्राथमिकता दिनु हो; आफूलाई खुसी पार्नुभन्दा परमेश्वरलाई खुसी पार्नु हो। विश्वासीले मण्डलीको सवालमा परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ। म नयाँ विश्वासी हुँदा मैले माण्डलिक सभालाई छोड्न बाध्य गराउने कुनै पनि काम नलिने निर्णय गरेँ (हिब्रू १०:२५)। विश्वासीले पैसाको सवालमा आफ्नो आम्दानीको पहिलोफल परमेश्वरलाई दिएर परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ। विश्वासीले बाइबलको सवालमा दिनको पहिलो भागलाई बाइबल अध्ययन र आराधना गर्नलाई अलग गरेर र परमेश्वरको वचन झन्-झन् राम्ररी सिक्नलाई हरेक मौका लिएर परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ। साथै विश्वासीले पेशा र मित्रताहरू र विवाह आदि जस्ता आफ्ना निर्णयहरूमा पनि परमेश्वरलाई पहिलो स्थान दिनुपर्छ।

2) परमेश्वरलाई पहिलो स्थान दिनुको माने परमेश्वरमाथि भरोसा गर्नु हो। यसको माने उहाँका प्रतिज्ञाहरू विश्वास गर्नु र उहाँलाई शङ्का नगर्नु हो। मैले उहाँको आज्ञा मान्नुपर्छ अनि त्यसपछि मैले उहाँले मेरो वास्ता गर्नुहुन्छ र मेरा कामकुराहरू मिलाउनुहुनेछ भनेर उहाँमाथि भरोसा गर्नुपर्छ।

3) परमेश्वरलाई पहिलो स्थान दिनु भनेको धैर्य गर्नु र प्रभुको बाटो हेर्नु हो (भजनसङ्ग्रह २७:१४; हितोपदेश २०:२२)। हामीले धैर्य गर्नुपर्छ भनेर परमेश्वरले माग राख्नुभएको छ; यो एउटा ठूलो आत्मिक नियम हो। परमेश्वरको इच्छा र योजनामा कामकुराहरू रातारात हुँदैनन्। हाम्रो विश्वास साँचो छ कि छैन भनेर उहाँले हाम्रो जाँच गर्नुहुन्छ। परिस्थिति जस्तोसुकै कठिन भए पनि हामी आफ्ना कर्तव्यहरूमा विश्वासयोग्य हुनुपर्छ र अगाडि बढिनैरहनुपर्छ।

### २. कडा परिश्रम गर्नुहोस् (हितोपदेश ६:६-११)

हितोपदेशको पुस्तक व्यावहारिक बुद्धिको पुस्तक हो, र यसले बारम्बार अल्छिपनाको विरुद्धमा चेताउनी दिन्छ। परमेश्वरले कडा परिश्रमलाई आशिष दिनुहुन्छ र अल्छिपनालाई उहाँ घृणा गर्नुहुन्छ। उहाँले हामीलाई कमिलाबाट सिक भन्नुहुन्छ। कमिलाबाट सिक्न सकिने केही पाठहरूलाई विचार गरौं:

1) कमिला निगरानीबिना काम गर्छ र विश्वासीले पनि दिनको शुरुदेखि दिनको अन्तसम्म उसलाई हेरिरहने कोही नभए पनि वा उसलाई घरीघरी घच्घचाउने कोही नभए पनि विश्वासयोग्य भएर ख्रीष्टको सेवा गर्नुपर्छ।

2) कमिलाले मौका हुँदैमा काम गर्छ र "राम्रो दिन" कहिले आउला भनेर पर्खी बस्दैन। त्यस्तै, विश्वासीले पनि "दिन छँदै" काम गर्नुपर्छ र पछि गरूँला भन्दै कामलाई पन्साउनुहुँदैन।

3) कमिला अरू कमिलाहरूसित एकदम तालमेलमा काम गर्छ। प्रत्येक कमिलाले आफ्नो भाग गर्छ, र त्यस्तै गरी प्रत्येक विश्वासीको पनि माण्डलिक शरीरभित्र आफ्नै विशिष्ट सेवकाइ हुन्छ।

4) कमिला त्यति सानो भएर पनि र तुलनामा महत्त्वहीन देखिए तापनि उसले काम गर्छ। हाम्रो जीवनमा र मण्डलीमा यो हाम्रो उदाहरण हुनुपर्छ। सबैभन्दा सानो व्यक्ति र सबैभन्दा सरल काम पनि यदि परमेश्वरको निम्ति भनेर गरिन्छ भने त्यो उहाँको दृष्टिमा मूल्यवान् हुन्छ।

अरू थुप्रै हितोपदेशहरूले अल्छि हुने कुराको विरुद्धमा चेताउनी दिन्छ किनकि पापी मानव स्वभाव अल्छिपनातिर नै झुक्न खोज्छ (हितोपदेश १०:४-५; १२:२४; १४:२३; १५:१९; १९:१५; २०:४,१३; २१:२५-२६; २४:३०-३४; २६:१४; २७:२३-२७)।

### ३. इमान्दार हुनुहोस् (एफेसी ४:२८)

परमेश्वर पवित्र र न्यायी हुनुहुन्छ र उहाँ बेइमानीलाई घृणा गर्नुहुन्छ। तर हामी पापीहरू हौं र हामी पापपूर्ण संसारमा बाँचिरहेका छौं, र अनेकौं तरिकामा हामीलाई बेइमानी हुनलाई परीक्षा आउँछ -- ठग्न, चोर्न, कुरा बङ्ग्याउन, काममा पूरा बल नलगाउन, घुस खान, र अन्य तरिकाले हाम्रा व्यवहारहरूमा अन्यायी हुन। हामीले यस्ता प्रलोभनहरूलाई इन्कार गर्नुपर्छ र यस अन्धकारपूर्ण संसारमा ख्रीष्टका राजदूतहरूका रूपमा इमान्दार हुनुपर्छ। परमेश्वरले सत्यवादीलाई आशिष दिनुहुन्छ र बेइमानीलाई न्याय गर्नुहुन्छ।

### ४. अरूलाई दिन र सहायता गर्न सिक्नुहोस् (लूका ६:३८; गलाती ६:१०; एफेसी ४:२८; रोमी १२:१३; १ तिमोथी ६:१८; हिब्रू १४:१६)।

विश्वासीसँग दिनलाई तत्पर खालको हृदय हुनुपर्छ, कञ्जुसी र आफ्नो बारेमा मात्र विचार गर्ने खालको होइन। जो परमेश्वरलाई पहिलो स्थान दिन सिक्छन् र प्रभुको कामका निम्ति दसौं अंशहरू र भेटीहरू दिन्छन् र अरूलाई सहायता गर्न सिक्छन्, तिनीहरूको नै यस जीवनमा फलिफाप हुन्छ किनभने तिनीहरूसित परमेश्वरको आशिष हुन्छ।

### ५. सांसारिक मानिसहरूको पछि नलाग्नुहोस् (हितोपदेश १२:११; २३:२०-२१)।

मूर्ख मानिसहरू ती हुन् जो पैसाको सठीक प्रयोग गर्न जान्दैनन्, जसको गवाही राम्रो छैन, जसले आफूहरू आर्थिक व्यवहारहरूमा बुद्धिमानी नभएको प्रमाण दिइसकेका छन्, जो पापपूर्ण मार्गहरूमा हिँडिरहेका छन्। सांसारिक मित्रहरू सच्चा मित्र होइनन् भनेर उडाउ पुत्रले सिक्यो। तिनीहरू तपाईंलाई प्रेम गर्दैनन्; तिनीहरू तपाईंसित भएका चीजहरूलाई प्रेम गर्छन्। तिनीहरू तपाईंलाई केवल प्रयोग गर्न चाहन्छन्। अनि मूर्ख मानिसहरूको पछि लाग्नेहरू बुद्धिमानी बन्दैनन् बरु प्रायः आफ्नो आम्दानीलाई खेर फाल्न पुग्छन् र अवसरहरूलाई मिल्काउन पुग्छन् (१ कोरिन्थी १५:३३)। म जवान हुँदा मलाई यस्तै भएको हो। मैले पाउन सक्ने शिक्षा मैले हासिल गर्न सकिनँ र आफूलाई उचित ढङ्गले विकास गर्न सकिनँ किनभने म मूर्खहरूको भीडको पछि लागिरहेको थिएँ। खेर फालिएको समयलाई पश्चात्ताप गरे पनि फिर्ता पाउन सकिन्न।

### ६. छिटो सम्पत्ति-आर्जनको प्रतिज्ञाको पछि नलाग्नुहोस् (हितोपदेश १३:११; २१:५)।

यदि कुनै पनि आर्थिक कारोवार सुन्दैमा यति आकर्षक सुनिन्छ कि त्यो "साँचो होला त" भन्ने मनमा लाग्छ भने, त्यो साँचो होइन पनि!

### ७. ऋण लिने र दिने बारेमा होशियार हुनुहोस् (हितोपदेश ६:१-५)।

योचाहिँ विचार नपुऱ्याईकन ऋण लिने र करार बाँध्ने सम्बन्धमा दिइएको चेताउनी हो।

गल्ती भएको महसुस भएमा त्यसबाट निस्कने उपाय खोज्नुहोस् (जस्तै, मगनी, व्यापारिक साझेदारिता, जागिर, पढाइ)। यदि तपाईंको दायित्व पक्का गरिसकिएको छ भने, करार पूरा गर्नु तपाईंको जिम्मेवारी हो, तर सम्भव भएसम्म त्यसबाट आफू निस्कनलाई सकेसम्म केही न केही गर्नु बुद्धिमानी हुन्छ, जस्तै, विचार नपुर्‍याईकन लिइएको ऋण छिटो तिर्नलाई दुई-दुईटा काम गर्नुपर्ला।

जसले ऋण लिन्छ ऊ दास बन्छ (हितोपदेश २२:७)। एक आर्थिक दायित्व भनेको मानिस र परमेश्वरको सामु एउटा गम्भीर करार हो। आफूले तिर्न सक्ने कुरा पक्का नगरीकन ऋण नलिनुहोस्। २ राजा ४:१ मा एकजना अगमवक्ताको परिवार कति नराम्रो समस्यामा परेको कुरालाई विचार गर्नुहोस्। जब हामी आफ्नो वचन दिन्छौं तब त्यो पूरा गर्न परमेश्वरले हामीलाई जिम्मेवार भएको ठान्नुहुन्छ। हामीले सत्य बोल्नुपर्छ भन्ने उहाँको माग छ (जकरिया ८:१६; एफेसी ४:१५)। हामी आफूले दिएका प्रतिज्ञाहरूले बाँधिएका हुन्छौं, चाहे त्यो वैवाहिक करार होस् वा व्यापारको करार होस्। अमेरिकामा कुनै-कुनै विश्वासीका बारेमा मलाई थाह छ जसले ऋणबाट उम्कनलाई सरकारको शरण लिन पुगेका छन् (टाट उल्टेको भनेर) तर त्यो ख्रीष्टिय तरिका होइन। कुनै-कुनै परिस्थितिमा आपसी कुराकानीद्वारा करारको भुक्तानी अवधिलाई लम्ब्याउन आवश्यक पर्न सक्छ, तर ऋण भनेको चुक्ता गर्नैपर्छ।

विशेष गरी खराब शर्तमा ऋण लिनु बुद्धिमानी होइन। एकजना साथी हाल सालै बैङकमा कर्जा लिने विषयमा बुझ्न जानुभएको थियो। बैङकले २०% ब्याज लिने रे, साथै कर्जाको २०% रकम बैङकमै सञ्चय गरी त्यसको समेत ब्याज तिर्नुपर्ने रे! यहाँ मानिसहरूले ३०% ब्याज तिर्नुपर्ने व्यक्तिगत कर्जा लिने गर्छन् जसको साथसाथै विभिन्न जरीवाना र शुल्कहरू पनि तोकिएका हुन्छन्। यस्ता करारहरूमा सहमत हुनेहरू मूर्ख हुन्। परमेश्वरले हाम्रा खाँचोहरू पूरा गरिदिने र उहाँको आज्ञा पालन गरेको खण्डमा उहाँले हाम्रो लागि बाटो खोलिदिने प्रतिज्ञा गर्नुभएको छ, त्यसैले हामीले उहाँमाथि भरोसा गर्नुपर्छ र आवेगमा सोच विचारै नपुर्‍याई मूर्ख निर्णयहरू गर्नुहुँदैन। यस्तो गर्नु भनेको विश्वासले होइन अविश्वासले काम गर्नु हो, तर बिनाविश्वास परमेश्वरलाई खुसी पार्नु असम्भव छ (हिब्रू ११:६)।

उधारो दिने विषयमा होशियार हुनुहोस्। कसैलाई उधारो दिने समय पनि हुन्छ (भजनसङ्ग्रह ३७:२६; लूका ६:३५), तर उधारो माग्ने जोसुकैलाई दिनु बुद्धिमानी होइन। उधारो दिने काम सुझबुझले गर्नुपर्छ (भजनसङ्ग्रह ११२:५)। अपरिचित व्यक्तिलाई उधारो नदिनुहोस् (हितोपदेश ११:१५)। अल्छि मान्छे वा कडा परिश्रममा नलागिरहेको मान्छेलाई उधारो नदिनुहोस् (२ थेस्सलोनिकी ३:१०)। राम्रो गवाही नभएको, भर पर्न नसकिने व्यक्तिलाई उधारो नदिनुहोस् (हितोपदेश २५:१९; लूका १६:१०)। पैसाको सवालमा बुद्धिमानी भएको प्रमाणित नभएको व्यक्तिलाई पैसा सापट नदिनुहोस्। नराम्रो गरी ऋणमा डुबिरहेको व्यक्तिलाई पैसा सापट नदिनुहोस्। खराब चरित्र (जस्तै, ढाँट्ने, चोर्ने, ऋणदातादेखि भाग्ने, आफ्नो ख्रीष्टिय जीवनमा अविश्वासयोग्य) हुनेलाई पैसा सापट नदिनुहोस्। अरूलाई खराब गर्न टेवा दिनु भनेको उनीहरूको खराब कामहरूमा सहभागी बन्नु हो (१ तिमोथी ५:२२; २ यूहन्ना १०-११; प्रकाश १८:४)।

### ८. असल सल्लाह लिनुहोस् (हितोपदेश १९:२०; २४:६)।

ठूला-ठूला आर्थिक निर्णयहरू आफू एक्लैले नगर्नुहोस्; पास्टरहरू र बाबुआमाहरू र मण्डलीका उमेर खाएका पाको पवित्रजनहरू जस्ता बुद्धिमानी व्यक्तिहरूसित असल सल्लाह लिनुहोस्। आर्थिक मामिलाहरूमा बुद्धिमानी भएको प्रमाणित भएकाहरूसित सल्लाह लिनुहोस्। तपाईं युवा हुनुहुन्छ भने आफ्नै साथीभाइहरूसित सल्लाह नलिनुहोस्; उमेर खाएका, बढी बुद्धि भएकाहरूकहाँ जानुहोस्।

### ९. आर्थिक मामिलाहरूमा अविश्वासीहरूसित एउटै जुवामा ननारिनुहोस् (२ कोरिन्थी ६:१४)।

यसले नातागोतालाई पनि समेट्छ। एउटा नयाँ विश्वासी यदि यस्तो कुरामा जेलिएको छ भने उसले आफूलाई त्यस्तो जुवादेखि छिटो भन्दा छिटो निकाल्न जे गर्न सकिन्छ गर्नुपर्छ ताकि ऊ ख्रीष्टको सेवा गर्न स्वतन्त्र बनोस्।

१०. आफूसित जे छ त्यसमा धन्यवादी बन्नुहोस् र त्यसलाई प्रयोगमा ल्याउनुहोस् (हितोपदेश १२:२७); काम नगरी बस्नलाई बहाना नबनाउनुहोस् (हितोपदेश २०:४; २२:१३)।

आफूसित नभएको कुराको फिक्री नगर्नुहोस्; जहाँ हुनुहुन्छ त्यहींबाट शुरु गर्नुहोस् र आफूसित जे छ त्यसलाई आफ्नो क्षमताले भ्याएसम्म प्रयोग गर्नुहोस्, र परमेश्वरले तपाईंलाई आशिष दिनुहुनेछ र अरू थप प्रबन्ध गर्नुहुनेछ। परमेश्वरसित बुद्धि माग्नुहोस्। सात कक्षामा पढ्दै गर्दा मलाई हाईस्कूलको बैण्डमा क्लारिनेट (बाँसुरी) बाजा बजाउने इच्छा भयो तर क्लारिनेट किन्नलाई मेरा बाबुआमासित पैसा थिएन। तैपनि म बैण्डमा भर्ना भएँ र बैण्डका अगुवाले क्लारिनेट बजाउने समूहलाई सिकाउँदा मैले त्यो बजाउने तरिकालाई सिकेँ र घरमा गएर हावामा हात चलाएर बजाउने अभ्यास गरेँ। पछिबाट मेरी बज्यूले मलाई एउटा बाजा किनिदिनुभयो र पछि मेरा बाबुआमाले अझै राम्रो बाजा किनिदिनुभयो। त्यसैगरी मैले मुक्ति पाएपछि मैले प्रवचनहरू लेखेर तिनलाई वितरण गर्न चाहँदा मसित तिनलाई छाप्ने पैसा थिएन। मसित एउटा टाइपराइटर थियो र मैले साँझसाँझ थुप्रै घण्टाहरू प्रवचनहरूलाई टाइप गर्नमा बिताएँ र कार्बन कागतद्वारा प्रतिलिपिहरू निकालेँ। अनि तिनलाई मैले वितरण गरेँ। पछिबाट प्रभुले मलाई ती सन्देशहरूलाई छापाखानामा प्रतिलिपिहरू बनाउने प्रबन्ध गरिदिनुभयो र वर्षहरू बित्दै जाने क्रममा मैले लाखौँ प्रतिलिपिहरू वितरण गरेको छु। हाम्रो मण्डलीमा एकजना बहिनीलाई किबोर्ड बजाउने इच्छा भयो तर उनका बाबुआमा धेरै गरीब भएकाले बाजा किन्न पैसा भएन। त्यसलाई बहाना बनाउनुको सट्टा तिनले एउटा कागतमा किबोर्डको चित्र कोरिन् र त्यसैमा अभ्यास गर्न थालिन्।

आत्मिक क्षेत्रमा उही सिद्धान्त काममा आउँछ। बाइबलको बारेमा सबै कुरा नजानेसम्म प्रभुको सेवा गर्नलाई र मानिसहरूलाई ख्रीष्टको बारेमा बताउनलाई पर्खेर बस्ने होइन; आफू जहाँ हुनुहुन्छ त्यहींबाट शुरु गर्नुहोस्। बाइबल अध्ययन गर्नलाई दराजभरी किताब नभएसम्म पर्खेर बस्ने होइन; आफूसँग जे छ त्यहींबाट शुरु गर्नुहोस्। आफूसँग जे छ त्यसलाई प्रयोग गर्नुहोस् र परमेश्वरले त्यसको वृद्धि गरिदिनुहुन्छ। आज मैले के गर्नुपर्छ भन्ने कुरामा आफूलाई ज्ञान छ त्यसमा विश्वासयोग्य बन्नुहोस् र परमेश्वरले भोलि तपाईंलाई अझ अरू अवसरहरू प्रदान गर्नुहुनेछ।

धेरैजना विश्वासीहरू प्रभुको सेवा गर्नुको सट्टा बहानाहरू बनाउँछन्। उनीहरू यो बहानामा वा त्यो बहानामा मण्डली सभाहरूमा विश्वासयोग्य भएर उपस्थित हुँदैनन्। उनीहरू यो बहानामा वा त्यो बहानामा मण्डलीमा आफूले गर्न सक्ने कुनै एउटा सेवामा भाग लिँदैनन्। के भन्ने भनेर जान्दिनँ भन्दै वा डरले वा आफ्नो जातले गर्दा वा आफू अनपढ भएकोले भन्दै उनीहरू सुसमाचार सुनाउँदैनन्। आफ्नो आँखा राम्ररी नदेख्ने भएकोले वा राम्ररी पढ्न आउँदैन भन्दै वा पढ्नै आउँदैन भन्दै उनीहरू बाइबल पढ्दैनन्। आखिरमा पढ्न सिक्नलाई त्यति गाह्रो कुरा पनि होइन, र प्रत्येक विश्वासीले जस्तोसुकै उपाय अपनाएर भए पनि बाइबल पढ्ने उपाय निकाल्नुपर्छ। सामान्य समझ भएको जोकोहीले पनि पढ्नलाई सिक्न चाहन्छ भने उसले पढ्न सिक्न सक्छ, तर बहाना बनाउनेहरूले जीवनमा कहिल्यै प्रगति गर्नेछैनन्।

**११. परमेश्वरले जे दिनुहुन्छ त्यसमा सन्तोष गर्नुहोस् (हिब्रू १३:५-६)।**

अझ कमाउनलाई कडा परिश्रम गर्नु गलत होइन, र वृद्धि गर्नलाई सञ्चय गर्नु र वृद्धि गरिदिनुहोस् भनेर परमेश्वरसित माग्नु गलत होइन, तर आफूसँग नभएसम्म खर्च गर्नु बुद्धिमानी होइन। आफूसित जे छ त्यसमा जब सन्तोष गर्नुहुन्छ, तपाईं परमेश्वरमाथि भरोसा राख्न सक्नुहुन्छ र तपाईंले मान्छेको डर मान्नुपर्नेछैन। लोभ-लालच गर्दै, जहिले पनि अझ धेरैको लालसा गर्दै जिउनु गलत हो। परमेश्वरले लोभ मूर्तिपूजाजस्तै हो भन्नुहुन्छ (कलस्सी ३:५)। जो धनी हुन चाहन्छ ऊ भयङ्कर आत्मिक खतरामा छ (१ तिमोथी ६:६-१०)।

## आफ्नो पैसाको सम्बन्धमा कसरी विवेकी बन्ने भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. कुन पदमा येशूले "पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर, र यी सबै थोकहरू तिमीहरूलाई थपिनेछन्" भन्नुभयो?

2. परमेश्वरलाई पहिलो स्थान दिनुको माने के हो?
3. हामी कमिलाबाट के सिक्न सक्छौं?
4. हितोपदेशहरूले अल्छिपनाको बारेमा किन धेरैपटक चेताउनी दिन्छ?
5. परमेश्वरलाई बेइमानी व्यवहार कस्तो लाग्छ?
6. कुन पदमा "देओ, र तिमीलाई दिइनेछ" भन्ने प्रतिज्ञा छ?
7. कुन पदले हामीलाई "पवित्रजनहरूको खाँचोमा सहायता गर" भनेर सिकाउँछ?
8. सांसारिक मानिसहरूको पछि लाग्नु किन बुद्धिमानी होइन?
9. उडाउ पुत्रले सांसारिक मित्रहरूको विषयमा के पत्ता लगाए?
10. हितोपदेशले निकम्मा मानिसहरूको पछि लाग्नेहरूको बारेमा के भन्छ?
11. यदि कुनै पनि आर्थिक कारोवार सुन्दैमा यति आकर्षक सुनिन्छ कि "त्यो साँचो होला त?" भन्ने मनमा लाग्छ भने, त्यो ______ होइन पनि!
12. बाइबलले भन्छ ___________ ___________को दास बन्छ।
13. २ राजा ४ मा ऋण लिने अगमवक्तालाई के भयो?
14. पैसा सापट दिने सही समय पनि हुन्छ भनेर हामी कसरी जान्दछौं?
15. बाइबलको कुन ठाउँमा हामीले उधारो दिने काम सुझबुझले गर्नुपर्छ भनेर बताउँछ?
16. कस्ता-कस्ता मानिसहरूलाई हामीले पैसा सापट दिनुहुँदैन?
17. जब हामी अरूलाई खराब गर्नलाई मद्दत गर्छौं तब हामी उनीहरूको खराब कामहरूमा __________ बन्छौं।
18. कुन पदले "बुद्धिपूर्ण सल्लाहहरूद्वारा आफ्नो युद्ध गर्नेछौं" भनेको छ?
19. कुन पदले अविश्वासीहरूसँग एउटै जुवामा असमान भएर नजोतिओ भनेर बताउँछ?
20. कुन दुईटा हितोपदेशहरूले अल्छिले काम नगर्नलाई बहाना बनाउँछ भनेर बताउँछ?
21. प्रभुको सेवा नगर्नलाई विश्वासी भन्नेहरूले बनाउने केही बहानाहरू के-के हुन्?
22. हिब्रू १३:५-६ अनुसार विश्वासी किन आफूसित भएको कुरामा सन्तोष गर्नुपर्छ?
23. कुन खण्डले धनी हुने इच्छा गर्ने बारेमा चेताउनी दिन्छ?

# विश्वासी जन र मद्यपान

**कण्ठ गर्नुपर्ने पद: हितोपदेश २०:१; २३:१९-२१; १ कोरिन्थी १०:३२-३३; १ थेस्सलोनिकी ५:२२**

**परिचय**

१) ख्रीष्टको नाम धारण गर्ने धेरैजसो व्यक्तिहरू संयमी भएर मद्यपान गर्दा हुन्छ भन्ने कुरामा विश्वास गर्छन्। यो कुरा रोमन क्याथोलिकहरू (Roman Catholics), ओर्थोडक्सहरू (Orthodox), लुथरनहरू (Lutherans) र इमर्जिङग इभान्जेलिकल (Emerging Evangelical) चर्चकाहरूको सवालमा साँचो छ। उदाहरणको लागि, *"Listening to the Beliefs of Emerging Churches: Five Perspectives"* भन्ने किताबमा मद्यपानको आनन्दको बारेमा दर्जनौं पटक उल्लेख गरिएको छ। लेखकहरू हुन्, कारेन वार्ड (Karen Ward), मार्क ड्रिस्कोल (Mark Driscoll), जोन बर्क (John Burke), डान किम्बल (Dan Kimball) र डग प्याजिट (Doug Pagitt)। उनीहरू ईश्वरशास्त्रीय छलफल गर्न भट्टीहरूमा भेटघाट गर्छन्, र उनीहरू बियर बनाउने तरिकाहरू एकअर्कासँग सट्टापट्टा गर्ने गर्छन्।

२) बाइबलमा "दाखमद्य" भन्ने शब्द एक प्रजातीय शब्द (generic term) हो। त्यसैले विशिष्ट शब्दको जस्तै यसको एउटै अर्थ हुँदैन। कतिपय ठाउँमा यसको अर्थ अङ्गुरको ताजा जुस (दाखरस) हुन्छ; कतिपय ठाउँमा यसको अर्थ रक्सीयुक्त मद्य (alcoholic wine, मदिरा) हुन्छ।

निम्न पदहरूले "दाखमद्य" भन्ने शब्दको माने अङ्गुरको ताजा जुस हुन सक्छ भनेर प्रमाणित गर्छ: व्यवस्था ११:१४; २ इतिहास ३१:५; नहेम्याह १३:१५; हितोपदेश ३:१०; यशैया ६५:८। रक्सीबिहीन दाखमद्य (Non-alcoholic wine) लाई कतिपय ठाउँमा "दाखको फल" (मत्ती २६:२९) को संज्ञा दिइएको छ।

डाक्टर ब्रुस ल्याकिले भन्नुभयो, "बाइबलमा यदि 'दाखमद्य' भन्ने शब्द रक्सीयुक्त मद्यलाई जनाउन प्रयोग गरिएको छ भने सन्दर्भले त्यो सधैं छर्लङ्ग पार्छ। ती सन्दर्भहरूमा परमेश्वरले त्यसको खराब असरको चर्चा गर्नुहुन्छ र त्यसको विरुद्धमा चेताउनी दिनुहुन्छ। उदाहरणको लागि उत्पत्ति ९ लाई लिन सकिन्छ जहाँ जलप्रलय पश्चात् नूहको अनुभवलाई बयान गरिएको छ। २१ पदले भन्छ, 'अनि तिनले दाखमद्यबाट पिए, र मत्त भए; अनि आफ्नो पालभित्र तिनले आफूलाई नाङ्गा तुल्याए।' प्रष्टै, यहाँ दाखमद्यको माने मद्य वा मदिरा हो।"

मदिरा प्राकृतिक उत्पादनको वस्तु होइन; यो मान्छेबाटको उत्पादन हो। अङ्गुरको जुस प्राकृतिक तवरले किण्वीकरण भई रक्सीयुक्त बन्न त बन्छ तर त्यो छिट्टै सिर्का (vinegar, भिनिगर) मा परिणत हुन्छ। त्यो रक्सीयुक्त अवस्थामा रहिरहँदैन। *Bible Wines and the Laws of Fermentation* नामक पुस्तकले मद्य बनाउनलाई के कस्ता कुराहरू आवश्यक पर्छन् भन्ने कुराको बयान गर्दछ।

तसर्थ, येशूले पानीलाई "दाखमद्य" मा परिणत गर्नुहुँदा (यूहन्ना २:१-११) र प्रेरित पावलले तिमोथीलाई उसको पेटको लागि अलि-अलि "दाखमद्य" प्रयोग गर्नलाई सल्लाह दिँदा (१ तिमोथी ५:२३), त्यहाँ रक्सीयुक्त दाखमद्यकै कुरा गरिएको हो भन्ने होइन। (यस बारेमा थप जानकारी पाउन Way of Life वेब साइटमा "Did Jesus Make Alcoholic Wine?" (अङ्ग्रेजी) पढ्नुहोस्।

**नयाँ नियमको विश्वासी जन रक्सीयुक्त पेय पदार्थहरूदेखि पूर्णरूपमा अलग रहनुपर्छ भनेर बाइबलले सिकाउँछ भन्ने कारणहरू निम्न प्रकारका छन्:**

**१) दाखमद्यले गिज्याउँछ र मानिसलाई ठग्छ भनेर बाइबलले चेताउनी दिन्छ (हितोपदेश २०:१)।**

रक्सीयुक्त पेय पदार्थहरूलाई सीमित मात्रामा पिउँदा हुन्छ भन्ने भनाइ तर्कसङ्गत भए जस्तै सुनिन्छ, तर आफूहरू पियक्कड नै बन्नलाई अघि सरेकाहरू पियक्कडहरू धेरैजना हुँदैनन्। झूटो सावित गर्न नसकिने तथ्य यो हो कि जसले पिउँदै पिउँदैन ऊ कहिल्यै मात्नेछैन र ऊ निश्चय पनि पियक्कड बन्नेछैन।

ब्रुस ल्याकिको भनाइसित हामी सहमत छौं, "मद्यले कसरी ठग्छ? ठीक जसरी आज मानिसहरूले त्यसको वकालत गर्दैछन्, अर्थात् थोरै पिएर केही हानि हुँदैन अरे। धेरै पिउनु खराब हो भनेर सबैले स्वीकार गर्छन्। मदिरा कम्पनीहरू समेतले हामीलाई पिएर गाडी नचलाउनुहोस् भनिरहेका छन्, तर थोरै पिउनु ठीकै हो भन्ने उनीहरूको जिकीर छ। तर, त्यही कुरा नै भ्रमात्मक कुरा हो। कति थोरै पिउने भन्ने कुरा कसलाई थाह छ र? विज्ञहरूको भनाइ अनुसार प्रत्येक व्यक्ति फरक हुन्छ। एकजनालाई एक घुट्कीले मात लाग्न सक्छ भने अर्कोलाई त्योभन्दा धेरै चाहिन्छ। एउटै व्यक्तिको पनि फरक अवस्थाहरूमा मदिराप्रति उसको फरक प्रतिक्रिया हुन्छ, जस्तो कि उसले कति खानेकुरा खाएको छ आदि। त्यसैले 'अलिकतिले केही हानि गर्दैन' भन्ने कुरा भ्रम हो, र यसद्वारा ठगिएको व्यक्ति बुद्धिमान् होइन।!"

नूहले आफू मत्त हुने नै योजना बनाए होला जस्तो मलाई लाग्दैन, न ता आफ्नो नातीमाथि त्यत्रो समस्या ल्याऊँला भनेर नै उनले सोचेका थिए -- जुन समस्या आजको दिनसम्म पनि जारी छ -- हो, मद्यले गिज्याउँछ।

मेरी आमापट्टिको हजुरबुबा पुस्तौंदेखि पियक्कडहरूको पूर्ख्यौलीमा जन्मनुभएको थियो र मेरी हजुरआमाले विवाह गर्नुभन्दा पहिला उहाँलाई एक थोपा रक्सी नछुनलाई प्रतिज्ञा गराउनुभएको थियो, अनि उहाँले त्यसरी प्रतिज्ञा गर्न मान्नु पनि भयो। तर एक दिनको कुरा थियो, उहाँ र अर्को सिकर्मी एउटा घरको छानामाथि काम गर्दै हुनुहुन्थ्यो अनि त्यो अर्को व्यक्तिले उहाँलाई "जिब्रो शीतल पार्न" एक चुस्को मात्र पिउनलाई मनाएछन्। अनि दुवैजना बेसरी मातेछन् र थानामा पुऱ्याइएछन् जब कि मेरो हजुरबुबा एउटा ब्याप्टिस्ट मण्डलीमा डिकन हुनुहुन्थ्यो! उहाँले एकदमै पछुतो मान्नुभयो र उहाँ पुनस्थापित हुनु पनि भयो अनि त्यसपछि उहाँले अर्को थोपा फेरि पिउनुभएन तर मदिराले गिज्याउँछ भन्ने कुराको यो डरलाग्दो प्रमाण थियो।

मद्यमा ठग्ने र बिगार्ने क्षमता छ। त्यसलाई आफ्नो वशमा राख्न सकिने हो कि त्यसले आफूलाई वशमा ल्याउने हो, कसैले जान्न सक्दैन। हितोपदेश २०:१ को निर्देशनले मलाई यो बताउँछ कि बुद्धिमानी मानिसले त्यसलाई आफूबाट अलग्गै राख्नेछ।

तलको बुद्धिमानी भनाइ जोन पेटन (John Paton) को हो जो नयाँ हिब्रडिज (New Hebrides) मा मिसनरी थिए (१८९१):

> "मद्यपान कसरी सीमित मात्रामा गर्न सकिन्छ भनेर सिकाउने संयम समाजहरू (Temperence Societies) वास्तवमा सफल भएका छैनन् बरु परमेश्वरको अनुग्रहले मद्यपान गर्नदेखि पूर्णरूपमा अलग बस्नु नै यसको एकमात्र औषधि हो र बच्ने उपाय हो भन्ने कुरामा म सानै छँदा अवलोकनबाट विश्वस्त भएको हुँ। मद्यको जति मात्रा एकजनाको लागि संयमपूर्ण ठानिन्थ्यो त्यो अर्कोलाई मताउन सक्ने मात्रा हुन सक्थ्यो; अनि जति पनि व्यक्तिहरू पियक्कड छन् तिनीहरू पूरै परहेजमा बस्नेहरूका बीचबाट आएका हुँदैनथे तर संयमी भई पिउनेहरू वा त्यसरी पिउन प्रयास गर्नेहरूको बीचबाट आएका हुन्थे। संयम समाजका मानिसहरूलाई मैले अरू नपिउनेहरूको सामु पिइरहेको देखेको थिएँ जोहरू पछि गएर पियक्कड बने अनि त्यस बारेमा आफूहरू दोषी छैनौं भनेर उनीहरू कसरी सोच्न सक्छन् होला भनेर मैले कहिल्यै बुझ्न सकिनँ; साथै एकताका संयम समाजहरूको जोडदार वकालत गर्ने मण्डलीका सेवकहरू र अरूहरूलाई उनीहरूको कथित

संयमबाट पतन भएर पियक्कड बनेको पनि देखेको छु। तसर्थ जुनसुकै पनि लागु पदार्थको सम्बन्धमा मेरो जीवनभर मैले यो कुरा निर्विवाद रूपमा देखेको छु कि एकमात्र समझदारपूर्ण संयम भनेको तिनीहरूलाई पेय पदार्थको रूपमा प्रयोग गर्नेदेखि पूर्णरूपमा अलग बस्नु हो र तिनलाई केवल औषधिको रूपमा मात्र प्रयोग गर्नु हो, अनि त्यो पनि अधिकतम सतर्कतासाथ किनकि ती एकदम नीचता र अनैतिकताका भ्रमात्मक र अस्वस्थ्यकर विष हुन्।"

बाइबलले मात्न निषेध गरेको छ भनेर इमर्जिङग चर्चकाहरू समेत सहमत छन्, तर उनीहरू र उनीहरूका पिउने मित्रहरू कहिल्यै "अलिकति" पनि मात्नेछैनन् भनेर के तिनीहरूले ग्यारेन्टी दिन सक्छन् र? उनीहरूले पियक्कड बन्न कसैलाई पनि परीक्षामा पार्नेछैनन् भनेर के तिनीहरूले ग्यारेन्टी दिन सक्छन् र? अहँ, सक्दैनन्, किनकि "दाखमद्यले गिज्याउँछ।"

## २) रक्सीयुक्त पेय पदार्थबाट टाढा बस्नुपर्छ किनकि त्यो अन्य थुप्रै खराबीहरू र खतराहरूसित आवद्ध छ (हितोपदेश २३:१९-२३, २९-३५)।

आफ्ना बाबुआमाको कुरा सुन्नू र सत्यता किन्नू र त्यसलाई नबेच्नू भनेर बाबुले छोरालाई दिइरहेको जोडदार आग्रहका साथ यो खण्ड शुरु हुन्छ (हितोपदेश २३:२२-२३)। आफ्नो सारा हृदय र बल र जीवनलाई त्यसप्रति उन्मुख गराएर "सत्यता किन" र शैतानको कुनै पनि रित्तो र भ्रमात्मक प्रलोभनको सट्टामा "त्यसलाई नबेच" भन्दै बाबुले आफ्नो छोरालाई अर्ती दिँदैछ। यसले एक व्यक्तिलाई "सामाजिक मद्यपान" (social drinking) लाई प्रोत्साहन गर्ने नाचगान, भट्टिहरू, रात्री-क्लबहरू जस्ता सांसारिक क्रियाकलापहरू र स्थानहरूको प्रलोभनदेखि जोगाउनेछ।

पियक्कडलाई गरीबी हुन्छ (हितोपदेश २३:१९-२१)। हितोपदेशले युवकलाई पियक्कडहरू र घिचुवाहरूको सङ्गतदेखि टाढा बस्न सल्लाह दिन्छ किनकि ती कुराहरू गरीबीसित आवद्ध छन्। यो निश्चित छ ती कुराहरूले आत्मिक गरीबी ल्याउँछन् र प्रायः आर्थिक गरीबी पनि ल्याउँछन्।

पियक्कड श्राप, शोक र झगडाहरूले पीडित हुन्छ (हितोपदेश २३:२९)। समाजका धेरैओटा श्रापहरू रक्सीधोकाइका प्रतिफल हुन्। जस्तै, तोडिएका वैवाहिक सम्बन्धहरू, गुमेका मित्रताहरू, सामाजिक इज्जतबाटका पतनहरू, आर्थिक नोक्सानिहरू, गाडी तथा हवाई दुर्घटनाहरू, अपराधहरू, छुरी धसाइहरू, गोली हनाइहरू, बिग्रेका बाल्यावस्थाहरू, किशोरी गर्भाधारणहरू, टाट पल्टाइहरू, र आत्महत्याहरू। मेरो एकजना जिजुबाजे धनी मान्छे हुनुहुन्थ्यो जसका दुईटा रेष्टुरेन्ट एण्ड बार थिए र उहाँ बेसरी पिउनुहुन्थ्यो। एकदिन उहाँ आफ्नो दामी क्याडिल्याक गाडीमा चढेर एउटा शवगृहमा जानुभयो, आफ्नै कञ्चटमा पिस्तोल तेर्साउनुभयो र आफ्नै ज्यान लिनुभयो।

पियक्कडले मुख बजाउँछ (हितोपदेश २३:२९)। रक्सीले मातेको मान्छे अर्थहीन कुराहरू र मूर्ख कुराहरू बोल्छ।

पियक्कडलाई बिनाकारणै चोटहरू लागेका हुन्छन् (हितोपदेश २३:२९)। ऊ जान्दैन आफू कहाँ थिएँ वा आफूले के गरेँ र कसरी उसलाई चोटहरू लागे। त्यो झगडा वा दुर्घटना वा लोटाइको उसलाई सम्झना हुँदैन। मेरो ससुराले एलेस्कामा एक रात गाडी ठोक्काउनुभयो जब उहाँ एउटा पुल पार गर्नुभएपछि अगाडिको मोडमा नकाटीकन सीधै हाँक्नुभयो। ढलपल गरी धर्मराउँदै बाटोमा हिँडिरहेको उहाँलाई भेटियो र आफूलाई के भयो भन्ने कुराको समेत उहाँलाई अत्तोपत्तो थिएन।

पियक्कडका आँखाहरू राता हुन्छन् (हितोपदेश २३:२९)। उसको शरीरमै असर परेको हुन्छ। उसका आँखामा असर परेको हुन्छ; उसका मृगौलाहरूमा असर परेको हुन्छ; उसको कलेजोमा असर परेको हुन्छ; उसको मस्तिष्कमा असर परेको हुन्छ।

पियक्कडका आँखाले पराई स्त्रीहरूलाई हेर्छन् (हितोपदेश २३:३३)। यो चाहिँ रक्सीधोकाइसित कसरी अनैतिकतको निकट सम्बन्ध हुन्छ भन्ने कुराको बयान हो। पियक्कडका नैतिक संवेदनशीलता शिथिल बन्छन् र ऊ खुकुलो चरित्रका स्त्रीहरूप्रति आकर्षित हुन्छ। भनिन्छ, "मदिरा अभिलाषारूपी आगोको इन्धन हो"।

पियक्कडको हृदयले टेढा कुराहरू बक्छ (हितोपदेश २३:३३), जस्तै श्रापहरू, तीता बोलीहरू, निन्दाहरू र फोहोर ठट्टादिल्लगीहरू।

पियक्कड लापरवाही बन्छ र ऊ मूर्ख प्रकारले निडर हुन्छ (हितोपदेश २३:३४)। समुद्रको बीचमा तैरिरहँदा वा समुद्रमा हिँडिरहेको जहाजको मस्तुलको टुप्पामा बस्दा ऊ पल्टेर निदाउन चाहन्छ। ठूलो समुद्री जहाजको बीचको मस्तुल २०० फीट सम्म अग्लो हुन सक्छ। पियक्कड मातेको बेलामा गाडी चलाउँछ वा हवाइजहाज हाँक्छ; ऊ व्यस्त राजमार्गको बीचमा हल्लिँदै हिँड्छ; अरूबेला नजिक पनि नगइने होहल्ला मच्चिरहेको भट्टीभित्र ऊ पस्छ; जङ्गी मान्छेहरूलाई ऊ कुस्ती खेल्ने चुनौती दिन्छ। २०१० सालको जुलाइ महिनामा मातेको एकजना अष्ट्रेली नागरीक एउटा निकुञ्जभित्र छिरेर १५-फुटको गोहीमाथि चढ्न खोजेछ र खुट्टामा एउटै मात्र टोकाइ खाएर अचम्मसाथ बाँचेछ। पियक्कड पैसा खर्च गर्न लापरवाह गर्छ। ऊ नैतिकतामा लापरवाह गर्छ। गलत सङ्गतसित लापरवाहसाथ यताउता हिँड्छ। उसले अमूल्य सम्बन्धहरू र मित्रताहरूलाई लापरवाहसात मिल्काउँछ।

पियक्कडलाई दुख्नुपर्ने ठाउँमा दुख्दैन ("तिनीहरूले मलाई हिर्काए, तर म बिरामी भइनँ; तिनीहरूले मलाई कुटे, तर त्यो मैले थाहै पाइनँ", हितोपदेश २३:३५)। मात लागेको मुद्राबाट नउठेसम्म पियक्कडलाई आफ्नो रक्सीधोकाइको मूर्खताले निम्त्याएको पीडाप्रति उसको होसहवास हुँदैन।

पियक्कड अनौठो प्रकारले दास बनाइएको हुन्छ ("म कहिले बिउँझूँ? म फेरि त्यसको खोज गर्नेछु", हितोपदेश २३:३५)। एउटा रक्सीधोकाइको घटना बित्न पाएको छैन ऊ फेरि त्यसैको खोजी गर्न चाहन्छ। रक्सीले उसको स्वास्थ्यलाई खत्तम पारिसके तापनि र उसको दाम्पत्य जीवनलाई भताभुङ्ग पारिसके तापनि र उसको पेशालाई चक्नाचूर पारिसके तापनि, ऊ सितिमिति पिउन छोड्दैन। "यो एउटा गहिरो र साँघुरो खाडल हो जसबाट निस्कन करीब असम्भव छ; त्यसैले त्यसको छेउबाट दूर रहनु बुद्धि हो। यस पापको दिशामा एक कदम मात्र पनि चाल्नदेखि होसियार! किनभने त्यसदेखि कदम फर्काउन यति गाह्रो छ कि "फर्क!" भनेर चिच्याउने विवेकलाई धरी त्यसले भ्रष्ट पारिसकेको हुन्छ र त्यस अवस्थामा परमेश्वरको अनुग्रहलाई परित्याग गरिसकिएको हुन्छ" (म्याथ्यू हेनरी)।

### ३) बाइबलले विश्वासी जनलाई कुनै पनि कुरामा अरूलाई ठेस नखुवाउन आज्ञा गर्दछ (१ कोरिन्थी १०:३२-३३)।

मुक्ति पाएको केही महिना पछि मैले चुरोट छोडेँ तर चुरोट आफैमा खराब कुरा हो भन्ने विचारले मैले त्यसलाई छोडेको थिइनँ न ता त्यो स्वास्थ्यको लागि हानिकारक छ भन्ने विचारले नै; तर यो अरूहरूलाई ठेस खुवाउने कुरा हो भन्ने कुरा बुझेर नै मैले चुरोट छोडेको थिएँ। म आफ्नो साक्षी दोषरहित भएको चाहन्थे ताकि परमेश्वरले मलाई प्रयोग गर्न सक्नुभएको होस् र उहाँले मलाई अनन्त फल दिनुभएको होस्। मैले कसैलाई ख्रीष्टको बारेमा बताउन खोज्दा उसले मेरो पाकेटमा एक बट्टा चुरोट देखेर मेरो कुरा सुन्न नचाहने बनेको वा उसको ध्यान सुसमाचारदेखि अन्यत्र खिँचिएको म चाहदैनथेँ।

चुरोटको सवालमा त्यो साँचो हो भने, अनि हो पनि, त्यसोभए रक्सीयुक्त पेय पदार्थको बारेमा यो झनै साँचो हो। विश्वासी भएर पिउनु हुँदैन भन्ने कुरा धेरैजना अविश्वासीहरूले नै सोच्दछन्। कतिपय ख्रीष्टियनहरूले आफ्नो निम्ति अपनाएको मानदण्डभन्दा अविश्वासीहरूले ख्रीष्टियनहरूका निम्ति राखेको मानदण्ड उच्च छ। अमेरिकाको यूटालाई विचार गर्नुहोस्, जहाँ मर्मनहरूले समेत रक्सीयुक्त पेय पदार्थ पिउनु गलत हो भनेर विश्वास गर्छन्! ती मर्मनहरूले मद्यपान गर्ने गैर-मर्मन ख्रीष्टियनहरूलाई कसरी हेर्छन् होला त?

विश्वासीले आफ्नो जीवनदेखि मद्यपान हटाउनुपर्छ भन्ने कारणको रूपमा आफूले गरेको मद्यपानले कसैलाई ठेस खुवाउला कि भन्ने सम्भावना मात्र पनि पर्याप्त छ, अनि आजको समाजमा त्यो सम्भावना ज्यादै ठूलो छ। मासु खाँदा कसैलाई ठेस लाग्छ भने र उसको साक्षीको निम्ति हानिकारक छ भने पावल यस वर्तमान संसारमा कहिल्यै मासु नखान समेत तत्पर थिए (१ कोरिन्थी ८:१३) जब कि मासु खानु त कुनै अवैध काम होइन। झन् बढ्ता गरी एक विश्वासीले रक्सीयुक्त पेय पदार्थलाई परित्याग गर्न तयार हुनुपर्ने हो जब कि त्यो ज्यादै संदिग्ध कुरा हो र त्यसमा आफैलाई र अरूलाई हानि पुऱ्याउने शक्ति छ (जुनचाहिँ मासुमा छैन)!

### ४) बाइबलले विश्वासीलाई दुष्टताको हरेक रूपमा अलग बस्न आज्ञा गर्छ (१ थेस्सलोनिकी ५:२२)।

यो त धेरै कुरालाई समेट्ने ज्यादै फराकिलो अर्ती हो। रक्सीयुक्त पेय पदार्थ आजको समाजमा भयङ्कर दुष्टता र श्रापको रूपमा देखा परेको छ। ती गाडी दुर्घटनाहरूलाई विचार गर्नुहोस्, स्वास्थ्यको नाश र अकालका मृत्युहरूलाई विचार गर्नुहोस्, व्यभिचारहरू, अश्लीलताहरू, पारपाचुकेहरू, बेवास्ताको शिकार बनेका बालबच्चाहरू, दुर्व्यवहारका शिकार बनेका पत्नीहरू, खेर गएका पैसाहरू, ती जुवाहरू, ती निन्दाहरू, ती सत-प्रतिशत मूर्खताहरूलाई विचार गर्नुहोस्। बियर र रक्सीका ती विज्ञापनहरूलाई हेर्नुहोस्, कसरी तिनले कामवासनालाई र गैरजिम्मेवारीपनलाई निर्लज्ज प्रकारले प्रदर्शन गर्छन्।

२०१० सालको अप्रिल महिनाको एउटा रिपोर्टअनुसार, रूसमा भोड्का पिउने काम एउटा महामारी नै बनेको छ। एकजना मामुली रूसीले वर्षेनी १५ देखि १८ लिटर कडा मद्य पिउने गर्छ जसले औसतमा प्रत्याशित आयुलाई एक दशकले घटाउँछ। रूसी पुरुषको प्रत्याशित आयु ६१.८ वर्ष मात्र छ। जनवरी २००५ मा बेलायतको रोयल कलेज अफ फिजिसियनहरूले राष्ट्र मदिरा-सम्बन्धित समस्याहरूको महामारीले ग्रस्त छ भनेर चेताउनी दियो जुन महामारीले देशभरि उपद्रव र रोगहरूको वृद्धि गराउँदैछ (*The Telegraph,* Jan 3, 2005)। यही महामारी विश्वभरि नै दनदनती सल्किरहेको छ।

आज यदि कुनै कुरालाई दुष्टताको रूप मान्न सकिन्छ भने त्यो रक्सीयुक्त पेय पदार्थ नै हो, र बाइबलले हामीलाई दुष्टताको हरेक रूपबाट अलग बस्नुपर्छ भन्ने सल्लाह मात्र दिएको छैन; यसले हामीलाई त आज्ञा नै गरेको छ!

### ५) आजको दाखमद्यमा भएको र बाइबलकालीन दाखमद्यमा भएको रक्सीको मात्राको बीचमा उल्लेखनीय भिन्नता छ।

बाइबलकालीन दाखमद्य सामान्यतया पन्यालो हुन्थ्यो। त्यो भनेको म सेनामा हुँदा त्यहाँ बूट क्याम्पमा पिउन पाइने दुई प्रतिशत बियर जस्तै हुन्थ्यो।

> "आजका धेरैजना मद्यपान गर्ने ख्रीष्टियनहरूले नयाँ नियममा उल्लेखित दाखमद्य हिजआजकै दाखमद्य जस्तै थियो भनेर मानिलिएका हुन्छन्। तर यो धारणा गलत हो। वास्तवमा आजको दाखमद्य बाइबलीय परिभाषाले कडा मद्य (strong drink, मदिरा) हो र त्यसैले त्यो बाइबलमा निषेधित छ। ... प्राचीन समयका अविश्वासीहरूले समेत आजका कतिपय ख्रीष्टियनहरूको जस्तो मद्यपान पिउने गर्दैनथे" (Norman Geisler, *Focus in Missions,* Sept, 1986)।

> "आजको दुईटा मार्टिनीमा रहेको मद्य बराबरको दाखमद्य पिउने हो भने बाइबलमा उल्लेखित दाखमद्य (तीन भाग पानी र एक भाग दाखमद्य) को त बाइस गिलास पिउनुपर्ने हुन्छ" (Robert Stein, Ibid.)।

**निष्कर्ष**

१) येशूले रक्सीयुक्त दाखमद्य पिउनुभयो वा बनाउनुभयो भनेर हामी विश्वास गर्दैनौं। सर्वप्रथम, पूजाहारीहरू र राजाहरूलाई रक्सीयुक्त पेय पदार्थ पिउन निषेधित थियो (लेवी १०:९; हितोपदेश ३१:४-५), अनि येशू दुवै पूजाहारी र राजा हुनुहुन्छ। दोस्रो कुरा, दाखमद्यले गिज्ज्याउँछ भनेर बाइबलले चेताउनी दिन्छ (हितोपदेश २०:१)

अनि येशू मानिसहरूलाई त्यहाँ गिज्ज्याउन आउनुभएको होइन। तेस्रो कुरा, काना शहरमा उहाँले गर्नुभएको आश्चर्यकर्मको प्रतिफलले देखाउँछ कि त्यहाँ येशूले रक्सीयुक्त दाखमद्य बनाउनुभएको थिएन (यूहन्ना २:११)। यस आश्चर्यकर्मले ख्रीष्टले पवित्र मसीहको रूपमा आफ्नो महिमा प्रकट गर्नुभयो जसको फलस्वरूप चेलाहरूले उहाँमाथि विश्वास गरे। यदि उहाँले दाखरस नभएर रक्सीयुक्त दाखमद्य बनाउनुभएको हो भन्ने अर्थमा त्यसलाई लिने हो भने त्यसको मतलब त उहाँले मातेकाहरूलाई झनै रक्सीले मताउने काम गर्नुभएको ठहरिन्थ्यो!

२) इस्राएलीहरूलाई कुनै अवसरहरूमा कडा मद्य पिउन अनुमति थियो भन्ने कुरा साँचो हो (व्यवस्था १४:२६), तरैपनि आज उहाँका जनहरूका निम्ति यो परमेश्वरको इच्छा हो भन्ने चाहिँ होइन। विश्वासीलाई जिउने नियम नयाँ नियममा अझ उच्च मानदण्डको छ। जस्तो कि, मोशाको व्यवस्थामा बहुविवाह गर्न छुट थियो तर नयाँ नियममा कतै पनि त्यस्तो प्रबन्ध गरिएको छैन।

३) ख्रीष्टियनलाई रक्सीयुक्त पेय पदार्थ पिउनलाई कुनै आवश्यकता नै छैन। त्यसले उसको जीवनमा कुनै मूल्य थप्दैन।

४) हामी खतरापूर्ण धरापहरूले भरिएको संसारमा हिँडिरहेका छौं (१ पत्रुस ५:८)। हाम्रा भयङकर आत्मिक शत्रुहरू छन्: संसार, शरीर र शैतान। आत्मिक शिथिलता ल्याउने र हामीलाई हानि ल्याउन सक्ने कुनै पनि कुराबाट अलग बस्नु बुद्धिमानी हो।

५) हामी भयङकर सत्यत्याग (apostasy) को घडीमा बाँचिरहेका छौं (२ तिमोथी ४:३-४)। इमर्जिङग चर्चले मद्यपान गर्न मन पराउनुको कारण यो हो कि तिनीहरू स्वतन्त्रताको धाक दिन्छन् र पावलको भविष्यवाणीले भनेजस्तै आफ्नै अभिलाषाहरू अनुसार जिउँछन्। उनीहरूको उदाहरणलाई पछयाउनु मूर्खता हो।

## विश्वासी जन र मद्यपान सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. बाइबलमा दाखमद्य भन्ने शब्द एक ________________ शब्द हो।
2. "दाखमद्य" भन्ने शब्दले ताजा अङगुरको जुसलाई जनाउन सक्छ भनेर प्रमाणित गर्ने दुईटा पदहरू बताउनुहोस्।
3. बाइबलको कुनै पनि खण्डमा दाखमद्य भन्ने शब्दले अङगुरको रस (दाखरस) लाई जनाउँदैछ कि रक्सीयुक्त पेय पदार्थलाई जनाउँदैछ भनेर हामीले कसरी छुट्ट्याउन सक्छौं?
4. नयाँ नियमको ख्रीष्टियनले मद्यपानलाई पूरै त्याग्नुपर्छ भनेर हामीले विश्वास गर्नुको पाँच कारणहरू के-के हुन्?
5. कुन पदले दाखमद्यले गिज्ज्याउँछ र ठग्छ भनेर सिकाउँछ?
6. कसैले कहिल्यै पिउँदैन भने के ऊ कहिल्यै पियक्कड बन्छ?
7. रक्सीयुक्त पेय पदार्थहरू कसरी भ्रमात्मक छन्?
8. हितोपदेशको कुन अध्यायले मद्यपानससित सम्बन्धित सबै दुष्टताहरूलाई बयान गर्दछ?
9. हामीले अरूहरूलाई ठेस खुवाउनुहुँदैन भन्ने बाइबलको चेताउनीको माने के हो?
10. दुष्टताको हरेक रूपबाट अलग बस्न विश्वासीलाई बाइबलको कुन पदले सिकाउँछ?
11. बाइबलकालीन दाखमद्य र आधुनिक समयको रक्सीयुक्त दाखमद्यमा के फरक छ?
12. येशूले रक्सीयुक्त दाखमद्य बनाउनुभएको होइन भनेर हामीले विश्वास गर्नुको तीनओटा कारणहरू के-के हुन्?
13. सत्यलाई परित्याग गरेका ख्रीष्टियनहरू आफ्नै अभिलाषाहरू अनुसार जिउनेछन् भनेर चेताउनी दिने बाइबलको खण्ड कुन हो?

# गर्भपतन

**परिचय**

गर्भपतन आज ५४ देशहरूमा वैधानिक छ। नेपालमा गर्भपतन २०६० सालदेखि वैधानिक बनेको हो। विश्वभरिमा प्रतिवर्ष करिब ४ करोड ६० लाख बच्चाहरू गर्भमै नष्ट गरिन्छन्। करिब पाँचमा एक गर्भधारण गर्भपतनमा अन्त हुने गर्छ। अधिकांश गर्भपतनहरू संतति निरोधक र अनुकुलताको माध्यमको रूपमा गर्ने गरिन्छन्।

परमेश्वरका जनहरू मान्छेको भन्दा परमेश्वरका कानून मान्न बाध्य हुन्छन्। गर्भपतन वैधानिक हुँदैमा त्यो परमेश्वरको नजरमा ठीक हो भन्ने होइन (प्रेरित ५:२९)।

२१ दिनमा बच्चाको मुटु ढुकढुक गर्न थाल्छ र उसको शरीरभरि रगत बहन थाल्छ। ४५ दिनमा सानो बच्चाको मष्तिष्कका तरङ्गहरू मिशिनले चाल पाउन सक्छ। ८ देखि ९ हप्तामा आँखाका पलकहरू बन्न थालिसकेका हुन्छन् र रौं देखा पर्छन्। ९ देखि १० हप्तामा उसले आफ्नो औंला चुस्न थाल्छ, उफ्रन थाल्छ, निधार खुम्च्याउँछ, निल्छ, जिब्रो चलाउँछ। १२ देखि १३ हप्तामा बच्चाका नङ हुन्छन् र औंलाका विशिष्ट छापहरू (fingerprints) हुन्छन् जो अरू सबैका भन्दा भिन्न हुन्छन्; सबै रक्तवाहिनीहरू (arteries) उपस्थित हुन्छन्, वाक् तन्तु (vocal cords) पूरै बनिसकेका हुन्छन्; दुखाइको अनुभव गरी बच्चा रुन र झस्कन सक्छ। १४ हप्तामा आमाले आफूभित्र बच्चा चलेको चाल पाउन थाल्छ। १५ हप्तामा बच्चाको जिब्रोका स्वाद लिने कोशिका समूह पूर्णरूपमा बनिसकेका हुन्छन्। १६ हप्तामा त्यसका आँखीभौं र परेलीहरू हुन्छन्, र उसले आफ्नो हातले समाउन सक्छ, लात्ती हान्न सक्छ, पल्टिन पनि सक्छ। २० हप्तामा बच्चा आफ्नी आमाको स्वर सुन्न र चिन्न सक्ने हुन्छ।

सबभन्दा व्यापक रूपमा प्रयोग भइरहेका गर्भपतन गराउने प्रक्रियाहरू निम्नानुसार छन्:

**सक्शन एस्पिरेशन** (Suction Aspiration) - गर्भधारणको तीन महिनाभित्रमा अपनाइने सबभन्दा चलनचल्तीको विधि यही हो। घरेलु प्रयोगको भ्याक्युम क्लिनरको भन्दा ३० गुणा तान्ने शक्ति भएको एउटा शक्तिशाली पम्पले गर्भको भित्रबाट सानो बच्चालाई तानेर निकालिन्छ। उक्त प्रक्रियाले बच्चाको शरीरलाई छियाछिया पार्दछ।

**डाइलेशन र क्यूरेटेज (**डि एण्ड सी**)** - गर्भावस्थाको १८ हप्तासम्ममा यो विधि अपनाइन्छ। गर्भपतन गराउनेले स्टिलको चक्कु प्रयोग गर्दछ र बच्चालाई निकाल्नलाई त्यसलाई काटकुट गरी टुक्राटुक्रा पार्छ।

**आंशिक जन्म (**डि एण्ड एक्स**)** - "छिप्पिएका गर्भधारणहरू" का लागि प्रयोग हुने यो विधिमा बच्चालाई गर्भबाट आंशिक रूपमा निकालिन्छ र उसको सानो शरीरको आधा भाग जति उसको खुट्टासहित महिलाको शरीरको बाहिरपट्टि झुण्डिरहेको हुन्छ। गर्भपतन गराउने व्यक्तिले तब बच्चाका टाउकामा उसको गर्दनको पछाडिको भागभित्र कैंचीलाई जोडले गाड्छ र बच्चालाई मार्नलाई कैंचीलाई फटाउँछ। त्यसको गिदीलाई तब पम्पले थुतेर निकालिन्छ र त्यसपछि मरिसकेको शरीरलाई पूरै निकालिन्छ।

**नुनको विषादी** (Salt Poisoning) - योचाहिँ १६ हप्ताको अवधिपछि प्रयोग गर्ने गरिन्छ। गर्भपतन गराउनेले एम्नियोटिक स्याक (बच्चा वरिपरिको द्रव्य) भित्र सुइमार्फत कडा नुनिलो घोललाई ठेली पठाउँछ। बच्चाले उक्त घोललाई निल्दा उसलाई विष लाग्दछ। यस विधिद्वारा गर्भपतन गराइएका शिशुहरूलाई "क्यान्डि आप्पल बेबिज" भन्ने गरिन्छ किनभने नुनद्वारा हुने क्षयले काँचो, रातो टलक भएको छालाको मुनिको तहलाई प्रकट गर्दछ र यसरी त्यसको टाउको चिनीको झोलमा चोपलिएको स्याउजस्तो देखिन जान्छ।

**प्रोस्टाग्लान्डिन रासायनिक गर्भपतन** (Prostaglandin Chemical Abortion) - यसमा सुई वा सपोजिटरीमर्फत औषधी पठाईकन कडा प्रसवक्रिया उत्पन्न गराइन्छ र बच्चा जन्माइन्छ। कहिलेकाहिँ बच्चा जिउँदै हुन्छ तर त्यो बाँचिरहन नसक्नेगरी ज्यादै सानो हुन्छ।

**आरयू-४८६** - यो औषधी चक्कीको रूपमा लिइन्छ र यसले भर्खरै गर्भधारण गरिएको बच्चालाई एउटा अत्यावश्यक अंतस्राव सम्बन्धित पौष्टिक तत्त्व (hormonal nutrient) देखि बञ्चित गर्दछ र फलस्वरूप यसले गर्भपतन गराउँदछ। आमाचाहिँको मासिक रजस्राव छुटेपछि आरयू-४८६ प्रयोग गरिन्छ जुनबेला बच्चा कम्तीमा २ वा ३ हप्ताको भइसकेको हुन्छ। त्यतिबेलासम्म बच्चाको मुटुको ढुकढुक शुरु भइसकेको हुन्छ।

**बाइबलले नजन्मेको बच्चाको गर्भपतन गराउन मनाही गर्दछ। निम्न सत्यताहरूलाई विचार गर्नुहोस्:**

**१. बाइबलले भन्दछ, मानिस परमेश्वरको स्वरूपमा सृष्टि गरिएको हो** (उत्पत्ति १:२६)। मानिस क्रमविकासवाद (evolution) को बेहोसी प्राकृतिक प्रक्रियाको उपज होइन न ता ऊ सुविधाको लागि मार्न सकिने पशु नै हो।

क्रमविकासवादको शिक्षा गर्भपतन उद्योगलाई गतिशीलता दिने आवेगको रूपमा सक्रिय हुँदै आएको छ किनकि यसले मान्छे केवल एउटा पशु मात्र हो भनेर सिकाउँछ। भन्नुपर्दा, "संक्षिप्तावृत्ति" (recapitulation, रिक्यापिचुलेशन) भनिने क्रमविकासवादको शिक्षाको दावीअनुसार भ्रूण भनेको पूर्णरूपमा मान्छे नभइसकेको अवस्था हो जबसम्म त्यो त्यसको विकासको आखिरी चरणसम्म पुगेको हुँदैन।

यस परिकल्पनालाई व्यापक बनाउने व्यक्ति चार्ल्स डार्विन (Charles Darwin) का सबभन्दा प्रमुख समर्थक जर्मनीका अर्न्स्ट हेकल (Ernst Haeckel) हुन्। हेकलले सिकाए, "जीव विकासले नस्ल विकासको पुनरावृत्ति गर्दछ" ("ontogeny recapitulates phylogeny")। यहाँ जीव विकासको माने गर्भमा हुने विकास र नस्ल विकासको माने क्रमविकास (evolutionary development) हो। क्रमविकासवादले मानिलिएअनुसार नजन्मेको बच्चा गर्भभित्र विकास हुने क्रममा त्यो क्रमविकासका श्रृङखलाहरू हुँदै जान्छ, अर्थात् एकल कोषबाट माछा अनि माछाबाट उभयचर (amphibian) र उभयचरबाट सरीसृप (reptile) र सरीसृपबाट स्तनधारी र स्तनधारीबाट पुच्छर नभएको बाँदर (ape) र पुच्छर नभएको बाँदरबाट आखिरमा एक मानव। यसरी भ्रूणचाहिँ त्यसको आखिरी चरणहरूमा पुगेर मात्र मानव बन्दछ। हेकलले मानव भ्रूण माछा, सुङगुर र बाँदरका भ्रूणजस्तै हुन्छ भनेर देखाउने चित्रहरू छापे, तर ती चित्रहरू नक्कली थिए। हेकलले ती भ्रूणहरूमा गलत लेबल लगाए; उनले ती भ्रूणका साइज बदले; उनले अङगहरू काटी निकाले; उनले अरू अङग थपथाप गरे; उनले अङगहरूलाई बदले। जस्तै - उनले एउटा बाँदरको भ्रूणको चित्र लिए र त्यसलाई माछाको भ्रूणजस्तै देखाउनलाई त्यसका हातहरू, खुट्टाहरू, नाइटो, मुटु र योककोष (yolk-sac) हटाए। त्यसपछि उनले त्यसलाई "माछाको चरणमा रहेको गीब्बनको भ्रूण" भनेर लेबल दिए। हेकलको परिकल्पना पूरै गलत भएको प्रमाणित भइसकेको छ तरैपनि उनका ती चित्रहरू आजसम्म पाठ्यपुस्तकहरूमा छाप्ने गरिन्छन्। हेकलको किंवदन्तीले आधुनिक गर्भपतन उद्योगलाई हौसला दिएको छ। सन् १९५७ मा शिशु मनोवैज्ञानिक बेन्जामीन स्पाक (Benjamin Spock) ले लेखे, हरेक शिशु आफू विकास हुँदै जाँदा उसले मानवजातिको सम्पूर्ण इतिहासलाई एकएक गरी पुनरावृत्ति गर्दैछ, शारीरिक र आत्मिक रूपमा। एउटा बच्चा गर्भमा एउटा सानो एकल कोषको रूपमा शुरु हुन्छ, ठीक जसरी समुद्रमा पहिलो जीव देखा पर्‍यो। केही हप्तापछि ऊ एम्नियोटिक द्रव्यमा सुतिरहँदा, उसमा माछाका जस्ता श्वासेन्द्रिय (gills, गिल्स) हुन्छन्..." (*Baby and Child Care,* p. 223)। सन् १९९० मा कार्ल सेगन (Carl Sagan ) र उनकी पत्नीले भ्रूण छैटौं महिना नपुगेसम्म पूर्णरूपमा मानव बनेको हुँदैन भन्ने आधारमा गर्भपतन गर्नु नैतिकतापूर्ण रहेको तर्क राखे। हेकलको संक्षिप्तावृत्ति परिकल्पनालाई तथ्यको रूपमा लिएर भ्रूण "एक किसिमको परिजीवी" को रूपमा शुरु हुन्छ र त्यो "श्वासेन्द्रिय" ("gill arches") भएका कुनै माछाजस्तो बन्दछ र त्यसपछि त्यो सरीसृपरूपी ("reptilian") बन्दछ र अन्तमा स्तनधारीरूपी ("mammalian") बन्दछ भन्ने दावी गरे। दोस्रो महिनाको अन्तसम्ममा पनि भ्रूण "अझै खास मानव बनिसकेको हुँदैन" ("The Question of Abortion: A Search for the Answers," *Parade,* April 22, 1990)।

**२. परमेश्वरले मानिसलाई निर्दोष रगत बहाउन मनाही गर्नुभएको छ।** बाइबलमा बीस पटक "निर्दोष रगत" बहाउन मनाही गरिएको छ (जस्तै - व्यवस्था १९:१०-१३; २ राजा २१:१६)। यसले न्यायोचित कारणबिना एक व्यक्तिलाई मार्ने कामलाई जनाउँदछ (१ शमूएल १९:५)। उदाहरणको लागि हत्यारालाई मृत्युदण्ड दिइनुचाहिँ

न्यायोचित कुरो हो, तर निर्दोष व्यक्तिलाई मार्नुचाहिँ न्यायोचित होइन। निर्दोष रगत बहाउनेलाई परमेश्वर घृणा गर्नुहुन्छ (हितोपदेश ६:१६-१७)। एउटा गर्भमा रहेको बच्चाजस्तै निर्दोष व्यक्ति को हुन्छ र?

**३. आधुनिक विज्ञानले गर्भमा भएकोलाई "भ्रूण" भन्दछ तर त्यसलाई बाइबलमा "बालक" भनिएको छ** (उत्पत्ति २५:२२)। नजन्मदै मरेको बच्चालाई "बालबच्चा" (अय्यूब ३:१६) भनिएको छ। तसर्थ, एउटा "भ्रूण" लाई मार्नु एउटा बच्चा मार्नु हो। गर्भमै हुँदा समेत बच्चाहरू छुट्टाछुट्टै व्यक्तिहरू हुन् भनेर बाइबलले भन्दछ। एसाव र याकूबको सन्दर्भमा यो देखिन्छ (उत्पत्ति २५:२३)। यर्मिया गर्भमा छँदै अगमवक्ता हुनलाई बोलाइए (यर्मिया १:५) र बप्तिस्मा दिने यूहन्ना गर्भमा छँदै परमेश्वरको आत्माले भरिए (लूका १:१५, ४१-४४)।

**४. मोशाको व्यवस्थाअन्तर्गत गर्भमा रहेको बच्चालाई चोटपटक पुग्न गएको खण्डमा दण्डको व्यवस्था थियो** (प्रस्थान २१:२२-२३)। गर्भमा रहेको बच्चालाई चोटपटक पुऱ्याइँदा वा उसको मृत्यु हुन पुग्दा त्यसलाई गम्भीर अपराधको रूपमा व्यवहार गरिन्थ्यो।

**५. गर्भाधारणमाथि परमेश्वरको नियन्त्रण हुन्छ भनेर बाइबलले बताउँदछ** (उत्पत्ति २०:१८; २९:३१; ३०:२२)। छोराछोरीहरू परमप्रभुले दिनुभएको हकको सम्पत्ति हुन् भनेर बाइबलले बताउँछ (भजनसङ्ग्रह १२७:३)। गर्भको बच्चा आमाको होइन, परमेश्वरको हो।

**६. परमेश्वरले नै गर्भभित्र बच्चालाई निर्माण गर्नुहुन्छ भनेर बाइबलले बताउँछ** (भजनसङ्ग्रह १३९:१३-१६)।

1) परमेश्वरले दाऊदको अन्तस्करणलाई लिनुभएको वा बनाउनुभएको थियो (भजनसङ्ग्रह १३९:१३-१६)

(1) "अन्तस्करण" भन्ने शब्दले मानिसको अभौतिक भागलाई जनाउँछ, उसको हृदय, प्राण, र आत्मा। "अन्तस्करण" भन्ने शब्दको "हृदय" भन्ने शब्दसित निकट सम्बन्ध छ र यसले विशेष गरी मानिसको इच्छा, उसका चाहनाहरू, उसको मन, भावनाहरूको केन्द्रलाई जनाउँछ। हेर्नुहोस् - भजनसङ्ग्रह १६:७; २६:२; ७३:२१; हितोपदेश २३:१६; यशैया ११:५; यर्मिया ११:२०; १७:१०; २०:१२; प्रकाश २:२३।

(2) योचाहिँ परमेश्वरको परिमण्डल हो। यहाँ हस्तक्षेप गर्नलाई यसको बारेमा मान्छेलाई पर्याप्त ज्ञान छैन। यदि वैज्ञानिक अनुसन्धानका लागि भनेर एउटा अण्डालाई गर्भाधान गराइँदा उक्त नयाँ जीवनको विकास हुन थाल्छ भने र यदि त्यसलाई नष्ट गरिन्छ भने यसको मतलब यो हो कि त्यहाँ परमेश्वरको स्वरूपमा बनाइएको जीवनलाई समाप्त गर्ने काम गरियो। भजनसङ्ग्रह १३९ अनुसार गर्भाधारण गरिएको उक्त नयाँ व्यक्ति उसको शरीर निर्माण हुन बाँकी भए तापनि त्यसमा उसको अन्तस्करण रहेको हुन्छ भन्ने कुरा बुझिन्छ। मानिसको अन्तस्करण परमेश्वरको अधिकारमा हुन्छ भनेर भजनसङ्ग्रहका खण्डहरूले सिकाउँछन्। त्यो उहाँद्वारा बनिएको हुन्छ र मृत्युमा त्यो उहाँकहाँ नै फर्कीजान्छ (उपदेशक १२:७)। मानिस होशियार रहोस्!

2) दाऊदको शरीरलाई रच्नुहुने परमेश्वर हुनुहुन्थ्यो (भजनसङ्ग्रह १३९:१३-१६)। यहाँ दाऊद आफ्नो शरीरको उदेकपूर्ण जटिलताको बारेमा विचार गर्दछन् र भन्छन् कि यसका रचनाकार परमेश्वर हुनुहुन्छ र उहाँका कामका लागि उहाँलाई प्रशंसा गरिनुपर्छ। "म तपाईंको प्रशंसा गर्नेछु; किनभने म भययोग्य र आश्चर्यपूर्ण रीतिले बनाइएको छु; तपाईंका कामहरू अद्भुत छन्, अनि मेरो प्राणले यो कुरा राम्ररी जान्दछ" (भजनसङ्ग्रह १३९:१४)। सर्वशक्तिमान् र बुद्धिमान् सृष्टिकर्ताको अस्तित्वको प्रमाण चाहिन्छ भने मानिसको अलौकिक रचनाको तथ्यलाई मात्र विचार गर्नु पर्याप्त छ।

(1) दाऊद निपुणतासाथ बुनिँदै र लगातार बनिँदै गएका थिए (भजनसङ्ग्रह १३९:१५,१६)। गर्भमा गर्भाधान भएको सूक्ष्म अण्डाबाट शुरु भएर बच्चा कसरी बढ्दै जान्छ भन्ने कुराको यो गजबको वर्णन

हो। दाऊद "पृथ्वीका सबभन्दा तल्ला भागहरूमा" बनाइए भन्नु उनी जमीन मुनि बनाइए भन्ने होइन तर यसले गर्भलाई नै जनाउँदैछ। योचाहिँ गर्भको पद्यात्मक वर्णन हो जसलाई मानिसको आँखाले छेड्न नसक्ने एउटा अँध्यारो, अगम्य स्थानको रूपमा बयान गरिएको छ। "निपुणतासाथ बुनिएँ" भन्ने हिब्रू शब्द (राकाम) को माने "रङगीबिरङगी तुल्याउनु, अर्थात् कार्चोप भर्नु; यसको मतलब रचना गर्नु" (स्ट्रङग)। अन्य ठाउँमा यसलाई "बेलबुट्टा हानिएको" (प्रस्थान २६:३६) र "बेलबुट्टा काढ्ने" (प्रस्थान ३८:२३) भनेर अनुवाद गरिएको छ। बार्न्स (Barnes) को टिप्पणी छ: यसले विभिन्न धागोहरूलाई परस्परमा बुन्ने कामलाई जनाउँछ जसरी अहिले कार्पेट बुनिन्छ। यहाँचाहिँ मानव बनोटका विभिन्न र जटिल तत्त्वहरूलाई जनाइँदैछ -- मांसरज्जु (टेन्डनहरू, tendons), नसाहरू (nerves), धमनीहरू (veins), रक्तवाहिनीहरू (arteries), मांसपेशीहरू मानो तिनीहरूलाई बुनिएजस्तै अथवा ती निपुणतासाथ आपसमा बुनिएजस्तै गरी बयान गरिएका छन्। कुनै पनि बुट्टादार शोभा वस्त्रलाई यससँग तुलना गर्न सकिन्न; मान्छेको कुनै पनि कलाले यति धेरै थरीका यस्ता कोमल र मुलायम तन्तु तथा कोशिकाहरूलाई उसको हातमा उपलब्ध गराइए तापनि उसले तिनलाई आपसमा बुन्न सक्दैन जस्तो मानव शरीरको निर्माणको लागि आवश्यक पर्दछ; परमेश्वरबाहेक अरू कसले त्यसलाई बनाउन सक्दछ? यो तुलना अति नै सुन्दर तुलना हो; अनि जति मानिसले आफ्नो शारीरिक बनोटको रचनालाई बुझ्नेछ त्यति नै यसको सराहना गरिनेछ" (बार्न्स)। आलेन गिलेन, एम.डी. (Allen Gillen, M.D.) भन्छन्, "शरीर एउटा बुट्टादार शोभा वस्त्र (tapestry) जस्तै गरी बुनिएको छ। जस्तै, अस्थिपञ्जरको केवल एउटै मात्र मांसपेशीलाई हेर्नुहोस्। ...सूक्ष्मदर्शक यन्त्रमुनि हेर्दा त्यसको अचम्मको बुनिएको रचना प्रकट हुन्छ (*Body by Design,* 2001, p.8)।

(2) दाऊद बनिनुभन्दा अघि नै दाऊदको शरीरको वर्णन परमेश्वरको किताबमा लेखिएको थियो (भजनसङ्ग्रह १३९:१६)। मानिसका नील पत्रहरू (blueprints) भएका यो अचम्मको ईश्वरीय पुस्तक स्वर्गमा छ भन्ने बुझिन्छ।

3) बाइबलको यस शिक्षाको आधारमा गर्भपतन निश्चय नै हत्या हो। त्यो बच्चा आमाको होइन; ऊ सृष्टिकर्ताको हो। एउटी स्त्रीले आफ्नो शरीरसित आफ्नो खुसी गर्न स्वतन्त्र छैन किनकि ऊ सृजिएको प्राणी हो र परमेश्वरप्रति जवाफदेही हुन्छ र अझ उसको गर्भमा भएको त्यो बच्चा छुट्टै शरीर हो र छुट्टै व्यक्ति हो।

**७. मूर्तिपूजकहरूले आफ्ना छोराछोरीहरूलाई मार्ने गर्थे र योचाहिँ परमेश्वरलाई घिनलाग्दो कुरा थियो** (भजनसङ्ग्रह १०६:३८)।

## गर्भपतन सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. निर्दोष रगत बहाउनु भनेको के हो?
2. परमेश्वरले निर्दोष रगत बहाउने कामलाई घृणा गर्नुहुन्छ भन्ने कुरा कुन खण्डले बताउँछ?
3. नजन्मेको "भ्रूण" लाई बाइबलले कुन शब्दले जनाउँछ?
4. गर्भाधारण कसको नियन्त्रणमा छ?
5. मान्छेको प्राणको रचना गर्ने को हो?
6. कुन भजनमा दाऊदले आफूलाई गर्भमा परमेश्वरबाट रचना गरिएको कुराको बयान गर्दछन्?
7. पुरानो नियमका समयहरूमा मूर्तिपूजकहरूले आफ्ना छोराछोरीहरूलाई के गर्ने गर्थे?

# क्रम-विकासवाद

चार्ल्स डार्विन (Charles Darwin) को क्रम-विकासवाद (Evolutionism) आज विश्वभरि सिकाइन्छ। यसको दावीअनुसार जीवनको उद्भव निर्जीव पदार्थबाट आफसेआफ भएको हो र सबै जीवहरू कुनै प्रारम्भिक एक-कोषीय जीवबाट क्रमिम रूपमा विकास भएको हो।

यस पाठको मूल तात्पर्य यो हो कि बाइबल विश्वास गर्नेले क्रम-विकासवादलाई रद्द गर्नुपर्छ किनभने बाइबल र क्रम-विकासवाद एकआपसमा मेल खाँदैनन्।

**1. उत्पत्तिको पुस्तकका शुरुका अध्यायहरू वास्तविक इतिहासका अभिलेख हुन्।**

1) उत्पत्तिका शुरुका ११ अध्यायहरू ऐतिहासिक वृत्तान्त शैलीमा लेखिएका छन्, पद्य शैलीमा होइन। "तिनमा ६४ ओटा भौगोलिक शब्दावली, ८८ ओटा व्यक्तिगत नामहरू, ४८ ओटा प्रजातीय नामहरू र कमसेकम २१ ओटा परिचित सांस्कृतिक सामग्रीहरू (जस्तै सुन, गोकलधूप र गोमेद पत्थर, पित्तल, फलाम, गोपेर काठ, अलकत्रा, मसला, इँटा, ढुङगा, वीणा, बाँसुरी, शहरहरू, धरहराहरू) उल्लेख छन् । यस सूचीको विशेष महत्त्व त्यसबेला छर्लङग हुन्छ जब यसलाई अन्यसित तुलना गरिन्छ जस्तै 'कुरानका न्यून अन्योन्य सन्दर्भहरूसित। उत्पत्तिको दसौं अध्यायमा मात्र महत्त्वपूर्ण गनिने भौगोलिक तथ्याङक सम्पूर्ण कुरानमा भन्दा पाँच गुणा बढी भेटिन्छ।' यीमध्येका एक-एक उल्लेखले लेखकको विश्वसनीयतालाई स्थापित गर्ने सम्भावना प्रदान गर्दछ। यहाँ उल्लेखित विषयवस्तुले प्रत्यक्ष रूपमा वास्तविक संसारको वर्णन गरिरहेको छ भन्ने कुरा देखाउँछ न कि कुनै अन्य संसार वा वास्तविकताको अन्य तहका घटनाहरूको" (Walter Kaiser, Jr., "The Literary Form of Genesis 1-11", *New Perspectives on the Old Testament,* ed. by J. Barton Payne, 1970, p.59)।

2) येशूले उत्पत्तिलाई ऐतिहासिक अभिलेखकै रूपमा उद्दरण गर्नुभयो। जस्तै, लूका १७:२६-३२ मा येशूले नूह, जहाज, जलप्रलय, लोत, आगोद्वारा सदोमको विनाश र लोतकी पत्नीलाई उल्लेख गर्नुभयो। अन्य ठाउँमा येशूले सृष्टि (मर्कूस १३:१९), आदम र हव्वा (मत्ती १९:४-६; मर्कूस १०:६-७), कयिन र हाबिल (मत्ती २३:३५; लूका ११:५०-५१), र अब्राहाम (यूहन्ना ८:३९-४०) लाई उल्लेख गर्नुभयो। ख्रीष्टले उत्पत्तिको पुस्तकलाई सधैं इतिहासकै रूपमा लिनुभयो।

3) नयाँ नियमका आठमध्ये सातजना (याकूबबाहेक सबै) लेखकहरूले उत्पत्ति १-११ लाई इतिहासकै रूपमा उद्दरण गरेका छन्। उत्पत्तिको पुस्तकका शुरुका ११ अध्यायलाई जम्मा १०० पटक सम्म उद्दरण गरिएको छ। नयाँ नियममा उत्पत्तिको पुस्तकलाई सधैं इतिहासकै रूपमा लिइएको छ।

4) उत्पत्ति १-३ येशू ख्रीष्टको सुसमाचारको ऐतिहासिक जग हो।

(1) येशूको वंशावली आदमसम्म जोडिएको देखाइएको छ (लूका ३:२३-३८)।

(2) आदमलाई ख्रीष्टसित तुलना गरिएको छ (रोमी ५:१२-१९; १ कोरिन्थी १५:४५)। प्रेरित पावलले आदमलाई ऐतिहासिक व्यक्तित्वको रूपमा र उत्पत्तिलाई वास्तविक इतिहासको रूपमा लिए भन्ने कुरा छर्लङग छ।

(3) आदमद्वारा मानव जातिको पतन भएको हुनाले नै सुसमाचारको आवश्यकता परेको हो (रोमी ५:१२)। यदि मानिसको पतन वास्तविक कुरा होइन भने सुसमाचारको कुनै अर्थ रहँदैन।

**२. उत्पत्तिको पुस्तकले सिकाएको कुरालाई क्रम-विकासवादले सिकाएको कुरासित मिलान गर्न सकिन्न।**

1) संसार र यावत थोकहरूलाई परमेश्वरले अरबौं वर्ष लगाएर नभई ६ दिनमा सृष्टि गर्नुभयो भन्ने कुरा उत्पत्तिले बताउँछ। उत्पत्ति १ का सृष्टिका दिनहरू सामान्य २४-घण्टे दिन थिए, जसमा साँझ र बिहान समावेश थिए (उत्पत्ति १:५,८,१३,१९,२३,२१)। यस कुरालाई प्रस्थान २०:१०-११ मा फेरि दोहोऱ्याइएको छ।

2) सबै जीवहरू आफ्नो-आफ्नो जातिअनुसार उत्पन्न गर्न सक्ने गरी बनाइएका थिए भन्ने कुरा उत्पत्तिले बताउँछ। "आफ्नो-आफ्नो जातिअनुसार" भन्ने वाक्यांश उत्पत्ति १ मा ९ पटक भेटिन्छ (उत्पत्ति १:११,१२,२१,२४,२५)। संसारमा हामीले अवलोकन गर्न सक्ने कुरा पनि ठ्याक्कै यही हो। कुकुरले कुकुर उत्पन्न गराउँछ, माकुराले माकुरा, चराले चरा, बदामले बदाम। आफ्नै जातिभित्र पशुहरू अन्तरप्रजनन गरी "विकास" हुन सक्छन् (जस्तै, विभिन्न प्रकारका कुकुरलाई प्रजनन गराई फरक खालका कुकुर उत्पन्न गराउन सकिन्छ), तर कुकुरलाई बिरालोसित अन्तरप्रजनन गराउन सकिन्न। यही कुरा हो बाइबलले बताएको अनि प्रकृतिमा जहाँतहीं हामीले अवलोकन गर्न सक्ने कुरा पनि यही हो, तर क्रम-विकासवादले सबै जीवहरूले सधैं आफ्नो-आफ्नो जातिअनुसार उत्पन्न गर्दछन् भन्ने कुरालाई अस्वीकार गर्दछ। क्रम-विकासले त माछा उभयचरमा विकास भए र उभयचर सरीसृपमा विकास भए र सरीसृप पक्षीमा विकास भए, आदि सिकाउँछ।

3) पहिलो मानिस बाँदर समूहबाट विस्तारै क्रम-विकास भएर आएको प्राणी नभएर परमेश्वरद्वारा प्रत्यक्ष रूपमा सृष्टि गरिएको हो भन्ने कुरा उत्पत्तिले सिकाउँछ। आदम प्रथम मानिस थिए भनेर बाइबलले बताउँछ (१ कोरिन्थी १५:४५)। अनि हव्वा सबै मानिसका आमा हुन् (उत्पत्ति ३:२०)।

4) मानिस परमेश्वरको स्वरूपमा बनाइएको हो र पशुहरू भन्दा भिन्न छ भनेर उत्पत्तिले बताउँछ (उत्पत्ति १:२७)। क्रम-विकासले भन्छ मान्छे विकसित पशु हो।

5) संसार सिद्ध रूपमा सृष्टि गरिएको थियो अनि पापले गर्दा पतन भयो र त्यसबेलादेखि यो बिग्रँदै गइरहेको छ भन्ने कुरा उत्पत्तिले बताउँछ। यो कुरा हामीले अवलोकन गर्न सकिने सबै कुरासित मेल खान्छ। सबै कुरा व्यवस्थित अवस्थाबाट अव्यवस्थित अवस्थामा जाने क्रममा छ। सबै कुरा बिग्रँदै छ, उँधो लाग्दैछ। थर्मोडाइनामिक्सको दोस्रो नियम (Second Law of Thermodynamics) ले ठीक यही कुरालाई बयान गर्दछ जसरी अख्रीष्टिय क्रम-विकासवादीहरूले समेत स्वीकार गर्दछन्। आइजाक असिमोभ (Isaac Asimov) एक क्रम-विकासवादी थिए तर उनले दिएको थर्मोडाइनामिक्सको दोस्रो नियमले क्रम-विकासवादलाई वास्तवमै रद्द गर्दछ र बाइबललाई पुष्टि गर्दछः "विश्व-ब्रम्हाण्ड निरन्तर झन् झन् अस्तव्यस्त बन्दैछ! यसरी हेरिँदा हामीले दोस्रो नियमलाई हाम्रो वरिपरि जताततै देख्न सक्छौं। कति कठिन छ घरलाई, कलपूर्जाहरूलाई र हाम्रै शरीरहरूलाई सम्हालिराख्न र सिद्ध, चालु अवस्थामा राखिराख्न; तिनीहरूलाई बिग्रन दिन कति सजिलो छ। वास्तवमा, तिनलाई बिग्रन दिन हामीले केही पनि गर्नुपर्दैन अनि सबै कुराहरू बिग्रँदै जान्छन्, ढल्छन्, टुटफुट हुन्छन्, खिइन्छन्, ती सब आफसेआफ हुन्छन्। दोस्रो नियम भनेको यही नै हो" (Asimov, "In the Game of Energy and Thermodynamics You Can't Break Even," *Smithsonian Institute Journal,* June 1970, p.10)। यो वास्तविक हो र यो कुरा क्रम-विकासवादको परिकल्पनाभन्दा कति फरक छ जसले भन्छ कि जीवहरू निर्जीवबाट विस्तारै जीवमा क्रम-विकास भए, अस्तव्यस्तताबाट शुरु भएर आफसेआफ व्यवस्थित भए।

6) सबै कुराहरू तिनीहरूले परमेश्वरका उद्देश्यहरू पूरा गर्नुपर्छ भनेर सृष्टि गरिएका हुन् भन्ने कुरा उत्पत्तिले बताउँछ। प्रकृतिमा जहाँसुकै हेरौं, सूक्ष्मदर्शक यन्त्रद्वारा देखिनेदेखि लिएर दूरबीन टेलिस्कोपद्वारा देखिनेसम्मका कुराहरू, त्यहाँ हामी रचना (design) देख्दछौं, जुन कुराचाहिँ क्रम-विकासको

परिकल्पनाको विपरित छ जसअनुसार संसार अन्धाधुन्ध हुने भौतिक प्रक्रियाहरूको उपज हो। अध्ययन गर्नुहोस् कोषलाई, आँखालाई, कानलाई, पातलाई, उड्ने पखेटालाई, अणुलाई, प्रकाशलाई, ध्वनिलाई, पानीलाई -- जहाँतहीं तपाईले उद्देश्य (purpose) र रचना (design) भेट्टाउनुहुन्छ। माइकल डेन्टन (Michael Denton) को अवलोकन यस प्रकार छ, "हामीले जहाँ हेरे पनि, जति गहिरो तहमा हेरे पनि हामीले त्यसमा पूर्णरूपमा अतुलनीय श्रेष्ठतायुक्त सुन्दरता र बुद्धि देख्छौं र सिद्धताको यही गजबको सर्वव्यापकताले आकस्मिकको अवधारणा (idea of chance) लाई यति ठूलो चुनौती दिन्छ" (*Evolution: A Theory in Crisis,* 1983, p. 342)। सिर्फ एउटा "सरल" सूक्ष्मदर्शकीय एक-कोषीय ब्याक्टेरिया (आर. कोलाइ) भित्र यति धेरै डी-एन-ए सूचना एकाईहरू रहेका हुन्छन् जो इन्साइक्लोपिडिया ब्रिटानिका (*Encyclopedia Britannica*) का १० करोड पन्नाहरूमा रहेका सूचना बराबर हुन्छन्, अनि ती सब सूचनाहरू सिद्ध रूपमा आपसमा मिलेर काम गर्दछन् र आफ्नै प्रतिलिपिहरू उतार्दछन्! उद्देश्य र रचना नै हामीले आशा गर्न सकिने कुरा हो यदि संसारलाई परमेश्वरले सृष्टि गर्नुभएको हो भने जसरी उत्पत्तिको अभिलेखले दावी गर्दछ, तर यदि क्रम-विकासवाद सत्य हो भने हामीले यहाँ केवल अस्तव्यस्तता र गोलमाल मात्र भेट्टाउनुपर्नेथ्यो।

7) पृथ्वीको इतिहास करिब ६,००० वर्ष मात्र पुरानो छ भन्ने कुरा उत्पत्तिले देखाउँछ जब कि क्रम-विकासवादले यो अरबौं वर्ष पुरानो भएको दावी गर्दछ।

8) मानिसले परमेश्वरसित संवाद गर्न सकोस् भनेर उसित शुरुदेखि नै भाषाको क्षमता थियो भन्ने कुरा उत्पत्तिले बताउँछ। तर क्रम-विकास अनुसार भाषा भन्ने कुरा पशुका जस्तै आवाजबाट विकास भएको हो। यो बुझ्नु महत्त्वपूर्ण छ कि आधुनिक पुरातत्त्वज्ञानले समेत बताउँदछ कि लिपिको शुरुआत करिब ६,००० वर्ष अगाडि भएको हो, जुन कुरा बाइबलको अभिलेखसित ठ्याम्मै मेल खान्छ (Joseph Naveh, *Origins of the Alphabets: Introduction to Archaeology,* Jerusalem: The Jerusalem Publishing House, p. 6)।

9) बुद्धिपूर्ण सभ्यता निर्माण गर्ने क्षमता मानिससित शुरुदेखि नै थियो भन्ने कुरा उत्पत्तिले बताउँछ। आदमका सन्तानले पशुपालन गरे, साङ्गीतिक बाजा बनाए, पित्तल र फलामका काम गरे (उत्पत्ति ४:२०-२२)। तर क्रम-विकासवादको दावी अनुसार मानिसको सभ्यता "ढुङ्गे युग" ("stone age") बाट शुरु भयो जुन बेला "गुफामा बस्ने मानिसहरू" ("cave men") पशुजस्तै जीवन बिताउँथे।

## क्रम-विकासवाद सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. उत्पत्तिको पुस्तकका शुरुका अध्यायहरू वास्तविक इतिहास हुन् भनी हामी जान्दछौं। चारओटा कारण दिनुहोस्।
2. उत्पत्तिको पुस्तकका आठजनाको नाम दिनुहोस् जसलाई येशूले उल्लेख गर्नुभयो।
3. नयाँ नियममा उत्पत्तिका शुरुका ११ अध्यायहरूबाट कतिपटक उद्धरण गरिएको छ?
4. कुन तीनओटा तरिकाले उत्पत्ति १-३ सुसमाचारको ऐतिहासिक जग हो?
5. उत्पत्तिले सिकाएका कुरा क्रम-विकासवादले सिकाएका कुरा कसरी भिन्न छन् भन्ने कुरा ९ ओटा बुँदामा बताउनुहोस्।
6. थर्मोडाइनामिक्सको दोस्रो नियमले क्रम-विकासवादलाई कसरी गलत साबित गर्दछ?
7. आधुनिक पूरातत्त्वज्ञान अनुसार लिपिको शुरुआत कहिले भएको थियो?
8. क्रम-विकासवादको "ढुङ्गे युग" को शिक्षालाई बाइबलले कसरी काट्छ?

# विश्राम दिन

**कण्ठ गर्नुपर्ने पदहरू: प्रस्थान ३१:१२-१३; नहेम्याह ९:१३-१४; कलस्सी २:१६**

**विश्राम दिन इस्राएललाई दिइएको परमेश्वरबाटको एउटा चिन्ह हो जुन चिन्ह इस्राएल उजाडस्थानमा हुँदाखेरि दिइएको थियो**

आदमको समयदेखि नै मानिसहरूले विश्राम दिन पालन गर्दै आएका छन् भनेर सेभेन्थ-डे एड्भेन्टिस्टहरू सिकाउँछन्, तर यो त बाइबलकै अभिलेखको विपरित कुरा हो। विश्राम दिन सृष्टिको छैटौं दिनको अन्तमा शुरु भएको भए तापनि (उत्पत्ति २:१-३), उक्त विश्राम परमेश्वरको विश्राम थियो, मानिसको होइन। परमेश्वरले विश्राम दिन मानिसलाई दिनुभयो भन्ने कुरा उत्पत्तिको पुस्तकमा कतै उल्लेख छैन। उत्पत्तिको पुस्तकमा उल्लेखित पवित्र जनहरूले वेदीहरू निर्माण गरे, प्रार्थना गरे, बलिहरू चढाए र दसौं अशं दिए; तर ती दिनहरूमा विश्राम दिन पालन गर्ने सम्बन्धमा पवित्र शास्त्र मौन छ।

विश्राम दिन इस्राएललाई सबभन्दा पहिले उजाडस्थानमा दिइएको कुरा नहेम्याह ९:१३-१४ ले प्रस्टै बताउँछ।

अब्राहाम, इसहाक र याकूबले विश्राम दिन पालन गरेका भए उनीहरूका छोराछोरीहरू उक्त अभ्याससित परिचित हुनेथिए; तर अवस्था त्यस्तो थिएन भन्ने कुरा नहेम्याहले बताएको छ।

प्रस्थान ३१:१२-१३ ले प्रस्टै बताएको छ कि विश्राम दिन परमेश्वर र इस्राएल बीचको एउटा विशेष चिन्ह थियो। सृष्टि पश्चात् यदि मानव जातिलाई सर्वसाधारण रूपमा विश्राम दिन दिइएको भए, त्यो इस्राएलका निम्ति एउटा चिन्ह बन्न सक्ने थिएन। वास्तविकता यो हो कि विश्राम दिन इस्राएल जातिको निम्ति हो, अरू कुनै जातिका निम्ति होइन।

साथै यो पनि उल्लेख गरिनु महत्त्वपूर्ण कुरा छ कि विश्राम दिन अनन्तसम्म इस्राएलकै निजि स्वामित्वमा रहनेछ (प्रस्थान ३१:१६)। यो चिन्ह कहिल्यै रद्द गरिनेछैन वा अन्य जातिलाई हस्तान्तरण गरिनेछैन। यही कारणले गर्दा हो पृथ्वीमा ख्रीष्टको राज्य स्थापना भएपछि पनि इस्राएलले विश्राम दिन पालन गर्नेछ भनेर अगमवक्ताहरूले भविष्यवाणी गरेका छन् (यशैया ६६:२३)। सङ्कष्टकाल (tribulation period) सम्बन्धी आफ्ना भविष्यवाणीहरूमा येशू ख्रीष्टले विश्राम दिनको उल्लेख (मत्ती २४:२०) किन गर्नुभयो भन्ने कुरा पनि यसबाट बुझ्न सकिन्छ। यहूदीहरू आजसम्म पनि विश्राम दिन पालन गर्दछन् र इस्राएल देशभित्र निषेधाज्ञाहरू लागु छन्। जस्तै, विश्राम दिनमा एल आल एअरलाइनको उड्डयन सेवा बन्द हुने गर्छ।

**विश्राम दिन र नयाँ नियमको विश्वासी**

प्रेरितहरूले मण्डलीहरूलाई पत्रहरू लेख्दाखेरि केवल तीनपटक मात्र विश्राम दिनको उल्लेख गरेका छन्:

1. विश्राम दिन ख्रीष्टमा पाइने मुक्तिको विश्रामको प्रतीक हो (हिब्रू ४)। जसरी यहूदीहरूले विश्राम दिनमा कुनै काम गर्दैनथे, त्यसरी नै एक विश्वासी उसको कुनै कामबिना नै परमेश्वरको अनुग्रहले बचाइँदछ।

2. नयाँ नियमको विश्वासीलाई विश्राम दिन पालन गर्नुपर्ने कुनै बाध्यता छैन (कलस्सी २:१६)। पावलले यहाँ बहुवचन प्रयोग गर्दै "विश्राम दिनहरू" को कुरा गर्दा उनले परमेश्वरले इस्राएललाई दिनुभएका सबै विश्राम दिनहरूलाई जनाउँदैछन् जसमा चाडहरूसित सम्बन्धित विश्राम दिनहरू पनि पर्दछन्। जस्तै, पेन्टेकोस्ट हप्ताको सधैं पहिलो दिनमा पर्थ्यो तर त्यो एक विशेष विश्राम दिन थियो जसमा कुनै काम गरिँदैनथ्यो (लेवी

२३:१६-२१)। सेभेन्थ-डे एड्भेन्टिस्टहरू लगायत विश्राम दिन पालन गर्ने अरूहरू कलस्सी २:१६ ले नियमित साप्ताहिक विश्राम दिनलाई जनाउँदैन भन्ने दावी गर्दछन्, तर त्यस कुराको कुनै प्रमाण छैन।

3. पवित्र दिनहरूको सवालमा नयाँ नियमको विश्वासीलाई स्वतन्त्रता दिइएको छ (रोमी १४:४-६)।

विश्राम दिन ख्रीष्टियनको लागि वाध्यताको कुरा हो भनी दावी गर्नेहरूले प्रेरितहरूको शिक्षा विपरित सिकाउँदैछन्।

"विश्राम दिन पुरानो सृष्टिसित सम्बन्धित कुरा हो र त्यो तोकिएर इस्राएललाई नै दिइएको थियो; प्रभुको दिन नयाँ सृष्टिसित सम्बन्धित कुरा हो र यो विशेष गरी मण्डलीको हो। विश्राम दिनले व्यवस्थालाई औंल्याउँदछ जसरी ६ दिनका कामपछि विश्राम हुन्छ, तर प्रभुको दिनले अनुग्रहलाई औंल्याउँदछ, किनकि हामी हरेक नयाँ हप्ता विश्रामबाट शुरु गर्दछौं जसका पछि काम हुन्छन्" (*Wiersbie's Old Testament Outlines*)।

त्यसो भए किन त येशूले विश्राम दिन पालन गर्नु भयो? उहाँले जुन कारण मोशाका सबै नियमहरू पालन गर्नुभयो ठीक त्यही कारण विश्राम दिन पालन गर्नुभयो। (उहाँले चाडहरू पनि मान्नुभयो)। येशूले यी सबै गर्नुभयो किनकि उहाँ शरीरअनुसार यहूदी भई जन्मनुभएको थियो, व्यवस्थाको अधीनमा जन्मनुभएको थियो। उहाँले त्यसलाई पूरा गर्नुभई आफ्ना जनहरूलाई त्यसको सजायँ र बन्धनबाट छुटकारा दिन सक्नलाई उहाँ त्यसरी आउनुभएको थियो।

**शुरुका ख्रीष्टियनहरूले आइतबारको दिनमा उपासना गर्दथे भन्ने कुराको बाइबलीय प्रमाण**

1. येशू मरेकाहरूबाट पहिलो दिनमा बौरेर उठ्नुभयो (मर्कूस १६:९)।
2. येशू आफ्ना चेलाहरूकहाँ पहिलो दिनमा देखा पर्नुभयो (मर्कूस १६:९)।
3. येशू बौरेर उठ्नुभएपछि आफ्ना चेलाहरूसित फरक-फरक ठाउँमा पटक-पटक पहिलो दिनमै देखा पर्नुभयो (मर्कूस १६:९-११; मत्ती २८:८-१०; लूका २४:३४; मर्कूस १६:१२-१३; यूहन्ना २०:१९-२३)।
4. येशूले आफ्ना चेलाहरूलाई पहिलो दिनमा आशिष दिनुभयो (यूहन्ना २०:९)।
5. येशूले आफ्ना चेलाहरूलाई पवित्र आत्माको दान पहिलो दिनमा प्रदान गर्नुभयो (यूहन्ना २०:२२)।
6. येशूले आफ्ना चेलाहरूलाई सारा संसारलाई सुसमाचार प्रचार गर्नलाई आदेश दिनुभयो (यूहन्ना २०:२१; मर्कूस १६:९-१५ सित तुलना गर्नुहोस्)।
7. येशू पहिलो दिनमा स्वर्गारोहण हुनुभयो, पिताको दाहिने हातपट्टि बस्नुभयो र सबै कुराहरूको शिर बनाइनुभयो (यूहन्ना २०:१७; एफेसी १:२०)।
8. पहिलो दिनमा मरेका धेरैजना पवित्र जनहरू चिहानहरूबाट बौरेर उठे (मत्ती २७:५२-५३)।
9. पहिलो दिन चेलाहरूका लागि आनन्द र रमाहटको दिन बन्यो (यूहन्ना २०:२०; लूका २४:४१)।
10. पहिलो दिनमा बौरिउठ्नुभएको ख्रीष्टको सुसमाचार प्रथम पटक प्रचार गरियो (लूका २४:३४)।
11. पहिलो दिनमा येशूले चेलाहरूलाई पवित्र शास्त्रहरूको अर्थ खोलिदिनुभयो (लूका २४:२७,४५)।
12. पहिलो दिनमा हाम्रो उद्धार किन्ने काम पूरा भयो (रोमी ४:२५)।

13. पहिलो दिनमा पवित्र आत्मा ओर्लनुभयो (प्रेरित २:१)। डोलाउने भेटीको बिटा ल्याएपछिको विश्राम दिनपछिको पचासौं दिनमा पेन्टेकोस्ट पर्दथ्यो (लेवी २३:१५-१६)। त्यसैले पेन्टेकोस्ट सधैं आइतबारमा पर्दथ्यो।

14. ख्रीष्टियनहरू उपासना गर्नलाई आइतबार भेला हुन्थे (प्रेरित २०:६-७; १ कोरिन्थी १६:२) (D.M. Canright, *Seventh-Day Adventism Renounced*)।

त्यसबेलादेखि अधिकांश ख्रीष्टियनहरू उपासना गर्नलाई प्रभुको दिन (आइतबार) मा नै भेला हुँदै आएका छन्। उनीहरूका मुक्तिदाताको बौरिउठाइको आदर गर्दै उनीहरूले यसो गर्ने गरेका हुन्। विश्राम दिनमा ख्रीष्ट चिहानभित्र हुनुहुन्थ्यो अनि पहिलो दिनमा मरेकाहरूबाट जेठा (firstborn) को रूपमा बौरेर उठ्नुभयो। विश्राम दिनले पुरानो सृष्टिको अन्तिम दिनलाई सङ्केत गर्दछ (उत्पत्ति २:२)। आइतवार चाहिँ नयाँ सृष्टिको पहिलो दिन हो।

### शुरुका ख्रीष्टियनहरूले आइतबार उपासना गर्दथे भन्ने ऐतिहासिक प्रमाण

बर्नबासको पत्र (१०० एडी ताका) -- "जसको कारण हामी आनन्दसित आठौं दिनलाई पालन गर्दछौं, जुन दिनमा येशू मरेकाहरूबाट बौरेर उठ्नुभयो।"

इग्नेसियसको पत्र (१०७ एडी ताका) -- "पराई शिक्षाहरूद्वारा बहकाउमा नपर, नता दन्त्यकथाहरूद्वारा, जो लाभदायक हुँदैनन्। किनकि हामी अझै यहूदी व्यवस्थाअनुसार जिउनु भनेको हामीले अनुग्रह प्राप्त गरेका छैनौं भन्ने कुराको स्वीकार गर्नु हो...यसकारण यदि उक्त प्राचीन व्यवस्थाअनुसार हुर्काइएकाहरूले एउटा नयाँ आशालाई प्राप्त गरेका छन् भने विश्राम दिन पालन गर्न छाडेका हुन्छन् र प्रभुको दिनलाई पालन गर्दै आएका हुन्छन्, जुन दिन उहाँद्वारा र उहाँको मृत्युद्वारा हामीले नयाँ जीवन पाएका छौं।"

जस्टिन मार्टर (१४० एडी ताका) -- "आइतबार भनिने दिनमा शहर वा गाउँबस्तीमा बसोबास गर्नेहरू सबै एकै ठाउँमा भेला हुने गर्दछन् अनि त्यहाँ प्रेरितहरूका पत्रहरू वा अगमवक्ताहरूका लेखोटहरूबाट पढिन्छ। ...तर हामी सबैजनाले साझा सभा राख्ने दिनचाहिँ आइतबार हो किनभने परमेश्वरले पहिलो दिनमा नै ...संसार बनाउनुभयो; अनि येशू ख्रीष्ट हाम्रा मुक्तिदाता त्यही दिनमा मृत्युबाट बौरेर उठ्नुभयो।"

बार्देसानेस्, एडेस्सा (१८० एडी ताका) -- "हप्ताको पहिलो दिनमा हामी एकआपसमा मिलेर भेला हुन्छौं।"

अलेक्जान्ड्रियाको क्लेमेन्ट (१९४ एडी) -- "तिनले नियमबमोजिम, सुसमाचार अनुसार, प्रभुको दिनलाई पालन गर्दछन्...आफैमा प्रभुको बौरिउठाइलाई महिमा दिन्छन्।"

टर्टुलियन (२०० एडी) -- "यस दिनलाई आफ्नो विश्राम दिन भनेर संज्ञा दिनेहरूको खण्डन गर्दै हामी शनिवारपछिको दिनलाई औपचारिकता दिन्छौं।"

इरेनियस (१५५-२०२ एडी ताका) -- "प्रभुको बौरिउठाइको रहस्यलाई प्रभुको दिनमा बाहेक अन्य दिनमा मनाउन मिल्दैन अनि यस दिनमा मात्र हामीले प्रभु भोजको रोटी भचाइँको पालना गर्दछौं।"

साइप्रियन (एडी २५०) -- "आठौं दिन अर्थात् शनिवारपछिको पहिलो दिन, र प्रभुको दिन।"

आनाटोलियस (एडी २७०) -- "प्रभुको दिनमा भएको प्रभुको बौरिउठाइप्रतिको हाम्रो श्रद्धाभावले त्यसलाई मनाउन हामीलाई प्रोत्साहन गर्दछ।"

पिटर, अलेक्जान्ड्रियाको बिशप (एडी ३०६) -- "तर प्रभुको दिन हामी रमाहटको दिनको रूपमा मान्दछौं किनभने उक्त दिनमा उहाँ फेरि बौरनुभयो।"

## विश्राम दिन सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. विश्राम दिन प्रथम पटक कहिले दिइएको थियो?
2. उत्पत्तिको दोस्रो अध्यायमा किन विश्राम दिनको उल्लेख गरिएको छ यदि त्यसबेला त्यो मानिसलाई दिइएको थिएन भने?
3. विश्राम दिन परमेश्वर र इस्राएल बीचको एउटा चिन्ह हो भनेर कुन खण्डले बताउँछ?
4. हजार वर्षको राज्यमा विश्राम दिनको पालनाको बारेमा बाइबलले किन उल्लेख गर्दछ?
5. हिब्रूको चौथो अध्याय अनुसार विश्राम दिन कुन कुराको प्रतीक हो?
6. कलस्सी २:१६ ले किन विश्राम दिनलाई बहुवचनमा उल्लेख गर्दछ?
7. कलस्सी २:१६ ले नियमित साप्ताहिक विश्राम दिनको कुरा गरेको छैन भन्ने के प्रमाण छ?
8. शुरुका ख्रीष्टियनहरू आइतबारको दिनमा भेला हुन्थे भन्ने पाँचओटा बाइबलीय कारण दिनुहोस्।
9. आइतबार उपासनाको दिन थियो भन्ने तीनओटा प्राचीन ऐतिहासिक सन्दर्भहरू उल्लेख गर्नुहोस्।

# प्रभुमा ग्रहणयोग्य पहिरन

## भाग १

**कण्ठ गर्नुपर्ने पदहरू: व्यवस्था २२:५; १ तिमोथी २:९; १ कोरिन्थी ११:१४-१५**

पहिरन ज्यादै महत्त्वपूर्ण कुरा हो किनभने पहिलो, यसले हृदयलाई प्रतिबिम्बित गर्दछ, साथै त्यसलाई असर पार्दछ। दोस्रो, पहिरन महत्त्वपूर्ण कुरा हो किनभने पहिरन एउटा भाषा हो। यो एउटा "सामाजिक भाषा" हो, फेशनको अभिव्यक्ति हो। यस कुराकै ज्ञानको आधारमा फेशन उद्योग फस्टाइरहेको छ र परमेश्वरका छोराछोरीले पनि यसलाई बुझ्नु आवश्यक छ। मैले आफैलाई प्रश्न गर्नुपर्ने कुरा हो, मेरो पहिरनले कस्तो सन्देश प्रसारण गर्दैछ? विकिपिडियाले फेशनलाई "चलनचल्तीको अभिव्यक्तिको एक किसिम" (a prevailing mode of expression) भनेर परिभाषित गरेको छ। "पहिरनको हरेक अंशले कुनै सांस्कृतिक र सामाजिक अर्थ बोकेको हुन्छ" भनेर विकिपिडियाले मानिलिएको छ र "प्रसारण भइरहेको सन्देश बुझ्न सक्नलाई मान्छेले उक्त भाषा जानेको हुनुपर्छ" भनेर टिप्पणी गरेको छ।

खुकुलो यौनिक विशिष्टता बोकेका "तीष्ण" खाले पहिरन बिक्री गर्ने एबरक्रोम्बी र फीच (Abercrombie & Fitch) नाम गरेको पहिरन उद्योग त्यसको "**विद्रोही मनोभाव**का निम्ति प्रख्यात" छ भनेर "चप्पल, च्यात्तिएका जीन र नियन्त्रण" शीर्षक गरेको लेखमा भनिएको छ ("Flip-Flops, Torn Jeans, and Control", Business Week, May 30, 2005)। त्यसैले संसारले समेत Abercrombie & Fitch को पहिरनको सन्देश कस्तो खालको छ भन्ने कुरा बुझ्दछ। तिनीहरू लुगा मात्र होइन एउटा मनोभाव बिक्री गर्दैछन्।

तसर्थ, पहिरन शैली निर्दोष हुँदैन। प्रत्येक शैलीले एउटा सन्देश प्रचार गर्दछ र परमेश्वरको जनले आफ्नो पहिरनद्वारा गलत सन्देश प्रसारण गर्नदेखि होशियार बस्नुपर्छ।

परमेश्वरको वचनले के भन्दछ भन्ने बारेमा पहिरन उद्योगलाई कुनै मतलब छैन भन्ने कुरा हामीले बुझ्नुपर्छ।

हामी परमेश्वरका जनहरूलाई लाउन हुने या नहुने फेशनको सूची चाहिएको होइन। हामीलाई चाहिएको कुरा हो पहिरनका शैलीलाई जाँच्नका निम्ति स्पष्ट बाइबलीय सिद्धान्तहरू। फेशन निरन्तर बदलिन्छ, तर परमेश्वरको वचनका सिद्धान्तहरू एकसमान रहन्छन्।

### ख्रीष्टियनको पहिरन सम्बन्धी बाइबलीय सिद्धान्तहरूको सारांश

### १) ख्रीष्टियनको पहिरन भद्र हुनुपर्छ (१ तिमोथी २:९)

भद्रतालाई नयाँ नियममा "पतिव्रता", "आत्मसंयमी", "सचेत", र "लज्जालु स्वभाव" भन्ने शब्दहरूले बयान गरिएको छ। स्त्रीलाई अश्लील वा अशोभनीय तरिकाले प्रदर्शन गराउने कुनै पनि कुरालाई यसले निषेध गर्दछ।

पहिलो, भद्र पहिरन शरीरलाई उचित ढङ्गले ढाक्ने पहिरन हो र यौन आकर्षणका शारीरिक अङ्गहरूलाई नाङ्गो गरी प्रदर्शन नगर्ने पहिरन हो। यशैया ४७:२ ले भन्छ, स्त्रीले आफ्नो खुट्टा नाङ्गो पार्नु र तिघ्रा देखाउनु नाङ्गोपना हो। यसकारण, छोटो स्कर्ट, हाफ-पायन्ट, चिरिएको स्कर्ट, तलसम्म देखिने चोलो, ढाडको खाल्डो देखाउने चोलो, अगाडि छातीको तलसम्म चिरिएको वस्त्र, पछाडि खुल्ला छोडिएको वस्त्र, बाहुला नभएको वस्त्र र कुनै पनि पौडी खेल्दा लाउने आधुनिक वस्त्र। साथै भित्रपट्टि देख्न सकिने खालको पातलो वा प्वाल-प्वाल परेको कपडाले बनेको जुनसुकै पनि लुगा अभद्र पहिरन हो।

दोस्रो, भद्र पहिरनले यौन आकर्षण गर्ने तवरले जीउडालको स्वरूपलाई प्रकट गर्दैन। कस्सिएको, जीउमै टाँस्सिने खालको पोशाक, अपर्याप्त वा छोटो पोशाक जत्तिकै अभद्र पोशाक हो किनकि यसले स्त्रीको आकृतिलाई मुख्य बनाउँदछ र पुरुषको ध्यानाकर्षण त्यसतिर लैजान्छ जुन चाहिँ वैवाहिक सम्बन्धमा भन्दा बाहिर निषेधित छ।

तेस्रो, भद्र पोशाक भड्किलो हुँदैन। प्रेरित पावलले १ तिमोथी २:९ मा भद्र पहिरनको कुरा गर्दा उनले "बाटिएको केश, वा सुन, वा मोतीहरू, वा दामी-दामी वस्त्र" लाई उल्लेख गर्दछन्। यस संसारको भक्तिहीन फेशन उद्योगको लक्ष्य भनेको अहङ्कारी, भड्किलो, सांसारिक बुद्धिको हाउभाउ र साथै यौन-केन्द्रित हाउभाउ सृजना गर्नु हो। भक्ति गर्ने स्त्रीले यस्ता फेशनलाई रद्द गर्दछिन् र आफैलाई र आफ्ना छोरीहरूलाई "सुहाउने [भद्र] वस्त्र" पहिराउँदछिन्।

अभद्र पहिरन उद्योगलाई यी कुराको राम्रो ज्ञान छ र त्यसले स्त्रीहरूलाई भद्रताले होइन तर लोभ्याउने पाराले पहिराउन कोशिश गर्दछ।

## २) ख्रीष्टियनको पहिरन लैङगिक भिन्नता कायम राख्ने पहिरन हुनुपर्छ (उत्पत्ति १:२७; व्यवस्था २२:५; १ कोरिन्थी ११:१४-१५)।

स्त्रीको पोशाक पृथकरूपमा स्त्रीको जस्तो हुनुपर्छ र पुरुषको पोशाक पृथकरूपमा पुरुषको जस्तो।

आधुनिक एकलिङगीय (यूनिसेक्स) अभियान (unisex movement) सर्वशक्तिमान् परमेश्वरको विद्रोहमा र उहाँको वचनको विरुद्धमा अगाडि लम्किरहेको छ र यससित आवद्ध भएको कुनै पनि फेशनसित ख्रीष्टियनले अलिकति पनि सम्झौता गर्नुहुँदैन। एकै व्यक्ति पुरुषजस्तो पनि, स्त्रीजस्तो पनि देखिने यूनिसेक्स प्रस्तुति निर्दोष कुरा होइन। यस्तो अभ्यास रक सङगीतकारहरूबाटको सृजना हो जोहरूले परम्परालाई उलटपुलट पार्न चाहन्थे। स्त्रीले लगाउने पायन्ट यूनिसेक्स फेशन अभिव्यक्तिको रूपमा सृजना गरिएको थियो अनि आधुनिक यूनिसेक्स अभियानमा यसले केन्द्रिय भूमिका खेल्दछ।

केशका शैलीहरू पनि अभिव्यक्तिहरू हुन्। पुरुषले लामो केश पाल्ने र स्त्रीले छोटो केश पाल्ने कुरा केवल निर्दोष फेशन होइनन् तर परमेश्वरको सृष्टिको नियमविरुद्ध उठेका विद्रोहका अभिव्यक्ति हुन् (१ कोरिन्थी ११:१४-१५)। १९६० को दशकको एउटा रक गीतले जवान पुरुषहरूलाई आफ्नो केश लामो हुन दिन र "तिम्रो अनौठो झण्डा फरफराउनदेऊ" भन्दै प्रोत्साहन दिन्थ्यो। "भेन हेलेन" समूहको डेविड ली रोथको गवाही थियो: "[मेरो लामो कपाल] एउटा झण्डा हो। यो तार्जन हो। म सधैं व्यवस्थापनको विरोधी रहनेछु" (John Makujina, *Measuring the Music,* p.73)।

### गलत तर्क र तिनका प्रत्युत्तर:

### गलत तर्क #१: व्यवस्था २२:५ मोशाको व्यवस्थाको अंश हो जुनचाहिँ ख्रीष्टमा खारेज भइसकेको छ।

उत्तर: मोशाको व्यवस्था ख्रीष्टियनको व्यवस्था होइन भनेर हामी जान्दछौं तरैपनि तिनमा ख्रीष्टिय जीवनका निम्ति पाठहरू छन्। १ कोरिन्थी १० मा पावलले व्यवस्थाबाट थुप्रै कुरा उल्लेख गर्छन् र निष्कर्षमा भन्दछन्, "अब उदाहरणका निम्ति यी सबै कुराहरू तिनीहरूमाथि आइपरे, र हाम्रै चेताउनीका निम्ति लेखिएका हुन्, जसमाथि संसारका अन्तहरू आइपुगेका छन्" (१ कोरिन्थी १०:११)। व्यवस्था २२:५ मा हाम्रै चेताउनीका निम्ति लेखिएको एउटा नैतिक सिद्धान्त छ। त्यहाँ उल्लेखित सिद्धान्त यो हो कि पुरुष र स्त्रीका पहिरनका बीच स्पष्ट भिन्नता हुनुपर्दछ।

पावलले यस कुरालाई १ कोरिन्थी १४:३४ मा जोड दिए जब उनले भने, "तिमीहरूका स्त्रीहरू मण्डलीहरूमा चुप लागून्; किनकि उनीहरूलाई बोल्ने अनुमति छैन, तर आज्ञाकारी भएर रहने आज्ञा छ; व्यवस्थाले पनि यसै भन्छ।" तसर्थ, पावलअनुसार, पुरुष र स्त्री बीचका सृष्टिदेखिकै भिन्नताका बारेमा मोशाको व्यवस्थाले ख्रीष्टिय जीवनको सवालमा प्रत्यक्ष तवरले सम्बोधन गर्दछ।

**गलत तर्क #२: यदि हामी व्यवस्था २२:५ लाई आज पछयाउने हो भने त हामीले व्यवस्था २२:९-११ लाई पनि पछयाउनुपर्छ जहाँ एकै ठाउँमा दुई किसिमको बीउ छर्न हुँदैन र मिश्रित सामग्रीले बनेको कपडाको लुगा लाउनुहुँदैन भनिएको छ।**

उत्तर: यद्यपि हामीले भौतिक रूपमा यी आज्ञालाई आज पालन गर्दैनौं, तिनीहरूले सिकाएका अपरिवर्तनीय आत्मिक सिद्धान्तहरूलाई भने हामीले पालन गर्नैपर्छ। यी आज्ञाहरू दिनुभएर परमेश्वरले इस्राएललाई अलगपनताको सिद्धान्त सिकाउँदै हुनुहुन्थ्यो। यस्ता नियमहरू उनीहरूले "पवित्र र अपवित्र, शुद्ध र अशुद्धको बीचमा भिन्नता राख्न" सकून् (लेवी १०:१०) भन्ने उद्देश्यले उनीहरूलाई दिइएका थिए। व्यवस्था २२:९-११ ले, तब, नयाँ नियमको ख्रीष्टियनलाई प्रभुको दृष्टिमा जुनसुकै पनि खराब र गलत कुरादेखि ऊ अलग हुनुपर्छ भन्ने कुराको सम्झना गराउँदछ (मत्ती ६:२४; २ कोरिन्थी ६:१४-१७; १ यूहन्ना २:१५-१६, आदि)।

आधुनिक फेशन सम्बन्धीको विवादको कुनै पक्षले पूर्वाग्रहित नभएका विगत शताब्दिहरूका टिप्पणीकारहरू व्यवस्था २२:५ को शिक्षा ख्रीष्टिय जीवनका लागि लागु हुन्छ भन्ने कुरा बुझेका थिए।

जेनेभा बाइबल (१५६०) को फूटनोटमा भनिएको छ: "पुरुषको वस्त्र स्त्रीले नपहिरोस्, न ता स्त्रीको वस्त्र पुरुषले; किनभने यस्तो गर्नेहरू सबै परमप्रभु तिम्रा परमेश्वरका निम्ति घृणित छन्। किनभने त्यसो गर्दा प्रकृतिको नियमलाई अदलबदल गरिन्छ र यसरी तिमीले परमेश्वरलाई तिरस्कार गर्दा रहेछौ भन्ने कुरा प्रकट हुन्छ।"

म्याथ्यू पूल (१६२४-१६७९) ले भने: "यसो गर्नु निषेधित छ, एकातिर शिष्टताको खातिर, कि मानिसहरूले ती लिङ्गहरूलाई नअलमल्याऊन्, न ता अलमल्याएको जस्तो होस्, जसलाई परमेश्वरले भिन्न बनाउनुभएको छ, ताकि दुष्टताको सबै रूपबाट टाढा बस्न सकियोस्, अर्थात् पहिरनको त्यस किसिमको सट्टापट्टाको पछाडि हुने पुरुषमा स्त्रीको जस्तो नरम-स्वभावको सङ्केत, स्त्रीमा अहङ्कारको, दुवैमा हलुकोपनको र बचपनको; र अर्कातिर दुष्टताका सबै शङ्का र अवसरहरूलाई पर राख्नलाई पनि हो जो नत्र ता खुलेआम निम्त्याइनेथ्यो।"

म्याथ्यू हेनरी (१६६२-१७१४) ले भने: वस्त्रद्वारा लिङ्गका भिन्नतालाई कामय गरिनुपर्छ, आफ्नै र साथै आफ्नो छिमेकीको पतिव्रताको सुरक्षाको लागि, व्यवस्था २२:५। प्रकृति आफैले पनि तिनीहरूका बीच केशद्वारा भिन्नता कायम राखिनुपर्छ भनेर सिकाउँछ (१ कोरिन्थी ११:१४), अनि त्यही नियमले तिनीहरूका वस्त्रहरूमा पनि, जसलाई त्यसैले अलमल्याइनुहुन्न, चाहे त्यो दैनिक पहिरनमा होस् वा चाहे बेलाबखतको अवसरमा।

जन गिल (१६९७-१७७१) ले भने: "पुरुषको वस्त्र स्त्रीले नपहिरोस्...त्यो त ज्यादै अशोभनीय र अरूलाई ठेस खुवाउने कुरा हो र आफ्नो लिङ्गको भद्रतालाई नसुहाउने कुरा हो। ...न ता स्त्रीको वस्त्र पुरुषले पहिरोस्; यसले त पुरुषमा उसलाई नसुहाउने नरम स्वभाव ल्याउँछ... प्रकृतिमा लिङ्गहरूमा भिन्नता राखिएको हुनाले यो कुरा वस्त्रको भिन्नताले जनाइनु उचित र आवश्यक छ नत्र भने थुप्रै दुष्टताहरू आउन सक्छन्; अनि यो नियम प्रकृतिको नियम र प्रकाशसित मेल खान्छ..."

आदम क्लार्क (१७६२-१८३२) ले भने: यो अक्षरशः बुझिने ज्यादै असल, सर्वसाधरण नियम हो र विशेष ती राष्ट्रहरूका लागि लागु हुन्छ जहाँ पुरुष र स्त्री छुट्ट्याउने कुरा भनेको वस्त्र मात्र हुन्छ। स्त्रीको वस्त्र लगाइएको खण्डमा जुङ्गा-दाह्री नभएको पुरुष कुनै पनि बेला स्त्री जस्तै देखिन सक्छ, र पुरुषको वस्त्र लगाइएको खण्डमा स्त्री चाहिँ पुरुष जस्तै। समाजमा यदि यसलाई ठाउँ दिइयो भने त्यसले ज्यादै ठूलो गडबडी सृजना गर्नेछ।

आल्बर्ट बार्न्स (१७८९-१८७०) ले लेखे: "लिङ्गहरू बीचको भिन्नता स्वाभाविक कुरा हो र परमेश्वरबाट स्थापना गरिएको कुरा हो र अशिष्टता ननिम्त्याईकन र फलस्वरूप शुद्धतालाई जोखिममा नपारीकन यसलाई बेवास्ता गर्न सकिन्न (तुलना गर्नुहोस् १ कोरिन्थी ११:३-१५)।"

जेमीसन, फसेट, ब्राउन (१८६४) ले भने: "यो निषेधाज्ञा उचित थियो; किनभने एउटा लिङ्गका पहिरनलाई अर्कोले अपनाउनु भनेको शिष्टतालाई बिथोल्नु हो, र प्रकृतिमा विद्यमान रहेको भिन्नतालाई निमिट्यान्न पार्नु हो जसले पुरुषमा नरम स्वभावको र स्त्रीमा अभिमान र उत्ताउलोपनको, र साथै दुवैमा ठट्टा र कपटको चरित्रलाई विकास गर्दछ; अनि सारांशमा यसले यति धेरै दुष्टताका लागि ढोका खोलिदिन्छ कि विपरित लिङ्गको वस्त्र लगाउने जोसुकै पनि "परमप्रभुका निम्ति घृणित" भनेर घोषित हुनेछ।

सायद तपाईंले माथि यो कुरा ख्याल गर्नुभयो होला, कि यी पहिलेका टिप्पणीकारहरूले व्यवस्था २२:५ को सिद्धान्तलाई १ कोरिन्थी ११:१४-१५ को सिद्धान्तसित जोडेका छन् जहाँ पावलले स्त्री र पुरुषले आफ्नो रूपमा भिन्नता कायम राख्नुपर्छ भनेर सिकाएका छन्।

रूपमा भिन्नता कायम राख्नुपर्ने कारणस्वरूप पावलले सृष्टिको नियमलाई र पुरुष र स्त्री भिन्न-भिन्नै भूमिकाहरू निर्वाह गर्न सृष्टि गरिएका हुन् भन्ने कुरालाई औंल्याएका छन् (१ कोरिन्थी ११:७-९)।

परमेश्वरले पुरुष र स्त्रीलाई पृथ्वीमा भिन्न-भिन्नै भूमिका निर्वाह गर्नलाई सृष्टि गर्नुभयो (उत्पत्ति १:२७)।

यसरी, दुवै पुरानो र नयाँ नियमले पुरुष र स्त्रीले फरक-फरक किसिमको पहिरन अपनाउनु परमेश्वरको इच्छा हो भनेर सिकाउँदछ। एकजना स्त्रीले एउटा महत्त्वपूर्ण अवलोकन यसरी गरेकी छिन्:

> "मानिसहरू पुरानो नियमका पदहरूको सवालमा 'मन-लागेको-मात्र-छान्ने' खेल खेलिरहेका छन्। उनीहरू भजनसङ्ग्रह २३ लिन चाहन्छन्, भजनसङ्ग्रह १०० पनि लिन चाहन्छन् र साथै पुरानो नियमका त्यस्ता सबै पदहरू पनि जसमा तिनीहरूलाई उनीहरूको जीवनशैलीलाई चुनौती दिने कुरा हुँदैन, तर उनीहरूको जीवनशैलीलाई असर पार्ने कुनै पनि पुरानो नियमको पद छ भने त्यसलाई उनीहरू व्याख्या गरेर उडाउन खोज्छन्। तर, २ तिमोथी ३:१६ ले भन्छ, "**सबै पवित्र शास्त्र** परमेश्वरको प्रेरणाद्वारा दिइएको हो र शिक्षाका निम्ति, भूलदोष देखाउनका निम्ति, सुधारका निम्ति र धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक छ" (http://www.momof9splace.com/modesty.html)।

कुनै पनि भक्ति गर्ने स्त्रीले परमेश्वरको सृष्टिदेखि स्थापना भएको नियमको विरुद्धमा सक्रिय रहेको अभियान र दृष्टिकोणसित घनिष्ट रूपमा आवद्ध भएको फेशनसित आफूलाई किन जोड्न चाहनेथिन् र?

विगतको ४० वर्षमा स्त्रीहरूले पायन्ट लगाउने अभ्यासको विस्तारको साथसाथै स्त्रीहरूको भद्रतामा स्तब्ध पार्ने गिरावट आएको कुरालाई परमेश्वरका धेरैजना भक्तजनहरूले अवलोकन गरेका छन्। एकजना पास्टरले लेखे:

> "मलाई लाग्छ यसले लैङ्गिक भिन्नतालाई तोड्छ, अनैतिकता ल्याउँछ र समलिङ्गतालाई प्रोत्साहन दिन्छ। पायन्टले स्त्रीलाई पुरुषजस्तो व्यवहार गर्ने बनाउँछ। उनीहरूका पायन्टले आजका स्त्रीहरूलाई एउटी भद्र महिला भएर बस्न वा व्यवहार गर्न नै नजान्ने बनाएको छ। अनि भद्र पोशाक लाउँदा पनि तिनीहरू अब घुँडा दोबार्दैनन् तर छाती खुला देखिने गरी कम्मर दोबार्छन्, तिनीहरू घुँडालाई जोडेर पाउहरू क्रस गरेर बस्दैनन्।"

अर्कोले लेखे:

> "के हामी हाम्रा बाजेबज्यैहरूको पुस्ताभन्दा आत्मिक छौं त? छैनौं नै! पायन्ट र स्वीमसूट र मिनी-स्कर्ट लगाउने स्त्रीहरू देखेर उनीहरू स्तब्ध हुन्थे। आज ती कुराहरू विश्वासीहरू र मण्डलीहरूमा समेत सामान्य रूपमा स्वीकार गरिन्छन्।"

अर्को पुरुषले लेखे:

> "म ६८ वर्ष पुगेको छु र एउटी असल र भद्र स्त्रीसित मेरो विवाह भएको ४९ वर्ष भयो। मण्डलीमा समेत कति स्त्रीहरूको पहिरन देखेर म स्तब्ध हुन्छु। मेरी आमा ८८ वर्ष पुगिन् अनि उहाँ मेरा बाबुसित कपास खेतीमा सँगसँगै काम गर्नुभएको थियो जुन बेला काम सब हातैले गर्नुपर्थ्यो। तर मैले मेरी आमा वा मेरी दुईटै बज्यैहरूलाई कहिल्यै पायन्ट लगाएको देखिनँ यद्यपि उहाँहरू सबैजना खेतमा काम गर्नुहुन्थ्यो। परमेश्वरलाई धन्यवाद होस्, उहाँहरू मेरा निम्ति कत्ति राम्रो नमुना बनिदिनुभयो। अनि अर्को कुरा, उहाँहरूले आफ्ना लुगाहरू सब हातैले धुनुहुन्थ्यो र मैले कहिल्यै पनि कुनै पनि स्त्रीका भित्री पहिरनहरू सबैले देख्ने गरी डोरीमा झुण्ड्याएर सुकाएको कहिल्यै देखिनँ। यसले यो प्रमाणित गर्दछ उनीहरूको भद्रता उनीहरूले आफ्नो जीउमा लगाएको कुरामा मात्र सीमित थिएन। त्यो त उनीहरूको हृदयमै थियो।"

हामीले बितेको समयलाई फर्काएर ल्याउन त सक्दैनौं, तर परमेश्वरका जनहरूले अझै पनि बाइबलका पुराना मार्गलाई पक्रन भने सक्छन् र यस सतही, अश्लील र विद्रोही युगको सिद्धान्त र चालचलनलाई रद्द गर्न सक्छन्।

**गलत तर्क #३: पुरुषको छोटो र स्त्रीको लामो केशको सवालमा, छोटो र लामो भनेको कति-कति हो?**

पहिलो जवाफ यो हो, सम्बन्धित सामाजिक परिपेक्ष्यमा प्रश्नै नउठ्ने किसिमको लम्बाइ हुनु आवश्यक छ। फरक-फरक समाजमा फरक-फरक समयमा केशको लम्बाइ फरक-फरक हुने गरेको छ, तर यदि सम्बन्धित समाजमा एक पुरुषको केशको लम्बाइ लामो ठानिन्छ भने त्यो हुनुपर्ने जतिको छोटो छैन। अनि यदि एक स्त्रीको केश छोटो ठानिन्छ भने त्यसको लम्बाइ पर्याप्त छैन।

दोस्रो जवाफ यो हो, विश्वासीको केशको लम्बाइ अरूलाई ठेस नलाग्ने लम्बाइको हुनुपर्छ (रोमी १४:१९,२१)। म नयाँ ख्रीष्टियन हुँदा मैले आफ्नो केशलाई पहिलाको भन्दा निकै छोटो हुने गरी काटेँ। तर एक साँझ म सुसमाचार सुनाउन निस्कँदा एकजना वृद्ध महिलाले मेरो केश एउटा "परमेश्वरको भक्तजन" लाई नसुहाउने गरी बढी लामो भएको भन्दै गुनासो गरिन्। म चिढिनुको सट्टा र आफ्नो "अधिकार" को निम्ति अडान लिनुको सट्टा मैले आफूलाई नम्र पारेँ र भोलिपल्ट नै त्यसलाई काटेँ। पुरुष र स्त्रीहरू दुवै नै यस सिद्धान्तप्रति संवेदनशील हुनु आवश्यक छ। बाइबल विश्वास गर्ने आजका धेरै मण्डलीहरूमा ज्यादै छोटो केश भएका स्त्रीहरू हुन्छन्। कतिपय जवान स्त्रीहरू पनि यस्ता देखिन्छन् तर वृद्ध स्त्रीहरूमा भने यो त रीति नै बसेको जस्तो देखिन्छ। यस कुरालाई नरूचाउने परमेश्वरका थुप्रै भक्तजन र भक्ति गर्ने स्त्रीहरू म चिन्दछु र म यो गलत हो भन्ने विश्वास गर्दछु र यी दिदीबहिनीहरूले यस चेताउनीलाई लिएर यस प्रकारले ठेस खुवाउन छोड्नुपर्छ। बाइबलको दृष्टिकोणमा "सुविधाजनक", "फेशन", र "मेरो अधिकार" को कुरा गर्नुभन्दा ठेस नखुवाउनु नै महत्त्वपूर्ण कुरा हो।

## प्रभुमा ग्रहणयोग्य पहिरन भाग १ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. पहिरन महत्त्वपूर्ण छ भन्ने दुईटा कारण के-के हुन्?
2. पुरुष र स्त्रीको केशको लम्बाइलाई बाइबलको कुन अध्यायमा चर्चा गरिएको छ?
3. एकलिङ्गीय (यूनिसेक्स) अवधारणा सृजना गरिनुको कारण के थियो?
4. एबरक्रोम्बी र फीचले एक "_________ __________" को बिक्री गर्दछ।
5. यस पाठमा प्रस्तुत गरिएका पहिरन सम्बन्धी दुईटा सिद्धान्तहरू के-के हुन्?
6. भद्रतालाई जनाउने नयाँ नियमका अरू शब्दहरू के-के हुन्?
7. भद्र पहिरनका लागि आवश्यक तीन कुराहरू के-के हुन्?
8. कुन पदमा मोशाको व्यवस्थाका कुराहरू हाम्रा उदाहरणका लागि हुन् भनेर लेखिएको छ?
9. व्यवस्था २२:५ को सधैं लागु हुने नैतिक सिद्धान्त के हो?
10. व्यवस्था २२:९-११ को सधैं लागु हुने नैतिक सद्धान्त के हो?
11. व्यवस्था २२:५ लाई ख्रीष्टिय जीवनका लागि लागु गराउने चारजना टिप्पणीकारका नाम दिनुहोस्।

# प्रभुमा ग्रहणयोग्य पहिरन

## भाग २

**कण्ठ गर्नुपर्ने पदहरू: रोमी १४:२१; १ थेस्सलोनिकी ५:२२; तीतस २:२-५; १४**

अघिल्लो पाठमा हामीले पहिरन सम्बन्धी दुईटा सिद्धान्तहरू अध्ययन गऱ्यौं। ख्रीष्टियनको पहिरन भद्र हुनु आवश्यक छ र ख्रीष्टियनको पहिरन लैङगिक रूपमा भिन्न हुनुपर्छ। यहाँ हामी अरू पाँचओटा सिद्धान्तहरू अध्ययन गर्नेछौं:

### ३) ख्रीष्टियनको पहिरन पवित्रता र भक्तिको जीवनसित आवद्ध भएको हुनुपर्दछ, दुष्टताको कुनै पनि रूपसित होइन (१ थेस्सलोनिकी ५:२२; एफेसी ५:११)।

यदि कुनै पहिरन शैली परमेश्वरका नियमविरुद्धको विद्रोहसित, अराजकतासित, यौनिक स्वतन्त्रतासित, ईश्वर-निन्दासित, मूर्तिपूजासित, नैतिक भ्रष्टतासित, वा अन्य कुनै दुष्टतासित आवद्ध छ भने एक ख्रीष्टियनले त्यसलाई पहिरनुहुँदैन। जस्तै, पुरुषले लामो कपाल पाल्ने, स्त्रीले कस्सिएको जीन पायन्ट लगाउने, च्यात्तिएको जीन पायन्ट लगाउने, ह्वार्लाङ्ग तल झारेर लाउने पायन्ट जस्ता पन्क र ऱ्याप जगतका फेशनलाई यसले निषेधित गर्दछ। यसले ट्याटूलाई पनि निषेधित गर्दछ किनकि त्यो विद्रोह र स्व-अभिव्यक्तिसित र अख्रीष्टिय धर्मसित सम्बन्ध राख्ने कुरा हो।

### ४) ख्रीष्टियनको पहिरन संसारको भन्दा भिन्न चरित्रको हुनुपर्दछ (रोमी १२:२; २ कोरिन्थी ६:१४-१७; तीतस २:१२-१३; याकूब ४:४; १ यूहन्ना २:१५-१६)।

ख्रीष्टियनको पहिरन शरीरको अभिलाषा, आँखाको अभिलाषा र जीवनको सेखीसित आवद्ध भएको संसारको कुनै कुरासित एकनासे हुनुहुँदैन। स्त्रीको यौनिकतालाई प्रदर्शनी गर्ने अशिष्ट पहिरन र "मलाई हेर त" भन्ने सन्देश बोकेका भड्किला फेशनहरू सांसारिक फेशनका उदाहरणहरू हुन्।

### ५) ख्रीष्टियनको पहिरनले ऊ प्रभुको निम्ति विशेष जाति हो भन्ने कुरालाई अर्थात् ऊ सबै अधर्मबाट छुटाइएको छ र ऊ असल कामका निम्ति जोशिलो छ भन्ने कुरालाई दर्शाउनुपर्दछ (तीतस २:१४)।

परमेश्वरका जनहरू अलग, विशिष्ट, फरक र समर्पित हुनुपर्दछ। हामी उहाँको छाप बोकेर हिँड्ने व्यक्तिहरू हुनुपर्छ। स्वर्गीय ज्योतिद्वारा हिँडडुल गर्ने भएका हुनाले हामी मानिसको जमातको बीच अलग्गै छुट्टिनुपर्छ। जब परमेश्वरका जनहरू संसारको सामु बेग्लै हुन छाड्छन् यसको मतलब यो हो कि उनीहरूले परमेश्वरको वचनलाई संसारसित सम्झौता गरिदिएका छन्। हामीले मानिसको भन्दा परमेश्वरको भय मान्नुपर्छ। समाजलाई भन्दा परमेश्वरलाई खुसी पार्न हाम्रो चिन्ता हुनुपर्दछ। यस दुष्ट संसारमा ख्रीष्टको निन्दा बोक्नदेखि हामी पछि हट्नु हुँदैन। "यसकारण यस व्यभिचारी र पापी पुस्तामा जो म र मेरा वचनहरूसँग लजाउनेछ, मानिसका पुत्र पनि पवित्र दूतहरूका साथमा आफ्ना पिताको महिमामा आउँदा त्योसँग लजाउनेछन्" (मर्कूस ८:३८)। यदि हामीले ख्रीष्टलाई इन्कार गर्छौं भने ख्रीष्टले पनि हामीलाई इन्कार गर्नुहुनेछ भनेर पावलले भने (२ तिमोथी २:१२)।

### ६) ख्रीष्टियनको पहिरनले अरूलाई ठेस खुवाउनु हुँदैन (रोमी १४:२१)।

बाइबलअनुसार म आफ्नो दाजुभाइको गोठाला हुँ। अरूमा अभिलाषा उत्पन्न गराउने वा अरूहरूका निम्ति गलत नमुना अघि सार्ने वा अरूलाई अन्य हिसाबमा ठेस खुवाउने कुनै पनि पहिरनदेखि हामी अलग बस्नुपर्छ। विशेष गरी हामी **चिरिएका स्कर्ट र चिरिएका पहिरनहरू** उल्लेख गर्न चाहन्छौं। पुरुषहरूलाई यौनिक तवरले जिस्काउनु उक्त फेशनको एउटा उद्देश्य रहेको छ। चिरिएको ठाउँ घुँडादेखि मुनि छ भने पनि त्यसको असर ज्यादै यौनिक हुन्छ।

एकपटक हामीले बाइबल कलेज पढ्दै गरेका केही जवान पुरुषहरूलाई उनीहरू चिरिएका स्कर्टले यौनिक तवरले परीक्षित हुन्छन् या हुँदैनन् भनेर प्रश्न गऱ्यौं अनि तिनीहरूमध्ये हरेकले उनीहरू परीक्षित हुन्छन् भन्ने कुरालाई स्वीकार गरे। यस कुराबाट ख्रीष्टिय महिलाहरू र जवान स्त्रीहरूलाई यस अभद्र फेशनबाट अलग रहन एकदम ठूलो सन्देश मिल्नुपर्ने हो।

धेरैजना स्त्रीहरू भद्रताको मामिला पुरुषकै समस्या हो भनी सोच्दछन् र पुरुषले आफ्नो आँखा नडुलाएको खण्डमा समस्याको अन्त हुनेथ्यो भनी ठान्छन्। वास्तविकता यो हो कि यस मामिलामा पुरुष र स्त्री दुवैको गम्भीर जिम्मेवारी छ।

ख्रीष्टिय पुरुषहरूले आफ्ना आँखालाई लगाम लाउनु त पर्छ नै र अय्यूबसितै भन्नुपर्छ, "मैले मेरा आँखाहरूसँग एउटा वाचा बाँधेको छु; तब किन म कुनै कन्यामाथि आँखा गाडूँ?" (अय्यूब ३१:१)।

तर यसको मतलब ख्रीष्टिय स्त्रीहरूले मनखुसी वस्त्र पहिरनुहुन्छ र यसमा उनीहरूको कुनै जिम्मेवारी नै छैन भन्ने होइन। यौनिक अभिलाषाको मामिलामा पुरुषहरू गम्भीर रूपमा परीक्षित हुन्छन् भनी तिनी जान्दछिन् भने र निश्चित किसिमका पहिरन अन्य किसिमका भन्दा बढी समस्याजनक हुन्छन् भनी तिनी जान्दछिन् भने, कुनै पनि भक्ति गर्ने युवती वा महिलाले ठेस खुवाउने सम्भावना ननिम्त्याउनलाई आफूले सकभर गर्न चाहँदिनन् होला र?

जसरी सत्रौं शताब्दिमा रिचार्ड ब्याक्स्टरले लेखे,

> "यद्यपि यसको जरा [पुरुषमा भएको] पाप र व्यर्थता हो, तरैपनि तपाईंको पाप चाहिँ यसको अनावश्यक उत्प्रेरक हो; किनभने तपाईंले यो विचार गर्नुपर्छ कि तपाईं रोगी प्राणीहरूका बीच बस्नुहुन्छ! अनि तपाईंले उनीहरूको बाटोमा ठेस खुवाउने कुरा तेर्साउनुहुन्न, र उनीहरूको अभिलाषाको आगो सल्काउनुहुन्न, र आफ्नो श्रृङ्गारलाई उनीहरूको पासो बनाउनुहुन्न; तर तपाईं पापी मानिसहरूका बीच हिँड्नुपर्छ, मानौं पराल वा बारुदकाबीच एउटा टुकी बोकेजस्तै; नत्र ता तपाईंले पहिला नदेखेको ज्वाला पछि देख्नुहोला अनि त्यसलाई निभाउन गाह्रो पर्ला" (Richard Baxter, 1615-91)।

दाऊद परमेश्वरकै हृदयअनुसारका मानिस थिए, इस्राएलका मधुर सङ्गीतकार थिए जसले आफ्ना आँखाका सामु कुनै पनि दुष्ट कुरा नराख्ने अठोट गरेका थिए। तरैपनि एकजना स्त्रीलाई तिनको घरको कौसीमाथि नुहाइरेहकी देखेपछि त्यहाँ के भयो भन्ने कुरालाई ख्याल राख्नुहोस्। तिनी किन देखिन सक्ने ठाउँमा नुहाइरहेकी थिइन्?

यौन र शारीरिक अभिलाषा जगाउने कुराको सवालमा पुरुषका आँखाले देखेको कुरा उसको निम्ति कति प्रभावशाली हुन्छ भन्ने कुरा धेरैजसो स्त्रीहरूले बुझेका छैनन्।

एकजना पुरुष आफ्नो लेखमा यसरी भन्छन्:

> "मेरो विश्वासमा धेरैजसो स्त्रीहरूले पुरुषहरूले कसरी विचार गर्दछन् भन्ने कुरा जानेकै छैनन्। **मलाई यो विश्वास छ कि त्यहाँ त्यस्ता स्त्रीहरूको वर्ग वा समूह नै छ जसले उनीहरूले यदि पुरुषहरूलाई साँच्ची नै बुझेका भए आफ्नो पहिरनको चलनलाई बदल्नेथिए किनकि उनीहरू साँच्ची नै परमेश्वरलाई खुसी पार्न चाहन्छन्।** ...कुरा यो हो कि, उनीहरूलाई जबर्जस्ती अनाकर्षक रूपमा ढाल्न खोज्ने "यो गर र त्यो नगर" भन्ने कुराहरूको कुनै सूचीको मामिला यो होइन, बरु उनीहरूलाई अभिलाषा नगर्न सहायता गरोस्, र ठेस खुवाउने ढुङ्गा नबनोस् भनी उनीहरूको सहकार्यको अपेक्षा गर्ने परमेश्वरको डर मान्ने पुरुषहरूको इच्छाको हो, किनकि उनीहरू परमेश्वरलाई खुसी पार्न चाहन्छन्।"

अर्को पुरुषले लेखे,

> **"भद्रताको बाइबलीय मामिला अर्कालाई ठग्नु हुँदैन भन्ने सिद्धान्तलाई बुझेर सबभन्दा राम्ररी बुझिन्छ।** कसैले पनि त्यस्तो काम गर्नुहुँदैन जसद्वारा उसले अर्कोमा त्यस्ता इच्छाहरू जगाउँदछ जसलाई

नैतिकतापूर्वक पूरा गर्न सकिन्न। ... हाम्रो समाजले सञ्चार माध्यमको हरेक पक्षलाई प्रत्यक्ष यौनिक विज्ञापनमा डुबाएको कुरा यस पुरुषका लागि धेरै परीक्षा, शोक र चिन्ताको श्रोत बनेको छ। यस्तै खालको मामिला एउटा मण्डलीमा ख्रीष्टिय दिदीबहिनीहरूसित सामना गर्नु पर्ने कुरा सबभन्दा गम्भीर छ। मेरो विश्वासमा ख्रीष्टिय महिलाको वस्त्रको आदर्श व्याख्या भनेको 'लामो, खुकुलो र प्रशस्त' (long, loose and lots of it) भन्ने हुनुपर्दछ।

**७) वयस्क ख्रीष्टियनहरू जवानहरूका लागि नमुना हुनुपर्दछ (तीतस २:२-५)।**

वयस्क महिलाहरूले त्यस्ता पहिरन शैली अपनाएर पुरुषहरूलाई अभिलाषा गर्न प्रेरित नगर्ला, तर उनीहरू केटीहरू र युवतीहरूका लागि नमुना हुनुपर्दछ।

**निष्कर्षमा** हृदयको महत्त्वको सम्बन्धमा हामी ब्रूस ल्याकीको निम्न भनाइलाई उद्दरण गर्दछौं।

पहिरन हृदयको मामिला हो। कसैलाई उसले कस्तो किसिमको वस्त्र लाउनुपर्छ भनेर पहिरनको सम्बन्धमा सुधार्न सकिएला र पनि उसलाई भेट्नु भन्दा अघि ऊ जति हराएको अवस्थामा थियो उत्तिकै हराएकै अवस्थामा रहन सक्छ। कसैसित पहिरन वा अन्य कुनै कुराको बारेमा कुरा गर्नु अघि म सर्वप्रथम हृदयको बारेमा जान्न चाहन्छु। के तपाईंले मुक्ति पाउनुभएको छ? प्रेरित १५:९। के तपाईंको हृदय विश्वासद्वारा शुद्ध पारियो? रोमी १०:९। परमेश्वरले ख्रीष्टलाई मरेकाबाट बौराउनुभयो भनेर के तपाईंले आफ्नो हृदयमा विश्वास गर्नुभयो? मैले जान्न चाहेको पहिलो कुरा चाहिँ तपाईंको हृदय र मुक्तिको बारेमा हो। यदि तपाईंले मुक्ति पाउनुभएको छैन भने तपाईंले आफ्नो पहिरनलाई कुनै तरिकाले बदल्नु होला तर त्यसले तपाईंको आत्मालाई मद्दत गर्नेछैन। तपाईं पहिले ख्रीष्टकहाँ आउनैपर्छ।

तपाईंले मुक्ति पाउनुभएको छ भने, अझै पनि मामिला हृदयकै हो। यदि म कुनै ख्रीष्टियनसित यसको बारेमा कुरा गर्नुपर्‍यो भने म सबभन्दा पहिला हृदयकै विषयमा कुरा गर्नेछु। के तपाईंको हृदय परमेश्वरसित ठीक छ? यदि तपाईंको हृदय परमेश्वरसित ठीक छैन भने प्रत्येक तर्क सुन्दा तपाईंलाई रिस उठ्नेछ र यस विषयलाई छलफलमा ल्याउने जोसुकैसित पनि चिढिनुहुनेछ।

बाइबलले हृदयको कुरा गर्दछ। हिब्रू १०:२२, "आओ, साँचो मनले, विश्वासको पूरा निश्चयतामा, दुष्ट विवेकबाट शुद्ध हुनालाई आफ्ना हृदयहरूमा छिट्काउ लिएर र आफ्ना शरीरहरूलाई शुद्ध जलले धोएर हामी नजिकमा जाऔं।"

परमेश्वरले यहाँ ख्रीष्टियनहरूसित कुरा गर्दै हुनुहुन्छ। अनि २४ र २५ पदहरूमा, "अनि आओ, प्रेम र असल कामहरूका निम्ति हौसला दिनालाई एकअर्काको चिन्ता गरौं; कसै-कसैको आदत भएझैं हामी एक ठाउँमा भेला हुन नछोडौं; तर एक-अर्कालाई उत्साह दिँदै रहौं; अनि त्यो दिन जति नजिक-नजिक आउँदै गरेको तिमीहरू देख्छौ, उति नै बेसी हामी यसो गर्ने गरौं।"

उचित पहिरन हृदयको मामिला हो (Bruce Lackey, "Bible Guidelines for Clothing")।

अङ्ग्रेजीमा *Dressing for the Lord* शीर्षक गरेको पुस्तकले यस विषयलाई धेरै विस्तृत रूपमा चर्चा गरेको छ। उक्त पुस्तक Way of Life Literature बाट प्राप्त गर्न सकिन्छ।

## प्रभुमा ग्रहणयोग्य पहिरन भाग २ सम्बन्धी पुनरावलोकन प्रश्नहरू

1. विश्वासीहरूलाई ट्याट्टू हान्न निषेध गर्ने बाइबलको कुनचाहिँ एउटा सिद्धान्त छ?
2. "मलाई हेर" भन्ने आवाज निकाल्ने भड्किला फेशनका केही उदाहरण के-के हुन्?
3. "प्रभुको निम्ति विशेष जाति" हुनु भनेको के हो?
4. विश्वासी किन मानिसहरूको जमातका बीच छुट्टै देखिनुपर्छ?

5. “यस व्यभिचारी र पापी पुस्तामा जो म र मेरा वचनहरूसँग लजाउनेछ, मानिसका पुत्र पनि... त्योसँग लजाउनेछन्” भनेर येशूले चेताउनी दिनुभएको पद कुनचाहिँ हो?
6. हामीले ख्रीष्टलाई इन्कार गर्‍यौं भने उहाँले पनि हामीलाई इन्कार गर्नुहुनेछ भन्ने कुरा पावलले कुन पदमा भने?
7. चिरिएको वस्त्रको उद्देश्य के हो?
8. अय्यूबले भने, “मैले मेरा आँखाहरूसँग एउटा __________ बाँधेको छु...”
9. भद्र वस्त्र पहिरनु कसरी स्त्रीको कर्तव्य हो?
10. के दाऊद पापमा फस्नुमा बाथशेबाको कुनै हात थियो?
11. पुरुषका ________ले _________ __________ उसको निम्ति कति प्रभावशाली हुन्छ भन्ने कुरा धेरैजसो स्त्रीहरूले बुझेका छैनन्।
12. भद्रताको बाइबलीय मामिला, अर्कालाई _______________ भन्ने सिद्धान्तलाई बुझेर नै सबभन्दा राम्ररी बुझिन्छ।
13. वयस्क महिलाहरू यौनिक तवरले अभिलाषापूर्ण यदि छैनन् भने तापनि किन उनीहरूले भद्र वस्त्र पहिरनु आवश्यक छ?
14. पहिरन ______________को मामिला हो।